# आत्मप्रकाश

राजेन्द्रकुमार भण्डारी

# आत्मप्रकाश

राजेन्द्रकुमार भण्डारी

प्रकाशक

कल्पना भण्डारी

कृति : **आत्मप्रकाश (निबन्ध)**
लेखक : **राजेन्द्रकुमार भण्डारी**
सम्पादक : **प्रा.डा. कृष्णप्रसाद दाहाल**
भाषा सम्पादन : **रमेश दाहाल**
प्रकाशक : **कल्पना भण्डारी**
सर्वाधिकार : **©लेखकमा**
संस्करण : **पहिलो, २०८२**
प्रति : **५००**
मूल्य : **ने.रु. ६५०।–**
आकृतिविन्यास : **रदाल**
मुद्रण : **ई.प्रेस प्रा.लि., उपशान्तिमार्ग, नयाँ बानेश्वर**

**वितरक** : **Tara Books and Stationery**
Chhetrapati, Kathmandu, Nepal
Ph:01 5355070, 5322424

**ISBN : 9789937190114**

---

**MY LIFE MY EXPERIENCE**
by **Rajendra Kumar Bhandari**

# समर्पण

जन्मः वि.सं. १९६३ पौष २४
निर्वाणः वि.सं. २०४० चैत्र १३

जन्मः वि.सं. १९६४ असार १५
निर्वाणः २०५८ ज्येष्ठ १८

**पूजनीय पिता स्व. पं. पुष्पलाल भण्डारी**
**एवं**
**माता स्व. रत्नाकुमारी भण्डारीप्रति !**

# प्रकाशकीय

मेरा जीवन सहयात्री श्री राजेन्द्रकुमार भण्डारीको *आत्मप्रकाश* कृतिको प्रकाशन गर्न पाउँदा मलाई अत्यन्त खुशी लागेको छ। उहाँका प्रायः सबै कार्यमा सामेल हुन पाउँदा गौरवको अनुभूति हुने गर्दछ। प्रस्तुत कृति लेखकको असी वर्षभन्दा बढीको अनुभूति, जन्मस्थलबाट शुरू भएर जीवनको साङ्गोपाङ्ग घटना परिघटना अनि राष्ट्रसेवाको यात्रामा आफूले देखे-भोगेका कुराहरू मुवी क्यामेराले खिचेका तस्वीरको रूपमा आएका छन्।

आफ्नो काम, कर्तव्यमा सदैव अविचलित अनि अनुशासन एवम् निष्ठामा दृढ रहनु उहाँको व्यक्तित्वको परिचायक हो। *आत्मप्रकाश* कृतिको प्रकाशनमा जुटेका सहयोगी हातहरूप्रति म कृतज्ञता-ज्ञापन गर्दछु।

**कल्पना भण्डारी**

*वि.सं २०८२ साल साउन ३० गते*

# उपोद्घात

**– प्राध्यापक टोपबहादुर सिंह**

*पूर्व न्यायाधीश, सर्वोच्च अदालत तथा*

*अध्यक्ष पूर्व न्यायाधीश फोरम , नेपाल*

माननीय पूर्व न्यायाधीश श्रीराजेन्द्रकुमार भण्डारीद्वारा रचित *आत्मप्रकाश* नामक पुस्तक आद्योपान्त पढैं । प्रस्तुत पुस्तक आफ्नो परिवार तथा आफूले गरेका यावत् कार्यबारे रचिएको हुँदा उहाँको साङ्गोपाङ्गो परिचय पाइन्छ नै । साथै आफ्नो जन्मस्थल,कर्मस्थल र आफूले देखेका, भ्रमण गरेका स्थलसमेतको ऐतिहासिक तथा भौगोलिक पृष्ठभूमिसमेतको वर्णन गरी उहाँको गहन अध्ययनशीलताका साथै साहित्यिक परिवेशसमेत उहाँले ओछ्याउनुभएको हुँदा पाठकवर्गले सामान्य ज्ञान, ऐतिहासिक तथा भौगोलिक ज्ञान प्राप्त गर्ने छन् तथा प्राकृतिक छटाको दृश्यावलोकन प्रस्तुत पुस्तकको माध्यमबाट गर्न समर्थ हुने छन् भन्ने मेरो अनुमान छ । भण्डारीज्यू सिद्धहस्त लेखकका रूपमा उहाँको संयुक्तराज्य अमेरिकाको बसाइका क्रममा त्यस देशको वर्णन गरी लेखिएको पुस्तक *प्रशान्त सागरको किनारबाट* मैले यथेष्ट जानकारी पाएको छु । "हात कङ्गनको आरसी क्या ?" भन्ने उखानजस्तै वहाँको लेखनशैलीबारे लेख्न खोज्दा हुनेछ भन्ने मलाई लागेको छ ।

उहाँले आफ्नो जीवनको अधिकाङ्श समय न्यायसेवामा समर्पण गरी व्यतीत गर्नुभएको छ । न्याय गर्नु भनेको देख्दा सामान्य लाग्छ तर यसका मार्गमा अनेक किसिमका बाधा-व्यवधान तेर्स्याइएका हुन्छन्- शक्तिको, अर्थको र मोलाहिजाको । यी सबै बाधा-व्यवधानहरू सफलतापूर्वक पन्छाएर आफ्नो कर्तव्य पथमा लम्किँदै आफ्नो अभीष्ट फेला पार्न सक्नु विरलैको नसीवमा हुन्छ । उहाँका मार्गमा यस्ता अनेक बाधा-व्यवधान तेर्स्याउन खोजिए तर न्यायको पवित्र मन्दिरको पवित्रता जोगाउन उहाँ सफल हुनुभएको छ र स्वतन्त्र, निष्पक्ष तथा निडर भई न्याय निष्पादन कार्य फत्ते गर्नुभएको छ । न्यायाधीशका लागि योभन्दा ठूलो गौरव अरू के हुन सक्छ ?

हाम्रो देश नेपालमा न्यायपलिकाको के कस्तो स्थान हुनु पर्छ ? भन्ने अझैसम्म कार्यकारिणीको मन मस्तिष्कमा ज्ञान पलाउन सकेको देखिँदैन । कानूनलाई आफ्नो अहम् तुष्टि गर्ने साधनका रूपमा लिने गरिन्छ । "कानूनको शासन"भन्ने अज्ञात चराको नामजस्तै हुन गएको छ । कानूनको शासन सुदृढ नभई देश उँभो लाग्न सक्दैन भन्ने हेक्का शक्ति ओगट्नेहरूले राख्न सकेका छैनन् । कानूनको शासन सुदृढ नभई न्याय सुदृढ हुँदैन र न्याय शुद्ध गर्न कानूनको शासन लागू गर्न सक्ने निष्पक्ष, स्वतन्त्र र निडर न्यायाधीशको आवश्यकता पर्छ । शक्तिशालीले न्यायसमेत आफू अनुकूल बनाइ राख्न न्यायाधीशहरू पनि आफू अनुकूल नियुक्त गर्न चाहन्छन् । कथंकदाचित् निष्पक्ष, स्वतन्त्र र निडर न्यायाधीश नियुक्त हुन पुगेमा त्यस्ताको खैर हुँदैन ।

बेलायतका प्रधानन्यायाधीश "एडवर्ड कोक" र अमेरिकाका प्रधानन्यायाधीश "जोन मार्सल" को नाम तत् तत् देशको न्यायिक इतिहासमा स्वर्ण अक्षरले लेखिएका छन् । तिनीहरूले कोरेको गोरेटोमा तत्-तत् देशको व्यवस्था हिँड्न थालेकाले त्यहाँ न्यायको विशाल राजमार्ग निर्माण हुन सहज भएको छ ।

हाम्रो देशमा पनि न्यायप्रिय न्यायाधीशहरूको प्रयासबाट न्यायपालिकाले संवैधानिक रीतिस्थिति कायम गर्न अग्रसर भइरहेको थियो । झन् बहुदलीय व्यवस्था लागू भएपछि कानूनको शासन सुदृढ गर्दै लाने वातावरण बन्दै जानुपर्नेमा त्यसको ठीक विपरीत कानूनको शासन दिन प्रतिदिन कमजोर हुँदै गई न्यायपालिका दृश्यपटलमा राखी सजावट (show piece) को सामग्रीसरह बन्दै गएकोमा चिन्ता लाग्नु स्वाभाविक हो । सन् १२१५ ई मा बेलायतमा जारी गरिएको बडापत्र (Magnacarta) मा "न्याय बेच्ने छैन,न्याय विलम्ब गर्ने छैन, न्याय दिन इन्कार गर्ने छैन " भन्ने सार्वभौम शाश्वत सिद्धान्तप्रति हामी विमुख हुँदै गएका छौं ।

माननीय न्यायाधीश राजेन्द्रकुमार भण्डारीले *आत्मप्रकाशन* मार्फत् आफ्नो कार्य प्रणालीबाट दिन खोज्नुभएको सन्देशले विधिको शासन (Rule of law) तथा नेपालको न्याय व्यवस्था सुदृढ तुल्याउन सकारात्मक हुनेछ भन्ने आशा छ ।

अन्त्यमा ४२८ पृष्ठको *आत्मप्रकाश* बृहत् छ, कानूनका विद्यार्थीहरू, कानून तथा न्यायको दमारमा विचरण गर्नेहरू सबैको लागि पठनीय, ग्रहणीय तथा प्रेरणापरक हुनेछ भन्नेमा दुईमत नहोला । अस्तु ।

# 'आत्मप्रकाश'को प्रकाश

– प्रा.डा.कृष्णप्रसाद दाहाल

"कानूनको बुख्याचालाई मान्दैनन्,
कसैको खल्तीको नजीरलाई
हाजिर जनाउँदैनन्,
काला घोडा चढेर आएका
वहसपैरवीलाई भन्दा
काला अक्षर टकटक्याएर निफनेको
मोतीभैँ टल्कने
हृदयको ज्योति जगाउने
निष्पक्षताको क्षीराम्बु वितरण गर्ने
हंसमुखको अनुसरण गर्ने
न्यायमूर्तिको नाम हो–
राजेन्द्रकुमार भण्डारी।
न्यायजस्तो पारदर्शी न्यायाधीश भए भएनन् ?
थाहा छैन,
तर आततायी र अन्यायी न्यायाधीश
कहिल्यै भएनन्।
आँखामा पट्टि बाँधेकी
न्यायकी देवीले जस्तै राजेन्द्रले
विवेकको तराजुमा न्यायको तौल मात्र गरे,
व्यापारीले जस्तै कैफियतको तराजुमा संविधान र कानूनको आत्मा
कहिल्यै पनि जोख्ने कार्य गरेनन्,
जे गरे
न्यायको मर्यादालाई
जोगाएर गरे,

जे गरेनन् आखिर त्यही भएनन् र भए पनि ।
राजेन्द्र कुमार भण्डारी–
ज्ञान, कर्म र भक्तिका भण्डारी हुन्,
अक्षरका शिल्पी हुन्
राष्ट्रियताका उन्नायक हुन्
आत्मप्रकाशका धरोहर हुन्" ।

यिनै काव्यात्मक वाणीद्वारा भण्डारीमा अभिनन्दन !

राजेन्द्रकुमार भण्डारीले जीवनमा प्राप्त गरेको सम्पत्ति भन्नु यही नै हो । बाँकी भन्नु सबै नामसारी भएर जाने सम्पत्ति मात्र हुन् । समग्रमा राजेन्द्रकुमार भण्डारी भन्नु के हो ? त्यो *आत्मप्रकाश*ले बोलेको छ । आत्मप्रकाश उनको ढुकढुकीको आवाज हो । जिन्दगीभरको कमाइको अभिलेख हो । नेपाली वाङ्मयको ढुकुटीको अमर खजाना हो । भण्डारीको आत्मप्रकाशको ज्योति जहाँ जहाँ पुगेको छ । त्यहाँका अप्रकाशित पाटाहरू प्रकाशित भएका छन् ।

राजेन्द्रकुमार भण्डारीले नेपालको न्यायक्षेत्रमा बयालीस वर्षभन्दा बढी पसीना बगाए । आफ्नो जीवनको महत्त्वपूर्ण र शक्तिशाली ऊर्जा न्याय-सम्पादनमा खर्च गरे । आफूलाई रित्याए तर राष्ट्र रित्याउनेहरूसित कहिल्यै साँठगाँठ गरेनन् । आत्मा यदि ईश्वर हो भने उनले जे गरे आफ्नो अन्तरआत्माले निर्देशन गरेको कार्य मात्र गरे । आफ्नो आत्माप्रति बेइमानी गरेनन् । आत्मस्वीकृतिलाई सर्वोत्तम पूजा ठाने । यही पूजाको सुन्दर अभिव्यक्ति हो– *आत्मप्रकाश* । आत्मप्रकाशका किरणलाई यहाँ बटुलबाटुल पारिएको छ ।

लेखकको *आत्मप्रकाश* संस्मरणात्मक निबन्धसङ्ग्रह हो । संस्मरणात्मक बान्कीद्वारा उनले आफ्ना पुर्खाको वंशवृत्तान्त पर्गेलेका छन् । आफ्नो जन्म र जन्मभूमि सङ्खुवासभाप्रति हार्दिकता प्रकट गरेका छन् । पिता पुष्पलाल र माता रत्नकुमारी भण्डारीको गर्भबाट जन्मेका राजेन्द्रले संस्कृत शिक्षाको जगबाट आफ्नो शैक्षिक यात्रा समृद्ध पारेका हुन् । पारिवारिक प्राज्ञिक संस्कार पाएका यिनले जीवनमा आफूलाई कहिल्यै पनि गलत मान्छेको अनुयायी बनाएनन् । जीवनलाई कर्मकै उपासनामा लगाइरहे । राजेन्द्रको यो निजत्वको पहिचान हो । यो पहिचान आजसम्म पनि अक्षुण्ण रहेको छ ।

*आत्मप्रकाश*भित्र पन्ध्र ओटा प्रकाश रहेका छन् । पहिलो प्रकाशमा वंशको वृत्तान्त कहेका छन् भने पुख्यौंली आमा सती गएको घटनाका कारण नेपालको सतीप्रथा र दासप्रथा सम्बन्धी खोजमूलक लेख प्रस्तुत गरेका छन् । पारिवारिक

जीवनको शैक्षिक उन्नयनका सम्बन्धमा दोस्रो प्रकाशमा प्रकाश पारिएको छ। पारिवारिक दुखद् घटनालाई स्पष्ट पारिएको छ तेस्रो प्रकाशमा। राष्ट्रसेवामा प्रवेश गर्दाको घटनालाई देखाइएको छ चौथो प्रकाशमा। न्याय क्षेत्रमा कार्यसम्पादन गर्दाको रोचक प्रसङ्गलाई पाँचौँ प्रकाशमा उल्लेख गरिएको छ। छैटौँ प्रकाशमा लेखक भण्डारीले नेपालको ऐतिहासिक जनमत-सङ्ग्रहमा आफूले पुर्याएको योगदानलगायतका विभिन्न कार्यसम्पादनका कुरा प्रस्तुत गरिएको छ। सातौँ प्रकाशमा सीताको जन्मभूमि जनकपुर धामका अतिरिक्त अन्यक्षेत्रका गतिविधि प्रस्तुत गरिएको छ। मूलतः राजेन्द्रकुमार भण्डारीले आफ्नो जागिरकै क्रममा देखेका र भोगेका कुरा यस कृतिभित्र आएका छन्। आठौँ प्रकाश उनले इलामको प्राकृतिक सुन्दरता र त्यहाँको चिया अलैँची खेतीका सम्बन्धमा जानकारी लिने र दिने कार्य गरेका छन्। आफ्नी अर्द्धाङ्गिनी कल्पना भण्डारीको उपचारका लागि भारतको पटना र भेलोर जाँदाको अनुभव पस्कने काम भएको छ नवौँ प्रकाशमा।

दशौँ प्रकाशमा विदेश यात्रालाई समेटिएको छ। यात्रा संस्मरणको बान्कीले यो प्रकाश सिंगारिएको छ। भण्डारीको सर्वोच्च अदालतको प्रवेशको प्रकरण एघारौँ प्रकाशमा आएको छ। सेवाबाट निवृत्त भएपछि पनि उनले विभिन्न न्यायिक जाँचबुझ आयोगको जिम्मेवारी सम्पन्न गरेका थिए। यसलाई बाह्रौँ प्रकाशमा लिपिबद्ध गरिएको छ भने तेह्रौँ प्रकाशमा उनले धार्मिक यात्राको इतिवृत्त खिचेका छन्। भण्डारीले जीवनको उत्तरार्द्धको समयलाई साहित्यिक र सामाजिक क्षेत्रमा खर्चिएको यथार्थलाई चौधौँ प्रकाशमा स्पष्ट पारिएको छ।

वि.सं. २०२२ साल असोज ४ गते श्रीपञ्चको सरकाको शाखा अधिकृत राष्ट्रसेवामा प्रवेश गरेका भण्डारी वि.सं. २०६४ साल माघ १९ गतेबाट उमेरहदका कारणले सेवा निवृत्त हुन्छन्। यहीक्रुरालाई उनले पन्ध्रौँ प्रकाशमा सजाएका छन्। यसमा सर्वोच्च अदालतमा काम गर्दाका तीतामीठा अनुभव समेत प्रस्तुत गरिएको छ। यसबाहेक जीवनका केही महत्त्वपूर्ण फोटाहरू पनि यहाँ समेट्ने काम भएको छ।

सर्वोच्च अदालतका पूर्व न्यायाधीश भण्डारीले जीवन यात्राका क्रममा प्राप्त गरेका महत्त्वपूर्ण अभिलेखद्वारा यो कृति उचालिएको छ। लेखकले यस कृतिभित्र पारिवारिक इतिवृत्त खिचेर पनि ज्ञानको आलोक बाँडेका छन्। शिक्षाको गरिमालाई यहाँ झल्काइएको छ। पितृत्व, मातृत्व र भ्रातृत्व प्रेमको मर्मस्पर्शी किसिमले प्रस्तुत गरिएको छ। गुरुप्रतिको सद्भावनालई जीवन्त तुल्याइएको छ। "गुरु अनुहार वा चेहरा होइन, गुरु ज्ञानको स्वरूप " हो भनी लेखकले गुरुको महनीय व्यक्तित्वलाई कति मीठो सूक्तिमय वाक्यद्वारा स्पष्ट पारेका छन्। प्राचीन गुरुकुलको मोहले लेखक आप्लावित बनेका छन्।

*आत्मप्रकाश*ले कर्तव्यबोधको सन्देश दिएको छ। प्राचीन स्मारकको सम्मान गरेको छ। यो कृतिले नेपालको भूगोल चिनाएको छ। ऐतिहासिक चिनारी दिएको छ। नेपाली समाज र संस्कृतिको दिग्दर्शन गरेको छ। नेपाली भाषा र साहित्यप्रति सम्मान प्रदर्शन गरेको छ। पुर्खाको अमरपदको अभ्यर्चना गरेको छ। नेपाल र नेपालीत्वप्रति देखिएको नैराश्यप्रति भण्डारीको कलमको मसीबाट आँसु बगेको छ। समग्रमा राष्ट्रियताको अनुष्ठानमा*आत्मप्रकाश*ले ऋत्विक र होताको कार्य गरेको छ। सेवानिवृत्त राष्ट्रसेवकहरूले आफूले प्राप्त गरेको ज्ञान र अनुभव भण्डारीलेजस्तै नयाँ पुस्तालाई हस्तान्तरण गर्दै जाने हो भने नेपाली समाजले निराशाको कुहिरोमा रूमल्लिनुपर्ने छैन। यस अर्थमा लेखक भण्डारीले राष्ट्रका निम्ति स्तुत्य कार्य गरेका छन्।

जीवनका धेरैभन्दा धेरै वसन्त न्यायक्षेत्रमा व्यतीत गरेको हुनाले लेखकले नेपालको कानून र न्याय प्रणालीका प्राप्ति र अप्राप्ति यस कृतिभित्र राम्ररी केलाएका छन्। नेपालको न्यायक्षेत्रमा विशिष्ट योगदान दिएका न्यायमूर्तिहरूको अभिनन्दन पनि गरेका छन्। एक किसिमले भन्ने हो भने यो कृतिले नेपालको न्याप्रणालीका बारेमा खोज तथा अन्वेषण गर्नेहरूका निम्ति महत्त्वपूर्ण सूचनाहरू पनि सम्प्रेषण गरेको छ।

यस पुस्तकमा भएको सतीप्रथा र दासप्रथाबारेको खोजले प्रत्येक पाठकको आँखामा आँसु टिलपिल गराइदिन्छ। लेखकले धेरै मिहिनेतपूर्वक यो लेख तयार पारेका छन्। नेपालमा सतीप्रथा र दास (कमारा-कमारी राख्ने) प्रथा त गयो तर के सतीप्रथा र दासप्रथाले अर्कै संस्करणद्वारा नेपाली नारी वा पुरुषको अस्मिता र अस्तित्त्व गिजोल्ने र अन्य मुलुकको दास भएर जीवनका उर्वर उमेर समाप्त गरेर मृत्युवरण गरिरहेकका त छैनन् ? लेखकले प्रश्न गरेका छन्।

अन्त्यमा यति राम्रो ज्ञानवर्द्धक कृतिको लेखन र प्रकाशन गर्न समर्थ भएकोमा लेखकप्रति साधुवाद प्रकट गर्दै उनको सुस्वास्थ्य र दीर्घायुको कामना गर्दछु। अस्तु।

❁❁

*रातोपुल काठमाडौं*

# पुस्तकबारे

प्रस्तुत संस्मरण मेरो मानसपटलमा कुँदिएर रहेका स्मृति अभिलेख हो। बाल्यावस्थादेखि राष्ट्रसेवामा संलग्न भई निवृत्त भएपश्चात्का आरोह-अवरोहको कथा र व्यथा हो यो। यसमा मेरो निजी जीवनका पाटा र न्याय-सम्पादनका क्रममा आफ्ना भोगाइलाई समेत समेटेको छु। यसमा जीवनका घटना र भोगाइका विषय नै अभिव्यक्त छन्। वार्धक्यका आठ दशकमा पाइला बढ्दै गएपछि विगतलाई उधिनेर हेर्दा न्याना स्मृतिहरू आँखामा दृश्य र कानमा मधुर ध्वनि भएर आउने रहेछन्। यिनमा आफ्नो पारिवारिक परिवेश, जन्मस्थल, भौगोलिक संरचना, प्राकृतिक वातावरण, अध्ययन, बाल्यावस्थादेखि राष्ट्रसेवामा संलग्न हुँदा र निवृत्त भएपश्चात् जीवनयात्रामा आफूले देखे, सुने, भोगेका आरोह-अवरोहका कथा र व्यथाका अनुस्मृतिलाई जस्ताको त्यस्तै शब्दचित्रमा पस्किने जमर्को गरेको छु।

राष्ट्रसेवाको क्रममा अधिकाङ्श समय न्याय-सम्पादनमा संलग्न भएँ। न्याय-सम्पादनको प्रयोगशाला हाम्रै समाज रहेछ । समाजका घटना-परिघटना नै विवादित विषयवस्तु बनेर निरूपणको लागि प्रस्तुत हुँदारहेछन्। यस्ता प्रस्तुतिमा समाजको हेराइ र बुझाइमा विविधता पनि देखिँदोरहेछ। यस्ता विषयमा न्यायकर्ताको विज्ञता र दक्षतामा निर्भर हुँदोरहेछ।

पुर्खाले आफ्ना सन्ततिलाई वंशको बारेमा जानकारी गराउँदै गएमा सन्तान दरसन्तानले पनि जानकारी पाउने रहेछन्। सो क्रम निरन्तर चल्नुपर्ने रहेछ तर यसको अभावमा पुर्खाका बारेमा जानकारी प्राप्त हुन सक्ने रहेनछ। मेरा माता-पिता, पितृव्यहरूले पुर्खा र आ-आफ्ना जीवन यात्राका आरोह-अवरोहका विषयमा सन्ततिहरूलाई यथेष्ट जानकारी गराउनु भएको भए पुर्खाको इतिहास बढी प्रामाणिक र जानकारीमूलक हुन सक्थ्यो होला। *भण्डारी वंशको वंशावली*को भूमिका लेख्दा यसको अभाव मलाई महसूस भएको थियो। मेरा सन्ततिहरूले बरोबर मलाई

आफ्नो जीवनयात्रामा भोगेका सबै विवरण लेखेर प्रकाशन गर्न आग्रह गरेका र यस्ता घटना-परिघटना पनि समाजको समसामयिक इतिहासका तथ्य हुन सक्छन् भन्ने लागेकाले यो कृतिको लेखन र प्रकाशन गरेको हो ।

जीवनयात्रामा माता-पिता,अग्रज एवम् गुरुजनबाट प्राप्त ज्ञान, सीप, मार्गदर्शनको उपयोग र उपहार बनी यो कृति आएको हो । यसमा भएका कमी-कमजोरी नितान्त मेरा आफ्नै हुन् । केवल मैले यहाँ अक्षरको माला मात्र उनेको छु । लामो जीवनयात्रामा जीवनसङ्गिनी कल्पनाको निरन्तर साथ र सहयोगले मलाई थप बल र उत्साह प्राप्त भएको छ । त्यस्तै स्नेही मित्रहरू र सन्ततिको साथ, सहयोग र भरोसा प्राप्त भएको छ ।

अन्त्यमा मेरो यो *आत्मप्रकाश* कृतिको मिहिनेतपूर्वक सम्पादन गरिदिनुभएकोमा मेरा मानस भ्राता एवम् वरिष्ठ साहित्यकार प्रा.डा.कृष्णप्रसाद दाहालमा हार्दिक आभार व्यक्त गर्दछु ।उहाँले यो कृतिलाई यस रूपमा ल्याइपुऱ्याउन गर्नु भएको योगदान म पहिल्यै बिर्सन सक्दिनँ । अस्तु ।

**राजेन्द्रकुमार भण्डारी**
*मितिः २०८२ श्रावण ३१*
*श्रीकृष्णजन्माष्टमी*

# हार्दिक आभार

प्रस्तुत संस्मरण तयार गर्न धेरै विद्वान् महानुभावहरूको शुभेच्छा रहेको छ। उहाँहरू प्रति आभार

- संस्मरण पुस्तक अध्ययन गरी उपोद्घात लेखेर हौसला प्रदान गर्नुहुने अग्रज सर्वोच्च अदालतका माननीय पूर्व-न्यायाधीश प्राध्यापक टोपबहादुर सिंह,
- साहित्यकार एवम् *रचना* साहित्यिक पत्रिकाका प्रधान सम्पादक रोचक घिमिरे,
- प्रा.डा खेम कोइराला बन्धु,
- प्रा.डा. कृष्णप्रसाद दाहाल,
- प्रा डा. गोपालप्रसाद भण्डारी,
- डा. विष्णुप्रसाद गौतम
- विन्दु खनाल
- नेपाल प्रज्ञा-प्रतिष्ठानका पूर्व-उपकुलपति विष्णुविभू घिमिरे,
- साहित्यकार लेखनाथ भण्डारी,
- स.अ.का माननीय पूर्व-न्यायाधीश प्रा.पवनकुमार ओझा,
- उच्च अदालतका माननीय पूर्व मुख्य न्यायाधीशहरू शम्भुबहादुर खड्का, शेषराज शिवाकोटी,

– लेखक श्री खेमनाथ दाहाल ।

– जीवनसङ्गिनी कल्पना भण्डारी,

**पुत्र पुत्रवधूहरू:**

– डा. सञ्जीव भण्डारी

– डा. चेरिना भण्डारी,

– ई. शशाङ्ककुमार भण्डारी

– स्नेहा भण्डारी,

**छोरी ज्वाइँहरू**

– सिर्जना बराल

– ई. नवराज वराल,

– सान्त्वना पोखरेल

– ई. केशवप्रसाद पोखरेल,

– भाषा सम्पादनका लागि रमेश दाहाल ।

**राजेन्द्रकुमार भण्डारी**

*सम्पर्क नं ०१४५७१०२८*

*वशिष्ठगल्ली, बत्तीसपुतली, काठमाडौं ९ घर नं. १५४*

# विषयसूची


**पहिलो प्रकाश** १–५८

- वंश र परिवार ३
- जीवनदर्शन ३
- वंश-वृत्तान्त ५
- सतीप्रथः खोज तथा अन्वेषण ७
- सती गएका व्यक्तिसम्बन्धी केही प्रसङ्ग १५
- दासप्रथा २१
- पुनः वंशकै कुरा २५
- पुख्यौंली थलो थानसिङ्मा विचरण गर्दा ३०
- भोजन र बासका लागि यायावर ३१
- उर्वरभूमि ३२
- सनातन संस्कृति एवं शक्तिको उपासना ३३
- आर्यको विश्वास ३४
- सनातन संस्कृति ३५
- नर्जाको ऐतिहासिकता ३६
- वशिष्ठ भण्डारी समाज नुवाकोट जिल्ला समति गठन ३७
- जन्म र जन्मस्थान ३८
- पारिवारिक पृष्ठभूमि ३८
- बाल्यकाल ४०
- अक्षरारम्भ ४३
- उपनयन र अध्ययन ४५
- वैवाहिक सम्बन्ध र परिवार ४९
- सम्भावना बोकेको सङ्खुवासभा ५१

**दोस्रो प्रकाश** ५९–८४

- शैक्षिक उन्नयनको ऐतिहासिकता ६१
- तत्कालिक शैक्षिक अवस्था ६१
- आबाल ब्रह्मचारी गुरू षडानन्द अधिकारी (जन्म वि.सं १८९२ निर्वाण १९७३) ६२
- गुरू (बडाबा) पं. त्रैलोक्यनाथ भण्डारी ६४
- चन्दनपुरमा पाठशालाको स्थापना ६५
- गुरू पिता पं. पुष्पलाल भण्डारी ६८
- हुकुम-प्रमाङ्गीबाट छात्रवृत्ति ६८
- शिक्षासेवी काकाबा पं. वेदनाथ भण्डारी ७१
- शिक्षक दाजु पं. हरिप्रसाद भण्डारी (ज्येष्ठ पिता-पुत्र) ७२
- दाजु माधवप्रसाद भण्डारी ७३
- दाजु डा. गणेशप्रसाद भण्डारी ७४
- डा. गणेशप्रसाद भण्डारीको साहित्यिक र सामाजिक संस्थामा संलग्नता ७५
- डा. सुशीला भण्डारी (कोइराला ) ७६
- हिरण्यप्रसाद भण्डारी ७७
- शैक्षिक उन्नयनमा आबाल ब्रह्मचारी षडानन्दको प्रेरणा ७८
- जीवनलाई हेर्ने एक दृष्टिकोण ८४

**तेस्रो प्रकाश** ८५–९६

- दुःखान्त घटना ८७
- पहिलो घटना : पिताको स्वर्गवास ८७
- दोस्रो घटना : दाजु डा. गणेशप्रसादको निधन ८९
- तेस्रो घटना : मातृशोक ९१
- चौथो घटना : माहिला दाजु विष्णुप्रसादको देहावसान ९५

**चौथो प्रकाश** ९७–११६

- राष्ट्रसेवा ९९
- प्रशासन-सेवामा प्रवेश ९९

- श्री ५ बाट अञ्चलाधीश टेकबहादुर रायमाझीविरुद्ध जाँचबुझ आयोग गठन ११२
- जुम्रासँग युद्ध ११२
- डाकासँग जम्काभेट ११३
- साबिक अञ्चलाधीशका सबै निर्णय बदर ११४
- सेवाका केही स्मृतिबिम्बहरू ११४

**पाँचौँ प्रकाश** ११७–१३०

- न्याय सेवामा म ११९
- न्यायाधीशको जिम्मेवारी ११९
- दोलखा भीमसेन : रोचक इतिहास १२२
- तत्कालिक अदालतको अवस्था १२७
- झण्डै मेरो ज्यान गएको १२८
- जिल्ला न्यायाधीश भई काम गर्दा १२९

**छैठौँ प्रकाश** १३१–१६४

- नेपालको ऐतिहासिक जनमत-सङ्ग्रह १३३
- दोलखामा जनमत-सङ्ग्रहको जिम्मेवारी १३३
- जनमत-सङ्ग्रहको परिणाम १३५
- निर्वाचन र न्याय-निरूपण १३५
- वि. सं. २०३८ सालको निर्वाचन १३८
- मन्त्रीको अनुचित हस्तक्षेप १४०
- जनमत-सङ्ग्रहका घटनामा मण्डले आतङ्क १४२
- मन्त्रीका चर्तिकला १४४
- न्याय-सम्पादनमा स्वतन्त्रता १४५
- टक्करबाट तक्मा १४७
- बुद्धको जन्मस्थलमा रमाउँदा १४९
- न्याय-सम्पादन गर्दाको अनुभूति १५०
- निर्वाचनको अर्को दायित्व १५३
- महिला अस्मिताको दर्दनाक कथा-व्यथा १५३
- व्यवस्थित बजार राजविराज १५८
- वागमती अञ्चल न्यायाधीशमा म १६०

- झुठा मुद्दामा विद्यार्थीहरूलाई सास्ती १६०
- वागमती विशेष अदालतको समेत थप जिम्मेवारी १६२
- विशेष अदालतमा कार्य गर्दाको रोचक घटना १६२
- नक्कली सर्प देखाएर साबिती बयान १६४

**सातौँ प्रकाश** १६५-१८२

- सीताको जन्मभूमिमा म १६७
- गौरवमय जनक सभ्यता १६७
- मिथिला सांस्कृतिक परम्पराको उज्ज्वल पक्ष १६९
- मिथिलामा दहेजप्रथा १७०
- बन्दी छुट्टा प्रशासनको रोष १७१
- संसदीय निर्वाचनको दायित्व १७३
- पुनरावेदन अदालत हेटौडामा १७३
- पुनः जनकपुरमा १७५
- मुख्य न्यायाधीशको जिम्मेवारी १७५
- मातहत अदालतको सुपरिवेक्षण १७७

**आठौँ प्रकाश** १८३-२२४

- प्राकृतिक सामीप्यमा १८५
- इलामका केही अनुभूति १८५
- प्रकृतिको सुनौलो कारिगरी १८६
- चिया र अलैँचीको आनन्द १८७
- फेरि इलाममा १९१
- पाँचथर जिल्ला अदालत निरीक्षण १९२
- सदस्य हिरण्येश्वरमानको इलाम भ्रमण १९४
- मुख्य न्यायाधीशमा नियुक्ति १९६
- पुनरावेदन अदालत राजविराजअन्तर्गत प्रकृतिमा रमाउँदा १९९
- युगकविको जन्मभूमि ओखलढुङ्गामा २००
- सोलुको फेदीमा रमाउँदा २०४
- इलामबाट बुटवल २१७
- न्यायिक सुपरिवेक्षण २२०

**नवौं प्रकाश** २२५–२३२

- उपचार प्रकरण २२७
- पटना २२७
- भेलोरमा उपचार २३०
- दोस्रो भेलोर यात्रा २३१

**दशौं प्रकाश** २३३–२८२

- विदेश यात्रा २३५
- निजी भ्रमण भारतको दार्जिलिङ र सिक्किम २३५
- बेङ्लोरको यात्रा २३६
- मैसुर र काबेरी सङ्गम २३७
- बेङ्लोर भ्रमण २४१
- सार्क ल सम्मेलन पाकिस्तानमा २४४
- अमेरिकाको न्यायिक अवलोकन २५१
- मासाचुसेट्स कोर्ट सिस्टम २५३
- पारिवारिक अमेरिका यात्रा २६३
- भर्जिनिया, वासिङ्गटन डि.सी. र न्यूयोर्क २६९
- टेनेसी र निकटवर्ती क्षेत्र भ्रमण २७५
- यात्रा लहर र रहर २७५
- पुनः अमेरिका यात्रा २८२

**एघारौं प्रकाश** २८३–३००

- सर्वोच्च अदालतमा २८५
- सर्वोच्च अदालतको न्यायाधीशमा नियुक्ति २८५
- सार्वजनिक सरोकारका केही फैसला २९१

**बाह्रौं प्रकाश** ३०१–३१०

- न्यायिक जाँचबुझ आयोगको जिम्मेवारी ३०३
- सम्झनाको डायरी पल्टाउँदा ३०३
- कोटेश्वर निवासी रामहरि श्रेष्ठको अपहरण र हत्यासम्बन्धी न्यायिक जाँचबुझ आयोग ३०३

- प्रदीपकुमार खड्काको मृत्युसम्बन्धी न्यायिक जाँचबुझ आयोग ३०६
- निर्मल पन्त र पुष्कर डङ्गोलको हत्यासम्बन्धी न्यायिक जाँचबुझ आयोग ३०७
- केन्द्रीय कारागारमा गोलीकाण्ड घटनाको जाँचबुझ आयोग ३०८
- फैजान अहमदको हत्यासम्बन्धी आयोग ३०९

**तेह्रौं प्रकाश** ३११–३५०

- धार्मिक यात्रा ३१३
- स्वदेशको तीर्थाटन ३१३
- भारतको तीर्थाटन ३१८

**चौधौं प्रकाश** ३५१–३६२

- साहित्यिक र सामाजिक संलग्नता ३५३
- कृति प्रकाशन ३५३
- वशिष्ठ भण्डारी समाजको भवन शिलान्यास ३५५
- अन्य सामाजिक कार्यमा सहभागिता ३५६
- पुरस्कार एवम् सम्मान ३६१

**पन्ध्रौं प्रकाश** ३६३–३८४

- सर्वोच्च अदालतमा काम गर्दाका तीता-मीठा अनुभूति ३६५
- स्मृतिको संझ्यालबाट चियाउँदा ३७२
- शून्यमा शून्यसरि विलाउने जीवन ३८४

# पहिलो प्रकाश

# पहिलो प्रकाश–सूची


**वंश र परिवार** ३

- जीवनदर्शन ३
- वंश-वृत्तान्त ५
- सतीप्रथः खोज तथा अन्वेषण ७
- सती गएका व्यक्तिसम्बन्धी केही प्रसङ्ग १५
- दासप्रथा २१
- पुनः वंशकै कुरा २५
- पुख्र्यौली थलो थानसिङ्मा विचरण गर्दा ३०
- भोजन र बासका लागि यायावर ३१
- उर्वरभूमि ३२
- सनातन संस्कृति एवं शक्तिको उपासना ३३
- आर्यको विश्वास ३४
- सनातन संस्कृति ३५
- नर्जाको ऐतिहासिकता ३६
- वशिष्ठ भण्डारी समाज नुवाकोट जिल्ला समति गठन ३७
- जन्म र जन्मस्थान ३८
- पारिवारिक पृष्ठभूमि ३८
- बाल्यकाल ४०
- अक्षरारम्भ ४३
- उपनयन र अध्ययन ४५
- वैवाहिक सम्बन्ध र परिवार ४९
- सम्भावना बोकेको सङ्खुवासभा ५१

# वंश र परिवार

**"कहाँ थियो बास अघी म को थिएँ,**
**कसो हुँदा यो पिँजरा लिँदो भएँ**
**कहाँ छ जानू कुन साथ लीकन**
**तँलाई मालूम् छ कि यो कुरा मन।"**

*-कविशिरोमणि लेखनाथ पौडेल*

## जीवनदर्शन

धरतीमा आउनु पूर्व मानिस कहाँ बस्तथ्यो ? कसरी पृथ्वीमा जन्म भयो ? यो धरतीबाट मानिस जीवनको अन्त्यमा साथमा के लिएर कहाँ जान्छ ? कसैले जान्दैन। दार्शनिकहरू जन्म जन्मान्तर र जीवनदर्शनका विषयमा भने आ-आफ्ना धारणा व्यक्त गर्छन्। यसै प्रसङ्गमा कविशिरोमणि लेखनाथ पौडेलले व्यक्त गर्नुभएका उपर्युक्त दार्शनिक पङ्क्ति उद्धृत गरेर म यो भवसागरमा आएर आफ्नो चेतनाले जान्ने बुझ्ने भएपछि आफ्नो जीवनयात्राका अनुभव र अनुभूति पस्कन लागेको छु।

यो यात्रा हो जीवनको। यसले आफ्नै कथा र व्यथा बोल्छ। जन्म हुनु आकस्मिक संयोग नै हो। म भण्डारी वंशमा जन्मेछु। भाग्य वा नियति जे भने पनि यो पहिलेदेखि नै तय भएर आएको हुँदोरहेछ । विद्वान्हरू यसलाई प्रारब्ध पनि भन्दारहेछन्। जन्म, बाबु-आमा, वंश या जन्मस्थान छान्न वा रोज्न पाइने विषय होइन रहेछ। प्रारब्धले यो पहिले नै तय भएको हुँदोरहेछ। मलाई अहिले आफ्नो विषयमा लेख्न थाल्दा महाकवि लक्ष्मीप्रसाद देवकोटाको, ""**मीठो लाग्छ मलाई ता प्रियकथा प्राचीन संसारको**"", -पङ्क्ति सम्झना आइरहेको छ।

जीवन के हो ? म सोच्तछु - सम्पूर्ण प्राणी वा वनस्पतिको गर्भावस्थादेखि मृत्युसम्मको यात्रा नै जीवन हो। यो यात्रा पनि आफैँमा गतिशील र रमणीय

हुँदोरहेछ। धरतीमा आएपछि सबै केही कर्म गर्दै यो संसारबाट सदाका लागि बिदा हुन्छन्। विन्दुबाट सिन्धुमा परिणत भएझैं एउटा भ्रूणबाट जीवनको शुरू हुन्छ अनि सिन्धुबाट विन्दु भएसरि सदाका लागि पञ्चतत्त्वमा विलीन हुन्छ। मृत्यु हुन्छ । मृत्युपश्चात् कहाँ जान्छ ? उज्यालो वा अँध्योरो कसैले जान्दैन तर जे जति सत्कर्म गर्छन्, ती सबै यसै समाजका लागि उपयोगी हुन्छन्। प्रत्येक मानवका पलपलका जीवन र उसका सुकर्महरू प्रेरणादायी इतिहास बन्न सक्छन्। बन्छन् पुस्तकालय। मानवको जीवनयात्रा आफैंमा सुन्दर र रमणीय हुन्छ। अझ त्यो अर्थपूर्ण बन्यो भने अवश्यमेव सार्थक पनि बन्छ।

हामी सबैले देख्छौं; प्रत्येक दिन बिहान सूर्य लालिमा बोकेर उदाउँछ। ठीक बाह्र बजे प्रखर राप तापयुक्त हुन्छ। अनि साँझ शीतल एवम् रक्ताम्य भएर अस्ताउँछ। अर्को उषा लिएर सूर्य उदाउने प्रहरको पर्खाइमा दिन रहेको हुन्छ। हरेक दिनका पाइलासँग सबै पाइला जोडिएर आउँदैनन्। जीवन पनि यस्तै हुँदोरहेछ; न त पूरै उज्यालो न त पूरै अँध्यारो। उज्यालो अनि अँध्यारोजस्तो। एकनासको नहुने। जीवनका कथा र व्यथा पनि अनगिन्ती हुन्छन्। कति व्यक्त हुन्छन् , कति व्यक्त हुँदैनन्। त्यस्तै जीवनमा सुखदुःखका भेल आउँछन्/जान्छन्। दुःख र पीडामा खुशी खोज्दै बाँच्नु नै त जीवन हो भन्ने सम्झेको छु। कहिलेकाहीं सोचेभन्दा फरक तरिकाले यात्रा पनि जोडिन पुग्छ सुमधुर भएर। अर्को शब्दमा जीवन पनि एउटा फूलजस्तै हो, समयजस्तै क्षणिक पनि। तथापि यात्रामा भेटिएकालाई जीवन्त राख्नु र भविष्यको लागि सजाएर राख्नु नै जीवनको सार्थकता हो। जीवन, हुन पनि समय र फूलजस्तै रहेछ । समय आफ्नो गतिमा बढ्छ, रोकिँदैन। फूलको रमणीयताजस्तै मानवजीवनका सत्कार्य अल्प अवधिका भए पनि जीवनपश्चात् पनि रहिरहन सक्छन्। यद्यपि जीवन कर्कलाको पानीजस्तै क्षणिक हुन्छ। कोठाभित्रको पानसको बत्तीजस्तो झ्यालबाट बतास नछिरेसम्म बल्ने। जीवन बत्तीलाई कसरी जोगाउने ? मानिसको चोला चहकिलो बत्तीजस्तो सुन्दर र आकर्षक छ तर बतासले हरपल जीवन बत्तीलाई झपक्कै निभाउन खोजिरहन्छ। जीवन बत्ती बालिरहन सत्कर्म र पराक्रमका चुकुल लगाउने ज्ञानको बत्ती पनि बाल्नु पर्दोरहेछ।

जीवन सङ्घर्षमा नै अघि बढ्छ। दुःखलाई सहँदै सुखको खोजीमा अविश्रान्त अघि बढ्छ। आजका बाधाहरूलाई छिचोल्दै भोलिको लागि केही गर्ने दृढ मान्यता बोकेर। जीवन उज्यालो खोजीमा निरन्तर लागेर आउने दिनका लागि नै बाँचिरहेको हुन्छ। जीवन कस्तो होला ? उज्यालो वा अँध्यारो सोच्तैन। त्यसैले मानिसले जे जति काम गर्न सक्छ, उज्ज्वल भविष्यको खोजी गर्छ, आफ्ना सन्ततिलाई यही

सिकाउँछ। त्यसैले हामीहरू इतिहासका श्रद्धेय महापुरुषको जीवनी र सत्कार्यहरू अनुशीलन गर्ने गर्छौं । सन्ततिलाई मार्गदर्शन गर्छौं। बडामहाराजा पृथ्वीनारायण शाहको दिव्य-उपदेशमा "बूढा मरे, भाखा सरे" भन्ने उक्तिको सार र महिमा यसैभित्र अन्तर्निहित छ । हाम्रो समाजमा माता-पिताले आफ्ना सन्ततिलाई अनुशासन, कर्तव्य, पुर्खाको योगदान, समाजमा रही गर्नुपर्ने कर्तव्यजस्ता आदर्श सिकाउँछन्, शिक्षा दिन्छन्। पहिले पहिले साक्षरता नभएको अवस्थामा पनि पिता-माताले सिकाएका आदर्श शिक्षा वा व्यवहार आ-आफ्ना सन्ततिलाई भनेर जान्थे। त्यही क्रम निरन्तर चलेर आएको कारणले "बूढा मरे, भाखा सरे" भन्ने उखान चरितार्थ भई आएको हो।

मानव जीवनको यात्रा अनन्तसम्म विचरण हुनसक्छ। यस्ता पाइला निरन्तर अग्रगामी हुनुपर्छ। स्वतन्त्र आकाशको माथि माथि विचरण गर्ने चिन्तनले यात्रामा अघि बढेर लक्ष हासिल गर्न सफल होइन्छ। यात्रीमा सतीसाल झैं उभिने दृढता, क्षमता र ऊर्जा हुनैपर्छ। यसमा धैर्य र साहसले साथ दिनुपर्छ। त्यसबाट नै सृष्टिका नयाँ पालुवा पलाएर जीवन सार्थक बन्छ ।

यस्तै चिन्तन बोकेर मेरो जीवनयात्रा अविश्रान्त अघि बढेको हो। यात्रामा कति सफल भएँ, भइनँ मूल्याङ्कन पाठकबाट नै हुनेछ ।

## वंश–वृत्तान्त

सृष्टिको प्रभातदेखि जीवले अनन्त जन्म लिएको हुन्छ। त्यसै क्रममा मनुष्य पनि पर्छन् भन्ने मान्यता दार्शनिकहरूमा छ। म पनि विद्वान् पण्डित पुष्पलाल भण्डारी र आमा रत्नकुमारी भण्डारीको गर्भबाट जन्मेको हुँ। विद्वत्ता पिताले स्वयम् आर्जन गर्नुभएको हो। भण्डारी थर उहाँले आफ्नै पुर्खादेखि नै पाउँदै आउनुभएको हो। हामी आफ्नो वंश वा कुल जोडेर परिचय दिने गर्छौं तर आफ्नो वंशको योगदान र इतिहासबारे जानकार हुँदैनौं। आफू बसेको जमीन, समय र यससम्बन्धी महत्त्व बुझाउने वंशको इतिहास जान्नु आवश्यक पर्दोरहेछ। मेरा आमा-बालाई या उहाँहरूका पुर्खाले पनि आफ्नो वंश या कुलबारे विस्तृत रूपमा अवगत गराएको रहेनछ। म जान्ने बुझ्ने भएपछि भण्डारी थर र यसको स्रोत इतिवृत्त जान्न र अन्वेषणमा थिएँ तर यसको मूलस्रोत निकै अनुसन्धान गरी तयार गरिएको *वशिष्ठ गोत्रीय भण्डारी वंशावली*को भूमिका लेख्ने अवसर मलाई प्राप्त भएपछि नै

अध्ययनबाट प्राप्त  भएको हो । यसबाट नै भण्डारी थर बारे धेरै कुरा जान्ने, बुझ्ने अवसर प्राप्त भयो ।

*वंशावली* अध्ययन गर्दै जाँदा पछिल्लो समयमा मेरा बा, बडाबा, काकाबाहरू तत्कालिक पूर्व ६ नं हाल सङ्खुवासभा जिल्लाअन्तर्गतको चन्दनपुर (साबिक शीतलपाटी हाल खाँदवारी नगरपालिका)मा बसोबास गरेकाले चन्दनपुरका भण्डारी भएछौं । चन्दनपुर हाम्रो पुख्र्यौली थातथलो भने होइन रहेछ । भोजपुरको माड्दिङबाट हाम्रा बडाबा, बा, काकाबाहरू शिक्षकको रूपमा सेवा गर्दै अन्त्यमा चन्दनपुरमा गई बसेर शिक्षा दिने, ज्ञान र चेतनाको ज्योति फैलाउने कार्य गर्नुभएकाले चन्दनपुर शिक्षाको केन्द्र बनेछ । अनि चन्दनपुर भण्डारी गुरुहरूको पर्याय भएछ ।

वशिष्ठ गोत्रका भण्डारी कहाँबाट भोजपुर बस्न आएछन् ? भन्ने क्रममा खोज्दै जाँदा सिम्रास बिरौटाबाट (हालको दोलखा जिल्लाअन्तर्गतको मेलुङ) पुर्खा जयभद्रका जेठा छोरा हरिनन्द गर्भवती पत्नी महेश्वराका साथ सम्भवतः वि.सं. १८५५/१८६० तिर दिङ्लामा बस्न पुगेका रहेछन् । रहँदा बस्दा जन्मेका उनका तीन पुत्रमध्ये माहिला रामकृष्ण स्वर्गे भए । जेठा श्रीकृष्ण पाँचथरमा गएर बसे । उनको वंश उतैपट्टि बृद्धि हुँदै गयो । कान्छा छोरा कृष्णानन्दलाई साथ लिई रहँदा बस्ता हरिनन्द स्वर्गे भएछन् । त्यो समयको रहर वा बाध्यताले पत्नी महेश्वरा छोरा कृष्णानन्दलाई छाडी अरुण नदी किनारामा पतिसँगै सती गइछन् । सती जानु भनेको पतिको मृत्यु भएपछि पतिको चितामा पत्नी पनि पतिसँगै जलेर मृत्युवरण गर्नु हो । सती शब्दले पतिको चितामा जिँउदै पतिको शवसँगै जलेर मृत्युवरण गर्ने स्त्रीलाई बुझाउँछ । यो घटना "सम्भवतः वि.सं. १८८०/१८९०को बीचको अवधिको हुँदो हो," भनी *छहारी* पत्रिकामा वि.सं. २०१५ गणेशप्रसाद भण्डारीले उल्लेख गरेबाट थाहा हुन्छ । यसअघि त्यो स्थानमा केही पनि सती गएका रहेन छन् । अद्यापि उनी सती गएको स्थान दिङ्ला र चन्दनपुरबीच अरुण नदीमा सतीघाटको नाउँले प्रसिद्ध भएको रहेछ । ठूलो मेला लाग्ने यो सतीघाट हाम्रो वंशको तीर्थस्थल भएको छ  ।

त्यो समयमा सती जानुपर्ने क्रूरतम अमानुषिक प्रथा थियो नेपाल र भारतमा । मिथकहरूबाट नारीलाई सानैदेखि विनम्रता, त्याग, पतिव्रताजस्ता कुरा सिकाउने र पतिको मृत्युपछि जिउँदै जल्न मानसिक रूपमा तयार पार्ने चलन कुनै समयमा हिन्दू समुदायमा बढेको थियो । सतीप्रथालाई जायज ठहराउन सीताको अग्निपरीक्षा र सावित्रीको पति-परायणता सिकाउने *रामायण* र *महाभारत*मा कथा पनि उद्धृत गरिँदै आएका थिए ।

पुर्खाकी आमा महेश्वरा सती गएको कार्यले मलाई सतीसम्बन्धमा अध्ययन गर्न घच्घच्यायो । महिलालाई सती हुन समाजबाट किन बाध्य पारियो ? प्रकृतिले पुरुष र महिलालाई समान रूपमा सिर्जना गरेका हुन् । सिर्जनामा पुरुष र स्त्रीबीचमा जन्मजात हुने शारीरिक एवम् जैविक या यौनिक भिन्नता मात्र रहेको हुन्छ, जुन सन्ततिको प्रजनन कार्यको निरन्तरता दिने प्राकृतिक पहिचान मात्र हो । यौनिक भिन्नताका आधारमा महिलालाई हेर्ने सोच, व्यवहार, आचरण, मापदण्ड, मनोवृत्ति समाजले किन फरक गरेछ ? यसको मुख्य कारण नारीलाई पुरुषसमान मानवको रूपमा होइन, उपभोग्य वस्तुको रूपमा पितृसत्तात्मक समाजले हेर्ने र आफ्ना सन्ततिको पहिचान र वंशको निरन्तरताका लागि एकल पतिको रूपमा स्त्री जातिले सदाका लागि समर्पित भइरहनुपर्ने बाध्यात्मक स्थिति, यसका लागि समाजले रचेका विभिन्न परिपञ्च । यसमध्ये धर्मको नाउँमा नारीलाई नियन्त्रण र पतिको अनुगामिनी बनाउन रचिएको सतीप्रथा ।

## सतीप्रथा : खोज तथा अन्वेषण

शास्त्रीय मान्यतामा "सती" शब्दले सत्यमा अडिग रहने नारीलाई जनाउँछ । सतीका चार मापदण्ड मानिएको रहेछ : प्रथम अन्वारोहण - मृतपतिसँगै चितामा चढ्ने, द्वितीय सहमरण- पतिसँगै मर्ने, तृतीय सहगमन -मृत पतिसँगै गएर मर्ने, चतुर्थ अनुमरण-प्रवासमा रहेका पतिको मृत्युको सूचना पाएपछि प्राण त्याग गर्ने । पतिपत्नीको सम्बन्ध जीवित अवस्थामा प्रगाढ र पवित्र मानेर मृत्युपश्चात् अर्को जन्ममा पनि यथावत् रहने उद्देश्यले सतीप्रथा कायम गरिएको मानिन्छ । यहाँ पतिको मृत्युपश्चात् पतिको लाससँगै चितामा चढेर मृत्युवरण गर्ने नारीको सम्बन्धमा विवेचना गरिएको छ ।

*सांख्यदर्शन*मा द्वैतवाद छ - प्रकृति र पुरुष । प्रकृति र पुरुष नभई सृष्टि हुँदैन भन्ने यो दर्शनको मत छ । यसलाई अन्तिम सत्य मानेर सम्पूर्ण संसारको सृष्टि प्रकृतिको सिर्जना हो भन्ने मान्यता स्थापित भएको छ । यसको सारमा प्रकृति नारी र पुरुष हुन् । प्रकृतिले नारी र पुरुषलाई समान रूपमा सिर्जना गरेका हुन् । उनीहरूमा पुरुष र स्त्री बीचमा जन्मजात हुने शारीरिक एवम् जैविक भिन्नता मात्र रहेको हुन्छ । सृष्टिको क्रम निरन्तर कायम राख्न प्रकृति र पुरुष या विपरीत लिङ्गी पुरुष र स्त्रीको संरचना हुन्छ तर यौनिक भिन्नताका आधारमा नारीलाई हेर्ने सोच, व्यवहार, आचरण, मापदण्ड र मनोवृत्ति पुरुषप्रधान समाजले फरक गरेको रहेछ ।

हरेक व्यक्ति पुरुष वा स्त्रीको शरीर निजी हुन्छ र स्वाधिकारको विषय बन्छ तर खस आर्य समाजमा कन्या कुमारी अवस्थादेखि नै नारीको जीवनमा आत्मनिर्णयको अधिकार शून्य थियो । नारीको जीवन वा शरीरको स्वामित्व पनि पुरुषले लिएको हुन्थ्यो । कुमारी हुँदा पिताले, युवावस्थामा पतिले, बृद्धावस्थामा छोराहरूले रक्षा गर्ने हुँदा स्त्रीहरू स्वतन्त्र हुँदैनन् भन्ने र बालिकालाई ऊ महिनावारी हुनुपूर्व नै कन्यादान गर्नुपर्छ भन्ने शास्त्र बनाइएको थियो । यसले गर्दा विवाह गर्न कन्याको स्वीकृति वा इच्छा, आकाङ्क्षा सोध्ने वा अवसर दिने प्रचलन नै थिएन । कन्याका अभिभावकले जे चाह्यो त्यही अन्तिम हुन्थ्यो । कन्यावस्थामा नै कन्यादान गरी विवाह गरिदिएमा मृत्युपछि स्वर्गवास हुन्छ भन्ने शास्त्र थियो । अबोध बालिकालाई समान उमेरसमेतको विचार नगरी अपरिचित पर-पुरुषको हातमा कन्यादान दिएर चल वस्तुसरह अर्काको घरमा पठाउने प्रचलन थियो । यसरी धर्मको नाउमा शदियौँदेखिको सांस्कृतिक उत्पीडनमा राखिएका थिए नारीहरू ।

समाजमा लैङ्गिक विभेद व्याप्त थियो । कन्यादानमा प्राप्त नारीको स्थान उसको कामसँग जोडिएको हुन्थ्यो । तिनमा घरधन्दा, पतिको यौन सन्तुष्टि, सन्तति जन्माउनु र पालनपोषण गर्नु नै मुख्य हुन्थ्यो । अझ विधवालाई अंश वा जीवनवृत्ति त परै जाओस् लाउने, खाने,बोल्ने अधिकार पनि थिएन । पर्व-पूजामा समेत वञ्चित थिए । यसरी नारीलाई आफ्नो शरीर, यौवन र जीवनको अधिकार नरही पतिको यौनसुख प्रदान गर्ने र सन्तान जन्माउने कोखमा र हुर्काउने दायित्वमा सीमित थियो । उसको शरीरको निजत्व, भावना र संवेदनाको अस्तीत्वलाई लिङ्गभेदी समाजले अस्वीकार गरेर नारीको शरीर उपभोग्य चल वस्तुमा परिणत गरेको थियो- पतिको जुठोपुरो खाने एक प्रकारको दासी । नारीलाई मर्दवादको चस्माले हेरेर उसका व्यथा वा पीडा, खुशी, इच्छा वा आकाङ्क्षा दबाइन्थ्यो । नारीका प्रतिभा र ज्ञान कुण्ठित थिए । पढ्ने वा जान्ने अधिकार अपहृत थिए । छोरी-चेलीले पढे वा जान्ने भए भने बोक्सी हुन्छन् भन्ने भाष्य निर्माण गरिएको थियो । नारीको पहिचान कसैकी पत्नी वा छोराको नाउँबाट मात्र हुन्थ्यो । बहुविवाहको प्रचलन थियो । अद्यापि नेपालीमा प्रचलित उखान छ ; "खुट्टा भए जुत्ता कति !" भालेतन्त्र । राज्यसत्ताले यो प्रथालाई संरक्षण गरेको थियो ।

वास्तवमा पितृसत्तात्मक समाजले धर्मको नाउँमा नारीको शरीरको नियन्त्रण र वर्चस्व स्थापित गर्ने, पत्नीको अस्तित्त्व पतिमा विलय गर्ने र पतिको मृत्युपश्चात् बाँच्न पाउने अधिकार पनि हरण गरी पतिको चितासँगै जलाउने धार्मिक प्रपञ्चको

रूपमा सतीप्रथा कायम गरिएको थियो । यसको मूल कारणमा लिङ्गभेदी पितृसत्ताको समाजले नारीको जीवनको पृथक् अस्तित्त्व अस्वीकार गरी निजको शरीरको स्वामित्व पति, परिवार वा समाजले लिएको हुन्थ्यो । नारीका इच्छा, चाहना र खुशी सबै दमित थिए । उसको जीवनमा मर्दवादको कैँची चल्ने गरेको थियो ।

एउटै उदरबाट जन्मिएका दाजु बहिनीमा जन्मजात विभेद शुरू हुन्थ्यो । बहिनीको शरीरमा उसको निजी हक थिएन तर दाजुको भने जन्मजात आत्मनिर्णयको अधिकार स्थापित हुन्थ्यो । विवाह गरेर भित्र्याएपछि पत्नी-पतिको अधीन वस्तुसरह पतिको अनुगामिनी बनाउने, हरेक कृयाकलापमा अधीनमा राख्ने, पत्नीको यौन नियन्त्रण गर्ने, विधवा भएपछि परपुरुषसँगको सम्बन्ध नियन्त्रण र सन्ततिको परिचय पतिको नाउँबाट गराउने ध्येयले पतिव्रताको नाउँमा सती जाने प्रपञ्चको रचना थियो- सतीप्रथा । यसको कारक तत्त्वको रूपमा पत्नीको अस्तित्त्व र स्वतन्त्र भएर बाँच्ने अधिकार हरण गरी धर्मको आड देखाएर बाँचुन्जेल आफ्नो नियन्त्रणमा राखी आफ्नी अनुगामिनी र पतिको मृत्युपछि स्वर्ग जान पाइने प्रलोभन मानसपटलमा भरेर पतिसँग एउटै चितामा जली सती जान प्रोत्साहन गर्ने व्यवहार । त्यस्तो कार्यविरुद्ध बोल्ने वा पतिको इच्छाविपरीत विद्रोह गर्न सक्ने हैसियत वा अधिकार नै थिएन । पतिलाई "सिउँदोको सिन्दूर" भनिन्थ्यो । पतिको मृत्युपछि बाँच्ने अधिकार पनि हरण भएर मैनभैँ पग्लेर सिन्दुरका लागि मर्नु उनीहरूको नियति थियो । प्रकृतिको संरचनामा पति र पत्नी समान मानव हुन् भन्ने धारणा समाप्त पारिएको थियो । पत्नीको मानव अस्तित्त्वविहीन कर्म थियो ।

सती गए इहलोकमा धर्म हुन्छ र परलोक सप्रन्छ । सन्ततिले सुख पाउँछन् । सतीलाई आगोले पोल्दैन र सती सिधै स्वर्ग जान्छन् । अर्को जन्ममा पनि पूर्ववत् पति-पत्नीकै रूपमा जन्म हुन्छन्जस्ता मिथक वा भाष्यहरू प्रचलनमा ल्याइएका थिए । अदृश्य स्वर्गको प्रलोभनमा पारिएको थियो । पतिको देहावसान भएपछि मृतककी पत्नीलाई सतीदेवीको रूपमा सती जान नयाँ नयाँ वस्त्र र गरगहना पहिऱ्याई ती गरगहना घाटमा पुगेपछि निकाल्दै उपस्थित मलामीहरूलाई बाँड्दै चितामा आरुढ पतिको गोडाको पानी आचमन गराई ढोगेर पतिको लासलाई आलिङ्गनमा बाँध्न लगाई जिउँदै जलाएर सती जाने प्रपञ्च रचिएको हुन्थ्यो । सतीको आशिष् लाग्छ भन्ने भावना भरेर मलामीहरूमा सतीप्रति भक्तिभाव जगाएर आशिष् थाप्न लगाइन्थ्यो । सती जाने महिला रुन्छन्, कराउँछन्,उम्कन्छन् वा भाग्छन् भन्ने ध्येयले आवाज नआउने र नसुनिने प्रबन्ध गरिन्थ्यो । यसका लागि सती हुने नारीलाई पुरुषको चितामा पतिको लाससँग सुताएपछि भाग्न नसक्ने गरी ठूलाठूला काठका

मुढा र दाउराले थिचेर उठ्न नसक्ने बनाइन्थ्यो । चाँडै जलोस् भन्ने ध्येयले घिउ तेलजस्ता ज्वलनशील पदार्थ अत्यधिक प्रयोग गरिन्थ्यो । आगो लगाएपछि ठूला ठूला आवाज आउने बाजाहरू, शङ्खहरू बजाउने र सती हुनेले रोए-कराएको आवाज वा चित्कार नसुनिने प्रपञ्च रचिन्थ्यो । यसरी सतीको आवरणमा जिउँदै नारीलाई मृत्युवरण गर्न बाध्य पारी जलाएर "सती"को उपाधि दिइन्थ्यो । यी सबै धर्मको नाउँमा पितृसत्तात्मक या लिङ्गभेदी समाजका अतिक्रूर आततायी कार्य थिए ।

सतीप्रथा पतिव्रता धर्मको नाउँमा नारी हत्या हो । यसले अन्धविश्वासमा पारी जन्म-जन्मान्तरसम्म पत्नीलाई पतिकी अनुगामिनी बन्न उक्साउने र बाध्य पार्ने दुबै काम गर्छ । सतीप्रथाले पतिको मृत्युपछि पत्नीलाई परपुरुष गामिनी बन्न नदिने नियतले सतीको आवरणमा हत्या गरिदिन्छ । यो प्रथा नारीको शरीर र यौनजीवन नियन्त्रण गर्न पुरुषप्रधान समाजले रचेको क्रूरतम अस्त्र हो *(सती, पृष्ठ ३।३२ सुजित मैनाली )* । यस प्रथाले पतिप्रेम वा पतिभक्ति अभिव्यक्त हुँदैन । भनिन्छ, "जसकी पत्नी परपुरुष गामिनी छ, उसको धर्म नष्ट हुन्छ, चरित्र समाप्त हुन्छ, सुख हट्छ र कुल नष्ट हुन्छ" *(कामसूत्र १।२)* । पत्नीको यौनजीवनसँग जोडिएको यस्तो जीवन असुरक्षा भावलाई मर्दवादी समाजले राजकीय सत्ताको संरक्षणमा पुरुषलाई पत्नीप्रति कठोर हुन उक्सायो र पत्नीको यौनिक स्वच्छन्दता नियन्त्रणको लागि पुरुषलाई असहिष्णु बनाएको परिणाम सतीप्रथा भयो । यो पितृप्रधान या मर्दवादी समाजले नारीप्रतिको लादेको क्रूरतम् हिंसा हुन पुग्यो ।

"सतीले सरापेको देश" भन्ने उक्ति नेपाली समाजमा प्रचलित छ। लक्ष्मीनरसिंह मल्लद्वारा युद्धमा विजय गरेर आएका पति भीम मल्ललाई झूटा आरोपमा मारिएपछि भीम मल्लकी पत्नीले सतीको रूपमा जल्नुअगाडि देशका लागि इमानका साथ काम गर्नेको कहिल्यै भलो नहोस् भनी श्राप दिएपछि यो उक्ति प्रचलनमा आएको भनिन्छ *(डी. आर रेग्मी)* ।

के आदिम युगदेखि नै महिला र पुरुषको सम्बन्ध त्यस्तै थियो ? *जीवाष्मशास्त्र* अनुसार देशको उत्पत्तिमा महिलाको भूमिका मुख्य थियो । शिकारी युगमा पुरुषले शिकार खोजी गर्नु र महिलाले सन्तान हुर्काउनु र स-साना शिशुलाई सुरक्षित स्थानमा राखेर धेरैकालसम्म बस्नुपर्थ्यो । घुमन्ते पुरुष केही दिनसम्म शिकारमा व्यस्त रहनुपर्थ्यो । विवाहप्रथाको शुरूवात भइनसकेको स्थितिमा कोही पति-पत्नी थिएनन् । पुरुष र महिला मात्र भएको स्थितिमा बहुसम्बन्ध बर्जित नहुनाले बाबुको

पहिचान हुँदैनथ्यो । आमाले नै सन्तान हुर्काउनु र संरक्षण गर्नुपर्थ्यो । आमाहरूको संरक्षकत्वमा रहने कारणले पुरुषहरूले महिलाको आज्ञा शिरोपर गर्थे । खानेकुरा जुटाउन नसक्ता महिला र सन्तान भोकभोकै मर्थे । यस्तो स्थितिबाट बच्न खाने कुरा जुटाउन महिलाले प्रयास गरे । शिकारी पुरुषको तुलनामा महिलाले कन्दमूल वा फलफूल खोजेर ख्वाउने गर्थे । यसबाट सिकेर कालान्तरमा फलफूल लगाउन शुरू गरे । यसरी क्रमशः खेतिपाती गर्ने प्रवृत्तिको विकास हुँदै गयो । एकै स्थानमा बस्ने भएपछि ओडारको विकल्पमा घर बनाउन सिके । क्रमशः खेतिपाती गर्न शुरू भएपछि बढी श्रम गर्नुपर्ने अवस्थामा महिलाहरू आफ्ना सन्ततिको संरक्षणमा संलग्न हुने र पुरुषहरू बढी श्रम गर्ने भएपछि विस्तारै महिलाप्रधान समाज पुरुषप्रधान समाजमा रूपान्तर हुन थाल्यो । यसरी कृषि व्यवसायको लागि भूमि, पानी, घर निर्माण हुन थालेपछि क्रमशः राज्य व्यस्वस्थाको शुरूवात हुँदै समाजमा महिलाको अधिकारमा कमी र पुरुषको हैकममा बृद्धि हुन थाल्यो ।

त्यस्तै महिलाको स्थितिबारेको अध्ययनका अन्य सामग्री हेर्दा, मध्य भारतको भीबेट गुफामा फेला परेको भित्तेचित्रमा महिलाहरू खाद्यान्न र अन्य पदार्थसँगै टोकरी र जालले शिकार पनि खेलिरहेको देखाएको थियो । तिनै चित्रका आधारमा इतिहासकार उमा चक्रवर्ती भन्छिन्; "ई.पू. ५००० वर्ष अघि प्रागैतिहासमा महिला र पुरुषबीच कुनै प्रकारको दृढ श्रम विभाजन थिएन, न त सत्ता सम्बन्ध नै थियो । शिकार, खाद्यान्न अर्थतन्त्रमा महिलाको योगदान पुरुषको तुलनामा न कम थियो न त बढी नै" । गार्ड लर्नरका शब्दमा; "महिला र पुरुषको सापेक्षिक अवस्था अलग तर समान थियो" । यसबाट प्राचीन समयमा महिला र पुरुषको बीचमा विभेद र हिंसा नरहेको चित्रण देखाउँछ । त्यो समयमा महिलालाई वस्तुको रूपमा नहेरिने गरिएको स्थिति दर्शाउँछ ।

यस्तै प्रकृतिको निष्कर्ष *इतिहास अघिको इतिहास; सांस्कृतिक उद्विकासको मानवशास्त्रीय वृत्तान्त*का लेखक मानवशास्त्री सुरेश ढकालको पनि छ । उनले लिखित इतिहासमा महिलाको योगदान र भूमिका लुकाइएको विषयमाथि गम्भीर विमर्श गरेका छन् । महिलाको भूमिकालाई किन लुकाइयो ? यसको पछाडिको राजनीति के हो ? भन्ने विषयमा उनी लेख्छन्, "लैङ्गिकता सामाजिक, सांस्कृतिक संरचना र अभिप्राय हो । यो ऐतिहासिक रूपमा क्रमशः निर्माण भएको हुन्छ । मानवशास्त्रीय पुरातात्त्विक अध्ययनले सांस्कृतिक उद्विकासमा महिलाको अहं भूमिका रहेको छ । कृषिको शुरूवातसँगै लाखौँ वर्षदेखि उपयोग गरेको महिलाको

स्वतन्त्रता गुमाउँदै गए। लिखित इतिहासको परम्परा शुरू हुँदासम्म त पुरुषहरूले लेखनकार्यलाई कब्जा गरिसकेका थिए भन्दा हुन्छ, जुन निकट विगतसम्म पनि निरन्तर नै थियो । यसरी पुरुषसत्ता लेखनमा हावी हुँदा महिलाको अस्तित्त्व कमजोर बनाउने कार्य भयो। *मिथक / पुराण*मा गरिने महिलाको स्थानबारेका विषय प्रमाणित गर्ने वैज्ञानिक आधार /पुरातात्त्विक तथ्यहरू उपलब्ध छैनन्। भनिन्छ नै इतिहास जित्नेको हुन्छ। शक्तिका अधार विभाजित समाजको इतिहास शक्तिशालीहरूको नै लेखिन्छ, लेखाइन्छ"। सांस्कृतिक उद्विकासको मानवशास्त्रीय वृत्तान्तले विगतका रहस्यजस्ता लाग्ने विषयमा केही जानकारी दिन सक्छ, जसले प्राग्ऐहासिककालमा धर्म, महिला, पुरातत्त्व, विकास परम्पराको इतिहास बुझाउँछ।

*श्रुतिशास्त्र* एवम् *वेदान्त* तत्कालिक नारीलाई बुझ्ने माध्यम हुन्। नारीलाई मानवदेह मात्र नमानेर चेतना र मुक्तिको माध्यम पनि मानिएको छ। वैदिककालमा नारीको सामाजिक हैसियत राम्रो रहेको पाइन्छ। *वेद*मा पतिको निधनपश्चात् पत्नीले सती जानुपर्ने कुरा उल्लेख भएको पाइँदैन। अपितु विधवा विवाहलाई प्रोत्साहित गरिन्थ्यो। नारीलाई "पुनर्भू" भनिन्थ्यो। भाउजू व्यहोर्ने र नियोगप्रथा पनि थियो। धार्मिक अनुष्ठानमा पत्नीको भूमिका महत्त्वपूर्ण थियो। "*ऋग्वेद*मा पत्नीले पतिलाई यज्ञमा अनुसरण गर्छन् र इन्द्रदेव पनि यज्ञमा रानीहरूसँगै उपस्थित हुने गर्छन् भनिएको छ" *(ऋग्वेद ५।३७।३)*। नारीलाई स्वतन्त्र आवाज दिइएको पाइन्छ। उत्तर-वैदिककालमा भने वैदिककार्यमा नारीको संलग्नता हराउँदै गयो। नारीको स्थान खस्किँदै गयो। विधवालाई अलच्क्षिणा र व्यभिचारिणी मान्ने, यात्रामा निस्कँदा विधवा देखिए साइत बिग्रने, परिवार र समाजका लागि उनीहरू भार हुन् भन्ने आम धारणा क्रमशः संस्थागत हुन थाल्यो। *विष्णुस्मृति*ले सती जाने विषयलाई "इच्छाधीन" मानेको छ। *ब्रह्मवैवर्त पुराण*ले "साना सन्तान भएकी, गर्भवती, रजस्वला नभएकी र अपवित्र स्त्रीलाई" सती जान रोक लगाएको पाइन्छ। *पराशर स्मृति*ले सती जाने कुराको प्रशंसा गरेको छ। मिताक्षराका *विज्ञानेश्वर*ले पनि प्रशंसा गरेको पाइन्छ। यसरी पितृसत्ताको अग्निमा नारीदहनको इतिहासलाई बर्बर सतीप्रथाले नारीहरूलाई जिउँदै जलाउन प्रोत्साहन गरेको पाइन्छ। सनातन धर्म र संस्कृतिअनुसार रामलाई मर्यादा पुरुषोत्तम विष्णुको रूपमा र सीतालाई लक्ष्मीको रूपमा पूजा गरिन्छ तर उनै मर्यादा पुरुषोत्तमबाट सीता परित्याग गरिएको पनि कथामा पाइन्छ।

*कौटल्यीय अर्थशास्त्र*मा सतीबारे उल्लेख छैन। त्यहाँ विधवा विवाहलाई मान्यता दिइएको छ। यसको धर्मसम्बन्धी खण्डमा भनिएको छ; "पति सन्न्यासी वा पति दिवंगत भएका स्त्रीले दोम्रो मासिक धर्मसम्म विवाह गर्नुहुँदैन। सन्तान भए एक वर्षसम्म अविवाहित रहनुपर्छ। पतिका साक्खै भाइहरू धेरै भए पालनपोषण गर्न सक्ने पत्नी नभएका भाइसँग विवाह गर्नुपर्छ। साक्खै भाइ नभए गोत्र मिल्ने पुरुषसँग बिहे गर्नुपर्छ। यसो गर्दा सबैभन्दा निकट पुरुषलाई रोज्नुपर्छ " (*कौटल्यीय अर्थशास्त्र ३।६०।४।१५*)।

*रामायण*मा राजा दशरथको निधनमा उनका पत्नीहरू सती गएको पाइँदैन। *महाभारत*मा पाण्डुको निधनमा माद्री सती गएको उल्लेख भए पनि श्रीकृष्णको निधनमा सत्यभामा सती गएको देखिँदैन। कुन्तीले नियोगबाट नै युधिष्ठिर, भीम, अर्जुनलाई जन्म दिएको उल्लेख हुनाले त्यो समयमा नियोगबाट पनि सन्तति जन्म दिने प्रचलन रहेको पाइन्छ। अर्जुनले लक्ष्यभेद गरी जितेकी द्रौपदीलाई पाण्डव पाँचै भाइकी साझा पत्नी बनाइएको छ। यसले त्यो समयमा दाजुभाइहरूकी एउटै साझा पत्नी बनाउने प्रचलन रहेको स्थिति दर्शाउँछ। दाजुभाइहरूकी साझा पत्नी बनाउने प्रचलन अद्यापि कुनै समुदायमा विद्यमान रहेको छ। बहुपति प्रथामा जेठो दाजुले एउटी महिलासँग विवाह गरेपछि अन्य भाइहरू स्वतः सो महिलाका पति हुन्छन्। जेठो दाजु नै छोराछोरीका आधिकारिक पिता हुन्छन् भने अरू काका। यस किसिमको विवाहको अभ्यास तिब्बती, नेपालको हिमाली भोट-बर्मेली मूलका समुदाय, अफ्रिका तथा भारतका नायोटा र पामरलगायत कुनै जातिहरूमा हुने गरेको पाइन्छ (*"हुम्लो भोटे लामा संस्कृति र बहुपति विवाहप्रथा"। लेखक- कन्जोक लामा अविनाश। पृष्ठ १२६*)। बहुपति प्रथाको सम्बन्धमा हुम्लाको कथावस्तु समेटेर उपन्यास प्रकाशित भएको छ (*द्रौपदी अवशेष, लेखिका नीलम कार्की निहारिका*)। "बहुपति वैवाहिक प्रथाअनुसार दाजुभाइबीच पुस्तौँसम्म घर नछुट्टिने सगोलको जग्गा जमीन पुस्तैपिच्छे जेठोमा मात्र नामसारी हुने व्यवस्था रहेको छ", छक्कबहादुर लामा। हुम्लाबाट निर्वाचित प्रतिनिधिसभा सदस्य (*"द्रौपदी अवशेष" को भूमिका पृष्ठ ३*)।

महारभारतकालीन समयमा पनि पत्नीलाई चल वस्तुसरह नै व्यवहार गर्ने गरेको पनि कथाले देखाउँछ। कौरवसँगको जुवाको खालमा पञ्च-पाण्डवले द्रौपदीलाई चल वस्तुसरह जुवामा बाजी थापेर हारेपछि दुशासनले रजोवती

द्रौपदीलाई निर्वस्त्र पार्ने कार्य गरेको पाइन्छ। नारीउपर यस प्रकारको घृणित हिंसा हुँदा पनि सो सभामा आसीन भीष्म, द्रोणाचार्य, कृपाचार्यजस्ता *महाभारत*का नायकहरूको अहङ्कारी दुर्योधनप्रतिको निष्ठाको नाउँको मौनताले पनि पत्नीलाई चल वस्तुसरह मान्ने र व्यवहार गर्ने गरेको स्पष्ट हुन्छ। *महाभारत*अनुसार त्यो समयमा पनि पुरुषहरू एक पत्नीमा सीमित देखिँदैनन्। पाण्डव एवम् कौरवहरूकै बहुपत्नी देखिन्छन् ।

गौतमबुद्धले पत्नी र सन्तान त्यागेर निर्वाण प्राप्त गरेको कथाले हिन्दू समाजमा परेको गहिरो प्रभाव स्वरूप हिन्दू समाजमा नारीलाई मोक्ष प्राप्तिको तगारो ठान्ने र गृहस्थी त्यागेर सन्यासी बन्नुपर्ने मत पनि प्रबल बन्यो। *मनुस्मृति* र अन्य स्मृतिहरूबाट नारीलाई हेर्ने दृष्टिकोणमा परिवर्तन भयो। रजोवती र प्रसूति भएकी नारीलाई अस्पृश्य एवम् अपवित्र मानियो। अझ विधवा नारीलाई अलच्छिना र व्यभिचारिणी मान्न थालियो। परिवारका लागि उनीहरू भार हुन् भन्ने आम बुझाइ संस्थागत रह्यो। विवाहिता नारी र विधवाका लागि खाद्यवस्तुमा नियन्त्रण र पतिको आचार पालन गर्नाले स्वर्गवास हुनेजस्ता प्रावधान राखेर विधवा नारीलाई हेर्ने दृष्टिकोण परिवर्तन गरियो *(मनुस्मृति ५।१५६.६६ )*। सनातन परम्परा नारीद्वेषी मात्र होइन नारीलाई आदिशक्ति मान्दै बालविवाह, बहुविवाह, अनमेल विवाह, सतीप्रथाजस्ता कुरीतिलाई धार्मिक मान्यता दिइयो। अझ तुलसीदासकृत *रामचरित मानस*ले "नारीलाई ढोल,गवार, शूद्र, पशु नारी शकल ताडना के अधिकारी" भन्दै नारीलाई निकृष्ट मान्यो। महर्षि याज्ञवल्क्यले *यज्ञमा* नारीलाई अशुद्ध मानेको *(शतपथ ब्राह्मण)* र *वधूशिक्षा*ले "नारी जातिलाई पुरुषको सेविका" ठहऱ्याएको छ *(आदिकवि भानुभक्त)*। *स्वस्थानी* व्रतकथाले लैङ्गिक असमानता, महिलाउपर दुर्व्यवहार, अन्याय र अत्याचारलाई ठीक ठहऱ्याएको छ। अबोध बालिकाको वृद्धसँगको विवाहलाई आदर्श मानेको छ। यो तत्कालिक समाजको दर्पण हो। नेपालको पश्चिमी भागको छाउपडीप्रथालाई पनि यसैको कारकतत्त्वको रूपमा लिइन्छ। यसरी पत्नीलाई पतिको जीवनमा निर्भर एवम् अस्तित्त्वविहीन मात्र होइन सामाजिक एवम् सांस्कृतिक हिंसाको पात्र पनि बनाएको पाइन्छ।

यसरी सतीप्रथा राज्यसत्ताबाट संरक्षित थियो। प्राकृतिक नियमविपरीत समाजले स्वीकार गरेको सतीप्रथाको प्रचलन वैज्ञानिकपद्धतिमा होइन, अन्धविश्वासमा चलेको थियो।

# सती गएका व्यक्तिसम्बन्धी केही प्रसङ्ग

नेपालमा लिच्छवि राजादेखि प्रधानमन्त्री चन्द्रशमशेरका पालासम्म सती गएका घटनाहरू इतिहासमा उल्लेख छन्। पहिलो ऐतिहासिक विवरणको रूपमा लिच्छवि राजा मानदेवले वि.स.५२२मा चाँगुनारायणमा उत्कीर्ण अभिलेखमा लिच्छवि राजा धर्मदेवको मृत्युपछि पत्नी राज्यवती सती जान खोजेकोमा छोरा मानदेवले रोकेको कुरा उल्लेख छ। *गोपालराज वंशावली*मा उल्लेख भएअनुसार राजा रुद्र मल्लका चार पत्नीहरू सती गएको जनाइएको छ। सती गमनको घटना उद्धृत नेपाली इतिहासको पहिलो प्रमाण हो *(डी .बज्राचार्य एवम् के पी मल्ल)*। मल्लकालमा धेरै सती गएका घटना इतिहासमा उल्लेख छन्। तिनमा यक्ष मल्लको मृत्यु हुँदा उनका दश स्त्रीहरू, प्रताप मल्लको मृत्यु हुँदा नौ स्त्रीहरूलाई सती पठाइयो *(डी आर रेग्मी १९६५(५१२)*। राजा नृपेन्द्र मल्लको निधन हुँदा नौ जना र उनका भाइ पार्थिवेन्द्र मल्लको निधन हुँदा चौबीस जनालाई सती पठाइयो *(ऐ १९६६(७१२)*। यसरी मल्लकालमा राजाहरू र राजाका खलकहरूको मृत्यु हुँदा सती गएका धेरै घटना इतिहासमा उल्लेख भएका छन्। *(सती, पृष्ठ १२७,१२८,२५६)*

वि.सं १८८५मा रणबहादुर शाहले छोरा गीर्वाणविक्रम शाहलाई राजा घोषणा गर्ने क्रममा लेखाएको ताम्रपत्रमा "आफ्ना व्याहिता स्वास्नीलाई अर्काले गर्‍याको जानी जार हान्न नसक्न्या र जार हानी नाक काट्न नसक्न्या ढावंदलाई जागिर नदिनू" भनिएको छ *(चित्तरन्जन नेपाली।२०२०.११८.३०)*। यसबाट पत्नीलाई हेर्ने तत्कालिक समाजको दृष्टि प्रतिविम्बित हुन्छ।

भक्तपुरको गाहिटीमा यक्षराजका दुई पत्नीहरू सती गएको स्थानमा नारायणको शिलामूर्ति बनाएको वि. सं. १५३३ अभिलेख रहेको छ। कीर्तिपुर, दबुचा टोलमा ज्योतिषी हाकुकी पत्नी हेरमी सती गएको स्थान रहेको छ *(वि.सं. १५८७ को अभिलेख)*। रणबहादुरकी रानी राजराजेश्वरी आर्यघाट वागमतीमा सती गएकी हुन् *(वि.सं. १८६३ को अभिलेख)*। त्यस्तै वि.सं १८६९ वैशाखमा गोरखा राजाका पुरोहित राधावल्लभ अर्यालका पाँच पत्नीहरू आर्यघाटमा सती गएका थिए। बर्दिया र कैलालीको सीमामा बर्दिया राजापुर ४को सतीघाट जहाँ धुलिकोटका अन्तिम राजा नरेन्द्रविक्रम रायाकी पत्नी चन्द्रकुमारी देवी सती

वि.सं.१९६५ र १९६९को बीचमा सती गएकी थिइन् *(सती, पृष्ठ २५०, २५९, २६१,२७६ सुजित मैनाली)*।

दिङ्ला र सङ्खुवासभाको बीचमा पर्ने अरुण नदीमा सम्भवतः वि.सं. १८८०।१८९० को बीचमा पुर्खा हरिनन्द भण्डारी *(मेरा पिताजीका जिजुबुबा कृष्णानन्दका पिता)* स्वर्गे भएपछि उनकी धर्मपत्नी महेश्वरा *(कृष्णानन्दकी माता)* सती गएको तथ्य माथि उल्लेख गरेको छु।

नेपालमा सतीप्रथा झाङ्गिनुको मूल कारण उत्तर भारतको धार्मिक सांस्कृतिक प्रभाव बढ्नु पनि हो। वि. सं. १३८१ मा दिल्लीका सुल्तान गयासुद्दीन तुगलकसँग सिम्रौनगढका राजा हरिसिंहदेवको लडाइँमा सिम्रौनगढ ध्वस्त भयो। उनी ससुराली भक्तपुर आउँदा बाटामा मृत्यु भएपछि उनका भारदार काठमाडौँ उपत्यकाका मल्ल राजाहरूको संरक्षणमा बसे। साथमा आउने भारदारहरूमा पश्चिम बङ्गाल, भारतमा प्रचलित हिन्दू धर्मशास्त्रका ज्ञाता भएकाले मल्ल राजाहरूले उनीहरूबाट धर्मशास्त्रको अनुवाद गर्न लगाए। धार्मिक, सामाजिक विधान बनाउन र नियम कानून बनाउन सघाए।

वि. सं. १४३६मा स्थिति मल्ल *(जयस्थिति मल्ल)* ले मानव न्यायशास्त्र नेपालको पहिलो कानून *"न्यायविकासिनी"* बनाएर *धर्मशास्त्र*बमोजिम स्थिति बाँधे तर त्यसमा सती जाने व्यवस्था उल्लेख भएको पाइँदैन। बरू सन्तान नभएकी महिलाले पतिको मृत्यु भएमा सासू-ससुराको सहमतिबाट सन्तानको लागि देवरसँग सहवास गर्न सक्ने व्यवस्था गरेको देखिन्छ *(न्यायविकासिनी पृष्ठ १८३)*। पतिव्रतामा अविचल रहने प्रावधानलाई यसले केही खुकुलो बनाएको देखिन्छ।

हरिदेव सिंहकी रानी देवलदेवीले बङ्गाली विद्वान् भित्र्याएपछि व्यापकता पाएको मानिन्छ। दायभाग प्रचलित बङ्गालमा पतिको मृत्युपछि सम्पत्तिमा पत्नीको पूरा हक लाग्ने कारणले सती जलाउने प्रथाले जरो गाड्यो। यसको प्रभाव सिम्रौनगढमा पनि पऱ्यो। बङ्गालमा सतीप्रथा नियन्त्रण गर्न सन् १८११ राजा राममनोहर रायले ब्रह्म समाज स्थापना गरेर गरेको सशक्त आन्दोलनको फलस्वरूप सन् १८२९मा विलियम वेनटिकद्वारा कानून बनाएर भारतमा सतीप्रथा प्रतिबन्ध गरियो (*हाम्रो कानूनी इतिहासको नालीबेली" पृष्ठ ३४६ । प्रकाश वस्ती)*।

सतीप्रथा शाहकालमा पनि निरन्तर रहेको देखिन्छ। राजा राम शाहको मृत्यु भएपछि उनकी बडामहारानी सती गएको उल्लेख छ (*गोरखा राजवंशावली,*

*पन्त २०५०-९३८.१०५९)*। राजा नरभूपाल शाहको मृत्युपछि कान्छी महारानी र एक कमारो केटो सतु (नारी भए सती केटो भए सतु ) गएको उल्लेख छ। दि पन्त २०५०.१०५९। कमारा केटालाई पनि सतु गराइएको पहिलो घटना हो। पृथ्वीनारायण शाहको मृत्यु भएपछि चौध जना स्त्रीलाई सती पठाइयो *(दरबारिया कवि शक्तिवल्लभ)*। *वंशावली*मा महारानी नरेन्द्रलक्ष्मीसहित चार जना र सुन्दरानन्द बाँडाले नौ जना सती गएको उल्लेख गरेका छन्। पृथ्वीनारायणका जेठा छोरा राजा प्रताप सिंहको मृत्युपछि आठ स्त्रीलाई सती पठाइयो *(सती। पृष्ठ २७३)*। राजा रणबहादुर शाहको मृत्युपछि हेलम्बूमा निर्वासित उनकी पत्नी राजराजेश्वरीलाई झुक्याई काठमाडौँ ल्याई मृत्युको नवौँ दिनमा जबर्जस्ती सती पठाइयो भने उनकी अर्की रानी चन्द्रावती र चौध जना सुसारेलाई भने मौकामा नै सती गराइयो। उनै राजराजेश्वरीको विषयमा रचित *"राजेश्वरी"* शोककाव्य राष्ट्रकवि माधवप्रसाद घिमिरेको उत्कृष्ट कृति हो । बिफरका कारण मृत्यु भएका राजा गीर्वाणयुद्ध विक्रमका दुई महारानीमध्ये सिद्धिराज्यलक्ष्मीलाई सती पठाइयो।

राजा राजेन्द्रविक्रम शाहको पालामा वि.सं. १८९६ ज्येष्ठ सुदी ११ रोज ७ मा जारी रुक्काअनुसार "चार वर्ण छतिस जात प्रति १२ वर्षसम्मका स्त्री जातीहरूले सती नजानू, १२ वर्षदेखि उँभोका स्त्री जातीले आफ्ना खुशीराजी सती जान्छु भन्नेलाई बुझाउनू बुझाउन्या नमान्या जानदिनू .....यो नगरी सती पठाउन्यालाई भारी दन्द होला" *(हाम्रो कानूनी इतिहासको नालीबेली। पृष्ठ ३४८। प्रकाश वस्ती)*।

सामान्यतः सतीप्रथा विशुद्ध धार्मिक सांस्कृतिक अभ्यास मानिए पनि राजा महाराजाहरूको मृत्यु हुँदा सत्तास्वार्थ वा लाभ-हानीका लागि दरबारमा यसको प्रयोग हुने गरेको पाइएको छ *(प्रकाश.ए.राज २०६४)*। राजपरिवारका स्त्रीहरूलाई संस्कृतिको आवरणमा सती गराई प्रताडित गरिन्थ्यो भने लैङ्गिक दृष्टिले राजाका पत्नीहरू वा उनका सुसारेहरू पनि साधारण आम स्त्री सरह नै पीडित थिए। यसरी गैर सांस्कृतिक प्रयोजन र स्वार्थ केन्द्रित भएर सतीप्रथाको उपादेयताको प्रयोग भएको भन्ने कुरा इतिहासबाट छर्लङ्ग हुन्छ।

जङ्गबहादुर राणाले तीस वर्षसम्म अकण्टक राजकाज गरे। उनले आफ्नो शासनसत्तामा रहँदा बयालीस स्त्रीहरूलाई रानी र नानी सुसारे बनाए। उनको निधन भएपछि उनकी जेठी रानी हिरण्यगर्भकुमारी जङ्गबहादुरसँग एउटै चितामा र अरू दुई रानी अलग अलग चितामा जङ्गबहादुरका एक/एक लुगा कपडा अँगाली सती

गएको इतिहासबाट जानकारी पाइन्छ *(श्री ३ हरूको तथ्य वृत्तान्त ।२०५९ दोस्रो संस्करण । पुरुषोत्तम शमशेरज.ब.रा.)* ।

यद्यपि उनै प्रधानमन्त्री श्री ३ जङ्गबहादुर राणाले सतीप्रथालाई निरुत्साहित गर्न कानूनी रूपमा केही कदम चालेको पनि देखिन्छ। वि.सं. १९१० मा जारी *"मुलुकी ऐन"*मा सती जानेसम्बन्धमा केही प्रावधान थिए, जस्तैः "सती जान्याको महलको नं.१ मा १६ वर्षमुनिकालाई, नं. २ मा कान्छो छोरो १६ वर्ष र नं ३ मा कान्छी छोरी ५ वर्ष नपुगेका १६ वर्ष नाघेकी विवाहिताले चाहे पनि सती जान नदिनू । नं ४ मा अन्य पति भएकीलाई सती जान नदिनू । नं ६ मा गर्भवतीलाई सती जान नदिनू । नं. ५ मा महाराजका रानी र अन्यका पत्नी मर्दा चाकर कमारीलाई सती जान दिनू तर उक्साउने र मलामीलाई दण्ड गर्नू । नं ८ मा आफ्नो छोरा मर्दा सती जान नदिनू" भन्ने व्यवस्था गरे *( वि.सं १९१०को मुलुकी ऐन )* । वि.सं. १९४४ असार १४ मा सती पठाउन अनिवार्य स्वीकृति लिनै पर्ने अन्यथा ज्यानसम्मको सजाय हुने गरी प्रधानमन्त्री श्री ३ वीरशमशेरको कार्यकालमा इस्तिहार जारी गरेर केही नियन्त्रण गर्ने व्यवस्था गरिएको थियो । कानूनसम्बन्धी केही ऐतिहासिक अभिलेखहरू *कानून, कानून सह-प्रकाशन (पृष्ठ २५९)* । यसरी सतीप्रथाविरुद्ध केही कदम चालेको भए पनि पूर्णतः निषेध गरिएन । नेपालमा सतीप्रथालाई संवत् १९७७ साल असार २५ देखि मात्र प्रधानमन्त्री श्री ३ चन्द्रशमशेरले कानूनी रूपमा नै पूर्णतया प्रतिबन्ध लगाएका हुन् *(ऐ ऐ पृष्ठ २५९)* ।

कानूनले नै सतीप्रथा निषेध गरेपछि कसैले सतीको नाउँबाट पतिको शवसँग जलेर प्राण त्याग गर्नुपर्ने स्थिति समाप्त भयो । नेपालभर यसको स्वागत भयो । नेपालमा भारतमा जस्तो धर्मको कट्टरता थिएन तर भारतमा सतीप्रथा निषेध गर्दा विरोध भएको थियो । नेपालमा सतीप्रथा प्रतिबन्ध गर्नुपूर्व सतीप्रथाको विरोध भैरहको थियो । भोजपुर दिङ्लाका बालागुरु षडानन्द अधिकारीले सतीप्रथाको विरोधमा आवाज उठाएका थिए । उनले सती जान तयार महिलालाई सती जानबाट रोकेका थिए भने केहीलाई बाटोबाटै उद्धार गरेका थिए । वि.सं. १९९८ मा भोजपुर दिङ्ला नजिक अरुण नदीमा जलसमाधि लिएकी भोजपुरकै योगमायाले १९७३ मा सतीप्रथाको विरोध र विधवा विवाह गराउन पहल गरेकी थिइन् । महिलाका अधिकारका विषयमा उनले धेरै कार्य गरेकी हुन् । अन्ततः यसरी सतीप्रथा उन्मूलन भएको थियो ।

वस्तुतः सतीप्रथा पुरुष वर्गले महिलाविरुद्ध सिर्जना गरेको भ्रम हो । यसको कुनै वैज्ञानिक आधार पाइँदैन । नारीलाई आफू पति र परिवारका सदस्यहरूको

इहलोकको लागि न भै पारलौकिक लाभको लागि आत्मदाह गर्न वा आफूलाई आहुति दिन उक्साइन्थ्यो । धर्मलाई माध्यम बनाएर सती जाने स्त्री र सतीप्रथाबारे भ्रम फैलाइएको थियो । संस्कृतिको नाउँमा सतीलाई आगोले पनि पोल्दैन सिधै स्वर्गवास हुन्छ भन्ने मनोविज्ञान भरेर पतिको शवसँगै आत्महत्या गर्न उत्प्रेरित गरिन्थ्यो । विधवा हुनेहरू सजिलै आत्महत्या गरून् भन्ने ध्येयले विभिन्न धर्मशास्त्र, कथा, मिथक, इतिहासको उद्धरण दिएर वा भाष्य बनाएर साध्वी स्त्रीलाई आगोले पोल्दैन भन्ने भावना भरेर तयार गरिन्थ्यो तर चितामा प्रवेश गरेपछि सतीले बोलेको पुग्छ, सतीको आशिष् लाग्छ भन्ने विश्वास दिलाउँदै मलामीलाई भ्रममा राखिन्थ्यो ।

त्यो समयमा तागाधारी वर्ग नै जान्ने बुझ्नेमा पर्थे । सती जानेमा पनि तागाधारी वर्ग मात्र भएको सतीसम्बन्धी अभिलेखबाट देखिन्छ । यिनका पत्नी, छोरी, बुहारीलाई शिक्षा आर्जन गर्ने अवसर प्राप्त थिएन । उनीहरूले पढे जान्ने भए भने पति वा परिवारलाई हेप्छन् भन्ने भाष्यमा हुर्किएको लिङ्गभेदी पुरुषप्रधान समाजमा पत्नी, छोरी, बुहारीलाई पढाउनुहुँदैन, पढेमा बौलाउँछन्, देवता शालिग्राम वा शिवजीलाई छोए पट्ट टाउको फुट्छ भन्ने भय र भ्रम महिलाको मानसपटलमा घुसाएर हिन्दूहरूले पूजा गरिएका देवता पनि महिलाको लागि अस्पृश्य घोषित गरिएको थियो । शिक्षाको अवसरबाट महिला वञ्चित भएपछि आफ्नो जीवनबारे निर्णय गर्ने क्षमताको अभावमा महिलाको यौन जीवन वा शरीरमाथि पुरुषको एकल अधिनायकत्व कायम हुने भयो । महिलाको शरीर वा जीवनमाथि पुरुषहरूको हैकम चल्ने नै भयो । महिलाले के लाउने, के नलगाउने, के खाने,के नखाने, कहाँ जाने, कहाँ नजाने, सन्तान जन्माउने नजन्माउनेजस्ता कुरामा महिलाको स्वतन्त्रता पुरुषबाट अपहृत थियो । प्रेम, विवाह र यौन जीवनमा महिलाको कुनै स्वतन्त्रता थिएन । महिलाले आफ्ना इच्छा चाहना मारेर पतिलाई परमपूज्य देवता मानी एक मात्र पतिव्रता नारी भएर बाँच्नु र मर्नुपर्छ भन्ने मर्दवादले हैकमी भाष्य निर्माण गरेको थियो । आफ्नो जीवनमा पति एक मात्र देवता हो, भौतिक जीवन केही होइन, काल्पनिक स्वर्ग पुनीत हो भन्ने भावना भरेर बाध्यात्मक रूपमा महिलालाई यन्त्रवत् शारीरिक एवम् मानसिक दासी बनाइएको थियो तर पुरुषलाई भने बहुपत्नी राख्ने, यौन चाहना राख्तै बाहिर चहार्ने स्वतन्त्रता र स्वच्छन्दता समाजबाट स्वीकृत थियो । त्यसैले समाजले महिलालाई सांसारिक सुखभन्दा पतिको मृत्यु भएपछि पतिको शवसँग जिउँदै चितामा जलेर भस्म भई काल्पनिक स्वर्गको प्रलोभनमा सती जान बाध्य पारिएको थियो । राज्य व्यवस्थाको पनि यस कार्यमा कानूनी स्वीकृती थियो ।

वस्तुतः नारी भएकै कारणले पुरुषप्रधान समाजले नारीलाई सन्तान जन्माउने कोखमा सीमित पारेर चल सम्पत्तिको रूपमा व्यवहार गर्ने गर्थ्यो । नारी एक पतिव्रता हुनै पर्ने तर पुरुष एक पत्नीव्रत हुन नपर्ने र पत्नीको इच्छाविपरीत बहुपत्नी राख्न पाउने, आफ्नो छोरी, नातिनी उमेरका पत्नी थप्तै ल्याउन पाउने कस्तो बिडम्वना ! नारी र पुरुषमा जन्मजात विभेदका व्यवहार । किन यस्तो हुन्छ त ? पुरुषले यौन सन्तुष्टि र सन्तति प्रजनन गर्ने साधनको रूपमा नारीलाई हेर्ने गर्छ । पत्नीलाई पतिको नाउँबाट र सन्ततिलाई पिताको नाउँबाट चिरकालपर्यन्त परिचित गराउन चाहन्छ । नारीलाई आफ्नो अधीनमा चल सम्पत्तिसरह व्यवहार गर्छ, उसको निजत्व, भावना, संवेदना र अस्त्वलाई अस्वीकार गर्छ । अनुशासन थोपर्छ तर आफू भने परस्त्री चाहर्दै हिँड्छ । नारीको यौन दुराचारमा स्वतन्त्र संलग्न हुन्छ । पत्नी परपुरुषसँग गएमा कानूनन् जारीखत भराउन पाउने कानूनी प्रावधान सुरक्षित बनाउँछ । त्यसकै परिणति हो पतिकी अनुगामिनी बनाएर आफ्नी स्त्रीलाई आफ्नो शवसँगै सती जान बाध्य पार्ने सतीप्रथा । पुरुषले नारीलाई पाठेघरको रूपमा हेर्ने प्रवृत्तिले नारीलाई उत्पीडन र विभेद गर्ने गरेको यथार्थता हो । त्यसैले कवयित्री एलिशा एकलासले लेख्छिन्– "मैले योनीमा आफ्नै मृत्यु बोकेर कतिन्जेल बाँच्नुपर्ने हो ?" । वस्तुतः यौनिक सङ्कीर्णता कुनै महान् गुण होइन, अनि यौनिक स्वतन्त्रता आफैंमा कुनै अवगुण पनि होइन ।

नेपालमा सतीप्रथा उन्मूलन भएको एक सय पाँच वर्ष व्यतीत भएछ । पतिको मृत्युपछि सतीको नाउँमा आफूलाई जिउँदै चितामा आहुति दिएर मृत्युवरण गर्नु नपरे पनि नारीहरू सामाजिक व्यवहारमा अझै पनि उपेक्षित नै छन् । श्रम बजारमा असुरक्षित र शोषित पनि । छुवाछूत, आर्थिक विपन्नता, अशिक्षा, नारीलाई हेर्ने सोच र व्यवहार, वृद्धा, विधवा, फरकक्षमताका व्यक्तिहरू (अपाङ्ग) को संरक्षण, दलित, वादी, कमलरी, झुमा, देउकी, छाउपडीजस्ता प्रथा अनि सीमान्तकृत वर्गका नारीको उत्थान, नारी सशक्तिकरण, मानवअधिकार र जनजीविकाजस्ता सवालहरू नेपाली समाजमा अद्यापि उत्तिकै चिन्ताका विषय छन् । शिक्षाको ज्योति सबै क्षेत्रमा समान रूपमा पुग्न सकेको छैन । आर्थिक दुरावस्थाले नारी अझ एकल महिला र वृद्धाको अवस्था दयनीय छ । पर्यावरण विनाशले पनि पानी, इन्धन वा अन्य वस्तुको जोहो गर्ने जिम्मेवारी नारीकै भागमा परेर अझ बढी पीडित हुन पुगेका छन् । सामाजिक सञ्जालको विकासले विचार अभिव्यक्तिमा सहज भएको छ तर यसको दुरुपयोग गरी स्त्रीद्वेषी समूहबाट टिकटक, फेसबुक, इन्स्टाग्राम, युट्युवजस्ता प्लेटफार्महरूबाट डिजिटल हिंसा बढ्न थालेका छन् । यसरी नारी वर्ग बढी पीडित

भएको नेपाली समाजमा दुःखका पहाड जति नारीकै भागमा पर्न गएको स्थिति छ। यस्तो अवस्थामा नारी वर्गको उत्थान होओस्। उनीहरूले सुख-शान्तिपूर्वक बाँच्न पाउन्। यही आशा मेरो अन्तर्हृदयमा बसेको छ।

## दासप्रथा

सतीको बारेमा लेख्तालेख्तै कमारो केटा पनि सतु बनाएको इतिहास पढ्दा कमारा-कमारी राख्ने दासप्रथाबारे लेख्न मलाइ घच्घच्यायो। नेपालमा मानव जातिको कलङ्कको रूपका दुई क्रूरतम प्रथा थिए- सती र दासप्रथा। सतीप्रथामा पत्नीलाई जिउँदै पतिको लाससँगै चितामा डढाएर सतीको सङ्ज्ञा दिने प्रचलन थियो भने मानिसलाई कमारा-कमारी रूपमा राख्ने मानव जातिको कलङ्कको रूपमा रहेको– दासप्रथा। *गोरखा वंशावली*अनुसार नरभुपाल शाहको मृत्युमा कान्छी महारानी सती र कमारो केटा पनि सतु गएको उल्लेख हुँदा कमारालाई पनि मालिक मर्दा सतु गएर आफूलाई आहुति दिन बाध्य पार्ने अवस्था पनि रहेछ। नेपाली समाजमा मानिसलाई दास वा कमारा-कमारीको रूपमा राख्ने र उनीहरूलाई पशुसरह बेच्ने प्रथा व्याप्त थियो। सती र दास प्रथाहरूको शुरूवात कहिलेदेखि भयो यकीन गर्ने ऐतिहासिक आधार प्रमाण भने पाइँदैन। नेपाली समाज वर्गीय र शोषणयुक्त भएको यहाँ प्रचलित दासप्रथा, बाँधाप्रथा र झाराप्रथाले दर्शाउँछ। यी सबै प्रथाहरू श्रमशोषणका विविध रूप थिए।

रानी राजल्यदेवी र यिनका पति जयस्थिति मल्लको शासनकालमा विक्रम संवत् १४३६ मा नेवारी टीकासहित लेखिएको मानव न्यायशास्त्र "न्याय विकासिनीमा" पनि दासप्रथा उल्लेख हुनाले त्यो समयभन्दा धेरै अघिदेखि नै दास-दासी राख्ने प्रथा नेपाली समाजमा विद्यमान रहेछ। न्याय विकासिनीले धेरै प्रकारका दासको वर्गीकरण गरेको छ। यसबाट गरीब वा निर्धा मानिसलाई हुने खानेले कसरी शोषण वा व्यवहार गर्दा रहेछन् छर्लङ्ग हुन्छ। दासको वर्गीकरणमा; किनिएको, दानमा पाएको, आफ्नै घरमा दास-दासीबाट जन्मेको, अंशमा पाएको, ऋण तिर्न नसकेको, कमारा-कमारीसँग पछि लागेर आएको, बन्धक राखेको, सजायबाट बचाएको, युद्धमा जितेको, कवोलमा जितेको, शरणमा आएको, सन्न्यासाश्रमबाट आएको, पेट पाल्न नसकेर दास भएको, मालिकको घरमा बसेको, आफूलाई स्वयम्ले बेचेको, हतियारको भरमा दास बनाएको आदि। *याज्ञवाल्क्य स्मृति*ले दासप्रथालाई मान्यता दिएको छ। *मिताक्षरा विधि*को दोस्रो अध्यायको चौधौँ प्रकरणमा पनि दासका

प्रकार उल्लेख गरिएको छ। लिच्छवि राजा नरेन्द्रको *अनन्त लिङ्गेश्वर* अभिलेखमा लोकपाल स्वामीको पूजामा दश दास र बीस दासीलाई दक्षिणा दिनुपर्ने रकम तोकिएको छ। पाटनका राजा सिद्धिनरसिंह मल्लले कृष्ण मन्दिर स्थापना गरी गरेको यज्ञमा दास-दासी दान गरेको मन्दिरमा रहेको अभिलेखमा उल्लेख छ (*हाम्रो कानूनी इहिासको नालीबेली,* प्रकाश वस्ती पृष्ठ ३५९ )।

समाजको ऐतिहासिक स्थिति अवलोकन गर्दा दासलाई कमारा-कमारी पनि भनिन्थ्यो। मानिसलाई दास वा कमारा-कमारी राख्ने, शोषण गर्ने र उनीहरूलाई खुलमखुल्ला व्यापारीका हातमा पशुसरह बिक्री गर्ने कानूनी मान्यता थियो। यहाँसम्म कि पत्नीलाई एकाट्टि र पति वा नाबालक छोरा-छोरीलाई अर्कापट्टि अलग-अलग छुट्याएर पनि बेचिन्थ्यो। कमारा-कमारीका अबोध शिशु-सन्तानलाई समेत मालिकले उसका आमाबाबुलाई थाहै नदिई बिक्री पनि गर्थे। एकपटक दाम तिरी करिया किनेपछि पुस्तौँपुस्ता बिते पनि तिनीहरूका सन्तान दर-सन्तान सबै करिया या दासकै रूपमा रहन्थे। जता मोल धेरै पाइन्थ्यो, उतै बेचिन्थ्यो। उनीहरू मालिकका बिकाउ चल वस्तुको रूपमा थिए। उनीहरूको जीवन पशुसरहको थियो। पशुसरह नै बेचबिखन पनि हुन्थ्यो। जता बेचिएर गए पनि किन्नेको दास भएर सेवा गर्नुपर्ने उनीहरूको नियति थियो। नेपाल-भारतको खुला सीमानाका कारण नाबालकलाई समेत भारतमा लगेर पनि बेचिन्थ्यो।

मालिकले मानिसलाई दास वा कमारा-कमारी राख्ने र आफूखुशी बेच्ने प्रचलन सामान्य थियो। नेपाल अधिराज्यको सीमाना भारतसँग खुला भएबाट बाबु-आमा वा संरक्षक नभएका बेबारिसे र अनाथ केटाकेटीलाई पनि चोरी गरी भारतमा लगी दासको रूपमा बेच्ने प्रचलन थियो। गरीब मानिसको जीवन दाम्लोमा बाँधिएको पशुको जस्तो थियो। मालिकले भनेका यावत काम गर्नु उनीहरूको नियति वा कर्तव्य थियो। हुन त शास्त्रले दासप्रथालाई निन्दा गरेको छ। कौटिल्यको *अर्थशास्त्र, अपरार्क चतुर्विंशतिमत, विष्णु धर्मोत्तर, देवलधर्म* र *मार्कण्डेय* पुराणले दासप्रथालई निन्दा गरेको पाइन्छ। शास्त्रीय यस्ता तथ्यलाई दृष्टिगत गरी दास वा करिया राख्ने प्रथा रोक्न नेपालमा श्री ५ बडामहाराज पृथ्वीनारायण शाहका राज्यकालदेखि प्रयास शुरू भएको देखिन्छ। वि.सं १८२५को रुक्कामा विश्वामित्रको कमारो मुक्त गरेको र ऐ. १८३० मा सात गाउँ बनेपा, धुलिखेल, खडपु, चौकोट, पनौती, साँगा, नालामा दासप्रथा प्रचलनमा लालमोहर जारी गरेर रोक लगाएको देखिन्छ। श्री ५ रणबहादुरको शासनकालमा वि.सं १८६५ आश्विनमा मानिस बिक्री गर्न निषेध गर्ने रुक्का जारी भयो। श्री ५ राजेन्द्रको शासनकालमा वि.सं. १८८३

र १८९६ पनि दासप्रथा बन्द गर्ने प्रयास भएकोमा वि.सं.१९१० मा मात्र कानूनी रूपमा *मुलुकी ऐन*मा मानिस बेचेमा सजाय हुने कानूनी व्यवस्था गरियो। वि.सं. १९२४ मा मानिसको जीउ मास्न र बेच्न नहुने कानून बन्यो। त्यस्तै वि.सं १९४५ मा *जीउ मास्ने-बेच्ने* ऐनमा संशोधन , १९५८ ज्येष्ठ ३० मा कमारा-कमारी राख्न र बेच्न निषेध गरी ऐन पनि बनाइयो तर करिया वा दासप्रथा उन्मूलन गर्ने महत्त्वपूर्ण घोषणा भने वि.सं. १९८१ मार्ग २४ मा तत्कालिक प्रधानमन्त्री ३ श्रीचन्द्रशमशेरले गरेका हुन्।

प्रधानमन्त्री श्री ३ चन्द्रशमशेरको दासप्रथा उन्मूलन गर्ने घोषणामा महत्त्वपूर्ण तीन प्रकारका व्यहोरा थिए–

१. सबैको सल्लाहले नजीकको दिन तोकी नेपाल राज्यभर कमारा-कमारीको चलन नामेट गराउन कानून बनाउने।

२. करियाको नाम नामेसी फेहरिस्त खडा भएकोमा दर्ता भई मालिकको दाबा पुग्ने प्रमाणले ठहर्न आए जति गैह्र करियालाई अमलेख गराउन ऐनबमोजिम लाग्ने मोल मालिकलाई दिने बन्दोबस्त गर्ने।

३. तोकिएको दिनदेखि अमलेख भएका करियाले आफ्ना मालिकसँग सात वर्षसम्म रही काम गरिदिने। तिनीहरूलाई मालिकले खान लाउन दिइराख्ने।

वि.सं.१९८२ वैशाख १ प्रचलित *मुलुकी ऐन*मा संशोधन गरेर दासप्रथा उन्मूलन गर्दै सो उल्लङ्घन गर्नेलाई बीस वर्षसम्म कैद हुने व्यवस्था गरी कानून बनाए।

यो संशोधनअनुसारः

१. अमलेख भएका ज्यू र उनका सन्तान दर-सन्तानलाई र अरू कसैलाई पनि कमारा-कमारी भनी किनबेच गर्न र कुनै किसिमले हक-दाबी गर्न वा विदेशबाट खरीद गरी ल्याएर करिया राख्न किनबेच गर्न हुँदैन। गरेमा थैली जफत गरी जनही सात वर्षका दरले कैद गर्ने। पुनः उसैबाट हुन गएमा दोम्रो पटकलाई डेढा, यस्तै हिसाबले सजाय पटक बढाउदै लगी बीस वर्ष नपुगेसम्म कैदै गर्नू। यो आफूखुशी भए जातको अरू कुरो परीआएमा ऐनबमोजिम र ऐन नभएकोमा पानी चल्ने जात भए मतवाली घर्ती जातका ऐनबमोजिम र पानी नचल्ने

जात भए जुन जातको मानिस हो उसै जातका ऐनबमोजिम गर्नू।

२. नातेदार वा अरू कसैले पनि हाम्रा सरहदका मानिस बिराना मुलुकमा लगी बिक्री गर्न लाउने र बिक्री गर्नालाई भनी लान पठाउनसमेत हुँदैन । कसैले गरे देहाय बमोजिम सजाय हुन्छ :

बिक्री गर्न लाउनेलाई ५०० ।– रूपैयाँ दण्ड गरी सात वर्ष कैद गर्नू ..

बिक्री गर्न पठाएको, बिक्री गर्न पाएको रहेनछ भने सात वर्ष कैद गर्नू..

आफ्नी स्वास्नी आफैँले बिक्री गरी सकेको भए यसै महलको ४ नं बमोजिम गर्नू। बिक्री गरी नसकेको लगे पठाएको रहेछ भने सात वर्ष कैद गर्नू।

३. हाम्रासरहका मानिसलाई ललाइ-फकाई वा अरू कुनै किसिमबाट पनि बिराना मुलुकको कोइला खानी र समुद्रपार लान पठाउन हुँदैन, कसैले लगे पठाए सो लाने पठाउनेलाई कोइलाखानीको कुल्ली काममा भए सात वर्ष समुद्रपार भए दश वर्ष कैद गर्नू।

वि.सं १९८१ मार्गमा नेपालको जनसङ्ख्या कति थियो होला र ! त्यो अवस्थामा कमारा-कमारी अमलेख गर्ने प्रयोजनका लागि सङ्कलित लगत (तथ्याङ्क) अनुसार जम्मा उनन्साठी हजार आठ सय त्रिहत्तर जना कमारा-कमारी रहेका थिए। तीमध्ये एकाउन्न हजार सात सय बयासी जनालाई प्रति व्यक्ति रू. सत्तरीका दरले क्षतिपूर्ति दिन रू. छत्तीस लाख सत्तरीहजार रूपियाँ लागेको थियो। चार हजार जनालाई तिनका मालिकले विनाक्षतिपूर्ति अमलेख गरेका थिए। एक हजार जना मरेका थिए भने एक हजार तीन सय बयालीस जना भागेका थिए । एक सय चौध जनाले आफ्नो मोल आफैँले तिरेका थिए। उक्त क्षतिपूर्तिको रकम पशुपतिनाथको आम्दानीबाट व्यहोरिएको थियो (*कानूनसम्बन्धी केही ऐतिहासिक अभिलेख* पृष्ठ, २७०)।

यसरी कमारा-कमारी वा दासप्रथा अमलेख गर्ने कानूनले सकारात्मक परिणाम ल्यायो। नेपालमा कमारा-कमारी राख्ने प्रचलन पनि समाप्त गरियो। वस्तुतः मानव जातिको इतिहासमा सतीको आवरणमा नारीलाई जिउँदै लगी चितामा राखेर जलाएर मार्ने, मानवलाई दास बनाएर घरमा राख्ने र बेचबिखन गर्ने कार्यहरू मुलुकको लागि कलङ्क नै थियो। भारतसँगको खुला सीमानाका कारण साबिक *मुलुकी ऐन*मा जीउ मासे-बेचेमा कठोर सजाय हुने व्यवस्था राखियो। हाल प्रचलित *मुलुकी फौजदारी संहिता*मा पनि मानिस मासे-बेचेमा कठोर सजाय हुने

व्यवस्था कायमै छ। इतिहासको कालखण्डमा मानव समाजको कलङ्कको रूपमा रहेको सतीप्रथा र करिया वा कमारा-कमारी अमलेख गर्ने कार्य समाप्त भएको घोषणा गर्ने कार्य प्रधानमन्त्री श्री चन्द्रशमशेर राणाको कार्यकालमा भएको पाइन्छ।

सती र दासप्रथा समाप्त गर्ने कानूनी व्यवस्था आजभन्दा सय वर्षअघि नै भएको थियो तर आज पनि अप्रत्यक्ष रूपमा महिला-पुरुष दुबै सती वा दासकै अवशेषको रूपमा मर्न बाँच्न अभिशप्त छन्। रूप मात्र फेरिएको छ। मुलुकभित्र रोजगारीको अवस्था पर्याप्त सिर्जना हुन नसक्ता श्रमिकको रूपमा के किशोर-किशोरी, के महिला-पुरुष नेपाल सरहदबाहिर वैदेशिक रोजगारीका नाउँमा खाडी वा अन्य क्षेत्रमा आफ्नो श्रम बेच्न जान बाध्य छन्। वैदेशिक रोजगारी नामकरण भए पनि वास्तवमा त्यहाँ एक प्रकार दास भएर नै सेवा गर्नुपर्ने बाध्यता छ। विदेशमा अत्यधिक श्रम गरी विदेशी मुद्रा विप्रेषणको नाँउमा पठाउने वर्ग नै विभेदमा पर्ने, झुक्यानमा पर्ने, शारीरिक एवम् मानसिक यातनामा पर्ने, यौन शोषणमा पर्ने, बेरोजगारमा पर्ने, वैदेशिक व्यवसायीबाट ठगिने, एउटा सेवामा पठाइएकोलाई अझ कष्टकर अर्को काममा जोतिनुपर्ने, तोकिएको निश्चित पारिश्रमिक नदिनेजस्ता समस्या भोग्नुपर्ने उनीहरूको नियति बनेको छ। कोही समयमा औषधि उपचार नपाई किड्नी, मुटु, श्वास-प्रश्वासजस्ता गम्भीर रोगले ग्रस्त भएर घर फर्किन बाध्य छन् भने कोही लाशको रूपमा बन्द बाकसमा । यस्ता शारीरिक एवम् मानसिक पीडा भोग्ने नेपालीको लेखाजोखा छैन। सबै नेपाली श्रमिकहरू सामाजिक न्यायमा पहुँच नपुगेर आदिमकालीन सती वा दासप्रथाकै अर्को रूपमा पीडित छन्, हुँदै छन्।

## पुनः वंशकै कुरा

आफ्नै वंशको कुरा। इतिहासको कालखण्डमा डुबुल्की लगाउँदा पिता हरिनन्दको स्वर्गवास र आमा महेश्वरा सती गएपछि विरक्तिएर दिङ्ला छाडी कृष्णानन्द भाइबन्धुहरू खोज्न विदेश जान हिँडेछन्। हाल भोजपुर जिल्लाको माङ्दिङको बाटो हुँदै जाने क्रममा त्यहाँका नाम चलेका सुवेदी थरका व्यक्तिको घरमा राति बास बसे छन्। उनको व्यवहारबाट प्रभावित घरमूली सुवेदीले "यो बर्खामासमा नजाऊ, यहीं बस" भनी सम्झाउँदा त्यहीं बसेछन्। उनको संस्कार देखेर प्रसन्न भएका उनले आफ्नी छोरी जयन्तालाई उनीसँग विवाह गरिदिएपछि त्यही बसोबास गरेछन्। उनकै शाखा सन्तान बढेर माङ्दिङ र वरपर बस्नाले सो क्षेत्र भण्डारीहरूको बसोबास हुन पुगेछ। उनका सन्तान माङ्दिङे भण्डारीमा दरिन पुगे

छन् र सतीका सन्ततिका रूपमा फैलिएछन् । भण्डारी वंशको संस्थापकको रूपमा माङ्दिङलाई चिनाउने सतीपुत्र कृष्णानन्द भए छन् ।

वंशको नालीबेली खोज्ने क्रममा भण्डारी वंशको इतिहास खोतल्दा शदियौँ पूर्व हालको कर्णाली अञ्चलको जुम्ला जिल्लाअन्तर्गत सिञ्जामा पुग्नुपर्ने रहेछ । त्यो समयमा सिञ्जा साम्राज्य थियो समृद्ध, सुसंस्कृत र खुशीयालीले भरिएको स्थल । इ.सन् ११५० मा नागराजले कर्णाली प्रदेशमा खस मल्ल राज्यको स्थापना गरी सिञ्जालाई केन्द्र बनाएर राज्य गरेका थिए भनी *कर्णाली प्रदेशमा मल्लकालीन डोटीराज्य* नामक पुस्तकमा डा. राजाराम सुवेदीले उल्लेख गरेका छन् । खस जाति नेपालको प्राचीन प्रमुख जाति मानिन्छ । यो जाति नेपाल, सिक्किम, भूटान, कुमाउ, गढवाल, काश्मिरसम्म व्याप्त थियो । खसहरूको वर्णन *पुराण*हरूमा पनि गरिएको छ । खस जाति हिन्दू धर्मावलम्बी थिए । केही बौद्ध धर्म मान्ने समुदायमा पनि थिए भन्ने *"नेपालका खसजाति"* नामक पुस्तकमा डा. विपिन अधिकारी लेख्तछन् ।

खस शासकले हिन्दूधर्म अपनाउँदै जाँदा आम खसहरूमा यसको प्रभाव परेर हिन्दूधर्म अँगाल्दै अघि बढ्नु स्वाभाविक पनि थियो । खसहरूको वैदिक नाम "करस्कर" हो । अपभ्रंश भएर "खस" भएको हो । काश्मिरदेखि उत्तरतर्फ हिमालय, काराकोरम, हिन्दकुशका सुप्रसिद्ध पर्वतमाला एकाकार भएका स्थानमा ऐड समुदायको मूल बासस्थान थियो । खस वर्गका आर्यहरू ऐड जातिका एक शाखा मानिन्छन् । उनीहरू आफूलाई खस र आर्यका सन्तति मान्छन् ।

पहाडी सिञ्जा सम्राज्य ठूलो क्षेत्रमा फैलिएको थियो । त्यहाँ खस राजाहरूले शासन गर्थे । त्यहाँ वशिष्ठ गोत्रीय ब्राह्मणहरू पनि बस्तथे । कालान्तरमा पछि सिञ्जा साम्राज्य खसान र जडानमा विभक्त भयो । सुदूर पश्चिमाञ्चल नेपालको पहाडी क्षेत्र खसान र हिमाली क्षेत्र जडानको आधिक्यता थियो । जडानमा बस्ने जाड पनि खसकै एक भेद थिए । जाडहरूको मूलथलो पश्चिमी तिब्बतको खारी प्रदेश मानिन्छ । खारी प्रदेशमा रहेका जावेश्वरले सेञ्जपुरीमा नागराजको नाउँले स्थिति बन्दोबस्त बाँधे । यिनीहरू आफूलाई खसका अधिपति मान्दथे । विक्रम संवत्को १२-१४ औँ शताब्दीको बीचमा पूर्वी नेपालदेखि पश्चिमी गढवालसम्म विस्तृत भूभागमा आफ्नो सभ्यता र संस्कृतिको प्रचार गरे । विक्रम संवत् १३८४ को फागुनमा जितारी मल्लका छोरा राजा आदित्य मल्लले नुवाकोट कब्जा गरे । यो तथ्य *"नेपालको संक्षिप्त वृत्तान्त"* मा इतिहास शिरोमणि बाबुराम आचार्य र *"कर्णाली प्रदेशमा मल्लकालीन डोटी राज्य"* राजाराम सुवेदीले उल्लेख गरेका छन् ।

खसराजाहरू सुसंस्कृत थिए एवम् विद्वान्हरूको सम्मान गर्थे । त्यहाँ भाषा, संस्कृति र अध्यात्मको उन्नति भएको थियो । अहिले पनि नेपाली भाषाका रूपको अन्वेषण गर्न विद्वान्हरू सिञ्जा नपुगे आफ्नो ज्ञान अपूरो ठान्छन् । वशिष्ठ गोत्रीय ब्राह्मणहरू त्यहाँ बस्थे । वशिष्ठ ऋषि वशिष्ठ गोत्रका आदिपुरुष हुन् । ब्रह्मर्षि वशिष्ठ ऋषि र उनकी पत्नी अरून्धतीबाटै यो वंशपरम्परा कायम भएको मान्यता रहिआएको छ। उनीपछिका पुर्खा कुन-कुन उत्पन्न भए ? प्रमाणको अभावमा नालीवेली खोज्न गाह्रो छ। *महाभारत*को पौराणिक कथाबाट कौरव र पाण्डव वशिष्ठ गोत्रीय रहेको पुष्टि हुन्छ। वशिष्ठ अरून्धती, शक्ति र सोपा, पराशर र सत्यवती अनि व्यास हुँदै उनका सन्तति धृतराष्ट्र, पाण्डु र विदुर वशिष्ठ गोत्रीय देखा पर्छन् । अर्कोतिर व्यास र धिताचीका सन्तान सुकदेव, पिवरीतर्फका सन्ततिका धेरै पुस्तापछि रिठ्ठु भट्ट हुँदै सन्तानको श्रीवृद्धि भएको *वंशावली*मा उल्लेख छ । मानवशास्त्रका अध्येता पूर्णप्रकाश नेपालजस्ता विद्वान्हरूको खोजीबाट प्राप्त विवरणअनुसार हालसम्म जीवा भण्डारीका चौथा पुस्ताका वंशज पं. अनेकु भण्डारी थानसिङमा बसोबास गरी वंश चलाउने भण्डारीका वंशका शिरोमणि भए भनी *वशिष्ठ गोत्रीय भण्डारी वंशावली*मा उल्लेख छ ।

बट, भट, आरभट, भट्ट आदि उपनामले आफूलाई चिनाउने वंशमा पैदा भएका वशिष्ठहरू हिमालयको फेदीका निवासी थिए भनेर *"खस जातिको इतिहास"* मा प्रा. बालकृष्ण पोखरेलले लेखेको देखिन्छ । पहिले पहिले राजालाई सम्मान प्रकट गर्न भट्ट शब्दबाट सम्बोधन हुन्थ्यो । राजालाई भट्टारक पनि भनिन्थ्यो । यो कुरा "राजा भट्टारको देव" भनी *अमरकोश*मा लेखिएको छ । मल्ल राजाहरूले समाजका अति विद्वान्लाई भट्ट उपाधि प्रदान गर्न थाले । यही क्रममा वशिष्ठ वंशका एक विद्वान् व्यक्ति (नाम अज्ञात) "भट्ट" उपाधिबाट विभूषित भएछन् । पछि जुम्लाका ख्यातिप्राप्त विद्वान् रामदास भट्टलाई उनको विद्वत्ताबाट प्रभावित भएर जुम्लाका सम्राट् बलिराज रावलले "राय" उपाधि पनि प्रदान गरेछन् । राय पनि राजासरहकै सम्मान हो । राजाबाट अपभ्रंश भएर राय हुँदै राई भएको हो । यसरी उनी भट्टबाट "भट्टराय" हुँदै अपभ्रंश भएर "भट्टराई" भए । यो तथ्य अन्वेषक पूर्णप्रकाश नेपालको अप्रकाशित *"भट्टराई वंश दर्पण"*मा उल्लेख छ ।

समाजमा ख्यातिप्राप्त व्यक्तिलाई तत्कालिक सम्राट्ले विभिन्न उपाधिद्वारा विभूषित गर्ने क्रममा रामदासका चौथ पुस्ताका जीवा भट्टराईलाई रासकोटका राजा मलय बमका छोरा सारूप्रताप बमले वर्तमान दैलेखको डाँडीमाडी बिर्ता दिएको प्रमाण त्यहाँ प्रचलित "डाँडीमाँडी बिर्ता पायो जीवा भण्डारीले" भन्ने लोकोक्तिबाट पुष्टि

भएको छ। यो पङ्क्ति दैलेख निवासी पं विषाखा नेपालबाट पाएको मानवशास्त्र अध्येताबाट पुष्टि भएको छ। हालसम्मको अन्वेषणबाट तत्कालिक राजाबाट भण्डारीको पदीय उपाधिबाट विभूषित भई "भण्डारी" लेख्ने पहिला व्यक्ति जीवा भण्डारी भए। दैलेखमा अद्यापि प्रचलित "डाँडामाडी बिर्ता पायो जीवा भण्डारीले" भन्ने लोकगीत प्रचलित छ। सो लोकगीतमा उल्लिखित जीवा भण्डारी "भण्डारी" थर लेख्न परम्परा शुरू गर्ने भण्डारी वंशका शीर्ष पुरुष भए भन्ने *वंशावली*मा उल्लेख छ। भट्ट, भट्टराय र भण्डारी सबै उपाधि बोधक हुन् भनी *खस जातिको इतिहास*मा उल्लेख गरेका छन् प्रा. बालकृष्ण पोखरेलले। जीवा भण्डारीका सन्तानहरू केही दैलेखमा र केही प्यूठान हुँदै अन्यत्र बसाई सर्दै फैलिँदै गएका हुन्

१३ तेह्रौं शताब्दीमा जुम्लाका राजा आदित्य मल्लले आफ्नो राज्य विस्तार गर्ने क्रममा पूर्वतर्फ आक्रमण गर्दै नुवाकोटसम्म जितेर आफ्नो आधिपत्य कायम गरेका थिए। उनले पटक-पटक काठमाडौं उपत्यकाका राज्यहरूलाई आफ्नो अधीनमा ल्याउन आक्रमण पनि गरेका थिए। नुवाकोट विजय गरेपछि उनै जीवा भण्डारीका पनाति पं. अनेकु भण्डारीलाई राजा आदित्य मल्लले हाल नुवाकोटको थानसिङ गाँउ बिर्ता दिए। रहँदा बस्ता उनको वंश विस्तार भयो र उनका सन्ततिहरू "थानसिङे भण्डारी" कहलिन पुगे । यसरी वशिष्ठ गोत्रीय भण्डारीहरूको मूल बिर्ता थानसिङ हुन पुग्यो। जहाँ बसोबास छ त्यही ठाउँको नाउँले सम्बोधन हुनु स्वाभाविक हुने नै भयो। यसरी हामी थानसिङे भण्डारी कुलबाट परिचित हुँदै आएका रहेछौं। वशिष्ठ गोत्रीय भण्डारीहरूको प्रायः सबैको मूल बिर्ता थानसिङ हो र त्यहींबाट नै अन्यत्र बसाई सर्दै गएकाले "थानसिङे भण्डारी" सम्बोधित हुन थालेका हुन्।

प्राकृतिक रूपमा मानिसलाई जीवन धान्नका लागि बस्ने भूमि, पिउने पानी, खाने अन्न, लाउने वस्त्र र बासका लागि वन आवश्यक रही आएको छ। बस्ने भूमिका लागि मानिसले शुरूदेखि नै अथक प्रयत्न गरिआएको पनि छ। यही तथ्यलाई हृदयङ्गम गरेर राजा जयस्थिति मल्लले कानूनको रूपमा विक्रम संवत् १४३६ मा *न्याय विकासिनी* मानव न्यायशास्त्र बनाएर जग्गामा पसीना चुहाउनेको पहिलो हक हुने भूमि व्यवस्थाको स्थिति बाँधेका थिए। उनीभन्दा पहिले नै खस राजाहरूले बिर्ता बाँड्ने गरेका थिए। तेह्रौं शताब्दीमा पं. अनेकुले बिर्ता पाएपछि अरू भण्डारीहरूले पनि राजाहरूबाट विभिन्न स्थानमा बिर्ता पाएको सुनौलो इतिहास छ।

रहँदा बस्ता अर्थशास्त्री माल्थसले (वेल्थ अफ नेशन) भनेजस्तै जनसङ्ख्या वृद्धिको अनुपातमा खाद्यान्न बढेन। जीवनवृत्ति सहज बनाउन पं. अनेकुका वंशज

राम भण्डारीका छोराहरू मध्ये जेठा दुर्गादास र कान्छा परशादास थानसिङमा, माहिला लक्ष्मीदास नर्जामा, साहिँला श्याम सिम्रास हाल दोलखाको मेलुङ गएछन् । पछि उनका सन्ततिहरूले विभिन्न समयमा राजाहरूलाई आ-आफ्ना सेवाबाट सन्तुष्ट पारेर बिर्ता पाएको देखिन्छ । १३औँ शताब्दीभन्दा अघिदेखि बिर्ता पाउने क्रम शुरू भएकोमा १३ औँ शताब्दीमा पं. अनेकु भण्डारीले थानसिङ बिर्ता प्राप्त गरेपछि वि.सं. १७४४/१७५७ तिर राजा भूपालेन्द्र मल्लबाट भेट्पु बिर्ता श्यामका सन्ततिमध्येका गणेश भण्डारीले, वि.सं. १७७९ /१७९१ तिर राजा जगज्जय मल्लबाट सिम्रास बिर्ता परशुराम भण्डारीले, उनै जगज्जय मल्लबाट सुकाठोकर (हालको दोलखा) बिर्ता वि.सं. १७८८ मा कपिलमुनिले, उनैबाट खनियाथोक (रामेछाप जिल्ला) बिर्ता कपिलमुनिले, राजा रणबहादुर शाहबाट वि.सं १८३७ थानसिङ बिर्ता लक्ष्मीनारायणले, त्यस्तै देवपुर, ठोकर्पा, (सिन्धुपाल्चोक जिल्ला) सिजालगढ, दुलाली, भिल्टुङ, कविलास, मुक्पा, खाम्तेल, झाँगाझोली, कास्की पोखरा, रूपिङ्ग, काउलो, दोलखालगायतका विभिन्न स्थानहरूमा बिर्ता पाएको देखियो । प्रस्तुत विवरणले वशिष्ठ गोत्रका हाम्रा पुर्खाहरूले समाजमा उल्लेखनीय सेवा गरेका कारणले राज्यशक्तिलाई आफ्ना ज्ञान, क्षमता र पुरुषार्थले रिझाएर बिर्ता प्राप्त गरेका रहेछन् । बिर्ता पाउने क्रम निरन्तर बढेर २१ भन्दा बढी नै देखियो । विस्तृत विवरण जति प्राप्त गर्न सकियो त्यति मात्र उल्लेख गरियो । अरू प्राप्त गर्न नसक्नुमा लिखत हराउनु, सुरक्षित राख्न नसक्ता सडेर जानु, समयको क्रममा विस्मृतिमा पुग्नु, अनुसन्धानकर्ताले लिएर जानु, वंशको लहरो खोज्नेलाई वंशको यथार्थ सूत्र फेला परेपछि अंशमा दाबी गर्न आउलान् भन्ने मानसिक भय उत्पन्न हुनाले कागज नदेखाउनु आदि हुन सक्छन् । यसले वंशको शृङ्खला यकिन गर्न नसक्ता पुर्खाको गौरवमय इतिहास ओझेलमा परेको छ ।

जीवनवृत्तिकै खोजीमा जयभद्रका छोरा हरिनन्द भण्डारी पत्नी महेश्वराका साथ दिङ्ला बस्न पुगेछन् । उनै हरिनन्दका कान्छा छोरा कृष्णानन्दका शाखा सन्तान बढेर माङ्दिङमा र त्यसपछि त्यहाँबाट पनि फैलिँदै तत्कालिक पूर्व ६ नं हालको सङ्खुवासभा जिल्लाको खाँदबारीअन्तर्गत चन्दनपुरमा बस्नाले सो क्षेत्र भण्डारीहरूको बसोबास हुन पुगेछ । यसरी भण्डारी वंशीहरू बसाई सर्दै फैलिँदै गए । हाल वशिष्ठ गोत्रीय भण्डारी बन्धुहरू नेपाल सरहदभित्र मात्र होइन, बाहिर भारत, सिक्किम, बर्मा, थाइलैन्ड, युरोप, अमेरिका, अस्ट्रेलिया, क्यानाडालगायत मुलुकहरूमा फैलिएका छन् । यो तथ्य *वशिष्ठ गोत्रीय भण्डारीको वंशावली*मा उल्लेख छ ।

# पुर्ख्यौंली थलो थानसिङ्मा विचरण गर्दा

*'मीठो लाग्छ मलाई ता प्रियकथा प्राचीन संसारको'*

–महाकवि लक्ष्मीप्रसाद देवकोटा

वशिष्ठ गोत्रीय भण्डारी समाजका सदस्य बन्धुहरू आफ्नो वंशको प्राचीन इतिहास र पुर्खाको नालीवेलीलाई प्रकाशमा ल्याउन र वंशको प्राचीन महत्त्व र महिमा, गौरव र गरिमाको खोजीमा निरन्तर अघि बढ्दैछन्। देवकोटाले भनेझैं वंशको विरासतमा रमाउँदै छन्। मानवशास्त्रीहरूले गरेका अनुसन्धान, अध्ययन र ज्ञानबाट पनि लाभ लिँदैछन्।

तेह्रौं शताब्दीदेखि थानसिङ गाउँमा बस्ने वशिष्ठ भण्डारी वंशका मूल व्यक्ति पं. अनेकु भण्डारी भएको ऐतिहासिक तथ्य मानवशास्त्री पूर्णप्रकाश नेपाल यात्रीले उजागर गरेका छन्। त्यही समयदेखि वशिष्ठ गोत्रीय भण्डारीहरूको गौरव र गरिमाको मूलथलो भएको रहेछ थानसिङ। अनि हाम्रो वंश थानसिङे भण्डारीमा दरिएछ ।

यही थानसिङ गाउँमा उनका सन्ततिहरू बसे। यही भूमिलाई आफ्ना श्रम र पसिनाबाट रसाए। बस्ती बसाए। वन फाँडेर पाखो खेतबारी बढाए। मलजल गरेर उब्जा र उम्दा बनाए। यही माटोमा उत्पादन भएको अन्न र पानी अनि यहींको हावा र प्रकाशले आ-आफ्ना जीवन गुजारा गरे। निरन्तर यहीं वंश वृद्धि हुँदै गयो। रहँदा बस्ता परिवार बढ्दै गए। अर्थशास्त्री माल्थस्ले भनेजस्तै जनसङ्ख्या दुई गुनाले बृद्धि हुँदै जाने तर खाद्यान्न भने त्यो अनुपातमा नबढ्ने हुँदा बढ्दो खाने मुखलाई थप आहारा आवश्यक भयो। त्यसैले जीवनवृत्ति सहज र सरल बनाउने क्रममा बसाई सर्ने क्रम शुरू भएर पं. अनेकुका वंशज राम भण्डारीका चार भाइ छोरामध्ये जेठा दुर्गादास र कान्छा परशादास थानसिङमा, माहिला लक्ष्मीदास नर्जामा, साहिँला शयाम हाल दोलखा जिल्लाको मेलुङ सिम्रासतर्फ लागेछन्। यसरी परिवारका सदस्यहरू गाँसबासको खोजीमा थानसिङ्बाट अन्यत्र लागेको तथ्य माथि उल्लेख गरिसकेको छु।

# भोजन र बासका लागि यायावर

पूर्वीतिर गएका वंशका सन्ततिहरूले पनि आफ्नो क्षमता देखाएर राजशक्तिलाई रिझाएर हालका दोलखा, रामेछाप, सिन्धुपाल्चोक जिल्लामा बिर्ता पाए तर पनि मूलथलो भने थानसिङ् नै रह्यो। वशिष्ठ गोत्रीय भण्डारी जहाँ रहे बसे पनि थानसिङे भण्डारीकै वंशका कहलिए। थानसिङेमा नै दरिए। यो विशेषण एउटा विशेष पहिचान र चिनारीको द्योतक रह्यो। आज सबै यसैबाट सम्बोधित भएका छन् र हुन चाहन्छन्। यो पनि वंशको गौरव र गरिमा कै विषय बनेको छ।

ऐतिहासिक रूपमा एक हजार वर्षदेखि वशिष्ठ गोत्रीय भण्डारीको मूलथलो थानसिङ रही आएको छ। त्यो समयदेखि वंश विस्तारको इतिहास बोकेको यो ठाँउले भण्डारी वंशको पैत्रिक तीर्थस्थलको मान्यता पाएको छ। वशिष्ठ गोत्रीय भण्डारी उच्चारण गर्दा थानसिङ्को विशेषण जोडिने ऐतिहासिक विरासत बोकेकोले यसले वंशको गौरव र गरिमाको बृद्धि गरेको छ। आज विश्वग्रामको युगमा आफ्नो थरको विशेषण जोडिएको स्थलबारे जान्न र घुम्न भण्डारी वंशका बन्धुका लागि अति महत्त्व र आकर्षणको स्थलमात्र बनेको छैन, अपितु थप अनुसन्धानको स्थल पनि भएको छ। वशिष्ठ गोत्रीय भण्डारी भन्नासाथ थानसिङ् जोडिने हुँदा सो गोत्रका बन्धुहरू सो स्थान र वंशको ऐतिहासिक एवं सांस्कृतिक स्थितिबारे जान्न र बुझ्न अत्यधिक उत्सुक हुन थालेका छन्। अनि लालायित पनि भएका छन् पैतृक भूमिको माटोको तिलक लाउन ।

वंशको विरासत चिरस्थायी राख्न पूर्वाञ्चल झापा जिल्लाको कन्काई नदी किनारामा वि.सं २०४६ सालमा कनकाई माइमा कोटीहोम यज्ञबाट वशिष्ठ गोत्रीय भण्डारी समाज स्थापना भएको हो। समाजले 'वशिष्ठ भण्डारी आश्रम' निर्माण गरेर आफ्ना बन्धुहरूलाई एकसूत्रमा बाँध्न स्थापनाकालदेखि नै सशक्त रूपमा अघि बढेको छ। सामाजिक, सास्कृतिक एवं आध्यात्मिक कार्यमा सक्रिय रहेर आफ्ना कार्यक्रम फैलाएको छ। बन्धुहरूको पहिचान कायम गर्न संस्थागत रूपमा समाजले *वंशावली* र *स्मारिका*जस्ता साहित्य प्रकाशन गरेर सूचना सम्प्रेषण गरी आपसमा हार्दिकता बढाएको छ। पूर्खाका ऐतिहासिक स्थलको खोजी र संस्कृतिको संरक्षणमा बढी चासो राखेको छ।

त्यही क्रममा वि.सं. २०७१ साल वैसाख ३१ बुद्धजयन्ती पूर्णिमाका दिन आफ्नो वंशको कुलदेवता पूजाको अवसर पारेर बिहान ७:३० मा काठमाडौँबाट

समाजका पदाधिकारी र यो पङ्क्तिकारसहितका बन्धुहरूको टोली मूलथलो थानसिङ्को सम्पर्क सूत्र अघि बढाउन सद्भाव यात्रा शुरू गऱ्यो । टोखाबाट माथि चढेपछि गुर्जे भञ्ज्याङबाट नुवाकोट जिल्ला र छहरे गाउँबाट थानसिङ गा.वि.स. (पालिका)शुरू भयो । पश्चिम उत्तर फर्किएको यो ठाउँ राम्रो र उर्वर भूमि मानिँदो रहेछ । माथि गाउँ तल बैंसी । माथि बास तल चास । तत्कालिक समयमा स्वास्थ्य र हावापानीको दृष्टिले माथि बस्ने तल खेती गर्ने चलन हुनु स्वाभाविकै थियो । तल बैंसीमा तादी खोलाबाट बाह्रै महिना पानी लाग्ने, वर्षमा तीन बाली उब्जाउने उर्वर जग्गा रहेछ । यो खोला गोसाइँकुण्डभन्दा टाढा रहेको सूर्यकुण्डबाट बगेर आउने हुनाले यसलाई प्राचीन कालमा सूर्यमती पनि भनिँदो रहेछ ।

## उर्वरभूमि

तादी फाँट नुवाकोट जिल्लाको अत्यन्त उर्वर क्षेत्र मानिँदो रहेछ । परापूर्वदेखि तल अन्नबाली उत्पादन र माथि डाँडा बसोबासका लागि उपयुक्त स्थान मानिएकोमा हाल खोला फाँटबाट मोटर चल्ने बाटो खुलेकाले यातायातको सुगमका कारण बाटोको छेउमा घरबास गर्ने चलनमा बृद्धि भएछ । त्यसैले तीन-तीन बाली लहलह अन्न फल्ने खोला किनारको जग्गामा घरहरू निर्माण शुरू भएछ । एक प्रकार नगरोन्मुख । गाउँपालिका वा सरकारले भूउपयोग नीति बनाई बसोबास, नगर, औद्योगिक र कृषिक्षेत्रको वर्गीकरण गरेर नीति-निर्माण नगर्नाले जथाभावी भूउपयोग हुँदा भविष्यमा जटिल स्थिति उत्पन्न हुने स्थितितर्फ भने सरोकारवालाको ध्यान पुगेको पाइएन । समयोचित भू-उपयोग नीति बनाएर कार्यान्वयन नभएमा अन्नबालीको भण्डार मानिने बहुमूल्य जग्गा विनायोजनाको घरबास बढ्दा अव्यवस्थित बजार हुने देखियो । यसले निकट भविष्यमा जिल्लामा खाद्यान्न आपूर्तिमा कमी आउने, पर्यावरण बिग्रने र अस्तव्यस्त बजार बन्ने स्थिति पैदा गऱ्यो । लहलह अन्नबाली लाग्ने जग्गामा बजार बसाउने विकल्पको रूपमा कृषिक्षेत्र, योजनाबद्ध नगर, औद्योगिक र पशुपालनका लागि उपयुक्त स्थल तय गर्ने, विकल्पमा डाँडामा तोक्ने सार्ने नीति बनेमा भविष्यमा सबै क्षेत्रको समानुपातिक विकास हुने र त्यसको लाभ स्थानीयबासीले नै पाउने देखियो । यस्तर्फ स्थानीयबासीलाई नीति निर्माणकर्ताले प्रोत्साहन गर्नु आवश्यक छ । अन्यथा खाद्यान्नको अभाव, असमान विकास र पर्यावरणको विनाशको भूमरीमा यो रमणीय स्थल पर्ने टड्कारो स्थिति देखियो । सबैको चेतना भया ।

थानसिङ्का डाँडापाखाका हरियाली जङ्गल, तादी फाँटका लहलह अन्नबाली र करेसाका तरकारी बालीका साथ निर्माण हुँदै गरेका घर-भवन हेर्दै हाम्रो समूह ११ बजे नर्जामण्डपमा भैरहेको कुलपूजामा सहभागी हुन पुग्यो। यो कुलपूजा गर्ने प्रचलन आदिम पुर्खादेखि नै चलिआएको मानिएको छ। सर्वप्रथम जेठाका सन्तानबाट पूजा सामान ल्याएर पूजा गर्ने परम्परा अद्यापि निरन्तर चल्दै आएको छ। दम्पती भएका परिवारबाट पूजा-सामानसहित बत्ती प्रज्ज्वलित गरेर ल्याएपछि शुरू हुने पूजामा जेठो परिवार भए पनि दम्पती नभएमा सो मुनिको अर्को क्रमको दम्पती भएका परिवारबाट सामान ल्याएर गर्ने प्रचलन अद्यापि कायम छ। पूजा गर्ने स्थलमा बत्ती प्रज्ज्वलित गरेपछि कुलदेवको पूजा शुरू हुन्छ। पूजाको कार्यक्रम सकिएपछि पुनः सोही घरमा लगेर भित्र्याइन्छ। कुलपूजाका विधि एवं परम्परागत रूपमा गर्ने गरिएको छ। थानसिङ्मा पूजाका सर-समाग्री ल्याएर पूजा चलाउने गरिएका थकाली मूलघरका मुख्य व्यक्तिको निधन भएकाले त्यहाँ पूजा नहुने जानकारी पाएर हाम्रो टोली थानसिङ गाउँतर्फ नगई नर्जामण्डपतर्फ लाग्यो।

## सनातन संस्कृति एवं शक्तिको उपासना

शक्तिको उपासना र मष्टपूजा प्राचीन समयदेखि नै शुरू भएको मानिन्छ। सम्भवतः यायावरीय अवस्थादेखि नै पुर्खाहरूले गरिआए हुन्, वैदिक-साहित्यको समयभन्दा पहिलेदेखि नै। प्राचीनकालदेखि नै नेपालका हिमाल, कुना-कन्दरा, दुर्गम पहाड वा तराई समतल सबै भेग हिमनदीले वेष्टित नेपाल मन्त्रद्रष्टा ऋषिमुनिको तपोभूमि रही आएको छ। उनै ऋषि मुनिहरूले यहीं प्राचीन *ऋग्वेद* एवं अन्य *वेद*हरू प्राप्त गरे। *वेद*मा एक सय भाइ मरुतको वर्णन गरिएको छ। उनीहरूको स्तुति एवं अर्चनाबाट विभिन्न अवस्थामा मानवकल्याण भएको वर्णन पाइन्छ। ती मरुतलाई 'मस्तक देवता' पनि मानिन्छ। स्वास्थ्य शिक्षाले भन्छ; "जीवले आफ्नो नासिकाबाट वायु वा अक्सिजन लिएर स्वास नलीमार्फत् फोक्सोमा पुऱ्याउँछ र पुनः सोही मार्गबाट बाहिर निकाल्ने गर्छ। यो क्रम निरन्तर चल्ने हुनाले समस्त प्राणी जीवित रहन सकेको छ"। यो सबै मरुतको कृपाबाट सम्भव भएको हो। उनै सय भाइ मरुतहरू प्राणी मात्रको जीवन जीवित राख्न वायु वा अक्सिजन प्रदान गर्न निरन्तर क्रियाशील छन्। मानवशास्त्रविद्का मतमा मरुत वा मस्त नै मस्ट हो। मस्टलाई मस्त, मस्तक एवं भगवान् शिवको मस्तकबाट उत्पन्न शिवका गण वीरभद्र सहित महाकाली शक्ति मान्छन्। देवता स्थापना, पूजा, धामीले कायाकैरन गर्दा

वायुको आगमन गराई कैरनमा उनन्चास वायु शतवायु भनी पुकार्छन् । तिनै मस्ट देवतालाई खसहरूले आफ्ना गोत्रअनुसार भिन्न भिन्न रूपमा आदिमस्ट, वराहमस्ट, दुधेमस्ट आदि नामले उच्चारण र पुकार्ने गर्छन्, पूजा गर्छन् । इन्द्रले भाइ स्वीकार गरेका उनञ्चास मरुत छन् । मरुतलाई वर्षा र बादलका पनि देवता मानेर पुजिन्छ । मरुत वा वायुविना वृष्टि हँदैन । वायुविना वर्षा नहुने वैज्ञानिक यथार्थता पनि हो ।

## आर्यको विश्वास

वेदवेत्ताका अनुसार आर्य जातिले सूर्य, अग्नि, मरुत वा वायुलाई इष्टदेवको रूपमा मानिआएका छन् । मरुत देवता शिवशक्तिकै सहचारी मानिन्छन् । यायावरीय युगबाट पशुपालन युगमा आउँदा पशुधनको हित र कल्याणका लागि गोठधूप गर्ने र गोठधूपमा शक्ति एवं महाशक्तिका लागि मस्ट र विन्ध्यवासिनी वा अन्नपूर्णा भवानी, नवदुर्गा आदि नामले पूजा वन्दना गर्ने कार्य गरे । यही क्रमको निरन्तरता नै कुलदेवता पूजा वा गोठधूप गर्ने प्रचलन चलिआएको मानिएको छ ।

वशिष्ठ गोत्रीय भण्डारीको मूलथलो थानसिङ् गाउँमाथि डाँडामा पर्दोरहेछ । त्यहाँ महादेव स्थान र सिन्दूरे खोला छेउमा देवाली वा कूलदेवताको पूजा गर्ने परम्परा रही आएको ऐतिहासिक तथ्य प्राप्त भएको छ । त्यहाँबाट पूजा फुटाएर तल बैंसी नर्जामण्डपमा पूजा गर्न क्रम कहिलेदेखि शुरू गरिएको हो ? मिति यकीन भन्न कसैले सकेन तर बन्धु चित्रप्रसाद भण्डारीले नर्जामण्डपमा अलग्ग कुलपूजा गर्न थालेको लगभग पाँच-सात पुस्तादेखि हुनुपर्छ भने । हामी नर्जामा पुग्दा त्यहाँ पूजा शुरू भएको थियो । वंशावलीका सत्रौं पुस्ताका झवराज भण्डारी मुख्य पूजाकर्तामा बस्नुभएको रहेछ । उहाँकै घरबाट प्रज्ज्वलित बत्तीसहितको पूजासामान ल्याएर विधिपूर्वक पूजा गर्ने गरिएको रहेछ । कुलपूजाको विधिविधान परापूर्वदेखिकै चलनअनुसार गर्ने गरिएको उहाँ र चित्रप्रसाद (वासुदेव) भण्डारीले अवगत गराउनुभयो । जहाँ रहे बसे पनि वशिष्ठगोत्रीय भण्डारी बन्धुहरूको पूजाविधि प्रायः मिल्दोजुल्दो रहेको छ ।

# सनातन संस्कृति

प्रतिवर्ष गरिने कुलपूजामा एकाट्टि गुरु पुरोहित र यज्ञ हवनकर्ता ब्राह्मणबाट विधिपूर्वक अग्निस्थापना गरेर शुरू गरेपछि अर्को पट्टि कुलकै बन्धुद्वारा कुलदेवताको रूपमा आदिमष्ट या बाह्रमष्ट, शक्तिकी अधिष्ठात्री मष्टाङ्गिनीको पूजाका लागि पृथक्-पृथक् तीन सय पैँसठ्ठी-तीन सय पैँसठ्ठी (३६५-३६५) कोठाको रेखी हालेर कुलदेवताको षोडषोपचार विधिद्वारा पूजा गरिन्छ। पृथक् स्थानमा तीनसय पैँसठ्ठी (३६५) कोठा बनाएर काँडेश्वर भैरव र विन्द्यवासिनी भगवतीको पूजा गरिन्छ। पूजा-अर्चना गरेर प्रसादको रूपमा मालपुवा, खीर र फलफूल प्रत्येक कोठामा अर्पण गरिन्छ। भैरवलाई भने छागबलि दिने प्रचलन पनि छ। कसैले बलि दिने प्रथालाई निषेध गरेर नरिवल या कुभिण्डोको बलि दिने चलन पनि चलाएका छन्। पहिले पहिले थानसिङ् गाउँमा प्रत्येक घरबाट लगेर बोकाको बलि दिने गरिएको थियो। सो प्रथा हाल पनि कायमै रहेको छ भन्छन् बन्धुहरू। नर्जामण्डपमा पनि पहिले बलि दिने गरेकोमा हाल छोडेको, त्यो पनि धार्मिक रूपमा होइन, आर्थिक कारणले भन्ने भनाइ रह्यो।

कुलदेवताको पूजामा यज्ञ हवनकर्ता ब्राह्मणको कुलपूजातर्फ प्रवेश निषेध रहेछ। घरका महिला सदस्य र कुटुम्बलाई पनि दर्शन गर्न र प्रसाद वितरण गर्नसमेत बर्जित छ भन्छन् चित्रप्रसाद भण्डारी। पूजासमाग्री दम्पती भएका घरबाट मात्र ल्याउनुपर्ने, पत्नीले नै पूजा सरसामान तयार गर्नुपर्ने तर मूलघरकै पत्नी र सन्तति छोरीलाई पूजामा सामेल हुन र प्रसाद ग्रहणमा बहिष्कृत हुनुपर्ने ? यो विभेदको आधार र कारण कसैले भन्न सकेन। यो व्यवहार अन्धविश्वास हो या पितृसत्तात्मक समाजले मातृशक्तिलाई अपमान र थिचोमिचोको रूपमा गर्ने गरिएको हो । आजको युगमा वंशका महिला सदस्य एवं कुटुम्ब गुरुपुरोहितलाई यस्तो पूजा र प्रसाद वितरणमा विभेद गर्नु अव्यावहारिक एवं असामाजिक हुन्छ। यसतर्फ सबै बन्धुले समुचित परामर्श गरेर समयानुकूल निष्कर्ष निकाल्नु उचित हुन्छ।

वशिष्ठ भण्डारी समाजको सक्रियता र बन्धुहरूको एकतामा पूर्वाञ्चलको कन्काईमाईमा वशिष्ठ आश्रम निर्माण भएपछि यो आश्रम भण्डारी वंशको एकताकेन्द्रको रूपमा परिणत भएको छ। यहाँ प्रतिवर्ष पुराण एवं यज्ञ यागादि आध्यात्मिक कार्य सु-सम्पन्न हुँदै आएका छन्। बन्धुहरू सामाजिक, आ( ध्यात्मिक, धार्मिक कार्यमा अग्रसर भएर स्थानीय रूपमा कुलपूजा, देवाली पूजा,

मन्दिर निर्माणजस्ता सामाजिक कार्यमा जुटेका छन् । मूलथलो थानसिङ्गमा साबिक पूजास्थल मर्मत र सुधार गर्न काठमाडौँ उपत्यका समन्वय समितिबाट समुचित कार्य भएको बन्धुहरूको भनाइ छ। यस्ता कार्यले वंशको संस्कृतिको संरक्षण र सम्बर्द्धनमा सहयोग पुगेको छ। आदिमहामष्ट, आदिवाराह, मातृशक्ति मष्टाङ्गिनी, बह्मा, महारुद्र, तथा मण्डप बाहिर काँडेश्वर भैरव र विन्ध्यवासिनीको पूजा र बलिप्रथाका सम्बन्धमा परापूर्वदेखि चलिआएको परम्परालाई नै सनातन परम्पराको रूपमा निरन्तर कायम गर्नुपर्छ। यसो गर्न सकिएमा वंशको आचार, संस्कार र संस्कृतिले निरन्तरता पाउने छ। यही नै  सनातन संस्कृति हो ।

## नर्जाको ऐतिहासिकता

चिनारीका लागि यो बाहुनबैंसी नर्जामण्डपगाउँ नुवाकोट जिल्लाको क्षेत्र नं २ इलाका १० मा पर्छ। भण्डारी बन्धुहरूको बसोबास थानसिङ् पालिकामा र नर्जामण्डपको १,२, ४, वडामा अत्यधिक छ भने अरूमा न्यून छ भन्छन् जनार्दन एवं हरिप्रसाद भण्डारी । नर्जा नामकरणको पनि रोचक एवम् पौराणिक कथन जोडिएका यी दुई बन्धुको अभिकथन छ। *हिमवत्खण्ड*अनुसार समुद्र मन्थनबाट निस्किएको हलाहल बिष पान गरेपछि अत्यधिक दहन भएर बिष समन गर्न महादेव उत्तराखण्डतर्फ लागेछन् । उनका अनुयायी भएर धेरै नरहरू पनि पछि लागेछन् । नर्जाको अन्तिम सीमानासम्म पनि धेरै अनुयायी पछि लागेको देखेर दुःख दिनुहुँदैन भन्ने मनसायले महादेवले; “नरहरू तिमीहरू जाऊ” भनी रोकेकोले नरजानुको अपभ्रंश भएर नर्जा भएको हो भन्ने किंवदन्ती जोडिएको रहेछ। त्यस्तै महादेव-पार्वती जाँदै गर्दा विश्राम गरेको स्थलमा सन्दूस आकृतिको शीला रहेको छ। पानीको प्यास लागेपछि वेतको लौराले भूमिमा हान्दा पानी निस्केकोले त्यहाँबाट आउने नदीलाई वेत्रावती नामकरण गरिएको भन्ने किंवदन्ती अद्यापि छ। *हिमवत्खण्ड*मा धर्म छहरा र वेत्रावतीको सङ्गमलाई उत्तरगया मानिन्छ। नर्जागाउँ, नर्जामण्डप सम्बोधित हुनमा पनि पुराण प्रसङ्ग जोडिएको जनार्दन भण्डारी भन्नुहुन्छ। उहाँका पितामह कमलाकान्त भण्डारीले नर्जा चौतारा पिपलबोट सार्वजनिक भवनमा मण्डप बनाएर सप्ताह लगाएको थियो। त्यही मण्डपका कारण नर्जामण्डप नामकरण भएको मानिएको छ।

कुलपूजामा हाम्रो समूह त्यहाँका बन्धुहरूसँग सामेल भयो। त्यहाँका बन्धुहरूले हार्दिक आत्मीयभाव  दर्शाउनुभयो। धेरै बन्धुबान्धवको सङ्गम हुँदा

एकप्रकारको आनन्दमय उल्लास थपियो । झापाको कन्काई नदी किनारामा वशिष्ठ गोत्रीय भण्डारी समाज स्थापना भएपछि समाजबाट प्रतिवर्ष लगाइने पौराणिक कार्यले पूर्व मेचीदेखि पश्चिम महाकाली, उत्तर पहाडदेखि दक्षिण तराई क्षेत्रसम्मका वशिष्ठ गोत्रीय भण्डारी बन्धुहरूलाई एकसूत्रमा आबद्ध गरेको छ। आध्यात्मिक जागरणका प्रवचनले आध्यात्मिक एवम् सांस्कृतिक जागरण पैदा भएको यस क्षेत्रका निवासीको मूल्याङ्कन छ। पुराण श्रवण गर्न सबै क्षेत्रबाट भेला भएका बन्धुहरू र स्थानीय व्यक्तिको सहभागिता र उपस्थिति उत्साहप्रद रही आएको सबैले अनुभव गरेका छन् । प्रतिवर्ष त्यहाँ सम्पन्न हुने कार्यक्रममा बन्धुबान्धवको उपस्थिति, आध्यात्मिक कार्यप्रति निष्ठा र समर्पण भाव बन्धु एकताको अनुपम चिनारी सिद्ध भएको छ। यो आश्रम सबै क्षेत्रमा बसोबास गर्ने वशिष्ठ गोत्रीय भण्डारीहरूको तीर्थस्थलमा परिणत भएको छ। आज त्यही भाव नर्जामण्डमा झल्किएको अनुभूति भएको छ । बन्धुमिलन र भेटघाटले आपसी एकता, आत्मीयता र सामीप्यता बढाएको छ। ***'सङ्घे शक्ति कलौ युगे'*** भनिएकै छ। सबैले यसको अनुभूति पनि गरेका छन् । यसरी हर्षोल्लासका साथ सामेल भएर पूजा सकिएपछि प्रसाद ग्रहण गरी समाजको बैठकमा सहभागी भयौँ ।

## वशिष्ठ भण्डारी समाज नुवाकोट जिल्ला समति गठन

अपराह्न वशिष्ठ भण्डारी समाज नुवाकोट जिल्ला समिति गठनको लागि साधारणसभा भयो । समाजका उपाध्यक्ष गेहनाथ भण्डारीको अध्यक्षतामा बसेको सभाबाट जनार्दन भण्डारीको सभापतित्वमा मुरारीप्रसाद भण्डारी कोषाध्यक्ष र चित्रप्रसाद भण्डारी सदस्यसमेत रहेको १३ सदस्यीय समिति गठन भयो । थानसिङ्, नुप्चे, हर्कपुर, दुई पिपल रातमाटे र कविलासका बन्धुहरूसमेत समावेश गर्ने गरी अरू अधिकार समितिलाई दिने निर्णय पनि भयो । सभामा समाजका महासचिव प्रेमचन्द्र भण्डारीले विधानका व्यवस्था, समितिगठन प्रक्रिया,उपशाखा र सम्पर्क कार्यालय बारेमा विशद जानकारी गराएर जिम्मेवारी बोध गराउनुभयो । प्रमुख संरक्षक एवं विश्व हिन्दू महासङ्घ , राष्ट्रिय समिति नेपालका सभापति श्री नीलप्रसाद भण्डारीले कुलपूजामा एकरूपता कायम गर्ने र पूजा प्रक्रिया र पद्धति समान कायम गर्दै सबै बन्धुको भावनामा ध्यान दिनुपर्ने कुरामा जोड दिनुभयो । निर्णय समाजका सचिव कृष्णप्रसाद भण्डारी मार्सेलीले सुनाउनुभयो भने नव-निर्वाचित सभापति जनार्दन भण्डारीले कार्ययोजना पूरा गर्ने प्रतिबद्धता जनाउनुभयो । समाजका संरक्षकको

नाताले यो पङ्क्तिकारले जिल्ला समितिका पदाधिकारीलाई बधाई र शुभकामना दिँदै भण्डारी वंशको ऐतिहासिक पृष्ठभूमिको जानकारी गराएको थियो । अध्यक्षको आसनबाट गेहनाथ भण्डारीले नव-निर्वाचित पदाधिकारीलाई आ-आफ्नो जिम्मेवारी पूरा गर्न आग्रह गर्दै सभा समापन गर्नुभएको थियो ।

दिनभर व्यस्त कार्यक्रम गरेर केही बन्धुहरूसँग भेघाट एवं परिचय गरियो । परापूर्व पुर्खाको स्थल हेर्दै इतिहासका कालखण्डको समीक्षा गर्दै साँझ काठमाडौँ फर्कियौँ । यो बन्धुमिलन र ऐतिहासिकस्थलको भ्रमण कार्यक्रममा धेरैको उत्साहपूर्वक सहभागिता रहेको थियो ।

# जन्म र जन्मस्थान

## पारिवारिक पृष्ठभूमि

अतीतको स्मृतिमा तैरिँदा मकालुजस्ता उच्च शिखरहरूको रमणीय काख चैनपुरमा म जन्मिएछु । चन्द्रमाजस्तै रमणीय स्थान भएकाले अपभ्रंश भएर "चैनपुर" भएको हो भनिन्छ । यहींको पञ्चतत्त्व आकाश, प्रकाश, माटो, पानी र हावाले मलाई प्राणवायु दियो, जीवन दियो अनि जगत् देखायो । ठाउँ पहाड तर सुन्दर र रमाइलो थियो चैनपुर, नेपालको पूर्वी क्षेत्रको त्यो सानो बजार । त्यहाँ मेरा पिता पण्डित पुष्पलाल भण्डारी पाठशालाको शिक्षकको रूपमा शिक्षा सेवा गर्नुहुन्थ्यो । त्यस क्षेत्रका साना ठूला सबै तह र जातका विद्यार्थीलाई पढाउनु, शिक्षा दिनु र ज्ञानको आलोक बाँड्नु या भनौँ अज्ञानको अँध्यारोलाई उज्यालो पार्ने दियालो भएर शिक्षा दिनुहुन्थ्यो, ज्ञान बाँड्नुहुन्थ्यो । जहाँ पिता जानुहुन्थ्यो, परिवारका सबै सदस्य आमा, दाजु दिदीहरू साथैमा जान्थे । पिताको शिक्षण क्षेत्र नै थियो, यायावरीय घर । जति स्थान बदलिन्थ्यो हाम्रो घर पनि बदलिन्थ्यो । चलायमान थियो । पिता चैनपुरको पाठशालाको पण्डितमा नियुक्त भएर पढाउनुहुन्थ्यो पाठशालामा तलबी शिक्षकका रूपमा । ज्ञान बाँड्नुहुन्थ्यो आफ्नो निवासमा गुरुकुल परम्परामा अवैतनिक गुरुको रूपमा । त्यो समयमा संस्कृत पढेका शिक्षकलाई "पण्डित" दर्जा दिएर सरकारी पाठशालामा पढाउने कार्यमा नियुक्ति गर्ने प्रचलन थियो । शिक्षकको पण्डित दर्जा जीवनभर रह्यो ।

चैनपुर  पहाड तर सानो रमणीय बजार । जिल्लाको सदरमुकामको रूपमा अवस्थित त्यस भेगको प्रसिद्ध क्षेत्र अग्लो डाँडा । यसको ऐतिहासिक तथ्य हेर्दा चैनपुरको बजारनजिक सिद्धिपुर र कैलास डाँडाहरू सिक्किम र भोटसँग पटक-पटक भएका युद्धमा सिक्किम र भोटलाई पराजित गरी नेपालले विजय गरेको क्षेत्र । रणनीतिक दृष्टिले पनि उत्तिकै महत्त्वको । सधैँ खुला आकाश र सर्वत्र उज्यालो । हरियाली अनि पानीको प्राचुर्यता, मलिलो माटो शस्यश्यामला भूमि । त्यसैले त्यो स्थान रहेछ रसिलो, भरिलो र उब्जाऊ । सूर्योदय हुनासाथ घामको झलमल प्रकाश, अस्ताउँदासम्म पनि घमाइलो । त्यसैले यो ठाउँ उज्यालो, उन्नत र रमाइलो । पश्चिमतर्फ सधैँ टल्किरहने उच्च मकालु र अन्य शिखरहरूको उज्ज्वल हिमशृङ्खला, उत्तरतर्फ सतीदेवीको दाहिने नेत्र पतन भएको प्रसिद्ध मन्दिर सिद्धकालीको, दक्षिण सदैब कलकल बगिरहने अरुण नदी र सभा एवम् पिलुवा खोलाको स्निग्ध र मनमोहक सङ्गम, यहाँ बराबर लाग्ने सप्तरङ्गी इन्द्रेनी । त्यहाँबाट देखिने रमणीयताका क्षितिज र दृश्यहरू मन र आँखाभरि हेरेर आनन्दानुभूति गराउने प्रकृतिका सुरम्य उपहार हिमाच्छादित शिखरहरू । यस्ता विशेषता छपक्कै रहेछन् ।

यस्तो छ मनमोहक एवम् प्राकतिक छटाले भरिपूर्ण स्निग्ध एवम् ऐतिहासिक विरासत बोकेको स्थान चैनपुर बजार, हर-हमेशा खुला र उज्यालो क्षेत्र । यहाँको प्रकृतिले मानवलाई धेरै कुरा सिकाएको छ । प्रकृतिवाटै सिकेर यस क्षेत्रका निवासी अघि बढेका हुन् । प्रकृति नै मानवको आदिगुरु हो । यस्ता प्राकृतिक वातावरण र नदीहरूको सेरोफेरो र परिवेशमा जन्म भएछ मेरो चैनपुर बजारमा ।

हिजो-आज त्यो चैनपुरलाई सङ्खुवासभा जिल्लाअन्तर्गत मानिन्छ । यहाँ पहिले जिल्लाको सदरमुकाम थियो । माल, अदालतजस्ता निकाय यहीँ थिए । आजकाल पनि छन् । यद्यपि खाँदबारी सदरमुकाम रहेको छ । यहाँका अधिकाङ्श निवासी शिक्षित, उद्योगी एवम् शिक्षाप्रेमी छन् । सिद्धिदात्री सिद्धकालीको बास भएर होला यहाँका निवासी छन् हरेक कर्ममा सफल, सन्तुष्ट अनि स्वस्थ्य, जाँगरिला र उद्यमी । अनि आफ्ना अनुभव, अनुभूति, भोगाइ र सङ्घर्षले आफूलाई संस्थापित गरेका  । स्थानीय उद्योग सञ्चालन गरेका छन् । यहाँ उत्पादित करुवा, थाल, कचौरा, अन्ती, प्यालाजस्ता सामग्री नेपालभर प्रसिद्ध छन् । चैनपुर जानेले कोसेलीको रूपमा पनि यी सामान खरीद गरी लैजाने गर्छन् । यस्तो सुन्दर र रमणीय स्थानमा जन्मेको र यहीँको वातावरणले मेरो जीवन रसिलो र भरिलो बनाएको अनुभूति सम्हालेको छु ।

आमाले म सानो हुँदा भनेका शब्दहरू स्मृतिका पत्र-पत्रहरूमा अझै थपक्कै बसेका छन् । ती शब्दअनुसार चैनपुर बजारको बीचमा त्यहाँका नामी साहु लप्टन लोकमान श्रेष्ठले गुरुलाई बस्न दिएको घरमा मेरो जन्म भएको थियो । आमाले भन्नुभएका उहाँकै शब्दअनुसार– *"जन्मँदा पनि एकाबिहान आमाको न्यानो गर्भाशयबाट बिस्तारै बसाई सर्दै-सर्दै विनाआवाज यो धरतीमा ओर्लिएँ । अनि आमाका सहयोगी महिलाहरूले सालनालमा लटपटिएको नवजात शिशुलाई स्नेहका कमला हातहरूले सफा गरे । चैनपुरको माघको जाडोमा लुगाले गुटमुट्याएर न्यानो बनाए । सफा गर्ने क्रममा चीसो अनुभूति भएपछि मात्र "च्याँहा च्याँहा" गरेर आफ्नो उपस्थिति जनाएको थिएँ रे ! यो धरतीमा मेरो उपस्थिति जनिएपछि माता-पिता एवम् परिवार सबैले नयाँ सदस्यको आगमनमा खुशी र हर्ष मनाए रे ! आमाले भने प्रसवका असीम वेदनालाई दबाउँदै आँखाभरि हर्षाश्रुका धाराले नवजात शिशुलाई स्नेहसिक्त गर्दै आफ्ना हातले न्यानो काखमा राखेर वात्सल्यका नवधाराका रूपमा भर्भराउँदा आफ्ना दूधको मुन्टामा मेरो थोते मुख लगेर स्तनपान गराउनुभयो र मेटाउनुभयो मेरो प्रथम भोक । यसरी प्रथम पटक नवजात मलाई स्तनपान गराउँदा आमाले वात्सल्यको असीम आनन्दको अनुभूति गर्नु भयो रे !"*

यी सबै वृत्तान्त आमाले मलाई भन्नुभएको अनुस्मृतिमा ताजै छ । यस्तो अनुभूति आमाले मात्र गर्न सक्ता हुन् । त्यसैले आमालाई वात्सल्यकी प्रतिमूर्ति भनिएको हो । आमाको यही अमृतस्वरूप प्रथम स्तनपानले मेरो भोक र प्यास मेटायो र जीवनलाई नयाँ ऊर्जा प्रदान गऱ्यो । अनि आजको अवस्थामा पुऱ्याउन सफल भूमिका निर्वाह गऱ्यो । जन्म दिने आमाको अमृतस्वरूप स्तनपानबाटै मेरो जीवन गतिमान बन्यो । दार्शनिकहरू भन्छन्– जीवन संयोगको लीला हो । अध्यात्मिकहरू भन्छन्– जीवन ईश्वरको सुन्दर सृष्टिको निरन्तरता हो । मैले पनि जीवनलाई सर्वोत्कृष्ट ईश्वरीय रचना मानेको छु । यही लीला वा रचनाबाटै त गतिमान भएको हो मेरो जीवनलीला यो धरतीमा ।

## बाल्यकाल

पारिवारिक पृष्ठभूमि केलाउन पुग्छु । संयोगले म गुरु परिवारमा जन्मेको रहेछु । पाठशालामा नियुक्त शिक्षकलाई छात्र-छात्रा एवम् सर्वसाधारणले "गुरु" सम्बोधन गर्दथे । सरकारले भने यस्ता शिक्षकलाई "पण्डित" दर्जा दिने गरेको थियो । मेरा हजुरबाका चार भाइ छोरामध्ये त्रैलोक्यनाथ, पुष्पलाल, वेदनाथ र जेठा

महेश्वरका पुत्र हरिप्रसादले *संस्कृत व्याकरण, साहित्य धर्मशास्त्र*का विषय अध्ययन गरेर आएपछि पूर्वाञ्चलका विभिन्न स्थानहरूमा शिक्षक भएर अध्यापन गरेर बसेका थिए। सबैले शिक्षाको उज्यालो र चेतनाको दियो बाल्ने काम गरे। आत्मानुशासन र नैतिकताका पाठ पढाए। यस्तो शिक्षा दिने व्यक्तिलाई समाजले आदरपूर्वक "गुरु" सम्बोधन गर्थ्यो। शिक्षादान गर्ने सबै गुरु कहलिन्थे। निरन्तर पढाउने काम गरेकाले उहाँहरू गुरु हुनुभयो। त्यसैले हाम्रो परिवार गुरु परिवारमा दरियो।

पारिवारिक स्थितिअनुसार पिता पं. पुष्पलाल र माता रत्नकुमारीको छैटौँ सन्ततिका रूपमा मेरो चैनपुरमा जन्म भएको हो। मभन्दा माथि डा. गणेशप्रसाद जेठो छोराको रूपमा जन्मिनुभएको थियो माङ्दिङगमा। हजुरबा र आमा-बाका अति प्रिय र अत्यन्त भक्त श्रवणकुमारजस्तो हुनुहुन्थ्यो– मेरा ठूलो दाजु। यद्यपि अरू सबै सन्तान पनि आमा-बाका प्रिय र परमभक्त नै थिए। त्यसपछि क्रमशः दिदी हरिमाया, दाजु विष्णुप्रसादको माङ्दिङमा, अर्को दाजु शिवप्रसाद (बाल्यावस्थामा नै निधन) र दिदी खड्गकुमारीको चैनपुरमा नै जन्म भएको हो। मपछिका बहिनीहरू विमला, तुलसा, दुर्गा र भाइ शिवकुमारको भने पिताको भोजपुर जिल्लाको याकु पाठशालामा नियुक्ति भएपछि त्यहीँ जन्मिएका हुन्। यसरी हाम्रो घर पिताको जागीर रहेको स्थानमा सर्दै नयाँ-नयाँ कायम हुँदै गएको हो, यायावर परिवार।

पारिवारिक वृत्तान्त केलाउँदा मेरो मावली भोजपुर च्याङ् चरम्बी हो। त्यतिबेला राणा सरकारले सीमित स्थानमा मात्र पाठशाला खोलेकाले त्यहाँ पाठशाला थिएन। आमालाई औपचारिक शिक्षा प्राप्त गर्ने अवसर प्राप्त भएन। तथापि मेरा मावलका हजुरबा बृहस्पति घिमिरे र हजुरआमा द्रौपदाले घरमा नै पढाएर मेरी आमालाई साक्षर बनाउनुभएको थियो। उहाँ नेपालीमा लेखिएका *रामायण, महाभारत* र अन्य *धार्मिक ग्रन्थ*का कथा पढ्नुहुन्थ्यो। ती कथाहरूको जानकार भएकाले आफ्ना सन्तानलाई *रामायण, महाभारत* र अन्य *धार्मिक ग्रन्थ*का कथाहरू कण्ठस्थ सुनाउनुहुन्थ्यो। ती कथाहरू अध्यात्मिक र नैतिक शिक्षा दिने प्रकृतिका हुन्थे। भगवान्प्रति भक्ति गर्ने, बाबु-आमाको आज्ञा पालन गर्ने, सदाचारी हुने! यस्ता कथाहरू बाल्यावस्थामा रमाइला र सुनुँसुनुँ लाग्ने र सम्झिरहने खालका हुन्थे। यी श्रवण गरिएका कथा पनि शिक्षाकै अमूल्य कक्षा थिए।

पिताले घरमा विद्यार्थीहरूलाई पढाएका कुराहरू सुन्दा सुन्दा आमालाई पनि संस्कृत व्याकरणका सूत्रहरू कण्ठस्थ हुन्थे। पछि मैले संस्कृत व्याकरणको *लघुकौमुदी* पढ्दा आमाले शब्द सिद्ध गर्ने सूत्रहरू कण्ठस्थ भनेको सुन्दा म अचम्म मान्थेँ। ती सबै बाले छात्रहरूलाई पढाउँदा सुनेको भरमा आमालाई कण्ठस्थ

भएको रहेछ। आमाले पढ्नुभएको भए अवश्यमेव राम्रो गर्न सक्नुहुन्थ्यो होला। शिक्षित व्यक्तिसँग वैवाहिक सम्बन्ध गाँसिए पनि पढ्ने वातावरण नपाउने ! उसमा पनि गृहस्थी घरको भात-भान्सा र सन्तान जन्म दिने र हुर्काउने जिम्मेवारी वहन गर्ने महिलाले घर व्यवहार र चुल्हो-चौकाबाट निस्कने अवसर र फुर्सद कहाँ मिल्नु ? त्यसैले सबैलाई शिक्षादान गर्ने स्थान र अवसरमा पनि शिक्षा प्राप्त गर्न सक्नुभएन। यो तत्कालिक परिवेश र घरको जिम्मेवारीको बाध्यता नै त थियो होला महिलाको भागमा।

वात्सल्यकी प्रतिमूर्ति उहाँ आफ्ना सन्तानकी आमा त हुनुहुन्थ्यो नै, साथै पितासँग पढ्ने सबै छात्रहरूलाई पनि मातृत्व प्रदान गर्ने सबैकी आमासरह नै हुनुहुन्थ्यो। उहाँ असाध्यै दानी हुनुहुन्थ्यो। नजिक बस्ने विद्यार्थीहरूलाई मात्र होइन आफ्ना घरमा आएका पाहुना, आफन्त, इष्टमित्र सबैमा स्नेहभाव राख्ने, आफ्ना नम्र बोलीवचन, व्यवहार र आदर सत्कार गर्ने गर्नुहुन्थ्यो। सेवा, सत्कार र भोजन प्रदान गर्दा उहाँलाई असीम आनन्द प्राप्त हुन्थ्यो। यो कुरा उहाँले आफ्नो जीवनभर पालना गर्नुभयो। त्यसैले उहाँ सबै विद्यार्थीहरूकी पनि आमा हुनुभएको थियो। कसैले उहाँलाई "आमा" र कसैले आदरपूर्वक "गुरुआमा" भनेर सम्बोधन गर्थे। हाम्रो घर, घरमात्र थिएन विद्यालय पनि थियो। हरहमेशा पठन-पाठनमा व्यस्त। अनि थियो गुरु र छात्रहरूको संयुक्त परिवारको स्नेह र आत्मीयताले सिञ्चित अनुपम शिक्षालय।

त्योबेला अहिलेजस्तो पैसाका भरमा पढ्न पाइने न अङ्ग्रेजी स्कूल थिए न राजनीतिक चेतना पस्कने दल विशेषहरू। सामाजिक चेतना जागृत गर्ने माध्यम या त यस्तै अल्पमात्राका राणाहरूले खोलेका भाषा पढाउने पाठशाला थिए। अनि थिए गुरु स्वयम्ले चलाएका "गुरु-शिष्य परम्परा"मा सिकाइने गुरुकुल विद्यालय र अध्यात्मिक चिन्तन र नैतिक शिक्षाका प्रवचन। यस्ता प्रवचनले अध्यात्मिक संचेतना र नैतिक शिक्षा जागृत हुन्थ्यो। त्यो अवस्थामा पढाउने गुरुको क्षमता र सत्ज्ञानले चेतना फैलाउने उर्वर शिक्षालय नै थियो त्यो। अनि थियो राणाकालीन अन्धकारलाई चिरेर ज्ञानको उज्यालो किरण फैलाउने दीव्य ज्योति।

राणा शासनको उत्कर्ष अवस्थामा खोलिएका पाठशालाका पठन-पाठन विषय थिए– *नेपाली भाषा, नेपाली व्याकरण, गणित, भूगोल, संस्कृत, ऐन श्रेस्ता*। बिहान-बेलुका गुरुसँग पढनेहरूले संस्कृत भाषाका व्याकरण र साहित्य पढ्थे। ब्राह्मण वर्गले भने थप *वेद, पुराण, उपनिषद्, गीता* जस्ता धर्मशास्त्रका अध्यात्मिक

ग्रन्थहरू पनि पढ्थे। ती पुस्तकहरू सबै आयात हुन्थे भारतवर्षको काशीबाट। तथापि ती धार्मिक पुस्तकहरू जीवन र जगत्को सारतत्त्वलाई उद्घाटन गर्न सक्षम थिए। *संस्कृत* विषय पढ्नेहरू पनि नेपालमा पढेर परीक्षाचाहिँ काशी हालको वाराणसीमा गएर दिनुपर्ने व्यवस्था थियो। त्यो बेलामा न राजनीतिक जागरणको शङ्खघोष गर्न पाइन्थ्यो न त राणाहरूको अनुमतिविना अङ्ग्रेजी नै पढ्न पाइन्थ्यो। तथापि थिए ती चेतनाका आभा फैलाउने महत्त्वपूर्ण दीपशिखा ।

## अक्षरारम्भ

राष्ट्रसेवा गर्ने राष्ट्रसेवकको एकै स्थानमा सधैँ बास हुँदोरहेन छ। बराबर फन्को मार्नुपर्दो रहेछ। चैनपुरमा कार्यरत अवस्थामा पिताजीको भोजपुरको याकु पाठशालामा नियुक्ति भयो। सानो बालक म पिताको जागीरसँगै उतै लगिएँ। फेरि याकुमा हाम्रो घरबास भयो। याकु पिता-पूर्खाको मूलथलो माङ्दिङदेखि केही उत्तर-पश्चिम स्थानमा अवस्थित छ। चैनपुरबाट अरुण नदी तरेर गए पनि यसकै सेरोफेरोमा अवस्थित त्यो स्थान उर्वर भूमि, पानीको प्राचुर्य र हरियालीयुक्त छ।

भाषा-पाठशालामा पढाउने पण्डितको तलब त्यो समयमा कति हुँदो हो ! मैले मेरा पिताले सञ्चय गरेका कागजात केलाउँदा मासिक तलब स्केल रू. १५ ।- पछि रू. २० ।- सम्म भएको देखिन्छ। यसबाट परिवारको भरणपोषण, सामाजिक कार्य कति सम्भव हुँदो हो ! प्रतिवर्ष पजनी वा थमौती हुन्थ्यो। त्यसैले याकुमा रहँदा पनि केही खेती किसानी गर्नुहुन्थ्यो। यस्तै क्रममा लड्दै बढ्दै हुर्किएँ, जीवनका पाइला चलाउन सिकेँ।

बाल्यावस्थाका स्मृतिको पेरुङ्गो खोल्दा झल्झल्ती सल्बलाउँछन् तत्कालिक परिघटनाहरू। घरमा पढ्ने अवसर भएकाले चार वर्ष पुगेपछि सरस्वती पूजाको दिन सरस्वतीको आराधना गरेर पिताले अक्षरारम्भ गराई दिनुभयो। मेरो अक्षरसँगको नाता चार वर्षको उमेरदेखि गाँस्न शुरू भएको हो। अक्षर सिकाउने प्रथम गुरु आफ्नै पिता हुनुभयो। अक्षर चिन्न र लेख्न उहाँले नै मिहिनेतका साथ सिकाउनुभयो। यो कुरा आमाले मलाई भन्नुभएको हो। पिता स्वयम् पढाउने कार्यमा संलग्न हुनाले हामी सन्तान (दाजुभाइ)हरूलाई पढ्ने अवसर प्राप्त थियो।

माहिला दाजु विष्णुप्रसाद पाठशाला जानुहुन्थ्यो। उहाँसँग म पनि लुरुलुरु पछि लागेर नाङ्गै गोडा  पाठशाला जान थालेँ। शुरूमा गुन्द्रीमा बसेर काठको

फलेकमा रातो माटो राखेर बाँसको छेस्काले अक्षर लेख्न सिकाइन्थ्यो। पछि अँगारले पोतेर कालो बनाइएको काठकै पाटीमा खरीले लेख्न सिकाइयो। यसरी लेख्ता लगाइएका लुगा धुलैधुलो हुन्थे। कालैकाला हुन्थे। बाल्यकालको सानो अवधि याकू पाठशाला साउँ अक्षर चिन्नमा नै बित्यो। पछि अलिक बुझ्ने भएपछि डण्डीबियो, कपर्दीजस्ता खेलकूद गरेको सम्झना आउँछ। दशैँमा अरूसँग लिङ्गे पिङ खेल्न गइन्थ्यो।

हाम्रो घर देवीथानदेखि थोरै पूर्वतिर थियो। घर एउटा शिक्षकको जस्तै मध्यम खालको थियो। दुई घरमध्ये एउटा पूर्व फर्किएको र अर्कोचाहिँ केही तल उत्तर फर्किएको, बीचमा ठूलो आँगन थियो। त्यो अवस्थामा बनेका घरमा यस्तो व्यवस्था हुने गर्थ्यो। एउटामा पूजाकोठा, भान्सा र सामान राख्ने कोठा, अँगेना र छेउमा एउटा सानो ओछ्यान र तलामाथि भने अन्न बाली राख्ने ढिकुटीलगायत र अर्को घरमाचाहिँ अगाडिको भाग बरण्डा, भित्र सुत्ने कोठाहरू र अझ तल सामान राख्ने व्यवस्थाका घरहरू थिए। घरको उत्तर-पूर्वतर्फ गाई-भैँसी बाँध्ने ठूलो पाली गोठ, जहाँ हरहमेसा दुहुना गाई-भैँसीहरू हुन्थे। घर अगाडिपट्टि फूलबारी जहाँ बाह्रै महिना फूल ढकमक्क फुलेका हुन्थे। घरमुनि ठूलो बारी थियो। घरको पूर्वतर्फ बाह्रै महिना पानी आउने खेत थियो। बारीमा साग, आलु, काउलीजस्ता तरकारी, मास मकै आदि बाली लाग्दथ्यो। एउटा मध्यम परिवारको घरमा जे-जस्ता सुविधा हुनुपर्ने थियो त्यस्तै सुविधाको हाम्रो घर थियो। पिताले पढाउने कामको साथै आफ्नो खेतीपाती पनि गर्नुहुन्थ्यो।

सरकारी सेवाबाट निवृत्त भएका बिर्तावार सुब्बा विष्णुलाल ढकालसँग पिताको घनिष्ट सम्बन्ध थियो। त्यसैले याकुमा अध्यापन गर्न जानुभएको थियो। उनका छोरा लक्ष्मण, शङ्कर, खगेन्द्र, रामप्रसाद, लोकेन्द्र, तुलसीलगायत सबै पिताका शिष्य थिए। लक्ष्मण र शङ्करले चैनपुरमा नै मेरा पितासँग पढेका थिए। पिताजीको सुसम्बन्धका कारण उनको परिवारका सदस्यहरूसँग हाम्रो परिवारको अद्यापि घनिष्ठ सम्बन्ध रहेको छ। पिताले तेह्रथुम, चैनपुर याकु र चन्दनपुर जहाँ रहे बसे पनि शिक्षासेवाको माध्यमबाट ज्ञान र चेतना बाँड्ने काममा आफूलाई लगाउनुभयो। राणा शासनमा भाषागत ज्ञान दिने या भनौँ साक्षर बनाउने उद्देश्यले खोलेका पाठशालामा पढाउने गुरुले भाषिक ज्ञानका साथै संस्कृत वाङ्मयका ग्रन्थहरू पढाएर शिक्षित गर्ने गुरुत्तर दायित्व थियो।

# उपनयन र अध्ययन

स्मृति भूगोलको यात्रा गर्दा सम्झनाहरू नयाँ-नयाँ भएर जन्मिरहन्छन् । माङ्दिङमा बसोबास गर्ने भण्डारी कुलका व्यक्तिहरू मृत्यु भएपछि अरुण नदीको पश्चिमतर्फको किनार "लिँडे" नामक घाटमा सत्गत गर्ने परम्परा रहेछ । सो स्थानमा नै यो पङ्क्तिकारका हजुरबा र हजुरआमाको देहावसान भएपछि सत्गत गरिएको रहेछ । सोही स्थानमा पितृहरूको स्मृतिमा पिता-पितृव्यहरूले श्रीमद्भागवत पुराण लगाउनुभएको थियो । पुराणको साङ्गेका दिन सात वर्षको उमेरमा ब्राह्मण कुलको संस्कारअनुसार बा-आमाले मेरो उपनयन (व्रतबन्ध) संस्कार गरिदिनुभयो । व्यासाचार्यको रूपमा पुराण वाचन गर्नुभएका दिङ्ला गढीगाउँका बालसन्त गुरु षडानन्द अधिकारीका वंशजका पं. लक्ष्मीप्रसाद अधिकारीले नै मलाई गायत्री मन्त्रको दीक्षा दिनुभएको थियो । व्रतबन्धपूर्व नै *दुर्गा सप्तशती* र *अमरकोश* पढिसकेको थिएँ । अब भने *रुद्री* र *वेद* पढ्न लगाउनुभयो । *वेद*को दैनिक चालीस मन्त्रसम्म कण्ठाग्र सार र स्वरसहित बुझाउँथेँ । भाषा-पाठशालामा पितासँग *लघुकौमुदी* र *रघुवंश*जस्ता विषय पढ्न थालेँ । दाजुभाइहरू सबै साथमा बस्ने सल्लाहअनुसार वि.सं. २००० सालपहिले नै पिताले चन्दनपुरमा घर-खेतको व्यवस्था गर्नुभएको रहेछ । वि.सं. २००४ सालदेखि कहिले चन्दनपुर र कहिले याकू बराबर ओहोर-दोहोर गर्ने क्रम चल्यो । वि.स.२००८ सालमा मात्र पिताले याकूको भाषा- पाठशालाको सेवाबाट निवृत्ति लिनुभयो । हामी अरू परिवार भने वि.सं. २००५ सालदेखि चन्दनपुरमा बस्न थाल्यौँ ।

बाल्यापनमा हिँडेका गल्छेडाका मानसपटलमा जगेर्ना भएका केही यादहरू धावा बोलिरहन्छन् । ती कुरा उल्लेख गर्न मन लागेको छ । पिताले शुरूमा चन्दनपुरमा सैलुङ्गेबारी भन्ने स्थानमा सानो घर बनाउन लगाउनुभएको रहेछ । परिवारको सङ्ख्यामा बृद्धि हुँदा संयुक्त परिवारको लागि साँगुरो भएपछि शिवालय भएको स्थानमा जग्गा व्यवस्था गरेर बाले घर निर्माण गर्न लगाउनुभएको थियो । घर दुई तलाको थियो । भुइँ तलामा पूजा र राखनधरन गर्ने कोठा, भान्सा, मूल ओछ्यान, अँगेना आदि माथि तलामा सुत्ने बस्ने कोठाहरू, बुइँगलमा धान-चामल, अन्नपात राख्ने स्थान भएको घर । बाहिर बरण्डा मानिसहरू आउँदा भेटघाट गर्ने स्थान । ठूलो आँगन । अलिपर पाली घरमुनि भुइँतलामा ढिकी-जाँतोको व्यवस्था । पालीघरको पछाडि गाई-भैँसी, हलगोरु बाँध्ने गोठ । घरबारीको वरिपरि ५ फिट अग्लो २ हात चौडा ढुङ्गाको पर्खालले घेरिएको । बारीमा विभिन्न जातका फलहरूः सुन्तला, कागती, जुनार, दारिम, अनार,

अङ्गूर, बिमिरो, निबुवा, अम्बा, आरु, ज्यामिरलगायतका फलहरू र विभिन्न जातका फूलहरूले ढकमक्क ढाकेको बगैंचा । यस्तो थियो घरबास । त्यो समयमा पानी लिन तल रोका नाउँका जोर धारामा जानुपर्थ्यो । आमा, दिदी, बहिनी, भाउजुहरू गाग्री डोकोमा हालेर पानी लिन जानुहुन्थ्यो । नुहाउन सबै त्यही धारामा जान्थे । शौचालय अलिपर जङ्गलमा जानुपर्थ्यो । यस्तो थियो तत्कालिक परिवेशको त्यो समयको हाम्रो घर बसोबास । आजकालको जस्तो सुविधासम्पन्न घर, पानी र शौचालय कल्पना बाहिरको कुरा थिए ।

हामी गाउँ र बँसीका खेतमा हलगोरु पालेर खेती किसानी गर्थ्यौं । गाँउका खेतबारीहरू र बँसीका तीन-चार स्थानका रहेका खेतहरूमा आफैंले अन्नबाली लगाउँथ्यौं । हल गोरुहरू पालेको थियो । खेतीयाममा थप पर्म वा अलग्गै व्यवस्था गर्नुपर्थ्यो । सो क्रममा खेतबारीमा खन्ने, आली लाउने, बाउसे गर्ने, धान रोप्ने, गोड्ने, काट्ने, दाइँ गर्ने, धान, पराल बोक्ने, पर्म तिर्न जाने, मकै रोप्ने, छर्ने, कोदो रोप्नेजस्ता खेतबारीमा गर्नुपर्ने यावत् काम माहिला दाजु र मैले गर्थ्यौं । कृषि कार्य परिवारका सबै सदस्यले गर्नुपर्ने कार्य हुन् यी । यसले हाम्रो कृषि जीवनलाई प्रतिविम्बित गर्छ । बिहानदेखि दिनभर खेतबारीमा काम गर्ने, साँझमा टुकीको बत्ती बालेर बाले हामी दाजुभाइलाई संस्कृत व्याकरण, साहित्य, काव्य, कोशलगायतका पाठ दैनिक तीन-चार घण्टा पढाउने गर्नुहुन्थ्यो । यसरी खेती किसानी र पढ्ने काम सँगसँगै गर्थ्यौं । यस्तो थियो हाम्रो दैनिकी । पैसा महँगो थियो । खाद्यान्नलगायतका सामान सस्ता थिए । नयाँ लुगा लगाउन, मीठो-मसिनो खान चाडबाड पर्खनुपर्ने अवस्था थियो । अहिले त्यही ठाउँ कस्तो परिवर्तन भएछ ! बेसाहाको दर-भाउले आकाश छोएछ । सम्झँदा आफैंलाई नौलो लाग्दैछ ।

चन्दनपुरमा बस्दा माहिलाबा पं. त्रैलोक्यनाथ र काहिँलाबा पं. वेदनाथसँग पनि संस्कृतका ग्रन्थ पढ्थें । एक पटक सुनेपछि आउँथ्यो । केही अवधि खाँदबारीमा दाजु पं. हरिप्रसाद भण्डारीको साथमा रही आधार स्कूलमा पनि पढें । दश वर्षको हुँदा बाले धनकुटामा माहिलाबा पं. त्रैलोक्यनाथसँग पढ्न पठाउनुभयो । जुत्ता थिएनन् । नाङ्गा गोडा हिँड्नुपर्थ्यो । ढुङ्गाले घोचेर घाउ बनाउँथ्यो । साथीहरू थिए सिरिसेका काजीबहादुर थापा र उनका एक साथी । साइत हेरेर बिहानको तीन बजेको साइतमा काजीदाइको घरमा पुऱ्याउन आमाले मलाई लिएर जानुभएको थियो । आफ्नो सामानको भारी आफैं बोक्नुपर्थ्यो । जब हामी तीन जना ओरालो झरेर अगाडि बढ्यौं आमा रुँदै रुँदै घर फर्किएको स्मृतिकोषमा अद्यापि ताजै छ । बास बस्दा

ब्राह्मण  भएकोले मैले खाना पकाउनुपर्थ्यो । चम्का लगाएको चुल्होबाट भातको भाँडो निकाल्न गाह्रो हुन्थ्यो । चुल्हाबाट मलाई चाहिने भात पस्केर अलिकति सरेर खान्थैं । दाइहरू चुल्होबाटै आफैँ झिकेर खान्थे । सभा खोला, पिलुवा खोला उनीहरूले नै बोकेर तारे । पिलुवा खोलामा ठूलाठूला चिप्ले ढुङ्गा थिए । अजिङ्गर बसेर यस्तो आकार भएको भनेर सम्झाउँथे । नाङ्गा गोडाले अक्करको भीरमा हिँड्न साह्रै कठिन थियो । बाटो डरलाग्दो । माथि अजङ्गको अग्लो पहाड, हेर्दा टोपी नै खस्ने ! तल अरुण नदीमा भुमरी परेको नीलो दह, हेर्दै कहालीलाग्दो । यस्ता कतिपय स्थानमा दाइहरूले समातेर हिँडाए । अहिले ती खोलाहरूमा पुल बनेका छन् । अक्करमा मोटर चल्ने बाटो बनेको छ भन्छन् । पहिलेको जस्तो सास्ती अहिले छैन । पहिले हाम्रो समयमा यस्तो थियो भन्दा नयाँ पुस्तालाई कथाजस्तो लाग्न सक्छ । पहिलो दिनको बास तुम्लिङटारमा परेको थियो ।  दोस्रो बास दियालेमा । त्यहाँ पहिलोपटक मैले पसलमा सिसा-कलम देखेँ । सिसा-कलमले पसलेको छोराले लेखेको देखेर म लोभिएँ तर मसँग किन्ने पैसा पनि थिएन । दियालेदेखि पाख्रीबाससम्मको उकालो काटियो । पाख्रीवासमा बिहानको खाना तितेपातीका सिम्टा (मसिना झिक्रा) नबलेर पकाउन धौ-धौ पऱ्यो । मुस्किलले भात अधकल्चो पाक्यो । त्यही खाइयो । यसरी धनकुटाको माहिलाबाले पढाउने पाठशाला पुगियो ।

माहिलाबाले मलाई अत्यन्त माया-ममता र स्नेहसाथ राख्नुभयो । उहाँको स्नेह र माया स्मृतिकोषमा टाँस्सिएर अविस्मरणीय बनेको छ । पछि दाजुहरू विष्णु र प्रेमचन्द पनि आउनुभयो । छात्रको रूपमा बिहान स्नान गरी चोखो पानी लिएर आउने, पूजापाठको तयारी गरी दैनिक शिवको पूजा रुद्री गर्ने, बिहानको खाना पकाउन तयार गर्ने । तरकारी र अचार बनाउने काम दाजुभाइले गर्थ्यौं । दाल-भात भने माहिलाबा आफैँले पकाउनुहुन्थ्यो । स्वयम्पाकी हुनुहुन्थ्यो । खानापछि भाँडा माझ्ने काम गर्थ्यौं । उहाँसँग *संस्कृत व्याकरण, साहित्य, काव्य, कोश*लगायत पढैं । म उहाँको प्रिय शिष्य थिएँ । उहाँले मभन्दा माथिल्लो पाठ पढने छात्रहरूसँग राखेर तलमाथि दुबैतिरको पाठ पढाएर मलाई अघि बढाउनुहुन्थ्यो । माथिल्लो पाठ पढ्नेहरूलाई मैले सिकाउनुपर्थ्यो । यसरी मलाई अघि बढाउने काम गर्नुहुन्थ्यो । एकपटक सुनेपछि कण्ठस्थ आउँथ्यो । उहाँ बराबर यसलाई योग्य मानिस बनाउँछु भन्नुहुन्थ्यो । उहाँ दिङ्लाका ख्यातिप्राप्त गुरु आबाल ब्रह्मचारीको प्रिय शिष्य हुनुहुन्थ्यो । गुरुको आशिष्ले उहाँमा वाक्सिद्धि थियो । उहाँको बोलीले पूर्वाञ्चल क्षेत्रमा महत्त्व राख्तथ्यो । त्यसैले होला उहाँको आशिष्ले म योग्य नागरिक बन्न सफल भएँ भन्ने आजकल अनुभूति हुन थालेको छ । केही अवधि पिताले

पढाउनुभएको याकूस्थित पाठशाला नि.मा.वि.मा परिणत भएपछि दाजु गणेशप्रसाद भण्डारी प्रधानाध्यापकमा रहेको अवस्थामा मैले पनि *नेपाली* र *संस्कृत* पढाउने काम गरैं। मैले एउटै विद्यालयमा रही निरन्तर पढ्ने अवसर भने पाइनँ। त्यस्ता सम्झनाहरू मनमा पौडिरहन्छन्।

अध्ययनको क्रममा विभिन्न स्थानको परिक्रमापश्चात् दाजुहरूको पछि लागेर बनारसमा अध्ययन गर्न जाने भएँ। बा धरानसम्म पुऱ्याउन आउनुभयो। चन्दनपुर घरबाट चार दिन पैदल यात्रापछि पहिलो पटक धरान आएको थिएँ। नाङ्गा गोडा हिँडेर आएको थिएँ। दाजु प्रेमचन्द्र र म तीन वर्षसम्म बनारसको दूधविनायकमा सँगै बसेर पढ्यौं। बनारस बस्दा जाँच दिएर पहाडको घर र धरान आउने र पढाइ शुरू हुने समयमा बनारस गएर पढने काम गरिन्थ्यो। तीन वर्षसम्मको परिश्रमबाट पूर्वमध्यमा, उत्तरमध्यमा खण्ड-खण्ड गरेर वाराणसेय संस्कृत विश्वबिदालबाट संस्कृत साहित्यमा मध्यमा परीक्षा राम्रो श्रेणीमा समुत्तीर्ण गरैं। पछि संस्कृततर्फको उच्च अध्ययन चटक्कै छाडी एकै वर्षमा धरान रात्रि हाईस्कूलबाट एस्.एल्.सी परीक्षा दिई राम्रो श्रेणीमा उत्तीर्ण गरैं। सो स्कूलमा चन्द्रशेखर श्रेष्ठ प्रधानाध्यापक हुनुहुन्थ्यो। उहाँले स्नेहका साथ पढाउनुहुन्थ्यो। म उहाँको प्रिय विद्यार्थी थिएँ। धरान महेन्द्र कलेजमा आई.ए. र बी.ए. अङ्ग्रेजी, राजनीतिशास्त्र, अर्थशास्त्र र नेपाली साहित्य लिएर अध्ययन गरी समुत्तीर्ण गरेपछि काठमाडौं आई त्रिभुवन विश्वविद्यालयमा एम्. ए.अर्थशास्त्र विषय लिई अध्ययन गरैं। धरानको कलेजमा प्रिन्सिपल प्रा. महाप्रसाद रिजालले राजनीतिशास्त्र, प्रा.राजेन्द्र सहा.र प्रा. आनन्ददेव भट्टले अङ्ग्रेजी, प्रा. गुरु टीकाप्रसाद वस्तीले नेपाली, प्रा. एन् डी. पाण्डे र शालिग्राम पाण्डेले अर्थशास्त्र पढाउनुहुन्थ्यो। अर्थशास्त्रको अध्ययन र अभिरुचिबाट सन्तुष्ट प्रा. एन.डी. पाण्डे, प्रा. शालिग्राम पाण्डे, पछि त्रिभुवन विश्वविद्यालयका प्रा. कृष्णप्रसाद शर्मा, प्रा. डा. बद्रीप्रसाद श्रेष्ठ, प्रा. शाम्भदेव पाण्डेहरूबाट दिल्लीमा अर्थशास्त्र पढ्न जान प्रेरणा थियो तर व्यावहारिक कठिनाइले गर्दा तत्काल अध्ययन गर्न जान मलाई अनुकूल परेन। प्रतिकूल परिस्थितिवस एम्.ए.पनि पूरा गर्न बाधा पऱ्यो। पछि व्यक्तिगत छात्र (प्राइभेट) को रूपमा त्रि.वि.वि.बाट नेपाली साहित्यमा एम्.ए. र कानूनतर्फ बी.एल. पूरा गरैं। यसैमा सन्तुष्ट भएँ। यो उमेरमा पनि बितेका दिनहरूको याद अचाक्ली आउँदोरहेछ।

# वैवाहिक सम्बन्ध र परिवार

कुनै पनि व्यक्तिको जीवनमा विवाहको महत्त्व अत्यधिक हुन्छ। जीवनमा विवाहपूर्व प्रेम भन्ने अनुभव थिएन। विवाहपछि श्रीमतीसँगको प्रेम नै अमूल्य रह्यो। धरान महेन्द्र कलेजमा अध्ययनरत रहेकै समयमा विवाह गर्न आमाबाले पटक-पटक प्रस्ताव गर्नुभएको थियो। मैले आफ्नो अध्ययन पूरा गरी आफ्नो आयबाट परिवार पाल्न सक्ने स्थिति नहुन्जेल विवाह नगर्ने आफ्नो मत राख्दै आएको थिएँ। स्नातक उत्तीर्ण भएपछि उच्च अध्ययन गर्न काठमाडौँ आएँ। यता अध्ययन पूरा गरी सरकारी सेवामा प्रवेश गरेँ। त्यसपछि पनि आमाबाले बिहे गर्न बराबर भनिरहनुभएको थियो। सेवा प्रवेश गरेपछि आमाबाले तयार गर्नुभएको रहेछ– खोटाङ मार्सेका "चार तले रेग्मी परिवार"को सम्बोधनबाट प्रसिद्धि पाएर विराटनगरमा घरजम गरी बसेका रेग्मी परिवारका जगन्नाथ र श्रीमती यशोदा रेग्मी दम्पतीकी कान्छी सुपुत्री कल्पनासँग। उहाँहरूको प्रस्तावलाई मैले सहमति जनाएँ। उताबाट पनि सहमति भएपछि उनको र मेरो वि.सं. २०२४ साल असार १० गते विधिवत् हरिहर क्षेत्र चतरामा शुभ-विवाह सम्पन्न भएको हो।

त्यो विवाहबाट शुरू भएको हाम्रो गृहस्थी शान्तसँग हाँसी-खुशी रमाएर चलेको छ। घर-व्यवहारमा कल्पनाले सबै जिम्मेवारी निर्वाह गरेर मलाई अन्य काम गर्न आरामदायी सुविधा र सहयोग दिएकी छन्। हाम्रो विचार अन्तर्मनदेखि नै मिलेको छ। हाम्रा चार सन्ततिमा छोरी सिर्जना र सान्त्वना, छोरा सञ्जीव र शशाङ्कलाई पालन-पोषण गर्न, हुर्काउन, बढाउन र शिक्षा दीक्षामा उनको दरिलो हात रहेको छ। त्यसको परिणाम सबैले आ-आफ्नो रुचिअनुसार शिक्षा प्राप्त गरेर आ-आफ्ना काम गर्दै छन्।

सिर्जना मानविकीमा स्नातक उत्तीर्ण गरी २५ वर्षसम्म एउटा आई. एन. जी. ओ.मा कार्य गरी सेवाबाट निवृत्ति लिएकी छन्। ज्वाइँ नवराज बराल नेपाल सरकारमा सिभिल इन्जिनियरको सेवामा रही २५ वर्षको सेवापश्चात् स्वेच्छिक अवकाश लिएर प्राविधिक शिक्षालय सञ्चालनमा क्रियाशील हुनुहुन्छ। नाति गालब कम्प्युटर सफ्टवेयर विषयमा स्नातकोत्तर गरी नर्सिङ सेवारत आराधनासँग वैवाहिकसूत्रमा आबद्ध भै अस्ट्रेलियाको क्यानबेरामा हाँसीखुशी बसेका छन्। नातिनी सुदीक्षा एम.बी.बी.एस.(डाक्टर) भएकी छन्। हाल स्वीडेनमा अग्रिम अध्ययन गर्दै छिन्। सान्त्वनाले पनि वाणिज्यशास्त्रमा स्नातक उत्तीर्ण गरी ज्वाइँ केशवप्रसाद पोखरेल (इलेक्ट्रोनिक इन्जिनियर एम्.ई.) का साथमा बेलायतमा

कार्यरत छिन्। नाति रिदम पोखरेलले कम्प्युटर विषयमा स्नातक उत्तीर्ण गरी बेलायतमा नै कार्यरत छन् भने नातिनी रेया अध्ययन गर्दैछिन्। दुवै छोरीहरूको गृहस्थी हाँसी-खुशी चलेको छ।

छोरा सञ्जीवले मेडिकलमा उच्चशिक्षा वि.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानबाट एम्.बी.बी.एस्. न्याम्स् (नेपाल) बाट एम.डी (Ophthalmology), बेलायतबाट एम. सी. एच. (विशिष्ट श्रेणीसहित) Master of Chirurgie in Ophthalmology (University of Edinburgh) समुत्तीर्ण, अस्ट्रेलियाको सिड्नी विश्वविद्यालयबाट पी.एच.डी. Doctor of philosophy (University of Sydney) गरी अमेरिकाको नेशनल इन्स्टिच्युट अफ हेल्थबाट Fellowship in Medical Retina (National Eye Institute, Bethesda Maryland U.S.A.) दुई वर्षे फेलोशिप पूरा गरी अमेरिकाको मेरिल्याण्ड राज्यमा आँखा विशेषज्ञको रूपमा सेवा गरेका छन् भने हाल Gulf Coast Eye Institute McAllen,Texas.मा Ophthalmologist -vitreoretina and cataract surgeon.को रूपमा सेवा गर्दै आएका छन्। बुहारी चेरिना पनि मेडिकल डाक्टर हुन्। उनी पनि उच्च अध्ययनको क्रममा छिन्। नाति सचेत पढ्दैछ, श्रेयस सानै छ। कान्छो छोरा शशाङ्कले पनि अमेरिकाको टेक्सास विश्वविद्यालय, डलासबाट कम्प्युटर सफ्टवेयर विषयमा स्नातकोत्तर (एम्.एस्.) र वासिङ्टन विश्वविद्यालय सेन्टलुइसबाट एम् वि.ए. गरी अमेरिकाको सान्फ्रान्सिस्कोमा कार्यरत रहेको छ भने बुहारी स्नेहा पनि नर्सिङ अध्ययन पूरा गरी त्यहीँ सेवारत छिन्। सबैको जीवन हाँसी-खुशी चलेको छ। सबै सन्तान आ-आफ्ना रुचिका विषय अध्ययन गरी आ-आफ्ना काममा लागेकाले हामी दम्पती खुशी छौं।

यी सन्तानकी आमा सरल स्वभाव, मृदुभाषी र असल संस्कारयुक्त छिन्। परिवारका सदस्य एवम् आफन्तको मन जित्न सफल छिन्। माया, ममता र वात्सल्य उनका बिर्सी नसक्ने गुण हुन्। अरूलाई दिन हात फुक्का, दयालु, धार्मिक प्रवृत्ति, हरहमेसा व्रत, उपवासमा रमाउने स्वभावले उनी परिवारकी छहारी बनेकी छन्। आफ्नो गुण सन्तानमा सार्न पनि सफल छिन्। नीतिले भन्छ; "पति पत्नी, स्वयम् साथी मान्छेका शक्ति पुञ्ज हुन्"।

# सम्भावना बोकेको सङ्खुवासभा

म जन्मिएको जिल्ला सङ्खुवासभाको स्मृति विवरण हो यो। भौगोलिक विशेषता र समृद्धिका सम्भावनाको कथा हो। नेपालमा हिमाली जिल्लामध्ये सङ्खुवासभा पनि एक हो। "हिमाल" शब्दले उच्च शिखरहरूलाई सम्बोधन गर्छ, जहाँ बाह्रै महिना हिमपात भइरहन्छ। साथै हिमशिखरले भौगोलिक विकटता, भौगर्भिक रहस्य र जैविक विविधताको पनि संवहन गरेको छ। उच्च क्षेत्रबाट तल्लो क्षेत्रमा क्रमशःतापक्रम बढ्दै जाने हावापानी, तरेली परेका पहाड-पर्वत, उच्च बेगमा दक्षिणतर्फ हान्निएका विशाल नदीहरू जनजीवनका आधार भएका छन् भने यसले भौगोलिक विविधता, प्राकृतिक सम्पदा र सांस्कृतिक वैभवता प्रदान गरेको छ। अझ बाढी पहिरो र बेलाबेलामा आउने भूकम्पीय प्रहारबाट पनि प्रभावित छ। हिमाली क्षेत्रमा अत्यधिक हिउँ, वायुमण्डलमा कम अक्सिजन, सुक्खा र चट्टानी धरातल, न्यून वर्षा र अत्यधिक चिसोका कारण जनजीवन कष्टकर बनाएको छ भने दक्षिणी भागमा सयौँ वर्षदेखिको मानव बसोबास, आवत-जावत र विविध सभ्यताले पनि भरिपूर्ण छ यहाँको भूगोल। भनिन्छ हिमालय उत्पत्तिको पाँच करोड वर्षअघिको भौगर्भिक घटनादेखि हालसम्मको नेपाल, तिब्बत, चीन र भारतको समकालीन आर्थिक, सांस्कृतिक, भाषिक, राजनीतिक एवम् संस्कार र संस्कृतिले सुसम्पन्न बनाएको छ ।

नेपाल हिमालयबाट परिचित छ। विश्वको सर्वोच्च शिखर सगरमाथा नेपालमा नै अवस्थित छ। त्यसैले इतिहास शिरोमणि बाबुराम आचार्यले आकाश छुने शिखर भनी "सगरमाथा"को नामकरण गरे। संसारको उच्चतम् चुचुरा १४ मध्ये ८ वटा नेपालमा नै रहनु नेपाल शिखरहरूमा पनि धनी हुनु हो। यिनै उच्च हिमालय रसाएर निस्कने असङ्ख्य जीवनदायिनी हिमनदीहरूले नेपाललाई सिञ्चन गरी हराभरा बनाएका छन् र यो क्षेत्रका करीब २ अर्बभन्दा बढी जनसमुदायलाई पानी उपलब्ध गराएका छन्। यी नदीहरू नेपाली संस्कृतिका मिथकीय गङ्गा हुन्। मानव मनका मानसरोवर हुन्। नदी र मानव जीवनको सम्बन्ध सृष्टिको प्रभातदेखि नै अटूट रहेको छ। नदी भन्नु पानी वा यसका ढुङ्गा, बालुवा मात्र होइन, यसले मृत्युपश्चात् पनि अनन्त यात्रा गराउँछ। नदीले व्यवसायिक मत्स्य व्यवसायको बृद्धि गराउँछ। नदीबाट विद्युत् विकासको अभिवृद्धि हुन्छ। मृत्यु भएकाहरू यसैमा समाहित भएर जान्छन्। यति मात्र होइन, सिँचाइ, कृषि, पर्व-मेला, स्नान, पूजा र मानवको अन्तिम विश्राम गर्ने पवित्रस्थल हो- नदी। त्यसैले अटूट नाता रहेको छ

नदीसँग मानव जीवनको । हुन पनि विश्वका प्रमुख मानव सभ्यता नदी किनाराबाट विकसित भएका हुन् । नदी सभ्यता मानव जीवनसँगको प्राचीनतम सभ्यताको रूपमा स्थापित छ । ठूला-ठूला नगर नदी किनारामा नै विकसित भएका यसका उज्ज्वल पक्ष हुन् । पिउने पानी, सिँचाइ, जल यातायात, जल विद्युत्, आधुनिक कृषि व्यवसायजस्ता अथाह सुविधा नदीहरूबाट प्राप्त हुनाले नदीहरूको महत्त्व दिनानुदिन बृद्धि हुँदै गएको हो ।

नेपालमा हिमाल, पहाड, उपत्यका र समतल तराई भूभाग अवस्थित छ । सबै भूभागको उत्तिकै महत्त्व र उपयोगिता छ । त्यसमा पनि सबैभन्दा बढी हिमाल र पहाडको योगदान रहेको छ । हिमाल वा पहाडको महत्त्व र योगदानको वास्तविकता कमैले मात्र बुझेका हुन्छन् । "हिमाल वा पहाडको परिभाषा नै छैन" भन्छन् डा. हर्क गुरुङ । पहाडको उकाली-ओराली, भिर, खोँच, नदी खोला मात्र पहाड होइनन्, उच्च हिमाल, हिँउ, नदी, खोला, हरिया वन र वनस्पति, स्थलचर, जलचर, नभचर, उभयचर, जीव, जन्तु यावत सबै पहाड हुन् । प्रकृति, पर्यावरण वा वातावरण पनि पहाड हुन् । उच्च हिमाल र पहाड नभए हिँउ पर्दैन । हिँउ नपरे पानीको स्रोत नै निर्माण हुँदैन । पहाडले आफूभित्र नै पानी सञ्चित गरेर जल भण्डारको रूपमा नदी र खोलालाई बाह्रै महिना पानीका स्रोत उपलब्ध गराउछन् भने नदीले पहाड, उपत्यका र समतल (तराई)स्थानमा भित्रभित्रै पानी पुऱ्याएर सबै भूभागलाई अन्न-बाली र वनस्पतिले हराभरा, रसिला र जीवनोपयोगी बनाउँछन्, पर्यावरण वातावरण सुरक्षित राख्छन् । हिमाल पहाड नहुँदो हो त नेपाल मरुभूमि हुन्थ्यो । नदी-खोला, वन-वनस्पति, जीव-जन्तुलगायत केही हुँदैन थिए । अन्न र अन्य खाद्यवस्तु उब्जनी नहुँदा मानिसले लाउन र खान नपाएर दुःख पाउनुपर्थ्यो । यस्तो अमृतरूपी अजस्र पानीको स्रोत सञ्चय गरी नदीको रूपमा पस्कने पहाड गुनै गुनले भरिपूर्ण छन् । यस्तो सुरम्य स्थानमा बसोबास गर्ने बहुजाति छन् । तिनमा बाहुन, क्षेत्री, नेवार, राई, लिम्बु, तामाङ, मगर, गुरुङ, शेर्पा, भोटे, कुमाल, दमाई, कामी, सार्की आदि छन् । सबैको आ-आफ्नो जातीय परम्परा र संस्कृति छ, भाषा छ । कोही हिन्दू र कोही बुद्धमार्गी पनि छन् । यस्तो समागमले मनोरम इन्द्रेनीमय भएको छ । सबैमा सौहार्दता र आपसी घनिष्ठताले ओतप्रोत छ ।

प्राकृतिक भूबनौट र सम्पदाले भरिपूर्ण जिल्लामध्ये सङ्खुवासभा पनि एक हो । यसको अवस्थिति अत्यन्त राम्रो छ । विश्वको पाँचौँ उच्च हिमाल मकालु प्रथम (८४६३ मिटर ), मकालु द्वितीय ७६७८, चम्लाङ (७३१९मिटर ),वरुणत्से (७१२ ९ मिटर), हिउँचुली (६४२४ मिटर), कुम्भकर्ण (५८५९मिटर) लगायत अन्य

रमणीय शिखरहरूले सुशोभित छ। यी शिखरहरूमा पर्वतारोहीहरूको आकर्षण छ। उनीहरू शिखर आरोहण गर्न जाने गर्छन्। विश्वकै सबैभन्दा होचा अरुण, बरूण र साल्दिमजस्ता रमणीय उपत्यका यसमा छन्। तिब्बतबाट हिमालय हुँदै बग्ने सबैभन्दा लामो नदी अरुण यही जिल्ला भएर बग्दछ। बरूण नदी उपत्यकामा नै अरुणमा मिसिन्छ। शिवधारा वालिङ झरना, बाघा झरना, कालीखोला झरनाजस्ता अनगिन्ती झरनाहरू र तालहरू छन्। ३६६८.१७ वर्ग कि.मि.को क्षेत्रफल भएको यो क्षेत्र बहुभाषी, बहुसंस्कृति र बहुजातिको इन्द्रेणीले सुसज्जित छ। यो क्षेत्र आदिकालदेखिकै इतिहास, समुदाय, संस्कार र संस्कृति, परम्परा, जीवनशैली र आ-आफ्ना मौलिक भाषाले समृद्ध छ। हाम्रो सभ्यता र संस्कृति हाम्रा हिमाल, पहाड, नदीहरूका सङ्गम, नदी एवम् पहाडको खोँचबाट निर्माण भएको छ। जल, जमीन र जङ्गलले परिपूर्ण छ। प्राकृतिक सम्पदा र वैभवको प्रचुरताले परिपूर्ण, रमणीय र मनोहर छ। ऐतिहासिक, सामाजिक, बहुसांस्कृतिक, साहित्यिक, बहुभाषिक लोकजीवनले सुरम्य बनेको छ। आपसी सद्भाव, सहयोग र घनिष्ठताले समाज परिपूर्ण र ओतप्रोत छ ।

यहाँ उच्च शिखरहरू, रमणीय उपत्यका, उर्वर शस्यश्यामला भूमि, प्राकृतिक जडीबुटी, जलस्रोतको अधिकता, परिश्रमी जनता र बहुविध वनस्पति र बहुखानीको प्राचुर्य छ। यस क्षेत्रमा बसोबास गर्ने बहुजाति, बहुभाषी, बहुसंस्कृति भएका समुदायको बीचमा आपसी मैत्रीभाव र एकता छ। बहुभाषिक र बहुसांस्कृतिक सङ्गम प्राचीनकालदेखिकै यस क्षेत्रको ताकत बनेको छ ।

यो जिल्ला प्राकृतिक सम्पदामा पनि समृद्ध छ। मकालु हिमाल, मकालु अरुण, बरूण उपत्यका क्षेत्र यहाँको ठूलो सम्पत्ति हो। हिमाली क्षेत्रमा यार्सागुम्बा, पाँचऔँले, शिलाजित, चिराइतोजस्ता विविध जडीबुटी प्रशस्त उब्जनी हुन्छन्। चिसो हावापानी भएको स्थानमा स्याउलगायत अन्य फलको खेती गर्न सकिन्छ। माथिल्लो चरन भेगमा पशुपालन, चिस्यान क्षेत्रमा अलैँची, आलु, उवा, जौजस्ता उब्जनी यहाँका थप विशेषता हुन् भने तल्लो फेद बेँसीको शस्यश्यामला भूमि कृषि उब्जनी खासगरी धान, मकै र कोदोजस्ता अन्नका भण्डार हुन्। जिल्लाको स्थान विशेषअनुसार उत्पादन हुने विविध जातिका फलफूललगायत अन्य कृषि व्यवसायको प्रशस्त संभावना छन्। यस जिल्लालाई धार्मिक महत्त्वको रुद्राक्षको भण्डार मानिन्छ। बहुमूल्य १ मुखेदेखि २८ मुखेसम्म रुद्राक्ष यहाँ पाइन्छन्। मुखको गणनाको आधारमा महत्त्व र मूल्य निर्धारण गर्ने गरिन्छ। रुद्राक्षले यो जिल्लाको ख्यातिमा मात्र होइन, अर्थोपार्जनमा पनि समृद्ध छ। यहाँको सक्खर पनि नामी रहेको

छ। परम्परागत स्थानीय राडी-पाखी, गलैँचाहरूको उत्पादन र बजार बढ्दै गएको छ। यस क्षेत्रको अल्लोबाट उत्पादित कपडाहरू लोकप्रिय छन्। यसको माग उच्च छ। यो क्षेत्रमा घुम्न जाने जोसुकैले कोसेलीको रूपमा अल्लोका कपडा लिएर जान्छन् र कोट, टोपीजस्ता विविध सामानहरू बनाउँछन् । यस्ता कपडा बेलायती उनीसरह मानिन्छन्।

जिल्लामा हवाई यातायातले तुम्लिङ्टार र कोशी राजमार्गले जोडेको यस क्षेत्रमा पर्वतारोहण, पदयात्रा र पर्यटनक्षेत्रको विकास सहज भएको छ। मनकामना, सिद्धकाली, चैनपुर, खाँदबारी, गुराँसको राजधानी तीनजुरे, सभापोखरी, किमाथाङ्का, अरुण, बरूण र साल्दिम उपत्यकालगायत क्षेत्रलाई पदयात्रामा समेटेर पर्यटनक्षेत्र विकास गर्ने पूर्वाधार तयार भएको छ। सडक सञ्जालले सहज भएका स्थानमध्ये दिङ्ला, भोजपुर, धनकुटा, तेह्रथुम र ताप्लेजुङ जिल्लालाई पनि पर्यटनमा जोडेको छ। जैविक विविधताले सम्पन्न मकालु वरुण राष्ट्रिय निकुञ्ज छ। सम्पदाको रूपमा मनकामना, सिद्धकाली, सतीघाट, गुफापोखरी, शिवधारा, पार्वतीगुफा, धनपोखरी, धर्मदेवी, बानेश्वर, बालेश्वर, नागेश्वर गुफा, शिवधारा, सभापोखरी, नुनढाकी, मेन्छेमचुलीजस्ता धार्मिक एवम् अरुण उपत्यका, याङ्गुम्बा, गुम्बाहरू आदि रमणीय स्थलहरू रहेका छन्। यी स्थानहरू पर्यटकको आकर्षक केन्द्र बनेका छन्। उच्च रमणीय शिखर मकालु र अन्य हिमाल पर्वतारोहण र पर्यटकको आगमनलाई सहज र सुगम हुँदैछन्। अझै सहज बनाउनु आवश्यक छ।

अरुण उपत्यकामा पाइने ६५० भन्दा बढी प्रजातिका चराचुरुङ्गीहरू र ८०० भन्दा बढी प्रजातिका पुतलीहरू अध्ययन गर्न संसारभरका विद्वत्वर्ग आउन सक्छन्। यहाँको जैविक विविधता र पर्यावरणको अध्ययन एवम् अनुसन्धान गर्न अमेरिकाको एरिजोना राज्यमा पर्ने ग्रयाण्ड केन्योनमा जस्तै स्वदेश र विदेशबाट पर्यटक एवम् अन्वेषकहरू आउन सक्छन्। स्मरणीय छ यो पङ्क्तिकार वि.सं. २०७० मा अमेरिकाको एरिजोना राज्यमा पर्ने ग्रयाण्ड केन्योनको तल्लो क्षेत्र भ्रमणमा जाँदा सो क्षेत्रमा मात्र पथप्रदर्शकहरूले प्रतिवर्ष न्यूनतम पचास लाखभन्दा बढी पर्यटकहरू यहाँ भ्रमणमा आउछन् भन्दथे। यहाँ पनि ती विषयमा अध्ययन र भ्रमणमा आउनेको सङ्ख्या निरन्तर बढ्ने सम्भावना उच्च छ। यसका लागि सहज यातायात, होटल र खाने र बस्ने सुविधाको (होमस्टे) व्यवस्था गरेर स्थानीय खानपान, संस्कृति र परम्पराको प्रचार गर्नु आवश्यक छ। यहाँ टुर्मालिन बहुमूल्य खनिजरत्न, सुनखानी र हिराखानी छन् भन्छन् जानकारहरू। यस्ता संभाव्यताका

क्षेत्र असीमित छन् । समुचित अन्वेषण गरी उत्पादन गर्न सके जिल्ला आत्मनिर्भर मात्र होइन अन्य क्षेत्रभन्दा बढी समृद्ध बन्न सक्छ ।

जलस्रोतमा नेपालको धनी क्षेत्रमध्ये यो क्षेत्र पनि एक हो । यहाँका नदीहरूमा जलविद्युत्को अथाह भण्डार र संभाव्यता छ। वि.सं. २०४८ मा तत्कालिक सरकारले समयमा निर्णय गर्न नसक्ता ९०० नौ सय मेगावाट क्षमताको अरुण ३ जलविद्युत् आयोजनाले मूर्तरूप लिन पाएन । विश्व बैङ्कले अनुदानमा बनाइदिने भनिएको सो आयोजनाले मूर्तरूप लिन सकेको भए पूर्वाञ्चल क्षेत्र मात्र उज्यालो हुने थिएन; अरबौं रूपियाँको जलविद्युत् निकास गरेर सबैभन्दा समृद्ध क्षेत्र हुने थियो । पछि भारतीय सतलज कम्पनीलाई बनाउन दिए पनि पूरा हुन सकेको छैन । अरुण नदीकै तल्लो तटीय क्षेत्रमा पर्ने ६७९ छ सय उनासी मेगावाट क्षमताको अर्को आयोजना पनि सोही कम्पनीलाई सुम्पेको छ। हालै २५६६ औं बुद्ध जयन्तीको अवसरमा नेपालको लुम्बिनीमा आएका भारतीय प्रधानमन्त्री र नेपालका प्रधानमन्त्रीको रोहवरमा भएको सम्झौताले अरुण ४ को ६९५ छ सय पन्चान्नब्बे मेगावाट क्षमताको अर्ध जलाशययुक्त आयोजना पनि उही भारतीय सतलज र नेपाल विद्युत् प्रधिकरणले संयुक्त रूपमा लगानी गरेर जलविद्युत् निर्माण गर्ने सम्झौता भएको छ । त्यस्तै अन्य– सभा, पिलुवा, मावा, इर्खू आदि खोलाहरूमा केही जलविद्युत्का आयोजना निर्माणाधीन छन् भने अन्य योजना संभाव्यताको अध्ययनमा छन् । यसरी जलस्रोतमा यो जिल्ला नेपालकै सम्पन्न जिल्लामा दरिएको छ। यसरी पर्यटन, पर्वतारोहण, कृषि, शिक्षा, घरेलु उद्यम, इनर्जी र पूर्वाधारका सम्भावना क्षेत्रहरू अनगिन्ती छन् । स्थलमार्ग, हवाइमार्गले जोडिएको यस स्थानलाई जलमार्गले सजिलै जोड्न सकिन्छ ।

यो क्षेत्रलाई पल्लो किराँत पनि भनिन्छ । पल्लो किराँत कसरी हुन गए छ ? नेपालको प्राचीनकालीन इतिहास अध्ययन गर्दा नेपालमा गोपाल वंश, महिषपाल वंश, किराँत वंश, लिच्छवि वंश, मल्ल वंश र त्यस पछि शाह वंशको शासन कायम भएको देखिन्छ । ई.पू. ११०० वर्षअघि प्रथम किराँती राजा यलम्बर हाङ्ले काठमाडौँ उपत्यकाका महिषपाल आभीर वंशका राजा भुवनसिंहलाई हराएपछि किराँत वंशको राज्य कायम भएको थियो । किराँत राजाहरूले २६७२ वर्ष (सु. प्रेमबहादुर मावोहाङ) १७४० वर्ष (नयनाथ पौडेल) शासन गरेका थिए । पछि सन् ११० वि.सं. १६७ मा लिच्छविहरूबाट पराजित भएपछि (प्रकाश वस्ती; *हाम्रो कानूनी इतिहासको नालीबेली*) किराँतहरू नेपालको पूर्वतर्फ लागे । काठमाडौँ उपत्यका पूर्व बनेपादेखि लिखु खोलासम्म वल्लो किराँत, लिखु खोला पारिदेखि

अरुण नदीसम्म माझ किराँत, अरुण नदी पारिदेखि मेची पूर्व पानीढलोसम्म पल्लो किराँत र विजयपुर कोशी टिष्टा चौडण्डी कमला कोशीमा किराँतहरूको बसोबास भए छ। त्यसबेला दश किराँत सरदार हाङहरूको प्रभाव र प्रभुत्व थियो। यिनीहरूको रीतिस्थिति, सामाजिक तथा धार्मिक स्थिति नै कानून थियो। यिनीहरूले आफ्ना रीतिस्थिति, कानूनी व्यवस्था र न्यायप्रणालीलाई पनि साथै लगेर व्यवहारमा लागू गरेका थिए। बडामहाराज पृथ्वीनारायण शाहले मकवानपुर विजय हासिल गरेपछि वि.स.१८३० मा दश लिम्बूहरूलाई लेखेको पत्रमा "मेरो आधिपत्य स्वीकार गर। तिमीहरूको रीतिस्थितिमा दखल हुनेछैन, कायम रहनेछ" भनेर लेखेको पाइन्छ। पछि वि.सं. १८३१ मा गोरखा र दश लिम्बूबीच वार्ता-सन्धी भई लालमोहर जारी भयो। लिम्बूहरूलाई उनीहरूको क्षेत्रमा तिरो बुझाउन नपर्ने गरी किपट र किपट जग्गा लिम्बूबाहेक अरूलाई बेचबिखन गर्न नपाउने, हक-हस्तान्तरण गर्न परे भोगबन्धकी मात्र गर्न पाउनेसमेतका व्यवस्था भए। एक किसिमको स्वशासनको व्यवस्था कायम भयो। (*हाम्रो कानूनी इतिहासको नालीबेली,* प्रकाश वस्ती पृष्ठ ५१, ५२) यसरी अरुण नदीको पारी परेको यो क्षेत्र पल्लो किराँत कायम भएछ।

लालमोहरको बन्दोबस्तीअनुसार वि.सं. १८३७ सालदेखि रू. ६०। मालपोत सिर्तो बुझाउने गरी जग्गा सरकारलाई दिने व्यक्तिलाई सुब्बा पदवी दिइयो। १८८४/८५ देखि यो रकम घटाएर रू. ३०। वा ६० मुरी माटोको जग्गा बुझाए सुब्बा दिने र रू. १५। वा ३० मुरी माटो बुझाए राई /माझिया पदवी दिने प्रचलन गरियो। १८६७ सालमा आठराई र छथरथुममा सात सुब्बा थिए। किपट जग्गा बिक्री गरेमा रैकरसरह हुने र भोगबन्धकी नै राजीनामासरह हुने व्यवस्था १९४० मा गरियो। किपट उन्मूलन हुँदा ८०४ सुब्बा र राई थिए (भागीराम इङनाम )।

किराँतहरूको शासन व्यवस्थामा मुन्धुम नै शासनको मुख्य आधार थियो। यसैलाई आधार मानेर किराँतहरूले आफ्नो शासन व्यवस्था जारी राखेकाले यो व्यवस्था जीवित रह्यो। मुन्धुम भनेको किराँतहरूको वेद हो। यही मुन्धुमअन्तर्गत खासेन खारेन नियमअनुसार न्यायप्रशासन चल्थ्यो। यसमा न्यायप्रशासनका कार्यविधि, इन्साफ र दण्डविधानका विषयसमेत समावेश थिए।

मुन्धुममा न्याय र कानूनका विविध विषय उल्लेख छन्। सो को अतिरिक्त जन्म, विवाह, मृत्यु संस्कार आदिका विभिन्न नियमहरू पनि समावेश छन्। मुन्धुममा "न्याय नभएको राज्यका राजाको स्थिति पहाडको टाकुरामा बसेको भुत्ला बेगरको चराजस्तो हुन्छ" भनिएको छ। "दश भाइले सल्लाह गरेर इन्साफ गर्नू" भनिएको

छ। राजालाई "उब्जनीको दश खण्डको एक खण्ड कर तिर्नुपर्छ" भनिएको छ।

प्रत्येक गाउँमा ३०० सिपाही र धकपेम्बा (सरदार) राख्ने। ५ सरदारको १ मूल सरदार राख्ने र प्रशासकीय प्रबन्धलाई कानूनी स्वरूप दिइएको थियो। मूल सरदारले छाँग (तलब) को रूपमा पाउँथे। आफूलाई चाहिनेभन्दा बढी जग्गा अन्य सरदारलाई दिनुपर्ने र राजकाजको काम राजसभाको परामर्शअनुसार राजाले गर्नुपर्ने, राजसभामा राजाकै अध्यक्षतामा मन्त्री मूल सरदार र सरदार रहने व्यवस्था पनि किराँतकालीन कानूनी प्रणालीको विशेषता हो ( रेवती रमण खनाल २४/२८ )

पहिले पहिले पूर्वी नेपाललाई माझ किराँत, वल्लो किराँत, पल्लो किराँत (लिम्बूवान्) बाट पनि सम्बोधन गरिन्थ्यो। वल्लो किराँतमा राई, माझ किराँतमा राई किराँती र पल्लो किराँतमा लिम्बू जातिको बाहुल्यता थियो। एकीकरणपश्चात् पनि किराँत र लिम्बूहरूलाई अघिदेखि चलन गरेको खाइन-पाइन र सो स्थानको स्वायत्तता प्रदान गरिएको थियो। ओल्लो किराँत र माझ किराँतको अधिकार कटौती भए पनि लिम्बूहरूको किपटप्रथा *भूमिसम्बन्धी ऐन २०२१*ले २०२३ सालदेखि समाप्त गरियो ।

पल्लो किराँतमा पर्ने धनकुटामा रहेर धनकुटा गौँडाका बडाहाकिमले प्रशासन चलाउँथे। त्यो समयमा नम्बरबाट क्षेत्र विभाजन गरिएको थियो। साबिकमा नेपाल ३५ जिल्लामा विभाजित थियो। भोजपुर ४ नं, ताप्लेजुङ ५ नं. र चैनपुरलाई पूर्व ६ नं. बाट सम्बोधन गरिन्थ्यो। वि.सं. २०१९ मा जिल्ला विभाजन हुँदा भोजपुर, ताप्लेजुङ र सङ्खुवासभा नामकरण गरिए। त्यस्तै नेपालको अन्य क्षेत्रको पनि। सङ्खुवासभा जिल्लाले तीनजुरे क्षेत्रमा धनकुटा, तेह्रथुम र ताप्लेजुङ जिल्लालाई छुन्छ। सङ्खुवासभा सहित चारै जिल्लाको सङ्गमस्थल हो तीनजुरे, प्रसिद्ध गुराँसको राजधानी।

अरुण नदीपूर्वका लिम्बूहरूलाई लालमोहरबाट केही अधिकारसहित सुब्बा पदवी प्रदान गरिएको माथि विवेचना गरेको छु। यी सुब्बालाई "किपटिया सुब्बा" भनिन्थ्यो। किपटअन्तर्गतका जग्गा राजीनामा लिखत गरी हस्तान्तरण गर्न निषेध थियो। सुब्बालाई केही निश्चित देवानीसम्बन्धी न्यायिक अधिकार पनि प्रदान गरिएको थियो, जसलाई "सुवाङ्गीप्रथा" भनिन्थ्यो। सुब्बालाई अमाली पनि भनिन्थ्यो। पहिले निश्चित सङ्ख्याका सुब्बा थिए। उनीहरू रैतीसँग पोत बुझी राज्यलाई बुझाउँथे। स्थानीय तहमा आउने सबै प्रकृतिका विवाद आफ्ना प्रभावका कारण सुब्बाले समाधान गर्ने गर्थे। उजुरी परेपछि आफ्नो मान्छे (प्यादा)

मार्फत बोलाएर छलफल गरी मिलापत्र गराउँथे । उनीहरू दशौँद बिसौँद लिन्थे । लिखित फैसला हुँदैनथ्यो तर हदमुनी रू. ९९ । मुनिको लिखतको भने फैसला गर्थे । सानातिना विवादमा आपसमा बसेर मिलाउने प्रचलन भए पनि ज्यान, डाका, चोरी, रहजनी, करणीजस्ता गम्भीर प्रकृतिका फौज्दारी मामिलामा अधिकार थिएन तर प्रहरी प्रशासनलाई यस्ता मामिलामा सहयोग गर्थे । धान नाच वा हाट-बजारमा कलह भई विवाद बढेमा वा छोरी-चेलीलाई चोरी वा जबर्जस्ती लगेमा आफ्नो परम्पराको सम्मान जोगाउन दुबै पक्षका ठूलाठालु, अमाली सुब्बा, ज्येष्ठ सुब्बा वा भलाद्मीहरूको चुम्लुङ (बैठक) बसेर दुबै पक्षलाई कसुरअनुसार दण्डित गर्ने, मेलमिलाप गराउने, जारी खत तिराउनेलगायत काम पनि गर्थे । सुब्बाले वन-जङ्गल, बाटो-घाटो, सार्वजनिक जग्गाको संरक्षण गर्थे । आफ्नो क्षेत्रमा शान्ति सुव्यवस्थाको जिम्मेवारी पनि थियो । वि.सं. २०२३ पछि यी सबै अधिकार कटौती भए (*मेलमिलाप सिद्धान्त र व्यवहार,* लेखक राजेन्द्रकुमार भण्डारी र पवनकुमार ओझा) । माझ किराँतमा किपटप्रथा धेरै पहिले नै तोडिएको थियो (*नेपाल निरूक्त,* ज्ञानमणि नेपाल) ।

यहाँ बहुजाति, बहुभाषी एवम् बहुसंस्कृतिका मानिसहरूको बसोबास भए पनि सबैको आपसमा सामञ्जस्य छ । सबैको भाषा, बोलीचाली, संस्कृति, परम्परा, रहन-सहन, मौखिक आख्यान, साहित्यको सम्मिश्रण पनि छ । सबैको आपसी मेल, साथ र सहयोगले सप्तरङ्गी इन्द्रेणीको रूपमा रमाएर बसेका छन् । कृषि व्यवसायको साथै अन्य उद्यममा पनि संलग्न छन् । शिक्षाको क्षेत्र फैलिरहेको छ । यहाँका प्रतिभाशाली व्यक्ति एवम् युवाहरू उद्योग व्यवसायको अतिरिक्त विभिन्न सामाजिक, सार्वजनिक क्षेत्र र सेवामा उच्च स्थानमा रहेर मुलुकको सेवा गरेका छन्, गर्दैछन् र ख्याति आर्जन गरिरहेका छन् ।

म यसै रमणीय स्थानमा जन्मी हुर्किएर बढेँ । अध्ययनपश्चात् कर्म गर्दै जाँदा नेपालको अन्य स्थानमा बस्न पुगेको छु तर यहाँ बराबर जाने गरेको छु । आफ्नो प्राण पसेको र नाभी गाडिएको स्थान कदापि बिर्सन सकिँदो रहेनछ । मेरो तन यता भए पनि मन भने त्यहीँ नै छ ।

❁❁

दोस्रो प्रकाश

# दोस्रो प्रकाश–सूची


**शैक्षिक उन्नयनको ऐतिहासिकता** ६१

- तत्कालिक शैक्षिक अवस्था ६१
- आबाल ब्रह्मचारी गुरू षडानन्द अधिकारी (जन्म वि.सं १८९२ निर्वाण १९७३) ६२
- गुरू (बडाबा) पं. त्रैलोक्यनाथ भण्डारी ६४
- चन्दनपुरमा पाठशालाको स्थापना ६५
- गुरू पिता पं. पुष्पलाल भण्डारी ६८
- हुकुम-प्रमाङ्गीबाट छात्रवृत्ति ६८
- शिक्षासेवी काकाबा पं. वेदनाथ भण्डारी ७१
- शिक्षक दाजु पं. हरिप्रसाद भण्डारी (ज्येष्ठ पिता-पुत्र) ७२
- दाजु माधवप्रसाद भण्डारी ७३
- दाजु डा. गणेशप्रसाद भण्डारी ७४
- डा. गणेशप्रसाद भण्डारीको साहित्यिक र सामाजिक संस्थामा संलग्नता ७५
- डा. सुशीला भण्डारी (कोइराला ) ७६
- हिरण्यप्रसाद भण्डारी ७७
- शैक्षिक उन्नयनमा आबाल ब्रह्मचारी षडानन्दको प्रेरणा ७८
- जीवनलाई हेर्ने एक दृष्टिकोण ८४

# शैक्षिक उन्नयनको ऐतिहासिकता

## तत्कालिक शैक्षिक अवस्था

नेपालको शैक्षिक अवस्थाको इतिहास हेर्दा राणा परिवारका सन्तति पढ्नका लागि सन् १८५३ मा काठमाडौँ, थापाथली दरबार कम्पाउण्डभित्र नेपालको प्रथम दरबार स्कूल स्थापना गरिएको थियो भन्ने कुरा *"श्री ३ हरूको तथ्य वृत्तान्त"* (२०५९) मा पुरुषोत्तशमशेर राणाले उल्लेख गरेका छन् । दरबार हाईस्कूल राणा परिवार र उनीहरूका नजिकका लागि मात्र थियो । सर्वसाधारण नेपालीले दरबार स्कूलमा पढ्न पाउँदैनथे । मेरा बडाबा, बा र काकाको पालासम्म नेपालमा अरू विद्यालय वा विश्वविद्यालय थिएनन् । मटिहानीमा तस्मै बाबाले स्थापना गरेको संस्कृत पढाइ हुने विद्यालय, दिङ्लामा आबाल ब्रह्मचारी षडानन्द अधिकारीले वि.सं. १९३२ मा स्थापना गरेको संस्कृत पाठशाला र काठमाडौँ रानीपोखरीमा सरकारी स्तरमा वि.सं १९३४ मा स्थापना गरिएको संस्कृत पाठशाला भने थिए । सन्तानलाई शिक्षा दिनुपर्छ भन्ने चेतना सर्वसाधारणमा थिएन । राणा प्रधानमन्त्री देवशमशेरको समयमा वि.सं.१९५८ सालमा सरकारी स्तरमा भाषा-पाठशाला खोल्न अनुमति दिने व्यवस्था गरे । वि.सं. १९७५ भदौ ५ गते श्री ३ चन्द्रशमशेरले त्रिचन्द्र कलेजको उद्घाटन गरेका थिए । उद्घाटनका साक्षी राममणि आदिले आफ्नो संस्मरणमा लेखेका छन्, ""हेर, आजको दिन नेपाल (राणाजी)का निम्ति खुशीको दिन आउने हो वा नेपालको सर्वनाश गर्ने दिन आउने हो, त्यसको केही ठेगान छैन । त्यो कलेज खुल्नाको परिणाम असल होला भन्ने त म देख्तिनँ । कालबखत वेलाले मैले यो काम गर्न पर्न आएको मात्र हो"" (*श्री ३ को सम्बोधन*) । नेपालको शैक्षिक उन्नयनमा दिङ्लाका आबाल ब्रह्मचारी महामना षडानन्द अधिकारीको अतुलनीय योगदान रहेको पाइन्छ ।

# आबाल ब्रह्मचारी गुरू षडानन्द अधिकारी

## (जन्म वि.सं १८९२ निर्वाण १९७३)

महापुरुष स्वयम् इतिहास बन्दछन् र समाजको प्रेरणाका स्रोत हुन्छन्। यसै क्रममा दिङ्लाको गढीगाउँमा पिता लक्ष्मीनारायण ताथा माता रुक्मिणी अधिकारीका पुत्रको रूपमा जन्मिएका षडानन (षडानन्द) ले पछि शैक्षिक जागरणको शङ्खघोष गरे। नेपालका महापुरुष भए। उनले मिथिला जनकपुर, मटिहानीमा तस्मैया बाबासँग र तिरहुत आदि स्थानमा गुरुहरूसँग अध्ययन, श्रवण, चिन्तन-मनन, निदिध्यासन गरे। साधना भने काशीको मुमुक्षु आश्रम (हाल मुमुक्षुभवन)मा गुरु मग्निराम ब्रह्मचारीसँग प्राप्त गरेका थिए। गुरु मग्निरामसँग उनले *वेद, वेदान्त* आदिको अध्ययन, तन्त्र तथा योगको साधना गरेका थिए। अध्ययन, योग साधनामा दक्ष भएपछि आबाल उनले आफ्नै जन्मस्थानमा फर्किएर दिङ्लामा वि.सं १९३२ मा जनसहयोगबाट संस्कृत पाठशाला स्थापना गरेर अध्यापन गरी शिक्षाको ज्योति फैलाए। संस्कृत शिक्षा, समाज सेवा, अध्यात्म, गुठीको व्यवस्था, मन्दिर निर्माण, बगैंचा, पौवा-पाटी, बाटो पोखरी, धारा, कुवा, रुद्राक्षवन, बजार व्यवस्थाजस्ता धार्मिक, अध्यात्मिक, शैक्षिक, सामाजिक विकास आदि धेरै कार्य सुसम्पन्न गरे। सो पाठशाला नेपालको इतिहासमा जनताको सहयोग र सहभागितामा स्थापना भएको पहिलो पाठशाला बन्यो। यसभन्दा अघि उनले पढेको मटिहानीमा तस्मैया बाबाले वि.सं १८८२मा प्रशस्त जग्गा जमीनसहित संस्कृत पाठशाला स्थापना गरेर १०८ विद्यार्थीलाई आवास, भोजन र पठन-पाठनको व्यवस्था गरेका थिए। दिङ्लामा स्थापित पाठशालामा पनि विद्यार्थीहरूलाई त्यस्तै आवास, भोजन र पठन-पाठनको व्यवस्था गर्न जग्गा-जमीनको व्यवस्था जनसहभागितामा भएको थियो। दान-दातव्यको शुभकार्यमा त्यस भेगका उदारमना दाताहरूका बीचमा प्रतिस्पर्धा नै रहेको लिखतहरूबाट देखिन्छ। लगभग असी थानभन्दा बढी नै भूमिदानका लिखतहरू देखिन्छन्। बालगुरुको जीवनकालमा वि.सं १९२८ देखि १९७३ सम्ममा त्रीसठ्ठी भूमि दानपत्रहरू र सोह्र राजीनामा लिखतहरूबाट जग्गा प्राप्त भएको छ। सात थान सट्टापट्टाका लिखतबाट पनि गुठीको अनुकूल हुने गरी जग्गा मिलाएको पाइन्छ। उनको प्रभावले उनको स्वर्गवास भएपछि पनि २००६ सालसम्म अरू सात थान भूमिदानका लिखतहरूबाट जग्गा प्राप्त भएको देखिन्छ। ती सबै जग्गा भोजपुर जिल्लाका साबिक केउरेनी पानी, तुङ्गेछा, मूलपानी गा.वि.स. अन्तर्गत विभिन्न वडामा जम्मा १७९० रोपनी १ आना ३ पैसा २ दाम र सङ्खुवासभाको पाङ्मामा ०.४६१० वर्गमिटर जग्गा षडानन्द सीतारमा गुठीमा दर्ता भएको देखिन्छ (*बहु*

*आयामिक व्यक्तित्व आबाल ब्रह्मचारी षडानन्द,* पृष्ठ १०५,१०६ लेखक स्वयम् )। दिङ्लाको अरुण नदीनेर बडहरे बैंसी राम्रो खेत बस्नेत र अरूले दिएका थिए। त्यस गुठीबाट मात्र बाह्र सय मुरी धान उठ्थ्यो। त्यसले पाठशालाका विद्यार्थीलाई छात्रवृत्ति, पढाउने पण्डितहरूलाई तलब, मन्दिरको पूजाका सबै काम चल्न थाल्यो (ऐ.ऐ. सुरेन्द्रबहादुर बस्नेत पृष्ठ ४४६) । मन्दिर, पाठशाला, धर्मशाला, रुद्राक्ष-वन बर्गैंचा र गुठीमा प्राप्त सबै जग्गाको संरक्षण गर्ने, जग्गाको आयस्ताको असूली र खर्चको अभिलेख दुरुस्त राख्ने र शैक्षिक उन्नयनमा लगाउनेजस्ता यावत् विषय स्थानीय सरकार, पालिकाका पदाधिकारी, बुद्धिजीवी र जनसेवीबाट के-कस्तो संरक्षण भएको छ, त्यसक्षेत्रका समाजसेवीबाट नै अवगत हुने हुँदा यस विषयमा मैले थप उल्लेख गर्न सम्भव भएन। नेपालको पूर्वाञ्चलमा शैक्षिक जागरणको शङ्खघोष गरी शिक्षाको दीव्य ज्योति फैलाउने कार्य दिङ्लाबाट नै भएको हो। यो सबै कार्य महामना आबाल ब्रह्मचारी षडानन्द अधिकारीबाट भएको हो। गायत्रीमाताका उपासक र योग साधक भएकाले उनलाई सिद्धि प्राप्त थियो। उनले चौबीस पटक गायत्री पुरश्चरण यज्ञ सुसम्पन्न गरेका थिए। उनले गुठी र विद्यालयको सम्पूर्ण व्यवस्था मिलाई वागमती किनार पचलीघाटमा आश्रममा बनाई रहेबसेकै अवस्थामा वि.सं १९७३ ज्येष्ठ शुक्ल त्रयोदशीमा इच्छा-मरणबाट देहत्याग गरेको भनिन्छ।

आबाल ब्रह्मचारी गुरु षडानन्द अधिकारीको प्रेरणाले अध्ययन गर्न मेरा बडा बा, पिता, काका बा र दाजुहरू दिङ्ला पाठशालामा गए। त्यहाँको अध्ययनपछि काठमाडौँको रानीपोखरीको संस्कृत महाविद्यालय र काशीमा अध्ययन गरे। अध्ययनबाट फर्किएर आएपछि गुरुकै पदचिह्न अनुसरण गरी पूर्वाञ्चलका विभिन्न क्षेत्रमा अध्यापन शुरू गरेर शिक्षाको ज्योति फैलाए। त्यो समयमा संस्कृत पढेर आएका व्यक्तिहरूलाई "पण्डित" दर्जा दिएर भाषा-पाठशालामा पढाउन पठाउने गरिएको थियो। सो क्रममा पूर्वाञ्चलको (काठमाडौँमा पनि) ताप्लेजुङ, तेह्रथुम, सङ्खुवासभा, धनकुटा, भोजपुर, तौलिहवा, सुनसरी, मोरङलगायत क्षेत्रमा उहाँहरू र उहाँहरूका सन्ततिले शैक्षिक उन्नयनमा ठूलो योगदान गरे । आफ्नो जीवनको लामो अवधि सेवा गरे। चन्दनपुरलाई शिक्षाको केन्द्रको रूपमा चिनाउने उहाँहरू नै हो। उहाँहरूले शिक्षा, संस्कृति र चेतनाको त्रिवेणी निरन्तर प्रवाहित गर्नुभयो। पं. त्रैलोक्यनाथले चन्दनपुरमा बाल्नुभएको शिक्षाको दीपशिखालाई उहाँका भाइ, छोरा, भतिजा, नातिहरूले निरन्तर प्रज्ज्वलित गरे। अद्यापि गर्दै छन्। उहाँले चन्दनपुरमा वि.सं. १९९५ मा भाषा-पाठशालाको जगमा स्थापित शिक्षाको ज्योति हाल जनता उच्च माध्यमिक विद्यालयको रूपमा शिक्षा प्रदान गर्दै यस क्षेत्रलाई ज्ञानको चेतना

फैलाएर उज्यालो पार्दैछ । जिल्लाभर स्कूल कलेज खुलेका छन् । यहाँबाट शिक्षा प्राप्त गरेका अधिकाङ्श व्यक्तिहरूले उच्च शिक्षा प्राप्त गरी मुलुकको उच्च सेवा गरेका छन्, गर्दै पनि छन् । शिक्षा सेवा गर्ने गुरुहरूका योगदानको यकीन उल्लेखन र मूल्याङ्कन सम्भव हुँदैन । तथापि संक्षेपमा निम्नबमोजिम उल्लेख गर्नु प्रासङ्गिक ठान्दछु ।

# गुरू (बडाबा) पं. त्रैलोक्यनाथ भण्डारी

भोजपुर जिल्लाको माङ्दिङलाई भण्डारी वंशको वासस्थल बनाउने प्रथम व्यक्ति कृष्णानन्द र जयन्ता दम्पतीका ज्येष्ठपुत्र धनपति भए । धनपति कृष्णमाया दम्पतीका कान्छा छोरा राधाकृष्ण (वि.सं १९२५ *निर्वाण* १९९७ श्रावण शुक्लपक्ष द्वितीया) र हरिमाया (.....*निर्वाण* वि.सं१९८८ भाद्र कृष्णचतुर्दशी) को दाम्पत्य सम्बन्धबाट माङ्दिङमा विक्रम संवत् १९५४ सालमा जन्मिएका बडाबा त्रैलोक्यनाथ भण्डारीले बालागुरु षडानन्द अधिकारीसँग अध्ययन गर्ने र उहाँको प्रिय शिष्य हुने सौभाग्य प्राप्त गर्नुभयो । त्यो समयमा विद्वान् गुरुले मेधावी एवम् आज्ञाकारी शिष्य र शिष्यले योग्यता र क्षमता परख गर्ने विद्वान् गुरु पाउन दुर्लभ थियो । संयोगवश उहाँले बालागुरुजस्तो विद्वान् सिद्धगुरु प्राप्त गर्नुभयो भने गुरुले पनि मेधावी एवम् आज्ञाकारी शिष्य । गुरु र गुरुको सान्निध्यबाट उहाँले *संस्कृत व्याकरण, संस्कृत साहित्य, धर्मशास्त्र, कोश, काव्य* अध्ययन गर्ने सुअवसर प्राप्त गर्नुभयो । अध्ययनसँगै अध्यात्म, संस्कृति, सभ्यताजस्ता शैक्षिक, अध्यात्मिक र व्यावहारिक ज्ञान, साधना र सिद्धि प्राप्त गर्नुभयो । गुरुकै प्रेरणाले भोजपुरबाट पन्ध्र दिन पैदल हिँडेर काठमाडौँ आई रानीपोखरी संस्कृत पाठशालाबाट *संस्कृत व्याकरण, साहित्य, धर्मशास्त्र* विषयमा थप अध्ययन गरी प्रथमा परीक्षा उत्तीर्णपछि मध्यमा परीक्षाको लागि अध्ययन पूरा गरी काशीस्थित राजकीय संस्कृत कलेज (क्वीन्स कलेज) काशीबाट संस्कृत व्याकरणमा मध्यमा परीक्षा समुत्तीर्ण गर्नुभयो । आफ्नो अध्ययन र साधनाका कारण *संस्कृत व्याकरण* र *धर्मशास्त्र*का उहाँ धुरन्धर विद्वान्मा दरिनुभयो ।

स्मरणीय छ दिङ्लामा बालब्रह्मचारी षडानन्दले जनसहयोगबाट वि.सं. १९३२ मा संस्कृत पाठशाला र सरकारी स्तरबाट काठमाडौँमा रानीपोखरीमा वि.सं. १९३४ मा संस्कृत पाठशाला स्थापना भएर पठन-पाठन भए पनि संस्कृतको प्रथमा परीक्षासम्म नेपालबाट सञ्चालन हुन्थ्यो । *साहित्य, व्याकरण*जस्ता विषयमा यहींबाट अध्ययन र अध्यापन हुन्थ्यो । परीक्षा भने भारतको काशीस्थित राजकीय संस्कृत कलेज तत्कालिक क्वीन्स स्कलेज काशीबाट हुने गर्थ्यो ।

अध्ययनपश्चात् विक्रम संवत् १९८० सालमा ताप्लेजुङ भाषा-पाठशालाको पण्डितमा नियुक्ति पाएर निरन्तर बाह्र वर्षसम्म अटूट अध्यापन गर्नुभयो। दिउसो पाठशालाको पाठ्यक्रमअनुसार पढाउने र बिहान-बेलुकी आफ्नो निवासमा अध्ययन गर्न आउने विद्यार्थीहरूलाई गुरुकुल परम्परामा निःशुल्क *संस्कृत साहित्य, संस्कृत व्याकरण, धर्मशास्त्र,काव्य, कोश, अध्यात्म*जस्ता विषय अध्यापन गर्नुभयो। उहाँसँग नेपालका विभिन्न भाग, भारतको आसाम, सिक्किम, भुटानलगायत क्षेत्रबाट पढ्न विद्यार्थी आउँथे। उहाँसँग पढेर असङ्ख्य विद्यार्थीहरू लाभान्वित भए।

## चन्दनपुरमा पाठशालाको स्थापना

च्यावाखोला पश्चिम, हेलुवादेखि पूर्व दक्षिण, अरुण नदी उत्तरमा अवस्थित चन्दनपुर पर्याप्त पानी र समतल बैँसीखेत भएको शस्यश्यामला क्षेत्र हो। पानीको प्राचुर्य र प्रायः समतल रूपमा अवस्थित चन्दनपुर, सिरिसे, च्यावा, हेलुवाजस्ता बैँसी खेतले वेष्टित धानबाली बढी उब्जा हुने रमणीय स्थलले यसको विशेषता बढाएको हो। बालागुरुसँग छात्रवस्थामा नै त्रैलोक्यनाथ भण्डारी बराबर चन्दनपुर आउने जाने गर्नुभएको र त्यहाँका थापा परिवारसँगको निकट सम्बन्धका कारण शिक्षाको ज्योति फैलाउने कार्यका लागि चन्दनपुर रोज्नु स्वाभाविक थियो। सान्निध्यकै कारण स्थानीय कृष्णबहादुर थापाका सन्तति तीर्थराज थापा पं. त्रैलोक्यनाथसँग ताप्लेजुङमा र ठक्करबहादुर थापा पं. पुष्पलाल भण्डारीसँग चैनपुरमा बसेर अध्ययन गरेका थिए। वि.सं.१९९५ मा बालागुरुकै प्रेरणाले सङ्खुवासभा जिल्लाको चन्दनपुर (साबिक शीतलपाटी गा.वि.स. हाल खाँदबारी नगरपालिकाअन्तर्गत वडा नं. १०) मा चन्दनपुरका दलबहादुर थापा, कृष्णबहादुर थापा दाजु भाइ र हेलुवाका जिम्मुवाल चतुर्भुज राईसमेतको साथ र स्थानीयको सहयोगमा पाठशाला स्थापित गर्नुभयो। चतुर्भुज राईले पाठशालाका लागि शुक्रबारे छेउ करीब पाँच रोपनी पाखो जग्गा पाठशालाको भवन बनाउन उपलब्ध गराएका थिए। त्यहीँ पाठशाला भवन निर्माण भएर पढाइ शुरू भयो। संस्थापक गुरुको रूपमा वि.सं. १९९५देखि वि.सं. २००५ सालसम्म स्वयंसेवी अध्यापक भएर निःशुल्क अध्यापन गर्नुभयो। त्यहाँ पनि गुरुकुलको रूपमा बसी अध्ययन गर्न उहाँसँग नेपालको रामेछाप, सोलु, ओखलढुङ्गा, भोजपुर, तेह्रथुम, ताप्लेजुङजस्ता विभिन्न भाग र भारतको आसाम, सिक्किम, भुटानलगायत क्षेत्रबाट पढ्न विद्यार्थी आउँथे। चन्दनपुर उहाँकै सुकार्यले संस्कृत शिक्षाको केन्द्र बन्यो।

त्यहाँ अध्ययन गर्ने विद्यार्थीहरूका लागि छात्रवृत्ति, भोजन-पानी र बसोबासको लागि स्थानीय जनसहयोग प्राप्त गर्न मेहनत गर्नुभयो। उदारमना व्यक्तिहरूले जग्गा दान गरे। उहाँ आफैंले पनि दश-बाह्र मुरी धान उब्जनी हुने अन्दाजी ७.७५ रोपनीको चियाखोलापारिको लप्से खेत-जग्गा पाठशालालाई दान गर्नुभयो। स्थानीयहरू चक्रपाणि थापाले पैंतीस मुरी धान उब्जा हुने अं.१० .९० रोपनीको चियाव्याँसी जिम्दारी खेत १, लोकराज थापाले १. ७६ रोपनीको दुई मुरी धान उब्जा हुने जोरधारा खेत १, चतुर्भुज राईले भाषा-पाठशाला स्थापना गर्न अन्दाजी ५ (४ /८० ) रोपनी जग्गा समर्पण गरेका थिए। सरकारी पाठशालाको रूपमा स्वीकृति प्राप्त गर्न पनि धेरै प्रयत्न गर्नुपऱ्यो। वि.सं. २००५ सालमा मात्र स्वीकृत भयो। अध्यापन गर्न उहाँकै भाइ पं. वेदनाथ भण्डारी सरुवा भएर आएपछि त्यहाँबाट उहाँले विश्राम लिए पनि उहाँको सहयोग जीवनभर रह्यो। उहाँको विद्वता, प्रतिभा र क्षमताबाट प्रभावित भएर धनकुटा गौंडाका तत्कालिक बडाहाकिम जनरल माधवशमशेर राणाले धनकुटा संस्कृत पाठशालाको प्रधानाध्यापकमा नियुक्ति गरे। धनकुटा दरबारको क्षेत्रभित्रको डाँडामा पाठशाला स्थापना गरिएको थियो। त्यहाँ निरन्तर वि.सं.२००५ सालदेखि २०१४ सालसम्म अध्यापनमा संलग्न हुनुभयो। त्यहाँ पनि उहाँसँग गुरुकुलकै रूपमा पूर्वी नेपाल रामेछापदेखि, भारतको आसाम, सिक्किम, भुटानसम्मका विद्यार्थीहरू संस्कृत अध्ययन गर्न आउथे। ती विद्यार्थीका लागि निजी खर्चमा छात्रवृत्तिको व्यवस्थापन पनि उनै जनरल माधवशमशेरले गरेका थिए।

चन्दनपुर भाषा-पाठशाला रहुन्जेल ती खेतबाट प्राप्त अन्नबाट विद्यार्थीहरूलाई निःशुल्क भोजनको व्यवस्था रह्यो। हाल ती खेतबारीहरू चन्दनपुर जनता उच्च माध्यमिक विद्यालयको नाउँमा दर्ता सरेर आएका छन्। गुरु त्रैलोक्यनाथ र अन्यदाताहरूबाट शुरूवात भएको जग्गादानको प्रभावस्वरूप अन्य दाताहरू टङ्कबहादुर थापा, चक्रपाणि थापा, टेकराज र दीपसुन्दर थापाले १४.८४ रोपनी जग्गा विद्यालयको कम्पाउण्ड, हर्कबहादुर, धर्मध्वज, नरेन्द्रथापा, दलबहादुर भुजेलले दोभानटार ६३/९८ रोपनी, नरबहादुर थापाले स्कूल कम्पाउण्डको लागि ३ रोपनी, हेमराज थापाले च्याने पाखा ३/८१ रोपनी र लोकमणि न्यौपानेले सिमलबोटे खेत ४/६६ रोपनी जग्गा प्रदान गरेको जनता उच्च माध्यमिक विद्यालयबाट प्रकाशित पुस्तिकामा जनिएको छ। यसको श्रीगणेश पं. त्रैलोक्यनाथले गर्नुभएको थियो। यो प्राप्ति त्यसैको निरन्तरता हो। दानवीर शिक्षाप्रेमीको उदारताको परिचय हो। हाल सो विद्यालयमा बाह्र कक्षासम्म पढाइ

हुन्छ। शिक्षाको ज्योति फैलाउने श्रेय साबिकको पाठशालालाई जानु स्वाभाविक हो। एक दूरदर्शी व्यक्तिले समाजका थोरै व्यक्तिलाई शिक्षाको महत्त्व, अनि यसको सर्वाङ्गीण उपादेयताको बाटो देखाउँदा अन्य व्यक्तिहरू पनि आकर्षित हुन्छन्। त्यही बाटोमा अग्रसर हुन्छन्। अन्ततोगत्वा समाज नै शिक्षित हुन्छ। त्यो मार्गदर्शन पं त्रैलोक्यनाथले गर्नुभएर चन्दनपुरलाई शिक्षाको केन्द्र बनाएको हो। यसको श्रेय पं. त्रैलोक्यनाथलाई छ। आज जिल्लाबासी सगौरव त्यसतर्फ आकर्षित भएका छन्। उहाँको सार्थक प्रयास र सत्प्रेरणाको प्रतिफलले शिक्षाको ज्योति फैलिएको हो। दूरदर्शी विद्वान् एक व्यक्तिको चेतनाले जिल्लावासीले मात्र होइन सो क्षेत्रका बालबालिकाले शिक्षा प्राप्त गरिरहेका छन् ।

आफू रहे-बसेको स्थानमा फुर्सदको अवसरमा नागरिक समाजको आग्रहमा अध्यात्मिक एवम् सांस्कृतिक चेतना जागृत गर्न *पौराणिक ग्रन्थ*का आधारमा अध्यात्म प्रवचन हुने गर्थ्यो। प्रौढ नागरिक पनि त्यस्ता अध्यात्मिक प्रवचनबाट लाभान्वित हुन्थे। यसरी करीब ४० वर्षसम्म शिक्षा, संस्कृति, अध्यात्मिक जागरणबाट जनचेतना फैलाउन र शिक्षाको उज्यालोबाट सर्वसाधारणको जीवनमा चेतनाको दियो प्रज्ज्वलित गर्ने काम निरन्तर गर्नुभयो। बालगुरुको शिक्षाबाट प्रभावित उहाँको दैनिकीमा जप-तप, शालिग्राम पूजा, बिहान-बेलुका १०८ गायत्री मन्त्रको जप, वलिवैश्वदेव हवन यज्ञ अटूट हुन्थ्यो। काशीबासमा बस्दा पञ्चगङ्गा घाटमा बसी गायत्री पुरश्चरण यज्ञ सुसम्पन्न गर्नुभयो। यस्तो यज्ञमा शास्त्रोक्त विधिअनुसार गायत्री मन्त्र चौबीस लाख सङ्ख्यामा जप, तदनुसार यज्ञ, होम,ब्राह्मण भोजनजस्ता कार्य सुसम्पन्न गर्नुपर्छ। अवकाशको जीवन धरान, इटहरीमा व्यतीत गर्नुभएको थियो। सहधर्मिणी पत्नी मनोमायाको काशीबासमा नै देहावसान भयो। उहाँले पनि काशीबासको क्रममा संवत् २०३५ साल असोज बडादशैँको टीकाका दिन यो धरतीबाट सदाका लागि बिदा भई शिव सायुज्य प्राप्त गर्नुभयो। पत्नी मनोमाया (१९५८ *निर्वाण* २०३० श्रावण १) सँगको दाम्पत्य सम्बन्धबाट तीन छोरामध्ये कुलमणि भण्डारीले समाजसेवामा, माधवप्रसादले शिक्षामा, धरणीधरले प्रशासनिक क्षेत्रमा आफूलाई लगाए। छोरी देवी गृहस्थीमा र उनीहरू सबैका सन्तति समाजमा अग्रणी रहे, रहेका छन् र नेपालको निजामती, प्रहरी, प्रशासन, शिक्षा, स्वास्थ्य, इन्जिनियरिङ, कानून र राजनीतिक क्षेत्रमा संलग्न भएर मुलुक र मुलुकबासीको सेवामा समर्पित छन्।

# गुरू पिता पं. पुष्पलाल भण्डारी

हरिमाया र राधाकृष्णका तृतीय पुत्रको रूपमा माड्दिङमा विक्रम संवत् १९६३ साल पौष २४ गतेका दिन जन्मेका पिता पुष्पलाल भण्डारीले तेह्र वर्षकै उमेरमा दाजु त्रैलोक्यनाथको अनुसरण गर्दै आबाल गुरु षडानन्द अधिकारीद्वारा स्थापित दिङ्ला संस्कृत पाठशालामा अध्ययनमा संलग्न भई *रुद्री, वेद, संस्कृत व्याकरकण, साहित्य, काव्य, कोश, धर्मशास्त्र, अध्यात्म*लगायत विषय अध्ययन गर्नुभयो । त्यहाँको अध्ययनपश्चात् थप अध्ययन गर्न भोजपुरबाट पन्ध्र दिन लगाएर आफ्ना खाजा-सामल बोकी रानीपोखरी संस्कृत पाठशालामा पढ्ने र केही बन्ने अठोटका साथ काठमाडौँ जानुभयो । तीनधारा पाठशालाको नामले ख्याति पाएको पाठशालाले दुर्गम स्थानबाट आउने विद्यार्थीहरूको लागि सरकारले निःशुल्क खानेबस्ने व्यस्था गरेको थियो तर दिङ्लाको ख्यातिप्राप्त पाठशालाबाट अध्ययन गरेर सुदूर पूर्वबाट आएको भए पनि उहाँलाई त्यहाँ बस्ने-खाने अवसर प्राप्त भएन । साधारण कुटो-कोदालो गरेर गृहस्थी चलाएका माता-पिता हरिमाया राधाकृष्ण दम्पतीले खर्च पठाएर पढाउन सक्ने अवस्था थिएन । माहिला गुरु पण्डित हेमराज पाण्डेबाट पनि सहयोग प्राप्त नभएपछि अध्ययन गर्ने अठोट पूरा गर्न सत्ताकेन्द्र श्री ३ प्रधानमन्त्री चन्द्रशमशेर राणाकहाँ धाउन बाध्य हुनुभयो ।

# हुकुम-प्रमाङ्गीबाट छात्रवृत्ति

त्यो बेलाको श्री ३ चन्द्रको आवाससमेत रहेको सिंहदरबारमा सर्वसाधारणको प्रवेश सहज थिएन । पाले-पहरेदारलाई छक्याएर श्री ३ दरबारमा धाउन थाल्नु बाध्यता भयो । फ्रान्सेली शैलीको सिंहदरबारको भव्य अट्टालिकामा बसेर जनताको उजुरी सुन्ने र निया निसाफ गर्थे श्री ३ चन्द्र । बिन्तीपत्र जाहेर गर्नेले तल भुइँबाट उच्च स्वरमा जाहेर गर्नुपर्थ्यो । जाहेर गर्नेले सुनाएको भरमा जे बुझ्दथे न्याय-निसाफ गर्थे, हुकुम गर्थे । दोहोरो कुरा हुने र सुनवाइ गर्ने चलन थिएन । त्यस्तो दरबारमा बसी मुलुकको कार्यपालिका, न्यायपालिका र व्यवस्थापिका सबैको एकलौटी सत्ताको बागडोर समाल्ने उनको कुटिलता, शक्तिको अहङ्कार र उन्माद कति हुँदो हो ! भुक्तभोगीले अनुभव गरे हुन् । अहिले कल्पना मात्र गर्न सकिन्छ । उनको हुकुम नै कानून थियो तर उहाँसँग अर्को विकल्प भने थिएन ।

बाध्यतावश धेरैपटक बिन्ती बिसाउन गरिएको प्रयास सफल भएन । अन्ततः एक दिन भुइँबाट करजोडी गरेको याचनाले ध्यानाकर्षित भएर "यी बाहुनले के भन्छन् सोध ?" भन्ने हुकुम भए छ । जाहेर गर्नेले "नेपालको पूर्वीक्षेत्र दिङ्लाबाट पढाइ सकेर थप पढ्न आएका रहेछन् । तीनधारा संस्कृत पाठशालामा खानेबस्ने प्रबन्ध सहित भर्ना भएर पढन पाउँ भनी सरकारमा बिन्ती गर्छन्" भन्दै जाहेर गरेछन् । श्री ३ चन्द्रको कुन विवेकले देख्यो कुन्नी ! "खाने-बस्ने व्यवस्थासहित भर्ना गरिदिनू" भन्ने हुकुम-प्रमाङ्गी भएछ । हुकुमबाट छात्रवृत्ति पाएर पढ्ने अवसर प्राप्त भयो । यो कुरा बा स्वयम्ले काशीबास जाँदा रेलमा मलाइ भन्नुभएको हो । सिंहदरबारमा कुनै पहुँच नभएका उहाँजस्ता पहाड दुर्गम स्थानका छात्रले खाने-बस्ने सुविधासहित पढ्न पाउनु त्यो बेलाको ठूलै उपलब्धि थियो ।

संस्कृत व्याकरणको विषयमा सम्पूर्ण मध्यमाको अध्ययनपछि परीक्षा दिन सम्बन्धन दिने राजकीय संस्कृत विद्यालय तत्कालिक क्वीन्स कलेज काशीमा जानुपर्थ्यो । काशी गएर संस्कृत व्याकरणको मध्यमा परीक्षा समुत्तीर्ण गर्नुभयो ।

औपचारिक अध्ययन पूरा गरेपछि आबालब्रह्मचारी षडानन्द गुरुको आदर्शअनुरूप अध्यापन कार्य शुरू गर्नुभयो वि.सं. १९८५ सालमा तेह्रथुम भाषा-पाठशालामा । त्यहाँपछि वि.सं. १९९३ जेष्ठ १९ मा चैनपुर भाषा-पाठशालाको पण्डितमा नियुक्त भई विसं.१९९८ सालसम्म र त्यसपछि भोजपुरको याकु भाषा-पाठशालामा वि.सं.२००८ सालसम्म अध्यापन गर्नुभयो । तीन स्थानमा बसी शिक्षाको ज्योति फैलाउने काम गर्नुभयो । स्मरणीय छ त्यो बेला पाठशालामा पढाउने पण्डितहरूको पनि वर्षेनी पर-पजनी र थमौती हुन्थो । सबैलाई आस र त्रासमा राखेर शासन गर्ने राणा शासनको शैली थियो । त्यो समयमा पण्डितको रूपमा पढाउने शिक्षकको तलब प्रतिमहिना रु १५।- थियो । (*नियुक्तिपत्र* परिशिष्टमा)

आफू रहे-बसेको स्थानमा फुर्सदको अवसरमा नागरिक समाजको आग्रहमा अध्यात्म-चेतना जागृत गर्न *पौराणिक ग्रन्थ*का आधारमा अध्यात्म प्रवचन गर्नुभयो । प्रौढ नागरिक पनि यस्ता अध्यात्मिक प्रवचनबाट लाभान्वित हुन्थे । यसरी लामो अवधिसम्म शिक्षा, संस्कृति, अध्यात्मिक जागरणबाट जनचेतना फैलाउन र शिक्षाको उज्यालोबाट सर्वसाधारणको जीवनमा चेतनाको दियो प्रज्ज्वलित गर्ने काम निरन्तर गर्नुभयो । पूर्वाञ्चल क्षेत्रको शैक्षिक जागरणमा ठूलो योगदान गर्नुभयो । अध्यापनबाट स्वेच्छिक अवकाश लिएपछि पनि चन्दनपुर

भाषा-पाठशालामा स्वयंसेवी शिक्षकको रूपमा केही अवधि अध्यापनमा संलग्न हुनुभयो । वि.सं.२०१५ सालदेखि धरान र इटहरी (तरहरा )मा कृषक जीवन व्यतीत गरी चार भाइ छोराहरू र पाँच छोरीहरूको विवाह व्यवहार पूरा गरी वि.सं २०२७ सालदेखि धर्मपत्नी रत्नकुमारीका साथ पन्ध्र वर्षसम्म अटूट काशीबास गर्नुभयो । नित्य गङ्गा स्नान गरी बिहान-बेलुका १०८ गायत्री मन्त्रको जप, शालिग्राम पूजा र वलिवैश्वदेव हवन यज्ञ गर्ने, काशीबासमा रहँदा नित्य विश्वनाथ, भैरवनाथ र मङ्गलागौरी दर्शन गर्ने, अध्यात्म-चिन्तन र मनन गर्ने उहाँको दैनिकी थियो । उहाँले गङ्गा किनार मङ्गला-गौरीघाटमा बसी गायत्री मन्त्र चौबीस लाख जप गरी वैदिक विधिपूर्वक गायत्री पुरश्चरण यज्ञ सुसम्पन्न गर्नुभएको थियो ।

पन्ध्र वर्षसम्म काशीबास गरेर नित्य भगवान् विश्वनाथको दर्शन र अध्यात्मिक चिन्तन-मनन गर्दै रही अन्ततः घातक रोग लागेर विसं. २०४० साल चैत्र १३ का दिन काशीमा नै देहत्याग गरी शिव सायुज्य प्राप्त गर्नुभयो । आमा रत्नकुमारी (जन्म सं. १९६४ आषाढ १५) को पतिको देहावसानपछि इटहरीमा घरमा बसी अध्यात्म-चिन्तनमा रहँदाकै अवस्थामा वि.सं.२०५८ जेष्ठ १८ मा स्वर्गवास भयो । रत्नकुमारी पुष्पलाल दम्पतिका सन्ततिहरू चार छोरामध्ये जेठा डा. गणेशप्रसाद भण्डारीले ( वि. सं. १९८९ कार्तिक २१ *निर्वाण* २०५५ पौष १६) प्राध्यापन एवम् नेपाली भाषा, साहित्य र संस्कृतिको क्षेत्रमा रही मुलुकबासीको सेवा गरे । माहिला विष्णुप्रसाद भण्डारीले ( वि. सं. १९९२ फाल्गुण १८ *निर्वाण* २०६५ पाल्गुण २५)न्याय सेवाको क्षेत्रमा नायव-सुब्बा पदमा रही दीर्घसेवा गरे । अध्यात्मिक चिन्तक दुवै भाइ यो धरतीबाट बिदा भए । साइँलो मैले (पङ्क्तिकार) अध्ययनकै क्रममा शिक्षा सदन मा.वि.मा पाँच वर्ष शिक्षासेवा, वि. सं. २०२२ आश्विन ४ मा राष्ट्रसेवामा प्रवेश गरी नेपालको न्यायक्षेत्रमा रही सर्वोच्च अदालतको न्यायाधीशमा नियुक्त भई राष्ट्रसेवामा आफूलाई समर्पित गरेँ । सर्वोच्च अदालतको न्यायाधीश हुने भण्डारी वंशको पहिलो व्यक्ति हुन पुगेछु । कान्छो भाइ शिवकुमार भण्डारीले महेन्द्र बहुमुखी कलेज धरानमा कानून विषयको प्राध्यापन गरी अवकाश प्राप्त गरेपछि वरिष्ठ अधिवक्ताको रूपमा दरिई कानूनी सेवामा संलग्न छन् । पाँच छोरीमध्ये हरिमाया खनाल, खड्गकुमारी घिमिरे, विमला अधिकारी, तुलसा चापागाईं र दुर्गा अधिकारीले गृहस्थाश्रममा बसी सनातन परम्परागत व्यवहारमा संलग्न छन् । सबैका सन्ततिहरूले आ-आफ्ना योग्यता र क्षमताका आधारमा विभिन्न विधामा मुलुक र मुलुकबासीको समृद्धिको कार्यमा संलग्न छन् ।

# शिक्षासेवी काकाबा पं. वेदनाथ भण्डारी

हरिमाया र राधाकृष्णका चतुर्थ पुत्र वेदनाथको जन्म संवत् १९६९ सालमा माङ्दिङमा भएको हो। दाजुहरूको पदचिह्न अनुसरण गर्दै १२।१३ वर्षकै उमेरमा दिङ्ला संस्कृत पाठशालामा गएर गुरुकुलमा बसी *रुद्री, वेद, दुर्गा सप्तशती, संस्कृत व्याकरण, संस्कृत साहित्य, काव्य, कोश, ज्योतिष, धर्मशास्त्र*लगायत विषय अध्ययन गर्नुभयो । त्यहाँबाट थप अध्ययन गर्ने तीव्र चाहनाअनुसार तीनधारा संस्कृत पाठशाला रानीपोखरीमा अध्ययन गर्नुभयो। त्यहाँबाट प्रथमा परीक्षा पूरा गरेपछि संस्कृत *व्याकरण*को सम्पूर्ण मध्यमाको अध्ययन गरी काशीस्थित क्वीन्स कलेज राजकीय संस्कृत विद्यालयबाट संस्कृत व्याकरणको सम्पूर्ण मध्यमा परीक्षा समुत्तीर्ण गर्नुभयो।

दाजुहरूकै अनुसरण गरी उहाँले सर्वप्रथम ताप्लेजुङ भाषा-पाठशालामा अध्यापन शुरू गर्नुभयो। यही क्रममा भोजपुरको टक्सार, धनकुटा, चन्दनपुर, तेह्रथुम, पाँचथरका पाठशालामा करीब ३४ वर्ष अटूट सेवा गरी अन्ततः स्वास्थ्यको कारणले स्वेच्छिक अवकाश लिनुभयो।

अध्यापनसँगै अवकाशका समयमा पौराणिक कथाका आधारमा अध्यात्मिक प्रवचनद्वारा प्रौढ व्यक्तिहरूमा धार्मिक, अध्यात्मिक चेतना फैलाउने काम गर्नुभयो। यसबाट धेरै व्यक्तिहरूमा सामाजिक चेतना अभिवृद्धि भयो। यसरी बालबालिकादेखि प्रौढ व्यक्तिहरू पनि शिक्षा र अध्यात्मबाट आलोकित हुने अवसर पाए। पछि शारीरिक अस्वस्थताका कारण स्वेच्छिक अवकाश लिई कोशी किनारा चतरा नजिक महेन्द्रनगर चक्रघट्टीको शान्त स्थानमा बसी अध्यात्मिक चिन्तन मननमा रहनुभयो। नित्य बिहान-बेलुका १०८ गायत्री मन्त्रको जप, शालिग्राम पूजा, वलिवैश्वदेव हवन यज्ञ गर्दै कोशी चतरा समीप देवीस्थान महेनद्रनगरमा अध्यात्म चिन्तन-मननमा आफूलाई संलग्न गर्नुभयो । यस्तै सत्कार्यमा रहँदैको अवस्थामा २०३० साल कार्तिक ११ गते यो धरतीबाट सदाका लागि बिदा हुनुभयो । धर्मपत्नी वृन्दादेवी (जन्म सं. १९६७ भाद्र कृष्णाष्टमी, देहावसान २०३० फागुन १६) पतिको हरकार्यमा संलग्न रहनुभयो। वृन्दा वेदनाथ दम्पतीका पाँच छोरामध्ये संस्कृत साहित्यमा आचार्य पूरा गरेका पुण्यप्रसाद भण्डारीले (जन्म वि.सं १९९२ ज्येष्ठ) नेपाल सरकारको विभिन्न पदमा रही अवकाश प्राप्त गरेपछि अध्यात्मिक चिन्तन र लेखन गर्दै रहेको अवस्थामा वि.सं २०६६ साल ज्येष्ठ महिनामा काठमाडौँमा देहावसान भयो। संस्कृत साहित्यमा आचार्य र अङ्ग्रेजीका स्नातक प्रेमचन्द्रले केही अवधि बनारस (काशी)को गुरुनानक संस्कृत महाविद्यालय भैरवनाथमा प्राध्यापन

गरेर शिक्षासेवा गरे । नेपाल फर्किएपछि राष्ट्रसेवामा प्रवेश गरी तह-तह हुँदै प्रमुख जिल्ला अधिकारी र क्षेत्रीय निर्देशकको जिम्मेवारी पूरा गरी सरकारी दीर्घसेवाबाट अवकाश लिए । सेवानिवृत्त भएपछि वशिष्ठ भण्डारी समाजको क्रमशः महासचिव र अध्यक्षको रूपमा *वशिष्ठ भण्डारीको वंशावली* लेखन र प्रकाशन, *स्मारिका* प्रकाशन र झापा सुरुङ्गा कन्काई नदी किनारमा वशिष्ठ भण्डारी आश्रम निर्माण गर्ने कार्यमा योगदान गरेका छन् । आश्रमको दीर्घकालीन विकास र *अठार पुराण* लगाउनेजस्ता अध्यात्मिक एवम् सांस्कृतिक कार्यमा संलग्न रही हाल अध्यक्षको जिम्मेवारीमा संलग्न रहेर आश्रमको उद्देश्य पूरा गर्न सक्रिय छन् । पिता पितृव्यहरूकै पदचिह्न अनुसरण गर्दै केही अवधि चन्दनपुर पाठशालामा अध्यापन गरे हिरण्यप्रसाद भण्डारीले । केही अवधि चन्दनपुर शीतलपाटीको प्रधानपञ्चको जिम्मेवारी पूरा गरे । नेपाल र भारत आसामको विभिन्न क्षेत्रमा कार्यरत रहेकै अवस्थामा वल्लभको देहावसान भयो । सार्वजनिकसेवाबाट अवकाश लिएर बसेका छन् कृष्ण । चार छोरी बच्ची निरौला, आनन्दी अधिकारी, शारदा घिमिरे र यशोदा घिमिरे आ-आफ्ना गृहस्थीमा छन् । सबैका सन्ततिहरू बैङ्किङ, खाद्य प्रविधि, दूरसञ्चारलगायत विभिन्न पेसा वा व्यवसायमा आफ्ना प्रतिभा र योग्यता प्रदर्शन गर्दै मुलुकको सेवामा समर्पित छन् ।

## शिक्षक दाजु पं. हरिप्रसाद भण्डारी (ज्येष्ठ पिता-पुत्र)

राधाकृष्ण र हरिमायाका जेष्ठपुत्र महेश्वर (वि.सं १९५० *निर्वाण* २०३६) पत्नी मनमाया (वि.सं १९४८ *निर्वाण* २०१५ मार्ग पूर्णिमा) दम्पतीका पुत्र हरिप्रसाद भण्डारीको जन्म वि.सं १९७० चैत्र ७ मा माङ्दिङमा भएको हो । बाल्यावस्थादेखि नै अत्यन्त प्रतिभाशाली उनले पितृव्यहरूकै पदचिह्न पछ्याई दिङ्ला संस्कृत पाठशालामा *रुद्री, वेद, संस्कृत व्याकरण, साहित्य, काव्य, कोश*लगायत विषय अध्ययनपछि काठमाडौँस्थित तीनधारा संस्कृत पाठशालामा गएर थप अध्ययन गरे । प्रथमा परीक्षामा सर्वप्रथम भएपछि संस्कृत व्याकरणको सम्पूर्ण मध्यमा अध्ययन गरी काशीस्थित क्वीन्स कलेज राजकीय संस्कृत विद्यालयबाट परीक्षा समुत्तीर्ण गरेपछि अध्यापन सेवामा नै आफूलाई समर्पित गरे । प्राध्यापन गर्दै उनले शास्त्रीसम्म अध्ययन पनि गरेका थिए ।

शिक्षासेवामा संलग्न भएर कपिलवस्तुको तौलिहवामा भाषा-पाठशाला स्थापित गरी वि.सं. १९९२ देखि १९९८ असोजसम्म अध्यापन गरेपछि विसं.१९९८

कार्तिक १८ देखि २००१ सम्म चैनपुर पाठशालामा पढाए। आधार शिक्षाको तालिम प्राप्त गरी सङ्खुवासभाको खाँदबारीमा राधाकृष्ण आधार स्कूल स्थापना गरी संस्थापक प्रधान अध्यापक (हेडमास्टर) भएर वि.सं.२००१ देखि २००९ सम्म अध्यापनका साथै स्कूलको लागि जग्गा प्रबन्ध गरी भवन निर्माण सम्पन्न गरे। त्यही आधार स्कूलको विकसित रूपमा "हिमालय महाविद्यालय" सञ्चालन भइरहेको छ। उनले २०१० सालदेखि धरानस्थित "पिण्डेश्वर संस्कृत महाविद्यालय"मा नियुक्ति भई वि.सं.२०१४ साल ज्येष्ठ महिनासम्म *संस्कृत साहित्य, व्याकरण, काव्यकोश* अध्यापन गरे। उनी शास्त्रीसम्मका विद्यार्थीहरूलाई पढाउँथे। संस्कृत व्याकरणमा विशेष दखल थियो। उनी नेपाली साहित्यका अध्येता थिए। उनी नेपाली र संस्कृत भाषामा कविता लेख्तथे। फुर्सदको समयमा प्रवचनद्वारा अध्यात्मिक, सांस्कृतिक, नैतिक एवम् सभ्यताको आलोक फैलाए। अध्यापन गर्दैका अवस्थामा संवत् २०१४ असार ३ गते देहावसान भयो।

धर्मपत्नी पवित्रा भण्डारी (जन्म वि.सं. १९७५ साल चैत्र ६, चम्पे सिस्नेरी भोजपुर निर्वाण वि.सं. २०७३ पौष ६ गते काठमाडौं) हरिप्रसादको दाम्पत्य सम्बन्धबाट जन्मेका गोपालप्रसाद भण्डारीले लामो अवधिसम्म शिक्षासेवा र वकालत गरी सेवानिवृत्त भएपछि अमेरिका गएर जीवनयापन गर्दै छन्। गोकुल भण्डारीले पनि लामो अवधिसम्म महाविद्यालयमा नेपाली विषयको अध्यापन गरी अवकाश प्राप्त गरेका छन् भने रामबाबु भण्डारी स्वास्थ्यसेवामा लामो अवधि सेवा गरी अवकाश लिएका थिए। छोरी शान्ता गौतम गृहस्थी जीवनमा छन्। उनीहरूका सबै सन्ततिहरू विभिन्न क्षेत्रमा सक्रिय छन्।

## दाजु माधवप्रसाद भण्डारी

वि. सं. १९८७ वैसाख २६ पं. त्रैलोक्यनाथ मनोमायाका मध्यम पुत्र माधवप्रसाद भण्डारीले संस्कृत साहित्यमा शास्त्रीसम्म अध्ययनपश्चात् सङ्खुवासभाको पाङ्मा प्राथमिक विद्यालयमा छ वर्षसम्म र सुन्सरीको खनारस्थित माध्यमिक विद्यालयमा तीन वर्षसम्म शिक्षक भएर शिक्षाको ज्योति फैलाउने कार्य गरे। केही वर्ष शिक्षा निरीक्षकको रूपमा केही जिल्लामा सेवा गरेपछि काठमाडौँमा अवकाश जीवन व्यतीत गरिरहेको अवस्थामा वि.सं. २०८० पौष २८ गते देहावसान भएको छ।

# दाजु डा. गणेशप्रसाद भण्डारी

रत्नकुमारी र पुष्पलालको दाम्पत्य सम्बन्धबाट भोजपुरको माङ्दिङमा वि.सं. १९८९ कार्तिक २१ जन्मेका गणेशप्रसाद भण्डारीले ११ वर्षको उमेरभित्रै पितासँग चैनपुरमा बसी *रुद्री, वेद, लघुकौमुदी, मध्य कौमुदी, अमरकोश* अध्ययन गरिसकेका थिए। पछि चन्दनपुर पाठशालामा बसी मध्यम पिता पं. त्रैलोक्यनाथसँग *रघुवंश, किरातार्जुनीय, कुमारसम्भव* आदि ग्रन्थ अध्ययनपश्चात् तीनधारा रानी पोखरी संस्कृत पाठशालामा अध्ययन गर्न गए। वि. सं. २००४ सालको *जयतु संस्कृतम्* विद्यार्थी आन्दोलनमा पनि सहभागी भए। काशी वाराणसेय संस्कृत विश्वविद्यालयबाट आचार्यसम्म र अङ्ग्रेजीतर्फ म्याट्रिकुलेशनदेखि बी.ए.सम्म अध्ययनपश्चात् त्रिभुवन विश्वविद्यालयबाट नेपाली साहित्यमा एम्. ए. र मगध विश्वविद्यालय भारतबाट हिन्दी तथा नेपाली भाषाको तुलनात्मक अध्ययन विषयमा बिदावारिधि उपाधि प्राप्त गरे। *माङ्दङे भण्डारी वंश*मा बिदावारिधि गर्ने उनी पहिला भए। वि. सं. २०१०को संस्कृत विषयको अध्ययनलाई अङ्ग्रेजीसरह मान्यता दिने विषयमा काठमाडौँको प्रतिनिधि भएर पूर्वाञ्चलमा आन्दोलनको नेतृत्व गरे। उनलाई तत्कालिक सरकारले केही दिन नजरबन्दमा पनि राख्यो। वि.सं. २०१४ सालमा विराटनगरमा भएको भाषा आन्दोलनमा नेपाली भाषाको लागि सक्रिय भाग लिए। अध्ययन र रुचि फराकिलो भएकाले एउटै क्षेत्रमा सीमित रहेनन्। उनको रुचि अध्यापन, भाषा, साहित्य र संस्कृतिको सेवा नै हो।

भोजपुरको याकुस्थित नि.मा.वि.को प्रधानाध्यापक भई तीन वर्ष र विराटनगर राष्ट्रिय विद्यालयमा चार वर्ष शिक्षक भएर सेवा गरेपछि वि.सं. २०१७ सालदेखि *गोरखापत्र* दैनिकको उप-सम्पादकपछि सह-सम्पादक भई पत्रकारितामा संलग्न भए। रत्नराज्यलक्ष्मी कलेज भृकुटीमण्डपको संस्थापक प्राध्यापकमा वि.सं. २०२३ सालसम्म संलग्न भए। वि.सं. २०२३ सालमा ताप्लेजुङको भूमिसुधार अधिकारी भएर २०२४ सम्म काम गरी पुनः कलेजमा फर्किए। वि.सं २०२७ सालमा केही अवधि जुट विकास संस्थानको निर्देशक भएर काम गरेपछि पुनः कलेजमै फर्किएर लामो अवधिसम्म महेन्द्र मोरङ कलेजमा प्राध्यापन गरे। उनकै प्रयासबाट स्नातकोत्तर क्याम्पस विराटनगरमा नेपाली कक्षा शुरू भएको हो। प्राध्यापक पदमा पदोन्नतिमा त्रि.वि.वि.ले पक्षपात गरेकाले अन्याय स्वीकार्नुभन्दा त्याग गर्नु उचित सम्झी ३५ वर्षसम्म प्राध्यापनपछि स्वेच्छिक अवकाश लिएर साहित्यिक र सामाजिक संस्थामा संलग्न भए।

# डा. गणेशप्रसाद भण्डारीको साहित्यिक र सामाजिक संस्थामा संलग्नता

नेपाली साहित्य समिति विराटनगर अध्यक्ष, अध्यात्मिक सम्पदा संरक्षण तथा समाज कल्याण प्रतिष्ठान काठमाडौँ अध्यक्ष, वाणी प्रकाशन विराटनगर अध्यक्ष, कोशी वृक्षरोपण कम्पनी विराटनगर निर्देशक, नेपाल क्षयरोग निवारण संस्था विराटनगर सदस्य, वशिष्ठ भण्डारी समाजको प्रथम संस्थापक महासचिव भएर सेवा गरे ।

उनले बनारसमा अध्ययन गर्दा २१ वर्षको उमेरमा २०१० सालमा छात्रदूतमा "राष्ट्रवन्दना" कविता (नेपाली छात्रपरिषद् बनारसबाट प्रकाशित) बाट नेपाली साहित्यमा पाइलो चलाउँदै साहित्यिक पत्रिकाहरू *नौलो पाइलो, छात्रदूत, छहारी*को सम्पादन गरे । धेरै *कथा, कविता र नाटक* पनि लेखे । वि.सं. २०१३ मा सङ्खुवासभाका उनीसहित केही युवा प्रतिभाको प्रयासमा *"नौलो पाइलो"* पत्रिका बनारसबाट प्रकाशित भयो । यसले नेपाली भाषामा झर्रोवादी आन्दोलन प्रारम्भ गऱ्यो । आन्दोलनका अग्रणीमा बालकृष्ण पोखरेल, तारानाथ शर्मा, कोषराज रेग्मी, गणेशप्रसाद भण्डारी,चूडामणि रेग्मी, वल्लभमणि दाहाल, इलामका माधव भण्डारी, पोषराज निरौला प्रभृति संलग्न थिए । नेपाली भाषा र संस्कृतिप्रति अगाध स्नेह राख्ने उनको नेपाली साहित्यको आकाशबाट अस्ताएका र डाँडाको घाम भएका स्रष्टाहरूको विषयमा अन्वेषण र अनुसन्धानमा बढी रुचि थियो । राष्ट्र, राष्ट्रियता, नेपाली भाषा, साहित्य र संस्कृतिका निम्ति जीवनभर सर्वोपरि मान्ने उनका नेपाल र भारतका विभिन्न पत्रपत्रिकामा समालोचना, कथा, कविता, प्रहसन, नाटक, निबन्ध प्रकाशित छन् । कृति थोरै भए पनि गुणात्मक छन् । भाषामा मौलिकता र विचारमा स्पष्टता छ । उनमा भाषिक त्रुटि र व्याकरणगत अशुद्धिका बारेमा कहिल्यै सम्झौता गर्ने बानी थिएन । उनको कृति *व्यक्ति अभिव्यक्ति* प्रकाशन वि.सं. २०५६ (विभिन्न मितिमा प्रकाशित समालोचनात्मक लेखहरूको सङ्ग्रह हो), जसमा उनले कवि शिरोमाणि लेखनाथ पौडेल, कृष्णलाल अधिकारी र मकैपर्व, जातीय जागरणका प्रथम उद्गाता धरणीधर कोइराला, महानन्द सापकोटा, कवि साम्वभक्त सुवेदी, लक्ष्मण शास्त्री, कृष्णहरि शर्मा ढुङ्गाना, केदारमान व्यथित, कलात्मक संवेदनाका कवि माधवप्रसाद घिमिरेको बारेमा उल्लेख गरेका छन् भने अभिव्यक्ति खण्डमा *गौरी, महानन्दको राष्ट्रवाद, रेम्ब्रान्ट, ओमर खैयाम, देबयानी, चाँदनी शाहका कविता, धुम्रपान उवाच, विचित्ररत्न भाण्डागार, कलात्मक यथार्थको प्रस्तुति अनिँदो रात* र *बत्तीका पुतलीहरू, कलङ्की समाज* र *उपेक्षित नारी नाटककार*

*सुभद्रादेवी दङ्गाल* छन् । यसका अतिरिक्त *पट्याँस पट्याँस्, एरिस्टोटल काव्यशास्त्र* (अनुवाद) आदि छन् ।

सम्पादित कृतिहरूमा– *बुद्धिविनोद, उत्तर-काव्य,* उप-सम्पादक *गोरखापत्र* २०१६ सालदेखि २०२३ सम्म, *धर्मकुमारी शिक्षा, नेपाली कविता* र *असमेली नेपाली कविता, ढेलो* (कवितासङ्ग्रह), *पं. मेघराज शर्मा ग्रन्थ, अध्यात्म मासिक, भूपालमान सिंह अभिनन्दन ग्रन्थ* आदि *सम्झनामा डा. गणेश भण्डारी* नेपाली साहित्य समिति, विराटनगरको प्रकाशनमा उल्लेख छ ।

पुरस्कार र सम्मानः महेन्द्र बिदाभूषण क, वि.सं.२०५४ सालको बालसाहित्य पुरस्कार समाज कल्याण मन्त्रालय, वासुशशी स्मृति प्रतिष्ठान सम्मान, धौलागिरी साहित्य प्रतिष्ठान बागलुङद्वारा सम्मान, कल्याण प्रतिष्ठान, विराटनगरद्वारा सम्मान, नेपाली भाषा परिषद् असम भारतद्वारा सम्मान, नेपाली भाषा परिषद् दार्जीलिङ भारतद्वारा सम्मान आदि । यी सबै कुराहरू, *"व्यक्ति अभिव्यक्ति डा गणेश भण्डारी"* नामक कृतिमा लेखिएका छन् ।

नेपाली साहित्यकार र भारतमा रहेका नेपाली साहित्यकर्मीसित सेतुको काम गर्न सफल उनका कलममा रामकृष्ण शर्माको जस्तो स्पष्ट, स्वच्छ र निर्भीक तागत रहेको छ । *असमेली नेपाली कविता २०५३* मा उनले विवेक, विचार, प्रज्ञा, प्रतिभा, प्रेरणा, कल्पना, भावना, संवेदना, अनुभूति र सिर्जनाका विषयमा आफ्नो गम्भीर चिन्तन प्रस्तुत गरेका छन् । नेपाली वाङ्मयलाई नबिर्सने गुण लगाई वि.सं.२०५५ पौष १६ राति विराटनगरमा मोटरसाइकल दुर्घटनामा परी उनको असामयिक निधन भयो । उनको निधनले नेपाली भाषा, साहित्य, संस्कृतिको क्षेत्रमा ठूलो क्षति भयो ।

## डा. सुशीला भण्डारी (कोइराला )

मेरी भाउजू दाजु डा. गणेशप्रसाद भण्डारीकी पत्नी डा. सुशीला कोइराला भण्डारी ख्यातिप्राप्त कवयित्री एवम् लेखिका हुनुहुन्छ । उहाँले धेरै काव्य, कथा र निबन्ध लेख्नुभएको छ । धेरै पुरस्कार र सम्मानपत्रबाट पुरस्कृत एवं सम्मानित पनि हुनुभएको छ । उहाँका प्रकाशित कृतिहरू यसप्रकार छन् – १. *आराधना* (काव्यसङ्ग्रह), २. *दीपिका* (काव्यसङ्ग्रह), ३. *अर्चना* (गीतिसङ्ग्रह), ४. *परदेशीलाई पत्र* (गद्यकवितासङ्ग्रह), ५. *चेतना* (गीतिसङ्ग्रह), ६. *आर्तनाद* (खण्डकाव्य), ७. *मेनका* (महाकाव्य) । त्यस्तै प्रकाशोन्मुख कृतिहरूमा– १. *आक्रान्त* (खण्डकाव्य), २. *प्रकृतिपुत्री* (लघुकाव्य), ३. *मनोव्यथा* (कथासङ्ग्रह), ४. *शीतको थोपा*

(उपन्यास), ५. *आमा* (उपन्यास), ६. *मेरो अनुभव मेरो विचार* (निबन्ध), ७. *क्यान्भासमा तिमी र म* (गद्यकवितासङ्ग्रह), ८. *म मेरै देशको मान्छे* (छन्दोबद्ध कवितासङ्ग्रह), ९. *त्रासरेणु* (हिन्दी कवितासङ्ग्रह) ।

## हिरण्यप्रसाद भण्डारी

पं. वेदनाथ र वृन्दादेवीका पुत्र हिरण्यप्रसाद भण्डारीले (वि. सं. १९९७ वैसाख) चन्दनपुर पाठशालामा वि. सं.२०२८देखि २०३५ सालसम्म र नि.मा.वि.आङ्लामा वि.सं. २०३७ सम्म अध्यापन गरेर शिक्षा सेवा गरे। चन्दनपुरस्थित जनता माध्यमिक विद्यालयको व्यवस्थापन समितिको व्यवस्थापनमा पटक-पटक छ वर्षसम्म संलग्न रही शिक्षा उन्नयनमा आफ्नो सेवा अर्पण गरे। वि.सं. २०३९ देखि २०४६ सम्म चन्दनपुर गाँउपञ्चायतको प्रधानपञ्च भएर सामाजिक सेवा गरे। हाल अवकाश जीवन व्यतीत गर्दैछन् ।

मैले महेन्द्र कलेज धरानमा अध्ययनकै क्रममा वि.सं २०१७ सालदेखि शिक्षासदन नि.मा.वि पछि मा.वि.मा परिणत २०२२ असार सम्म अध्यापन गर्रैं। नि.मा.वि.लाई हाइस्कूलमा परिणत गरेर पहिलो समूहलाई एस.एल.सी.मा समुत्तीर्ण गराएपछि थप अध्ययन गर्न स्कूलबाट अवकाश लिएँ। मेरो कान्छो भाइ शिवकुमार भण्डारीले धरानको पब्लिक मा.वि. फुम्लेमा २० वर्ष र पछि महेन्द्र बहुमुखी क्याम्पस धरानमा २५ कर्षसम्म कानून विषयको अध्यापन गरेर सेवा निवृत्त भए। पं हरिप्रसाद पुत्र गोपालप्रसाद भण्डारीले चेवाको प्राईमरी विद्यालयमा धेरै वर्ष अध्यापन गरेर शिक्षा निरीक्षक एवम् शिक्षा अधिकारी भएर धेरै जिल्लामा शिक्षा विकासमा सेवा गरे। उनका माहिला भाइ गोकुलप्रसाद भण्डारीले दिक्तेल, इनरुवा, महेन्द्र बहुमुखी कलेज धरान र विराटनगरमा नेपाली विषय अध्यापन गरी सेवानिवृत्त भए। उनका छोरा अन्जन र निरन्जन पनि शिक्षासेवामा निरन्तर लागेका छन्। कुलमणि भण्डारीका पुत्र प्रदीप भण्डारी शिक्षा सदन धरानमा र वीरेन्द्र भण्डारीले एस् ओ. एस् भक्तपुरमा शिक्षासेवा गरी शैक्षिक उन्नयनमा योगदान गरेकाछन्, गर्दैछन्। यसरी चार पुस्ता हाम्रा परिवारले नेपालको विभिन्न स्थानमा शिक्षाको ज्योति प्रज्ज्वलित गरी अज्ञानरूपी अन्धकारबाट उज्यालो पार्ने कार्यलाई निरन्तरता दिएका हुन् ।

# शैक्षिक उन्नयनमा आबाल ब्रह्मचारी षडानन्दको प्रेरणा

नेपालको शैक्षिक उन्नयनमा दिङ्लाका बालागुरु षडानन्दको प्रेरणाले भण्डारी गुरुहरूले खासगरी पूर्वाञ्चलको शैक्षिक जागरणमा अतुलनीय योगदान गरेको इतिहास छ। सार्वजनिक सञ्जाल र सञ्चारमाध्यम नभएको सय वर्षअघिका घटना आजको समयमा उल्लेखन गर्दा किंवदन्तीजस्तो लाग्न सक्तछ तर यी सत्य हुन्। ऐतिहासिक यथार्थ हुन्। त्यस बेलाको इतिवृत्त उल्लेख गरेर शैक्षिक, अध्यात्मिक, सामाजिक, भाषिक एवम् सांस्कृतिक क्षेत्रमा पुऱ्याएको योगदानको चर्चा-परिचर्चा गर्नु समसामयिक इतिहासको यथार्थ पक्ष जनसमक्ष प्रस्तुत गर्नु पनि हो। तत्कालिक परिवेशमा शिक्षा, अध्यात्म, संस्कृति र सभ्यता नपुगेको स्थानमा गई शिक्षाको अखण्ड ज्योति जगमगाउनु ठूलो योगदान हो। तत्कालिक समाजको आँखाबाट हेर्दा त्यसको महत्त्व र प्रभाव अनुस्मृति गर्न सकिन्छ। त्यो समयमा शिक्षा भन्नु नै नेपाली भाषा र संस्कृत शिक्षा थियो। नेपाली भाषा-पाठशाला खोल्न पनि श्री ३ को आदेश आवश्यक पर्थ्यो। सरकारीस्तरबाट भाषा-पाठशाला खोल्न वि.सं. १९५८ देखि शुरूवात भएको हो। भाषा-पाठशालामा पढाउने व्यक्तिलाई पण्डित (दर्जा) शुरूवातमा नियुक्ति दिएर सरकारले पठाउथ्यो। सरकार भनेको श्री ३ को दरबार थियो। त्यहाँ पहुँच पुऱ्याएपछि मात्र नियुक्ति हुन्थ्यो। प्रतिवर्ष पर-पजनी गरिन्थ्यो। दिनभर भाषा-पाठशालामा पढाउने र बिहान-बेलुकी गुरुको आश्रममा रही गुरुकुल परम्परामा संस्कृत पढाइ गरिन्थ्यो। त्यसमा *रुद्री, वेद, व्याकरण, साहित्य, कोश, काव्य, नेपाली, गणित, ऐन श्रेस्ता, ज्योतिष, धर्मशास्त्र*जस्ता विषय पढाइन्थे। तत्कालिक परिवेशमा ती महत्त्वपूर्ण विषय थिए। संस्कृतको अध्ययन अध्यापनसँगै अध्यात्मिक ज्ञानलाई पौराणिक कथाको माध्यमबाट जनसमक्ष प्रस्तुत गरिन्थ्यो। उनीहरूले नेपाली र संस्कृत भाषा, संस्कृति, सनातन धर्म, सामाजिक सभ्यता, सामाजिक आचरणबारेमा आ-आफ्नो कार्यक्षेत्रमा जागृति गराए। चेतना र ज्ञानको आलोक फैलाए। तत्कालिक सामाजिक परिवेशमा भौतिकपक्ष घर-व्यवहारलाई आवश्यक हिसाब, ऐन श्रेस्ता नेपाली भाषाका साथ अध्यात्मिक एवम् सांस्कृतिक पक्षलाई बढी महत्त्व दिइने प्रचलन थियो।

वैदिक सनातन धर्म सिकाउने वशिष्ठ ऋषिसँग जोडिएको वंश स्वयम् निर्मित गुरुकुल हो। त्यहाँ शिक्षार्थी आउँथे, सिक्थे, पढ्थे, आचरण शुद्ध पार्थे। अध्ययनपश्चात् शिक्षा, संस्कृति, सनातन धर्म र संस्कार फैलाउन सक्रिय रहन्थे।

उनीहरूले पनि अध्ययनपश्चात गुरुमार्ग अनुसरण गरे एउटा बत्तीबाट हजारौँ बत्ती प्रज्ज्वलित गरेर समाजमा व्याप्त अँध्यारोलाई उज्यालो पार्ने । यो क्रम निरन्तर चल्यो । विभिन्न स्थानमा शिक्षा, संस्कृति र अध्यात्मको दीप प्रज्ज्वलित गर्ने काम गरिरहे । यो क्रममा भोजपुर टक्सार बजार र याकुबिर्ता, तेह्रथुम, ताप्लेजुङ चैनपुर, खाँदबारी, चन्दनपुर, पाँचथर, इलाम, धनकुटा, तौलिहवा, धरान, विराटनगर,काठमाडौँलगायत क्षेत्रमा शैक्षिक जागरणमा आफूलाई समर्पण गरे । आजपर्यन्त उनीहरूबाट दीक्षित छात्रहरू उनीहरूको नाम लिँदा गर्व गर्छन् । श्रद्धाले नतमस्तक हुन्छन् । उनीहरूले नेपाली समाजको अवस्था र गरीबीलाई ध्यानदिदै उदारतापूर्वक सबै जात-जाति र वर्गका छात्रछात्रालाई विनाविभेद पाठशालामा पढ्न पठाउन अभिभावकलाई उत्प्रेरित गरे । विद्यार्थीहरूलाई खुला हृदयले शिक्षादान गरे । आफ्नो जीवन अँध्यारोमा बिताइरहेकालाई अक्षर, शब्द र चेतनाको माध्यमबाट उज्यालो भर्ने, दीपमा दीप प्रज्ज्वलित गरेर शिक्षाको ज्योति फैलाउने काम गरे । आँधी, हुरी, बतास र असिना पानीले थिलथिलो भएको बिरूवालाई जसरी सिपालु मालीले गोडमेल, मलजल गरेर हुर्काई फल फलाउँछ । त्यस्तै शिक्षाको उज्यालोबाट वञ्चित विद्यार्थीलाई शिक्षाका माध्यमबाट ज्ञानको उज्यालो बाँड्ने र चेतना फैलाउने काम गरेर ज्ञान र चेतनाको अनन्त प्रकाश फैलाए ।

त्यो ज्ञान किताबी ज्ञान मात्र थिएन, अपितु व्यावहारिक ज्ञान थियो, थियो सांस्कृतिक पुनरुत्थान । चेतनाजन्य ज्ञानअन्तर्गत बिदाप्रेम, अनुशासन, गुरुशिष्य सम्बन्ध, पारस्परिक सहयोग, समर्पण भाव, माता-पिता, गुरुजन र आफूभन्दा अग्रजलाई सम्मान, आदरभाव, आफूभन्दा कनिष्ठलाई प्रेम, सद्भाव, स्नेह, सहयोग, वातावरण स्वच्छता, आत्मसंयमजस्ता मानवीय गुण सिकाउनु थियो । प्राणी मात्रको जीवनलाई आवश्यक तत्त्व पानी, वायु र माटोको स्वच्छताजस्ता प्राकृतिक वातावरण संरक्षणमा सलग्न रहनु थियो । मिहिनेत, निष्ठा, अतिथि सत्कार, आपसी मेलमिलाप, मिलेर बस्न सिकाउने ज्ञान र चेतनाका पक्ष सामेल थिए । शिक्षाले मानवीय मूल्य, मान्यता र चेतनाको विकास गर्नुपर्दछ । सम्पूर्ण जीवनमा चरितार्थ हुने ज्ञान समावेश हुनुपर्दछ । यसो भएमा मात्र आफू बसेको स्थान, समाज र अन्ततोगत्वा देशको समृद्धि हुन्छ भन्ने दृढ मान्यता राखे । त्यो ज्ञानले शिष्यहरू समाजमा आफैँ हिँड्न सक्ने र स्वावलम्बी बनाउने सामर्थ्य जगाउनु थियो । कोरा शिक्षाले यी सबै पूरा गर्न सक्तैन भन्ने प्रवल धारणा थियो ।

वर्तमान समयको शिक्षामा विद्यालय वा महाविद्यालयमा जो पढाइन्छ, जस्ता विद्यार्थी पढेर समाजमा आउँछन् त्यो शिक्षा वा शिक्षित नभएर व्यापार र व्यापारीजस्ता

पात्रमा परिणत भएको अनुभूति हुने र वर्तमान शिक्षाप्रणालीमा व्यापारीकरण अझ माफियाकरण भएको भन्ने शिक्षाविद्हरूको आरोप लाग्ने गरेको छ। एउटै देशमा दुई थरीको शिक्षा शैलीले हुँदा खाने र हुने खानेको बीचमा ठूलो खाडल सिर्जना गरी समाजलाई दुई वर्गमा बाँडेको छ। सरकारी शिक्षकले पढाउनुपर्दैन । दलका भातृ संगठनमा आबद्ध भई दलगत कार्यालयमा गणेश परिक्रमा गरे पुग्दछ भन्ने मान्यता स्थापित भएर सामुदायिक शिक्षालयको शिक्षास्तर खस्किएर त्यहाँबाट पढेर निस्केको जनशक्ति समाजमा स्वावलम्बी हुन र समाजमा उपयोगी कार्य गर्न कठिन भएको शिक्षाविद् एवम् समाजशास्त्रीहरूबाट कटु अनुभूति व्यक्त हुने गरेको सामाजिक सञ्चार माध्यममा पाइएको छ। शिक्षार्थीको स्वतन्त्र व्यक्तित्व बन्न दिएको छैन तर त्यो समयमा यस्तो थिएन। शैक्षिक र व्यावहारिक दुबै ज्ञान प्राप्त हुन्थे। पढ्न चाहनेको बीचमा आर्थिक हैसियत र भेदभावको पर्खाल थिएनन्। जो आउँथे विनाभेदभाव पठन-पाठनमा समावेश हुन्थे। पढ्थे र ज्ञानको आलोकबाट आलोकित हुन्थे। सबैका लागि समान शिक्षा भन्ने थियो। एक प्रकारको समावेशी शिक्षा। शैक्षिक, अध्यात्मिक र व्यावहारिक ज्ञानको त्रिवेणी । शिक्षा प्राप्त गर्नेले स्वतन्त्र एवम् सामर्थ्य भएको व्यक्तित्व बन्ने र प्राप्त ज्ञान समाजसेवामा अर्पण गर्न सक्ने क्षमता राख्तथे।

शिक्षा पाएको व्यक्ति समाजप्रति इमानदार छ छैन, समाजलाई इमानदार बनाउन योगदान गर्छ गर्दैन भन्ने मुख्य कुरा हो। वर्तमानको शिक्षा बेरोजगार उत्पादन गर्ने प्रकृतिको छ। जीवनको पाठशालाबाट सिकेको सीप, ज्ञान, जीविकोपार्जनका कलाजस्ता जीवनोपयोगी हुनुपर्नेमा सो पाइँदैन। शिक्षाबाट काम र कामबाट शिक्षा हुनुपर्नेमा सो पनि छैन तर उनीहरूको शिक्षा प्रदान गर्ने शैली यस्तो प्रकृतिको थिएन। स्वावलम्बी बन्ने शिक्षा थियो। असल चरित्र निर्माणमा केन्द्रित थियो। यसमा उनीहरू आफैँ इमानदार, सक्षम र व्यावहारिक कार्यमा अग्रसर भएर नै त्यो सफलता र सिद्धि प्राप्त गरेका थिए। गुरुको आदर्श अनुयायी शिष्यमा स्वतः सर्दथ्यो। त्यो विरासत गुरुको शिक्षाबाट प्राप्त गर्थे।

नेपालको पूर्वीय क्षेत्र दिङ्लामा शिक्षा, अध्यात्म, संस्कृतिको ज्योति जगमगाउने बहु आयामिक मूर्धन्य व्यक्तित्व गुरु आबाल ब्रह्मचारी षडानन्द अधिकारीको प्रेरणाले सबै भण्डारी गुरुहरूले ग्रामीण क्षेत्रमा गएर भाषा-पाठशाला खोल्ने, स्वीकृत गराउने, त्यही क्षेत्रका विद्यार्थीहरूलाई पढाउने काम गरे। बाहुन, क्षेत्री, राई वा दलित जाति सबै सँगै बसेर पढ्थे। यो तथ्य स्वीस लेखक टोनी हेगनले पनि *"नेपाली चिनारी २०५८"* उल्लेख गरेका छन्। यो परम्परालाई उनीहरूले पनि

अनुसरण गरे । नेपाली समाजमा व्याप्त अशिक्षा र अज्ञानता हटाई समाजमा योग्य नागरिक बनाउन शिक्षा, अध्यात्म र संस्कृतिको उन्नयनमा आफूहरूलाई समर्पित गरे ।

अध्यापन कार्यको अतिरिक्त नागरिक समाजको आग्रहमा व्याप्त अशिक्षा र अज्ञानता निवारण गर्न *पुराण*हरूको आधारमा अध्यात्मिक प्रवचन गरेर प्रौढ व्यक्तिहरूमा अध्यात्मिक एवम् सांस्कृतिक चेतना जागृति गर्ने काम पनि गरे । यस्ता प्रवचनमा अधिक सङ्ख्यामा उपस्थित हुने भएकाले समाजका बढीभन्दा बढी व्यक्तिहरू लाभान्वित हुन्थे । गृहस्थी प्रौढहरूमा यस्ता अध्यात्मिक सरल र सरस कथाका उदाहरणबाट सामाजिक, सांस्कृतिक, अध्यात्मिक एवम् नैतिक चरित्र र संस्कृति जागृति हुन्थ्यो । यस्ता अभिरुचिका श्रवणीय प्रवचनले नेपाली समाज लाभान्वित भएर समाज सुधार गर्ने सरल एवम् लोकप्रिय माध्यम बनेको थियो ।

"गुरु" शब्द स्वयम्मा ओजपूर्ण छ । यो शब्द भाव बुझ्नेका लागि गम्भीर पनि छ । शब्द सुन्नासाथ भाव बुझ्नेका मनमा गुरुप्रति कृतज्ञताको अहोभाव जागृत हुन्छ । अनि प्रकट हुन्छ असीम श्रद्धा, सम्मान र आस्था । मानव जीवनमा गुरु नभए जीवन अधुरो, अतृप्त र अँध्यारो हुन्थ्यो मानवको । गुरु र शिक्षक पर्यायवाची शब्द हुन् तर वर्तमान समयमा यी दुई शब्दमा धेरै अन्तर आएको छ । शिक्षकले केवल कोरा शिक्षा रटाउँछन् । त्यो रटेको शिक्षाले जीवनको सारतत्त्व बुझ्न/बुझाउन सक्तैन । शिष्यमा न त स्वतन्त्र चिन्तन-मनन गर्न र त्यसमा उल्लिखित पक्षलाई आलोचना वा टीका-टिप्पणी गर्ने क्षमताको विकास नै गर्न सक्छन् । अहिलेका शिष्यले वास्तविक गुरु पाएका छैनन् । पहिले गुरुलाई आदर गर्थे, कृतज्ञ हुन्थे । आदर्श गुरु र आदर्श शिष्य हुन्थे । आज दुवैको अभाव छ । पढेको ज्ञान जीवन र जगत्मा स्वतन्त्र प्रयोग गर्न असमर्थ भएपछि घोकेका कुरा बुझाउने अन्धभक्ति मात्र प्रकट हुन्छ तर वास्तविक गुरुले घोकन्ते बिदामा होइन, पढाएको विषयको सारतत्त्व बुझाएर त्यसमा जीवन र जगत्को सारबोध गराउँछन् । जीवनमा प्रयोग गर्न र त्यसबाट सही तरिकाले जिउने कला सिकाएर सत्मार्ग देखाउँछन् । त्यही मार्ग अनुसरण गरेर छात्रले आफ्नो जीवन सफल र धन्य बनाउँछन् । गुरु अनुहार वा चेहरा होइन, गुरु ज्ञानको स्वरूप हो । विद्वान्ले लेखेका पुस्तक पनि गुरुसरहकै हुन्छन् तर ती पुस्तक बुझ्न पनि गुरु नै आवश्यक पर्छ । सच्चा गुरुले मात्र जीवनको सत्मार्ग देखाउँछन् । उहाँहरूले सच्चा गुरु भएर धेरैलाई बिदाध्ययनको बाटोबाट जीवनको सत्मार्ग देखाउनुभयो । ज्ञान र चेतनाको अनन्त प्रकाश फैलाउनुभयो । यो कार्यमा

सफल पनि हुनुभयो । यो थियो उहाँहरूको गुरु गाम्भीर्य, शिष्यप्रतिको प्रेम र लगाव, सफलता अनि मुलुक र मुलुकप्रतिको कर्तव्यबोध ।

उहाँहरूमा सामाजिक चेतनासँगै सामाजिक ज्ञान (सोसल इन्टेलिजेन्स) मात्र थिएन, समाजको अध्ययन बिना अन्य कार्य गर्न सम्भव हुँदैन र जातीय, भाषिक, धार्मिक, सांस्कृतिक विविधता भएको नेपालमा समाजशास्त्रीय ज्ञान प्रत्येक पाइलामा आवश्यक पर्छ भन्ने भावना थियो । वर्तमानमा यसको अभाव हुन लागेको हो जस्तो प्रतीत भइरहेको छ । त्यो समयमा शिक्षालय स्थापना गर्नुपर्छ र आफ्ना सन्तानलाई पढाउनुपर्छ भन्ने चेतना सीमित व्यक्तिमा थियो । त्यसैले थोरै थिए पाठशाला । यस्ता पाठशालामा पढ्ने विद्यार्थी पनि कति हुन्थे र ! सरकारी स्तरमा खोलिएका पाठशालामा पनि शिक्षाका आधारभूत साधन थिएनन् । पाठशालाका शिक्षक नियुक्ति गरिदिएपछि पाठशालामा विद्यार्थीहरूलाई पढ्न आवश्यक साधन शिक्षक स्वयंले जुटाउनुपर्थ्यो । त्यहाँ एउटै शिक्षकले अक्षरारम्भ गर्ने बालकदेखि किशोर उमेरसम्मकालाई शिक्षाभ्यास गराउनुपर्थ्यो । उहाँहरूसँग धेरै टाढा-टाढाबाट विद्यार्थीहरू गुरुकुलको रूपमा बसेर पढ्न आउँथे । ती विद्यार्थीलाई खाने र बस्ने व्यवस्था गरिदिएर सहयोग गर्नुहुन्थ्यो । स्थानीय उदारमना व्यक्तिहरूले पनि यस्ता कार्यमा सहयोगका हात बढाउँथे । यसरी बिहान, बेलुका र दिउसो सबै समय विद्यार्थीहरूलाई शिक्षाको ज्योतिद्वारा आलोकित गर्नुहुन्थ्यो, ज्ञान बाँड्नुहुन्थ्यो । यसरी पाठशालामा, निवासमा शिक्षाको अखण्ड-दीप बाल्नुहुन्थ्यो अज्ञानरूपी अन्धकारलाई उज्यालो पार्न ।

फुर्सदका अवसरमा स्थानीय नागरिक समाजको आग्रहमा *धर्मशास्त्र*को प्रवचनद्वारा अध्यात्मिक एवम् सांस्कृतिक जागरण र नैतिक शिक्षाको ज्योति प्रज्ज्वलित गर्ने काममा संलग्न हुनुहुन्थ्यो । यस्तो थियो उहाँहरूको शैक्षिक, अध्यात्मिक एवम् सामाजिक सेवा । समाजमा शिक्षा दिने व्यक्ति गतिला भए समाजका सबै व्यक्ति गतिला हुन्छन् । शिक्षकले विद्यार्थीको मनको आँखामा भरेको आलोकले नै यथार्थ रूपमा संसार हेर्न र चिन्न सक्छन् भन्ने मान्यतामा आफ्ना विद्यार्थीहरूलाई पढाउनुहुन्थ्यो । समाजमा व्याप्त अशिक्षा र अन्धकारलाई हटाएर शिक्षित एवम् चेतनशील समाजमा रूपान्तरण गर्न यस्ता कार्य सहायक हुन्थे । यसैबाट शिक्षा र अध्यात्मिक चिन्तनको उज्यालो प्रकाश निरन्तर फैलिरहन्थ्यो । इतिहासको कालखण्डमा करीब एक सय वर्षको अवधिमा उहाँहरूले शिक्षा, संस्कृति, अध्यात्म, मानवसेवा, भाषा र साहित्यको उन्नयनमा गरेको सेवाको वर्तमान समाजलाई जानकारी प्रदान गर्नु नै यो आलेख उद्देश्य रहेको छ ।

विद्वान् व्यक्तिहरू एक स्थानमा सीमित हुँदैनन्, नदीजस्तै सललल बगिरहन्छन् । जहाँ रहे बसे पनि आफ्नो सुकीर्ति र ज्ञानका कारण आफ्ना प्रतिभाको अनन्त ज्योति प्रज्ज्वलित गरिरहन्छन् । गङ्गा वा यमुना गङ्गोत्री, यमुनोत्री, हरिद्वार, प्रयाग जहाँ बगे पनि ती नदीको गुण र महिमामा कमी हुँदैन । विद्वान् व्यक्तिहरू जहाँ रहे बसे पनि आफ्ना गुण र ज्ञानद्वारा समाजलाई लाभान्वित गरिरहेका हुन्छन् । गुणग्राही समाजले पनि विद्वान्को कदर र सम्मान गरेर त्यस्ता विद्वान्बाट ज्ञानगुन ग्रहण गरी लाभान्वित भइरहेका हुन्छन् । **विद्वान् सर्वत्र पूज्यते** भनिएको पनि छ । सनातन समाजमा गुणीजनको सत्ज्ञान र महिमा कदर गर्नेको कमी पनि छैन । सबैले आदरभाव र सम्मान प्रकट गर्छन् र विद्वत्ताबाट लाभ लिन्छन् । यो आदर्श र सच्चरित्र नै हो विद्वत्जनको । त्यही कारणले विद्वत्वर्ग एकै स्थानमा आफूलाई सीमित राख्तैनन् । अनि यायावर भएर अनवरत यात्रा गरिरहन्छन् । समाजलाई आफ्ना ज्ञानको ज्योति महाज्योति फैलाइरहन्छन् । यो ज्योति ज्ञानको ज्योति हो । भगवतरूप हो ।

स्मरणीय छ :

**विद्वत्वं च नृप त्वं च नैवतुल्यं कदाचन**
**स्वदेशे पूज्यते राजा विद्वान् सर्वत्र पूज्यते ।** *(नीति वचन)*

विद्वान् र राजामा यही फरक छ । विद्वान् संसारका जुनसुकै कुनामा पुगे पनि पूजनीय हुन्छन् । राजा आफ्नो देशमा मात्र । आफ्नो साधना र कर्ममा अनवरत लाग्ने ज्ञानीहरू जहाँ रहे बसे पनि पूजनीय एवम् वन्दनीय हुन्छन् । माथि उल्लेखित भण्डारी गुरुहरू त्रैलोक्यनाथ, पुष्पलाल, वेदनाथ, हरिप्रसाद र गणेशप्रसाद एकै स्थानमा सीमित रहनुभएन । यायावर भएर विभिन्न स्थानमा रही शिक्षा, संस्कृति, सनातन धर्म,अध्यात्म, नेपाली भाषा र नेपाली साहित्यको श्रीवृद्धिमा लागिरहनुभयो । ज्ञानको दीप प्रज्ज्वलित गरिरहनुभयो । ज्ञानको अनन्त ज्योति महाज्योति फैलाइरहनुभयो । चरैवेति । चरैवेति । यही आदर्श रह्यो ।

यहाँ प्राचीन ग्रीसेली कथाका दुई पात्र मिथकको रूपमा उल्लेख गर्न उपयुक्त सम्झन्छु । ती पौराणिक पात्र हुन् नार्सिसस् र फिनिक्स (चरा) । जलदेवता र जलपरीको छोरा नार्सिसस् अखण्डै राम्रो थियो । भविष्यवक्ताले गरेको भविष्य वाणीमा नार्सिसस्को आयु लामो छ तर आयु भोग गर्न ऐना वा कुनै वस्तुमा आफ्नो अनुहारको प्रतिबिम्ब एक झल्को पनि हेर्न हुँदैन, हेरेमा दुःखका क्षण शुरू भइहाल्छन् भन्ने छ । दुर्भाग्यवश कुनै दिन जङ्गलमा पानी खोज्दै जाँदा उसले

नदीको पानीमा आफ्नो छायाछवि देखेछ। आफ्नो बिछट्टै राम्रो छविको प्रेममा ऊ यसरी फस्यो कि त्यसलाई आँखा नझिम्क्याई हेरिरह्यो। हेरी नै रह्यो। त्यो छायाछविको सुन्दरता यति आकर्षक थियो कि त्यो आत्ममुग्धताको दृश्यबाट उसले आफूलाई हटाउनै सकेन। निरन्तर हेरिरह्यो, हेरिरह्यो। भोक, तिर्खा, निद्रा, जगत् सारा बिर्स्यो। अन्त्यमा आफ्नै सौन्दर्यको आत्ममुग्धतामा डुबेर, लठ्ठिएर सास फेर्न बिर्सिएर मृत्युवरण गर्नपुग्यो।

फिनिक्सको (चरा) आयु पाँच-सात सय वर्ष छ तर जब उसको आयु पुग्छ, आगोमा जलेर भस्म हुन्छ र त्यही आगो भस्मबाट ब्युँतिएर फेरि नयाँ जीवनको अर्को चक्र शुरू हुन्छ। नार्सिसस्को जस्तो आत्ममुग्धताको घेराबन्दीमा उहाँहरू कहिल्यै पर्नुभएन, बरू फिनिक्स झैं हरेक परिस्थितिमा आफूलाई सम्हाल्दै युग अनुकूलन पार्दै शिक्षा, संस्कृति एवम् अध्यात्मको ज्योति फैलाउन लागिपर्नुभयो। उहाँहरूले फैलाएको शिक्षाको धिपधिपे बत्तीमा समकक्षीहरू र उहाँहरूका शिष्यहरूले वर्तन थप्दै प्रज्ज्वलित पार्दै आज सो क्षेत्रमा शिक्षाको ज्योति महाज्योति भएर फिँजिएको छ। **तमसो मा ज्योतिर्गमय। ज्योतिर्मा ज्योतिर्गमय।**

## जीवनलाई हेर्ने एक दृष्टिकोण

**कसले लिन्छ मेरो काम सोध्दछन् साँझका रवि**
**सुनेर प्रश्न यो सारा जगत् बन्छ अवाक् छवि,**
**माटोको दियो थियो बोल्यो प्रभुबाट कृपा भए,**
**गर्नेछु जे जति सक्छु आफ्नो सम्पूर्ण सामर्थ्यले।** (रवीन्द्रनाथ ठाकुर)

# तेस्रो प्रकाश

## तेस्रो प्रकाश–सूची


**दुःखान्त घटना** ८७

- पहिलो घटना : पिताको स्वर्गवास ८७
- दोस्रो घटना : दाजु डा. गणेशप्रसादको निधन ८९
- तेस्रो घटना : मातृशोक ९१
- चौथो घटना : माहिला दाजु विष्णुप्रसादको देहावसान ९५

# दुःखान्त घटना

## पहिलो घटना : पिताको स्वर्गवास

मेरो जीवन यात्रामा अत्यन्त हृदयबिदारक घटनाहरू पनि घटे। ती घटनाहरूलाई जीवनभर बिर्सन सक्तिनँ। ती अविस्मरणीय घटना निम्नबमोजिम उल्लेख गर्दछु।

हामी चार छोरा र पाँच छोरीहरूको शिक्षादीक्षा एवम् विवाह र व्यवहार सबै मिलाई आफ्नो व्यवहारबाट निवृत्त भएर वि.सं. २०२७ सालदेखि अनवरत हाम्रा माता-पिता रत्नकुमारी र पं पुष्पलाल भण्डारीले धार्मिक आस्था र विश्वासका कारण निरन्तर काशीबास गर्नुभएको थियो। काशीबास, गङ्गास्नान र भगवान् विश्वनाथको धार्मिक महिमा बुझेका उहाँहरूले जीवनको अन्त्यमा काशीबास गर्ने र काशीमा नै आफ्नो देह विसर्जन गरी अनन्त यात्राको लागि महाप्रस्थान गर्ने अठोट लिनुभएको थियो। भैरहवामा कार्यरत रहँदा म बराबर काशीबास गर्नुभएका माता-पिताको दर्शन भेट गर्न छुट्टी मिलाएर जाने गर्थें। त्यहाँबाट काशी छ सात घण्टामा बसबाट पुगिन्थ्यो। म त्यहाँ कार्यरत रहेकै अवस्थामा अकस्मात पिता अस्वस्थ्य हुनुभयो। बिदा मिलाएर साना छोरा-छोरीसहित हामी सबै काशी गयौं। बीस-बाइस दिनसम्म सेवा गर्‍यौं। यता धेरै दिनसम्म अदालतमा न्यायाधीश अनुपस्थित हुन नहुने जिम्मेवारी थियो भने पिताको सेवा गर्ने दायित्व पनि थियो। पुनः अदालतको जिम्मेवारी मिलाएर फर्कने ध्येयले श्रीमती कल्पना, छोरी सिर्जना र सानो छोरा शशाङ्कलाई त्यहीं छाडी सान्त्वना र सन्जीवलाई लिएर भैरहवा फर्किएँ। माहिला दाजु विष्णुप्रसाद र भाइ शिवकुमार पनि केही दिन काशीमा बसी विराटनगर, धरान फर्किए। ठूलो दाजु डा. गणेशप्रसादले भने पिताको निरन्तर सेवा गरिरहनुभएको थियो।

हाम्रो दुर्भाग्य ! हामी फर्किएको दुई दिनमा नै पिता पं. पुष्पलालको ७८ वर्षको उमेरमा वि.सं. २०४० साल चैत्र १३ गते देहावसान भई महाप्रस्थान गर्नुभएछ। पिताको अन्त्य समयमा दर्शन गर्न पाइनँ। जीवनमा अपूरणीय क्षति भयो। पिता-माताको त्याग, सन्तुलित सम्बन्ध र सन्ततिका लागि गर्नुभएको शिक्षा एवम् मार्गदर्शनले नै दाजुभाइ, दिदीबहिनीहरू सबै आ-आफ्ना इलममा संलग्न भई राष्ट्रसेवामा समर्पित हुन सकेका थियौं। पिताको शिक्षा, दीक्षा र आशिष्ले नै म न्याय-निसाफ गर्ने गहन जिम्मेवारी वहन गरिरहेको थिएँ। उहाँले बराबर आफ्नो कर्तव्यपथमा अविचल रही निष्ठापूर्वक निष्पक्ष भएर न्याय-निसाफमा समर्पित रहन शिक्षा दिने गर्नुहुन्थ्यो। अब भौतिक रूपमा पिताको वरद हस्त रहेन। उहाँको दिव्य ललाट, हँसिलो चेहरा, स्पष्ट वाणी, सदैव बिहान-बेलुकी हजार गायत्री मन्त्र जप गर्ने भिक्षुजस्तो शान्त ध्यानमग्न स्वभाव, हरबखत विश्वनाथ उच्चारण गर्ने मुखाकृतिको दर्शन अब चर्मचक्षुबाट होइन, दिव्यचक्षुले मात्र गर्न सक्ने भएछु। ठूलो शोक पऱ्यो। पितासँग रहँदा, बस्दा, पढदा र अर्ति-उपदेशका अगणित स्मरणहरू मनमा आइरहे। अब पिताको छहारी र आशिष्बाट सदा-सदाका लागि वञ्चित भएँ। पिताको अन्त्यकालमा दर्शन र सेवा गर्न पाइनँ यही नै ठूलो चिन्ता थपियो।

मलाई लिन र विराटनगरतर्फ खबर गर्न दाजुले मणिकर्णिका घाटबाटै भान्जा दाजु भवानी काफ्लेका पुत्र-भतिज छत्रमणि काफ्लेलाई पठाउनुभएको रहेछ। विराटनगर र धरानमा मैले दाजुभाइहरूलाई फोनबाटै खबर गरेँ। भोलिपल्टै म फेरि काशी फर्किएर और्द्धदैहिक कार्यमा सामेल भएँ। दुई दिनपछि माहिला दाजु र कान्छो भाइ काशी आइपुगेर सामेल भए। तेह्र दिनसम्मको गर्नुपर्ने क्रियाकर्मको कार्य पूरा गरी आमालाई लिएर दाजु भाइहरू विराटनगर फर्किए। म सान्त्वना र सन्जीवलाई लिएर भैरहवामा फर्किएँ। यसरी काशीबासी पितालाई गुमाउनुपर्दा जीवनमा अपूरणीय क्षति व्यहोर्नुपऱ्यो। मलाई सदैव सत्य निष्ठापूर्वक आफ्नो पदीय जिम्मेवारी पूरा गर्न उद्यत रहन प्रेरणा एवम् आशिष् दिने पितालाई अब जीवनमा होइन, स्वप्न वा कल्पनामा मात्र दर्शन गर्न पाउने पिताविहीन भएछु।

# दोस्रो घटना : दाजु डा. गणेशप्रसादको निधन

म पुनरावेदन अदालत जनकपुरको मुख्य न्यायाधीशको जिम्मेवारीमा कार्यरत थिएँ। यसै अवसरमा श्रीमती कल्पना ढाड दुःख्ने व्यथाले थला परिन्। उपचारमा हामी पटना जाने-आउने गर्दै थियौं। वि.सं. २०५५ पौष लागेपछि विराटनगरबाट एक दिन दाजु डा. गणेशप्रसादले फोनमा "म र सुशीला (भाउजू) त्यहाँ जनकपुरमा आएर पन्ध्र दिनजति आराम गर्ने र बुहारी कल्पनालाई पनि हेर्ने कार्यक्रम बनाएको छौं" भन्नुभयो। मैले "दाजु-भाउजु आउँदा हामीलाई असाध्य खुशी लाग्नेछ। विवाह पञ्चमी पारेर आउँदा जनकपुरको सांस्कृतिक पक्षको पनि अवलोकन र अनुभव गर्न पाइन्छ" भनेको थिएँ। त्यसको दुई दिनपछि "बृ.ज. श्री भूपालमानसिंह कार्की सम्मान-समारोहको महासचिव मलाई बनाएको छ। त्यो कार्यक्रम सकेर मात्र आउँछु" भन्नुभएको थियो। हामी उहाँहरूको आगमनको प्रतीक्षामा थियौं तर त्यो आउने कार्यक्रम कहिल्यै पूरा नहुने गरी वीभत्स दुर्घटना घटेछ।

अचानक वि.सं.२०५५ पौष १६ गते राति ९ बजेतिर विराटनगर दाजुको घरबाट भान्जी अञ्जनाले रुञ्चे स्वरमा "गणेश ठूलो मामा भृकुटीचोक धरान सडकमा मोटरसाइकल दुर्घटनामा पर्नुभो। तपाईं चाँडै आउनुहोस्" भनिन्। दुर्घटनाको आवाज सुन्नासाथ हृदयमा भक्कानु फुटेर आयो। गला अवरुद्ध भयो। "दाजुलाई चोटपटक लागेको छ कि कस्तो अवस्था छ ?" भनेर प्रश्न गर्दा "अस्पताल लगेको छ" भन्दै फोन राखिन्। मैले थप प्रश्न नै गर्न पाइनँ। अनिष्टको भय र त्रासको आशङ्काले मेरा नौ-नारी गले। आकाशबाट मेरो शिरमा बज्र खसेको अनुभूति भयो। यो धरतीमा पितापछिका परिवारका मुख्य व्यक्ति, मलाई शिक्षा-दीक्षामा अगाडि बढाउने, मलाई गाह्रो-साँगुरो पर्दा सही सल्लाह दिन सक्ने अभिभावक दाजु यस्तो विपत्तिमा परेको समाचारले म छानाबाट खसेजस्तो भएँ। मैले धरानमा फोन गरेर कान्छो भाइ शिवकुमारलाई सोधैं उसले पनि थप कुरा भनेन। मैले पुनः तरहरामा माहिला दाजु विष्णुप्रसादलाई फोनमा सोधैं। उहाँले "मलाई भर्खर दुर्घटना भयो भन्ने मात्र खबर आयो, अरू अवस्था थाहा भएन, अब म गाडी बन्दोबस्त गरेर विराटनगर जान्छु" मात्र भन्नुभयो।

विराटनगर दाजुको घरमा फोन गर्न साहस भएन। म अत्यन्त अत्तालिएँ। के गरौं कसो गरौं भयो। अन्त्यमा रातको करीब दश बजेर तीस मिनेटतिर भान्जा

अधिवक्ता (हाल वरिष्ठ अधिवक्ता ) चन्द्रमणि नेउपानेले फोनमा "गणेश मामा अब यो संसारमा रहनु भएन" भन्दै "मदिरा सेवन गरेका चालकहरूले दुई विपरीत दिशाबाट तीव्र गतिका साथ ट्रकहरू चलाएर ल्याई पालैपालो गरी चेपेर सडकको छेउको सिमेन्टको ढिस्कोमा बजारेको कारणले गम्भीर घाइते भएपछि कोशी अञ्चल अस्पतालमा उपचारको क्रममा उहाँको जीवन लीला समाप्त भएको" दुर्घटनाको सङ्क्षिप्त व्यहोराको सूचना गरे। परिवारको अभिभावकत्व लिने दाजु यो संसारमा नरहनुभएको खबरले हामी स्तब्ध भयौँ। मानवको सुख-सुविधाका लागि निर्मित गाडीहरू चालकले विवेक गुमाई चलाएपछि मानिसको अपूरणीय क्षति हुँदोरहेछ। बहुआयामिक व्यक्तित्व, प्राध्यापक, भाषाशास्त्री, समालोचक, साहित्य र संस्कृतिको अनवरत साधक र सर्जकको निधनले हामी परिवारलाई मात्र होइन नेपाललाई नै अपूरणीय क्षति भयो।

जीवन सङ्घर्षमय छ। सङ्घर्ष गरेर नै आफ्नो अस्तित्व शिद्ध गर्नुपर्छ भन्ने मान्यता राखी अगाडि बढ्ने उहाँको जीवन मृत्युसँग पनि सङ्घर्ष गर्दागर्दै एकै झड्कामा समाप्त भयो। मृत्युले जीवनलाई निल्यो, जीवनले मृत्युलाई जित्न सकेन। म असन्तुलितजस्तो भएँ। महाव्याधिजस्तो घातक रोग लागेर ७८ वर्षको उमेरमा पिताजीले आफ्नो इच्छानुसार विश्वनाथ नगरी काशीमा गङ्गाजल आचमन गर्दागर्दै कालगतिबाट महाप्रस्थान गर्नुभएको थियो। सबै परिवारले प्रकृतिको शाश्वत नियम सम्झेर चित्त बुझाएका थियौँ तर दाजुको अप्राकृतिक निधन भयो। ९२ वर्षीया माता र अरू परिवारलाई म कसरी सम्झाऊँ। म आफैँ विचलित भएँ। यसरी सोच्तासोच्तै राति १२ बज्यो। सहकर्मी न्यायाधीशहरूलाई दुर्घटनाको सूचनासहित विराटनगर जानलाई आफ्नो चालकलाई खबर गरेँ। तर न्यायाधीशहरू, अदालतका सहयोगीहरू र चालकले बाहिर बाक्लो हुस्सु लागेकाले यस्तोमा गाडी लैजान धेरै जोखिम हुनाले घाम लागेर हुस्सु नफाटेसम्म जान रोके।

मैले दाजुको घरमा राति फोन गरेर स्थितिबारे बुझेँ। अनि अर्को दिन १०/११ बजे विराटनगरमा पुगेर परिवारको चतरा कोशीमा दाहसंस्कार गर्ने इच्छा भए पनि साहित्यकार, प्राध्यापक, विद्यार्थी, बुद्धिजीवी नागरिक समाजको आग्रहमा सिञ्जिया नदीमा दाहसंस्कार गरियो। साहित्यिक सङ्गमको रूपमा परिचित उहाँको निवासमा मृत्युको सन्नाटा छायो। थियो सबैमा चिन्ता, व्यथा र पीडा अनि दुःख, वियोग र निराशा। अब उहाँबाट साहित्यिक गतिविधि सञ्चालित हुने, भाषा, साहित्य,

समालोचनाको सिर्जना अभिव्यक्ति प्रस्तुत हुने अध्याय सदाका लागि समाप्त भयो। उहाँले सञ्चालन गरेका नेपाली साहित्य समिति, वाणी प्रकाशन, सीताराम साहित्य प्रतिष्ठान, अध्यात्म प्रकाशनजस्ता सिर्जनशील संस्थाहरूमा उहाँको स्मृति मात्र अवशेष रह्यो। पूर्वाञ्चल क्षेत्रले उहाँको निधनबाट बहुआयामिक भाषाशास्त्री, समालोचक, साहित्य र संस्कृतिको अनवरत साधक र सर्जक मात्र गुमाएन, अपितु यस भेगको साहित्य र संस्कृतिको उत्थान पनि धेरै वर्ष पछि पर्ने भयो भन्ने चिन्ता सबैमा व्याप्त थियो। "**जातस्य हि ध्रुवो मृत्युर्ध्रुवं जन्म मृतस्य च**", मानिसको शरीर नश्वर हो, जन्म भएपछि एक न एक दिन यस संसारबाट जानु निश्चय नै छ तर उहाँको अप्राकृतिक निधनले स्तब्ध र दुखित तुल्याएको हो। कविशिरोमणि लेखनाथ पौडेलको शब्द "आयो टप्प टिप्यो लगो मिति पुग्यो टारेर टर्दैन त्यो", काल-महिमा सम्झेर चित्त बुझाउन बाध्य भयौं ।

अब उहाँको भौतिक शरीर हामीबीच नरहे पनि उहाँको कीर्तिलाई अक्षुण्ण बनाइराख्न "डा. गणेश भण्डारी स्मृति प्रतिष्ठान" स्थापना गरिएको छ। उक्त प्रतिष्ठानले धेरै कवि, लेखक, समालोचक, भाषासेवीहरूलाई पुरस्कृत र सम्मानित गरेर उहाँको योगदानलाई दिग्दिगन्त फैलाइरहेको छ।

## तेस्रो घटना : मातृशोक

मुख्य न्यायाधीशको जिम्मेवारीमा पुनरावेदन अदालत इलाममा कार्यरत अवस्थामा वि.सं. २०५८ साल जेष्ठ १८ गते म प्रातः भ्रमणमा गएको समयमा इटहरी, तरहराबाट माहिला दाजु विष्णुप्रसादले फोन गर्नुभएको रहेछ। साथमा बस्ने सहयोगी विनोदले घुम्न जानुभएको सुनाएपछि आउनेबित्तिकै फोन सम्पर्क गर्नू भनी अह्राउनुभएको रहेछ। उसले इटहरी, तरहराबाट दाजुको सन्देश सुनाएपछि मैले फोन सम्पर्क गरैं। दाजुले भन्नुभयो, "आमा बिहान घुम्न निस्कनुभएको अवस्थामा ट्रक गाडीले ठक्कर दियो। ठक्कर चोटको कारणले आमा घटनास्थलमा नै बित्नुभयो"। यो हृदयबिदारक खबर सुनेर म स्तब्ध भएँ। मैले "म अब तत्काल आउँछु" भनेर फोन राखैं। गाडी चालकलाई बोलाएर गाडी तयार गर्न अह्राएँ। रजिष्ट्रार श्रीअच्युत भण्डारीलाई बोलाई घटनाबारेमा संक्षिप्त सूचना दिएर सहयोगी विनोदलाई लिएर तरहराको लागि प्रस्थान गरेको दुई घण्टामा नै तरहरा इटहरी पुगैं। सबै दाजुभाइ, इष्टमित्र र शुभेच्छुक पुगिसकेका रहेछन्।

आमाको निष्प्राण शरीर रक्तरञ्जित रूपमा रहेछ । माया, ममता, करुणा, दया र वात्सल्यताकी प्रतिमूर्ति मेरी आमालाई आज निष्प्राण देखेर भावविह्वल हुँदै स्तब्ध भएँ । बाँचुन्जेल हामीउपर हौसला, प्रेरणा, माया, ममता र वात्सल्यता छचल्किन्थ्यो । आज अचानक निष्प्राण भएपछि हामी सबै उहाँको स्नेह र ममताबाट सदा-सदाका लागि वञ्चित भएछौँ । दुर्घटनाको सूचना पाएर प्रहरी आए । उनीहरूले आफ्ना कानूनी कार्य प्रारम्भ गरे । त्यहाँको प्रहरीको औपचारिक अनुसन्धान पूरा भएपछि शव परीक्षणका लागि विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा लगियो । परीक्षणकार्य समाप्त भएपछि शव बुझेर दाहसंस्कारका लागि चतरा कोशीमा लगियो । आफूलाई यो संसार देखाउने त्यो शरीरलाई अश्रुपूरित आँखाले अन्तिम दर्शन गरेँ । उहाँको पार्थिव शरीरलाई चितामा आरुढ गराई हामी दाजु, म र भाइले अग्नि दिई सदा-सदाका लागि अन्तिम बिदा गर्यौँ । प्रियजन सबै शोकाकूल भए । आँखाबाट बर्खाको झरीजस्तो मातृशोकका आँसु बगिरहे । हेर्दाहेर्दै चितामा आरुढ उहाँको पार्थिव शरीरलाई अग्निले भष्मीभूत बनायो । पञ्च-भौतिक शरीर पञ्च-महाभूतमा मिल्न पुग्यो । राष्ट्रकवि माधवप्रसाद घिमिरेले *गौरी* (शोककाव्य)मा, "चोला त्यो जलमा मिल्यो, गगनमा ज्वाला मिल्यो झल्मल, पोखी आँसु पखालिँदैन कहिल्यै मेरो डढेको दिल" अन्तर्मनका वेदना पोख्नुभएजस्तै हामी सबैको दिल पनि डढ्यो । हामी मातृविहीन हुन पुग्यौँ ।

मानिसको जन्म भएपछि एक दिन यो संसारबाट जानु निश्चय नै छ तर हामी पाँच भाइ छोरा र पाँच छोरीहरूकी जन्मदात्री आमाको निधनले मन साह्रै रोयो । स्तब्ध र दुखित तुल्यायो । उहाँको दिव्य मुहार अब सम्झनामा मात्र सीमित रह्यो । स्वर कण्ठमा दबाएर शव-यात्रामा जाने सबै मलामी र हितैषीहरू रोए । शायद शोक र सन्तापलाई मत्थर पार्ने ओखती पनि रुनु रहेछ । रोएर आत्मिक वेदना शान्त पार्न प्रकृतिले रुन सिकाएका रहेछन् । *गौरी*मा उनै कवि माधवप्रसाद घिमिरेका शब्दको सापटीमा, "केही भन्नु मलाई भित्र छ भने आएर रोऊ बरू, लागेको दिल भित्र घाउ छ भने सम्झेर जाऊ बरू" । यसरी शोकसन्तप्त भएर आमाको दाहसंस्कार पूरा गरियो ।

आखिर कालजयी को हुन्छ र ? मनुष्यको जुनीमा जन्म भएपछि एक पटक यो संसारबाट बिदा हुनैपर्दछ भन्ने सान्त्वनाका शाश्वत शब्दहरू आउँथे तर यहाँ अकालमा कालको मुखमा पर्दा त्यसले पीडाको अनुभूतिलाई अझ घनीभूत र

मनमा आक्रान्त पारीरह्यो। हुन पनि यो हाम्रो परिवारमा एक पटक मात्र यस्तो दुर्घटना भएको होइन। यसअघि जेठा दाजु डा. गणेशप्रसादको उहाँ चढेको मोटरसाईकललाई अत्यधिक मदिरा सेवन गरेका दुर्व्यसनी चालकले जथाभावी चलाएको ट्रकले हिर्काएर/ ठक्कर दिएर निधन भएको कुरा मैले माथि उल्लेख गरिसकेको छु। पुनः यो क्रम दोहोरिएकाले परिवार सबैलाई दुःखको पहाडले किचेको हो। परिवारलाई पीडामाथि पीडा थपिएको हो। के गर्ने ! "हुनहार दैव नटार" भनेको यही रहेछ। जीवनभर प्रकाश देखाउने ज्योति अचानक धपक्कै निभेको छ। सन्ततिहरू अन्धकारमा रुमलिएका छन्। जीवनको यो यात्रामा ठूलो आँधिबेरीले घेरेको छ।

जीवन-यात्रामा सबैभन्दा दुखद पक्ष आमा-बाबुलाई गुमाउनुरहेछ, जुन कुरा कहिल्यै परिपूर्ति हुँदैन। आफूलाई संसार देखाउने ती महान् तपस्वीलाई गुमाउनुपर्दा मुटुनै फुट्लाजस्तो हुँदोरहेछ। आमाको ममता, मोह, शक्ति अदम्य हुँदोरहेछ। बरू समुद्रको पौंध मापन गर्न सकिएला, ब्रह्माण्ड नाप्न सकिएला तर आमाको अगाध मनभित्रको असीम गहिराई, ममता, स्नेह र वात्सल्य कुनै युगमा विज्ञानले पनि नाप्न सक्तैन भन्ने धारणा भोग्न पुग्यौं। आमाको अस्तित्व ईश्वरको अस्तित्वभन्दा बढी नै हुन्छ भन्ने मेरो विश्वास र आस्था अविचलित छ।

आमाको त्यो दीव्य मुहार, सौम्य मुस्कान, आत्मीयताले भरिएको मन, धरतीजस्तै विशाल हृदय, ठीकको जीउडाल भएको तस्वीर मेरो स्मृतिमा झलमल्ल भएर आइरहन्छ। उहाँको दयालु स्वभाव, दिन-खान सधैँ अघि सर्ने हातबाट घरमा आउने आगन्तुक अभ्यागत सबै केही नखाई जान पाउँदैनथे। पितासँग पढ्ने छात्र-छात्राकी सबैकी उहाँ "आमा" भएर स्नेह बाँडेको सम्झना अटल भई मेरो मस्तिष्ककोषमा बसिराखेको छ। घरमा बसेको बेला आमाको फोटो हेर्छु तर त्यसमा जुनी पाउदिनँ न त छाया नै पाउँछु। घर वा डेरामा जब सुत्न जान्छु निद्राभन्दा अतीतका स्मृतिमा हराउँछु। घर, बगैंचा, करेसाबारी, शौचालय, धारा वा ओल्लो-पल्लो घरमा हुनु हुन्छ कि ! भन्ने मनमा विगतको झझल्को आइरहन्छ। भूलेर पनि बिर्सन नसकिने रहेछ आमाको स्मृति। आमाको माया-ममता अविस्मरणीय रहेछ।

यसरी असमयमा नै दुर्घटनाबाट आफ्नी जननीलाई गुमाउनुपर्दा हामी उहाँका सबै सन्तति अत्यन्त पीडित भयौं। आफूलाई जन्म दिएर लालन-पालन गर्ने, हुकाई बढाई उचित शिक्षा दिने र समाजमा सक्षम तुल्याई जिम्मेवार नागरिकको रूपमा

संस्थापित गर्ने वात्सल्यकी प्रतिमूर्ति आमालाई सदा-सदाका लागि गुमाउनुपर्दा मन सदैब उद्दिग्न भइरहेको अनुभूति हुँदोरहेछ। संसारमा आमाजस्तो वात्सल्यकी प्रतिमूर्ति अरू कोही हुन सक्तैन। आमाको स्पर्शलाई अबोध शिशुले पनि चिन्दछ, आमाको काख पाउनेबित्तिकै रुन छाड्छ। आमाको हातले छुनेबित्तिकै खानका लागि मुख बाउँछ। अबोध शिशुले त आमाको ममता र वात्सल्य आमाको स्पर्शबाट जान्दछ भने अनेक दुःख-कष्ट सहेर हुर्काएर बढाई उचित शिक्षा-दीक्षाद्वारा सुयोग्य नागरिक बनाउने आमालाई यो मनले बिर्सेर पनि बिर्सन सकेन।

जन्म र मृत्यु मानव-जीवनको स्वाभाविक प्रक्रिया हो, प्रकृतिको शाश्वत नियम हो। जन्म भएपछि अवश्यम्भावी मृत्यु हुन्छ तर मृत्यु पनि निर्दयी भएर दुर्घटनाको माध्यमबाट आयो। यद्यपि दुर्घटना पूर्वसूचना दिएर आउने विषय रहेनछ। यस्तो अकल्पनीय मृत्युले हामी सबैलाई रुवायो। रोगले ग्रस्त भएर औषधिमूलोले कामै नगरेर ओछ्यानमा धेरै अवधि थला परेर निधन भएको भए "धेरै प्रयास गरियो तर आमालाई बचाउन सकिएन, महाकाललाई जित्न सकिएन" भनेर चित्त बुझाउने बाटो हुन्थ्यो।

**तिम्रै वात्सल्य धाराले चल्थ्यो मुटुको गति**
**तिम्रो उपासनामा छ, हाम्रो जीवन पद्धति**
**जे छ, त्यो सबै तिम्रै छ तन होस् अथवा मन**
**तिम्रै प्रसाद हो आमा तिमी मै छ समर्पण** ! (अज्ञात कवि)

आमाको स्वर्गवासपछि गर्नुपर्ने सनातन धर्मअनुसार और्द्धदैहिक काम उहाँ बस्नुहुने माहिला दाजु विष्णुप्रसादको निवास इटहरी तरहरामा सम्पन्न गरेर म आफ्नो कार्यस्थलमा फर्किएँ। कल्पना काठमाडौँ फर्किइन्। मनभरि दुःख बोकेर भए पनि बाध्यतावश हामी पति-पत्नी दुबै आ-आफ्नो जिम्मेवारीमा लाग्यौं। मानिसले सधैँभरि शोकमा डुबेर जीवन चल्दो रहेनछ। जति घाउ पुरानो हुँदै जान्छ, सहने बानी पर्दै जानेरहेछ। दुर्घटना पनि पुरानो भएपछि बिर्सदै जानुपर्ने बाध्यता रहेछ। यही बाध्यतालई स्वीकार्दै आफ्नो पदीय जिम्मेवारीमा पुनः सामेल भएँ।

हुन पनि दुर्घटना हाम्रो परिवारमा मात्र भएन। त्यही समय वि.सं. २०५८ साल जेष्ठ १९ गते नेपालमा नै ठूलो दुर्घटना घट्न पुग्यो। नारायणहिटी राजदरबारमा भएको दुर्घटनामा नेपालीले सबैभन्दा धेरै माया गर्ने राजा श्री ५

महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाह, रानी श्री ५ बडामहारानी ऐश्वर्यराज्यलक्ष्मी देवी शाह, श्री ५ युवराज दीपेन्द्रवीरविक्रम शाह, श्री ५ अधिराजकुमार निराजन र श्री ५ अधिराजकुमारी श्रुतिलगायत राजपरिवारका अन्य सदस्यसमेत दश जनाको युवराजले दिएको भनिएको रात्रिभोजमा छानी छानी बन्दुकले ताकीताकी हृदयबिदारक हत्या गरियो। योजनाबद्ध रूपमा वीरेन्द्रको वंश विनाश गरियो। यसले नेपालमा विपत्तिको ठूलो आँधीबेरी मात्र ल्याएन, बरू कहिल्यै पूर्ति नहुने गरी नेपालमा क्षतिका शृङ्खला भिऱ्यायो। हत्याराको यकीन तथ्य पत्ता लागेन। यसको प्रभाव कति अवधिसम्म रहने हो इतिहासले बताउने छ। सुदूर भविष्यमा स्वतन्त्र इतिहासकारले यसको आकलन गर्ने नै छन्।

## चौथो घटना : माहिला दाजु विष्णुप्रसादको देहावसान

दिन-रातको समय मात्र होइन, वर्षौं बिते। उमेरले फड्को मार्दै गयो। सर्वोच्च अदालतको सेवाबाट म पनि उमेरको हदले निवृत्त भएँ। सरकारले मेरो अध्यक्षतामा गठन गरेका विभिन्न केही न्यायिक जाँचबुझ आयोगको कार्य पूरा गरी स्वतन्त्र रूपमा अध्ययन र लेखनमा व्यस्त रहेको अवसरमा घरमा पुनः दुःखद घटना घट्यो। पिता, माता र ठूलो दाजुपछिका अभिभावक माहिला दाजु विष्णुप्रसाद चार-पाँच महिनादेखि अस्वस्थ्य हुनुहुन्थ्यो। काठमाडौं र नयाँ दिल्ली लगेर उपचार गरियो तर रोगले उहाँलाई च्याप्न छाडेन। दिन-प्रतिदिन गल्दै गएर अन्ततः वि.सं. २०६५ फाल्गुन २५ गते विराटनगर देवकोटाचोक निवासमा यो धरतीबाट सदाका लागि बिदा हुनुभयो। उहाँको निधनले एक पटक फेरि सबै परिवारलाई शोक संतप्त बनायो । अब परिवारको पुरुष सदस्यमा जेठो व्यक्ति भएको नाताले मेरो जवाफदेहीता बढ्यो। काठमाडौंबाट गएर उहाँको अन्त्येष्टि गराउने अभिभारा भएकाले विराटनगर गएँ। चतरा कोशी किनारमा शवदाह र तेह्र दिनसम्मको और्द्धदैहिक अन्त्येष्टि गराउने कार्य गरियो। सदैव घरको जिम्मेवारी पूरा गर्ने उहाँ हुनुहुन्थ्यो। सनातन धर्मअनुसार गर्नुपर्ने विधिविधानमा अग्रसर र निपुण उहाँ यो धरतीबाट सदाका लागि बिदा भएपछि अब यो रिक्तता पूर्ति गर्ने परिवार सदस्यको अभाव महसूस भयो।

ठूलो दाजु डा. गणेशप्रसाद घरबाट बाहिर बस्दा माहिला दाजु र म प्रायः घरमा साथै हुन्थ्यौं। म पनि अध्ययनमा घरबाहिर र राष्ट्रसेवामा संलग्न भएपछि

दाजुसँगको बसोबास टाढा टाढा हुन थालेको थियो । तथापि उहाँ करीब चालीस वर्ष राष्ट्रसेवामा रही सेवानिवृत्त भए पनि उहाँको सेवा प्रायः धरान, विराटनगर, धनकुटा, इनरुवामा नै भएका कारणले दशै-तिहारजस्ता सांस्कृतिक पर्वमा सम्पर्क र भेट भइनै रहन्थ्यो । व्यावहारिक समस्या पर्दा दाजुभाइको परामर्श र छलफलबाट निष्कर्षमा पुगिन्थ्यो तर अब उहाँको देहावसानपछि परिवारमा ठूलो रिक्तता आयो । आन्तरिक परामर्श पनि सबैसँग कहाँ सम्भव हुँदोरहेछ र ! जे भए पनि प्रकृतिको नियम पालना गर्न मानव बाध्य हुँदोरहेछ । आफ्ना प्रिय व्यक्तिको अनुपस्थितिमा अभाव र शून्यताले घेर्दोरहेछ । यस्तै रहेछ विधिको विधान । प्राकृतिक नियम मानेर चित्त बुझाउनुबाहेक विकल्प पनि रहेनः

"**हाम्रो आँगन खालीखाली,**
**छैन आज बगैँचामा माली**" ।

घरमा आज माली छैन । पारिवारिक बगैँचाको एउटा सक्रिय माली सदा-सदाको लागि बिदा भयो । सम्झनाका तरेली बगैँचाका फूलहरू मात्र बाँकी रहे तर मालीविहीन– शून्य !

उहाँको और्द्धदैहिक काम समाप्तिपछि काठमाडौँ फर्केर आफूलाई व्यस्त राखेँ । दैनिक प्रातः भ्रमण, अध्ययन, समाचारपत्रहरूको साङ्गोपाङ्गो पठन यस्तै यस्तै थिए दिन कटनीका साधन ।

# चौथो प्रकाश

## चौथो प्रकाश–सूची


**राष्ट्रसेवा** ९९

- प्रशासन-सेवामा प्रवेश ९९
- श्री ५ बाट अञ्चलाधीश टेकबहादुर रायमाझीविरुद्ध जाँचबुझ आयोग गठन ११२
- जुम्लासँग युद्ध ११२
- डाकासँग जम्काभेट ११३
- साबिक अञ्चलाधीशका सबै निर्णय बदर ११४
- सेवाका केही स्मृतिबिम्बहरू ११४

# राष्ट्रसेवा

## प्रशासन-सेवामा प्रवेश

सुदूर पूर्वको व्यक्ति। काठमाडौँमा सम्पर्क र चिनजान कसैसँग हुन कहाँ सम्भव थियो र ? आधार भनेको आफ्नै मिहिनेत र बलबुता मात्रै थियो। अनि थियो केवल आत्मविश्वास। *गोरखापत्र*को सह-सम्पादकमा कार्यरत दाजु गणेशप्रसाद भण्डारीसँग बसेर त्रिभुवन विश्वविद्यालयमा एम्. ए. अर्थशास्त्र विषयमा अध्ययनरत थिएँ। पढाइलाई निरन्तरता दिन खर्चको अभाव भयो। नोकरी खोज्नुको विकल्प रहेन। श्री ५ को सरकार भूमिसुधार मन्त्रालयअन्तर्गत विकासतर्फको शाखा अधिकृतको विज्ञापन निस्क्यो। जाँच दिन मेहनतका साथ तयारी गरेको थिएँ। जाँच दिएँ। वि.सं.२०२२ सालमा प्रशासनतर्फको राजपत्राङ्कित तृतीय श्रेणीको शाखा अधिकृतको परीक्षामा समुत्तीर्ण भएँ।

वि.स.२०२२ असौज ४ गते पहिलो पटक भूमिसुधार विभागको शाखा अधिकृत पदमा नियुक्त भई भूमिसुधार कार्यालय सिन्धुपाल्चोक चौतारामा खटिई सरकारी सेवामा प्रवेश गरेँ। शाखा अधिकृतको तलब त्यही सालदेखि प्रति महिना रु. ४००। कायम भएको थियो। दरबन्दी भूमिसुधार विभागमा राखेर जिल्ला भूमिसुधार कार्यालयमा काजमा खटाउने प्रचलन थियो। सेवाको क्रममा स्वदेश-दर्शन मात्र होइन, नेपालको भूमि व्यवस्था र ग्रामीण जनताको आर्थिक स्थितिको विसद् अध्ययनको पनि अवसर प्राप्त हुने अवस्था थियो। नियुक्तिपत्र लिएर चौतारा जान प्रस्थान गरेँ। घण्टाघर क्षेत्रबाट धुलिखेलसम्म जाने जिप गाडी पाइन्थ्यो। त्यहाँ पुगेर गाडीमा चढ्न लाग्दा चौतारामा कार्यरत प्रहरी निरीक्षक राजेन्द्रबहादुर बस्नेतसँग भेट भयो। परिचय आदान-प्रदान भई धुलिखेलसम्म सँगै जिप गाडीमा गयौँ। त्यहाँबाट पैदल जानुपऱ्यो। काठमाडौँ कोदारी राजमार्ग निर्माणको क्रममा थियो।

दोलालघाट, बाह्रबिसे हुँदै कोदारीसम्म बाटो निर्माण भइरहेको थियो । निर्माण पूरा भएपछि चीनसँग यातायात जोडने महत्त्वपूर्ण सडक हुने निश्चित थियो । सदरमुकाम चौतारालाई भने सडक यातायातले छोएको थिएन । इन्द्रावती दोलालघाटसम्म पैदल गई त्यहाँबाट साँगाचोकको उकालो चढी चैतारा पुर्गै । प्रहरी निरीक्षक घोडामा अगाडि गए । सरकारी सेवाको प्रथम यात्रामा देशको सेवा गर्ने र केही बन्ने अठोट मन र मस्तिष्क लिएर भूमिसुधार कार्यालय सिन्धुपाल्चोक चौतारामा हाजिर भएर जिम्मेवारीमा संलग्न भएँ । जिल्लाको भूमिसुधार अधिकारीमा नारायणविलास जोशी थिए ।

भूमिसुधारको प्रसङ्ग आउँदा नेपालको भूमिव्यवस्थामा पहिलो कानूनी व्यवस्था संस्मरण गर्नु पर्छ । भक्तपुरमा रानी राजल्लदेवी एवम् राजा जयस्थिति मल्लको वि.सं. १४२३ देखि १४५२ सम्म शासनकाल रह्यो । यो अवधिमा राजा जयस्थिति मल्लले देशको कानूनी क्षेत्रमा धेरै काम गरे । अभिलेखबाट प्राप्त भएअनुसार नेपालमा पहिलो पटक मानव न्यायशास्त्र बनाएर शासन व्यवस्था गरेका थिए । एसियामा मात्र होइन, विश्वकै कानूनको इतिहासमा *"न्यायविकासिनी"* वि.सं. १४३६ मानव न्यायशास्त्रलाई पहिलो कानूनको रूपमा लिन्छन् कानूनको इतिहासका ज्ञाताहरू । *न्यायविकासिनी*ले भनेको छ, "जसले रूखको ठुटा उखेल्छ, जग्गा उसैको हुन्छ" । यसले सुनिश्चित गर्‍यो जग्गामा श्रम गर्नेको पहिलो हक-अधिकार । यसका अन्य प्रावधानमा श्रम गर्नेको पसीनाको महत्त्व हुने, जग्गा बाँझो राख्न नहुने, जोत्ने र जग्गाधनीको बीचमा उब्जनीको निश्चित दर तोक्नुपर्ने, जग्गाको सीमा यकीन गर्न भुस, अङ्गार, फुटेका गाग्राका खबटा, रूख आदिले छुट्याउने, फोहोर सम्बन्धित स्थानमा बाहेक अन्यत्र फाल्न नहुने, कुलो पानीको समुचित व्यवस्था गर्ने आदि थिए । कृषिका आधारभूत नीति सात सय वर्षपहिले नै *मानव न्यायशास्त्र*ले निर्धारण गरे पनि समयको अन्तरालमा ती नीतिहरू पालना हुन छाडे ।

भूमि प्रमुख उत्पादनको साधन भएकाले राज्यको सम्पत्तिमा रूपमा राज्यकै मातहतमा राखिएको थियो । राजाहरूबाट भूमि निजी सम्पत्तिको रूपमा प्रयोग गर्दै आफ्नो पारिवारका सदस्य, नातेदार, अमात्य,सेवक, अङ्गरक्षक, सैनिक, पुरोहित आदिलाई वितरण गर्न शुरू गरिन्थ्यो । यसरी भू-स्वामित्व प्राप्त गर्ने भूमिपति र भूमिमा श्रम गर्ने वर्गको विकास भयो । यसरी विभिन्न वहानामा कृषि उत्पादनको महत्त्वपूर्ण स्रोतको रूपमा रहेको भूमि शासक वर्गले बिर्ताका नाउँमा आफ्ना मानिसलाई बाँड्दै गए । उनीहरूकै मानिसले जग्गा बकस पाउँदै रहे । थोरै मानिसको नाउँमा धेरै जग्गा कायम भयो भने जग्गामा श्रम गरेर पसीना चुहाउनेलाई कुनै पनि शासकले पनि

सम्झेनन् । दिएनन् । केवल शासक र उनीहरूका आसेपासे भूमिपति भए । किसान भने शोषितको शोषित नै रहे । सुकिला-मुकिलाको भागमा जग्गा । पसीना चुहाउनेको भागमा आँसु । किसानबाट भूमिपतिहरू नै कूत असुल्थे । मालामाल हुन्थे ।

वि.सं. २०१५ सालको निर्वाचनपछि वि.पी. कोइराला सरकारको पालामा भूमिसुधारको प्रथम कदमको रूपमा *बिर्ता उन्मूलन ऐन, २०१६* जारी भयो । ऐन जारी भएपछि सबै प्रकृतिका बिर्ता प्रथा उन्मूलन भए । बिर्ता जीविका वा जीवननिर्वाहका लागि राज्यले दिएको जग्गा थियो । बिर्ताका प्रकार पनि अनेक थिए । बिर्ताका प्रकार यस्ता थिए; (१) पोता बिर्ता- केही रूपियाँ लिई बिक्री गर्न सकिने पोत तिर्नुपर्ने जग्गा, (२) कुश बिर्ता -कुश समातेर दान दिएको तर पोत तिर्नु नपर्ने जग्गा, (३) माफी बिर्ता- पोत आदि केही तिर्नु नपर्ने जग्गा, (४) खुवासाफ बिर्ता - खनाल ब्राह्मणले पर्ती जग्गा आवाद गरेको सो जाति वा हुनेले खाएसम्म तिरो तिर्नु नपर्ने तर अरूले लिए तिरो तिर्नुपर्ने जग्गा,(५) पिक्दार बिर्ता- थुकेर दिएको जग्गा, (६) तिरूवा बिर्ता -यति तिरी खानू भनी दिएको जग्गा, (७) मरौटे बिर्ता-लडाइँमा मर्नेको सन्तानलाई खान दिएको जग्गा, (८) माफीछाप बिर्ता -केही तिर्नु नपर्ने गरी छाप गरिदिएको जग्गा, (९) नानकर बिर्ता -यो काम गरी खानू भनी दिएको जग्गा,(१०) बेच बिर्ता- खानदानका सन्तति र दरसन्ततिलाई खान दिएको जग्गा,(११) तुलफूल बिर्ता -माया गरी दिएको जग्गा,(१२) माना-चामल बिर्ता- एक जनालाई खान पुग्ने गरी दिएको जग्गा, (१३) बासबिर्ता-घर नभएकालाई बस्न दिएको जग्गा, (१४) फर्मायसी बिर्ता-मोहीले राजदरबारमा तिरो बुझाउनुपर्ने जग्गा, (१५) पेवा बिर्ता- पेवा दिएको जग्गा,(१६)म्याउ बिर्ता- माया गरी दिएको जग्गा, (१७) सेवा बिर्ता-सेवा गरेबापत दिएको जग्गा, (१८)दाइजो बिर्ता- दाइजोमा दिएको जग्गा, (१९) खुबा बिर्ता- राणा शासनमा विभिन्न पदका रोलवालाले हात खर्चका लागि उठ्ती पाउने गरी पदअनुसार तोकिदिएको जग्गा । उन्नाइस प्रकारका यस्ता बिर्ता थिए । बिर्ता बाँड्ने प्रचलन लिच्छविकालीन शासनदेखि नै रहेको इतिहासकार महेशराज पन्तले लेखेका छन् । बिर्ताको रूपमा व्यापक जग्गा वितरण गरिएर जग्गा सँगै वन विनाश पनि भएको थियो ।

बिर्ता जग्गा भन्नाले सरकारी मालपोत जम्मै माफी वा त्यस ठाउँको त्यस्तै किसिमको रैकर जग्गामा लागेको मालपोतभन्दा कम तिर्ने गरी पाएको वा हक भइरहेको सबै किसिमको जग्गालाई सम्झनुपर्ने *बिर्ता उन्मूलन ऐन, २०१६* को दफा २ (क) मा परिभाषित गरिएको थियो । बिर्ता उन्मूलन हुँदाका दिनसम्म राजपरिवारका सदस्य, दरबारका पुजारी, राजा, राणा परिवारका सदस्य, सैनिक आदिका नाउँमा नेपाली कूल भूमिको ३६.३ प्रतिशत जग्गा बिर्ता रहेको महेशचन्द्र रेग्मीको *"ल्याण्ड टेनर एण्ड ट्याक्सेसन इन नेपाल"* नामक पुस्तकमा उल्लेख गरेको पाइन्छ । बिर्ता

जग्गा अब्बल, दोयम्, सीम र चाहर वर्गमा विभाजित थियो। तदनुसार मोहीसँग बिर्ताबारले तिरो असूल गर्थे। बिर्ता उन्मूलन भएपछि सबै जग्गाको तिरो मालपोत रकम सरकारी आयमा दाखिल हुने व्यवस्था भयो।

राजा श्री ५ महेन्द्रवीरविक्रम शाहको प्रत्यक्ष शासनकालमा नेपालमा भूमिसुधार कार्यक्रम शुरू भएको थियो। नमूनाको रूपमा झापाको बुधबारे गाउँपञ्चायतबाट प्रारम्भ भयो। *भूमिसम्बन्धी ऐन २०२१* लागू गरेर श्री ५ को सरकारले वि.सं. २०२१ साल कार्तिक १७ मा भूमिसुधार लागु हुने घोषणा गरेको थियो। तदनुसार २०२१ सालमा १६ जिल्लामा, २०२२ सालमा २५ जिल्लामा र २०२३ सालमा ३४ जिल्लामा भूमिसुधार कार्यक्रम लागु गर्ने नीति लिएको थियो। जग्गाको हद तोकिँदा पतिपत्नी १ परिवार र १६ वर्ष पुगेको पुरुष १ परिवार कायम हुने र १ परिवारले तराई र भित्री मधेशमा २५ विघा, काठमाडौँमा ५० रोपनी तथा पहाडी क्षेत्रमा ८० रोपनीसम्म र घरबासको लागि तराई र भित्री मधेशमा बढीमा ३ विगाहा, काठमाडौँमा १० रोपनी र पहाडमा १६ रोपनीसम्म राख्न पाउने *भूमिसम्बन्धी ऐन, २०२१*को व्यवस्था थियो। हदमाथिको जग्गाको क्षतिपूर्ति दिने र भूमिहीन स्वयम् खेती गर्ने कृषकलाई बढीमा चार ४ बिगाहासम्म वितरण गर्ने व्यवस्था थियो। पछि हदबन्दीमा संशोधन भएर हाल घरबारीसहित तराई र भित्री मधेशमा ११ विगाहा, उपत्यकामा ३० रोपनी र पहाडमा ७५ रोपनी कायम गरिएको छ । यस कार्यक्रमले भूस्वामित्वमा परिवर्तन ल्याउने र भूमिमा रहेको सामन्तीप्रथा बिस्तारै समाप्त हुने अपेक्षा गरिएको थियो।

कृषिका आधारभूत नीति सात सय वर्ष पहिले नै *न्याय विकासिनी मानव न्यायशास्त्र*ले निर्धारण गरेको थियो तर समयको अन्तरालमा ती कानूनी प्रावधान वा नीतिहरू पालना हुन छाडे। विभिन्न वहानामा कृषि उत्पादनको महत्त्वपूर्ण स्रोतको रूपमा रहेको भूमि-शासकवर्गले बिर्ताका नाउँमा आ-आफ्ना मानिसलाई बाँड्दै गए। उनीहरूकै मानिसले जग्गा बकस पाए। थोरै मानिसको नाउँमा धेरै जग्गा कायम भयो भने जग्गामा श्रम गरेर पसीना चुहाउनेलाई कुनै पनि शासकले सम्झेनन्, दिएनन्। केवल शासक र उनीहरूका आसेपासे भूमिपति भए। किसान भने शोषितको शोषित नै रहे। सुकिलाको भागमा जग्गा। उनीहरू कूत असुल्थे। मालामाल हुन्थे। पसीना बगाउनेको भागमा आँसु मात्र। जग्गासम्बन्धी स्थिति अध्ययन गर्दा नेपालमा जोसँग धेरै जग्गा जमीन छ उसले माटो छुँदै छुँदैन, जो जग्गामा आफ्नो पसीना बगाउँछ, लहलह बाली फलाउँछ, उसँग आफ्नो भन्ने माटो नै हुँदैन। जङ्गल र ऐलानी पर्ती जग्गाको स्वामी सरकार, दर्ता जग्गाको स्वामी दर्तावाला जिमिदार, केवल पसीनाको स्वामी मोही किसान।

यही कुरालाई दृष्टिगत गरी भूमिसुधार कार्यक्रम ल्याइएको थियो। यसको खास उद्देश्य यस प्रकारको थियो : भूस्वामित्वमा परिवर्तन ल्याउनु, थोरैको हातमा रहेको धेरै जग्गालाई हदबन्दी लगाउनु, केही क्षतिपूर्ति दिई हदभन्दा बढी भएको जग्गा प्राप्त गर्नु र जग्गा जोत्ने भूमिहीन कृषकलाई बाँड्नु, जोत्नेको हक सुनिश्चित गर्नु, जग्गावाला र मोहीको बीचमा जग्गाको किसिमअनुसार कूत निर्धारण गर्नु, किसानलाई आवश्यक पर्ने ऋणको व्यवस्था गर्नु, अनिवार्य बचत गर्ने बानी बसाउन उत्प्रेरित गर्नु, घर गाँउमा रहेको शोषणको प्रतीक घरसारको लगानीलाई निरुत्साहित गर्नु। अहिलेको जस्तो मिटरब्याजीलाई रोक्नु। कृषिमा प्राविधिक सहयोग गर्नु, सिँचाइको व्यवस्था गर्नु। जग्गाको नापी नक्सा गर्नु, भूमिको अभिलेख व्यवस्थित गर्नु। जग्गा जोत्ने किसानलाई मोहीयानीहकको प्रमाणपत्र दिई बेदखली रोक्नु। भूमिमा रहेको दोहोरो स्वामित्व क्रमशःसमाप्त पार्दै जानु, भूमिमा रहेको सामन्तीप्रथाको प्रतीक जिमिदारी प्रथाको उन्मूलन गर्नु, साहुको लगानी ऋणको ब्याज दश प्रतिशतभन्दा बढी भएमा ऋण रकम निश्चित गरी बढी ब्याज जति सावाँमा कट्टा गर्नु, कृषि उत्पादन बृद्धिका लागि आधुनिक कृषिबारे सिकाउन कृषि विशेषज्ञ जे.टि.ए.को सेवा प्रदान गर्नु आदि थिए। भूमिसुधारको मुख्य उद्देश्य संस्थागत सुधार गरेर कृषि उत्पादन बृद्धि गर्नु नै थियो। वास्तविक समाजवादको उद्देश्य निहित थियो।

कृषि अर्थशास्त्रको छात्र रहेको नाताले भूमिसुधारका सैद्धान्तिक एवम् व्यावहारिक पक्ष मैले अध्ययन गरेकै विषय थिए। कृषि सुधारको साथै कृषि उत्पादकत्वको बृद्धिमा भूमिसुधारले महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास थियो। नेपालका किसानको अवस्था र कृषिव्यवस्था कस्तो छ ? भूमिसुधारका सामाजिक, आर्थिक, राजनैतिक र कृषिका विभिन्न विधाका पक्षहरू कस्ता छन् ? कृषि उत्पादकत्व कस्तो छ ? उत्पादनका लागि आवश्यक मल, बिउ, सिँचाइ, कृषि ज्ञानजस्ता साधन उपलब्ध छन् छैनन् ? बजार व्यवस्थापन के छ ? माग र आपूर्तिमा के कस्तो अन्तर छ ? कृषिका आधार पशुपालनको अवस्था कस्तो छ ? आफ्नो खेती व्यवसायको आयबाट कृषकहरूलाई वर्षभरि खान, लाउन, सन्तानको शिक्षा दीक्षा दिन, औषधिमूलो गर्न पुग्छ पुग्दैन ? उनीहरू आफ्नो कृषिकार्यबाट आत्मनिर्भर हुन सकेका छन् छैनन् ? कृषिमा सिँचाइको व्यवस्था कस्तो छ ? कृषिमा उन्नत प्रविधि भित्र्याउन के कस्तो विधि अपनाउन पर्छ ? कृषि ज्ञान दिने प्राविधिकको सेवा पुगेको छ छैन ? कृषि बजार कस्तो छ ? उब्जनीको उचित भाउ पाउँछन् पाउँदैनन् ? जस्ता यावत् विषय अर्थशास्त्रका अध्ययनका विषय थिए। यिनमा विशेष अभिरुचि रहेको थियो। त्यसै कारणले यस क्षेत्रमा कार्य गर्न अभिरुचि लिएर अधिकृत भएको थिएँ।

नेपालमा भर्खरै लागू भएको भूमिसुधारले नेपालको कृषि व्यवसाय, किसान र जग्गाधनीमा पर्न सक्ने असर, उत्पादन र उत्पादकत्व बारे सबैको चासोका विषय बनेको थियो । कार्यक्रमका विविधपक्ष, यसका परिणाम र लाभका बारेमा अध्ययनका विषय हुँदा कार्यक्रम कार्यान्वयनमा मलाई सहज भयो । जिल्लाका केही भाग अध्ययन भ्रमण गरैं । यसबाट पनि मलाई केही ग्रामीण अर्थ व्यवस्था, किसानको स्थिति, उनीहरूको आर्थिक अवस्था, कृषिका समस्या, उत्पादन, बजार व्यवस्थापकन, कृषकका सन्ततिको पठन-पाठनको अवस्थालगायतका सामाजिक, आर्थिक, शैक्षिक स्थितिको अध्ययन र जानकारी प्राप्त भयो । कलेज वा विश्वविद्यालयको पढाइ भन्दा गाउँ-गाउँमा गएर आफ्नै आँखाले देखे जानेको यथार्थताले मलाई बढी व्यावहारिक ज्ञान प्राप्त भयो ।

स्मृतिका पत्र-पत्रमा त्यहाँ काम गर्दाका अविस्मरणीय क्षणहरू यसरी ओहोर दोहोर गरिरहन्छन् । जिल्लाको सदरमुकाम चौतारामा भर्खरै माध्यमिक विद्यालय खुलेको थियो । बाह्रबिसेमा खुल्ने क्रममा थियो । राजधानीको साह्रै नजिक रहेको स्थान भए पनि शिक्षाको चेतना भर्खरै पुग्न लागेको आभास हुन्थ्यो । हुनेखाने थोरै मात्रले आफ्ना सन्तानलाई काठमाडौँमा राखेर पढाउने काम गरेका थिए । धनी र गरिबबीचमा ठूलो अन्तर थियो । साहुकारबाट प्रतिमहिना सयकडा चौबीसका दरको ब्याजमा किसान ऋण लिन बाध्य पारिएका थिए । *भूमिसम्बन्धी ऐन, २०२१* ले त्यस्तो ब्याज अमान्य हुने र वार्षिक दश प्रतिशतभन्दा बढी ब्याजको रकम सावाँमा कट्टा हुने प्रावधानअनुसार ऋण रकम निर्धारणमा धेरै उजुरी परेका थिए । ती सबैको ऋण रकमको वार्षिक दश प्रतिशतभन्दा बढी हँने रकम सावाँमा कट्टा गरी हिसाब गरेर निर्धारण गरिन्थ्यो ।

*भूमिसम्बन्धी ऐन*ले तोकेको पहाडको असी रोपनीभन्दा बढी जग्गा हुने जग्गाधनी एक-दुई जना मात्र पाइएको थियो । मोहीयानीको अस्थायी निस्सा वितरण गर्ने र त्यस्ता विवादमा समाधान गर्नुपर्ने काममा खासै समस्या थिएन । साहुकारको लगानीको विकल्पमा किसानलाई सुविधा प्रदान गर्न बचत सङ्कलन गरेर बचत भकारीमा राख्ने काम शुरू भएको थियो । कृषि उब्जनी बढाउन जे.टि.ए. र कृषि अधिकृतले गाउँमा चेतना फैलाएर प्रोत्साहन गर्ने कार्यको शुरूवात भएको थियो । काठमाडौँका नजिक भएकाले केही व्यक्ति सरकारी सेवामा लागेका थिए । शिक्षाको स्तरअनुसार  प्रहरी, सेना र प्रशासनमा आबद्ध थिए ।

यहाँ पनि धेरै जग्गा विभिन्न गुठीअन्तर्गतका रहेछन् । पशुपति, दिगु तलेजु, त्रिपुरासुन्दरी, घ्याङ्लगायतका धेरै थरीका गुठी र ती गुठीका जग्गा फटकशीला,

लिसङ्खु, हेलम्बु, किउल, बतासे, सुन्खानी, लिस्ती, पाल्चोक, भोटनाम्लाङ, गुन्सालगायतका क्षेत्रमा रहेछन् । गुठी जग्गामा मोहीयानी र जग्गा दर्तालगायतका समस्या भने धेरै रहेछन् ।

अपवादबाहेक प्रायः सबै कृषि पेसामा आबद्ध थिए । धेरथोर जे जति भए पनि आफ्नो वा अरूको जग्गा कमाउने, स्थानअनुसार उब्जनी हुने उवा, जौ, फापर, कोदो, मकै, धानजस्ता अन्न र आलु वा अन्य तरकारी लगाउने, लेकतिर भेडा च्याङ्ग्रा पाल्ने, तिब्बततिर निकासी गर्ने अन्य भागमा गाई, भैंसी, गोरु, भेडा, बाख्रा, हाँस, कुखुरा आदि पाल्थे । सबै मानिस आ-आफ्ना काममा व्यस्त रहन्थे । आफ्नो उब्जनीले प्रायः गुजारा चलाउँथे । प्रायः स्वावलम्बी थिए । काठमाडौँमा नोकरी गर्न जानेबाहेक प्रायः सबै गाउँ घरमा नै व्यस्त रहन्थे । अहिले जस्तो विदेश जाने प्रचलन थिएन । जग्गा हराभरा नै रहन्थ्यो । सबै आफ्नै थातथलोमा रमाएका थिए । त्यहाँ रहँदा जिल्लाका केही स्थान जलबिरे, पाङ्रेटार, बाह्रबिसे, तातोपानीलगायत क्षेत्रको भ्रमण गरी भूमिसुधार कार्यक्रमका विविध पक्ष कार्यान्वयनमा सक्रिय भएँ ।

सिन्धुपाल्चोकको चौतारामा शाखा अधिकृतको रूपमा मैले त्यहाँ एक वर्ष तीन महिना सेवा गरेँ । त्यो अवधिमा जिल्लाको धेरै क्षेत्रको भ्रमण गरेर कार्यक्रमलाई अघि बढाएँ । त्यसपछि बाँके, नेपालगञ्जको भूमिसुधार कार्यालयमा काज सरुवा भयो । पहाडभन्दा भिन्न भौगोलिक अवस्थिति, विभिन्न कृषि व्यवसाय, कृषि उत्पादन र उत्पादकत्व, सिँचाइका समस्या, कृषिका विविध विधा, तिनको उत्पादन र बजार व्यवस्थापनजस्ता विषयमा त्यहाँ कार्यरत रहँदा अध्ययन र भ्रमण गर्ने अवसर जुट्यो । दुबै क्षेत्रको अध्ययन र भ्रमणको अवसरबाट नेपालको भूमि व्यवस्था, पद्धति, जग्गामा मानिसको चापजस्ता धेरै विषयमा मेरो ज्ञानको क्षेत्र र सीमा केही विस्तृत भयो । कलेजको सैद्धान्तिक ज्ञान व्यावहारिकमा रूपान्तरण गर्न सहयोग पुग्यो ।

त्यहाँ जिमदार भूमिपतिहरू धेरै थिए । हदभन्दा बढी जग्गा हुने जग्गाधनीको सङ्ख्या पनि धेरै थियो । त्यस्ता जग्गाधनीको पच्चीस २५ बिगाहा र घरबासका लागि ३ विगाहा जम्मा २८ बिगाहाभन्दा बढी जग्गा हुनेको बढी भए जति जग्गा प्राप्त गरी जग्गा नहुने परिवारलाई बढीमा ४ चार बिगाहासम्म जग्गा वितरण गर्ने, हदबन्दी बढी जग्गा अरूको नाउँमा राखी स्वयम् जग्गाधनीले भोग गरेको पाइएमा त्यस्तो जग्गा जफत गरी सुकुम्बासीलाई वितरण गर्ने,जग्गाको नापी नक्सा गरेर भूमिको अद्यावधिक अभिलेख राख्ने, जग्गाधनी र मोहीको लगत अद्यावधिक गर्ने, जग्गाको नयाँ नापीअनुसार अभिलेख राखी जग्गाधनी दर्ता प्रमाणपत्र वितरण गर्ने,

नापीका विवाद  भए निरूपण गर्ने जस्ता काम थिए । ती काममा व्यस्त रहनुपर्थ्यो । बिहान आठ बजेदेखि बेलुकी छ-सात बजेसम्म कार्यालय र अधिक समय ग्रामीण क्षेत्रमा व्यस्त रहुनुपर्थ्यो ।

पश्चिमका ठूला जिमदारहरूमा ताराप्रसाद पन्त र हरिहर गौतमको नाउँ अग्रपङ्क्तिमा लिइन्छ । भनिन्छ, हरिहर गौतमसँग कपिलवस्तु, बाँके, बर्दिया, नुवाकोट, काठमाडौँमा गरी करीब सोह्र १६ हजार बिघा जग्गा थियो । अधिकाङ्श जिमदार जग्गाधनीसँग धेरै जग्गा हुने, आफ्नो श्रमले खेती गर्ने किसानसँग जग्गै नहुने, उनीहरूकै जग्गा कमाएर उब्जनीको तीन भागमध्ये दुई भाग कूतको रूपमा बुझाउनुपर्ने, केही भूमिपति विशाल भवन (बङ्गलामा) बस्ने, भूमिपतिकै वरिपरि खेतबारीमा दिनरात काम गर्ने किसानहरू झुपडीमा बस्ने र भूमिपतिकै इनारमा पानी लिन जानुपर्ने, उनीहरूकै दिनरात सेवा गर्नुपर्ने स्थिति थियो । जिमदारका छोराछोरी स्वदेश वा विदेशमा गएर पढ्ने तर किसानका छोराछोरी उनीहरूकै गोठालो चाकर भएर बस्नुपर्ने अवस्था थियो । ग्रामीण किसानको स्थिति यस्तै थियो । शिक्षाको चेतना फैलिरहेको थियो । नेपालगञ्ज क्षेत्रमा स्कूल, कलेजहरू स्थापना भएका थिए । बजार क्षेत्रका विद्यार्थीहरूलाई पढ्ने वातावरण थियो तर ग्रामीण क्षेत्रमा स्कूलहरू त्यति खुलेका थिएनन् । जिमदार र किसानहरूको सामाजिक र आर्थिक अवस्थामा ठूलो अन्तर थियो । मोहीयानी समस्या खास थिएन तर स्थायी मोही बनाइएका थोरै थिए । कृषि विकास कार्यालयले उन्नत बाली, उन्नत खेती प्रणालीतिर आकर्षण गरिरहेको थियो । कपास खेती शुरू भएको थियो । सिँचाइको समस्या थियो । ग्रामीण भेगमा यातायातको कच्ची सडक मात्र थियो । राप्ती नदीपारि होलियातर्फ जान कठिन थियो । हिउँद पर्खिनुपर्थ्यो । चक्रबृद्धि ब्याजजस्ता समस्या खासै थिएन ।

किसानहरूले जग्गामा धान, गहूँ, चना, तोरी, रहर, मुङ, केराउलगायत बाली लगाउँथे । उब्जनी राम्रो हुन्थ्यो  । आलु, काउली, मटर, टमाटर, सागलगायत तरकारी उब्जाउँथे । खाद्यान्नमा आत्मनिर्भर मात्र होइन, बाहिर निकासी गर्थे । नुन, मट्टितेल, पेट्रोल, डिजेल, लत्ता, कपडा, मर-मसलाजस्ता वस्तु भारतबाट आयात हुन्थ्यो । खाद्यान्न, दलहन र तरकारीमा आत्मनिर्भर थिए । नेपालगञ्ज बजार, भेरी, कर्णाली र राप्ती क्षेत्रको पनि नुन, तेल, मर-मसला, लत्ता-कपडाको बजार थियो । पशुपालनमा गाई, भैँसी,गोरु, खसी, बाख्रा, हाँस, कुखुराजस्ता पशुपालन र सदरमुकाम क्षेत्रमा एक्का सवारीका लागि घोडा पाल्ने गर्थे । शहरी क्षेत्रका केही मानिस नोकरी गर्थे । जिल्ला र अञ्चलको सदरमुकाम नेपालगञ्ज बजार क्षेत्र प्रायः व्यस्त रहन्थ्यो । हिन्दू, सिखका अतिरिक्त मुसलमान सम्प्रदायमा धार्मिक संहिष्णुता

र सद्भाव थियो । आपसमा बहुसांस्कृतिक, बहुधार्मिक, बहुजातीय समुदाय मिलेर बसेका थिए । वर्तमानमा जस्तो विदेशमा जाने रहर र लहर दुबै थिएन । त्यहाँ भूमिसुधार अधिकारीमा चैतरीया कृष्णविक्रम शाह नियुक्त भएर आएका थिए । उनी भद्र एवम् सज्जन थिए ।

मैले त्यहाँ बाँके जिल्लामा एक वर्ष मात्र काम गर्ने अवसर पाएँ । कामको चाप हेरेर विभागले बराबर काजमा सरुवा गरिरहन्थ्यो । अब भने मेरो काज सरुवा भूमिसुधार कार्यालय सप्तरीमा भयो ।

नेपालगञ्जबाट भारतको बाटो रेल चढेर निर्मली हुँदै राजविराज पुगेँ । कार्यालयमा बहाल गरेपछि कामको जिम्मेवारी र कार्यबोझले व्यस्त रहनु स्वाभाविक नै रह्यो । नेपालका प्रत्येक जिल्लाको परिस्थिति र जीवन-व्यवहार फरक रहेछ । सिन्धुपाल्चोकभन्दा बाँके नेपालगञ्ज धेरै कुरामा भिन्न थियो भने सप्तरीमा पनि नेपालगञ्जभन्दा केही विषयमा भिन्न हुनु स्वाभाविकै थियो । यहाँको जनसङ्ख्याको घनत्व बाँकेभन्दा बढी र शिक्षितहरू अलि बढी थिए । चन्द्रशमशेरको पालामा निर्मित चन्द्रनहरले सिँचाइ हुने क्षेत्रमा कृषि उत्पादन बढी हुने र अन्य क्षेत्रमा स्थायी सिँचाइको व्यवस्था नहुँदा उत्पादन न्यून हुनु स्वाभाविकै थियो । केही खास वर्ग राजपूत, यादव, साह, तेली, मैथिल ब्राह्मण जमिनदार थिए । उनीहरू बढी सम्पन्न थिए । उनीहरूसँग धेरै जग्गा थियो । उनीहरूका खेत जोत्ने किसान थिए, शोषित थिए । उनीहरूका साथमा जग्गा थिएनन् । जमिनदार भूमिपति थिए भने खेत जोत्ने श्रमिक र पीडित । प्रायः सबै कानूनको जानकार भएकाले अधिकाङ्शले कानूनन् हदबन्दीभन्दा बढी जग्गा आफ्नो र परिवारका नाउँमा राखेको पाइँदैनथ्यो । केहीले अन्य व्यक्तिको नाउँमा जग्गा नाउँसारी गरी राखेर स्वयम् भोग गर्ने गरेको भन्ने उजुरी पनि परेका थिए तर कानूनी रूपमा उनीहरूले हदबन्दी बढी भए जति जग्गा विधिवत् रजिष्ट्रेशन पास गरेर कानूनको रीत पुऱ्याएको पाइन्थ्यो । जसको नाउँमा रजिष्ट्रेशन पारित गरेको थियो उसले आफ्नै दावी गरेपछि दाताको नाउँमा समावेश हुने स्थिति पनि हुँदैनथ्यो । कानूनको रीत पुऱ्याएर व्यवहार मिलाएको प्रतीत हुन्थ्यो । यसरी हदबन्दीभन्दा बढी जग्गा हुने व्यक्ति धेरै पाइँदैन थिए । अर्कोतर्फ भूमिसुधार कार्यक्रम मुलुकभर एकै पटक लागू नभई तीन चरणमा लागू भएका कारणले पनि हदबन्दी बढी जग्गा नदेखिनुको स्वाभाविक कारण पनि थियो ।

मोहीयानीको सम्बन्धमा यो जिल्ला शुरूदेखि नै सचेत रहेकोले केही मोहीको भने धेरै वर्ष अघिदेखि नै जग्गाधनी र मोहीबीचमा विवाद उठी अदालतबाट निरूपण

भएको आधिकारिक निर्णयहरू प्रस्तुत हुन्थे । अरूको हकमा भने मोहीसम्बन्धी विवादहरू धेरै नै रहेको पाइन्थ्यो । कार्यालयबाट विवाद निरूपण गरेर क्षेत्रमा गएर नापी-नक्सा भएको क्षेत्रमा मोहीको स्थायी प्रमाणपत्र वितरण गर्ने गरिन्थ्यो । नापी-नक्सा नभएको क्षेत्रमा भने मोहीहरूलाई जोताहाको अस्थायी निस्सा वितरण गरेर नापी भएपछि स्थायी मोहीको प्रमाणपत्र वितरण गर्ने गरिन्थ्यो । किसानलाई आवश्यक पर्दा सहयोग गर्ने ध्येयले शुरू गरिएको अनिवार्य बचत सङ्कलनको संरक्षण र अभिलेख राख्ने र लेखापरीक्षण गर्ने व्यवस्थाका लागि कर्मचारी संलग्न रहन्थे । कानूनले पाउने वार्षिक दश प्रतिशतभन्दा बढी ब्याजदर कायम गरी ऋण लिए-दिएको विषयमा परेका विवादहरू सय कडा दश प्रतिशतभन्दा बढी हुने ब्याज जति सावाँमा कट्टा गरी विवाद समाधान हुने गर्थे । जिल्लामा नापी-नक्सा भएर जग्गाको अभिलेख तयार हुँदै थियो ।

राजविराज, सप्तरी जिल्ला र सगरमाथा अञ्चलको सदरमुकाम रहेकाले यहाँ जिल्ला र अञ्चलस्तरीय कार्यालयहरू थिए । जिल्ला र अञ्चल कार्यालय र अदालतमा काम लिन आउनेको भीड हुनु स्वाभाविक थियो । राजविराज बजारको नक्सा योजनाबद्ध रूपमा तयार पारिएकाले राम्रो मानिन्थ्यो । बजारमा व्यापार व्यवसाय चलेको थियो । राजदेवी, शिवमन्दिर, सखडा भगवती, कङ्कालिनीजस्ता यहाँका प्रसिद्ध मन्दिर हुन् । यी मन्दिरमा दर्शनार्थीको भीड रहने गर्थ्यो । महेन्द्र राजमार्ग निर्माण भइरहेको थियो । कोशी ब्यारेजबाट तटबन्ध हुँदै कुनौली भएर राजविराज आउनुपर्थ्यो । राजविराजबाट सिधै हनुमान नगर जोड्ने बाटो बनिसकेको थिएन ।

यहाँका प्रायः राजपूत, यादव र मैथिल ब्राह्मण, साह, तेली वर्गको जीवनशैली समृद्ध थियो । यहाँ प्रशस्त धान र गहूँजस्ता अन्न उब्जनी हुने भएकाले अन्नको भण्डार रहेको अनुभूति हुन्थ्यो । जिल्ला आत्मनिर्भर मात्र होइन, विदेश भारतमा पनि निर्यात हुन्थ्यो । आलु, मटर, तोरी, चना, सागपातजस्ता तरकारीमा पनि आत्मनिर्भर थियो । गाई, भैँसी प्रायः सबैले पाल्ने गर्थे । दूध-दही प्रशस्त हुन्थ्यो । खसी, बाख्रा, हाँस, कुखुरा पाल्ने प्रचलन धेरै थियो । हुनेखाने र हुँदाखाने वर्गमा धेरै ठूलो अन्तर पाइन्थ्यो । उच्च वर्गले न्यून वर्गको आर्थिक र श्रम शोषण गरेको अनुभूति हुन्थ्यो । उच्च वर्गले विवाहजस्ता समारोहमा नृत्याङ्गनाको (वाइ) नाचगान गर्ने, भव्य भोजजस्ता ठाँटबाँट गर्ने प्रचलन पनि देखिन्थ्यो । केहीले हात्ती पालेका र अरूले जीप गाडी राखेको पाइथ्यो । केही जमिनदारका ठूलाठूला आँपका बगैँचा

थिए । आँपका विभिन्न प्रकार पनि पाइन्थ्यो । जग्गा धेरै हुनेले पोखरी निर्माण गरी माछा पालन पनि गर्दथे । प्रायः उनीहरूले खेतीपाती गर्ने मानिसहरू राखेका थिए । खाद्यान्न प्रशस्त उब्जनी हुने भएकाले प्रायः सबैको आय कृषि पेसाबाट नै हुन्थ्यो ।

कानूनमा यो जिल्लाका निवासी प्रायः जानकार मानिन्थे । कानून-व्यवसायी पनि धेरै थिए । अदालतमा मुद्दा मामिला धेरै पर्थे । जिल्ला अदालतमा प्रायः चार जना न्यायाधीश रहन्थे । जिल्ला अदालतको पुनरावेदन सुन्ने अञ्चल अदालत पनि यहाँ थियो । म सप्तरीमा पुग्दा भूमिसधार अधिकारी हरिनाथ बाँस्तोला थिए । उनले स्वेच्छिक राजीनामा दिएपछि बद्रीप्रसाद पहाडी र उनी पछि टङ्कनिधि तिवारी आएका थिए । जिल्लाको प्रायः सबै भाग भ्रमण गरेर कार्यक्रमलाई सफल बनाउन प्रयास गरैं ।

प्रत्येक व्यक्तिले अवसर र चुनौतीका पहाड हिँड्नुपर्छ । अप्रत्यासित जटिलताको सामना गर्नुपर्छ र समस्यासँग जुध्नु पनि पर्छ । यहाँ रहेर मैले सेवा गरेकै अवस्थामा सरकारका विकासतर्फका अधिकृतहरूलाई साधारणतर्फ लान पुनः लोकसेवा आयोगबाट परीक्षा लिने क्रम शुरू भयो । म परीक्षामा सामेल भएँ । संयोगले करीब पाँच सयभन्दा बढी अधिकृतमध्येमा म पहिलो भएछु । अब भने विकासको अधिकृतबाट साधारण सेवामा परिणत भएपछि मेरो भूमि-प्रशासन कार्यालय सुनसरीमा पदस्थापना भयो । मालपोत कार्यालय र भूमिसुधार कार्यालय गाभिएर भूमि-प्रशासन कार्यालय कायम भएको थियो । दुबै कार्यालयले गरिआएका काम अब भूमि-प्रशासन कार्यलयले गर्नुपर्थ्यो । बढी मात्रामा नापी गर्दाका भूल त्रुटि सच्याउने उजुरीहरू किनारा गर्नुपर्थ्यो । शिक्षा र चेतनाको अग्रणी क्षेत्र धरान र विराटनगरको प्रभाव यहाँ थियो । धरान, इटहरी र दुहवी पनि यही क्षेत्रमा पर्थे । राजनीतिमा दिलबहादुर (सानदाइ) र होमबहादुर (ठुल्दाइ)को केही राजनीतिक प्रभाव थियो । सप्तरीभन्दा केही फरक थियो । दक्षिण भेगमा शिक्षाको चेतना कम रहेको अनुभूति हुन्थ्यो । यहाँका प्रसिद्ध धार्मिकस्थलहरूमा वराहक्षेत्र, चतरा, रामधुनी, दन्तकाली, पिण्डेश्वर हुन् । यहाँ समय-समयमा मेला लाग्ने, तीर्थव्रत बस्ने स्थानले परिचित छन् । धरानका अतिरिक्त इटहरी, दुहवी बजार क्षेत्रको विस्तार भइरहेको थियो । दक्षिणी भेगमा शिक्षाको ज्योति फैलँदै थियो ।

कोशी नदीबाट सिँचाइका लागि निर्मित चतरा नहरबाट केही क्षेत्रमा सिँचाइ हुने भए पनि सबै क्षेत्रमा पुगेको थिएन । सिञ्चित नहुने क्षेत्र पनि धेरै थियो । अन्न बाली राम्रो उत्पादन हुन्थ्यो । पशुपालनमा गाई, गोरु, भैँसी, खसी, बाख्रा, हाँस, कुखुरा, सुँगुर आदि पाल्ने गरेका थिए । अन्न, तरकारी सबैमा आत्मनिर्भर थियो ।

जमिनदार वर्ग धेरै थिएनन् । हदबन्दीभन्दा बढी जग्गा हुने व्यक्तिहरू सीमित थिए । मोहीयानीसम्बन्धमा क्षेत्र हेरी विवाद कम भइसकेको देखिन्थ्यो । म सप्तरीबाट सुनसरीमा गएको अवस्थामा भूमि प्रशासक राजकुमार कक्षपति रहेकोमा उनको सरुवा भएपछि टङ्कनिधि तिवारी आएका थिए । यहाँ दुई वर्ष जति सेवा गरेपछि मेरो कञ्चनपुर जिल्लाको भूमि प्रशासक महेन्द्रनगरमा सरुवा भयो ।

महाकाली अञ्चलको सदरमुकाम रहेको कञ्चनपुर जिल्ला । अञ्चल र जिल्लाको सदरमुकाम । जिल्लामा जनसङ्ख्या कम, खेतीयोग्य जग्गा प्रशस्त । सुकुम्बासीको समस्या । सिँचाइको अभाव । नेपाल-भारत सीमाको महाकाली नदीको पानी सन् १९२० मा नै बनबासामा महाकाली नदीमाथि पुल बनाई विशाल नहर बनाएर महाकालीको पानीजति भारतमा लगी सिँचाइ गरी हराभरा बनाई अन्नको भण्डार बढाएको तर त्यो समयको सम्झौताअनुसार नेपालले पाउनुपर्ने पानीको नहर बनाउने काम भएकै थिएन । पछि श्री ५ महाराजाधिराज महेन्द्रवीरविक्रम शाहको सक्रिय पहलमा नेपालतर्फ नहर बनाउन शुरू भएको थियो । पहिले पहिले तराईमा औलो लाग्ने कारणले मानिसहरू मधेशमा बस्न डराउँथे । पछि औलो उन्मूलन भएपछि तराईमा झर्ने क्रम बढ्यो । मधेशमा पर्याप्त र खुला जग्गा रहेको थियो । पहाडमा उब्जाउ जग्गा कम, त्यसमा पनि पानी लाग्ने जग्गाको कमीले गर्दा मानिसहरू तराई झर्न थालेका थिए । नेपालको पूर्वी भागदेखि पश्चिमसम्मको महेन्द्र राजमार्ग निर्माण हुँदै थियो । यातायातको शुरूवात भइरहेको थियो । सुदूर पश्चिमका विभिन्न जिल्लाहरूबाट मात्र होइन, अन्य सबै क्षेत्रका जिल्लाबाट समेत जग्गा पाउने आशामा सुकुम्बासीहरू आएर वन फडानी गर्ने, खोतीपाती लगाउने र जग्गा ओगट्ने काम गर्न थाले । सरकारले पनि सुकुम्बासीलाई वन फडानी गरी जग्गा वितरण गर्ने कार्यक्रम ल्यायो । यसरी कैलाली र कञ्चनपुर क्षेत्रमा व्यापक वन फडानी भएर सुकुम्बासीहरूको बसोबास शुरू भएको थियो ।

तराईमा नै बसोबास गरी साबिकदेखि नै खेतीपाती गर्दै आएका किसानहरू महाजनीप्रथाका कारण शोषित थिए । यस प्रथाअन्तर्गत भारतीय साहूकारले खेतीयाममा नै हालको मिटरब्याजीजस्तै बढी ब्याजदरमा ऋण दिने र पछि तयार हुने फसल अन्नको भाउ खेती गर्ने याममा नै निर्धारण गरेर शोषण गर्थे । ऋण लिनु उनीहरूको बाध्यता थियो । किसानहरूको अन्न फसल तयार भएपछि सावाँ, ब्याज र स्याज जोडेर सबै अन्न सङ्कलन गरेर लैजाने गर्थे । यसले गर्दा किसानहरू बढी शोषित थिए ।

मैले कञ्चनपुर जिल्लाको भूमि प्रशासकको जिम्मेवारीमा थिएँ। त्यो वर्ष (वि.सं. २०२९) मा नेपालमा नै खाद्यान्नको उत्पादन कम भएको थियो। नेपालबाट धेरै मात्रामा खाद्यान्न भारत निर्यात हुने गरेकोमा त्यो वर्ष नेपालमा खाद्यान्न अभाव भएको थियो। महेन्द्रनगरमा पनि खाद्यान्न कमी थियो। त्यहाँ भूमि व्यवस्थापनमा सुकुम्बासी र अव्यवस्थित बसोबासको ठूलो समस्या थियो। नेपालका विभिन्न भाग महाकाली र सेती अञ्चलका जिल्लाबाट मात्र होइन, सबै क्षेत्रका जिल्लाहरूबाट समेत सुकुम्बासीहरू बसोबासका लागि त्यहाँ वन क्षेत्र र खाली जग्गामा समेत बसेका थिए। सरकारले पनि त्यस्ता सुकुम्बासीलाई बसोबास गराउने, महेन्द्रनगरमा बसोबास गरेकालाई व्यवस्थित गराउन नगर विकास समितिमा सहायक अञ्चलाधीशको अध्यक्षतामा बसोबासलाई व्यवस्थित र नियमित गराउने व्यवस्था गरेको थियो। संयोजन, नियमन र दर्ताजस्ता कार्य भूमि-प्रशासन कार्यालयले गर्नुपर्ने व्यवस्था थियो। त्यसमा बढी खटेर काम गर्नुपर्थ्यो। अञ्चलाधीश टेकबहादुर रायभाझी थिए। म त्यहाँ जानुभन्दा पहिलेदेखि नै सहायक अञ्चलाधीश अध्यक्ष हुने समितिमा अञ्चलाधीश स्वयम्ले अध्यक्षता गरी जग्गा वितरण गर्ने गरेको रहेछ। म गएपछि पनि त्यस्तै चलिरहेको थियो। भूमि प्रशासकले अञ्चलाधीशले गरेको कार्यलाई रोक्न सक्ने अवस्था थिएन। जिल्ला भ्रमणमा जाँदा जग्गा सुकुम्बासीसम्बन्धी समस्या पर्छ भन्ने हेतुले अञ्चलाधीश टेकबहादुर रायमाझीले प्रायः मलाई पनि साथमा लाने गर्थे। मेरो कार्यबाट उनी सन्तुष्ट थिए।

म त्यहाँ पुगेको केही अवधिपछि त्यहाँ कार्यरत अञ्चलाधीश टेकबहादुर रायमाझी कोशी अञ्चलमा र महाकाली अञ्चलाधीशमा चन्द्रमान थकाली नियुक्त भए। सुन्नमा आएको थियो– यी दुईबीच पहिलेदेखि नै मनोमालिन्य थियो। त्यहाँ आउनासाथ थकालीले महाकालीबाट गएका टेकबहादुरका कमजोरी खोतल्न थाले। नियमानुसार सहायक अञ्चलाधीश अध्यक्ष हुने नगर विकास समितिको अध्यक्षता अञ्चलाधीश आफैँले गरी जग्गा वितरण गरेको, सदरमुकाम महेन्द्रनगरको जग्गा आफ्ना वरिपरिका व्यक्तिहरूलाई बाँडेको, राना थारुहरूलाई स्वयम् भारतीय नागरिक घोषित गरी कैयौँ वर्षदेखि बसेका राना थारुहरूको विभिन्न स्थानको नम्बरी दर्ता जग्गा खोसी आफ्ना परिवार र आफन्तका नाउँमा ठाडै दर्ता गराएको, महेन्द्रनगरमा भव्य घर बनाएकोजस्ता विषयहरू उल्लेख गरेर श्री ५ महाराजधिराज वीरेन्द्रविक्रम शाहदेवसमक्ष सुर्खेत सवारी शिविरमा उजुरी दिएको चर्चा-परिचर्चा

चलेको थियो । म त्यहाँ कार्यरत अवस्थामा श्री ५ को सवारी निरीक्षण पनि भएको थियो ।

## श्री ५ बाट अञ्चलाधीश टेकबहादुर रायमाझीविरूद्ध जाँचबुझ आयोग गठन

कानूनमा भएका प्रावधान सबैले पढ्ने नै भए । भनिन्छ, मानिसहरू बलेको आगो ताप्छन् । रायमाझीबाट लाभान्वित नहुने पञ्चहरू उनका विरुद्ध हुनु स्वाभाविकै थियो । उनीहरू पनि लागे । श्री ५ वीरेन्द्रको सुर्खेत सवारी मुकामबाट उजुरीबारे सत्य-तथ्य बुझी उचित सुझाव र नियमित गर्नेजस्ता कार्यादेशसहित तीन सदस्यीय जाँचबुझ आयोग गठन भयो । त्यो आयोगमा तत्कालिक आय र कर अदालतका न्यायाधीश श्री सर्वज्ञराज पण्डितज्यूको अध्यक्षतामा काठमाडौं नगर पञ्चायतका प्रधानपञ्च रहिसकेका श्रीगणेशमान श्रेष्ठ र वीरगञ्जका श्री दसैँराम सदस्य नियुक्त भए । पण्डितज्यू राजविराजमा अञ्चल न्यायाधीश हुँदा म राजविराजमा कार्यरत रहेकोले पूर्व परिचित थिएँ । त्यस्तै सहयोगीको रूपमा न्यायाधीश श्री अम्बरबहादुर प्रधान र श्री बोधरीराज पाण्डे पनि थिए । श्री अम्बरबहादुर प्रधान जिल्ला न्यायाधीशको रूपमा सिन्धुपाल्चोक चौतारामा कार्यरत हुँदा म शाखा अधिकृतको रूपमा चौतारामा रही काम गरेको हुनाले पूर्व परिचित नै थियौँ । उहाँहरूले म संलग्न कार्यालयसम्बन्धित विषय हुँदा सहयोगको अपेक्षा राख्नु स्वाभाविक नै थियो । यता भूमि व्यवस्थापन विषय हुँदा मलाई सो कार्यमा हरहमेशा सहयोग गर्न तालुक विभागको निर्देशन पनि थियो । भूमि-प्रशासन कार्यालयको अभिलेखमा रहेका कागज प्रमाणहरू समितिका बैठकको निर्णय बमोजिम यथार्थ रूपमा प्रस्तुत गर्नु मेरो कानूनी दायित्व पनि थियो । त्यसैले आयोगको कार्यमा मैले हरसमय सेवा गरेँ ।

## जुम्रासँग युद्ध

आयोगको जाँचबुझको क्रममा स्थलगत निरीक्षण भ्रमणमा भूमि-प्रशासकको नाताले मैले पनि आयोगका पदाधिकारीको साथ दिनुपर्थ्यो । बराबर आयोगका पदाधिकारी र म जाँचबुझको क्रममा भ्रमणमा जान्थ्यौँ । जाँचबुझकै क्रममा पुरानो सदरमुकाम बेलौरी र श्रीपुर क्षेत्रमा गएका बखत आयोगलाई उपलब्ध

गराइएको पुरानो रसियन जीप बेलौरी पुग्दा इन्जिनमा आगलागी भयो। पैदलै श्रीपुर गाउँ पञ्चायत पुगेर प्रधानपञ्चलाई बोलाई जाँचबुझ गर्ने काम भयो। अब महेन्द्रनगर फर्कने गोरुगाडाबाहेक अरू कुनै साधन उपलब्ध हुने अवस्था रहेन। यति टाढा गोरुगाडाबाट जान सम्भव पनि थिएन। रात परेकाले फर्कने समय पनि भएन। बास बस्ने व्यवस्थाका लागि स्थानीय पञ्चायतका पदाधिकारीलाई आग्रह गर्‍ें। उनीहरूले खाद्यसामग्री किन्ने व्यवस्था गरिदिए। स्थानीय व्यक्तिका घरबाट ल्याइएका भाडावर्तन खाना पकाउन त्यति उपयुक्त नभए पनि सरसफाइ गरी काम चलाइयो। खानपीनको व्यवस्था मिलाइयो।

चैत्रको महिना भए पनि राति असाध्यै जाडो हुन्थ्यो। अब राति सुत्न ओड्ने-ओछ्याउनेको समस्या भयो। अध्यक्षलाई स्थानीय भन्सार कार्यालयबाट केही ओढ्ने-ओछ्याउने केही प्रबन्ध भयो तर अरूलाई सम्भव भएन। आगो तापेर रात कटाउने सल्लाह गर्‍यौं। त्यतिकैमा प्रधानपञ्चले स्थानीय थारुहरूको घरबाट ओढ्ने र ओछ्याउने ल्याएर दिए तर ती सबै अत्यन्तै दुर्गन्धित र जुम्रैजुम्रा। जुम्रासँग हाम्रो घमासान लडाइँ पर्‍यो। जुम्राले टोकेर सुत्न सकिएन। जुम्राले जित्यो। दुर्गन्ध उत्तिकै थियो। आखिर जाग्राम बसेर रात कटाइयो।

## डाकासँग जम्काभेट

अर्को दिन करीब ३-४ बजेतिर बल्लतल्ल अञ्चलाधीशले पठाएको गाडी आइपुग्यो। हामी फर्कने क्रममा पिपलाडी हुँदै अगाडि बढ्यौं। त्यहाँ पूर्व वन मन्त्री श्रीप्रतापसिंह विष्टसँग भेट भयो। त्यहाँको जाँचबुझ गरी बाटो देखाउने मानिस साथ लिएर अगाडि बढ्यौं। राति भइसकेको थियो। बाटो देखाउनेले भुलेर हामीलाई वन्यजन्तु आरक्ष शुक्लाफाँटातिर लगेछन्। कच्ची बाटो घुमेको घुमै गर्दा राति १२ बजेको हुँदो हो, जङ्गलको बीचमा मुख छोपेका धेरै डाकाहरूले हामीलाई घेरे। हामीसँग सामान्य दुई जना प्रहरी मात्र थिए। दोहोरो भिडन्तको स्थिति आएको थियो तर ती डाकाहरू सरकारी गाडी, प्रहरी र सरकारी मानिस देखेर जङ्गलतिर भागे। दोहोरो भिडन्त भएको भए गाडीभित्रका हामी सबै एकै स्थानमा मारिने थियौं। धन्य बच्यौं ! रातभर घुम्दा घुम्दा बल्ल गाउँमा पुगियो। त्यहाँका मानिससँग बाटो देखाई मागेर रातको दुई बजे सदरमुकाम पुगियो।

# साबिक अञ्चलाधीशका सबै निर्णय बदर

विस्तृत जाँचबुझ गरी आयोगले अञ्चलाधीश श्री टेकबहादुरको अध्यक्षतामा सुकुम्बासीहरूलाई वितरण गर्ने गरी गरेका निर्णयहरू सबै गैरकानूनी ठहर गर्दै पहिले बसेका वास्तविक सुकुम्बासी पत्ता लगाई उनीहरूलाई जग्गा दिने निर्णय गऱ्यो। महेन्द्रनगरमा वितरित घडेरीहरू पनि बेरीतका कारण बदर भए। महेन्द्रनगरमा रायमाझीले बनाएको घर सञ्चयकोषको सापटीबाट बनाएको आधारमा जफत भएन। भारतीय नागरिक भन्दै स्थानीय राना थारुहरूको जग्गा खोसेर आफन्तका नाउँमा कायम भएका सबै दर्ता बदर भई साविक दर्ताधनीहरूकै ठहराई फिर्ता गरिए। महेन्द्रनगर क्षेत्रका जग्गा नगर विकास समिति गठन गरी निश्चित मापदण्डका आधारमा वितरण गर्ने र साविकदेखि बसोबास गर्नेहरूलाई नै बसोबास गर्न दिने व्यवस्था भयो। धनकुटा, चौबीसे घर भई महेन्द्रनगरमा बसोबास गर्दै आएका खेलकूद समितिका सदस्य पूर्व एस्.पी. पृथ्वी सुब्बालाई मनासिव स्थानमा र बेलौरी क्षेत्रमा डाकाहरूसँगको मुठभेडमा लगभग १३-१४ जना डाका मारेर गाउँको सुरक्षा गर्ने पूर्व रामेछाप घर भएका अ.स.ई. तामाङ थरका व्यक्तिलाई बसोबासका लागि केही जग्गा र नगरमा घर-घडेरी दिने सिफारिस भयो। यी सबै जग्गाको अभिलेख दुरुस्त राख्ने कार्यको अभिभारा स्थानीय भूमि प्रशासकको नाताले मेरो थियो। मैले ती सबैको अभिलेख सरकारी लगतमा अद्यावधिक गरी अभिलेख राखेँ। सोको जानकारी भूमि व्यवस्था विभागमा गराएँ।

इमानदार, लगनशील र कर्तव्यनिष्ठ कार्यको मूल्याङ्कन भएर मलाई राजदरबारबाट तीन ग्रेड बृद्धि पुरस्कार प्रदान गरिएको थियो।

# सेवाका केही स्मृतिबिम्बहरू

केही अवधि सिरहा भूमि-प्रशासनमा रही कायममुकायम भूमि-प्रशासकको जिम्मेवारी सम्हार्ले। त्यहाँ पनि मोही र जग्गाधनीबीचमा मोहीसम्बन्धी विवाद धेरै नै हुने गरेको पाएँ। हुनेखाने वर्ग जिमिनदार र हुँदाखाने किसानहरूमा धेरै नै अन्तर थियो। अन्य खास समस्या थिएन। म त्यहाँ गएको अवस्थामा इन्द्रकुमार श्रेष्ठ भूमि-प्रशासक थिए। उनको सरुवा भएपछि तेजराज तिवारी आए। केही अवधि त्यहाँ कार्य गरेपछि मेरो भूमि-प्रशासन कार्यालय काठमाडौँमा पदस्थापन भयो। यसै समयमा श्री ५ वीरेन्द्रवीरविक्रम शाहदेवको राज्याभिषेक भएको थियो। सो समारोहमा सहभागी हुने अवसर पाएँ। काठमाडौँमा रहँदा जग्गाको रजिष्ट्रेशन

पारित गर्ने दायित्व ममा थियो । काम गर्दाको अवस्थामा एउटा सट्टापट्टाको लिखत रजिष्ट्रेशन पारित गर्ने प्रयोजनका लागि म समक्ष पेश भएको थियो । लिखतमा काठमाडौँ बत्तीसपुतलीस्थित रामचन्द्र मन्दिर निजी गुठीको जग्गा उल्लेख थियो । सो जग्गाको दोब्बर क्षेत्रफल लिएर सिन्धुपाल्चोकको दुर्गम गाउँको जग्गा सट्टा दिने गरी लिखत तयार गरी पारित गर्न प्रस्तुत गरिएको रहेछ । यसरी काठमाडौँको निजी गुठीको जग्गा दुर्गम स्थानको दोब्बर जग्गासँग साट्ने गरिएको रहेछ ।

काठमाडौँको मूल्यवान् घडेरीको जग्गा सिन्धुपाल्चोकको दुर्गम क्षेत्रमा जति दोब्बर थपे पनि बराबर हुने स्थिति थिएन । त्यसअघि यस्तो लिखत पारित गर्ने परिपाटी र गुठी संस्थानले यस्तो छुट दिने परिपत्र गरे पनि मेरो अन्तःस्करणले यस्तो लिखत पारित गर्न न्यायसङ्गत मानेन । जुन जग्गा दान दिएको हो, त्यही जग्गा अनवरत दानकै रूपमा रहनुपर्छ । साट्नु वा दान गरेको जग्गाको स्थान बदल्नु भनेको दान गरेको वस्तु दानकर्तालाई फिर्ता गर्नु बराबर हो । दुहुने गाई दान गरेपछि दुधको लोभले यसले धेरै दुध दिने रहेछ । अब यसको बदला अर्को बैली गाई दिन्छु र पहिलेको फिर्ता ल्याउँछु भन्नुजस्तै हो । तिल-कुश समातेर हिन्दू विधिअनुसार दान गरेपछि जति थपे पनि सट्टापट्टा वा परिवर्तन हुनै सक्तैन । यो शास्त्रीय विधि हो । शास्त्रमा भनिएको छ, ***"स्व दत्ताम् परदत्ताम् वा ब्रह्मवृत्तिम् हरेच्चयः षष्ठी वर्ष सहस्राणी बिष्टायाम् जायते कृमी"*** अर्थात् आफूले वा अरूले दान गरेको वस्तु हरण गरेमा साठी हजार वर्षसम्म नरकमा बिष्टाको कीरा भएर बस्नुपर्छ । कानूनले वा परिपत्रले मिल्यो भन्दैमा दानविपरीत कार्य गर्नु भनेको अनैतिक कार्य गर्नु हो । यस्तो काममा सहभागी हुनु भनेको स्वयम् आपराधिक वा अनैतिक कार्यमा संलग्न हुनु हो भन्ने आफ्नो अन्तर्मनको आवाज सुनाएर फिर्ता दिएँ ।

यही प्रकृतिको विवादलाई अञ्चल अदालत वागमतीमा अञ्चल न्यायाधीशको हैसियतले न्याय-सम्पादन गर्दा अस्वीकार गरेँ । पछि सर्वोच्च अदालतमा न्यायाधीशको रूपमा कार्यरत रहेको अवस्थामा सार्वजनिक सरोकारको विवादको रूपमा प्रस्तुत विवादमा गुठीको जग्गा सट्टापट्टा गर्न नपाउने निर्णय भएर समाधान भयो । वि.सं. २०३१ सालमा उठेको विवाद वि.सं. २०६२ चैत्रमा पुगेर पटाक्षेप भयो । मेरो धारणा अन्त्यमा सार्थक भयो । यसमा मलाई सन्तोष लाग्यो ।

आफ्नो परम्परागत संस्कृतिको संरक्षण र सम्वर्द्धन गर्नु, धार्मिकस्थल वा धार्मिक गुठीको सञ्चालन र संरक्षण गर्नु सबै नागरिकको कर्तव्य हो । गुठी संस्थानले स्वयम् अग्रसर भएर यस्तो अनैतिक कार्य गर्न निषेध गर्नुपर्नेमा स्वयम् अग्रसर भएर सूचना निकालेर सट्टापट्टाजस्ता कार्य गर्न प्रोत्साहन गर्नाले पूर्वजले

गरेको दान उनकै सन्ततिले कानूनका छिद्रका आधारमा अपहरण गरेर समाजलाई भ्रष्टीकरण गर्ने दिशामा लागेका हुन्। गुठी संस्थानका पदाधिकारीको पनि यसमा मिलोमतो रहेको कामबाट नै प्रमाणित भयो।

केही पदाधिकारीले पशुपति महास्नानअन्तर्गतको पोता दर्ता गुठी र पूजाका सामान बुझाउने प्रकृति जग्गाको गुठीको भिन्नता नबुझ्नाले जग्गामा धेरै विवाद बढेर जनताले दुःख व्यहोर्नुपरेको पाइएको छ। पोता बुझाउने प्रकृतिको महास्नान गुठीमा नगद मालपोतसरह बुझाइन्छ र गुठीबाट रैकरमा परिणत गर्न सकिन्छ तर पूजाका सामान बुझाउने प्रकृतिको जग्गाको भने पूजाका सामानै बुझाउने गरिन्छ। पूजाका सामान बुझाउने महास्नान गुठी जग्गा रैकरमा परिणत हुँदैन। यो भिन्नता नबुझ्नाले पोता जग्गालाई पूजाका सामान बुझाउनेमा परिणत गरेकाले यस प्रकारका जग्गामा जनताले धेरै दुःख व्यहोर्नुपरेको पनि छ। यस प्रकृतिको जग्गाको भिन्नता छुट्याउन पुरानो अभिलेख श्रेस्ता महत्त्वपूर्ण हुन्छन्। यस्तो प्रकृतिको विवाद छुट्याउने अभिलेख श्रेस्ताको परीक्षणबाट मात्र त्यस प्रकृतिका विवाद छुट्याउन सकिने हुन्छ।

भूमि व्यवस्थापनमा काम गर्दा के अनुभूति भयो भने आफ्ना पुर्खाले दान गरेका, परोपकारी कल्याणका लागि राखेका जग्गा, पूजाआजामा राखेका गुठी, पाटी-पौवा, मन्दिर परिसर, मसानघाटका लागि छुट्याएका जग्गा, गौचरण र राजा महाराजा वा राणा शासकले राखेका गुठी र नदी बगिरहेका यावत् जग्गाहरू नापी गर्दाका अवस्थामा हडप्ने प्रवृत्ति व्यापक रहेको पाएँ। स्थानीय व्यक्तिहरूको संरक्षणमा एक स्थानको जग्गाको प्रमाण देखाई अन्यत्रको जग्गा दूषित (कीर्ते) दर्ता गर्ने गरेको पनि देखियो। आपसमा मुद्दा गरी मिलापत्रद्वारा हात पार्ने, एक स्थानको जग्गाको नक्कली रसिद देखाई अर्को स्थानको जग्गा दर्ता गर्ने, लिखत खडा गरी पारित गर्ने, निजी गुठीको जग्गालाई राजगुठी हो भन्दै मोहीयानी दर्ता गर्ने गरेका पनि पाइयो। त्यस्तै पशुपति महास्नानअन्तर्गतका पोता जग्गा र पूजाका सामानै बुझाउने प्रकृतिको जग्गाको भिन्नता नबुझ्नाले विवाद बढ्ने गरेको र मोही नै नभएकाले मोही हूँ भनी गुठीको जग्गा अपहरण गर्नेजस्ता धेरै विकृति र विसङ्गति देख्न पाइयो ।

# पाँचौं प्रकाश

# पाँचौं प्रकाश–सूची


**न्याय सेवामा म** ११९

- न्यायाधीशको जिम्मेवारी ११९
- दोलखा भीमसेन : रोचक इतिहास १२२
- तत्कालिक अदालतको अवस्था १२७
- झण्डै मेरो ज्यान गएको १२८
- जिल्ला न्यायाधीश भई काम गर्दा १२९

# न्याय सेवामा म

## न्यायाधीशको जिम्मेवारी

भूमि-प्रशासन कार्यालय काठमाडौँमा कार्यरत रहेकै अवस्थामा कानूनको उपाधि हासिल गरेका प्रशासन सेवाका अधिकृतलाई न्याय-सेवामा परिणत गर्ने सरकारको नीतिअनुरूप श्री ५ को सरकारको मिति २०३२।३।३१ निर्णयबाट मेरो न्याय-सेवाअन्तर्गत शाखा अधिकृतमा नेपाल अधिराज्यका महान्यायाधिवक्ताको कार्यालयमा पदस्थापन भयो। त्यो समयमा कानून सचिवसमेतको जिम्मेवारी सम्हालिसकेका कानूनविद् रमानन्दप्रसाद सिंह महान्यायाधिवक्ता हुनुहुन्थ्यो। महान्यायाधिवक्ताको कार्यालयअन्तर्गत प्रत्येक क्षेत्रमा क्षेत्रीय सरकारी अधिवक्ताको कार्यालय, प्रत्येक अञ्चलमा सरकारी अभिवक्ता र अभियोक्ताको कार्यालय र जिल्ला जिल्लामा सहायक सरकारी अभिवक्ता र अभियोक्ताको कार्यालय रहन्थे। ती कार्यालयहरूले सरकार वादी हुने मुद्दाको अनुसन्धान, अभियोजन र प्रतीरक्षा गर्दथे। महान्यायाधिवक्ता कानून र न्यायको क्षेत्रमा योगदान पुऱ्याएका कानूनविज्ञ व्यक्ति मात्र नियुक्त हुन्थे। यस अघि प्रख्यात कानूनविद् शम्भुप्रसाद ज्ञवाली महान्यायाधिवक्ता रहिसकेका थिए।

मैले त्यहाँ करीब एक वर्ष सेवा गर्ने अवसर पाएँ। त्यहाँ रहँदा सरकारी फौजदारी मुद्दाको विषयमा व्यावहारिक रूपमा विस्तृत अध्ययन गर्ने अवसर पाएँ। सरकारी फौजदारी मुद्दाको अनुसन्धान, अभियोजन र प्रतीरक्षालगायत विषयको व्यावहारिक अध्ययनबाट मलाई नेपाल कानूनको फौजदारी कानून अझ सरकारी मुद्दाको अनुसन्धान, अभियोजन, प्रमाण सङ्कलन, अदालतमा प्रस्तुति, पुनरावेदनजस्ता व्यावहारिक प्रयोगलगायत विषयमा बढी जानकार हुने अवसर जुट्यो। त्यहाँ कार्यरत रहेकै अवस्थामा राजपत्राङ्कित द्वितीय श्रेणीको बढुवाको प्रतिस्पर्द्धात्मक

परीक्षा दिई समुत्तीर्ण भएर मिति २०३३ । ६ ।४ देखि बढुवा कायम हुने गरी जिल्ला न्यायाधीशमा नियुक्त भएँ ।

श्री ५ बडामहाराज पृथ्वीनारायण शाहको दिव्य उपदेशमा "खास खास जातिलाई यो यो दर्जा दिएर न्याय-निसाफको काम लगाउनू" भन्ने उल्लेख छ, ***"अदालथमा ठकुरि जाँचि दिष्टा (डिठ्ठा) राष्नु, मगर जाँचि विचारि थाप्नु, कचहरि पिच्छे येक् येक् पण्डित राषी निञ्चासास्त्र बमोजिम अदालथ चलाउनु"*** । त्यो अवस्थाको समाजिक विकास, समाजको चरित्र वा शिक्षाको स्तरअनुकूल त्यस्तो बन्दोवस्त गरिएको होला । सामाजिक यर्थाथताको अध्ययन गरेर समन्वयात्मक भूमिका निर्वाह गरेको पनि हुन सक्छ तर प्रजातान्त्रिक युगमा सामाजिक चरित्र बदलिएको छ । अब जातीय आधारमा होइन, योग्य नागरिकहरूमध्ये योग्यतमले सार्वजनिक पदको जिम्मेवारी प्राप्त गर्नुपर्छ भन्ने सिद्धान्त स्थापित भएको छ । तदनुसार न्याय-निसाफ गर्ने न्यायासनको जिम्मेवारी पनि न्याय-सेवामा पदासीन योग्य अधिकृतहरूमध्येबाट विभिन्न परीक्षाको पद्धति अपनाएर परीक्षण गरी योग्यतमलाई नै नियुक्ति गर्ने प्रचलन शुरू भएको छ । तदनुसार राजपत्राङ्कित द्वितीय श्रेणीको प्रतिस्पर्द्धात्मक परीक्षामा समुत्तीर्ण भएर न्यायाधीशको जिम्मेवारी पाएको थिएँ । *(नियुक्ति पत्र परिशिष्टमा ।)*

न्याय-सेवामा म प्रवेश गर्दा श्री रत्नबहादुर विष्ट प्रधानन्यायाधीश हुनुहुन्थ्यो । उहाँ त्रि-चन्द्र कलेजको प्रोफेसर, पछि न्यायाधीश हुँदै प्रधानन्यायाधीश हुनु भएको विद्वान् न्यायकर्मी हुनुहुन्थ्यो । उहाँ निवृत्त भएपछि श्री नयनबहादुर खत्री प्रधानन्यायाधीश हुनुभएको थियो । उहाँ पनि ल्हासाको कन्सुलर जनरलबाट सेवाप्रवेश गरी कानून सचिव एवम् सर्वोच्च अदालतको न्यायाधीशको भएर सेवा गरेपछि प्रधानन्यायाधीश हुनुभएको थियो । त्यो समयमा न्याय र कानूनको क्षेत्रमा लामो सेवा गरेर आफूलाई स्थापित गरेपछि मात्र सर्वोच्च अदालतको न्यायाधीशमा र ज्येष्ठताको आधारमा प्रधानन्यायाधीशमा नियुक्ति गर्ने प्रचलन थियो ।

जिल्लान्यायाधीशको नियुक्ति बुझेर दोलखा, चरिकोट जानुभन्दा पहिले प्रधानन्यायाधीश श्री नयनबहादुर खत्रीसँग बिदा हुन गएँ । उहाँले, "तपाईं पहिलो पटक न्यायाधीश भएर जिल्लामा जान लाग्नुभएको छ । कानूनसम्बन्धमा न्यायाधीश स्वयम् ज्ञाता हुनुपर्छ । तपाईंलाई मुद्दामा वा कानूनको प्रयोगसम्बन्धमा अफ्ठ्यारो पर्दा सरसल्लाह गर्ने वा सुझाव लिने व्यक्ति कोही पनि हुँदैनन् । तपाईं कसरी समाल्हनुहुन्छ ?" प्रश्न गर्नुभएको थियो । मैले सविनय भनेको थिएँ, "श्रीमान् ! म नयाँ जिम्मेवारी लिएर जिल्लामा जाँदैछु । मैले अध्ययन गरेको विषयबाहेक मुद्दाको

कार्यविधि र न्याय-सम्पादन गर्ने क्रममा वा कानूनको प्रयोगसम्बन्धमा संशय पर्न सक्तछ। जिल्लामा न्यायाधीश भएर गएपछि आफ्नो जिम्मेवारीको विषयमा स्वयम् विज्ञ हुनुपर्छ भन्ने मान्यताअनुसार त्यसको समाधान गर्ने सूत्र पनि लिएको छु। ती सूत्रहरू अदालतमा रहेको छिनुवा फाँटमा रहेका मुद्दाका मिसिलहरूमा अन्तर्निहित रहेका हुन्छन्। शुरू अदालतदेखि तहतहको पुनरावेदन हुँदै सर्वोच्च अदालतसम्मबाट किनारा भइ अन्तिम भएर पुस्तकालयको रूपमा रहेका छिनुवा मिसिलहरू नै मेरा गुरु हुनेछन्, तिनै मेरा मार्गदर्शक पनि। ती विषय विषयका अन्तिम भएर रहेका फैसला संलग्न मिसिलहरूको गम्भीर अध्ययनबाट मुद्दाको कार्यविधि र न्याय-सम्पादन गर्ने क्रममा पर्न आउने संशयहरू अवश्यमेव समाधान हुनेछन् भन्ने मेरो अठोट छ"। मेरो कुरा सुनेर उहाँ मुस्कुराउँदै, "दोलखा मेरो पनि पुर्खादेखिको घर भएको जिल्ला हो। अफ्ठ्यारो पर्दा मलाई खबर गर्नुहोला। तपाईंलाई शुभकामना छ" भनेर बिदा गर्नुभएको थियो। उहाँसँग भेटघाट, व्यवहार र कुराकानीमा अभिभावकीय अनुभूति र हार्दिकतापूर्ण स्नेह पाएको अद्यापि मेरो मन मस्तिष्कमा ताजै छ। त्यो समयमा जिल्लामा केही अफ्ठ्यारो पर्दा मैले प्रधानन्यायाधीशलाई खबर गर्ने गर्थें। समुचित उत्तर पनि पाउथें।

राष्ट्रसेवकको रूपमा जिल्ला न्यायाधीश भएर सेवा गर्न जिल्ला-जिल्ला वा स्थान विशेषमा जानु सेवासँगै देश-दर्शन पनि गर्नु हो। वि.सं. २०३३ साल माघको अन्त्यतिर दोलखाको सदरमुकाम जान काठमाडौँबाट बस चढेर बाह्रबिसे पुगी त्यहाँबाट पैदल अघि बढें। बीच बाटोमा ग्रामीण परिवेश हेर्दै बास बसेर रोल्डाँडा हुँदै चरिकोट पुगें। लामोसाँगु जिरी सडक बन्न शुरू भएर सिन्धुपाल्चोकको खरीढुङ्गासम्म बाटो बन्ने क्रममा थियो। दोलखा जिल्लाको भागतिर भने रेखाङ्कन हुँदै थियो।

प्रकृतिले चरिकोटलाई सुन्दर बनाएको रहेछ। चरिकोटको पूर्वोत्तरमा सधैं सेतै टल्किने हिमाच्छादित गौरीशङ्कर, उत्तरतर्फ प्रसिद्ध कालिञ्चोक भगवती मन्दिर, बहुरङ्गी ढकमक्क फुलेका लालीगुराँस र चिमालले ढाकेका वन, धूपी, जडीबुटी र जैविक विविधताले भरिपूर्ण वनस्पति, पश्चिम धेरै परिमाणको खरीढुङ्गाले भरिपूर्ण डाँडाहरू, दक्षिण अजस्र स्रोतको खानी तामाकोशी, रामेछापको प्रसिद्ध ठोसेको फलाम खानी रहेको स्थान, नजिकमा प्रसिद्ध दोलखा भीमसेनको मन्दिर। अति रमणीय स्थान। बिहान-बिहान गौरीशङ्करको दर्शन गर्दा मन त्यसै रमाउने। महाकवि देवकोटाको "गौरीशङ्करका नजीक चुचुरा उठ्छन् अरू वामन" पढेको थिएँ, देख्ता भावविभोर भएँ।

दोलखाको धरातलतर्फ दृष्टिगत गर्दा पूर्वमा रामेछापको उत्तरपूर्वी भाग र सोलुखुम्बु जिल्ला, उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्बत, पश्चिममा सिन्धुपाल्चोक जिल्ला, दक्षिणमा रामेछाप जिल्लाको बीचमा अवस्थित रहेछ दोलखा जिल्ला। दोलखाको नाउँको विषयमा किंवदन्ती पनि रहेछ। तिब्बती भाषामा "दो, ल, खा," तीन अक्षरमध्ये दो को अर्थ ढुङ्गा, ल को अर्थ मन्दिर र खा को अर्थ घर भएको बताइन्छ। यसको सारमा ढुङ्गैढुङ्गाले बनाइएका घर, मन्दिर र बस्ती भएकोले "दोलखा" भनिएको रहेछ । जिल्लाको प्राकृतिक स्वरूपले पनि कडा चट्टानहरूले भरिएको भूगोल, विभिन्न मन्दिर, सत्तल, खम्बा, घण्टा झुन्ड्याउने थाम, मन्दिरहरूमा काठको सट्टा झ्याल-ढोका, चौकोससम्म पनि ढुङ्गाबाटै बनाइएको र सबै शिल्पकला र वास्तुकला पनि पत्थरमा नै कुँदिएकोले पनि उक्त दोलखाको शब्दार्थ सार्थक भएको मानिँदो रहेछ (बालकृष्ण श्रेष्ठ पासा *जनमत* २०८१ जेठ )।

जिल्लाको स्थान विशेषको भौगोलिक विविधताले जिल्लालाई रमणीय र मनमोहक बनाएको रहेछ। बाह्रै महिना मनोरम रोल्वालिङ, गौरीशङ्कर हुँदै नाम्चे र सगरमाथा आधारक्षेत्र र छोरोल्पा लेक, विगु गुम्बा, वेदिङजस्ता आकर्षक स्थलहरूको पैदल भ्रमण गर्ने विदेशीहरूको आकर्षण केन्द्र, हिन्दू र बौद्ध संस्कृति, तदनुसारका मन्दिरहरू, आपसी सद्भाव र सहिष्णुताको स्थल, बहुभाषी र बहुसंस्कृतिले लोभ्याउने मनोरम क्षेत्रले पर्यटकलाई मोहनी नै लगाउने रहेछ। यस्तो प्राकृतिक छटायुक्त मनमोहक स्थानमा बसेर न्याय-सम्पादन गर्न पाउनु पनि सौभाग्य नै सम्झैं। प्राकृतिक सुन्दर स्थान। एक प्रकार धरतीको स्वर्ग।

## दोलखा भीमसेन : रोचक इतिहास

नेपालका प्रसिद्ध मन्दिरमध्ये दोलखाको भीमसेन मन्दिर पनि एक हो। दोलखा बजार दोलखाका प्राचीन राजाहरूको राजधानी। पङ्क्तिबद्ध टोलले प्राचीन वास्तुकलाको महत्त्व उजागर गर्छ नै। "*दोलखाको ऐतिहासिक रूपरेखा*"का लेखक धनवज्र वज्राचार्य, टेकबहादुर श्रेष्ठकाअनुसार दोलखाको प्राचीन ऐतिहासिक सामग्री अध्ययन गर्दा यो क्षेत्र पहिले वनगढ रूपको बस्ती थियो। वनगढमा चारैतिर हुने घना जङ्गल भने मासिसकिएका र पूर्व र उत्तर भेकमा मात्र केही जङ्गल बाँकी रहेछन्। दोलखा माथिल्लो र तल्लो टोल दुई भागमा विभक्त रहेछ। भीमसेनको प्रसिद्ध मन्दिर, बजार आदि रहेकोले सो भाग बस्तीको दृष्टिले महत्त्वपूर्ण रहेछ।

राजकुल (राजदरबार) विविध सांस्कृतिक स्थल, बढी बस्ती आदिको दृष्टिले तल्लो भाग पनि उत्तिकै महत्त्वपूर्ण । दुबै भागमा अनेक टोल छन् । टोलका नाउँ बिचित्रसँग रहेका छन् । माथिल्लो भागमा लिन्ति, डोक्छें आदि टोल प्रसिद्ध छन् भने तल्लो भागमा दुङ्गल,पिङ्गल, डोकलुङ्गा कोटछें आदि टोल ।

यहाँ प्रसिद्ध मन्दिरहरूले तत्कालिक सांस्कृतिक विरासतलाई दर्शाउँछ । अझ भीमेश्वर स्थान दोलखाको प्रसिद्ध देवस्थल हो । सबैले भीमेश्वरलाई दोलखाका अधिपति नै मान्दारहेछन् । यो देवस्थलको प्रसिद्धि नेपालका अन्य भागमा पनि फैलिएको छ । भीमेश्वरको दर्शन र पूजा गर्न टाढा टाढाबाट पनि भक्तजन आउने गर्छन् । मन्दिर एक तलाको मात्र छ । ढुङ्गे गाह्रो छ । छाना छैन । शिवलिङ्ग आकृतिको मूर्ति छ । तोरणमा भीसेनको प्रचलित मूर्ति अङ्कित छ । स्थानको मुनितिर कुण्ड छ भन्ने भनाइ सुनिन्छ । भीमेश्वरको लिङ्गाकार मूर्तिमा धातुको सुनले जलप लगाएको नागपाश झुन्ड्याइएको छ । भीमेश्वरको दायाँतिरको मूर्तिलाई कुन्ती र बायाँतिरको मूर्तिलाई द्रौपदी भनिन्छ । भीमेश्वरको पृष्ट भागमा पञ्चनागको फणा र त्योसँगै भीमसेनको गदा रहेको छ । भीमेश्वरको मूर्ति सानो खटजस्तोमा छ । भक्तहरूले चढाएका गदा र घण्टहरू छन् । भीमेश्वरलाई सोझै कुखुरा र कुखुराको फुल चढाइँदैन । फुल र बलि दिन सामुन्ने एक मण्डल रहेको छ । भीमेश्वरलाई महादेव शिव मानिन्छ । मन्दिरले पाण्डुपुत्र भीमसेनको किंवदन्ती आफूभित्र समेटेको पाइन्छ । बिहान शिवस्तुति जलधारासहित रुद्री पाठ र त्यसपछि पञ्च-बलिसहितका पूजाले सबै वर्गको संस्कृति र सहिष्णुता अँगालेको छ । भीमेश्वरको सामुन्ने पश्चिमपट्टि अग्लो ढुङ्गे स्तम्भ छ । त्यसमाथि ढलौटको सुनको जलप लगाएको सिंहको मूर्ति छ । साथै त्रिशूल र डमरु पनि त्यहाँ छन् । दर्शनार्थीको सुविधाका लागि ढुङ्गाको सिँढी बनाइएको छ । भीमेश्वर पुग्ने स्थानमा ढुङ्गाका ठूला ठूला सिंह दुईतिर राखिएका छन् । त्यहीँ भजन पाटी छ । बिहान-बेलुका सधैँ भजन गरिन्छ ।

भीमेश्वर स्थानको वरपर अनेक देव-देवीका मूर्ति छन् । भीमेश्वरको दर्शनबाट सांसारिक भवसागरबाट मुक्त हुने विश्वास र मान्यताले टाढा-टाढाबाट तीर्थयात्री आएर पूजा गर्ने र कालिञ्चोक दर्शन गर्ने परम्परा शदियौँदेखि चलेको छ । म पनि शनिवार पारेर बराबर भीमसेन मन्दिर दर्शन गर्न जान्थें । दशैँमा टीकाको भोलिपल्ट खड्ग-जात्रा धुमधामसँग मनाइन्छ । यो जात्रा परम्परागत रूपमा मनाइँदै आइएको छ । चरिकोटमा नै दशैँ मनाइएकाले सो को भोलिपल्ट हुने खड्ग-जात्रा पनि हेर्ने अवसर पनि जुरेको थियो ।

दोलखाको लिस्तिटोलमा एक आकर्षक धर्मधातु बौद्धस्तूप रहेछ। सो स्तूप दोलखाका प्रसिद्ध शासक जयनारायण देवले ने. सं.६६९ (वि.सं.१६०६) बनाएको हो। चैत्यमा छत्राकार सुनको गजूर छ। राजपरिवार र भारदारहरूले चढाएका नौवटा चक्रावली लहरै रहेका छन्। भीमेश्वरपछि यो आकर्षक धर्मधातु चैत्य पनि एक हो। बजारमा देवी-देवताका धेरै मन्दिरहरू जस्तै शिव, विष्णु, बज्रयोगिनी, गणेशस्थान, तलेजु, नारायण, पशुपतिनाथ, मछिन्द्रनाथ आदि पनि रहेका छन्। दोलखाको बस्तीको पूर्वपट्टि त्रिपुरासुन्दरीको प्रसिद्ध झिँगटी छानाको आकर्षक तीन तले मन्दिर छ। यसलाई देवीकोट पनि भनिन्छ। जोशी थरका पुजारीले पूजा गर्छन्। देवी रहेको भित्री भागमा पुजारी बाहेक अरूले प्रवेश गर्न पाउँदैनन्। देवीको अद्भूत शक्ति रहेको जन विश्वास छ।

इतिहासको अध्ययनबाट लिच्छविकालको उत्तरार्द्धमा नै दोलखाको बिगु भई कुती, खासा, लामबगर रची (लम्ची) भई भोट जाने बाटो खुलेको हुनुपर्छ। काठमाडौँ उपत्यकाका व्यापारी वर्गको पायक परेको हुनाले दोलखा व्यपार केन्द्र नै कायम गरेको अनुमान हुन्छ। दोलखामा नेवार वर्गको बढी बस्ती बस्न गए पनि आसपासमा तामाङ, थामी, शेर्पा आदिको बसोबास छँदैछ। मध्यकालमा श्रेष्ठ प्रशासकलाई सम्बोधन गर्ने शब्द रहेकोमा पछि गएर थर कायम भएको हो । अन्य जातिहरू पनि थिए। पछि केन्द्र भक्तपुरका स्थिति मल्लका नाति यक्षमल्लको शासनकालमा वि.सं. १५१०मा कीर्तिसिंह दोलखाका शासक थिए। त्यसपछि क्रमशः उद्धवदेव, गोविन्ददेव, इन्द्रदेव सिंहले राज गरेका थिए।

इन्द्रदेवको शासनकालमा दोलखाको आर्थिक उन्नति भएको पाइन्छ। यसको कारण तिब्बतसँगको व्यापार हो। उपत्यकामा पहिलो सिक्का मोहर चलाउने महेन्द्र मल्ल (उनले चलाएको मोहरलाई महेन्द्रमल्ली पनि भनिन्छ ) नेपाल संवत् ६८० देखि ६९४अघिभन्दा पहिले नै इन्द्रसिंहदेवले नेपाल संवत् ६३६ मा नै आफ्नो स्वतन्त्र मोहर प्रचलनमा ल्याएका थिए। उनको टकको एकापट्टि दोलखाधिपति श्रीश्री जय इन्द्रसिंहदेव र अर्कोपट्टि पट्टमहादेवी श्रीविजयलक्ष्मीको नाम उल्लेख छ। चाँदीका सिक्का चलाउने उनी प्रथम भए। त्यो समयमा भोट ल्हासाबाट सुन ल्याएर बाहिर निकासी गर्ने र चाँदी भारतबाट ल्याउने गरिन्थ्यो। राजा शिवसिंहको पालामा दोलखा कान्तिपुर राज्यमा मिल्न गएको हो। पछि श्री ५ पृथ्वीनारायण शाहसँग मिली दोलखा नेपालको एकीकरणमा सामेल भएको पाइन्छ।

दोलखामा प्रशस्त खानीहरू पाइन्थ्यो । यस भेकमा तामा, फलाम, शीशा, हरिताल, सोहाग आदि निकासी हुन्थ्यो । यताको ठोसेको फलाम खानी प्रसिद्ध थियो । तामाखानी भएकाले तामाकोशी, सुनखानी गाउँ र सुनकोशी नदीको नाउँ रहेकोले त्यो समयमा तामा र सुन त्यहाँ पाइदो रहेछ भन्ने अनुमान गर्न सकिन्छ । यहाँबाट घिउ र जडीबुटी प्रसस्त निकासी हुन्थ्यो । दोलखाको बिगु क्षेत्रको स्लेट ढुङ्गा प्रसिद्ध छ । थामीहरूले स्लेट ढुङ्गामा काम गर्दा रहेछन् । यो स्लेट ढुङ्गा प्रायः जसो धेरैको घरमा लगाउने गरेको पाइन्छ । दोलखा बजारमा बहुसङ्ख्यक नेवार सम्प्रदायको बसोबास भएकाले नेवारी भाषा, सभ्यता, संस्कृति र ऐतिहासिक परम्परालाई जीवन्त राखेको अनुभूति सँगाल्न पाइन्छ ।

समयक्रम मिलाएर दुई पटक कालिञ्चोक भगवतीको दर्शन गर्न गएँ । चरीकोटबाट उकालो चढी छ-सात घण्टा पैदल जाँदा पुगिने क्षेत्र । पहिलो पटक वि.सं. २०३३ साल चैत्रको आखिरीमा गएको थिएँ । त्यो समयमा जाँदा बाटाको दायाँबायाँतर्फ र अगाडि देखिने बहुरङ्गी ढकमक्क फुलेका लालीगुराँसले भरिएको वन, धूपी, सल्ला, बहुविध जडीबुटी र जैविक विविधताले भरिपूर्ण वनस्पति देख्न पाइन्थ्यो । प्राकृतिक रमणीय वातावरण चराचुरुङ्गी र झ्याँउकिरीहरूका थरी थरीका चिरचिर आवाजहरूले मनै लोभ्याउथ्यो । मन शान्त एवम् प्रसन्न हुन्थ्यो । कालिञ्चोक भगवती पुग्नुपूर्व तल "कुरी" भन्ने स्थानमा तीर्थयात्रीहरूलाई बस्नको लागि गोठ आकारका टहराहरू बनाइएका रहेछन् ।

त्यहीँ आफ्ना खानपीनका सामान, भाँडाकुँडा, ओढ्ने ओछ्याउने सामान लिएर गई बास बस्ने व्यवस्था गर्नुपर्ने रहेछ । त्यहाँबाट उकालो चढी देवी मन्दिर पुगिने । पहिलो पटक जाँदा आठ वर्षकी छोरी सिर्जना, भूमिसुधार अधिकृत पिङ्गल वर्मा र अन्य सहयोगीहरू थिए । पूजाको लागि चाहिने सामान, वस्तु, खानपीनका सरसामान, पकाउने भाँडाहरू, ओढ्ने ओछ्याउने यावत सरसामन लिएर गएका थियौँ । गएको दिन कुरीमा बास बस्यौँ । पिउने पानी प्रशस्त रहेछ । शान्त एवम् रमणीय स्थानमा बस्ता मन प्रसन्न भयो । अर्को दिन बिहान स्नान गरेर उकालो चढी कालिञ्चोक भगवतीको दर्शन गर्न गयौँ । मन्दिर क्षेत्र सानो । घण्ट, त्रिशूल, ध्वजापताकाले भरिपूर्ण । पूजा गरेर दर्शन गर्दा बेग्लै अनुभूति भयो । आँखा चिम्म गरेर मन एकाग्र गरेर देवीको प्रर्थना गरी देवी स्तोत्र पाठ गरेँ । साथी र सहयोगीहरूले बलि अर्पण गरे । सबैको पूजापाठ सकिएपछि आएको ठाडो बाटोबाट अब भने ओरालो झरियो । कुरीमा पुगेर साथी र सहयोगीले खाने बन्दोबस्त मिलाए । मलाई केही गर्न दिएनन् । म आराम गरेर बसेँ । खाना खाएर अघिल्लो दिन आएको

बाटो बिस्तारै ओरालो-ओरालो झर्दै साँझपख चरीकोट फर्किइयो । यसरी प्रथम पटकको कालिञ्चोक भगवतीको दर्शन पूरा गरियो ।

वि.सं. २०३४ साल चैत्र महिनामा जनकपुर अञ्चल अदालतका अञ्चल-न्यायाधीश श्रीगोविन्दबहादुर श्रेष्ठ केही कर्मचारीसहित दोलखा जिल्ला अदालतको निरीक्षण गर्न आउनुभएको थियो । उहाँ आएको समयमा नै मेरा पूर्व परिचित एवम् हितैषी अञ्चल न्यायाधीश सो समयमा अख्तियार दुरुपयोग निवारण आयोग पुनरावेदन अदालतका रजिष्ट्रार श्रीअम्बरबहादुर प्रधान, उहाँका छोरी, बहिनीहरू समेत आउनुभएको थियो । अञ्चल-न्यायाधीशको अदालत र अन्य अर्द्धन्यायिक निकायको निरीक्षणपश्चात् उहाँ र अम्बरबहादुर श्रीमान्को टोलीसमेत सामेल भएर कालिञ्चोक भगवती दर्शन गर्न जाने कार्यक्रम तय भएको थियो । अम्बरबहादुरको साबिकको मूलघर दोलखामा भएकाले उहाँसँग अञ्चल न्यायाधीश गोविन्दबहादुर श्रेष्ठलगायत सबै जना दोलखा बजार गएर उहाँको मूल घर हेरी भीमेश्वरको दर्शन गर्यौं ।

पूर्वनिर्धारित कार्यक्रमअनुसार अञ्चलन्यायाधीश श्रीगोविन्दबहादुर श्रेष्ठको जिल्ला अदालत र अर्द्धन्यायिक निकायको निरीक्षणपश्चात् सबै गरी करीब पन्ध्र जना कालिञ्चोक भगवती दर्शन गर्न गर्यौं । सबै पैदल गएका थिर्यौं । बिहानै प्रस्थान गरेकोमा बेलुकीपख मात्र कुरीमा पुग्यौं । जिल्ला अदालतका सहयोगीहरूलाई पहिले नै कुरीमा पठाएकाले उनीहरूले खाने-बस्ने व्यवस्था मिलाएका थिए । राति त्यही बास बसी अर्को दिन बिहान कालिञ्चोक भगवतीको दर्शन गर्न गर्यौं । सबैको दर्शन, पाठ, पूजा सकिएपछि ओरालो झरेर कुटीमा आई खाना खाई आराम गरेर छेउका जङ्गल घुमेर दिन व्यतीत गरियो । राति त्यहीँ बास बसेर अर्को दिन बिहान अञ्चल-श्रीमान्सहित अम्बरबहादुरका परिवार सबै त्यहाँबाट छोटो बाटो बाह्रबिसे हुँदै काठमाडौँतर्फ प्रस्थान गर्नुभयो भने म र जिल्ला अदालतका सहयोगीहरू चरीकोटतर्फ आर्यौं । यसरी कालिञ्चोक भगवतीको दर्शन र पूजापाठ दुई पटक गर्ने अवसर मलाइ जुरेको थियो ।

त्यो समयमा पैदल जानुपर्थ्यो । चरीकोटसम्म पनि गाडीको यातायात थिएन । उहाँहरू पनि खरीढुङ्गाबाटै पैदल आउनुभएको थियो । मेरो त्यहाँको कार्यकालको अन्तिमा अवस्थामा भने चरीकोटसम्म जीप गाडी र मालवाहक ट्रक चल्न सक्ने सडक बनेको थियो । अहिले सुन्दैछु कालिञ्चोक भगवती मन्दिर जान-आउन सहज बनाउने जीप गाडी चल्ने सडक निर्माण भएको छ । भगवती मन्दिर दक्षिणको

साबिक चौरी कुरी भन्ने स्थानमा धेरै गतिला होटल खुलेका छन्। कालिञ्चोक दर्शन गर्न उकालो पैदल हिँड्नु नपर्ने गरी केबुलकारको व्यवस्था गरिएको छ ।

जिल्लाका अन्य रमणीय स्थलहरू घुम्न हेर्न र थप जानकारी हासिल गर्न सकिनँ। न्यायाधीशले अनुशासनमा रहनु बस्नुपर्छ। जथाभावी हिँड्न र जनसम्पर्क गर्नुहुँदैन। यसले न्याय-सम्पादनमा प्रभाव पर्छ भन्ने मान्यता र संस्कार रहेको हुन्छ। जिरी र अन्य स्थान भ्रमण गर्ने इच्छा भए पनि जान नसकेकोमा अहिले पछुतो लागेको छ। हाल गौरीशङ्कर हिमाल नजिक लामाबगरमा चार सय छपन्न मेगावाटको माथिल्लो तामाकोशी जलविद्युत् आयोजना पूरा भएर विद्युत् उत्पादन शुरू भएको छ। दोलखाका विभिन्न स्थानमा मोटर चल्ने बाटो निर्माण भएको छ। अब सबैले फलफूल, उन्नत कृषिलगायत विविध विधामा उन्नत खेती कार्य अघि बढाएर आर्थिक उन्नति गरिरहेका छन्।

## तत्कालिक अदालतको अवस्था

हाल अदालत र सरकारी कार्यालयहरूमा भौतिक सुविधामा धेरै बृद्धि भएको छ। भवन, कर्मचारी, बजेटमा कमी छैन। पारवहनको सुविधामा बृद्धि भएको छ। तर जब म न्यायाधीश भएर एकमात्र जिल्ला न्यायाधीशको दरबन्दी भएको दोलखा जिल्ला अदालतमा पुगेँ, अदालतमा अहिलेको जस्तो भौतिक सुविधा केही थिएन। अदालतको भवनमा एउटा लामो ठीकैको कोठा रहेकोमा त्यसैमा राखन धरन, छिनुवा मिसिल राख्ने र सबै कर्मचारी र न्यायाधीशको इजलास, अभियुक्तको बयान, बकपत्र, मुद्दामा छलफल र छिनोफानो गर्नेलगायतका काम गर्नुपर्थ्यो। पछि जनसहयोगबाट एउटा सानो न्यायाधीशको लागि कक्ष र इजलास बनाएर काम गर्नुपरेको रहेछ। बजेट प्रायः कर्मचारीको तलबको मात्र थियो भने पनि हुन्छ। अन्य शीर्षकमा मसलन्द वर्षको रू दुई सयमात्र थियो जुन कागज र मसीलाई पनि पुग्दैन थियो। दैनिक भ्रमण भत्ता शून्य बराबर हुन्थ्यो।कर्मचारी सरुवा भएर आएमा निकासा माग्नुपर्ने अवस्था थियो। सहयोगी कर्मचारीहरूमा डिठ्ठा श्रेस्तेदारसहित, दुई बिचारी, चार बहिदार र अर्दली दश/बाह्र थिए। मुद्दाको फैसला लेख्ने, मुद्दाका मिसिल अभिलेख राख्ने, लेखाको काम गर्ने, फैसला कार्यान्वयन गर्नेजस्ता काम पनि बिचारी र बहिदारबाट गर्नुपर्थ्यो। म्याद तामेल गर्ने काम पनि अर्दलीले नै गर्थे। दैनिक कार्य सञ्चालन गर्न आवश्यक कानूनका पुस्तक थिए। सर्वोच्च अदालतबाट प्रकाशन हुने गरेको *कानून* पत्रिका ढीलो गरी प्राप्त हुन्थ्यो।

अदालतमा न त पानीको कुनै धारा थियो न त शौचालय । बाहिरबाट पानी बोकेर ल्याई कार्य सञ्चालन गर्नुपर्थ्यो । पहिले मुद्दाका पक्षहरूसँग कागत मागेर काम चलाइदो रहेछ । मैले यसलाई नियन्त्रण गरी नेपाली कागत कारखानाबाट कोरीका कोरी कागत किन्न पठाएर ल्याई खयरको मसी कर्मचारीबाटै बनाई काम चलाएँ । यस्तै साधन, स्रोत र जनशक्तिबाट न्याय-सम्पादन गर्नुपर्ने बाध्यता थियो । काम चलाएँ ।

कानूनअनुसार जिल्लाका प्रायः सबै विवादहरू देवानी विषयहरू जस्तैः जग्गाका विवाद, साहू-आसामीबीचका लेनदेन, अंश, अपुताली, नाता कायम, धनमाल, सरकार वादी हुने जग्गासम्बन्धी विवाद, व्यक्तिवादी हुने फौजदारी लुटपीट, कुटपिट,कीर्ते, जारीखत, जालसाजी, सरकारवादी हुने फौजदारी ज्यान, चोरी डाका, जिउमास्ने बेच्ने, यौन-हिंसा, बलात्कार, बहुविवाह, घुस, सरकारी छाप दस्तखत कीर्तेजस्ता मुद्दाहरू जिल्ला अदालतबाट नै छिनोफानो हुने व्यवस्था थियो । पहिले पहिले न्यायाधीश स्वयम्ले नै फौजदारी मुद्दामा बयान, बकपत्र गराउने पद्धति रहेकोमा पछि बिचारी, डिठ्ठाको सहयोग लिनेसम्म छुट थियो तर सबै मुद्दाको कार्यवाही वा छिनोफानो न्यायाधीशकै इजलासबाट मात्र हुने व्यवस्था थियो । मैले तदनुसार कार्यसम्पादन गरेँ ।

## झण्डै मेरो ज्यान गएको

पहिलो पटक सात वर्षीया ठूली छोरी सिर्जना र म चरीकोट गएका थियौँ । दोस्रो पटक श्रीमती, छोरी सिर्जना र सान्त्वना गएका थियौँ । त्यसबेला बाह्रबिसेसम्म बसमा जानुपर्थ्यो र त्यहाँबाट पैदल हिँडेर जानुपर्थ्यो । बाह्रबिसेमा हामीलाई लिन अदालतका सहयोगीहरू आएका थिए । भूमिसुधार अधिकृत पिङ्गल वर्माले मेरो निम्ति कार्यालयको घोडा पठाएका रहेछन् । तीन वर्षीया सानी छोरी सान्त्वना काठमाडौँबाट बसमा चढेदेखि नै ज्वरो आएर केही अस्वस्थ थिइन् । पाँचखालको मेडिकलमा सल्लाह गरी औषधि ख्वाए पनि स्वस्थ्य भएकी थिइनन् । उनीलाई बोक्ने भरिया पनि थिएनन् । मैले नै घोडामा आफ्नो अगाडि राखेर बिस्तारै जाँदै थिएँ । सुनकोशी तरेपछि उकालो बाटो थियो । ठाडो उकालो लागेपछि घोडा तर्सेजस्तो गऱ्यो र अगाडि बढ्नुको सट्टा पछाडि घम्निन लाग्यो । तल सुनकोशी नदीको नीलो घुमाउने दह परेको स्थान थियो । अब पछाडिपट्टिको थुम्कोबाट झरेमा त्यही नीलो दहमा खसिने स्थिति भयो । अर्को उपाय नदेखेपछि तत्काल मैले सान्त्वनालाई दुवै

हातले च्यापेर मेरा दुबै गोडा रिकापबाट निकाली भित्तापट्टि हामफार्ले । म भित्तामा पछारिनासाथ घोडा तलतिरको थुम्कोमा ड्याम्म बजारियो । घोडा चारवटै खुट्टा माथि उत्तानो पारेर लड्यो । मलाई ढाडमा केही चोट लाग्यो । आङ्भरि नीलो डाम भयो । सान्त्वनालाई केही भएन । धन्य ईश्वरले बचाए, सम्झैं । पछि घोडा आफैं उठ्यो । थुम्को मुनि पुगेको भए कोही पनि बाँच्ने सम्भावना थिएन । सेकेन्डको समयको अन्तरले बाँचियो । भण्डै ज्यान गएको थियो । अहिले सम्झँदा पनि जिउ सिरिङ्ग भई काँडा उम्रन्छ ।

## जिल्ला न्यायाधीश भई काम गर्दा

***सङ्घर्षको सुख श्रेष्ठ सुख हो*** –गोर्की

यो भनाइ म सधैं सम्झिरहन्छु ।

जिल्ला न्यायाधीश सबै क्षेत्रको ज्ञाता हुनुपर्ने मान्यता छ । आफूले नबुझेको विषयमा सोध्ने वा छलफल गर्ने कोही हुँदैनन् । अदालत क्षेत्रभित्रका सबै कामको ज्ञाता स्वयम् नै हुनुपर्छ । म पहिलो पटक न्यायाधीश भएको थिएँ । भूमि-प्रशासनमा कार्यरत रही अनुभव हासिल गरेको कारणले देवानी प्रकृतिका विवादहरू जग्गा र लेनदेनजस्ता विषयमा म पहिलेदेखि नै जानकार थिएँ तर सरकारवादी भएका मुद्दामा महान्यायाधिवक्ताको कार्यालयमा काम गरेकाले केही अनुभव भए पनि पर्याप्त थिएन । कमै अनुभव थियो । अदालती सबै काम न्यायाधीश आफैंले गर्नुपर्ने हुन्छ । सहायक कर्मचारीलाई सोधेमा आफ्नो ल्याकत वा क्षमता उनीहरूले आकलन गर्ने भय पनि हुन्छ । यस्तोमा आफूले जान्न चाहेका विषयमा आफैंले खोजीनिति र अध्ययन गर्नुपर्छ । मैले प्रधानन्यायाधीशसमक्ष आफूले व्यक्त गरेको सूत्र सदैव मन र मस्तिष्कमा राखेर न्याय-सम्पादन गर्न सकृय रहैं । अदालतको तहतह हुँदै सर्वोच्च अदालतसम्मबाट किनारा भई अन्तिम भएर अभिलेखमा रहेका मुद्दाका मिसिलमा संलग्न फैसलाहरू कानूनी साहित्य हुन् । मुद्दाको शुरू अभियोगपत्रदेखि कार्यवाही र किनारा भएर पुनरावेदनको तहतह हुँदै अन्तिम भएर रहेका फैसलामा मुद्दाको कार्यवाहीदेखि अन्तिम फैसलासम्मका सबै विषयमा सिक्न पाइन्छ । ज्ञानको स्रोत यही कानूनी साहित्य हुन् । यिनै कानूनी र व्यावहारिक साहित्य हुँदा ती अभिलेख नै गुरुका पनि गुरु हुन्छन्, तिनले नै राम्रो सिकाउँछन् भन्ने मेरो दृढ मान्यता वा अठोट थियो । पुस्तकालयको रूपमा अभिलेखालयमा रहेका तिनै मुद्दाका मिसिलहरूको अध्ययन बढाएँ । दैनिक चार-पाँचओटा मिसिल अभिलेख शाखाबाट मगाउँदै पढैं,

आवश्यक बुँदा डायरीमा टिप्ने क्रम बढाएँ । अभिलेखमा रहेका कानूनी साहित्यका प्रायः सबै मिसिल छिचोर्लें, अनुशीलन गर्रें । कस्तुरी मृगले आफ्नो नाइटोको बीना खोज्न भौंतारिनुपर्ने जस्तो अवस्था रहेन । पुराना मुद्दाका मिसिल अध्ययनबाट हरेक विषयमा म जानकार भएँ, सक्षम भएँ । आफूलाई सन्देह वा संशय लागेका विषय सबै समाधान भए । मेरो विद्यालय वा विश्वविद्यालयका गुरुहरू तिनै पुराना मिसिलहरू भए । सैद्धान्तिक मात्र होइन, व्यावहारिक प्रशिक्षण पनि तिनै पुराना मुद्दाका मिसिलबाट प्राप्त भएको भन्ने मेरो आफ्नो अनुभूति रहेको छ । मैले न्यायिक प्रतिष्ठानमा पनि नव-नियुक्त जिल्ला र उच्च अदालतका न्यायाधीशहरूको प्रशिक्षण क्रममा यो कुरा दृढताकासाथ भन्ने गरेको छु । प्रशिक्षणमा सहभागी भएर कार्यक्षेत्रमा गएका अधिकाङ्श न्यायाधीशहरू पनि भेट हुँदा अभिलेखमा रहेका कानूनी साहित्यबाट आफू लाभान्वित भएको चर्चा गर्न बिर्सदैनन् ।

म जिल्ला न्यायाधीश हुँदा जिल्ला न्यायाधीशले नै फौज्दारी मुद्दाका अभियुक्तको बयान, साक्षीहरूको बकपत्र गराउने र आदेश वा फैसलाहरू पनि न्यायाधीश स्वयम्ले तयार गर्नु र लेख्नुपर्थ्यो । बयान वा बकपत्र गराउँदा डिठ्ठा वा विचारीको सहयोगसम्म लिने गरिन्थ्यो । मुद्दाको मिसिल सबै पूरा पढेर बयान वा बकपत्रका प्रश्नहरू सोध्दै उत्तर लेखेपछि पुनः सान्दर्भिक प्रश्नहरू गर्दै उत्तर लिइन्थ्यो । यो क्रम पूरा हुन समय पनि लाग्दथ्यो । बयान वा बकपत्र पूरा नभएसम्म अदालत चालुरहन्थ्यो । बयान वा बकपत्र आधा गराएर अर्को दिनलाई राख्न हुँदैनथ्यो । हाल न्यायाधीशको बढी कार्यबोझले गर्दा मुद्दाको मिसिलको साङ्गोपाङ्गो अध्ययन गरी अभियुक्तको बयान वा साक्षीको बकपत्र गराउने कार्य स्वयम् न्यायाधीशबाट हुन नसकी सहयोगी कर्मचारीबाट हुने गरेको पाइन्छ । म जिल्ला अदालतमा कार्यरत रहँदा यस्तो अवस्था थिएन ।

अदालतको न्यायाधीश भएर इजलासमा बस्दा सदैव मुद्दाको मिसिलमा संलग्न प्रमाणलाई विवेकले तौलेर निष्पक्ष न्याय-निसाफ गर्नुपर्छ भन्ने कुरामा सतर्क रहैं । कर्मचारी वा अरू कसैलाई पनि मुद्दा-मामिलाको विषयमा निवासमा आउन निषेध गर्रें । "नियाँ-निसाप बिगार्न्या भन्याका घुस दिन्या र घुस खान्या हुन्, इन दुईको ता धनजीव गरिलियाको पनि पाप लाग्न्या छैन" दिव्य उपदेशको यो नीति सदैव स्मृतिमा न्यायकर्ताले राखेर न्याय-निसाफ गर्नुपर्छ भन्ने कुरामा दृढ मान्यता राखैं ।

# छैठौं प्रकाश

# छैठौँ प्रकाश–सूची


**नेपालको ऐतिहासिक जनमत–सङ्ग्रह** १३३

- दोलखामा जनमत-सङ्ग्रहको जिम्मेवारी १३३
- जनमत-सङ्ग्रहको परिणाम १३५
- निर्वाचन र न्याय-निरूपण १३५
- वि. सं. २०३८ सालको निर्वाचन १३८
- मन्त्रीको अनुचित हस्तक्षेप १४०
- जनमत-सङ्ग्रहका घटनामा मण्डले आतङ्क १४२
- मन्त्रीका चर्तिकला १४४
- न्याय-सम्पादनमा स्वतन्त्रता १४५
- टक्करबाट तक्मा १४७
- बुद्धको जन्मस्थलमा रमाउँदा १४९
- न्याय-सम्पादन गर्दाको अनुभूति १५०
- निर्वाचनको अर्को दायित्व १५३
- महिला अस्मिताको दर्दनाक कथा-व्यथा १५३
- व्यवस्थित बजार राजविराज १५८
- वागमती अञ्चल न्यायाधीशमा म १६०
- झुठा मुद्दामा विद्यार्थीहरूलाई सास्ती १६०
- वागमती विशेष अदालतको समेत थप जिम्मेवारी १६२
- विशेष अदालतमा कार्य गर्दाको रोचक घटना १६२
- नक्कली सर्प देखाएर साबिती बयान १६४

# नेपालको ऐतिहासिक जनमत-सङ्ग्रह

## दोलखामा जनमत-सङ्ग्रहको जिम्मेवारी

म दोलखा अदालतको जिल्ला न्यायाधीशमा कार्यरत रहेकै अवस्थामा पाकिस्तानका पूर्व प्रधानमन्त्री जुल्फिकर अलि भुट्टोलाई सैनिक शासकले फाँसी दिएको थियो। त्यो विषयलाई लिएर काठमाडौँमा विद्यार्थी आन्दोलनले उग्ररूप लिएको थियो। त्यसबेला प्रतिबन्धित राजनैकि पार्टीहरू र पञ्चायत पक्षबीच चलेको द्वन्द र त्यही अवसरमा भुट्टो काण्ड चर्किएको परिणाम अन्ततः सुधारिएको पञ्चायत व्यवस्था र बहुदलीय व्यवस्थाबीचमा एउटा रोज्न पाउने गरी वि.सं २०३६ साल ज्येष्ठ १०.गते श्री ५ महाराधिराज वीरेन्द्रवीरविक्रम शाहबाट जनमत-सङ्ग्रह गर्ने घोषणा भयो। प्रतिबन्धित पार्टीका प्रमुख नेताहरूमा वी.पी.कोइराला, गणेशमान् सिंह, कृष्णप्रसाद भट्टराई र मनमोहन अधिकारी थिए। जनमत-सङ्ग्रह गर्ने घोषणापछि राजनीतिले नयाँ मोड लिएको थियो।

जनमत-सङ्ग्रह सु-सम्पन्न गराउन चुनाव आयोग गठन भयो। आयोगको प्रमुख आयुक्तमा पूर्व प्रधानन्यायाधीश श्री भगवतीप्रसाद सिंहको नियुक्ति भयो। उहाँको नेतृत्वमा चौध सदस्यीय सदस्यहरू श्री ५ बाटै नियुक्त भए। प्रत्येक अञ्चलको लागि एक आयुक्त तोकिए भने आयोगका सदस्य सचिव श्रीकृष्णप्रसाद घिमिरे भए। घिमिरे पूर्व कानून सचिव रहिसकेका प्रख्यात अधिवक्तासमेत थिए। प्रत्येक जिल्लाका जिल्ला न्यायाधीश जनमत-अधिकृत तोकिए। म जिल्ला न्यायाधीशको हैसियतले दोलखा जिल्लाको जनमत-अधिकृत भएँ। यस क्षेत्रका चुनाव आयुक्त रौतहट निवासी श्री केवल चौधरी थिए। जनमत-सङ्ग्रहमा सुधारिएको पञ्चायत पक्षको चुनाव चिह्न पहेँलो रङ र बहुदल पक्षको चुनाव चिह्न नीलो रङ तोकिएको थियो।

जनमत-सङ्ग्रहजस्तो महत्त्वपूर्ण निर्वाचनले मुलुकको शासकीय प्रणाली रोज्न पाउने उद्देश्य राखेको हुन्छ भने राजनीतिमा उत्तरदायित्व जोडिएर सुशासन कायम हुने मान्यता राखेको हुन्छ। जनमतसङ्ग्रमा कुनै एक व्यवस्था रोज्न पाउने, जनमतमार्फत व्यक्त गर्न पाउने अधिकार मतदातालाई नै सुम्पिइएको हुन्छ। जनताको मत सङ्ग्रह गर्ने निर्वाचन प्रभावकारी बनाउन मतदाताप्रति उत्तरदायी र निष्पक्ष वातावरण पनि बनाउनुपर्छ। यसले मात्र नागरिकलाई सबल एवम् सार्वभौम बनाउँछ। यसको लागि तदनुसार कानून पनि आवश्यक हुन्छ। मानव अधिकारको विश्वव्यापी घोषणा १९४८ मा भनिएको छ– "सरकारको अधिकारको आधार लोक सम्मति हुनेछ। यो सही निर्वाचन मार्फत अभिव्यक्त हुनेछ"। जनमत-सङ्ग्रह गर्ने शाही घोषणा श्री ५ वीरेन्द्रवीरविक्रम शाहबाट भएको थियो। नेपालमा पञ्चायती व्यवस्था वा बहुदलीय व्यवस्थामध्ये एक रोज्न पाउने जनमत जस्तो लोकप्रिय एवम् लोकसम्मति लिने निर्वाचनको लागि प्रभावकारी कानून र निष्पक्ष, स्वतन्त्र र भयरहित संयन्त्रको आवश्यक थियो। सो को पूर्ण तयारीदेखि परिणाम घोषणासम्मका लागि प्रक्रिया पारदर्शी हुनु आवश्यक पनि थियो तर पञ्चायतकै संयन्त्रबाट जनमत लिने व्यवस्था भयो। यस कार्यमा सबै तहमा निष्पक्ष प्रकृतिका मानिसहरू राखेर पूर्वाधार तयार गर्नुको सट्टा पञ्चायतकै पक्षधर नेतृत्वलाई स्वीकार गरियो। जनमत अधिकृत न्यायाधीशलाई प्रत्यक्ष प्रभाव पार्न नसके पनि स्थानीय प्रशासन र पञ्चहरूबाट अन्य अधिकृत कर्मचारीलाई दबाब र प्रभाव पारेकै थियो।

चुनावमा खटिने कर्मचारीलाई जनमत अधिकृतले निष्पक्ष र स्वतन्त्र भएर काम गर्न निर्देशन दिनेबाहेक अरू कार्यवाही गर्ने कानूनी अधिकार थिएन। सरकारी वन मासेर वा अन्य स्रोतबाट रकम सङ्कलन गरी पञ्चायतको पक्षमा मत दिलाउन जनतालाई आर्थिक प्रलोभनमा पारेको धेरै घटना सुनिए। एक-दुई स्थानमा विरोध पनि भएको थियो। तथापि जनमत-सङ्ग्रहको लागि मतदान भयो। जिल्ला-जिल्लाबाट मतदानको गणना गरी पठाउने र केन्द्रबाट सबै जिल्लाको एकत्रित जोडेर घोषणा गर्ने व्यवस्था थियो।

पञ्चायती सरकार र स्थानीय प्रशासनको नियन्त्रण र भयको वातावरणमा जनमत-सङ्ग्रह सु-सम्पन्न भयो। पञ्चायतको सुधार के-के कुरामा गर्ने खुलाएको थिएन या भनौं सुधारका कुरा गर्भमा नै थिए। पछि यसैलाई "सुधारिएको पञ्चायत" नामकरण गरियो। अनि *सबै पञ्च नेपाली र सबै नेपाली पञ्च* भन्ने नारा लगाइयो। वस्तुतः पञ्चायतको आफ्नो दर्शन भनेको दलविहीन व्यवस्था थियो।

## जनमत-सङ्ग्रहको परिणाम

वि.सं २०३७ साल वैशाख २० गते मुलुकभर एकै दिनमा जनमत सङग्रहका लागि मतदान भयो। नियमअनुसार मतदाताले निर्दलीय पञ्चायती पक्षमा पहँेलो र बहुदलीय पक्षमा नीलो दुई रङमध्ये एक रङ छानी आफ्नो मतपत्रमा स्वस्तिक चिह्नको छाप लगाएर मतदान गरे। दोलखामा पञ्चायतको पक्षमा बढी मत खसेको पाइयो। मुलुकभरको चुनाव आयोगबाट वि.सं. २०३७ जेठ १ गते गरिएको सार्वजनिक परिणामअनुसार जनमत-सङ्ग्रहमा कूल मतदाता ७१ लाख ९२ हजार ४ सय ५१ मध्ये कूल ४८ लाख १३ हजार ४ सय ८६ मत (६६ दशमलव ९२ प्रतिशत) खसेकोमा ३ लाख ७२ हजार ६१ मत (७ दशमलव ७३ प्रतिशत ) बदर भएको थियो। ४४ लाख ४१ हजार ४सय १७ (९२ दशमलव २७ प्रतिशत) मतपत्र सदर भएका थिए। जनमत-सङ्ग्रहमा ३३ लाख जति महिला सहभागी थिए। पहँेलो रङ पञ्चायतको पक्षलाई कूल २४ लाख ३३ हजार ४ सय ५२ मत (५४ दशमलव ७९ प्रतिशत ) प्राप्त भयो भने नीलो रङ बहुदलको पक्षमा २० लाख ७ हजार ९ सय ६५ मत (४५ दशमलव २१ प्रतिशत ) प्राप्त भयो। बढी मत प्राप्त गरेको आधारमा सुधारिएको पञ्चायत पक्षमा बहुमत परेकाले उसले जित्यो र बहुदल पक्षको हार भएको घोषणा राष्ट्रिय चुनाव आयोगको अध्यक्षबाट भयो। यसरी मैले दोलखामा राष्ट्रिय महत्त्वको जनमत-सङ्ग्रह गर्ने जिम्मेवारी शान्तिपूर्वक सुसम्पन्न गरेँ। म जतमत सङ्ग्रह पदकबाट विभूषित पनि भएँ।

## निर्वाचन र न्याय-निरूपण

त्यहाँ रहँदा स्थानीय जिल्ला पञ्चायतका सभापति, उपसभापतिलगायतका पदाधिकारी र राष्ट्रिय पञ्चायतका सदस्यको निर्वाचन गराउने निर्वाचन अधिकृतको दायित्व पनि जिल्ला न्यायाधीशलाई दिइएको थियो। तदनुसार निर्वाचन सु-सम्पन्न गरेँ। जिल्ला पञ्चायको सभापतिमा श्रीजगदीश खड्का र राष्ट्रिय पञ्चायतको सदस्यमा श्रीकृष्णप्रसाद उप्रेती निर्वाचित भएका थिए। उनी पछि सहायक मन्त्री पनि भए।

दोलखा जिल्लाका अधिकाङ्श मानिस सिधा-सोझा थिए। शिक्षाको ज्योति सबैमा पुग्न सकेको थिएन। केही थोरै हुने खाने वर्गले गरीबको शोषण

गर्ने, थिचोमिचो गर्ने र गरीबलाई दुःख दिन मुद्दा लगाउने प्रवृत्ति पनि पाएँ। केहीले झुटा मुद्दा लगाएर गरीबलाई दुःख दिने र आर्थिक शोषण गर्ने गर्दारहेछन् तर मेरो कार्यकालभरि उनीहरू झुटा मुद्दा खडा गरी गरिखाने वर्गलाई दुःख दिन सफल भएनन् भन्ने मेरो बुझाइ रह्यो। कसैलाई पनि मैले आफ्नो निवासमा भेट गर्न आउन दिइनँ। कानूनबमोजिम निष्पक्ष एवम् स्वतन्त्रपूर्वक न्याय-सम्पादन गरेँ। त्यहाँ प्रतिवर्ष पाँच सयसम्म मुद्दा पर्थे। किनारा लागेर बाँकी एक सय पचास थान जति रहन्थे। मैले प्रतिवर्ष चार सय मुद्दा फछ्र्यौट गरेँ। पुनरावेदन परेका मुद्दाहरू अञ्चल र क्षेत्रीय अदालतबाट प्रायः सदर भएर आएको पाउँदा मलाई उत्साह र उमङ्गको ऊर्जा प्राप्त हुन्थ्यो।

म दोलखा जाँदा त्यहाँ जग्गाको नापी-नक्सा भएको थिएन। जग्गाको तेरो मेरो मुद्दा पर्दा माल-अड्डामा रहेको जग्गाको अभिलेख दर्ता श्रेस्ता (ढड्डा) र मालबाट पारित लिखत र जिम्मावाल थरी मुखियाले तिरो बुझेको रसिद प्रमाण र भोग-व्यवहार नै आधार हुन्थे। मूलरूपमा साबिक अभिलेख श्रेस्ता नै आधार थिए। वैज्ञानिक नाप-नक्सा भएकै थिएन। तालीम प्राप्त अमीन नभएका कारण अदालतकै कर्मचारीले अनुमानका आधारमा बनाएका खेम्रा नक्साको आधारमा जग्गाको सिमानाको यकीन गरेर मुद्दा फैसला गर्नुपर्ने अवस्था थियो। तथापि त्यसमा साबिक दर्ता श्रेस्ता, चार किल्ला, भोग-व्यवहार, क्षेत्रफल, संलग्न प्रमाण, सँधियारहरू र उपस्थित सर्जमिनका भनाइसमेतका आधारमा न्याय पर्ने गरी किनारा गर्नु वा छिनोफानो गर्नुपर्थ्यो तर अहिले वैज्ञानिक रूपमा सर्वे नक्सा र जग्गाधनीको दर्ता प्रमाण पूर्जा भएपछि भने जग्गाको नाप-नक्सा र प्राविधिकको सहयोगको आधारमा जग्गाको लम्बाइ, चौडाइ, फिट वा वर्गमिटरका आधारमा विवाद छिनोफानो गर्न सजिलो भएको छ। भूमिसुधार र भूमि-प्रशासनमा रही जग्गासम्बन्धी अध्ययन र निरूपण गरेको हुनाले जग्गा मुद्दा फैसला गर्न कहिल्यै असमञ्जस भएन। यो मेरो लागि सकारात्मक एवम् सबल पक्ष रह्यो। पछि वागमती विशेष अदालतमा कार्यरत हुँदा न्यायाधीशहरूको क्षेत्रीय सम्मेलनमा भेला भएका बखत तत्कालिक जनकपुर अञ्चलन्यायाधीश श्री केशवप्रसाद उपाध्याय, श्री गोविन्दबहादुर श्रेष्ठ र श्री गोपालप्रसाद खत्रीले दोलखा जिल्ला अदालत चरीकोटमा रहेर तपाईंले गरेका जग्गा मुद्दाका फैसलाहरू पुनरावेदन तहबाट न्यायिक परीक्षण गर्दा ती फैसला सबैजसो सदरै हुन्थे भन्दा मलाई उत्साह जाग्दथ्यो ।

त्यो समयका प्रधानन्यायाधीश श्री नयनबहादुर खत्रीको पनि पुख्र्यौली घर दोलखा भएको कारणले म त्यहाँ जानुपूर्व उहाँसँग बिदा हुन जाँदा "त्यो मेरो

जिल्ला हो, राम्रो काम गर्नु होला । केही अफ्ठ्यारो परेमा मलाई चिठ्ठी लेख्नुहोला" भन्नुभएको थियो । मैले "श्रीमान्को जिल्लामा सेवा गर्ने अवसर पाएको छु । मेरो ज्ञान, सीप र अनुभवबाट राम्रो सेवा गर्ने प्रयास गर्नेछु" भनेको विस्तृत कुरा माथि उल्लेख गरिसकेको छु । उहाँसँग भेट्ने जिल्लाका मानिसहरूसँग उहाँले मेरो कामको विषयमा जानकारी लिने र विभिन्न सूत्रबाट नेकीवदी राख्ने गर्नु हुँदोरहेछ तर मेरो कुनै खोट उहाँले पाउनुभएन छ । उहाँले मलाई बराबर "तपाईंले त्यहाँ राम्रो काम गर्नुभएको छ, केही वर्ष बस्नुहोस्" भनेर हौसला दिनुभएकोले लगभग चार वर्ष त्यहाँ न्यायाधीशको जिम्मेवारी सम्हालें । पछि उहाँले मलाई बारा जिल्ला अदालतमा केही दिनका लागि काज खटाउनुभयो ।

भौगोलिक अवस्थितिको भिन्नताका कारणले दोलखाभन्दा बाराका मुद्दा-मामिला भिन्न हुनु स्वाभाविकै थियो । मुद्दा-मामिला र कानून-व्यवसायीको उपस्थिति पनि दोलखासँग मिल्दैनथ्यो । दोलखामा जग्गाको नापी-नक्सा भएकै थिएन तर बारामा नापी-नक्सा भइ जग्गाधनी र मोहीको प्रमाणपत्र वितरण भइसकेकाले जग्गा मुद्दा किनारा गर्न वैज्ञानिक आधार प्राप्त हुँदा सजिलो हुन्थ्यो तर त्यहाँ चोरी डाका, लुटपीट र ज्यानलगायत मुद्दाका सङ्ख्या बढी थिए । दुई न्यायाधीशमा अर्का न्यायाधीश श्री ज्ञानेन्द्रबहादुर कार्की हुनुहुन्थ्यो । उहाँ पनि सरल र मित्रवत् हुनुभएकाले हामीले राम्रो काम गर्‍यौं । सहयोगी कर्मचारी अनुशासित थिए । वीरगञ्जदेखि पनि कानून-व्यवसायी आउँथे । बारामा रहँदा कलैयाको गढीमाई दर्शन गर्न दुई पटक गर्‍यौं । ख्यातिप्राप्त गढीमाईमा हरेक बाह्र वर्षमा ठूलो मेला लाग्दोरहेछ । करीब दशौं हजार राँगा, बोका बलि दिइँदोरहेछ । भारतदेखि पनि धेरै दर्शनार्थी राँगा वा बोका बलिसहित पूजाआजामा आउँदारहेछन् ।

तीन महिनाका लागि काज गएको थिएँ । काज थपेर करीब सात महिना काम गरेपछि बारा जिल्ला अदालतको काजबाट मिति २०३७ ।११।२६ मा मोरङ जिल्ला अदालत विराटनगरमा मेरो पदस्थापना भयो । विराटनगर आफ्नो क्षेत्र थियो । अञ्चल र जिल्लाको सदरमुकाम भएकाले यहाँ मानिसको बढी आवत-जावत हुनु स्वाभाविक हो । मुद्दाको सङ्ख्या बढी भएकाले दुई जना जिल्ला न्यायाधीशको दरबन्दी थियो । अर्का न्यायाधीशमा श्रीराजेन्द्रप्रसाद कोइराला हुनुहुन्थ्यो ।

# वि. सं. २०३८ सालको निर्वाचन

म त्यहाँ हाजिर हुनासाथ वि.सं.२०३८ सालको मोरङ जिल्लाबाट प्रतिनिधित्व गर्ने राष्ट्रिय पञ्चायतका सदस्य दुई जनाको निर्वाचन गराउनुपर्ने दायित्व र जिम्मेवारी थपियो। जनमत-सङ्ग्रहपछि पहिलो पटक निर्वाचन हुन लागेको थियो। पञ्चहरू बढी आक्रामक थिए। उनीहरूमा जनमत-सङ्ग्रहमा बढी मत पाएर जितेको गर्व र अभिमान थियो। मोरङ वी.पी. कोइराला र मातृकाप्रसाद कोइरालाको गृह जिल्ला मात्र होइन, काङ्ग्रेसका बढी अनुयायी रहेको जिल्ला पनि थियो। राजनैतिक चेतनामा अग्रणी भएकाले निर्वाचन पनि अत्यधिक प्रतिस्पर्धात्मक हुनु स्वाभाविकै थियो। म त्यहाँ हाजिर हुनुपूर्व नै मलाई निर्वाचन अधिकृत तोकिएको थियो। सबै जिल्लाभन्दा बढी छपन्न हजार मतदाता र दुई निर्वाचन क्षेत्र रहेको जिल्ला भएको र तेइस जना उम्मेदवारमध्येमा पूर्व प्रधानमन्त्री मातृकाप्रसाद कोइराला पनि एक रहेकाले सबैको ध्यान यतापट्टि थियो। अझ रमाइलो पक्ष के थियो भने विराटनगर बजार क्षेत्रका निवासी नै बढी उम्मेदवार थिए। तिनमा मातृकाप्रसाद कोइराला, उनकै बहिनी ज्वाईं डा. पिनाकीप्रसाद आचार्य, आशाकरण राठी, शिवप्रसाद रिजाल आदि। त्यहाँको निर्वाचन मात्र होइन, पूर्वाञ्चलका अन्य बाँकी जिल्लामा पनि कर्मचारी र खर्च रकम पठाउने जिम्मेवारी पनि मेरो थियो। जिल्ला प्रशासन र अञ्चल प्रशासनको पनि मलाई पूर्ण सहयोग रहेको थियो। अञ्चलाधीश श्री ज्याउल हक थिए। उनी महेन्द्र कलेज धरानका प्राध्यापक र मेरा गुरु रही सकेकाले मलाई काम गर्न सहज थियो।

दोलखामा जनमत-सङ्ग्रह गराउनुभन्दा विराटनगरमा राष्ट्रिय पञ्चायतको निर्वाचन गराउनु गाह्रो काम थियो। जनमत-सङ्ग्रहमा बहुमत ल्याएको भन्ने पञ्चहरूमा अहङ्कार र उन्माद थियो। जनमत-सङ्ग्रहको परिणामपछि बहुदलतर्फ झुकाव राख्ने कर्मचारीहरूलाई खोजीखोजी अराष्ट्रिय तत्त्वसँग मिलेको पगरी गुथाएर बर्खास्त गरिएका घटनाले कर्मचारीलाई भयक्रान्त पारिएको अवस्थामा निर्वाचन गराउनुपर्ने जिम्मेवारी आएको थियो।

ई. सं. १७४८ मा चार्लस मन्टेस्क्यूले *द स्पिरिट अफ लज*मा लेखेअनुसार शासकहरूको स्वेच्छाचारिताविरुद्ध लड्ने स्वतन्त्र निकायको रूपमा न्यायपालिका आवश्यक छ। त्रासरहित वातावरणमा मात्र कानूनको स्वतन्त्र र विवेकसम्मत प्रयोग हुनसक्छ। न्यायपालिकाको स्वतन्त्रता वास्तविक हुनुपर्छ। शासकले कुनै न कुनै

रूपमा न्यायपालिकालाई हस्तक्षेप गर्ने हुनाले स्वतन्त्र न्यायपालिकाको वकालत गरेका हुन् । न्यायिक निष्पक्षता र स्वतन्त्रता भएन भने जनताको निष्पक्ष न्याय पाउने अधिकार कुण्ठित हुन्छ । कानूनको निश्चितता, कार्यविधिगत निष्पक्षता र सही रूपमा न्याय-सम्पादन र निर्णय कार्यान्वयन विधिको शासनका मुख्य मर्म हुन् । कानूनको प्रयोगमा भेदभाव या पक्षपात भएमा निष्पक्षता कायम रहन सक्तैन । कानूनको शासन हुँदैन, कानूनद्वारा शासन गरेको भन्ने देखाइन्छ । कानूनको राज्यमा कानून नै सर्वोपरी हुन्छ । निर्वाचन पनि स्वतन्त्र, निष्पक्ष , शान्त र भयरहित वातावरणमा गर्नु/गराउनु पर्छ । निर्वाचनमा खटिने सम्पूर्ण अधिकृत कर्मचारी निष्पक्ष र स्वतन्त्र हुनैपर्छ । यही मान्यताले न्यायाधीशलाई निर्वाचन अधिकृतको जिम्मेवारी दिइएको हो । निर्वाचन आयोगको प्रमुख निर्वाचन आयुक्त श्री शेरबहादुर शाही थिए । उनी कुशल प्रशासक र असल मात्र थिएनन् फिल्डमा खटेका अधिकारीको बाधा-विघ्न वा कठिनाइ बुझ्ने विवेकी व्यक्ति पनि थिए । उनको मिलनसार व्यवहारबाट मलाई निर्वाचन सु-सम्पन्न गराउन पूर्ण साथ र सहयोग भयो ।

दुई स्थानका लागि एउटै मतपत्रमा आफूले रोजेको उम्मेदवारको चुनाव चिह्न रहेको कोठामा स्वस्तिक छाप लगाएर आफ्नो मत दिनुपर्ने व्यवस्था थियो । निर्वाचनमा मातृकाप्रसाद कोइराला, बद्रीप्रसाद मण्डल, कर्ण धिमाल, आशकरण राठी, डा. पिनाकीप्रसाद आचार्य, शिवप्रसाद रिजाल, डिल्ली गुरागाईंलगायत तेइस जना उम्मेदवार थिए । राजनीतिक दाउपेच लगाएर मातृकालाई हराउने योजनामा सत्तासीन केन्द्रमा रहेका पञ्चहरू थिए भन्ने सुनिन्थ्यो । अञ्चल प्रशासनलाई उनीहरूले प्रभाव पार्नु स्वाभाविकै थियो । मातृकाको मत कटाउन स्थानीय व्यक्तिहरू धेरै उम्मेदवार उठाएका थिए भनिन्थ्यो । उनकै बहिनी ज्वाईं पिनाकीप्रसाद, शिवप्रसाद रिजाल र बजारको खासगरी मारवाडी समुदायको मत काटने आशकरण राठी थिए । एउटै मतपत्रमा सबै उम्मेदवारका निर्वाचन चिह्नहरू अङ्कित भएका कोष्ठहरू थिए । निश्चित तोकिएको दिनमा शान्तपूर्ण वातावरणमा मतदान सु-सम्पन्न भयो । एउटा मतपत्रमा आफूले रोजेका दुई उम्मेदवारको निर्धारित चुनाव चिह्नमा मत सङ्केतस्वरूप स्वस्तिक छाप लगाउनुपर्ने व्यवस्था थियो । तदनुसार एउटै मतपत्रबाट तेइस जनामध्ये दुई जना कुन कुन उम्मेदवारको चुनाव चिह्नमा मत सङ्केत गरेको हो, छुट्याएर मतगणना गर्न साह्रै अफ्ठ्यारो, झन्झटिलो र धेरै समय लाग्ने प्रकृतिको थियो । त्यसो हुँदा पाँच दिन पाँच रात (अहोरात्र) निरन्तर उभिएर मतगणना गरियो । सबै उम्मेदवारका प्रतिनिधिको रोहवरमा मतपत्र देखाएर मतगणना गर्नुपर्ने कार्य पनि निकै कठिन थियो । अन्य उपाय थिएन । मतपत्रको सदर बदरमा धेरै विवाद

हुने गर्थे तर सबैलाई मतपत्र देखाएर स्वतन्त्र एवम् निष्पक्ष रूपमा मतगणना सम्पन्न गर्नुपर्ने दायित्व पूरा गरी निर्वाचन परिणाम घोषणा गर्न सफल भएँ। करीब सात सय मतले मातृकाप्रसाद पराजित भए। बद्रीप्रसाद मण्डल र कर्ण धिमाल विजयी भए। अहोरात्र खटिएको परिणाम केही दिन म अस्वस्थ्य पनि भएँ। यसरी स्वतन्त्र एवम् निष्पक्ष निर्वाचन गराउने राष्ट्रिय दायित्वको महत्त्वपूर्ण कार्य सुसम्पन्न गरेँ।

## मन्त्रीको अनुचित हस्तक्षेप

म मोरङ जिल्ला अदालत विराटनगरमा कार्यरत रहँदाको घटना हो। न्यायाधीशले रात-दिन कानून वा तत्सम्बन्धी साहित्य अध्ययन गरिरहनुपर्ने दायित्व र कर्तव्य हुन्छ। विनाअध्ययन ज्ञान प्राप्त हुँदैन। त्यसै पनि म अध्ययनविना बस्न सक्तिनँ। एक बिहान म अध्ययन गरिरहेको अवस्थामा कानून, न्याय तथा गृह मन्त्रीले लिन पठाएको भन्दै अञ्चलाधीश कार्यालयका अधिकृत गाडी लिएर लिन आए।

अञ्चलाधीशको निवासमा पुग्दा त्यहाँ महेन्द्र मोरङ कलेजका प्राचार्य, प्राध्यापकहरू, अञ्चल एवम् जिल्लाका सुरक्षा निकायका प्रमुखसहित गृहमन्त्रीको बैठक चलिरहेको रहेछ। बैठक त्यहाँको कलेजमा भएको विद्यार्थी आन्दोलनमा मारिएका विद्यार्थीको सम्बन्धमा रहेछ। केही दिन पहिले सो कलेजमा ने.वि. सङ्घका विद्यार्थीउपर सरकारी मण्डले विद्यार्थी समूहले हमला गर्दा मार्न ताकिएका नेता नपरी निमुखा विद्यार्थी फणिन्द्र तिम्सिनाको हत्या भएको थियो। त्यो घटना अञ्चल प्रशासकको मिलोमतोमा गराएको हो भन्थे जान्ने-बुझ्नेहरू। अञ्चलाधीश ज्याउल हक अवकाश भएपछि ललितबहादुर बम नियुक्त भएर आएका थिए। म त्यहाँ पुग्नासाथ मन्त्री र अञ्चलाधीशले आलोपालो गरी "आज फणिन्द्र तिम्सिनाको हत्याराहरूलाई थुनामा राख्न अदालतको अनुमति आवश्यक पऱ्यो, तपाईंले कसरी अनुमति दिनुहुन्छ?" भन्ने प्रश्न गरे। "सरकारवादी हुने फौजदारी मुद्दामा न्यायिक अनुसन्धान गर्ने प्रयोजनका लागि अभियुक्तलाई अदालतबाट हिरासतमा राख्न अनुसन्धान अधिकारीले अनुमति मागेको खण्डमा प्रदान भएकै छ। जिल्ला प्रहरी प्रमुख र सरकारी वकीलले अदालतसमक्ष कुनै समस्या प्रस्तुत गर्नुभएकै छैन। कानूनबमोजिम अनुमति प्रदान गर्ने विषयमा कुनै समस्या भएजस्तो लाग्दैन" मैले शिष्ट शैलीमा भनेँ। त्यसो होइन, "आज तिम्सिनाको हत्याराहरूलाई

न्यायिक हिरासतमा राख्न अनुमति आवश्यक छ। आज शहीद मैदानमा फुटबल टुर्नामेन्ट छ। सुरक्षाका कारणले उनीहरूलाई अदालतमा उपस्थित गराउन सकिँदैन। उपस्थित नगराई उनीहरूलाई न्यायिक हिरासतमा राख्ने अनुमति तपाइले दिनुपर्छ", मन्त्री र अन्चलाधीशले पालैपालो आदेशात्मक शैलीमा भने। विपरीत राजनीतिक प्रभाव र सानो फुटबल टुर्नामेण्टको कारणले जिल्ला र अञ्चल सुरक्षा निकायले थुनुवाहरूलाई अदालतमा उपस्थित गराउन सकिँदैन भन्ने जिल्ला र अञ्चल प्रशासनको निर्लज्जता मैले कहिल्यै देखेको थिइनँ। मलाई विश्वास पनि लागेन।

राज्यका सबै पदाधिकारीमाथि पनि कानून हुन्छ। उनीहरू कानूनद्वारा सञ्चालित हुन्छन् र अक्षरशः कानून पालन गर्नु कर्तव्य हुन्छ। न्यायाधीशले निष्पक्ष, स्वतन्त्र र निर्भीक रहेर न्याय-सम्पादन गर्नुपर्छ तर यहाँ संवैधानिक पदाधिकारी मन्त्री र अञ्चलाधीश नै कानूनको शासन पालन गर्नुको सट्टा आफैँ कानून उल्लङ्घन गर्न न्यायिक पदाधिकारीलाई बाध्य पार्न कोशिश गर्छन् र आफूखुशी कानूनको दुरुपयोग गरी आफ्नो निहित अभीष्टता पूरा गर्न अघि सर्छन्। यस्तोलाई विधिको शासन (रुल अफ ल) होइन कानूनलाई माध्यम बनाइ आफ्नो चाहनाबमोजिम शासन गर्ने व्यवस्था भन्नुपर्छ (रुल वाई ल)। यो कुरा राम्ररी बुझेको हुनाले मैले भनेँ, "मन्त्रीज्यू ! यो कानूनअनुसार हुने कुरा हो। म कानूनमा बाँधिएको हुनाले अदालतमा उपस्थित नगराई कुनै अवस्थामा पनि थुनामा राख्ने अनुमति प्रदान गर्न सक्तिनँ। न्यायाधीशले अदालत बाहिर बसेर आदेश गर्ने विषयमा सहमति जनाउँदै हिँड्ने कानूनी व्यवस्था पनि छैन। न्यायाधीशको आचरणले यस्तो गर्न पनि मिल्दैन। यहाँ न्यायाधीशलाई बोलाएर छलफल गरिने विषय पनि होइन। अदालतमा उपस्थित गराएपछि उनीहरूका कानून-व्यवसायी भए बहससमेत सुनेर कानूनअनुसार गरिने आदेश यहाँ तपाईंहरूको बैठकबाट निधो गरिने विषय कदापि हुन सक्तैन। न्यायाधीशलाई यस्तो विषयमा छलफल गर्न बोलाउन पनि हुँदैन। यसले अदालतको न्यायिक कार्यमा हस्तक्षेप ठहरिन्छ" भन्दै उनीहरूको मैले कडा प्रतिवाद गरेँ। उनीहरूलाई चित्त बुझेन। मलाई धाक-धम्की दिने प्रयास गर्दा पनि मैले नटेरेपछि विषयान्तर गरेर दुलारी गाउँ पञ्चायतमा भएको कर्तव्य ज्यानको मुद्दाको प्रसङ्ग निकाले।

# जनमत-सङ्ग्रहका घटनामा मण्डले आतङ्क

वि.सं.२०३७ सालको जनमत-सङ्ग्रहको सिलसिलामा मोरङको दुलारी गाउँ पञ्चायतमा पञ्चहरूले कुटेर एक निर्दोष व्यक्तिको हत्या गरेका थिए। सो को अनुसन्धान गर्ने प्रहरी र सरकारी वकीललाई जिल्ला पञ्चायतका तत्कालिक सभापतिले आफ्नो घरमा लगी आफ्ना मानिस राखी खुला सर्जमीन नगराई गोप्य रूपमा सरजमीनको मुचुल्का कागज बनाएर प्रमाण नपुगेको भन्दै कसैउपर मुद्दा नचलाउने गरी जिल्ला अदालत मोरङमा मिसिल बुझाई हत्याराहरूलाई फुक्का छाडेका रहेछन्। यहाँ आफूखुशी कानूनलाई माध्यम बनाइ पदको दुरुपयोग गरिएको घटना थियो। अदालत निरीक्षणको क्रममा सो मुद्दाको मिसिल अध्ययन गरी क्षेत्रीय अदालत धनकुटाका मुख्य न्यायाधीश श्री प्रचण्डराज अनिलबाट अञ्चल सरकारी वकील र अञ्चल प्रहरी प्रमुखबाट पुनः अनुसन्धान गराउनू भन्ने आदेश भएको थियो। हत्यामा पञ्चहरू नै संलग्न थिए। पञ्चायतका मण्डले र तिनका संरक्षकहरू उनीहरूलाई सजायबाट मुक्ति दिलाउन हुने-नहुने नानाविधि छलछामका प्रपञ्च गर्थे। पञ्च राजनीतिको छाता ओढेपछि पञ्चखत नै माफी हुन्छ भन्ने उनीहरूको निकृष्ट सोच थियो। भनिन्छ नेपालका सत्तासीनको नीति, "चोरलाई चौतारो साधुलाई शूली" प्रकृतिको थियो।

उनीहरूलाई मैले नै भनेर पूर्वाञ्चल क्षेत्रीय अदालत धनकुटाका मुख्य न्यायाधीशबाट आदेश गराएको हो भन्ने मण्डलेहरूले उक्साएका रहेछन्। उनीहरूलाई कानूनी पद्धति र प्रक्रियासँग केही मतलब थिएन। अदालतका न्यायाधीशलाई स्वतन्त्र, निष्पक्ष र निर्भीक रूपमा देख्न र सुन्न चाहँदैन थिए। आफ्नो मातहतको कर्मचारीको जस्तो व्यवहार गर्ने शैली थियो। उनीहरूले, "तपाईंले किन यस्तो आदेश गराउनुभयो ?" भनेर मसँग निहुँ खोजे। मैले प्रतिवाद गर्दै भनेँ– "न्यायाधीशले मुद्दाको मिसिल कागजबाट देखेअनुसार कानूनन् ठीक ठहऱ्याएको कुरा आफ्नो विवेकबाट आदेश गर्ने गर्छन्। कसैको भनसुनमा होइन। तपाईंहरूको कार्यालयबाट पनि विवादको विषयमा अरूले भनेको आधारमा निर्णय हुन्छ र ? अवश्य हुँदैन होला !" यो कुरा मैले भनेपछि मलाई गलाउन मन्त्रीले, "म अहिले नै प्रधानन्यायाधीशलाई फोनमा कुरा गरेर हिरासतमा लिइएका हत्याराहरूलाई अदालतमा उपस्थित नगराई आदेश गराउछु" भन्नेसम्मको धम्की र रवाफ देखाए। "तपाईंहरूले गर्न सक्ने काम गर्नुहोस् तर म कानूनमा चल्ने मानिस कानून बर्खिलाप काम गर्न असमर्थ छु" भन्दै त्यहाँबाट निस्किएँ।

मैले सम्झैं– यी मन्त्री वा अञ्चलाधीश जे बोल्छन् वा माथिका पदाधिकारीको धाक लगाउँछन् त्यो सबै अरूलाई देखाउन मात्र हो। प्रधानन्यायाधीशलाई भन्ने हिम्मत र ताकत हुँदैन। जिल्लान्यायाधीशको रूपमा कार्यरत मैले मन्त्री र अञ्चलाधीशको गैरकानूनी कुरालाई अस्वीकार गर्छु भने प्रधानन्यायाधीशलाई मौखिक भनेर कानून बर्खिलाप आदेश गराउन कदापि सम्भव हुँदैन भन्ने मैले राम्ररी बुझेको थिएँ।

आखिर केही नलागी दिउँसो अनुसन्धानमा लिइएका सबैलाई अदालतमा सशरीर उपस्थित गराए। अनुसन्धानमा न्यायिक हिरासतमा राख्ने अनुमतिको लागि डि.एस्.पी र सरकारी वकील आफैं उपस्थित भए। विजय गच्छदारलाई स्ट्रेचरमा ल्याइएको थियो। उनी गम्भीर घाइते थिए। पीडितहरूका कुरा र कानून व्यसायीका वहससमेत सुनेर मेरो इजलासले कानूनबमोजिम अनुसन्धान गर्ने प्रयोजनका लागि ती अभियुक्तलाई सात दिनसम्म हिरासतमा राख्न अनुमति प्रदानगऱ्यो। सरकारवादी हुने फौजदारी मुद्दामा सरकारी अधिकारीले हिरासतमा लिइएका अभियुक्तलाई बाटाको म्यादबाहेक चौबीस घण्टाभित्र अदालतको स्वीकृति लिनु अनिवार्य हुन्छ। अदालतले स्वीकृति नदिए हिरासतबाट छोडिदिनुपर्छ। कानूनमा भएको व्यवस्था यस्तै छ। मुद्दाको अनुसन्धान पूरा भएपछि आरोपीहरूलाई विद्यार्थी फणिन्द्र तिम्सिनाको हत्या गरेको आरोप लगाई मुद्दा दायर गरे।

कूननको उपदेश छ, "इज्जतका साथ रहनू, कसैको हानी नगर्नू र हरेकलाई कर्म अनुसारको फल दिनू"। निष्पक्ष न्याय पाउने प्रत्येक मानवको जन्मसिद्ध अधिकार हो। उसले कानूनबमोजिम न्याय पाउनुपर्छ। अन्यायबाट पिल्सिएकालाई अदालतबाट या न्यायमन्दिरबाट न्याय प्रदान गर्नुपर्छ, सत्तासीनको हस्तक्षेपबाट होइन। अदालतलाई कार्यपालिकाबाट स्वतन्त्र बनाउने श्री ३ जुद्धशमसेरले वि.सं. १९९७ सालमा प्रयास गरेका थिए। वि.सं. २००७ सालपछि प्रधानन्यायाधीश श्रीहरिप्रसादले यसको जग हाले। त्यसपछि आजसम्म न्यायकर्मीले स्वतन्त्र, निर्भीक भएर काम गरिरहेका छन्। जहाँ न्यायकर्मी निर्भीक एवम् स्वतन्त्र भएर काम गर्छन् ती देशमा न्यायालयको निष्पक्षता र स्वतत्रन्ताको सम्मान हुन्छ अनि नागरिकको हक-अधिकार सुनिश्चित पनि।

# मन्त्रीका चर्तिकला

"मुटुमाथि ढुङ्गा राखी हाँस्नुपऱ्या छ" – *गीतकार कालीप्रसाद रिजाल ।*

त्यहाँ कार्यरत रहँदाकै अवस्थाको अर्को घटना अद्यापि ताजै छ । पञ्चायतका अर्का मन्त्रीको चर्तिकलाको रोचक घटना उल्लेख गर्नु प्रासङ्गिक हुन्छ । नागरिकलाई कानून र न्यायअनुरूप चल्न प्रेरित गर्ने जिम्मेवारी पाएका कानून र न्याय मन्त्रीले आफ्ना वरपरका गम्भीर अपराधमा आरोपित मण्डलेलाई बचाउन गरेको हर्कतको दुर्दान्त दृष्टान्त । वि.सं.२०३८ सालको कुरा हो ताप्लेजुङ घर भएका विष्णु मादेन कानून र न्याय मन्त्रीमा नियुक्त भएका थिए । उनी राष्ट्रसेवकलाई आफ्नो घरको सेवकजस्तो व्यवहार गर्छन् भन्ने राष्ट्रसेवक वृत्तमा व्यापक चर्चा परिचर्चा हुने गर्थ्यो । उनको गृह जिल्लामा कार्यरत राष्ट्रसेवकहरू उनीबाट अत्यधिक पीडित हुने गर्थे रे । यस्तै अवस्थामा विराटनगरबाट ताप्लेजुङको लागि उडेको हवाईजहाज विमानस्थल नजिकै आँप बर्गैंचामा दुर्घटना भएर केही पदाधिकारी र पञ्चहरूको दुःखद् निधन भएको थियो । आफन्तको निधनमा शोक मनाउन आएका ती मन्त्रीलाई अदालतले खोजीनिति गर्नै पर्दैनथ्यो । केही मन्त्री जिल्लामा आउँछन्, जान्छन् अदालतको सरोकारको विषय पनि हुँदैन । स्थानीय सरकारी अतिथिगृहमा बसेका उनले एकछिन भेट्नुछ भनी मलाई लिन अञ्चल प्रशासनका एक सरकारी अधिकृतलाई गाडीसहित पठाएका रहेछन् ।

पहिले पनि मन्त्रीका कुरा अस्वीकार गरी बसेको हुनाले सशङ्कित हुँदै उनलाई भेटन गएँ । उनी ८/१० जना व्यक्तिलाई वरिपरि राखी मेरो प्रतीक्षामा रहेछन् । म पुग्नासाथ, "काठमाडौँबाट आफ्नो तालुक मन्त्री आउँदा पनि न्यायाधीशले खोजखबर नगर्ने कस्तो चलन ?" भल्दै आफ्नो हैसियत ती व्यक्तिहरूलाई देखाउने ध्येयले बोले । त्यो कुरालाई मैले फिस्स हाँसेर टारैं । मन्त्री आउँदा वा जाँदा अदालतका न्यायाधीशले खोज खबर गर्नु हुँदैहुदैन । मन्त्रीसँगको सम्पर्कले न्यायिक स्वतन्त्रता, निष्पक्षता र न्याय-सम्पादनमा नै गम्भीर दुष्प्रभाव पर्छ । यो कुरा मलाई राम्ररी थाहा थियो । म न्यायिक आचरणमा दृढ थिएँ । पछि बडो रोबका साथ आफ्ना वरिपरि रहेका आठ-दश जनालाई देखाउँदै, "यी सबै मेरा खास मानिस हुन् । तपाईंलाई यसैका लागि बोलाएको हो । यिनीहरूलाई ज्यान र डाका मुद्दा लगाएको छ । यिनीहरू सबै निर्दोष छन् । यिनीहरू आज अदालतमा उपस्थित हुन आउँछन् । सबैको बयान गराएर आजै सबैलाई सफाइ दिएर फैसला गरिदिनुहोस्", भन्दै आदेशात्मक शैलीमा सिफारिस गर्ने धृष्टता देखाए ।

उनको कुरा सुनेर म चकित भएँ। आफ्ना नितान्त व्यक्तिगत स्वार्थले भनेका थिए उनले। अदालतले प्रमाण परीक्षण गरेर दिने फैसलासरह उनी अतिथिगृहमा बसेर तोक बोल्छन्। उनले भनेका कुरा कुनै पनि न्यायकर्ताबाट हुनसक्ने कुरै थिएन। कानूनले अदालतको कार्य प्रक्रिया र पद्धति निर्धारण गरेको हुन्छ। कसैको आदेश वा लहडमा होइन, विधि र पद्धतिमा अदालत चल्छ। मन्त्रीले भन्नासाथ गर्ने र हुने कुरा पनि होइन। तथापि मैले नम्र स्वरमा भनैं, "अदालतका सबै काम कार्यवाही कानूनबमोजिम नै हुन्छ। मन्त्रीज्यूलाई थाहा छँदै छ," भन्दै पन्छिएँ।

वास्तवमा मन्त्रीले बोलाएको भन्दैमा न्यायाधीशले जानु पनि हुँदैन तर पञ्चायती व्यवस्थामा न्यायाधीशको परपजनी गर्ने अधिकार पाएका मन्त्री बलिया थिए। जानु बाध्यता थियो। गए पनि मन्त्रीका सिफारिसअनुसार कहिल्यै काम गरिएन। अदालती प्रक्रिया, विधि र पद्धतिबारेमा जानकारी राख्नु र न्यायमूर्तिलाई के भन्न हुन्छ के भन्नु वा गर्नुहुँदैन, यसको जानकारी हुँनु वा राख्नु मन्त्रीको कर्तव्य थियो तर उनी कर्तव्यभन्दा पनि आफ्ना हितप्रति दत्तचित्त रहन्थे। पदासीन हुनसाथ आफूलाई सर्वेसर्वा ठान्थे। राज गर्न आएको देखाँउथे। (*"जीवनका पाइलाहरू"* लेखक स्वयम्।)

## न्याय-सम्पादनमा स्वतन्त्रता

पञ्चायतकालीन शासन व्यवस्थामा अदालतबाट हुने न्याय-सम्पादनमा यस प्रकारका मण्डले पञ्चबाहेक अन्यत्र कतैबाट पनि हस्तक्षेप हुँदैनथ्यो। अदालतका सबै तहमा भनसुन हुने अवस्थै थिएन। मण्डले प्रवृत्तिका कानून मन्त्रीले सिफारिस गर्ने दुष्प्रयास वा धृष्टता गरे पनि उनीहरूको भनसुन वा प्रभावमा कहिल्यै परिएन, अदालतको स्वतन्त्रता र निस्पक्षतामा सम्झौता गरिएन। निष्पक्ष न्याय-सम्पादनमा अविचलित रहियो।

मन्त्रीले भनेका मानिसहरू अदालतमा उपस्थित भए। मेरो इजलासमा सबैको बयान गराइयो । उनीहरू विरूद्ध ज्यान र डाका चोरीको गम्भीर अभियोग थियो। उनीहरूका विरूद्ध गढाऊ प्रमाण थिए। सबैको बयानपछि सरकारी वकील र उनीहरूका वकीलको वहससमेत सुनी सबैलाई पुर्पक्षका लाथि थुनामा राख्ने आदेश गरैं। उनीहरू सबै पुर्पक्षका लागि थुनामा परे।

व्यासले भनेका छन्, "मुद्दा प्रमाण र साक्षीका आधारमा निर्णय गर्नुपर्छ। त्यसमा पक्ष-विपक्षका अभिकथन पनि आधार हुन्छन्" । विद्वान् भर्तृहरिको अभिमत छ, "**न्यायात् पथ प्रविचलन्ति पदम् न धीराः**" विद्वान्हरू न्यायको बाटो छोड्दैनन् । न्यायकर्मीले प्रमाणबाट न्यायिक निर्णय गर्नुपर्ने हुनाले प्रमाणले जे भन्यो त्यही गरियो। मन्त्रीको सिफारिस पछि लागिएन । मेरो यस आदेशले मन्त्री रिसाए। अञ्चलाधीशलाई पनि सो कुरा भनेछन् । "यो न्यायाधीश अटेरी रहेछ । काठमाडौँ गएर यसलाई सेवाबाटै खोस्ने । प्रधानन्यायाधीशले नमाने जुम्लाको सरकारी वकीलमा धपाउने र आफ्नो मन परेको न्यायाधीशलाई विराटनगरमा पठाउने, यति कुरा पनि नमाने न्यायसेवा आयोगको बैठकमा नै नजाने" सल्लाह गरेछन् । यसरी सङ्गठित रूपमा संवैधानिक पदाधिकारीहरूले नै संविधान र कानूनको उल्लङ्घन गर्ने योजना बुनेछन् । अञ्चलाधीश पहिलेदेखि नै मेरो प्रतिकूल छँदै थिए। उनले पनि बढाइ-चढाई गरी मन्त्रीलाई उकासेछन् । मेरोविरुद्ध नानाभाँती नभएका व्यहोरा लेखेर श्री ५ मा जाहेर गर्ने जाहेरी उनले आफ्नो नाताको सैनिक सचिवमार्फत पठाएको पनि मैले समयमा नै थाहा पाएको थिएँ । जनमत सङ्कलनको परिणाम प्राप्त भएपछि केही राष्ट्रसेवकलाई यसरी नै अवकाश दिलाउन उनीसहित केही प्रशासक लागेकै थिए। त्यसैको अनुकरण गरेका थिए ।

महाकवि लक्ष्मीप्रसाद देवकोटाको "प्रभुजी मलाई भेडो बनाऊ" कविता सम्झन्छु। कत्रो व्यङ्ग्य ? म भेडो हुन सकिनँ। यी माथि भनिनेहरूको कुदृष्टि ममा पर्ने निश्चित भए पनि मेरो मनले हरेस खाएन। म कानूनप्रति प्रतिबद्ध थिएँ, छु, रहनेछु भन्ने विश्वास बोकेको थिएँ। निर्भीक, निष्पक्ष र स्वतन्त्र न्यायाधीश हुनुपर्ने सिद्धान्तमा विश्वस्त थिएँ। म आफ्नो व्यवहारमा कटिबद्ध थिएँ। सबै जिल्ला अदालतमा पर्न आउने मुद्दाहरूको प्रकृति प्रायः उस्तै हुन्छ। स्थानविशेषका कारण केही प्रकृति भिन्न पनि हुन सक्छन् । सङ्ख्यामा घटबढ हुनु पनि स्वाभाविकै हो ।

मोरङ जिल्ला अदालत मुद्दा धेरै पर्ने जिल्ला अदालतमध्येमा पर्छ। मुद्दा धेरै हुँदा फछ्र्यौट गर्न धेरै नै मेहनत पनि गर्नुपर्छ। धेरै देवानी र फैजादारी विवादहरूको न्याय-निरूपण गर्नै । सो क्रममा एउटा ज्यानसम्बन्धी मुद्दा पेश भएको थियो । विराटनगर बजारको मारवाडी दम्पतिउपर आफ्नै दोकानको एउटा सहयोगी युवकलाई हत्या गरेको आरोपमा जघन्य ज्यान मुद्दा लागेको रहेछ। उनीहरू थुनामा थिए। बहुचर्चित मुद्दा रहेछ। निजहरूलाई बचाउन मारवाडी सम्प्रदायले अथक प्रयास गरेको रहेछ। पेशीको दिनमा भएभरका वकील राखेर बहस गराएका

थिए तर प्रमाणका आधारमा उनीहरूलाई सर्वस्वसहित जन्मकैद हुने फैसला मेरो इजलासबाट भयो । मारवाडी सम्प्रदायको चर्चित मुद्दा भएका कारण स्थानीय पत्र-पत्रिकाले सही इन्साफ भएको भन्ने व्यहोराका समाचार पनि छापे । त्यो मुद्दा क्षेत्रीय हुँदै सर्वोच्च अदालतमा पुग्दा पनि सदर भएछ । तत्कालिक न्यायिक समितिमार्फत् विशेष जाहेरी विभाग राजदरबारमा मुद्दा दोहोऱ्याउन प्रयास गर्दा पनि दोहोरिने निस्सा भएनछ । यस्ता कतिपय बहुचर्चित मुद्दाको विवादमा न्यायनिरूपण गरेका कारण स्थानीयमा मात्र होइन, सर्वोच्च अदालतसम्ममा पनि मप्रति सकारात्मक प्रभाव परेछ । नेपालका शक्ति र पहुँच भएका कतिपय व्यक्तिहरूले विचाराधीन विवादहरूमा आफ्नो अनुकूल परिणामको लागि सिफारिस गरेका दुष्प्रयासलाई पनि बेवास्ता गरेर निष्पक्ष, निर्भीक एवम् स्वतन्त्र भएर न्याय-निरूपण गर्न सक्रिय रहैं ।

## टक्करबाट तक्मा

मन्त्रीको दबदबा र अञ्चलाधीशले मप्रति गरेको दुर्व्यवहारको निगरानी सर्वोच्च अदालत एवम् राजदरबारको विशेष जाहेरी विभागले गरेको कारण राजाको जन्मोत्सवका दिन मेरो कामको मूल्याङ्कन भएर **प्रबल गोरखा दक्षिण बाहु** मानपदवीबाट विभूषित भएँ । त्यो घटनाको केही दिनपश्चात् मन्त्री विष्णु मादेन र अञ्चलाधीश ललितबहादुर बम आ-आफ्ना पदबाट खोसिए । खोसिएका अञ्चलाधीश केही अवधिपछि म भैरहवाको जिल्ला न्यायाधीश भएर गएपछि जिल्ला कार्यालयको परिसरमा भेटिए । उनीसँग जम्काभेट हुनासाथ उनले मलाई श्री ५ बाट **गोरखा दक्षिण बाहु** विभूषणबाट विभूषित भएकोमा बधाई दिए । मैले उनलाई "यो सबै तपाईंको जाहेरीको प्रतिफल हो" भन्दा उनी नीलो-कालो भएका थिए । उनले ती मन्त्रीसँग सल्लाह गरेर मेराविरूद्ध काल्पनिक कथा जोडी उनैको नातेदार दरबारका सैनिक सचिवमार्फत श्री ५ मा जाहेर हुने गरी जाहेरी दिएको मैले समयमा नै थाहा पाएकै थिएँ ।

पञ्चायती व्यवस्थामा पनि केही मन्त्री वा अञ्चलाधीश जसले पनि अदालतलाई आफ्नो अनुकूल पार्न प्रयास गर्थे । कानून नछोड्ने र अदालतको मर्यादामा बस्नेलाई नानाभाँतीका काल्पनिक उजुर गराएर वा आफूले आफ्नोअनुकूल दरबारमा जाहेरी गरेर त्यस्ता राष्ट्रसेवकको सेवा समाप्त गर्ने प्रयास गर्थे । यस्ता व्यवहार जनमत-सङ्ग्रहमा संलग्न जिल्ला न्यायाधीश र अन्य अधिकृतहरूलाई

पनि पञ्चायतइतर पक्षमा लागेको भन्ने दोषारोपण गरेर सेवाबाट बर्खास्त गरिएका घटना ताजै थिए। मैले निष्पक्ष भएर न्याय-सम्पादन गरे पनि मेरोविरुद्ध कोशीका अञ्चलाधीशले स्वयम् राजदरबारमा आफ्ना नातेदार सैनिक सचिवमार्फत मलाई बर्खास्त गर्न जाहेर गरेका रहेछन्। दरबारमा यस्ता जाहेरी आए पनि छानविन गरेर सत्यतथ्य पत्ता लगाई दण्ड पुरस्कार दिने व्यवस्थाअनुसार म पुरस्कृत गरिएँ। अन्याय गर्ने व्यक्ति जतिसुकै ठूलो ओहोदामा भए पनि सत्य चिरकालसम्म रहिरहँदो रहेछ। प्रकृतिको नियम छ- जूनले उज्यालो छर्न छाडदैन। मैनवत्तीले प्रकाश रोक्तैन। पारिजातले आफ्नो सुवास छेक्तैन। अहिले गायिका अन्जु पन्तले गाएको, "चोट खाँदा खाँदा मुटु अचानैसरि भो" गीत सम्झन्छु।

म्याग्नाकार्टाको यो वाक्य, "अधिकार र न्याय हामी कसैलाई बेच्ने छैनौं, कसैलाई इन्कार गर्ने छैनौं, कसैलाई ढिलाई गर्ने छैनौं" यो दिव्य उक्तिले न्यायकर्मीलाई मार्गदर्शन गरिरहन्छ।

निर्भीक, निष्पक्ष र स्वतन्त्र भएर न्याय-सम्पादन गर्ने दीक्षा पाएका न्यायाधीशले कसैको प्रभावमा काम गर्दैन। कसैको प्रभावमा काम गर्नु भनेको न्याय मास्नु र बेच्नु हो। जसले स्वतन्त्र, निष्पक्ष र निर्भीक भएर कानूनअनुसार आफ्नो आत्मालाई साक्षी राखेर विवेकसम्मत तरिकाले न्याय-सम्पादन गर्न सक्तछ ऊ मात्र न्यायासनमा बस्न योग्य हुन्छ। त्यसैले न्यायाधीशलाई न्यायमूर्ति भनिन्छ। न्याय-सम्पादन गर्दा आइपर्ने बाधा-अवरोधसँग मुकाविला गर्न हिम्मत राख्नुपर्छ। सदैव कानून पालना गर्छु भनी शपथ लिएपछि आफ्नो कर्तव्यबाट विचलित हुनुहुँदैन। न्यायासनमा बस्ने सबैको लागि यो मूलमन्त्र हो।

"आँतले नहाँसे पनि दाँतले हाँस्नुपर्छ। मनले बहिस्कार गरे पनि हातले नमस्कार गर्नुपर्छ" नोकरी गर्नेले भीमनिधि तिवारीका यी शब्द स्मरण पनि गर्नुपर्ने रहेछ। मन्त्रीले आफ्नो करामत देखाए मिति २०३९। ३।१ मा । मेरो रूपन्देही जिल्ला अदालत भैरहवामा सरुवा भयो। त्यहाँ दुई जना न्यायाधीशको दरबन्दी थियो। केही अवधिपछि अतिरिक्त जिल्ला न्यायाधीशको रूपमा श्री अलिअकवर मिकरानी आउनुभयो। उहाँ मिलनसार हुनुहुँदो रहेछ।

न्यायको आसनमा बसेर कहिले पनि गैरकानूनी काम गरिएन। न्यायको विचलन गरिएन। मन्त्री असन्तुष्ट भएर मजस्ता व्यक्तिलाई दुःख होला तर न्याय गर्नेले नै अन्याय गरे वा न्यायको सट्टा अन्याय भयो भने न्याय खोज्न कहाँ जाने ? न्यायाधीशले अन्यायको विरुद्ध न्यायको याचनाका लागि दुःख-पीडा

बोकेर आएका न्यायका उपभोक्ताप्रति जबाफदेही  हुनै पर्छ। नत्र न्यायाधीश हुन किन जानु ?।

प्रजातान्त्रिक मुलुकका न्याय-प्रशासनका आवश्यक तत्त्व हुन्ः स्वतन्त्र न्यापालिका, स्वतन्त्र, स्वच्छ, सक्षम एवम् निर्भीक न्यायकर्मी, उपयुक्त कार्यविधि, पर्याप्त समसामयिक कानून, सक्षम कानूनव्यवसायी। यी तत्त्वको अभावमा न्याय-प्रशासन सक्षम र जनउत्तरदायी हुन सक्तैन तर पञ्चायतका कुनै मण्डले प्रकृतिका मन्त्री स्वतन्त्र अदालत र सक्षम न्यायकर्मी चाहँदैनथे। त्यसैले मसँग असन्तुष्ट भएका मन्त्रीले मेरो रूपन्देही भैरहवामा सरुवा गरे।  *("जीवनका पाइलाहरू"* लेखक स्वयम्।)

## बुद्धको जन्मस्थलमा रमाउँदा

रूपन्देही जिल्लाको सदरमुकाम भैरहवा हो। यही जिल्लाअन्तर्गत लुम्बिनी उपवनमा कपिलवस्तुकी रानी मायादेवीले बुद्धलाई जन्म दिएकी हुनाले यो स्थल बुद्धको जन्मभूमि हो। कपलिवस्तुका राजा शुद्धोदन र मायादेवीका पुत्रको रूपमा जन्मिएका बुद्धले नेपालको गौरव राखेको ऐतिहासिक स्थल पनि हो। बुद्धको जन्म इसा पूर्व ५४४ वर्ष अघि (ई.सन् २०२५ मा २५६९औँ जयन्ती मनाएको)भएको इतिहास छ। उनको बाल्यकालको नाम "सिद्धार्थ" हो। तपस्याबाट ज्ञान प्राप्त भएपछि बुद्धको नामबाट प्रसिद्धि भएको हो। बुद्धको ज्ञान, प्रवचन, उपदेश, त्याग र आदर्शले उनलाई भगवान् विष्णुको रूपमा पूजिएको छ। त्यसैले बुद्धलाई भगवान् विष्णुको नवौँ अवतार पनि मानिन्छ। बुद्ध धर्माबलम्बीहरू ॐकार परिवारअन्तर्गत पर्छन्। ॐकार परिवारमा सामेल सबै हिन्दू हुन्।

बुद्धको जन्मस्थल लुम्बिनीलाई सम्राट अशोकले चिनाए भने संयुक्त राष्ट्र-सङ्घका तत्कालिक महासचिव उथान्तले विश्वमा फैलाए। ईसापूर्व २४९ मा सम्राट अशोक लुम्बिनीमा आएपछि उनले बुद्धको जन्मस्थल पत्ता लगाएको मानिन्छ। तीर्थयात्रीको रूपमा आएका उनले आफ्नो यात्रा र संस्मरणलाई चिरस्थायी बनाउन ढुङ्गाको स्तम्भमा बुद्धको जन्मस्थल बारेको यथार्थ विवरण सार्वजनिक गरे। चालीस फिट अग्लो अशोक स्तम्भ त्यतिबेला बनाइएकोमा पछि टुप्पो भाँचिएपछि तीस फिट साढे दश इन्च बाँकी रहेको छ। स्तम्भमा सम्राट अशोकले आफू लुम्बिनीमा पुगेको तथ्य कालान्तरसम्म रहिरहने र यहाँ शाक्यमुनि

बुद्धको जन्म भएको व्यहोरा उल्लेख गरेका छन् । सन् १९६७ मा उथान्त लुम्बिनी आएका थिए ।

जापानी प्रो. टाङ्गेले लुम्बिनीको गुरुयोजना बनाएअनुसार यहाँ बुद्ध भगवान्का विविध दृश्य झलक झल्कने स्थायी संरचना निर्माण भइरहेका रहेछन् । बुद्ध धर्मावलम्बी कम्बोडिया, थाईल्याण्ड, चीन, जापान, जर्मनी, फ्रान्सलगायत धेरै मुलुकहरूले विश्वको शान्ति सन्देश फैलाउने बुद्धका सुन्दर एवम् कलात्मक शैलीमा गुम्बा बनाउँदै रहेछन् । बुद्धसम्बन्धी झलकहरू प्रस्तुत गर्ने गरी निर्माणमा संलग्न रहेछन् । लुम्बिनी भ्रमण गर्नेहरूको यहाँ घुँइचो लाग्दोरहेछ । अन्य धर्मावलम्बीहरू पनि त्यहाँ भ्रमण गर्न रुचाउँदारहेछन् । विश्वमा पैँतीस करोडभन्दा बढी बुद्ध धर्माबलम्बी रहेका छन् । सबैको तीर्थस्थल लुम्बिनी नै हो ।

म रूपन्देही अदालतमा हाजिर भएपछि वि.सं. २०३८ साल असार महिनामा लुम्बिनीमा बुद्धको दर्शन गर्न गएँ । शदियौँ वर्षदेखिको पिपलको फेदमा मायादेवी र बुद्धका अनुकृतिहरू राखिएको रहेछ । यही पीपलको हाँगो समाएर बुद्धलाई मायादेवीले जन्मदिएको भनी सुनाएको कथा अहिलेसम्म मेरो मनमा ताजै छ । मायादेवी आफ्नो घर तौलिहवाबाट माइत परासी रामग्राम जाने क्रममा प्रसव व्यथा लागेर लुम्बिनीमा बुद्धलाई जन्मदिएको कथा छ । पछि म बुटवल पुनरावेदनमा मुख्य न्यायाधीशको रूपमा कार्यरत रहँदाको अवस्थामा विसं. २०५९ फागुनमा दर्शन गर्न जाँदा त्यो पीपलको बोट काटेर विशाल मन्दिर बनाइएको रहेछ । विभिन्न मुलुकहरूले निर्माण शुरू गरेका गुम्बाहरू निर्माण भएछन् । त्यहाँ स्थानीय केही व्यक्तिको भनाइ थियो, "त्यो पिपलको बोट काटिएपछि त्यसका काठपात पनि भगवान् बुद्धको प्रसाद मानी जापानी तीर्थयात्रीहरूले लाने गर्थे ।"

## न्याय-सम्पादन गर्दाको अनुभूति

प्रत्येक जिल्लामा मुद्दाको स्थिति केही फरक हुन्छ । विराटनगरभन्दा रूपन्देही भैरहवाको वातावरण केही भिन्न रहेछ । अदालत भवन नै भाडाको घरमा र बजार लाग्ने स्थानमा रहेछ । यसले गर्दा शान्त वातावरणमा न्याय-सम्पादन गर्ने कार्यमा बजारको माहोलले केही अवरोध सिर्जना हुने नै भयो । म त्यहाँ जानुपूर्व नै प्रधानन्यायाधीशले मलाई साबिकमा अदालत, माल र आकाशवाणी संयुक्त रूपमा बसेको जीर्ण भवन खाली गराएर मर्मत गरी अदालत सार्न निर्देशन दिनुभएको थियो ।

साबिकमा एक तले त्यो भवनमा इलाका अदालत, माल, वन र आकाशवाणीका कार्यालय एक-एक कोठामा बसेर काम चलाएको इतिहास थियो । दक्षिण पट्टिको लामो भागमा मात्र अदालत थियो । त्यहाँ दुई कोठा थिए । एउटामा इजलास र अर्को ठूलो कोठामा सबै कर्मचारी र फाँट वा शाखा राखेर काम चलाएका थिए । पछि त्यो भवन अपर्याप्त हुँदा जिल्ला कार्यालयदेखि दक्षिणतिर सानो घरमा भाडामा अदालत चलाइएको रहेछ । म गएपछि पनि त्यही भाडाको घरमा केही अवधि अदालत रहेको थियो । मैले त्यहीँ बहाली गरेको थिएँ । मैले उहाँको सल्लाहअनुसार अञ्चलाधीश श्री काजीमान कङ्वालाई त्यो भवनबाट मालपोतका सामान हटाउन र त्यो भागसमेत अदालतलाई हस्तान्तरण गर्ने व्यवस्था मिलाइदिन आग्रह गरेको थिएँ । पछि सबैको सल्लाहबाट मालपोत कार्यालयका प्रमुख श्री नरबहादुर ठकुराठीले "लिखित कागजविना नै सर्नुहुन्छ भने मालपोतका कागज हटाइदिन्छु र खाली गरिदिन्छु । लेखेर मैले दिन अधिकार छैन" भन्ने कुरा गरे । व्यक्तिगत रूपमा मेरो उनीसँग मित्रता थियो । उनको शर्त स्वीकारी खाली गराई मर्मत गरेर त्यो भवनमा मैले वि.सं. २०३९ सालमा नै अदालत सारेँ । अदालत अब आफ्नै भवनमा सऱ्यो ।

स्थान विशेषअनुसार मुद्दाका रूपमा पनि केही भिन्नता हुन्छन् । म पुग्दा पुराना मुद्दाहरू धेरै रहेछन् । धेरै वर्षदेखिका मुद्दा निरूपण नहुनाले मुद्दाका पक्षहरू पीडित थिए । कहिले निरूपण हुन्छ भनेर इजलासमा आग्रह गर्थे । मैले सबै मुद्दाको अभिलेख हेरेर पुरानालाई विशेष प्राथमिकतामा राखेर छिनोफानो गर्ने गरी व्यवस्थित गरेँ । पहिले एक मात्र जिल्ला न्यायाधीश रहेकोमा पछि अर्को जिल्ला न्यायाधीश आएपछि नयाँ पुराना सबै प्रकृतिका मुद्दाहरू क्रमशः घटाउँदै लगियो ।

जिल्लामा कार्य गर्दाका केही स्मृतिहरू सम्झनामा आउँछन् । जिल्ला न्यायाधीशको आवास भवन जिल्ला प्रहरी कार्यालय भवनसँग जोडिएको थियो । त्यहाँ कार्यरत रहेकै समयमा एक दिन बिहानै न्यायाधीशको आवासको छेउमा अवस्थित जिल्ला प्रहरी कार्यालयबाट ठूलो आवाज सुनियो । आवासको बरण्डाबाट हेर्दा एउटा व्यक्तिले रगताम्य खुकुरी लिएर प्रहरी कार्यालयमा गएर "मैले स्वास्नीलाई कार्टें" भन्दै गरेको सुनें । नभन्दै दिउँसो एउटा व्यक्तिलाई पत्नी हत्याको ज्यान मुद्दामा हिरासतमा राख्ने अनुमति मागेको सरकारी वकील र प्रहरी अधिकारीको प्रतिवेदन पेश भयो । हिरासतमा लिइएको व्यक्ति भारतीय सेनामा कार्यरत लाहुरे रहेछन् । धेरै दिनपछि बिदामा आएको निजले श्रीमतीले परपुरुषसँग वार्तालाप

गरेको देखे छन् । यत्तिकैमा परपुरुषसँग लागेको आशङ्का गरी बिहान तुलसाको मठमा पूजा गर्दै गरेको अवस्थामा श्रीमतीको गर्धन खुकुरीले छपक्कै छिनाइ रक्ताम्य खुकुरीसहित स्वयम् प्रहरीमा हाजिर भएका रहेछन् । हत्या गरेको स्वीकारी मौकामा साबिती बयान कागज गरेको रहेछ । रक्ताम्य खुकुरीसहित रगतमा डुबेको अवस्थामा मृत पत्नी घटनास्थलमा लडेको मौका घटनास्थलको मुचुल्कासहित पेश भएको रहेछ । निजलाई थप अनुसन्धान गर्न म्याद मागेको प्रहरी र सरकारी वकीलको प्रतिवेदन इजलासमा पेश भयो । निज अभियुक्तसँग सामान्य सोधपूछ गरी थप अनुसन्धान प्रयोजनका लागि हिरासतमा राख्ने अनुमति दिने आदेश गरेँ । मुद्दाको अनुसन्धान पूरा भई अदालतमा मुद्दा पेश भएपछि बयान गर्दा पनि "धेरै दिनपछि नोकरीबाट बिदामा आएको मलाई वास्ता नगरी अर्को पुरुषसँग वार्ता गरेको हुनाले ऊ निजसँगै बसेको विश्वासले रिस उठी खुकुरीले निजको गर्धन छिनाइ हत्या गरेको हो" भन्दै साबिती बयान दिएको थियो । पछि मेरो इजलासबाट मुद्दा किनारा हुँदा पत्नी हत्याको कसूरमा निजलाई सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर भयो । आशङ्काकै निहुँमा घर-व्यवहार चलाउने पत्नीलाई पतिले जघन्य हत्या गरेको दुर्दान्त घटना थियो । पत्नी परपुरुषसँग बोलेको र हाँसेको देख्ता पुरुषलाई बढी छटपटि हुने, शङ्का गर्ने र मन नपराउने अनि आफैँले कानून हातमा लिई पत्नीलाई जे पनि गर्न पाउने पितृसत्तात्मक सोचको परिणाम थियो यो घटना ।

रिसइवी वा आवेशप्रेरित हत्यासम्बन्धी धेरै ज्यान मुद्दाहरूको निरूपण मेरो इजलासबाट भएका थिए तर परपुरुषसँग वार्तालाप गरेकै निहुँमा पूजा ध्यानमा व्यस्त विवाहिता पत्नीको खुकुरीले गर्धन छिनाइ हृदयबिदारक जघन्य हत्या गरेको पहिलो ज्यान मुद्दा थियो । पत्नीको पनि निजी जीवन र आत्मनिर्णय गर्ने अधिकार हुन्छ । परपुरुषसँग सामान्य वार्तालाप गर्दा नै परपुरुषसँग बसेको भनी बात लगाउने निकृष्ट मर्दवादी सोच थियो । यस प्रकारको निम्न सोच राख्ने र परपुरुषसँग सामान्य वार्तालाप गर्ने कार्य पनि अस्वीकार गर्ने स्त्रीद्वेषी पुरुषप्रधान समाजमा हुर्के-बढेका पुरुष पत्नीलाई आफ्नो यौनदासी र चलवस्तुसरह मार्ने फाल्ने एकलौटी अधिकार हुन्छ भन्ने विचारले ग्रस्त हुँदोरहेछ । यो घटना पनि त्यसकै रूप हो भन्ने सम्झैँ ।

मानिस मारिएका धेरै ज्यान मुद्दा फैसला गरेका सम्झनाहरू मनमा ताजै छन् । भैरहवामा कार्यरत हुँदा ज्यान मुद्दाका घटनाहरूमध्ये बहुचर्चित अर्को एक मुद्दाको प्रसङ्ग थियो । जग्गाको साँध-सिमाना जोडिएका दुई पक्षबीचको घटना हो । दुबै पक्ष बन्दूक लिएर एक-अर्कोलाई प्रहार गर्न तम्सिएको अवस्थामा तटस्थ शास्त्रीबाबा नामक व्यक्ति दुबै पक्षलाई विवाद नगर्न र आपसमा मिल्न आलोपालो

दुबै पक्षको छेउमा गएर करजोडी आग्रह गर्दागर्दैको अवस्थामा दुबै पक्षले एक-अर्कालाई ताकी गोली प्रहार गर्दा गोली लागी बाबा ठहरै भएका रहेछन् । त्यस्ता जघन्य हत्याका विवादहरू पनि निरूपण गर्नुपरेको थियो । यस प्रकृतिका अनेक हत्याका विवादहरू स्मृतिमा अद्यापि बसेका छन् ।

## निर्वाचनको अर्को दायित्व

म हाजिर भएको केही दिनमा राष्ट्रिय पञ्चायतमा रूपन्देही जिल्लाबाट निर्वाचित सदस्य डा.के. आई सिंहको देहावसान भएको थियो । उनी नेपालको प्रधानमन्त्री भएर अलग इतिहास कायम गरेका व्यक्ति थिए । उनले अरूसँग विचार नमिल्दा सिंहदरबार कब्जा गर्ने प्रयास पनि गरेका थिए । उनी स्वयम् चीनमा गएर निर्वासित जीवन कटाइरहेका थिए । पछि राजा श्री ५ महेन्द्रसँग मेलमिलाप गरी नेपाल फर्किएका थिए । वि.सं. २०१४ सालमा नेपालको प्रधानमन्त्री भएका उनको जस्तो व्यक्तित्व अरू कसैको थिएन । उनको निधनपछि रूपन्देही जिल्लामा पनि मलाई निर्वाचन अधिकृत भएर उप-निर्वाचन गराउने अभिभारा आइलाग्यो । मैले शान्तिपूर्वक निर्वाचन सुसम्पन्न गराएँ । विराटनगरमा एउटा मतपत्रबाट दुई स्थानको निर्वाचन हुने अवस्था रहेकोमा यहाँ एउटै स्थान भएकाले मतपत्र गणना गर्न धेरै समय लागेन । उप-निर्वाचनमा त्रिवेणी कुर्मी विजयी भए । काशीप्रसाद श्रीवास्तव हारे । वि.सं. २०१५ सालमा दुबै जना एउटै पार्टीका कार्यकर्ता थिए ।

## महिला अस्मिताको दर्दनाक कथा-व्यथा

महिला अस्मितासम्बन्धी विवादहरू अदालतमा परिरहन्छन् । यौन-हिंसाविरूद्ध हुने यस्ता अपराधलाई गम्भीरताका साथ हेर्नुपर्ने हुन्छ । न्यायाधीशले यस्ता गम्भीर अपराधमा प्रचलित कानून, नजीर, व्यवहारजस्ता कुराको आधारमा आफ्नो विवेकसमेत प्रयोग गरी न्याय-निरूपण गर्नुपर्ने दायित्व हुन्छ । मैले दोलखा, बारा, मोरङमासमेत यस्ता धेरै विवादहरू निरूपण गरेको थिएँ तर रूपन्देही जिल्ला अदालतमा कार्यरत रहँदा महिलाको अस्मितासम्बन्धी एउटा दर्दनाक प्रसङ्ग जोडिएको मुद्दा पेश भएको थियो ।

मुद्दा थियो लुम्बिनी क्षेत्रकी नाबालिका किशोरीलाई छिमेकी विधर्मी किशोरले बलात्कार गरेको घटनाको । प्रमाण बुझ्ने क्रममा धेरै पटक तरताकेता भएपछि बल्लतल्ल जाहेरकर्त्री आमालाई सरकारी वकीलमार्फत् प्रहरीले उपस्थित गराएको थियो । यौन-हिंसाजस्ता फैज्दारी मुद्दामा सरकारी वकीलमार्फत पीडितलाई उपस्थित गराउनुपर्ने दायित्व प्रहरीको हुन्छ । जो पीडित हो उनको शारीरिक परीक्षण र मौकामा भए गरेका घटनाको सत्य-तथ्य प्रमाणित गर्ने मुख्य अभिभारा भएकी बलात्कृत पीडितलाई सरकारी पक्षले उपस्थित गराउनुपर्नेमा निजलाई उपस्थित नै गराउन सकेन ।

जाहेरीकर्त्री आमाले भने अदालतमा उपस्थित भएर बकपत्र गर्दै बलात्कारको घटना, मौकामा गरिएका कागत, स्वास्थ्य परीक्षण प्रतिवेदन सबैलाई झुठा नामकरण गरिन् । छोरीलाई सामान्य कुटपीट गरेको घटनालाई बलात्कारको मुद्दा लगाएको भन्दै सरकारी पक्षको दाबीलाई कपोकल्पित र भ्रमित हो भन्दै अस्वीकार गरिन् । सरकारी पक्षको प्रश्नमा उनी आक्रोशित र त्रस्त पनि देखिन्थिन् । मैले इजलासबाट निशङ्कोच यथार्थ कुरा निर्भीक भएर लेखाउन आग्रह गर्दा पनि उनी आफ्ना भनाइमा दृढ थिइन् तर उनको शारीरिक भाषाले सबै सत्य कुरा प्रकाशमा नल्याएको र लुकाएको भान पर्थ्यो । उनको शारीरिक एवम् मानसिक अवस्था उद्विग्न थियो । उनी हतास मनस्थिति र भयभीत मुद्रामा थिइन् । यसले म चकित थिएँ ।

उनको बकपत्र समाप्त भएपछि उनले मेरो कार्यकक्षमा आएर केही कुरा निवेदन गर्न पाऊँ भन्दै आग्रह गरिन् । मैले उनलाई आफ्नो वकीलसहित आउन भनैं । साथै सरकारी वकील, प्रतिवादीको वकील र अदालतका सुब्बालाई पनि कार्यकक्षमा राखेर मात्र उनको कुरा सुनैं । मुद्दाको प्रसङ्गमा उनलाई मैले प्रश्न सोधैं, "मुद्दाका कागजहरू हेर्दा तपाईंकी छोरीलाई यौन उत्पीडन (बलात्कार) भएको भन्ने देखिन्छ । तपाईंले जाहेरी, स्वास्थ्य परीक्षण प्रतिवेदनलगायत सबै कुरा झूटा हुन् भनी बकपत्र गर्नुभयो । छोरीलाई भएको यस्तो गम्भीर बलात्कार जस्तो हिंसाको यातनालाई स्वयम् तपाईं आमाले अनुभूति गरेर घटनाको यथार्थ तथ्य कुरा लेखाउनुको सट्टा घटना नै भएको होइन भनी इन्कारी बकपत्र गर्नुभयो । आफैंले दिएको जाहेरी र स्वास्थ्य परीक्षणलाई पनि झुटा नामकरण गर्नुभयो । यसले तपाईंकी छोरीलाई अन्याय हुन्छ कि ! छोरीको पीडा आमाले मात्र बढी बुझ्छन् तर यी सबै कुरा अस्वीकार गर्न तपाईंलाई कसैले दबाब दियो वा अरू नै कारण छ ? वास्तविक कुरा भन्नुभएमा अदालतले तपाईंलाई न्याय दिलाउन सहयोग गर्न सक्तछ" भन्दै मैले सम्झाएँ ।

मेरो कुरा सुनेपछि उनी अत्यन्त मर्माहत भइन् । द्रबित भएर बलिन्द्र आँसु झार्दै आफ्ना मर्मस्पर्शी कथा र व्यथा यसरी पोखिन्, "श्रीमान् ! बलात्कारको यातना र पीडाको अनुभूति पीडितबाहेक अरूलाई हुनै सक्तैन । त्यो आघातबाट पीडितलाई शारीरिक एवम् मानसिक रूपमा कति दूरगामी प्रभाव पार्छ, आहत मात्रले अनुभूति गर्न सक्तछ । पीडितउपरको त्यो क्रूर हिंसा र यातना अनि उनमा परेको मानसिक चिन्ता उसकी आमाको नाताले मैले अनुभूति नगर्ने कुरा होइन । वास्तवमा घटना र पछि सङ्कलन भएका कागजात सबै सत्य नै हुन् तर अहिले समय र परिस्थिति बदलिइसकेको छ । मैले छोरीको विवाह गरी भारतमा पठाइसकेँ । एउटा नातिको पनि जायजन्म भइसकेको छ । अब अदालतले उसलाई बलात्कृत ठहराएमा व्यभिचारिणीको बात लगाएर उसको पति र परिवारले अस्वीकार गर्नेछन् । छोरी र नातिलाई फिर्ता गर्ने छन् । मैले छोरी र निजको शिशुलाई जिम्मा लिएर आजीवन पालनपोषण र संरक्षण गर्नुपर्ने हुन्छ । ज्वाइँले विवाहमा गरेको खर्चको रकम र सोको ब्याजसमेत मैले तिर्नु/बुझाउनुपर्ने हुन्छ । एक पटकको बलात्कारको मानसिक चिन्ता र शारीरिक यातना निको नहुँदै मैले र छोरीले जीवनभर त्यो चिन्ता, यातना र व्यथा बोकेर समाजको आँखामा तिरस्कृत र अपहेलित भएर समाजमा बस्नु र बाँच्नुपर्ने अवस्था आउँछ । त्यो शिशु बलात्कृतको सन्तानको आक्षेप लागेर सबैतिरबाट अपहेलित हुनेछ । फैसलाले बलात्कार ठहरिएपछि त्यसको यातना र पीडा थपिएर हामी तीनै जनाको जीवनमा अरू दुःख बढ्नेछ । अनि आमा छोरीको परिवार बिचल्ली र घरपरिवार छिन्नभिन्न भएर तहस-नहस हुनेछ । त्यस प्रकृतिको फैसलाले हामीलाई समाजमा बस्न दिने छैन । हाम्रो सहज चलेको जीवन र व्यवहारलाई छिन्न-भिन्न हुनबाट बचाउने वास्तविक न्याय श्रीमान्बाट हामीलाई प्राप्त होओस् । यस्तो न्याय हामीलाई चाहिएको छ । यो न्याय नै हाम्रो लागि अत्युत्तम न्याय हो" । यति भन्दा पनि उनको आँखामा आँसु रोकिएन । यस्तो मर्मस्पर्शी अभिव्यक्ति सुनेर म मात्र होइन, सरकारी वकीलसहित सबै स्तब्ध भए ।

शिशुसहितकी छोरी र आमाको जीवन र घर-परिवार दाउमा लाग्ने, परिवार छिन्न-भिन्न र बिचल्ली हुने आसन्न भयबाट मेरो मनमा अन्तर्द्वन्द्वका ज्वारभाटा उठे । एकातिर बलात्कारको जघन्य हिंसा अर्कोतिर हाँसीखुशी बसेको आमा-छोरीको परिवार बिचल्ली हुने अवस्था । शान्तिदूत बुद्धको जन्मभूमिमा अशान्तिको मार्मिक घटना ! विषय अति संवेदनशील थियो । न्याय-निसाफ गर्दा न्यायकर्ता सदैव विवेकशील हुनुपर्छ । मानव जीवन बचाउन कानूनको प्रयोग न्यायसम्मत तरिकाले गर्नुपर्छ । न्यायलाई नै केन्द्र बनाउनुपर्छ । यसैमा न्याय हुन्छ भन्ने मेरो विवेकले भन्यो ।

धेरै दिनको सोच र मन्थनपछि जाहेरकर्त्री आमाको बकपत्र कागजकै आधारमा बलात्कारको दाबी नपुग्ने फैसला सुनाएँ। हाँसीखुशी बसेको पीडितहरूको भावी जीवन बचाउँदा नै वास्तविक न्याय पर्ने ठहराएँ। यौन हिंस्रकले छुट्कारा पायो। यसरी एक पीडित परिवार छिन्न-भिन्न हुनबाट बच्यो। पछि पुनरावेदन तह क्षेत्रीय अदालतबाट पनि यही फैसला सदर भएर आयो।

यस्तै प्रकृतिको एक वृद्धको आर्तनाद वि. सं.२०६३ साल भाद्र महिनामा भारतबाट प्रकाशित *द टाइम्स अफ इण्डिया*मा मिल्दो घटनाको विवरण प्रकाशित भएको थियो। ती वृद्धले उन्नाइस वर्ष पहिले आफ्नी सोह्र वर्षीया छोरीलाई छिमेकी धनाढ्य युवकले बलात्कार गरेको विषयमा जाहेरी दिएका थिए। बलात्कारको मुद्दामा प्रतिवादी कसूरदार ठहरिएन। घटनालाई एउटा दुःस्वप्न ठानी बिर्सन बाध्य थिए। यस अवधिमा उनले छोरीको बिहे गरेर ज्वाइँको घरमा पठाए। विवाहपछि नाति-नातिना जन्मेर हाँसीखुशी उनीहरूको जीवन चल्न थाल्यो। आफू पनि असीको दशकमा पुगे। अकस्मात् उच्च अदालतबाट पीडित छोरी र उनलाई उपस्थित हुने सूचना आउदा छाँगाबाट खसेजस्तै भएर आफ्नो पीडा यसरी पोख्छन्, "अदालतबाट उचित समयमा मैले न्याय पाइनँ। अकस्मात् दुई दशकपछि बलात्कारका विषयमा सोधपूछ गर्न बोलाबट आएको छ। यो अवधिमा पारिवारिक स्थितिमा धेरै परिवर्तन आएको छ। छोरी विवाह गरेर पतिको घरमा गइन्। उनका पाँच सन्तानको जायजन्म भइसकेको छ। छोरी पैंतीस वर्षकी भइसकेकी छन्। अहिले उच्च अदालतबाट बलात्कार ठहर भएको खण्डमा ज्वाइँ र उसको परिवारले छोरी र उनका सन्तानलाई फिर्ता गर्नेछन्। ज्वाइँले विवाहमा गरेको सबै खर्च र सोको ब्याजसहित मैले फिर्ता गर्नुपर्नेछ। अनि छोरी र उनका सन्तालाई मैले पालन-पोषण र शिक्षा-दीक्षा दिने जिम्मेवारी बोक्नुपर्नेछ। म स्वयम् असी वर्षको एकल वृद्ध र उनका सन्ततिलाई योभन्दा अन्याय अरू के हुन सक्तछ ?" मैले लेखेको यसको विस्तृत लेख आज पनि सम्झिरहेको छु । यो *"कानून"* अङ्क ५९ द्वैमासिकमा प्रकाशित छ।

पुरुषले किशोरी वा महिलालाई ललाइ-फकाई बलात्कार वा यौन उत्पीडन गर्छन्। कामको बहानामा दलाल पेशेवारले स्वदेश बाहिर लगी बेच-बिखन गर्छन्। गरीब महिलाको जीवन र श्रमशोषण गर्ने गर्छन्। यस्ता घटना नेपाली समाजमा बराबर हुने गरेको सञ्चारमाध्यमले लेखेका छन्। पुरुषले किशोरी वा महिलालाई गर्ने यौन उत्पीडन वा बलात्कार सबैभन्दा जघन्य एवम् क्रूर अपराध हो। नेपाली समाजमा यो हिंसा बढिरहेको छ। पढ्न स्कूल, कलेज जाने वा कार्यालय आउने जाने बालिका वा किशोरी असुरक्षित हुँदैछन्।

प्रेमीको अभिनय गरेर फकाउने, नमाने एसिड प्रहार गर्ने र किशोरीको जीवन बर्बाद गर्नेहरू पनि बढ्दै छन् । विश्वभरमा नै यस्ता घटनाको सङ्ख्यामा दिनानुदिन बृद्धि भइरहेको छ । नेपालमा पीडितमध्ये थोरैले उजुरी गर्ने गर्छन् । सबै पीडितले मौकामा प्रहरीमा उजुर-बाजुर गर्दैनन् वा गर्न सक्तैनन् । गरे पनि पीडितको सुनवाइ कमै हुन्छ । भारतमा यौनजन्य हिंसा गर्नेलाई हाल मृत्युदण्डसम्म दिइने कानून बनेको छ । *मुलुकी अपराध संहिता २०७४* अनुसार नेपालमा बलात्कार गर्दाको परिस्थिति र उमेरअनुसार बलात्कारीलाई कैदको सजाय हुने व्यवस्था गरिएको छ । जस्तै, दश वर्षभन्दा कम उमेरकी बालिका, पूर्ण अशक्त अथवा अपाङ्ग भएका र सत्तरी वर्षभन्दा बढी उमेरका महिला भए जन्म कैदको सजाय हुन्छ । दश वर्ष र सोभन्दा बढी चौध वर्षभन्दा कम उमेरकी बालिका भए अठार वर्षदेखि बीस वर्षसम्म कैदको सजाय हुन्छ । चौध वर्ष वा सोभन्दा बढी सोह्र वर्ष नपुगेकी बालिका भए बाह्रदेखि चौध वर्षसम्म कैदको सजाय हुन्छ । सोह्र वर्षभन्दा बढी अठार वर्ष नपुगेकी किशोरी भए दशदेखि बाह्र वर्षसम्मको कैदको सजाय हुन्छ । अठार वर्ष वा सोभन्दा बढी उमेरकी महिला भए सातदेखि दश वर्षसम्म कैदको सजाय हुने व्यवस्था छ । सबै स्थितिमा क्षतिपूर्ति पनि तिर्नु/बुझाउनुपर्छ ।

त्यस्तै वैवाहिक सम्बन्ध कायम भएको अवस्थामा पनि पतिले पत्नीलाई बलात्कार वा यौनउत्पीडन गरेमा पाँच वर्षसम्म कैदको सजाय हुने व्यवस्था कानूनले गरेको छ । एसिड प्रहार गर्नेलाई आजीवन कैद र पीडकको सबै सम्पत्ति जफत गरी पीडितलाई दिलाइदिने र सरकारले पनि आजीवन भत्ता दिने कानूनको खाँचो छ । राजा जयस्थिति मल्लको पालामा बनेको *"न्याय विकासिनी"*ले बलात्कार गर्नेको गुप्ताङ्ग नै काटिदिने सजाय तोकिएको थियो । नेपाल र भारतमा पनि सामूहिक यौन-हिंसा गर्ने र सवारी साधनमा राखी अपहरण गरेर बलात्कार गर्नेलाई यस्तै सजायको माग बढेको छ ।

समाजमा यौनजन्य हिंसा रोक्ने दीर्घकालीन योजना आवश्यक छ । विद्यालयको शिक्षामा पनि यौन-हिंसाबाट कसरी सुरक्षित हुने भन्ने विषयमा पढाइ हुँदैन । घरमा पनि शिक्षा दिने प्रचलन छैन । यस्तो शिक्षा दिने काम पनि सजिलो छैन । छोरी-चेलीलाई समाजमा आइपर्ने यस्तो यौन-हिंसाको प्रतीकार गर्ने अब शिक्षा र तालिमको खाँचो महसूस समाजले गर्न थालेको छ । किशोरी वा युवतीलाई यौन-हिंसाबाट सुरक्षा गर्नुपर्ने दायित्व सरकार र समाज दुबैको हो । नाबालक वा किशोरहरू पनि अप्राकृतिक यौन-हिंसामा परेका घटना घट्न थालेका छन् । यस्ता घटनाका केही मुद्दाहरू विभिन्न तहका अदालतमा कार्यरत रहँदा मैले

निरूपण गर्नुपरेको स्मृतिपत्रमा अद्यापि ताजै छ। आज शहरी क्षेत्रमा किशोरीहरू यौन-हिंसामा पर्ने र किशोरहरू हतकडीमा पर्ने घटना बृद्धि भइरहेका छन्।

भैरहवामा रहेका अन्य सरकारी कार्यालयका प्रमुखहरू र सबै कानून व्यसायीहरू सहयोगी र मित्रवत् थिए। सबै नै अदालतप्रति सम्मानजनक व्यवहार गर्दथे। सबैसँग मेरो राम्रो प्रभाव र मित्रता थियो। मेरो न्याय-सम्पादनबाट सबै सन्तुष्ट थिए। यसैमा मलाई आनन्दको अनुभूति भएको थियो।

## व्यवस्थित बजार राजविराज

मैले रूपन्देही (भैरहवा)मा दुई वर्ष छ महिना न्याय-निसाफ गर्ने काम निर्विघ्नतापूर्वक सुसम्पन्न गरेँ। वि.सं. २०४१ साल भाद्र २५ मा सप्तरी जिल्ला अदालतमा सरुवा भयो।

सप्तरीको राजविराज अञ्चल र जिल्लाको सदरमुकाम हो। यहाँको बजारको नाप-नक्सा सुन्दर एवम् व्यवस्थित छ। यहाँको शहरीकरणको योजना कर्नेल इन्जिनियर गेहेन्द्रजङ्ग थापाले गरेका थिए। पहिले हनुमाननगरमा सदरमुकाम रहेकोमा कोशी कटान बढेपछि राजविराज सारिएको हो। यहाँ छिन्नमस्ता भगवती सखडा र राजदेवी मन्दिर राजविराज प्रसिद्ध छन्। सखडा माताको उपासनाले उपासकको मनोकाङ्क्षा पूरा हुन्छ भन्ने अटूट विश्वास रहेको छ। पहिले भूमिसुधार अधिकृतको रूपमा पनि मैले यहाँ करीब तीन वर्ष सेवा गरेको स्थान हुँदा मलाई विराटनगरबाट पायकै रहेको हो। पहिलेभन्दा यहाँको हरेक क्षेत्रमा धेरै परिवर्तन आएको अनुभूति भयो। खेती-किसानी गर्ने किसानहरू प्रायः उस्तै अवस्थामा रहेको र जग्गा धनीहरू पनि आफूले खेतीपाती गर्न नसक्ने, मोहीले बाली नदिने, भएको जग्गा पनि क्रमशः घट्दै गएकाले उनीहरूको अवस्था पनि खस्किँदै गएको देखिन्थ्यो। जसले आफ्नो हदबन्दीभन्दा बढी जग्गामा सरकार लाग्छ भन्ने ठानेर अरूको नाउँमा राखेका थिए। त्यही व्यक्ति जग्गाधनी भएर जग्गा कब्जा गरेकाले साबिक जग्गाधनीहरूको आर्थिक अवस्था कमजोर हुनु स्वाभाविकै थियो।

म त्यहाँ कार्यरत भएको केही दिनमा राष्ट्रिय पञ्चायतमा निर्वाचित सदस्य इन्द्रदेव यादवको देहावसान भएको थियो। राष्ट्रिय पञ्चायतको सदस्यको निर्वाचन गराउन सम्बन्धित जिल्ला अदालतका जिल्ला न्यायाधीशलाई निर्वाचन अधिकृतको जिम्मेवारी दिने व्यवस्थाअनुसार मलाई उप-निर्वाचन गराउन निर्वाचन

अधिकृत तोकिएको थियो। त्यो समयमा प्रमुख निर्वाचन आयुक्त श्रीसूर्यप्रसाद श्रेष्ठ हुनुहुन्थ्यो। मैले निर्वाचन अधिकृत भएर सो उप-निर्वाचन निष्पक्ष, स्वच्छ र शान्तिपूर्वक सुसम्पन्न गरेँ। यसरी २०३७ सालको जनमतपछि क्रमशः विराटनगरमा वि.सं.२०३८ सालमा निर्वाचन, रूपन्देहीमा वि.सं. २०३९मा उप-निर्वाचन र सप्तरीमा वि. सं.२०४२ सालमा उप-निर्वाचन गराउने जिम्मेवारी पूरा गरेँ। उप-निर्वाचनमा देवेन्द्र झा विजयी भएका थिए।

धेरै मुद्दा पर्ने जिल्ला अदालतमध्ये सप्तरी जिल्ला अदालत पनि एक हो। म त्यहाँ हाजिर हुन जाँदा धेरै सङ्ख्यामा पुराना मुद्दा थिए। दुई वर्ष नाघेका मुद्दाको विवरण राजदरबारमा जाहेर गर्नुपर्ने कारणले पोस्ती (मिसिलको गाताको रूपमा विवरण लेखेर राख्ने बाहिरको कागज) फेरेर नयाँ बनाइएको रहेछ। मैले सबै पुराना मुद्दाको सूची बनाएर क्रमबद्ध रूपमा पेशी राखी किनारा गर्ने व्यवस्था मिलाएँ। म समेत अन्य न्यायाधीश श्री गोपालप्रसाद गुरागाईं, श्री बुद्धिप्रसाद रेग्मी, श्री केशरबहादुर राना थियौँ। सबैको साथ र सहयोगका कारण पुराना मुद्दा सबै किनारा भए। मलाई जिल्ला र अञ्चल प्रशासन एवम् अदालतबाट हरेक कार्यमा साथ र सहयोग रहेको थियो। मेरो सेवा र न्याय-सम्पादनको विषयमा सबै तहका अदालतमा कुनै प्रकारको सिकायत थिएन।

म त्यहाँ कार्यरत रहेकै वर्ष (वि.स २०४२ साल असोज)मा मेरो अञ्चल न्यायाधीश राजपत्राङ्कित प्रथम श्रेणीमा पदोन्नति भएको थियो तर पदस्थापन हुन विलम्ब भएर श्री ५ को सरकारको मिति २०४२।१२।५ को निर्णयले मेरो वागमती अञ्चल अदालतको न्यायाधीशमा पदस्थापन भयो। संयोग नै मान्नुपर्छ, शाखा अधिकृतमा प्रवेशदेखि जिल्ला र अञ्चल न्यायाधीशमा पदोन्नति सबै असोज महिनामा नै भएको थियो। नेपालको पूर्वी पहाड दोलखा, मध्यतराई बारा, पूर्वी तराई मोरङ, सप्तरी, पश्चिम तराई रूपन्देही जिल्ला अदालतहरूमा दश वर्षसम्म न्यायाधीश भएर न्याय-सम्पादन गरेको अनुभवको आधारमा मलाई पुनरावेदन हेर्ने वागमती अञ्चल अदालतको न्यायाधीशमा नियुक्ति गरिएको थियो। त्यो समयमा क्षेत्रीय अदालतको न्यायाधीशमा पनि अञ्चल न्यायाधीश भएका र अन्य योग्यतम व्यक्ति खोजेर छानी छानी नियुक्ति गरिन्थ्यो भने सर्वोच्च अदालतमा क्षेत्रीय अदालतका मुख्य न्यायाधीशमध्येबाट नियुक्ति गर्ने गरिन्थ्यो। हालको जस्तो सीधै पुनरावेदन निरूपण गर्ने उच्च वा सर्वोच्च अदालतमा नियुक्ति गर्ने प्रचलन थिएन।

# वागमती अञ्चल न्यायाधीशमा म

वागमती अञ्चल अदालतको मुकाम काठमाडौँको डिल्लीबजारमा थियो। जसलाई "चारखाल" भनेर सम्बोधन गरिन्थ्यो। पदस्थापनमा केही विलम्ब भएर वि.सं. २०४३ वैशाखदेखि अञ्चल अदालतको न्यायाधीशको रूपमा मैले राजधानीमा बसेर सेवा गर्ने अवसर पाएँ। अञ्चल अदालतमा जिल्ला अदालतबाट किनारा भएका केही मुद्दा र अर्द्धन्यायिक निकायका निर्णयको विरूद्ध पुनरावेदन पर्ने व्यवस्था थियो। साथै निषेधाज्ञा र बन्दीप्रत्यक्षीकरण विषयका रीट हेर्ने क्षेत्राधिकार थियो। निश्चित बिगोभन्दा बढी बिगो भएका र बढी कैद हुने फौजदारी मुद्दाको पुनरावेदन भने मध्यमाञ्चल क्षेत्रीय अदालतमा पुनरावेदन लाग्ने कानूनी व्यवस्था थियो। त्यो समयमा चार तहका अदालत थिए प्रत्येक जिल्लामा जिल्ला अदालत, अञ्चलमा अञ्चल अदालत, क्षेत्र-क्षेत्रमा क्षेत्रीय अदालत र सर्वोच्च अदालत।

वि.सं २०३९ सालमा सर्वोच्च अदालतका न्यायाधीश सरदार ईश्वरीप्रसाद मिश्रको अध्यक्षतामा "शाही न्याय सुधार आयोग" गठन भएको थियो। त्यो आयोगले अञ्चल अदालतमा पनि संयुक्त इजलास कायम गर्न प्रतिवेदन दिएको थियो। सो प्रतिवेदनको सिफारिसका आधारमा नियमावलीमा संशोधन भएर वि.सं.२०४३ कार्तिक २३ गतेदेखि संयुक्त (दुई जना न्यायाधीश) इजलासबाट पुनरावेदनको कार्यवाही र किनारा (फैसला) हुन थाल्यो। अञ्चल न्यायाधीशमा श्री हरिश्चन्द्र उपाध्याय हुनुहुन्थ्यो। पछि उहाँ क्षेत्रीय अदालतको न्यायाधीशमा नियुक्त भएपछि श्री केदारप्रसाद गिरीमा जिम्मेवारी आएको थियो। त्यहाँ रहँदा बस्दा अञ्चल अदालतमा कार्यरत सबै आठ जना न्यायाधीशले मुद्दा फछ्र्यौंट राम्रो गरेर उपलब्धिपूर्ण न्याय-सम्पादन गर्न सफल भएको भन्ने सर्वोच्च अदालत एवम् क्षेत्रीय अदालतको मूल्याङ्कन रह्यो।

# झुठा मुद्दामा विद्यार्थीहरूलाई सास्ती

त्यहाँ न्याय-सम्पादन गर्दाको एउटा अनुभूति उल्लेख गर्न उपयुक्त सम्झन्छु। रुसको चेर्नोविल आणविक भट्टी विष्फोट भएका कारण त्यहाँबाट आयातित दूध विकिरणयुक्त भएकोले खान नहुने विषाक्त छ भन्दै केही मुलुकले आयातमा रोक लगाए तर नेपालले भने आयात गरिरह्यो। यसको विरोधमा ल क्याम्पसलगायत अन्य क्याम्पसका विद्यार्थीहरूले जुलुस निकालेछन्। आन्दोलन दबाउन सरकारले

धरपकड र सार्वजनिक अपराधको काल्पनिक मुद्दा लगाएको थियो । यसै क्रममा पैँतीस-चालीस  विद्यार्थीहरूलाई सार्वजनिक अपराधको मुद्दा लागेको रहेछ । सो मुद्दाको शुरू थुनछेकको क्रममा नै मुद्दा किनारा हुँदा कसूर प्रमाणित भएमा हुन सक्ने माथिल्लो हद जरिवानाको अन्तिम रकम जनही रू.अठ्ठाइस हजारका दरले विद्यार्थीहरूलाई काठमाडौँ जिल्ला प्रशासनले नगदै रूपियाँ धरौटी मागेको रहेछ । महिनावारी घरबाट खर्च मगाएर पढ्न बसेका विद्यार्थीहरूले त्यति ठूलो नगदै रकम तिर्न बुझाउन सामर्थ्य नहुने कुरा प्रशासनलाई थाहा नहुने विषय थिएन । विद्यार्थीहरूको बाह्य गतिविधि नियन्त्रण गर्ने उद्देश्यले निजहरूलाई थुनामा राख्न हदैसम्मको धरौटी माग्ने आदेश भएको स्पष्ट नै थियो । विद्यार्थीहरूले त्यति ठूलो रकम बुझाउन सकेनन् । धरौटी रकम नबुझाएको कारण देखाएर सबैलाई थुनामा राखेको रहेछ ।

त्यस्तो मुद्दाको पुनरावेदन अञ्चल अदालतमा लाग्ने हुनाले थुनछेक आदेशउपर विरूद्ध परेको निवेदनसहित प्रतिवेदनहरू अञ्चल न्यायाधीश श्री केदारप्रसाद गिरी र मेरो इजलासमा पर्न आएछ । हामीले गम्भीरता पूर्वक अध्ययन गर्‍यौँ । बनावटी मुद्दा लगाएको प्रमाणबाट प्रस्टै देखिन्थ्यो । अझ थुनछेकको क्रममा नै धरौटी रकम माग्ने आदेश गर्दा बुझाउन सक्ने नसक्ने आर्थिक हैसियत विचार गरेर आदेश गर्नुपर्नेमा सो विपरीत गरीब विद्यार्थीसँग कसुर ठहर हुँदा हुन सक्ने अधिकतम जरिवाना बराबर रू. अठ्ठाइस हजारको दरले जनही धरौटी मागेको निष्कर्ष निस्कियो । बदनियतबाट विद्यार्थीहरूलाई थुनेर नै राख्ने आदेश गरेको देखिएकाले जिल्ला प्रशासनको आदेश बदर गरी साधारण तारिखमा राखेर मुद्दाको कार्यवाही अघि बढाउन आदेश भयो । सबै विद्यार्थीहरू छुटे । बाँकी पछि हाजिर हुनेहरू पनि यही आदेशअनुसार तारिखमा रहेर पुर्पक्ष गर्ने आदेश जिल्ला प्रशासनबाट हुन थाल्यो । यसबाट विद्यार्थी समूहमा अदालतप्रतिको आस्था र सम्मानमा वृद्धि भएको भन्दै नेपाल बारका सबै पदाधिकारीहरू र विद्यार्थी मण्डलका नेता टोली आएर अदालतको प्रशंसा गरे । न्याय-निसाफ गर्दा न्यायाधीशले कानूनसँगै मानवीय विवेक पनि प्रयोग गर्नुपर्छ । न्यायाधीशले कानून र न्यायिक विवेक प्रयोग गर्ने हुनाले नै न्यायाधीशलाई “न्यायमूर्ति” सम्बोधन गरिएको हो । न्याय र विवेक साथसाथै प्रयोग गरे मात्र न्याय पर्छ नत्र न्याय गर्छु भन्दाभन्दै अन्याय पर्न सक्छ भन्ने भावना सदैव राख्नुपर्छ । मानवीय विवेक प्रयोग नभएको न्याय पनि अन्याय हुन सक्तछ ।

वागमती अञ्चल अदालतमा कार्यरत अवस्थामा नै बाग्लुङ जिल्लाको सदरमुकाममा गुरुप्रसाद भन्ने षडानन्द पौडेलको मृत्यु भएको ज्यान मुद्दा कार्यवाही

र किनारा गर्न मध्यमाञ्चल क्षेत्रीय अदालतका अतितिरक्त न्यायाधीश श्री उदयराज उपाध्यायको अध्यक्षतामा गठित विशेष अदालतका सदस्य हेरफेर गरेर मलाई र ललितपुर जिल्ला अदालतका जिल्ला न्यायाधीश श्री राजेन्द्रप्रसाद कोइरालालाई मिति २०४३।२।२९ मा तोकेकाले सो मुद्दा पनि कानूनबमोजिम कार्यवाही र किनारा गर्ने जिम्मेवारी पूरा गरिएको थियो।

## वागमती विशेष अदालतको समेत थप जिम्मेवारी

अञ्चल अदालतमा कार्यरत रहेकै अवस्थामा मलाई वि.सं. २०४४ साल असार २९ मा वागमती विशेष अदालतको न्यायाधीशको रूपमा पनि प्रतिसप्ताह तीन दिन काम गर्ने गरी दोहोरो जिम्मेवारी तोकियो। सो अदालतमा अञ्चल न्यायाधीश भएका व्यक्तिहरू मात्र नियुक्त हुन्थे। वागमती विशेष अदालतको अध्यक्षमा श्री गोपालप्रसाद खत्री र म भएर कार्यसम्पादन गर्न थाल्यौं। पछि अञ्चल अदालत इलामबाट अञ्चल न्यायाधीश श्री माधवराज थापा पनि सदस्यको रूपमा आउनुभएपछि तीन जना भयौं। वागमती विशेष अदालतलाई नेपालभरका भ्रष्टाचार, शैक्षिक प्रमाणपत्र कीर्ते, पुरातात्त्विक सम्पदा, लागुऔषध र सरकारले तोकेका अन्य फौजदारी मुद्दाहरूको शुरू कार्यवाही र किनारा (फछ्यौंट) गर्ने जिम्मेवारी थियो। जिल्ला अदालतले हेर्ने मुद्दा पनि यदाकदा तोकिने गर्थ्यो। विशेष अदालतमा तीन जना न्यायाधीशको इजलासबाट बयान बकपत्रलगायत न्याय-सम्पादन कार्य हुन्थ्यो। सो को पुनरावेदन क्षेत्रीय अदालतमा लाग्दथ्यो। अनुशासित भएर हामी तीन जना न्यायाधीशले न्याय-सम्पादन गर्‍यौं। हामीले त्यहाँ वर्षौंदेखि बाँकी रहेका धेरै मुद्दाहरू फछ्यौंट गर्‍यौं। हाम्रो कामबाट प्रधानन्यायाधीश श्री धनेन्द्रबहादुर सिंह पनि सन्तुष्ट हुनुभएको थियो।

## विशेष अदालतमा कार्य गर्दाको रोचक घटना

एउटा उक्ति छ– "काशी कास्मीर अजब नेपाल"। प्रसङ्ग हो वि.सं. २०४५ सालको भूकम्प पीडितलाई राहत बाँड्ने क्रममा भक्तपुरमा कर्ण ह्योंजू मारिएको मुद्दाको। भक्तपुर निवासी हाल नेपाल मजदूर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छे रोहित, सुनील प्रजापतिलगायत सय जनाभन्दा बढी व्यक्तिविरुद्ध लगाइएको कर्तव्य ज्यान मुद्दा। आरोप नै अत्यधिक क्रूर र जनविरोधी ! राजनीतिक पृष्ठभूमिका

आधारमा चवालीस जनाभन्दा बढीलाई मृत्युदण्ड र बाँकीलाई सर्वस्वसहित सजायको मागदाबी भएको नेपालको न्यायिक इतिहासको क्रूर एवम् जनविरोधी मुद्दा ! त्यो समयको *मुलुकी ऐन*को ज्यानसम्बन्धी महलको नं.१३ मा संशोधन गरेर नं. १३ क थपी जघन्य ज्यान मुद्दाका कसूरदारलाई मृत्युदण्ड दिने प्रावधान थपिएको थियो । त्यही कानूनको आधारमा यस्तो क्रूरतम् आरोप लगाइएको थियो । राष्ट्रिय पञ्चायतको सदस्य रहिसकेका कर्ण ह्योजूलाई भूकम्प पीडितलाई राहत वितरण गर्दाको विषयमा विवाद भएपछि छाताको करङ, डण्डीलगायतले घोचीघोची वीभत्स यातना दिई ठूलो समूहबाट हत्या गरिएको भन्ने अभियोग थियो ।

मुद्दा अदालतमा आउनुपूर्व नै तत्कालिक प्रधानमन्त्री श्री मरीचमान श्रेष्ठ, गृह राज्यमन्त्री श्री निरन्जन थापासहित कट्टर पञ्चहरूले सिंहदरबारदेखि बबरमहलसम्म "कर्णको हत्यारालाई फाँसी दे" भन्दै बहालवाला प्रधानमन्त्रीकै नेतृत्वमा विशाल जुलुस निस्केको थियो । मुलुकको पदासीन प्रधानमन्त्री र गृहमन्त्री नै "कर्तव्य ज्यान मुद्दामा फाँसी दे" भन्दै सजाय मागेको जुलुस पञ्चायती शासनकालको अद्भुत उदाहरण थियो । "काशी कास्मीर अजब नेपाल" त्यसै भनिएको होइन रहेछ । यस्तो प्रकृतिको उदाहरण नेपालबाहेक अन्यत्र कहाँ सम्भव होला र ! सरकारकै प्रमुख जुलुस लिएर सजाय माग्दै हिँड्ने यो जुलुस "न भूतो न भविष्यति"को (न विगतमा थियो न भविष्यमा हुनेछ) उदाहरण थियो । त्यो ज्यान मुद्दा वागमती विशेष अदालतलाई न्याय-निरूपण गर्ने जिम्मेवारी दिइयो । अदालतमा मुद्दा दर्ता भएपछि कानूनन् न्याय-निरूपण हुने विषय छँदै थियो तर बनाइयो राजनीतिक प्रतिशोधको नमूना मुद्दा । वागमती विशेष अदालतमा मुद्दा दर्ता भएपछि बयान भएर थुछेकको क्रममा अभियुक्तहरूको पक्षबाट मुद्दाको बहसमा नेपालका ख्यातिप्राप्त वरिष्ठ अधिवक्ता र अधिवक्ताहरू कृष्णप्रसाद भण्डारी, कृष्णप्रसाद पन्त, मुकुन्द रेग्मी, ऋषिकेश शाहलगायत सामेल थिए । उनीहरू सबैले राजनैतिक प्रतिशोधको आधारमा गम्भीर अभियोग लगाइएको भन्ने थियो । अभियुक्तहरू र सरकारी पक्षका कानून-व्यवसायीको बहस सुनेर इजलासका न्यायाधीशहरूबाट आपसी विमर्शपछि गम्भीर मृत्युदण्डको आरोपित जतिलाई कानूनका प्रावधानको अधीनमा रही अनिवार्य थुनामा नै राख्नुपर्ने बाध्यताका कारण त्यस्ता आरोपितलाई थुनामा राख्ने र अरू आरोप लागेकालाई भने केही धरौटीमा छोड्ने आदेश भयो । अन्ततोगत्वा केही अवधिपछि वि.सं २०४७ साल वैशाखमा तत्कालिक प्रधानमन्त्री श्री कृष्णप्रसाद भट्टराईको सरकारले सो मुद्दा फिर्ता लियो । मुद्दा फिर्ता लिएपछि थुनामा रहेका नारायणमान बिजुक्छे "रोहित"लगायत सबै थुनामुक्त भए । गणतन्त्र घोषणा

गरिएपछि पनि सत्तामा जान नचाहने, शुद्ध आचरण र छविका व्यक्तित्वमा रोहितको स्थान सबै नेताभन्दा उच्च छ । यस विषयमा सबै नेपालीको एउटै अभिमत छ ।

## नक्कली सर्प देखाएर साबिती बयान

वि.सं. २०४५ सालमा अर्को फरक प्रसङ्ग विशेष अदालतमा रहँदाको नै हो । सत्तामा बसेर रमाउनेहरू सत्ताबाट बाहिरिएपछि आफूलाई कस्तो सम्झलान् ? अरूले कस्तो व्यवहार उप्रति दर्शाउँछन् ? अझ त्यस्ता व्यक्तिलाई भ्रष्टाचार मुद्दा लागेपछि त उनीहरूको जीवन कस्तो हुँदो हो ? प्रसङ्ग एक पूर्व प्रहरी प्रमुखको हो । उनलाई लागुऔषध र भ्रष्टाचार मुद्दाको अनुसन्धानका लागि न्यायिक हिरासतमा राख्न अन्तिम पटक विशेष अदालतमा ल्याइएको थियो । उनी र उनका परिवारका अन्य सदस्यहरूलाई अनुसन्धान गर्न हिरासतमा राखिए पनि सोको जानकारी एक-अर्कोलाई दिइएको थिएन, न त परस्परमा भेट्न नै अनुमति दिइएको थियो । अन्तिम पटकको थुनामा राख्ने अदालतको अनुमति लिने प्रयोजनका लागि विशेष अदालतमा ल्याउँदा मात्र भेट्न दिइएको रहेछ । प्रहरी हिरासतमा राख्न अनुमतिका लागि अदालतमा म्याद थपका लागि उपस्थित गराउँदा अकस्मात् परिवारका सबै सदस्यहरूलाई भेटेपछि रुवावासी हुनु स्वाभाविकै थियो । आफ्ना मातहतमा रहिसकेका अधिकृतले आफूप्रति गरेको व्यवहारबाट उनी विस्मित थिए । परिवारसँग भेट गर्न पाउने मानव जीवनको कानूनी अधिकार पनि आफ्नै सहयोगीहरूले खोसेका थिए । उनको सर्पदेखि भयभीत हुने स्वभाव जानेका मातहत प्रहरी अधिकृतले प्लाष्टिकको नक्कली सर्पलाई सक्कलीको भान पारी तर्साउँदै बयान गराउँदारहेछन् ।

प्रहरी सङ्गठनको आन्तरिक स्वार्थको टक्करमा उनी परिबन्दमा परेका हुन् भन्थे जान्ने-बुझ्नेहरू । आफ्नै सङ्गठनको प्रमुख रहिसकेको व्यक्तिलाई भय-त्रासमा साबित गराउने राष्ट्रसेवक प्रहरीबाट सरकार र समाजविरुद्धका गम्भीर अपराधमा सत्य-तथ्य अनुसन्धान र यथार्थ कुरा कसरी प्रकाशनमा आउँदो हो ? अनि न्याय-निसाफ प्राप्त हुँदो हो ? परीक्षणमा यो एउटा उदाहरण थियो । समय साँच्चिकै बलवान् हुँदोरहेछ । हिजोको प्रमुख आजको अभियुक्त । हिजोका सहायक आजका अनुसन्धानकर्ता । परिबन्द वा संयोगले कसलाई कहाँ कसरी पुऱ्याउँछ, कसैलाई थाहा हुँदैन । (*"जीवनका पाइलाहरू"* लेखक स्वयम् ।)

❋❋

# सातौं प्रकाश

# सातौँ प्रकाश–सूची


**सीताको जन्मभूमिमा म** १६७

- गौरवमय जनक सभ्यता १६७
- मिथिला सांस्कृतिक परम्पराको उज्ज्वल पक्ष १६९
- मिथिलामा दहेजप्रथा १७०
- बन्दी छुट्ता प्रशासनको रोष १७१
- संसदीय निर्वाचनको दायित्व १७३
- पुनरावेदन अदालत हेटौडामा १७३
- पुनः जनकपुरमा १७५
- मुख्य न्यायाधीशको जिम्मेवारी १७५
- मातहत अदालतको सुपरिवेक्षण १७७

# सीताको जन्मभूमिमा म

## गौरवमय जनक सभ्यता

वागमती अञ्चल अदालत र वागमती विशेष अदालतको न्याय-सम्पादन कार्यबाट प्रधानन्यायाधीश श्रीधनेन्द्रबहादुर सिंह अत्यन्त सन्तुष्ट हुनुभएछ। तीन वर्ष सेवा गरेपछि वि.सं.२०४५ साल मार्ग १ मा जनकपुर अञ्चल अदालतमा मेरो सरुवा भयो। अन्य न्यायाधीशहरू पनि आ-आफ्नो पायक पर्ने स्थानमा सरुवा भएका थिए। जनकपुर अञ्चल अदालतमा श्रीचन्द्रप्रसाद पराजुली, म, श्री गौरी ढकाल र श्री कल्याण श्रेष्ठ अञ्चल न्यायाधीश थियौं। यो समूहले यो क्षेत्रका मुद्दाहरू समयमा नै फछ्र्यौट गर्न सफल भएको थियो।

जनकपुरलाई सीताको जन्मभूमि, मन्दिर र सागरहरूको नगरी पनि भन्ने गरिन्छ। मन्दिर सागरहरूका आ-आफ्ना मिथकहरू छन्। पौराणिक कथाहरूसँग जोडिएका छन्। सीता र राम मन्दिर रहेको कारणले पनि जनकपुरले प्रसिद्धि पाएको छ। यस क्षेत्रलाई "मिथिला" पनि भनिन्छ। मिथिला नामकरणमा पनि रोचक मिथक रहेको छ। भनिन्छ, जनक राजाका पूर्वज निमी निःसन्तान भएकाले उनको मृत शरीरलाई पुरोहितहरूले उत्तराधिकारी जन्माउन मन्थन गरेर जन्मिएको पुरुषलाई मैथिल भनियो। मैथिलले शासन गरेकाले मिथिला रहन गएको भन्ने मिथक रहेको छ। वस्तुतः *शुक्लयजुर्वेदको* हाँगो *बृहदाराण्यक उपनिषद्*को उद्गम थलो पनि जनकपुर हो। यसलाई दर्शनको उद्गम स्रोत पनि मानिन्छ।

भनिन्छ, राजर्षि जनक राजाले अष्टाबक्रजस्ता दार्शनिकसँग शास्त्रार्थ गरेर आत्मज्ञान प्राप्त गरेका थिए। त्यो आत्मज्ञानलाई दर्शन बनाउन सफल रहे। *जनक दर्शन*अनुसार आत्मज्ञान प्राप्त गर्न घर-परिवार त्यागेर वानप्रस्थी नै हुनपर्छ भन्ने छैन। केवल कर्ताभाव र भोक्ताभाव त्यागे पुग्छ। सूर्योदय, सूर्यास्त, ऋतु परिवर्तन,

दैनिक व्यवहार र स्वयम्लाई समेत कर्ता वा भोक्ताभावले होइन, साक्षीभावले हेर्नु र म शरीर होइन आत्मा हुँ भन्ने स्मरण गरिरहनु आत्मज्ञान हो। यही ज्ञानलाई व्यवहारमा उतार्न सफल भएपछि राजा जनकले विदेह अवस्था प्राप्त गरेका थिए भनिन्छ। महान् दार्शनिक अष्टाबक्रको भोगविलास विमुख दर्शनको छाया पनि *जनक दर्शन*मा पाइन्छ। ऐन्द्रिकतादेखि अतीन्द्रियतासम्म, भौतिकतादेखि अध्यात्मसम्मको अन्तर्यात्राको दिशानिर्देश गर्न यो दर्शन र तान्त्रिक दर्शनमा तादात्म्यता पाइन्छ। *जनक दर्शन हिन्दू दर्शन*मा नै आधारित छ। यसको प्रभावले जनकपुरमा धार्मिक संहिष्णुता छ।

जनकपुरदेखि केही पूर्वमा अवस्थित धनुषाधाम प्रसिद्ध तीर्थस्थलको रूपमा छ। मन्दिर सामान्य रहे पनि त्यहाँ शिवधनु टुक्रिएको जनविश्वास छ। न शिला न धातुको रूपमा रहेको त्यो अवशेष बढ्दै जाने गरेको जनश्रुति छ। कसैले उचाल्न नसक्ने सो धनुष जनक नन्दिनी सीताले सजिलै उचालेकाले उनलाई दैवीशक्ति मानी दैवी पुरुषसँग विवाह गरिदिने राजा जनकको आह्वानअनुसार रामले सजिलै उचाल्दा भाँचिएर टुक्रामा विभक्त भएको हो भन्ने पनि मिथक रहेको छ।

प्राचीनकालदेखि नै जनकपुरक्षेत्र धार्मिक, सांस्कृतिक, दार्शनिक, ऐतिहासिक र राजनीतिक चेतनाको केन्द्रविन्दु रहेको छ। वैदेही सीता र विदेह जनक भएको दर्शनको केन्द्र हो। जनकपुर धाममा भगवान् रामचन्द्रसँग सम्बन्धित अन्य परम्पराको विशिष्ट पक्षसमेत केन्द्रित छ। बृहत् जानकी मन्दिर यहीँ अवस्थित छ। धनुषसागर, गङ्गासागर, रत्नसागरजस्ता अनगिन्ती सागर, पोखरीहरूले यहाँ सुन्दरता बढाएका छन्। सागरको डिलमा पूजापाठ, स्नान, ध्यान, पर्वमेला, परिक्रमाजस्ता कार्यहरू सुसम्पन्न हुने गर्छन्। प्रत्येक सागर वा पोखरीका आ-आफ्नै इतिहास, कथा र मिथक छन्। जानकी मन्दिरको जग्गा-जमीन पनि प्रशस्त छ तर यसको व्यापक दुरूपयोग र हिनामिना भएको भन्ने पनि सुनिन्छ। गुठी संस्थानअन्तर्गतको गुठी जग्गा पनि धेरै छन्। प्रायः सबै नै सरकारी कार्यालय वा अन्य निकायहरूले गुठीको जग्गामा नै कार्यालय निर्माण गरेर ओगटेका छन् तर गुठी संस्थानमा सामान्य मालपोतसरहको रकम पनि दाखिला हुँदैन भनिन्छ। त्यस्तै ठूलाबडाहरूले पनि गुठी र जानकी मन्दिरको जग्गा अतिक्रमण गरेर बसेका छन् भन्ने व्यापक चर्चा हुने गरेको छ तर कार्यवाही कतै भएको पाइँदैन। गुठी संस्थानकै व्यवहारले पनि यसलाई मद्दत गरेको छ भन्छन् जान्ने-बुझ्नेहरू।

राजर्षि जनकको राजधानी रहिसकेको जनकपुरको प्रागैतिहास लामो छ। जनकका मिथकहरू पनि धेरै छन्। भनिन्छ, ऐतिहासिक रूपमा जनकको विद्वत्सभा

शास्त्रार्थको लागि प्रसिद्ध थियो। उनको सो सभामा ऋषि अष्टाबक्रजस्ता विद्वान् व्यक्तिहरूको बाहुल्य रहन्थ्यो। अष्टाबक्रको शरीर आठ ठाउँ बाङ्गो, झट्ट हेर्दा कुरूप देखिन्थ्यो। उनलाई त्यसको पर्वाह थिएन। उनको बुद्धि बराबर कोही थिएन। भनिन्छ, अष्टाबक्रको शरीर देखेर धर्मसभामा उपस्थित केही विद्वान् हाँसेपछि अष्टाबक्रले पनि "उपस्थित केहीमध्ये त सार्की पनि रहेछन् जो शास्त्रको ज्ञान होइन, मानिसको मासुको बाह्य आकृतिबाट आफ्नो बाह्य ज्ञान देखाउँदारहेछन्" भनेर व्यङ्ग्य गरे छन्।

यहाँ अवस्थित जानकी, राम र अन्य प्रसिद्ध मन्दिरहरू, आश्रमहरू, कुटीहरू, अनगिन्ती सागर र पोखरीहरूले मिथिलाञ्चलको सभ्यता र संस्कृतिको उज्ज्वलपक्ष उद्घाटित गरिरहेका छन्। यहाँका क्षेत्रहरूले रामायणकालीन युगपुरुष श्रीराम र आदर्श नारी जानकीको गाथा गाउँछन्। जनक दर्शनको अध्ययन र राम-जानकी मन्दिरको दर्शन गर्न भारतलगायत अन्य मुलुकहरूबाट तीर्थयात्री आउँछन्। ऐतिहासिक एवम् सांस्कृतिक सम्पदाका अमूल्य निधि यहाँ अनगिन्ती छन्। मैथिली भाषा, संस्कृति र लोकसंस्कृतिको अध्ययन गर्न यहीँ पाइन्छ। यहाँको पञ्चकोशीको धार्मिक भ्रमणले मिथिलाञ्चलको गौरवशाली संस्कृति र सभ्यतालाई सदा जीवन्त तुल्याई राख्न अतुलनीय योगदान गरेको छ। जनकपुरको गौरवमय सभ्यता र संस्कृति छ।

प्रत्येक वर्ष मार्ग शुक्लपञ्चमीका दिन राम-सीताको विवाह उत्सवको पर्व मनाइन्छ। यो पर्वमा भारतको अयोध्याबाट ठूलो सङ्ख्यामा जन्ती आउने र जानकी मन्दिरमा मैथिल परम्पराअनुसार राम-सीताको विवाहोत्सव मनाइन्छ। विवाह पञ्चमीका दिन विवाह गर्न साइत र लगन जुराउनपर्दैन भन्ने मान्यता नेपालमा स्थापित छ।

## मिथिला सांस्कृतिक परम्पराको उज्ज्वल पक्ष

मिथिला नगरी जनकपुरमा दीपावलीको ठीक ६ दिनमा मनाइने छठपर्वको लागि प्रख्यात छ। यद्यपि अन्य स्थानमा पनि छठपर्व हर्ष र उल्लासका साथ मनाइने गरे पनि यहाँ विशेष महत्त्वका साथ छठपर्व मनाइन्छ। कार्तिक शुक्लषष्ठी र सप्तमीको बिहानसम्म उपवास बस्नुपर्छ। षष्ठीका दिन अस्ताउँदो सूर्यलाई अर्घ्य दिएर सबैको सुख, समृद्धि र आरोग्यको कामना गर्छन् भने सप्तमीको बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिन्छन्।

सूर्योपासनाको लागि पोखरी, सागर, तलाउ वा नदी किनारामा पूजाका निम्ति निर्मित स्थलमा छठका मौलिक लोकभाका घन्किन्छन् । त्यसमा लोकप्रिय मानिएका शब्द, "करब हम छठके बरतिया, केरवा जे फरेला गवदसे आई पर सुग्गा मडराय" भन्दै धेरैले एकसाथ गुनगुनाउँछन् । छठपर्वमा सादगी, पवित्रता र लोकपक्ष समावेश छ । भक्ति र अध्यात्मिकताले परिपूर्ण यो पर्वका लागि मन्दिर वा मूर्तिको आवश्यकता हुँदैन । यो पर्वमा टाढा-टाढाबाट आएका परिवारका सदस्यहरू पनि सहभागी हुन्छन् ।

छठपर्वको परम्परामा वैज्ञानिक आधार छ । षष्ठी तिथि एउटा खगोलीय अवसरको दिन हो । यो समयमा सूर्यको पराबैजनी किरण बढी मात्रामा पृथ्वीमा एकत्रित हुन्छ । यसले धेरै रोगलाई नष्ट गर्ने क्षमता राख्छ । भनिन्छ पूर्वजहरूले आफ्नो अनुसन्धानबाट यसको महत्त्व र प्रभाव पाएर नै यो पर्व मनाउन प्रारम्भ गरेका हुन् । पौराणिककालदेखि नै सूर्यलाई आरोग्य देवताको रूपमा मानिआएको र हिन्दूहरूको सबै पूजामा सूर्यलाई अर्घ्य दिने शास्त्रीय विधि पनि रहिआएको छ । सूर्योपासना, सूर्यार्घ्य, निराहार व्रत र उपासना यसका विशेष महत्त्व हुन् ।

कुनै बखत मिथिलाको सभ्यता, संस्कृति र वैभव समस्त क्षेत्रको सभ्यता रहेको थियो । यो भारत र काठमाडौँसम्म पुगेको थियो । पञ्चकोशी तीर्थयात्राको क्रममा नेपाल र भारतका तीर्थहरूको दर्शन गर्ने संस्कृति र परम्परा मिथिलावासीमा अद्यापि छ । मिथिलामा नै मैथिली भाषाको विकास भएको हो । यसमा महाकवि बिदापतिको पनि ठूलो योगदान रहेको छ । मिथिलावासीले आफ्नो सभ्यता, संस्कृति र भाषाको संरक्षण र संवर्द्धनमा योगदान गरेका छन् । गौतमी, गार्गी र मैत्रेयीजस्ता विदुषीहरूले आफ्नो विद्वत्ताबाट तत्कालिक समाजमा गहिरो प्रभाव पारेको र महिलालाई उच्च सम्मान गर्ने परम्परा रही आएको थियो ।

## मिथिलामा दहेजप्रथा

कालान्तरमा यस्तो सत्ज्ञानको क्रमिक रूपमा क्षयीकरण हुन थाल्यो । महिलालाई हेर्ने दृष्टिकोणमा पनि परिवर्तन आउन थाल्यो । प्रकृतिले नारी र पुरुषलाई जन्मजात शारीरिक र जैविक भिन्नता या भनौँ यौनिक भिन्नता सिर्जना गरेको भन्ने तथ्यलाई समाजले भुल्न थाल्यो । यौनिक भिन्नताका आधारमा समाज निर्मित सोच, व्यवहार, आचरण, मापदण्ड, मनोवृत्ति पनि क्रमशः परिवर्तन हुँदै

गए। नारी र पुरुष दुबैलाई प्रजननको महत्त्वपूर्ण जिम्मेवारी दिएर मानव सृष्टिको संरचना निरन्तर कायम राख्न प्रकृतिले जैविक भिन्नता सिर्जना गरेको हो भन्ने तथ्य बिर्सिएर नारीलाई हेर्ने समाजको दृष्टिमा परिवर्तन आयो। रीति-रिवाज र परम्परा कालान्तरमा कुरीतिमा परिणत हुन थाले। नारी र पुरुषलाई हेर्ने सोचमा परिवर्तन आउन थाल्यो। नारीलाई दोस्रो दर्जाको रूपमा हेर्न थालियो। नारीको आत्मनिर्णय गर्ने अधिकार खोसियो। फलस्वरूप शिक्षा, स्वास्थ्य, अवसरजस्ता सबै क्षेत्रमा नारी पछि परे। विवाहमा दाइजो (दहेज) दिनुपर्नेजस्ता अपसंस्कृति भित्रिए। चेलीको शिक्षा, स्वास्थ्य, ज्ञान र क्षमतामा होइन, दाइजो रकमको अङ्कको रूपमा हेर्ने कुसंस्कृतिका जराहरू फैलिए। समाजमा बालविवाहको प्रथा शुरू भयो। दाइजोको त्रासका कारण गर्भमा नै लिङ्ग परीक्षण गरी कन्या भए भ्रूण हत्या गर्न उद्यत हुने पनि देखिए। साथै दाइजो बढाबढ गरेर वर छान्ने अपसंस्कृति पनि भित्रियो भन्ने पनि भए। जो सम्पन्न छ वा वर पढेको छ उसैलाई बढी दाइजो दिनुपर्ने प्रथा विस्तार हुन थाल्यो। विपन्न परिवारले सामर्थ्य नभए पनि घरबार धितो राखी ऋण लिएर दहेज दिनुपर्ने व्यवहार भित्र्याइयो। छोरी चेलीलाई शिक्षाका अवसर जुटाएर स्वावलम्बी एवम् स्वाभिमानी बनाउनभन्दा दाइजो दिएर अर्काको घरमा पठाउन उद्यत हुने अपसंस्कृतिमा बृद्धि हुँदै गयो। दाइजो (दहेज)का कारण पत्नी-बुहारीलाई शारीरिक हिंसा, हत्या, सम्बन्धविच्छेदजस्ता घटनाका विवाद अदालतमा पर्न थाले। यसबाट महिलाहरू नै बढी पीडित हुन थाले।

जनकपुर मैथिली भाषा ,शिक्षा, मौलिक संस्कृति र राजनीतिमा पनि अग्रणी स्थान हो। यहाँका कानून-व्यवसायीहरू पनि सक्षम, लगनशील, सचेत र मिलनसार थिए/छन्। सार्वजनिक गुठीका जग्गादेखि दुनियाँ-दुनियाँ र राज्य र दुनियाँका बीचका विवाद धेरै निरूपण गरियो। सबै अञ्चल न्यायाधीशहरू लगनशील, सक्षम र मिलनसार थिए।

## बन्दी छुट्ता प्रशासनको रोष

जहाँ राजनीतिक चेतना बढी हुन्छ त्यहाँ आन्दोलनको प्रभाव चाँडै पर्छ। म जनकपुर अञ्चल अदालतको न्यायाधीशमा कार्यरत रहेकै अवस्थामा वि.सं.२०४६ साल फागुनमा प्रजातान्त्रिक आन्दोलन शुरू भएपछि यसका झिल्काहरू तत्काल देखा पर्न थाले। राजनीतिक चेतना जनकपुरजस्तो शिक्षित वर्ग भएको क्षेत्रमा तत्काल पर्नु स्वाभाविकै थियो। नेपाल विद्यार्थी सङ्घमा आबद्ध विद्यार्थीहरू

यसको अग्रपङ्क्तिमा देखिन थाले । उनीहरूको राजनैतिक क्रियाकलाप बढ्नासाथ प्रशासनले रोक्न सार्वजनिक सुरक्षा कानून प्रयोग गरेर निवारक नजरबन्दमा राख्न शुरू गऱ्यो ।

जनकपुरका कानून-व्यवसायीहरू धेरै सचेत छन् । नागरिक अधिकारका लागि सदैव अग्रपङ्क्तिमा उभिन्छन् । देश र समाजका बारेमा जानकार उनीहरू नागरिकको हक र हित एवम् कानून र न्यायका बारेमा अरूलाई सिकाउन र हक अधिकारको रक्षा गर्न अग्रभागमा उभिन्छन् । यस्ता मामिलामा अदालतका पनि उनीहरू भरपर्दा सहयोगी नै हुन्छन् । प्रशासनको दमन र नागरिकका हक हननका विरुद्ध कानून-व्यवसायीहरू पनि सक्रिय भए ।

विद्यार्थीवर्गको राजनीतिक क्रियाकलाप नियन्त्रण गर्न स्थानीय जिल्ला प्रशासन कार्यालयले अनेक उपाय रचेको रहेछ । आफ्नो कामको प्रतिरक्षा गर्न सरकारी कर्यालयबाट बनावटी या काल्पनिक कार्य हुन थाले । स्कूलहरूको नाउँमा जडित टेलिफोनको तार काटेको भन्नेजस्ता काल्पनिक कारण देखाएर जिल्ला प्रशासन कार्यालयले निवारक नजरबन्दमा बिदाथीहरूलाई राख्न थालेपछि जिल्ला कार्यालयका त्यस्ता आदेशविरुद्ध अञ्चल अदालतमा बन्दी प्रत्यक्षीकरण विषयका निवेदनहरू पर्न थाले । अदालतमा पर्न आएका त्यस्ता निवेदनहरूको इजलासबाट सुनवाइ गर्नुपऱ्यो । सरकारी पक्षका वकील र निवेदकहरूका कानून-व्यवसायीहरूको बहस सुनेर दाखिल भएका मिसिलहरू अध्ययन गर्दा टेलिफोन नम्बर नै काल्पनिक देखिए । कानूनन् टेलिफोनको तार काटेको कसुरमा सार्वजनिक अपराध ऐन आकर्षित हुन्छ तर सर्वाजनिक सुरक्षा ऐन लगाएर निवारक नजरबन्दमा राख्न कानूनन् नमिल्ने आधारमा अदालतबाट बन्दी प्रत्यक्षीकरणको आदेश जारी भएर जिल्ला प्रशासन कार्यालयका सबै आदेश बदर भए । प्रशासनले थुनामा राखेका दश-बाह्र जना विद्यार्थीहरू अञ्चल अदालतको प्राङ्गणबाटै थुनामुक्त भए । यसबाट स्थानीय प्रशासकको अहम्मा ठूलो चोट लागेछ । अदालतको आदेशबाट क्षुब्ध प्रशासनले आदेश जारी गर्ने सो इजलासका अञ्चल न्यायाधीश, म र श्री कल्याण श्रेष्ठलाई पदच्युत गर्न राजदरबारमा जाहेर गरेछन् । अदालतबाट मुद्दाको रोहमा भएको फैसला वा आदेशउपर प्रशासनले जाहेर गरेकै आधारमा कार्यवाही हुँदैनथ्यो । स्थानीय प्रशासनको जाहेरी पर्दा पनि सो विषयमा यथार्थ तथ्य पत्ता लगाएर मात्र त्यस्ता जाहेरी सम्बन्धित निकायमा पठाउने गरेको सुनिन्थ्यो । जाहेरी पठाएर न्यायकर्ताउपर सदैव अङ्कुश लगाएर आफ्नो इसारामा चलाउने प्रशासनको प्रवृत्ति यहाँ पनि दोहोरियो । निर्भीक न्यायकर्ता त्यसबाट विचलित भएनन् । राजर्षि जनकको समदृष्टि राख्ने दर्शनले यहाँका प्रशासकको मनोवृत्तिमा कुनै प्रभाव परेन ।

# संसदीय निर्वाचनको दायित्व

नेपाल अधिराज्यको संविधान २०४७ लागु भएपछि संसदका सदस्यहरूको निर्वाचन हुने भयो। स्वतन्त्र एवम् निष्पक्ष निर्वाचन सुसम्पन्न गर्न प्रत्येक जिल्लामा अञ्चल न्यायाधीशलाई मुख्य निर्वाचन अधिकृत एवम् एक क्षेत्रको निर्वाचन अधिकृत तोक्ने र जिल्ला अदालतका न्यायाधीशलाई एक क्षेत्रको निर्वाचन अधिकृत तोक्ने व्यवस्था भयो। तदनुसार मलाई सिन्धुली जिल्लाको मुख्य निर्वाचन अधिकृत र सो जिल्लाको क्षेत्र नं १ को निर्वाचन अधिकृत तोकिएको थियो। सो जिल्लामा तीन निर्वाचन क्षेत्र थिए। अन्य निर्वाचन अधिकृतमा क्षेत्र नं. २ मा जिल्ला न्यायाधीश श्री काशीनाथ पोखरेल र क्षेत्र नं. ३ मा सरकारी वकील (उपसचिव) श्री रघुनाथ अर्याल थिए। मेरो नेतृत्वमा सबै क्षेत्रमा शान्त, निष्पक्ष र स्वतन्त्र निर्वाचन सुसम्पन्न भएको थियो। निर्वाचनमा १ नं. क्षेत्रबाट एमालेका मदन ढुङ्गेल, क्षेत्र नं २ बाट नेपाली काङ्ग्रेसका प्रकाश कोइराला, क्षेत्र नं. ३ बाट नेपाली काङ्ग्रेसका डा. ध्रुव शर्मा ढकाल निर्वाचित भए। पञ्चायतकालीन निर्वाचनभन्दा बहुदलीय प्रतिस्पर्धामा आपसमा बढी विवाद गर्ने, निर्वाचनमा दलविशेषका प्रतिनिधि र उनीहरूका अनुयायी आपसमा झगडामा उत्रेर निर्वाचनको मतगणना कार्य बिथोल्ने, गणना अबरुद्ध गर्नेजस्ता अनुशासनहीन कार्यमा पनि संलग्न हुन्थे। कतिपय अवस्थामा सुरक्षा निकायको पनि सहयोग लिनुपर्ने स्थिति आइपर्थ्यो तर सबैलाई संयमित तरिकाले कानूनको आधार र प्रमाण देखाई सबैको सहयोग लिएर स्वच्छ एवम् निस्पक्ष निर्वाचन सुसम्पन्न गरियो।

# पुनरावेदन अदालत हेटौडामा

नेपाल अधिराज्यको संविधान, २०४७ लागु भएपछि वि.सं.२०४८ साल कार्तिक २३ गते अञ्चल र क्षेत्रीय अदालत खारिज भएर पुनरावेदन अदालत गठन भए। साबिक चार तहका अदालत रहेकामा अब अञ्चल र क्षेत्रीय अदालत दुबै खारेज भएर तीन तह कायम भए। क्षेत्रीय र अञ्चल दुबै अदालतको क्षेत्राधिकार पुनरावेदनमा गाभियो। संविधानअनुसार पुनरावेदन अदालतका न्यायाधीशहरू संवैधानिक पदाधिकारीको रूपमा कायम भए। न्याय-परिषद्को सिफारिसमा श्री ५ बाट नियुक्त हुने संवैधानिक व्यवस्था भयो। तदनुसार मिति २०४८।७।२० मा श्री ५ बाट हेटौडा पुनरावेदन अदालतको न्यायाधीशमा मेरो नियुक्ति भयो। जनकपुर अञ्चल अदालतमा रही तीन वर्षसम्म निष्पक्ष एवम् निर्भीक भएर

न्याय-सम्पादन गरेकको थिएँ। मेरो न्यायिक कार्यबाट सर्वोच्च अदालतमा राम्रो प्रभाव परेको अनुभूति हुन्थ्यो।

क्षेत्रीय अदालतको न्यायाधीशबाट पुनरावेदन अदालत जनकपुरको मुख्य न्यायाधीशमा श्री टोपबहादुर सिंहको नियुक्ति भयो। म पुनरावेदन अदालत हेटौडाको न्यायाधीशमा नियुक्त भए पनि सर्वोच्च अदालतबाट रजिष्ट्रार श्री गोपालप्रसाद खत्रीले मलाई फोन गरेर "टोपबहादुर श्रीमान् जनकपुरमा हाजिर भएर ४-५ दिन त्यहाँको वस्तुस्थितिबाट परिचित भएपछि मात्र तपाईं त्यहाँबाट हेटौडाको लागि रमाना लिनुहोला" भन्ने खबर गर्नुभएको थियो। तदनुसार मुख्य न्यायाधीश टोपबहादुर श्रीमान् जनकपुरमा उपस्थित भई पुनरावेदन आदलतको समुद्घाटन कार्यक्रमपश्चात् केही दिन उहाँसँग साथमा बसी म रमाना लिएर हेटौडा प्रस्थान गरेको थिएँ। केही दिनको यो सान्निध्यताले नै उहाँको बहुआयामिक प्राज्ञिक व्यक्तित्वबाट परिचित हुने सुअवसर जुऱ्यो। केही दिनसम्म सँगै बस्दा उहाँको सरल एवम् विनयी स्वभाव र सबैलाई आदर र सम्मान व्यवहार गर्ने आनीबानी र प्रबुद्ध व्यक्तित्वबाट म अत्यन्त प्रभावित भएँ। उहाँले लेख्नुभएका कानूनसम्बन्धी पुस्तकहरू भने मैले अध्ययन गरेकै थिएँ।

पुनरावेदन अदालत हेटौडामा मुख्य न्यायाधीशसहित हामी आठजना न्यायाधीश नियुक्त भएका थियौं। मुख्य न्यायाधीशमा श्री नरेन्द्रबहादुर न्यौपाने हुनुहुन्थ्यो। हामी सबै समयमा नै उपस्थित भएर कार्य सञ्चालनमा केन्द्रित भयौं। साबिक अञ्चल र क्षेत्रीय अदालतका क्षेत्राधिकारका पुनरावेदनहरूका साथै निषेधाज्ञा, परमादेश र बन्दी प्रत्यक्षीकरणका निवेदनहरूसमेत पुनरावेदन अदालतको क्षेत्राधिकारमा आए। हामीले कार्य सुचारू गरेको केही अवधिमा नै सर्वोच्च अदालतबाट प्रधानन्यायाधीश श्री विश्वनाथ उपाध्याय रजिष्ट्रार श्री गोपालप्रसाद खत्रीसहित निरीक्षण भ्रमणमा आउनुभएको थियो।

हेटौडा सबैलाई पायक पर्ने स्थान हो। राजमार्गले पूर्व-पश्चिम वा काठमाडौं वीरगञ्जलगायत जहाँ जान पनि सहज र सरल बनाएको छ। यहाँ प्रसिद्ध भुटनदेवीको मन्दिर रहेकोले दर्शनार्थ म प्रातः भ्रमणमा पुग्न गर्थे। मेरो पनि दैनिकी यस्तै थियो। यहाँ थोरै अवधि मात्र कार्यरत रहने अवसर जुट्यो। वि.सं. २०४९ साल असार महिनामा इलाम र नेपालगञ्जमा पनि पुनरावेदन अदालतहरू गठन भए। थप न्यायाधीश नियुक्ति नगरी पहिले नियुक्त न्यायाधीशहरूबाट नै कार्य सञ्चालन गराउने नीतिअनुरूप न्यायाधीशहरूको सरुवा भयो। मिति २०४९।२।२९ मा मेरो हेटौडाबाट पुनरावेदन अदालत इलाममा सरुवा भएको थियो।

## पुनः जनकपुरमा

क्रमशः पुनरावेदन अदालत हेटौंडा, इलाम र राजविराज हुँदै वि.सं २०५२ चैत्र महिनामा पुनः जनकपुर पुनरावेदन अदालत जनकपुरमा मेरो पदस्थापन भयो। अञ्चल अदालत कायम हुँदा मैले लगभग तीन वर्ष सेवा गरेको थिएँ।

## मुख्य न्यायाधीशको जिम्मेवारी

वि.सं.२०५३ वैशाखदेखि पुनरावेदन अदालत जनकपुरको इजलासमा बसेर न्याय-सम्पादनको काममा तल्लीन भएँ। वि.सं. २०५४ श्रावणमा जनकपुरमा कार्यरत मुख्य न्यायाधीश श्री भैरवप्रसाद लम्साल सर्वोच्च अदालतको अस्थायी न्यायाधीशमा नियुक्ति भएपछि वि.सं.२०५४ साल श्रावणदेखि लगातार दुई वर्षसम्म मैले मुख्य न्यायाधीशको जिम्मेवारी सम्हालें।

बराबर राजविराज र जनकपुरमा रहेर सेवा गरेका कारण मलाई मैथिली भाषामा पनि केही दखल थियो। इजलासमा रहेर कार्य गर्दा वा बिहान-बेलुकी बजारमा गएर किनमेल गर्दा मैथिलीभाषीहरूसँग दोहोरो वार्तालाप गर्थें। भाषागत ज्ञानले पनि पक्षहरूलाई सन्तुष्ट पार्ने रहेछ।

सो वर्ष जानकी मन्दिरमा विवाहपञ्चमी महोत्सवको प्रमुख अतिथिको रूपमा सर्वोच्च अदालतका वरिष्ठतम् न्यायाधीश श्री मोहनप्रसाद शर्मा सपत्नी जनकपुर आएर अदालतको अतिथिको रूपमा बस्नुभएको थियो। वहाँले अदालतको अनौपचारिक रूपमा भए पनि निरीक्षण गर्नुभयो। अर्को वर्ष वि.सं.२०५५ सालको विवाह पञ्चमीको प्रमुख अतिथिको रूपमा सर्वोच्च अदालतका अर्का न्यायाधीश श्री लक्ष्मणप्रसाद अर्याल सपत्नी आएर मेरै अतिथि भएर मुख्य न्यायाधीशको निवासमा बस्नुभयो। पुनरावेदन अदालतको पनि अनौपचारिक निरीक्षण गर्नुभयो।

यो अवधिमा सर्वोच्च अदालतबाट निजी भ्रमणको सन्दर्भमा भए पनि न्यायाधीशहरू श्री केशवप्रसाद उपाध्याय, श्री लक्ष्मणप्रसाद अर्याल, श्री केदारनाथ आचार्य जनकपुर आएर मुख्य न्यायाधीशको अतिथि भएर बस्ने गरेका थिए। जनकपुर पुनरावेदन अदालतका न्यायाधीशहरूको काम कारवाहीको जानकार थिए। अदालतको औपचारिक निरीक्षण गर्न सर्वोच्च अदालतका न्यायाधीश श्री

कृष्णजङ्ग रायमाझी आउनुभएको थियो। वहाँले चार दिन लगाएर अदालतको सबै काम-कारवाही एक-एक गरी जाँच गर्नुभयो। उहाँले निरीक्षण गरेर दिएको निर्देशनले न्यायकर्ताहरूलाई अझ न्याय-सम्पादनमा ऊर्जा थपिएको थियो। उहाँले हेटौडा र पाटन पुनरावेदन अदालतको समेत निरीक्षण गरी दिएको प्रतिवेदनमा जनकपुर पुनरावेदन अदालतको कार्य सबै भन्दा उत्कृष्ट भनी मूल्याङ्कन गर्नुभएको कुरा उहाँ र हेटौडाका मुख्य न्यायाधीश श्रीमीनबहादुर रायमाझीले मलाई जानकारी गराउनुभएको थियो।

इमानदार भएर निष्ठापूर्वक गरेको कामको फल मीठो हुनेमा विश्वास थियो तर फलीभूत भएन। दुई वर्षसम्म निमित्त मुख्य न्यायाधीश भएर पुनरावेदन अदालतको मात्र होइन, मातहत अदालतको समेत मुख्य न्यायाधीशले व्यहोर्नुपर्ने दायित्व व्यहोरियो। सर्वोच्च अदातलको प्रधानन्यायाधीश अध्यक्ष रहेको न्याय-परिषद्ले १५ दिन पाटनका मुख्य न्यायाधीश बिदामा बस्दा त्यहाँ कार्यरत वरिष्ठतम न्यायाधीशलाई का.मु मुकरर गर्न भ्यायो तर दुई वर्षसम्म मैले निमित्त भएर न्याय-सम्पादन गरेको काम अन्य पुनरावेदन अदालतहरू भन्दा उच्चतम् मूल्याङ्कन हुँदा पनि मुख्य न्यायाधीशमा न नियुक्ति गच्यो न का.मु मुकरर। मुख्य न्यायाधीश श्री भैरवप्रसाद लम्साललाई त्यही परिषद्ले सर्वोच्च अदालतको अस्थायी न्यायाधीशमा नियुक्त गरेको थियो।

हुनत न्याय-परिषद् भन्नु र प्रधानन्यायाधीश भन्नुमा सङ्ज्ञासम्ममा भेद छ। वस्तुतः काम प्रधानन्यायाधीशबाटै सम्पन्न हुने हो। संविधानले पनि न्याय-सम्पादन मात्र होइन, न्याय-प्रशासन पनि प्रधानन्यायाधीशकै जिम्मेवारीमा सुम्पेको छ। उनकै इच्छामा यो परिषद् चलिआएको पनि छ। सर्वोच्च अदालतको प्रधानन्यायाधीशको आसनमा बस्ने व्यक्तिको आफ्नो मानिस भएमा उसले का.मु वा पदोन्नति पाउने, राम्रो या मागेको स्थानमा सरुवा हुने तर उनको मानिस नभएमा नपाउने आफ्नो र परायाको रोगले सर्वोच्च अदालत पनि ग्रस्त रहेछ। हुनत पूर्ववर्ती न्यायमूर्तिहरूले पनि यस्तो रूप देखे भोगेको दीर्घ रोग हो भन्थे । त्यसको उदाहरण स्वयम् आफैँ परियो, देखियो अनि भोगियो पनि।

अब कसैले यो विषयमा प्रश्न गरेमा अन्यत्र खोज्न जानुपर्ने अवस्थै परेन। म मात्र होइन मजस्ता अरू पनि धेरै मित्रहरू यस्तै चेपुवामा परेका रहेछन्। आफू परेपछि मात्र चेतनाका द्वार खुल्दारहेछन्। त्यसैले "नमरी स्वर्ग देखिँदैन" भन्ने नेपाली उखान चलेको रहेछ। यो नेपालको राणाशाहीदेखि चलिआएको दीर्घ रोग हो। सबैले पदमा पुग्नुपूर्व त्यो पदमा पुगेपछि, "यस्तो दीर्घ रोग उन्मूलन गर्छौं, कर्मचारी

प्रशासनमा निष्पक्ष व्यवहार गर्छौं, योग्यले नै योग्य ठाउँ पाउँछन् भन्दै फलाक्छन्" तर पदमा पुगेपछि ती सबै भनाइमा नै सीमित हुने गर्छन्, व्यवहार भने ठीक विपरीत। संशय, आशङ्का र त्रासयुक्त अवस्थामा न्याय-प्रशासन चलेको छ। शक्ति र पदमा पुगेपछि मानिस राम्रो होइन हाम्रो चाहिन्छ भन्दै नियुक्ति गर्न आफ्नो मानिस खोज्छन् र आफ्नो नपरेमा पाँडे पजनी गर्छन्। न्याय-परिषद्को कार्य यसैमा सीमित छ यो विशेषण नेपालको कर्मचारीवृत्तमा धेरै पहिलेदेखि चलिआएको हो। विनाकारण यस्तो विशेषण किन आउथ्यो होला र! नेपाललाई सतीले सरापेको मुलुक भन्ने प्रचलन त्यसै चल्यो होला र! यस प्रसङ्गमा एउटा गीतको सम्झना आँउछ–

**"कहिले लहर यो मनमा चल्छ**
**कहिले आँधी बन्छ,**
**प्रश्नलाई पनि प्रश्न छ मेरो**
**भन पानी किन जल्छ ?"** -*सङ्गीतज्ञ अम्बर गुरुङ*

कर्मचारी भएपछि अनुशासनमा बस्नुपर्छ। कानूनको शपथ खाएका व्यक्तिले आफ्ना तालुक हाकिमसँग पौंठेजोरी खेल्न सक्तैन। यदि पौंठेजोरी खेलेमा पहाडसँग कुहिनुको जोडजस्तो हुन्छ। परिणामस्वरूप राम्रो सेवा गरेर आफ्नो वृत्ति विकास र समुन्नति गर्दै जाऔं भन्ने भावना कुण्ठित हुन्छ, दुर्दशा निम्तिन्छ। भुक्तभोगीले यस्ता कुरा व्यहोरेका छन्। त्यसैले मैले यो कुरालाई आफूभित्रै गुम्स्याएर राखी आफ्नो जिम्मेवारी पूरा गर्दै रहें। अदालतको आन्तरिक सुव्यवस्थापनका साथ न्याय-सम्पादनमा पुनरावेदन अदालत जनकपुरको राम्रो अभिलेख राखी मातहत जिल्लाको सुपरिवेक्षण गर्दै रहें। फलस्वरूप पुनरावेदन अदालत र मातहत अदालतको काम-कार्यवाही मेरो कार्यकालमा नमूनाको रह्यो। न्याय-सम्पादनमा पुनरावेदन अदालत जनकपुर अग्र स्थानमा रहेको अभिव्यक्ति दिन भने न्याय-परिषद्का सबै सदस्य अघि सरे। यसैमा चित्त बुझाएर न्याय-सम्पादन गरियो।

## मातहत अदालतको सुपरिवेक्षण

पुनरावेदन अदालतको मुख्य न्यायाधीशले प्रतिवर्ष आफ्नो क्षेत्रभित्रका न्यायिक एवम् अर्द्धन्यायिक निकायहरूको नियमन र सुपरिवेक्षण गरी सर्वोच्च अदालतमा प्रतिवेदन पेश गर्नुपर्ने जिम्मेवारी हुन्छ। लगभग दुई वर्षसम्म मुख्य न्यायाधीशको जिम्मेवारी लिएबाट मातहत जिल्ला अदालतहरू र अर्द्धन्यायिक

निकायहरूको समय मिलाएर मातहत जिल्लाको सुपरिवेक्षण गरियो । सबै ज्लिलाका आ-आफ्ना विशेषता छन् ।

**महोत्तरी :**

महोत्तरी जिल्ला इतिहास बोकेको क्षेत्र हो । भनिन्छ, यस जिल्लामा तीन सयभन्दा बढी पोखरी छन् । पोखरीका डिलवरिपरि पर्याप्त सार्वजनिक जग्गा, भेटघाट गर्ने स्थल, मनोरञ्जन र विश्राम गर्ने थलो, नुहाउने, लुगा धुने, गाईबस्तुलाई पानी खुवाउने, विभिन्न प्रजातिका माछा पालन गर्नेजस्ता बहुउपयोगिताका शान्त र सुन्दर पोखरीहरूले जिल्लावासीको सम्पन्नतालाई टेवा पुऱ्याएका छन् । त्यस्तै आँप बर्गैंचा, नरिवल र सुपारीका रूखहरू, अन्य वनस्पतिले जिल्लालाई नै सुन्दर र हरियाली बनाएको छ । प्रसिद्ध जलेश्वर (शिव )मन्दिर रहेको जलेश्वर महोत्तरीको सदरमुकाम हो । जलेश्वर मन्दिरमा दर्शनार्थीको सदैव भीड लागिरहन्छ । पहिले अञ्चलाधीश कार्यालसमेत रहेकोमा हाल जिल्लास्तरीय कार्यालयहरू, भिट्टामोड भन्सार र नेपाली सेनाको गुल्म रहेको छ । यहाँबाट भारतको सीतामढी, मुजफ्फरपुर, पटना, दरभङ्गा जाने राजमार्ग पर्छ ।

यहाँबाट नजीक मटिहानीमा प्रसिद्ध लक्ष्मीनारायण मन्दिर अवस्थित छ । यो मन्दिर पनि पुरानो मन्दिरमध्येमा पर्छ । मन्दिर आफ्नै जग्गाको बीचमा अवस्थित छ । दाताबाट अर्पित हजारौँ विघाह जग्गा मन्दिरको गुठीको रूपमा छ तर विडम्बना यसको समुचित संरक्षणको अभाव छ । जग्गा अतिक्रमण या हिनामिनामा धेरैको हात रहेको भनिन्छ । मुख्यतः यहाँका महन्तको नै हात रहेको छ भन्छन् जान्ने बुझ्नेहरू । सरकारी विशेष व्यक्तिहरू मन्दिर दर्शन गर्न जाँदा– "जग्गा जोत्ने किसानहरू बाली बुझाउँदैनन्, अव्यवस्थित रूपमा आएर बस्ने र राजनीतिक व्यक्तिहरूसमेतले जग्गा अतिक्रमण गरेर बसेका छन् । जग्गाको बाली विषयमा अदालतमा मुद्दा दर्ता गर्नुपर्दा कोर्ट फी तिर्नुपर्छ" जस्ता समस्या प्रस्तुत गर्छन् । कोर्ट फी अदालती शुल्क हो । त्यो सबैलाई लाग्छ । परन्तु अन्य समस्या बढाउनमा महन्तकै हात छ भन्नेको सङ्ख्या धेरै रहेको पाइयो । दाताले नारायण पूजाआजाका लागि कुनै प्रकारको आर्थिक समस्या नआओस् भन्ने ध्येयले उदारतापूर्वक दानको रूपमा समर्पण गरेको जग्गा परोक्ष रूपमा बिक्री गरी रकम खानु र बाँकी भएको जग्गाको आयस्ता पनि हिनामिना गर्नु गुठी हरण गर्नु हो ।

मैले माथि उल्लेख गरेको शास्त्रीय अवधारणा यहाँ प्रसङ्गवस पुनरावृत्ति गर्नु आवश्यक ठान्दछु । शास्त्रमा भनिएको छ, "**स्वदत्ताम् परदत्ताम् वा ब्रह्मवृत्तिम्**

**हरेच्चयः षष्ठी वर्ष सहस्राणी विष्टायाम् जायते कृमी**" अर्थात् आफूले वा अरूले दान गरेको वस्तु हरण गरेमा साठी हजार वर्षपर्यन्त नरकको विष्टाको कीरा भएर बस्नुपर्छ। कानूनका आँखा हुँदैनन् कानून अरूले देखाउनुपर्छ भनेर अनैतिक कार्य गर्नु पनि आपराधिक कार्य मानिन्छ र निन्दनीय पनि। उपरोक्त शास्त्रीय मान्यतालाई यहाँका महन्तले ठाडै उल्लङ्घन गरेका रहेछन्।

तस्मै बाबाले शुरू गरेको संस्कृत पाठशाला यही मटिहानीमा रहेको छ। भोजपुर दिङ्लाका प्रसिद्ध गुरु आबाल ब्रह्मचारी षडानन्द अधिकारीलेसमेत अध्ययन गरेको पिहिलेको बिदाकेन्द्र अहिले धुमिल अवस्थामा पुगेको छ। यो सबै व्यवस्थापनको कमी-कमजोरीको परिणाम हो भन्ने जनगुनासो छ।

महोत्तरी जिल्ला अदालत र अर्द्धन्यायिक निकायहरूको कामकारवाही सुपरिवेक्षण गर्ने उद्देश्यले जलेश्वर गएको थिएँ। अदालतमा न्यायाधीश श्री पुरुषोत्तम भण्डारी, श्री दामोदर अधिकारी र श्री यज्ञप्रसाद बस्याल तीन जनाको इजलास थियो। तीन जनालाई पर्याप्त काम थियो। दैनिक पर्न आउने कामका अतिरिक्त फौज्दारी अपराधको अनुसन्धानका लागि न्यायिक हिरासतमा राख्न अनुमति पाउँ भन्नेदेखि दैनिक पेशी सूचीका मुद्दा, फैसला कार्यान्वयनका विवादहरू पर्याप्त नै थिए। काम-कारवाहीमा अरूको सिकायत पाइएन तर दामोदरको भने प्रशासन, अदालतका सहायक कर्मचारी र कानून-व्यवसायीहरूले खुलेरै आलोचना गरेको पाइन्थ्यो। कारागार निरीक्षणको क्रममा कारागारको क्षमताभन्दा बढी थुनुवा र कैदीहरू थुनामा राख्ने गरेको पाइयो। कैदी थुनुवाहरूका लागि राति सुत्ने ठाउँको अभाव देखियो। सबै कैदी र थुनुवाहरूको अभिलेख दुरुस्त राखेको पाइयो। उनीहरूलाई दिइने राशन, औषधि-उपचार, लत्ता-कपडा यावत विषयमा कुनै सिकायत थिएन।

जिल्ला, मालपोत, वन, भूमिसुधार कार्यालयहरूबाट निरूपण हुने अर्द्धन्यायिक प्रकृतिका मुद्दाहरूको जाँच गर्दा कानूनले निर्धारण गरेको समयमा मुद्दा किनारा गर्ने, निर्णय लेख्ने, निर्णय कार्यान्वयन गर्ने, अभिलेख दुरुस्त राख्नेलगायत कानूनी प्रक्रिया अवलम्बन गरेको पाइएन। निरीक्षणमा औँल्याइएका त्रुटिहरू सुधार गर्न सबै निर्णयकर्ताको ध्यानाकर्षण गरी निर्देशन दिइयो र सम्बन्धित तालुक निकायमा जानकारी गराइयो।

**धनुषा :**

धनुषा जिल्ला अदालत जनकपुरमा अवस्थित छ। जनकपुरको महत्त्वका बारेमा माथि विवेचना गरिसकेको छु। निरीक्षणको क्रममा जिल्ला अदालतमा मातहतका अन्य अदालतभन्दा बढी कार्यबोझ रहेको पाइयो। दैनिक दर्ता हुने मुद्दा, फैज्दारी अपराधमा आरोपितलाई न्यायिक हिरासतमा राख्न पाउँ भन्ने सरकारी वकीलका निवेदनहरू, दैनिक पेशी सूचीमा निर्णयार्थ पेश हुने मुद्दाहरू, फैसला कार्यान्वयनका विवादहरू, अभिलेख संरक्षणका समस्या दैनिकी रूपमा नै धेरै पर्ने गरेको पाइयो। पक्षको हकहित संरक्षणार्थ कानून-व्यवसायीहरूको पनि बाक्लै उपस्थिति रहनु स्वाभाविक हो। यहाँ मोहनकृष्ण खनाललगायत न्यायाधीशहरू थिए। न्यायाधीशहरूका बारेमा प्रशासन, कर्मचारी वर्ग, कानून-व्यवसायीहरूको सिकायत त्यति पाइएन। पुनरावेदन अदालतको मुकाम पनि यहीं भएकाले खासै समस्या देखा नपर्नु स्वाभाविक पनि हो।

यहाँस्थित अर्द्धन्यायिक निकायहरू जिल्ला प्रशासन, मालपोत, वन र भूमिसुधार कार्यालयलगायतको अर्द्धन्यायिक प्रकृतिका मुद्दाहरूको कामकार्यवाहीको विषयमा जाँच गरियो। निरीक्षण गर्दा देखिएका त्रुटिहरू सुधार गर्न निर्देशन दिने काम गरियो। यहाँ कारागार नभएकाले जाँच गर्नुपरेन।

**सर्लाही:**

अदालतको प्रतिवर्ष निरीक्षण गर्ने क्रममा मलङ्गवा सदरमुकाममा अवस्थित सर्लाही जिल्ला अदालतको निरीक्षण गर्दा तीन इजलास कायम रहे पनि कार्यबोझ धेरै नै पाइयो। पक्षहरूको हकहित संरक्षणार्थ कानून-व्यवसायीहरूको उपस्थिति राम्रै थियो। जनकपुर कानून-व्यवसायीको जस्तो कानूनप्रतिको समर्पण भाव यहाँ त्यति पाइएन। अर्द्धन्यायिक निकायहरू जिल्ला प्रशासन, वन, मालपोत र भूमिसुधार कार्यालयहरूको क्षेत्राधिकारअन्तर्गतका अर्द्धन्यायिक प्रकृतिका मुद्दा-मामिलाको काम-कार्यवाही निरीक्षण गरियो। निरीक्षणमा देखिएका त्रुटिहरूलाई सुधार गर्न लिखित निर्देशन दिइयो। यहाँ पनि कारागारको स्थिति उस्तै रहेछ। क्षमताभन्दा बढी थुनुवा र कैदी राख्नुपर्ने स्थानभावले समस्याग्रस्त। थुनुवा पुर्जी, अभिलेख, राशन, लत्ताकपडा औषधि उपचारजस्ता यावत विषयको जाँचपड्ताल गरियो। देखिएका त्रुटिहरू निराकरणका लागि लिखित निर्देशन दिइयो।

**सिन्धुली:**

जिल्लाको सदरमुकाम सिन्धुली बजार हो। जापान सरकारको सहयोगबाट निर्माण पूरा हुन लागेको बी.पी राजमार्गले छुने यो बजार राजमार्ग पूर्ण भएपछि अरू विकसित हुने आशा लगाएर बजारवासी बसेको प्रायः देखिन्थ्यो। त्यसैले यहाँ दिन-प्रतिदिन पक्की घर निर्माण भइरहेको गतिले त्यसको छनक दिएको पाइयो। पूर्व-पश्चिम राजमार्गबाट शुरू हुने यो राजमार्गले गौरीडाँडा, भिमान हुँदै कमला नदी तरेर सिन्धुली पुगिने बाटो प्रायशः निर्माण पूरा भएको पाइन्थ्यो। अदालतमा एक जना न्यायाधीशलाई पुग्ने सङ्ख्यामा मुद्दा रहेको देखियो। न्यायाधीश श्रीनारायण दाहालले मुद्दा फछ्र्यौट, फैसला कार्यान्वयन, अभिलेख पद्धतिमा सुधार गरेको पाइयो। यहाँको जिल्ला प्रशासन, वन, मालपोत कार्यालयहरूमा अर्द्धन्यायिक प्रकृतिका मुद्दाको निरीक्षण गरियो। जाँच गर्दा देखिएका यहाँ पनि अन्य जिल्लाजस्तै त्रुटिहरू देखियो। कारागार बजारमुनि रहेछ। त्यहाँ पनि कैदी र थुनुवाहरूको अभिलेख, राशन, लत्ताकपडा, औषधि उपचारलगायतका विषयमा जाँचबुझ गरी यथोचित निर्देशन दिइयो।

**रामेछाप:**

मेरो जनकपुर बसाइको अन्तिम निरीक्षण गरेको जिल्ला हो रामेछाप। यहाँ आउन सिन्धुलीबाट पैदल बाटोमात्र जान सकिने र बी.पी राजमार्ग रामेछाप खण्डमा निर्माण भइनसकेकाले काठमाडौँ भएर जाने कार्यक्रम भयो। साथमा रजिष्ट्रार श्रीनारायण पोखेल हुनुहुन्थ्यो। काठमाडौँबाट शाही वायु सेवा निगमको जहाजबाट मन्थली उत्रिइयो। जिल्ला न्यायाधीश श्री विनोद शर्मा हवाईमैदानमा नै आएकाले हामीलाई सजिलो भयो। अदालत भाडाको पुरानो घरमा रहेछ। सबै जिल्लास्थित कार्यालय भाडामा बसेका। भर्खरैजसो सदरमुकाम तोकिएको। सरकारी भवनको लागि जग्गासम्म छुट्याइए पनि निर्माण भएको थिएन। अदालतमा रहेका मुद्दाहरूको जाँचबुझ गरियो। मुद्दाको सङ्ख्या हेर्दा एक न्यायाधीशका लागि पर्याप्त रहेछ। अभिलेख व्यवस्थापन, फैसला कार्यान्वयनलगायत सबै काम राम्रै सम्पादन गरेको पाइयो।

अर्को दिन बिहानै घोडामा चढेर जिल्ला वन कार्यालय र कारागार निरीक्षण गर्न साबिक सदरमुकाम रामेछाप गयौँ। जिल्ला न्यायाधीश विनोदजीले साथ दिनुभयो। त्यहाँ वन कार्यालयका मुद्दा, निर्णय कार्यान्वयनका अवस्था,अभिलेख व्यवस्थापनलगायत विषयमा निरीक्षण गरियो। दिउँसो कारागारमा थुनुवा र कैदीहरूको

अवस्था, थुनुवापूर्जी, अभिलेख व्यवस्थापन, राशन, औषधि-उपचारजस्ता यावत विषयमा सोधखोज गरियो। निरीक्षणको क्रममा देखिएका त्रुटिहरू सुधार गर्न निर्देशन दिई पुरानो बजार एक झलक हेरी बेलुका मन्थली फिरियो। कारागारका केही थुनुवा र कैदी घरेलु इलमअन्तर्गत टोपी, स्वेटरजस्ता सिलाइ-बुनाईका काम गरेर केही आय गर्ने सीप पनि हेरियो। उनीहरूलाई उचित प्रोत्साहनको व्यवस्था गर्न कारागार प्रमुखको ध्यानाकर्षण गरियो।

रामेछाप बजार अग्लो डाँडामा अवस्थित हुँदा सबैतिर राम्रो देख्न र दक्षिणतर्फ सुनकोशीको दृश्यले सबैलाई आह्लादित गर्ने रहेछ। यति राम्रो स्थानबाट सदरमुकाम सार्नुपर्ने कारणमा पिउने पानीको अभाव बताइए पनि पानी व्यवस्था गर्न वैकल्पिक उपाय अवलम्बन गरेको पाइएन। पहाडमा पानीको स्रोत नै नरहेको भन्ने भनाइसँग स्थानीयहरू पनि असहमत रहेको भन्ने भनाइ थियो।

अर्को दिन जिल्ला प्रशासन र मालपोत कार्यालयको अर्द्धन्यायिक प्रकृतिका मुद्दा-मामिलाको निरीक्षण गरियो। प्रायः सबै नै अर्द्धन्यायिक निकायमा आफ्नो जिम्मेवारीका मुद्दा-मामिला यथा समयमा समाधान गर्नेप्रति त्यति गम्भीर भएको पाइएन। कार्यालयमा दर्ता भएका आफ्नो क्षेत्राधिकारका विवादका प्रमाण सङ्कलन गरी शीघ्र किनारा गर्नलाई नै अर्द्धन्यायिक प्रकृतिका विवाद जिल्ला प्रशासन वा मालपोत कार्यालयलाई कानूनले सुम्पेको हो तर त्यसको उद्देश्य परिपूर्तिमा ध्यान दिएको पाइएन। यसको मूल समस्या भनेको अर्द्धन्यायिक प्रकृतिका विवाद सुनी किनारा गर्ने प्रमुखहरूलाई समुचित तालिमको अभाव हो। यसको समाधान गर्न राष्ट्रिय न्यायिक प्रतिष्ठानले पहल गर्नु आवश्यक देखियो ।

# आठौं प्रकाश

# आठौँ प्रकाश–सूची


**प्राकृतिक सामीप्यमा** १८५

- इलामका केही अनुभूति १८५
- प्रकृतिको सुनौलो कारिगरी १८६
- चिया  र अलैँचीको आनन्द १८७
- फेरि इलाममा १९१
- पाँचथर जिल्ला अदालत निरीक्षण १९२
- सदस्य हिरण्येश्वरमानको इलाम भ्रमण १९४
- मुख्य न्यायाधीशमा नियुक्ति १९६
- पुनरावेदन अदालत राजविराजअन्तर्गत प्रकृतिमा रमाउँदा १९९
- युगकविको जन्मभूमि ओखलढुङ्गामा २००
- सोलुको फेदीमा रमाउँदा २०४
- इलामबाट बुटवल २१७
- न्यायिक सुपरिवेक्षण २२०

# प्राकृतिक सामीप्यमा

## इलामका केही अनुभूति

पहिलो पटक पुनरावेदन अदालत इलाममा सरुवा भएपछि हेटौडाबाट रमाना लिई काठमाडौँमा परिवार छोरा सञ्जीव र सान्त्वनाहरूलाई पढने व्यवस्था मिलाई इलामको लागि वि.सं २०४९ असार १८ मा प्रस्थान गरेँ । कल्पनाले छोराछोरीको अभिभावकको रूपमा काठमाडौँमा बस्नुपर्‍यो । कान्छो छोरा शशाङ्क मसँगै इलाममा गएर पढ्ने भयो । काठमाडौँबाट प्रस्थान गर्दादेखि नै अत्यधिक वर्षा हुन थालेको थियो । रातभर वर्षा भइरह्यो । बसको छतमा राखेका झिटी-गुन्टा, कपडा सबै भिजे । बिर्तामोडमा पुग्दा इलाम जाने राजमार्ग इलामको क्षेत्रको प्रवेशविन्दुभन्दा अलिक अघि पहिरोले भत्काएको रहेछ । यातायात बन्द भएकाले इलाममा मुख्य न्यायाधीश श्री महेश्वरमान प्रधानलाई सोबारे अवगत गराएँ । उहाँले बाटो अबरुद्ध भएको स्थानसम्म झापाका जिल्ला न्यायाधीश श्री उद्धव बाँस्कोटाले गाडीबाट पुर्‍याउने व्यवस्था मिलाइएको र इलामतर्फको भागमा प्रमुख जिल्ला अधिकारीको गाडीले ल्याउने प्रबन्ध गरेको खबर गर्नुभएकाले पर्खिएर बसेँ । चार बजेतिर जिल्ला न्यायाधीश श्री उद्धब बाँस्कोटाले प्रहरी एस्. पी.को गाडी पठाएकाले सो गाडीबाट मार्ग अबरुद्ध स्थानसम्म पुगियो । बाटो धेरै क्षति भएको रहेछ । भीरबाट ढुङ्गा माटो निरन्तर झरिरहेको थियो । विकल्प केही नदेखी बच्चै भीरैभीर सानो छोरालाई समातेर निरन्तर अघि बढी बाटो छिचोलियो । मेरा झिटी-गुन्टा गाडीमा भएका सहयोगीहरू र प्रहरीले घिसारेर पार गरे तर उता इलामतिरबाट आएको गाडी फर्किएछ । हामी बाटोमा बिचल्लीमा पर्‍यौँ । हामीलाई पुर्‍याउन आएको प्रहरीको गाडीमा वाकीटकी रहेछ । सोमार्फत मुख्य श्रीमान्लाई बाटामा भएका घटनाको सबै विवरण प्रस्तुत गरेँ । राति १० बजेसम्म एउटा छाप्रोमा बस्यौँ । मेरो सहयोगी र झापा जिल्ला अदालतका सहयोगीले साथ दिए । राति १० बजेपछि सडक विभागको

गाडीले उद्धार गरेर सडकको अतिथि कक्षमा पुऱ्याएपछि त्यहीँ रात व्यतीत गरी अर्को दिन बेलुकी प्र जि.अ ले पठाएको गाडीबाट इलाम पुगियो ।

मुख्य न्यायाधीश श्री महेश्वरमान प्रधानले हाम्रा लुगा-गुन्टा सबै पानीले भिजेको थाहा पाएर चिया विकासको अतिथिगृहमा बस्ने व्यवस्था गरिदिनुभयो । खाना भने उहाँकै आवासमा प्रबन्ध भयो । तीन-चार दिनसम्म अतिथिगृहमा बसी लुगा-कपडा सुकेपछि मात्र न्यायाधीशको निवासमा सर्ने व्यवस्था गरौं । सानो छोरा शशाङ्कलाई स्थानीय विद्यालयमा प्रवेश गराएर पढने प्रबन्ध गरौं । यसरी अल्प अवधिमा दुई स्थानमा सरुवा हुन पुगियो ।

इलाम क्षेत्र प्रवेश गरेपछि इलामको रमणीय प्रकृतिले पुलकित पाऱ्यो ।

## प्रकृतिको सुनौलो कारिगरी

धरतीमा कतै स्वर्ग छ भने त्यो हो– नेपाल । नेपालमा पनि इलाम । प्रकृतिले राम्रा-राम्रा वस्तुहरू छानीछानी निर्माण गरेर रमणीय र मनोहरि बनाएको रहेछ इलामलाई । मनमोहक गगनचुम्बी कञ्चनजङ्घाको हिमशृङ्खला, सूर्योदय र सूर्यास्तका आल्हादकारी अद्भुत एवम् रोमाञ्चकारी दृश्यावली पस्कने श्रीअन्तु डाँडा, जैविक विविधताले परिपूर्ण रोमाञ्चक एवम् रमणीय नौकुने माईपोखरी र सुन्दर भू-बनौटले यहाँको सौन्दर्यलाई सिँगारेको रहेछ । "चाहिँदैन मलाई नौगेडी तिलहरी, छातीभरि लगाइदेऊ नौकुने पोखरी"; जस्ता राष्ट्रकवि माधवप्रसाद घिमिरेका लोकप्रिय गीतले इलामको सौन्दर्यलाई जनजिब्रोमा पुऱ्याएर झनै मनमोहक बनाएको रहेछ । साधारण भाषामा असाधारण सौन्दर्यको तरङ्ग छरिएको गीत प्रायः लेखे-पढेकाको जिब्रोमा झुण्डिएको रहेछ । यहाँका प्रकृतिप्रेमी जाँगरिला किसानले यो जिल्लालाई हराभरा, रसिला र भरिला बनाउन आफ्ना लगन र पसीनाले माटो सिञ्चन गरेका रहेछन् । केही उब्जनीका आधारमा इलामको चिनारी पस्केका रहेछन् । पाँच "अ" बाट शुरू भएका उब्जनीहरूमा अदुवा, अलैँची, आलु, अम्रिसो, ओलन थिए । अब भने एक "अकबरे" खोर्सानी थपिएर छ मा पुगेको रहेछ । यी सबै उत्पादनबाट यहाँका परिश्रमी किसानले प्रतिवर्ष अरबौँ रूपियाँ इलाममा भित्र्याउन सफल भएका रहेछन् ।

# चिया  र अलैँचीको आनन्द

यहाँको अर्को महत्त्वपूर्ण उत्पादन चिया हो । नेपालमा नै पहिलो चिया खेती इलामबाट श्रीगणेश भएको थियो । इलामका तत्कालिक बडाहाकिम गजराजसिंह थापाले वि.सं.१९२० मा भारतको दार्जिलिङबाट चियाका बिरूवा ल्याएर रोप्न शुरू गराएका थिए । त्यसको पन्ध्र वर्षपछि वि.सं.१९३५ मा चिया कारखाना स्थापित भएर चिया उत्पादन शुरू भएको इतिहासले जनाएको छ । मुलुकको जेठो यो कारखानाले अर्थोडक्स चिया उत्पादन गर्थ्यो । इलामको चिया भनेपछि चिया खान सबै लालायित हुन्थे । उनले शुरू गरेको चिया इलाममा मात्र सीमित रहेन । हाल नेपालका अन्य धेरै जिल्लाहरूमा भित्रिइसकेको छ तर चियाखेतीको शुरूवात गर्ने श्रेय भने इलामको नै छ ।

प्रकृतिको सुरम्य उपहार इलाममा खोल्सा-खोल्सी चिस्यान क्षेत्र प्रशस्त रहेछन् । यस्तो भूमिमा बढ्ने र फल्ने अलैँची यहाँको अर्को मूल्यवान् उपहार रहेछ । यहाँका खोल्सा-खोल्सी र चिस्यान स्थानहरूमा थोरै मिहिनेतबाट धेरै लाभ दिने अलैँची खेती किसानहरूको अर्को महत्त्वपूर्ण व्यवसाय रहेछ । यो व्यवसाय धेरैको आकर्षक र लाभकारी पनि रहेछ । चिया र अलैँचीबाट पनि इलाममा यथेष्ट विदेशी मुद्रा  भित्रिँदोरहेछ । यो पङ्क्ति उल्लेख गर्दा निम्नः कविता मेरो मन मस्तिष्कमा बराबर आउँछन्–

**“थुम्का थुम्का चिया र झुम्का झुम्का अलैँची उमारेर**
**सन्तोषले एक्कासी सुस्मित उठेझैँ**
**हरियो भरियो इलाम देख्दा मलाई**
**नेपाल भरि अलि अलि इलाम छर्न मन लाग्यो,”** *भूपि शेरचन*

उनै भूपिको अर्को शब्द, “**अल्झेछ क्यारे पछ्यौरी चियाको बोटमा**” ।

कति मीठो भाव, कति राम्रो सन्देश !

नेपालभरि इलामका मिहिनेती किसानको जस्तो जाँगर, प्रयास, उत्पादन र सौन्दर्य भिऱ्याउन पाए नेपाल साँच्चिकै सुखी, शान्त, उन्नत र  वैभवयुक्त हुने थियो । महाकवि देवकोटाको, “सुन्दर, शान्त विशाल” कविताको भाव सार्थक हुने थियो ।

साहित्यिक र शैक्षिक क्षेत्रमा पनि इलाम अग्रस्थानमा रहेछ । वि.सं. २००९ सालमा करफोक बिदामन्दिरमा बृहत् कविगोष्ठी भएको थियो । यसमा महाकवि

श्रीलक्ष्मीप्रसाद देवकोटा, कविशिरोमणि श्री लेखनाथ पौडेल, नाट्यसम्राट बालकृष्ण समजस्ता ख्यातिप्राप्त कविहरूको उपस्थितिमा कविगोष्ठी भएको आजपर्यन्त जान्ने-बुझ्नेहरू सगर्व वर्णन गर्न रुचाउँछन्। त्यस्तै वि.सं. २०४१ सालमा इलाम टुँडीखेलमा भएको कविगोष्ठीमा धेरै अग्रज साहित्यकारहरूको सहभागिता थियो। इलामले महानन्द सापकोटा, डा. तारानाथ शर्मा, पासाङ गोपर्मा, माधव भण्डारीलगायत धेरै सर्जक र स्रष्टाहरू जन्माइसकेको छ। साहित्यको क्षेत्रमा उनीहरूको विशिष्ट योगदान रहेको छ। पाँचथर, ताप्लेजुङ र झापालगायत नेपालको अन्य भागको लागि पनि इलाम उत्प्रेरक रहेको छ।

इलामको प्रवेश विन्दुदेखि नै प्राकृतिक सुन्दरता र रमणीयताले त्यहाँ जाने जोसुकैलाई मोहनी लगाइरहन्छ। मलाई पनि मोहनी नै लगायो। इलाममा रहँदा बस्दा प्रकृतिका हरियाली र अनुपम सौदर्यको साथै यहाँको भूगोल, परिवेश, समाज, रीतिस्थिति, सभ्यता, शिक्षा र संस्कृति, परम्परा, जनजीविका जस्ता बहुविध विषयमा साक्षात्कार हुने अवसर जुट्यो। मुद्दा-मामिला निरूपण गर्ने जिम्मेवारी छँदै थियो। यस्ता विविध विषय जान्ने अवसर पनि हात लाग्यो। दुई-दुई पटक पदस्थापन भएर यहाँको सौन्दर्यमा रमाउँदै चिन्तारहित भएर निष्ठापूर्वक न्यायाधीशको जिम्मेवारी पूरा गर्ने र हाँसी-खुशी सेवा गर्ने सुअवसर पाएँ।

व्यक्ति-व्यक्ति, व्यक्ति र सरकार, सरकार र व्यक्तिबीचका विवादहरू स्वतन्त्र एवम् निष्पक्ष भएर निरूपण गरेँ। रमाउने कारण थियो, केवल त्यहाँको मनमोहक प्राकृतिक वातावरण, सहयोगी भरपर्दा साथीहरू, स्थानीय अधिकारीहरू र नागरिक समाजको पूर्ण सहयोग। कानून-व्यवसायीको अनुशासन। यी सबै मेरा लागि अजस्र ऊर्जा थिए। ती ऊर्जाले मलाई घर-परिवारको चिन्ता बिसाउन बल प्रदान गरेको थियो। काममा जाँगर र जोश बढाएको थियो। न्याय-सम्पादन गर्ने राष्ट्रसेवकले नेपालभर जहाँ रहे पनि निष्पक्ष एवम् स्वतन्त्रपूर्वक न्याय-सम्पादन गरेर नेपाली मात्रको सेवा गर्नु परम कर्तव्य हो। एक मात्र राष्ट्रधर्म हो भन्ने मन्त्र लिएको थिएँ।

इलामको प्राकृतिक सौन्दर्य रमाइलो त छँदैछ। सङ्गीतकारहरूले पनि आफ्ना सङ्गीतले इलामलाई सङ्गीतमय तुल्याएका छन्। केही गीतका पङ्क्ति उद्धृत गर्न सान्दर्भिक लागेको छ–

"**बादलुको घुम्टोले**
**इलाम बजार छोपिँदा,**
**मैले सबलाई बिर्सेछु**
**तिमीलाई सम्झँदा.....,**" *–बुद्धवीर लामा*

**"इलामे शहर चियाबारी राम्रो,**
**त्यहीं पऱ्यो घर हाम्रो,**
**कसकी हो छोरी, पातली मोरी**
**लैजाने आँट हाम्रो"** *–रमेश बोखिम*

इलामसम्बन्धी धेरै गीतकारले आ-आफ्ना कालजयी गीतमार्फत इलामको वर्णन गरेका छन् । प्राकृतिक छटा शब्दमा पोखेका छन्, महिमा गुनगुनाएका छन् । यी कालजयी गीत, स्वर र सङ्गीतले पनि इलाम जान्ने-बुझ्नेको गन्तव्यको सूचीमा प्रथम स्थान ओगट्न पुगेको छ । यस सन्दर्भमा चिनियाँ दार्शनिक लाओत्सीको कथन स्मृतिमा आउँछ । उनले भनेका छन्, "प्रकृतिले कहिल्यै हतार गर्दैन । भाँति पुऱ्याएर सबै काम निष्कर्षमा पुऱ्याउँछ ।" त्यसैले इलाम स्वर्गको टुक्रा बनेको रहेछ । स्वर्गको मनोहर आकृति प्राप्त गरेछ ।

यस्तो रमाइलो इलाममा बस्न पाउनु पनि पूर्वजहरूको स्नेह र आशीर्वाद चाहिँदो होला भन्ने लाग्छ, नत्र किन इलामबाहेक अरू जिल्ला यस्तो रसिलो, हरियो र भरियो लाग्दैन । अनि किन अन्यत्रका निवासीहरू इलामका जस्ता उद्यमी, मिहिनेती, जाँगरिला, स्नेही, रसिला र भरिला छैनन् अनि विश्वसनीय सहयोगी पनि । यहाँको प्रकृति, यहाँ अवस्थित उच्च हिमशृङ्खला कञ्चनजङ्घा, यहाँकै माई र बेनी अनि यहाँकै देवी-देवताको वरदान पो हो कि ! इलाममा प्रसिद्ध सिंहबाहिनी भगवतीको मन्दिर छ । बिहान भ्रमणमा दर्शनार्थीहरूको धेरै भीड हुन्छ । इलामदेखि अलि पर प्रसिद्ध गजुरमुखी देवीको मन्दिर छ । यहाँ भगवतीको दर्शनार्थ टाढा-टाढाबाट भक्तहरू आउँछन् ।

पुनरावेदन अदालत इलाममा रहेर अदालत र अन्य अर्द्धन्यायिक निकायहरूको निरीक्षण क्रममा ताप्लेजुङ, पाँचथर, झापा र इलाम जिल्लाहरूमा पटक-पटक भ्रमण गर्रें । ती जिल्लाको रमणीय प्राकृतिक दृश्य हेर्रें । स्थानीयवासीमा आ-आफ्नो व्यवसायमा लगाव थियो । समाजमा आपसी सहयोग र संहिष्णुता । ताप्लेजुङको पाथीभारादेवीको मन्दिरमा दर्शनार्थीहरूको धार्मिक यात्राको उल्लासपूर्ण लहर थियो । यहाँको रमणीय दृश्यले पर्यटकहरूको मन आकर्षित गरिरहन्थ्यो । किसानहरूको अलैंचीको साथै अन्य बालीनालीप्रतिको आकर्षण बढिरहेको थियो । जडीबुटीमा चिराइतो, जटामसी, पदमचाल, पाखनबेतजस्ता विविध प्रकृतिका जडीबुटी उत्पादन र सङ्कलनप्रति अथक मिहिनेतले विदेशी मुद्रा आर्जनमा सहयोग पुगेको थियो । इलाम र झापामा चियाखेतीप्रतिको बढ्दो लगानी,

आधुनिक कृषि व्यवसायप्रति आकर्षण, विकास निर्माणमा तीव्रताजस्ता कार्यबाट भ्रमण गर्नेहरूको मन त्यसै-त्यसै आकर्षित हुँदोरहेछ ।

म पहाडमा जन्मिएर हुर्के-बढेको भएकाले यहाँका क्रियाकलापबाट बढी प्रभावित हुनु स्वाभाविकै हो । प्रत्येक जिल्लाको प्रायः वस्तुस्थिति मिल्दोजुल्दो भएकाले पृथक् पृथक् वर्णन आवश्यक भएन । ती जिल्लाहरूमा न्यायाधीशहरूबाट भएका न्याय-सम्पादन र यसबाट समाजमा परेको प्रभाव, निर्णय कार्यान्वयन, जनभावना, जिल्लाको फैसलाउपर परेका पुनरावेदनको निरूपणजस्ता यावत कार्यको निगरानी गर्ने, न्यायाधीशको नेकीवदी राख्ने, न्याय-परिषद् र सर्वोच्च अदालतमा जानकारी गराउनेजस्ता जिम्मेवारी पूरा गर्दै । इलाम बस्दा मेची अञ्चलका सबै स्थानहरूका केही दृश्य हेर्ने अवसरसमेत पाएँ । यसबाट मेरो स्थानीय निवासीको रहन-सहन, संस्कृति र आर्थिकस्थिति, महिलाका अवस्थाजस्ता विषयको अध्ययनमा बल पुगेको अनुभूति भयो ।

अर्द्धन्यायिक निकायबाट निरूपण हुने विवादहरू पनि निर्धारित समयमा हुने गरेका छन् छैनन्, भएका निर्णयहरू कार्यान्वयन भएका छन् छैनन् जाँच गर्नुपर्ने हुन्छ । कारागारमा थुनामा रहेका व्यक्तिहरूको उचित रेख-देख, खान-पान, स्वास्थ्य सुविधा, पारिवारिक भेटघाट, इलम सिकाउने र कैदी थुनुवालाई स्वावलम्बी बनाउने घरेलु व्यवसाय, फैसलाबमोजिम थुनामा राखेकाले कानूनले पाउने सुविधा प्रयोग गर्न पाएका छन् वा छैनन् ! यावत् कुराको निरीक्षण गरी उपयुक्त निकासा दिनुपर्ने हुन्छ । यस्ता कार्यका लागि आफ्नो मातहत जिल्ला अदालत र जिल्लास्तरीय अर्द्धन्यायिक निकायको निरीक्षण गर्न वर्षमा दुई पटक भ्रमणमा गरी आफ्नो जिम्मेवारी निर्वाह गरियो ।

इलाम जति रमणीय र मनोहर छ, यहाँका निवासीहरू पनि यस्तै सुसंस्कृत, सविनयी, स्वाभिमानी, इमानदार र मेहनती पाएँ । प्रकृतिले जति सुन्दर संरचना गरेको छ, यहाँका निवासीले पनि प्रकृतिलाई शृङ्गार-पटार गरेर अझ सुन्दर बनाएका रहेछन् । यसरी इलामको नयाँ चिनारी भएछ । त्यसैले इलाम रमणीय, हरियालीयुक्त, रसिलो, भरिलो र स्वर्गसमान सुन्दर भएको रहेछ ।

हुन पनि इलामको मनोरम प्रकृतिकाबारे मैले माथि केही सङ्क्षेपमा केही उल्लेख गरेको छु । वास्तवमा भन्ने हो भने यहाँ प्राकृतिक सुन्दरता, रमणीयता र विविधता यत्रतत्र छरिएका छन् । यहाँका निवासी मिहिनेती, उद्यमी र जाँगरिला छन् । अनि छन् शिक्षा, सभ्यता र संस्कारले युक्त । आफ्नै परम्परा र संस्कारले

ओतप्रोत यहाँका निवासीले घर सफासुग्घर राख्ने मात्र होइन, घरलाई फूलबारीले ढकमक्क बनाउने, पाहुनाप्रति मन्द मुस्कानसहित पारिवारिक स्नेह वर्षाउने र आफ्ना सन्ततिलाई उचित शिक्षा प्रदान गर्न सदैव अगाडि बढ्ने यहाँको शैली अनुकरणीय नै रहेछ। साहित्य, सङ्गीत, कला, पत्रकारिता, शिक्षासेवाजस्ता यावत विधामा यहाँका अधिकाङ्श व्यक्तिले आफूलाई उच्च स्थानमा उभ्याएका छन्। त्यसैले यहाँका विद्वत्वर्गसँग बस्न र रमाउन मन लाग्छ। यहाँका निवासी र प्रकृतिलगायत चराचर जगत्ले बाहिरबाट आउने सबैलाई सदैव दुई हातले नमस्कार गरेर पुष्पगुच्छाले स्वागत गरेझैं लाग्छ। त्यो देखेर नेपालभरि इलाम छर्न पाए कति समृद्ध हुँदो हो नेपाल ! भन्ने लाग्छ। इलामको स्मृति र अनुराग अद्यापि मेरो मन-मस्तिष्कमा रहिरहेको छ। बिर्सन सक्तिनँ।

## फेरि इलाममा

वि.सं. २०५५ चैत्र महिनामा जनकपुरमा कार्यरत रहँदा पुनरावेदन अदालत इलामको न्यायाधीशमा मेरो पुनः सरुवा भएछ। इलाम पुनरावेदन अदालतमा जान रमाना लिएँ । म पुनरावेदन अदालत जनकपुरमा दुई वर्ष मुख्य न्यायाधीशको जिम्मेवारी लिएर आफ्नो अदालत र मातहत अदालतको काम कार्यवाहीमा सक्रिय रहेको थिएँ। यो अवधिमा सर्वोच्च अदालतबाट धेरै पटक निरीक्षण र न्यायमूर्तिहरूका औपचारिक-अनौपचारिक भ्रमण भए। अदालतबाट सम्पादन भएका न्याय-निरूपणलगायतका सबै कार्य एवम् मुख्य न्यायाधीशले पूरा गर्नुपर्ने जिम्मेवारी र दायित्वका कार्य अब्बल ठहरिए तर कामको मूल्याङ्कनअनुसार मुख्य न्यायाधीशमा नियुक्ति वा मानपदवीजस्ता प्रोत्साहनका कार्य भएनन्। सर्वोच्च अदालत र न्याय-परिषद्ले प्रदान गर्ने मुख्य न्यायाधीशको पगरी पनि मैले पाउने सम्भावना रहेन। म परिषद्का पदाधिकारीको कोटामा पर्दै परिनँ। सदैव कामप्रति समर्पणमा रही आफ्नो जिम्मेवारी निष्ठापूर्वक निर्वाह गर्ने, स्वतन्त्र र निष्पक्ष न्याय-सम्पादन गर्ने कर्तव्यलाई नै ब्रह्मा, विष्णु र महेश्वर मान्ने व्यक्तिले प्राप्त गर्ने कुरा पनि भएन। परिषद्का पदाधिकारीको सुमेरु पर्वत परिक्रमा गर्ने गणेश प्रवृत्ति मैले अनुकरण गर्न सकिँन।

जनकपुरबाट वि.सं. २०५६ साल वैशाख शुरूमा नै बिदा भएँ। केही दिन विराटनगर घरमा गएर आराम गरी इलाममा हाजिर हुन गएँ। मभन्दा वरिष्ठतम् अरू न्यायाधीश नभएकाले म मुख्य न्यायाधीशको निवासमा नै बसेँ। सर्वोच्च अदालत

वा न्याय-परिषद्ले जनकपुरमा दुई वर्षसम्म वास्ता गरेन भने यहाँ के गर्ला ? मैले त्यसतर्फ चासो राखिनँ । बहाली गरेर काममा जुर्टैं ।

## पाँचथर जिल्ला अदालत निरीक्षण

म पुनरावेदन अदालत इलाममा हाजिर भएको केही दिनपछि नै पाँचथरका जिल्ला न्यायाधीश श्री देवराज श्रेष्ठको विषयमा केही कुरा बुझी प्रतिवेदन पेश गर्न मलाई न्याय-परिषद्बाट आदेश आयो । उनी त्यहाँबाट सरुवा भइसकेका थिए । निजको स्थानमा अर्का जिल्ला न्यायाधीश श्री मेघनाथ भट्टराई हाजिर भएका थिए । अब त्यो पत्रको विषयमा मात्र बुझ्नुभन्दा अदालत निरीक्षण गरी सबै विषयमा जाँच गरी प्रतिवेदन गर्नु उपयुक्त हुने ठानेर रजिष्ट्रार श्री खेमराज सुवेदीसहित अन्य दुई सहयोगी लिई पाँचथर फिदिम गयौं ।

चार दिनसम्म अदालतको निरीक्षण गरी परिषद्को आदेशबमोजिम पूर्ववर्ती न्यायाधीशका क्रियाकलापबारे अध्ययन गरियो । साथै अन्य सबै अर्द्धन्यायिक निकाय जिल्ला प्रशासन, वन र मालपोत कार्यालयको निरीक्षणसमेत गरियो । अर्द्धन्यायिक निकायहरूलाई छिटो छरितो रूपमा सेवा प्रदान गर्न अर्द्धन्यायिक प्रकृतिका विवाद समाधान गर्ने उद्देश्यका साथ कानूनले अधिकार प्रदान गरेकोमा तदनुकूल काम गर्ने गरेको पाइएन । अनावश्यक रूपमा वर्षैभरि पक्षलाई तारिखमा झुलाउने, तत्काल निर्णय गरिदिए हुनेमा पनि अनावश्यक तारिखमा राख्ने, निर्णय गरेपछि तत्काल निर्णय नलेख्ने, कसुरदार ठहरिँदा लाग्ने कैदभन्दा बढी थुनामा राख्ने, निर्णयअनुसार दण्ड-जरिवाना तत्कालै असूल नगर्ने, निर्णय कार्यान्वयनतर्फको अभिलेखै नराख्नेजस्ता त्रुटिहरू प्रायः सबै कार्यालयमा देखिए । ती त्रुटि तत्काल सुधार गर्न र भविष्यमा यस्ता त्रुटिहरूको पुनरावृत्ति नहुने व्यवस्था गर्न सम्बन्धित कार्यालय प्रमुखको ध्यानाकर्षण गरियो । यसरी चार दिन लगाएर जिल्ला अदालत र अन्य अर्द्धन्यायिक निकायको निरीक्षण गरेर इलाम फिर्ता आइयो ।

पुनरावेदन अदालत इलाममा अन्य न्यायाधीशमा श्री रमेश भा, श्री माधवप्रसाद ओझा, श्री ज्ञानेन्द्रबहादुर कार्की, श्री मोहनप्रसाद घिमिरे र श्री हरिप्रसाद घिमिरे सरुवा भएर आए । सबै न्यायाधीश सहयोगी प्रकृतिका र काममा सधैं अघि बढ्ने स्वभावका कारण न्याय-निरूपण गरी मुद्दाको सङ्ख्या कम गर्न सहज भयो ।

इलाममा हाजिर भएको केही अवधिपछि सर्वोच्च अदालतबाट मलाई मिति २०५६। २।३ मा मुख्य न्यायाधीश पदमा कायममुकाम मुकरर गरेको पत्र प्राप्त भयो । यस विषयमा मैले प्रयास वा रुचि राखेको थिइनँ । जे को पनि समय हुँदोरहेछ । समयमा पाएको वा भोगेको कुराले महत्त्व पाउने र समय घड्किएपछि त्यसको मूल्यमा कमी आउनु स्वाभाविक भन्ने लाग्यो । जनकपुरमा कार्यरत अवस्थामा का .मु. गर्दा उनीहरूका मानिसको अनुकूल हुँदैनथ्यो, त्यसैले गरेनन् । हुन त मलाई यकिन जानकारी भएन तर सञ्चारकर्मीहरूले केसम्म लेखे भने– प्र.न्या. स्वयमूले झगडियाको एकाघरको प्रमुखलाई झगडियाकै घरमा गएर सम्मान गरे । त्यसको केही दिनपछि त्यो झडियाको मुद्दा आफ्नै इजलासमा राखी जिताईदिए । यस प्रकारका समाचार खबर प्रकाशन भए । त्यसको वास्तविकता सञ्चारकर्मीहरू नै जानुन् । मेरो सरोकारको विषय पनि थिएन । चियोचर्चो गर्ने काम पनि रहेन । अहिले का.मु. गरे पनि काम उही थियो । काममा कुनै त्रुटि हुन नदिई आफ्नो पदीय जिम्मेवारी पूरा गर्न जुटियो ।

मुख्य न्यायाधीशको जिम्मेवारीअनुसार कानूनले तोकेका विवाद नेपालको संविधान र कानूनअनुसार न्याय-निरूपणमा सक्रिय रहैं । न्याय-सम्पादनमा अन्य न्यायाधीशहरूको साथ र सहयोग पर्याप्त थियो भने अदालतका रजिष्ट्रार र अन्य जनशक्तिको पनि उत्तिकै सहयोग थियो । न्याय-निसाफ अदालतको जनशक्तिबाट मात्र सम्भव हुँदैन, यसका लागि कानून-व्यवसायीहरूको पनि उत्तिकै सहयोग र सहभागिता आवश्यक पर्छ । उनीहरूको पनि साथ सहयोग सदैव रह्यो । फलस्वरूप पहाड ताप्लेजुडदेखि मधेश झापासम्मका विवादहरू द्रूतगतिले निरूपण गर्न सफल भइयो । यसमा नागरिक समाजको पनि उत्तिकै सहयोग रह्यो ।

दिनहरू यसरी नै आफ्ना गतिले बित्दै गए । यसैबीचमा २०५६ भाद्र महिनामा सर्वोच्च अदालतबाट प्रधानन्यायाधीश श्री मोहनप्रसाद शर्माले मलाई फोन गरेर पुनरावेदन अदालत विराटनगरमा गएर मुख्य न्यायाधीशको कार्यभार समाल्न आग्रह गर्नुभयो । त्यहाँ कार्यरत मुख्य न्यायाधीश श्री चन्द्रप्रसाद पराजुली मृगौला रोगले पीडित भएर मृगौला प्रत्यारोपणका लागि मद्रास जानुभएको रहेछ । विराटनगर जाने आग्रहलाई, "मुख्य न्यायाधीशमा नियुक्ति गर्ने भए म जुनसुकै पुनरावेदन अदालतमा जान तयार रहन्छु तर अरूको पदाधिकार रहेको पदमा का.मु.भएर विराटनगरमा जान मलाई रुचि छैन । बिदाबाट मुख्य न्यायाधीश फर्कनेबित्तिकै "मेरो पदाधिकार रहेको पदमा फर्कनुपर्ने हुन्छ । मलाई इलाममा नै सेवा गर्न दिने प्रबन्ध होस्, म

विराटनगरमा जान तयार छैन" भन्दै अस्वीकार गर्रे। मलाई इलामले छाडेन, मैले इलामलाई छाड्न चाहिनँ।

वि.सं. २०५६ पौष महिनामा सर्वोच्च अदालतका प्रधानन्यायाधीश श्री केशवप्रसाद उपाध्यायले फोनमा, "यसपाली पूर्वाञ्चलका सबै तहका न्यायाधीशहरूको क्षेत्रीय सम्मेलन इलाममा गर्ने व्यवस्था मिलाउन" मलाई भन्नुभएको थियो। मैले, "सर्वोच्च अदालतबाट आउने प्रधानन्यायाधीश र अन्य पदाधिकारीहरू र सबै तहका न्यायाधीशहरूको लागि बस्ने व्यवस्थाका लागि स्थान, सम्मेलन कक्ष र भोजन प्रबन्धलगायतका विषयमा मोटामोटी पूर्वतयारी गरेर उहाँलाई अवगत गराएँ तर मैले मेरी सहधर्मिणी श्रीमतीको उपचार र शल्यक्रियाको लागि समय लिइसकेकोले म इलाममा बस्न त्यो समयमा अनुकूल नपर्ने" व्यहोरा अवगत गराएँ। वहाँले, "तपाइको अनुपस्थितिमा इलाममा सम्मेलन गराउन सम्भव छैन। तपाईं उपचार यात्रामा जानुहोस्। इलामको सट्टा धनकुटामा गराउने व्यवस्था मिलाउँछु" भनेर मलाई भेलोर जान अनुमति दिनुभएको थियो।

## सदस्य हिरण्येश्वरमानको इलाम भ्रमण

सर्वोच्च अदालतको न्यायाधीश रहिसक्नुभएका श्री हिरण्येश्वरमान प्रधान न्याय-परिषद्को सदस्यमा नियुक्त हुनुभएको थियो। उहाँले "म सपरिवार इलाम भ्रमणमा आउँछु" भनेर मलाइ खबर गर्नुभएको थियो। उहाँ सपरिवार केही अधिकृतसहित निरीक्षण भ्रमणमा वि.सं. २०५६ साल माघ महिनामा इलाममा आएर मेरो अतिथिको रूपमा बस्नुभयो। उहाँ अदालती कार्यवाहीमा दक्ष एवम् निपुण एवम् सुयोग्य न्यायाधीशको रूपमा दरिनुहुन्थ्यो। उहाँका पिता हिरामान पनि सर्वोच्च अदालतको न्यायाधीशमा रहिसक्नुभएको थियो ।

उहाँले पुनरावेदन अदालतका सबै मुद्दाको कार्यविधिलगायत सबै विषयमा व्यापक निरीक्षण गर्नुभयो। साना-तिना त्रुटिहरू निराकरण गर्न सुझाव पनि दिनुभयो। उहाँका भाइ श्री महेश्वरमान प्रधान पनि इलामको मुख्य न्यायाधीश रही काम गर्नुभएको अवस्थामा म पनि सोही अदालतको न्यायाधीशको रूपमा उहाँसँग साथमा रही मैले काम गरिसकेकाले हो वा मेरो न्याय-सम्पादनले हो, मेरो कामबाट अत्यन्त प्रभावित हुनुभयो। उहाँको व्यवहार सारै सरल र मिलनसार प्रकृतिको थियो भने उहाँ जाने-मानेका कानून र न्यायको अग्रणी व्यक्तिमध्येको

न्यायशास्त्री हुनुभएकाले उहाँसँग विषय विषयमा गरिने छलफल ज्ञानवर्द्धक हुन्थ्यो । उहाँ जिज्ञासुलाई आफ्नो ज्ञान र तर्कले चित्त बुझ्काउन सक्ने क्षमतावान् हुनुहुन्थ्यो ।

उहाँ इलाममा निरीक्षणमा रहेकै समयमा भेलोर जानका लागि छोरी सिर्जना काठमाडौँबाट भद्रपुर आउने भइन् । म उनीलाई लिन मेरो सानो गाडी लिएर भद्रपुर आएँ । बिर्तामोडको बैङ्कबाट भेलोर जान यात्रुचेक लिई भारतीय रूपियाँ सटही गरेर सिर्जनालाई लिएर फर्केर आउँदा इलाम र झापाको सिमानामा गाडीवालाहरूले हड्ताल गरेका रहेछन् । हड्ताल सफल बनाउन इलाम-झापा मार्ग अबरुद्ध गरेकोले समयमा फर्किन सकिएन । हामी बुधबारे चियाबगान छेउमा रोकियौँ । हड्ताली मजदूरमध्ये एकले मलाई चिनेका रहेछन् । म धेरै समयदेखि रोकिएको देखेर म बसेको छेउमा उनी आए र– "म अरू मजदूरलाई "हड्ताल छ, कोही पनि जान पाउनुहुन्न" भनी सारो आवाजमा कराउँदै अरू हड्तालीलाई लिएर चिया खान जान्छु । त्यो समयमा मैले हजुरलाई जाने इसारा गरेपछि गाडी लिएर जानुहोला" सानो स्वरमा उपाय सुझाए । उनले आफ्नो उपायबमोजिम केहीवेरपछि मलाई इसारा गर्दै सबैलाई लिएर चिया खान गए । उनको इसारा पाएपछि हामी पनि हतार-हतार गाडी लिएर अघि बढ्यौँ । कन्याममा पुग्दा पानी परेकोले हुस्सु लागेर गाडी चलाउन गाह्रो भयो । केही ढीला भए पनि बेलुकी आठ बजे मात्र इलाममा फर्किन सकियो । हिरण्येश्वर श्रीमान् मेरो बाटो हेर्दै "कतिवेर आउँछन्, किन सानो गाडी लिएर गएका होलान् ? यस्तो पानी पर्ने अवस्थामा सानो गाडी चिप्लिन सक्छ, गाडी दुर्घटना हुन सक्छ" भनेर चिन्ता लिई अरू न्यायाधीशसँग कुरा गरिरहनुभएको रहेछ ।

म पुगेपछि उहाँले स्वाभाविक रूपमा अभिभावकसरह स्नेहका साथ वार्ता गर्नुभयो । म उहाँको स्नेह र आत्मीयताबाट अत्यन्त प्रभावित भएँ । यो थियो मप्रति न्याय-परिषद्का सदस्यको आत्मीयता र स्नेह । मलाई भाइजस्तो व्यवहार गर्नुहुन्थ्यो । त्यो व्यवहार म सेवानिवृत्तपश्चात् पनि उहाँको जीवनकालसम्म रहिरह्यो

उहाँ र भाइ श्री महेश्वरमान प्रधान दुबैजना साह्रै भलाद्मी,अरूको दुःख-मर्का बुझ्ने सहृदयी स्वभावका व्यक्ति हुनुहुन्थ्यो । यस्ता सहृदयी गुणी व्यक्ति नेपालको प्रशासनमा थोरै मात्र हुँदारहेछन् । इलामको कार्यक्रम सकेर उहाँको दार्जिलिङ घुम्न जाने कार्यक्रमलाई मौसम प्रतिकूल भएकाले स्थगित गरेर झापा भद्रपुरतिर लाग्नुभयो ।

# मुख्य न्यायाधीशमा नियुक्ति

धेरै वर्षसम्म मुख्य न्यायाधीशको जिम्मेवारीमा रहेँ तर कहिले निमित्त मुख्य न्यायाधीश भएर त कहिले कायममुकायम भएर। यो क्रम वि.सं. २०५४ साल श्रावणदेखि शुरू भएर वि.सं. २०५७ साल जेष्ठको १९ सम्म निरन्तर कायम रह्यो। न्याय-परिषद्का पदाधिकारीहरूले न्यायाधीशको आचरण, क्षमता, न्यायिक निष्ठा एवम् न्याय-सम्पादनको गुणस्तरीय कार्यबाट भन्दा पनि आफ्नो निकटता वा सामीप्यको आधारमा नै मूल्याङ्कन गर्ने गरेको छर्लङ्ग नै थियो तर यस पटक भने मलाई पन्छाउने आधार नपाएर मिति २०५७।२।२० मा मुख्य न्यायाधीशमा नियुक्त गरियो। मैले नियुक्तिपत्र पाएँ। पत्र प्राप्त गरेपछि नियमबमोजिम सर्वोच्च अदालतमा प्रधानन्यायाधीश श्रीकेशवप्रसाद उपाध्यायसमक्ष मुख्य न्यायाधीशको शपथ ग्रहण गरी आफ्नो जिम्मेवारी पूरा गर्न लागेँ। संवैधानिक पदाधिकारीले पदवहालीपूर्व शपथ ग्रहण गर्नुपर्ने कानूनी व्यवस्था छ।

वि.सं. २०५७ सालमा न्याय-परिषद्ले कलवलगुढीमा पूर्वाञ्चल क्षेत्रका जिल्ला न्यायाधीशहरूको त्रिदिवसीय तालिम कार्यक्रम आयोजना गरेको थियो। त्यो कार्यक्रममा मलाई प्रमाणको मूल्याङ्कनसम्बन्धी कार्यपत्र प्रस्तुत गर्न निर्देशन भएअनुसार मैले कार्यपत्र प्रस्तुत गरेको थिएँ। सम्मेलनको अन्त्य पारेर प्रधानन्यायाधीश श्रीकेशवप्रसाद उपाध्यायको इलाम निरीक्षण कार्यक्रम तय भयो। कलवलगुढीबाट उहाँ र म सँगै इलाम आयौँ। उहाँले पुनरावेदन अदालत निरीक्षण गर्नुभयो। प्रत्येक न्यायाधीशबाट भएका फैसलाहरू एक-एक गरेर हेर्नुभयो र फैसलाबारे आफ्नो प्रतिक्रिया दिनुभयो। यसले पनि न्यायाधीशलाई आफ्ना त्रुटिहरू थाहा पाउन र आफूलाई सुधार्न मद्दतगार हुने रहेछ भन्ने लाग्यो। त्यो शैली मलाई साह्रै राम्रो लाग्यो। सिक्ने शैली र तरिका भिन्न भिन्न हुन सक्छन् तर प्रत्येक न्यायाधीशका फैसलाहरू केलाएर सम्बन्धित न्यायाधीशलाई यो यस्तो हो भन्ने शैली अपनाउँदा सिक्ने प्रवृत्ति भएकाको लागि उपयोगी सिद्ध हुन सक्ने मेरो धारणा रह्यो । केहीलाई भने यस्तो शैली अरुचिकर पनि लाग्न सक्छ । त्यस्तै सर्वोच्च अदालतबाट पूर्वप्रकाशित *नजीर* पछि सर्वोच्च अदालतबाट नै बदर-बातिल भइसकेको अवस्थामा पनि त्यस्ता नजीर समयमा *कानून पत्रिका*मा प्रकाशन नहुँदा प्रयोगमा आउने गरेको तथ्य पनि जानकारीमा आयो। यस्ता छलफल उपयोगी हुँदोरहेछ भन्ने लाग्यो। प्रधानन्यायाधीशको द्विदिवसीय भ्रमण सकिएपछि हेटौडामा आयोजित सम्मेलनको लागि उहाँ त्यसतर्फ जानुभयो। मेची र कोशी अञ्चलको सिमानासम्म पुऱ्याएर म इलाम फर्किएँ।

सूर्योदयको गाउँ श्रीअन्तु म बराबर सम्झन्छु :

**"रेसमको पछ्यौरी अल्झेछ क्यारे जङ्गली काँडैमा**
**झुल्के घाम हेर्न कान्छी जाउँ अन्तु डाँडैमा"** – *रोशन गुरुङ*

अन्तुडाँडाबाट घाम हेर्न जाऊँ, भनेर गीतकारहरूले धेरै गीत रचना गरेका छन् । श्रीअन्तुको महिमा गाएका छन् । गीतकारकै मेलोमा पर्यटकहरू हिउँदका दिन पारेर श्रीअन्तु हेर्न जान्छन् । यहाँबाट देखिने क्षितीज प्राकृतिक हुन्छ जहाँ आकाश र धरतीको सङ्गम हुन्छ ।

इलामको रमणीय क्षेत्र हो श्रीअन्तुडाँडा । हिँउदको अवसर पारेर सूर्योदयका रमणीय दृश्य हेर्नेको भीड लाग्छ । म इलाममा पहिले पनि दुई वर्षभन्दा बढी बसेर सेवा गरे पनि अन्तुडाँडामा गएर सूर्योदय हेर्ने साइत जुरेन । केवल इलाममा बसेर आफ्नो जिम्मेवारी पूरा गर्नमा नै रमाइ रहँे । दोम्रो पटक वि.सं. २०५७ सालको बसाइमा हिँउदका दिनहरू लागेका थिए । धेरै पर्यटक आउने र सूर्योदय हेर्ने इलामको प्रसिद्ध स्थान श्रीअन्तु गएर इलामको त्यो भाग प्रत्यक्ष हेर्ने र सूर्योदयका दृश्य हेर्ने प्रस्ताव सहकर्मी न्यायाधीशहरूसमक्ष मैले राखेँ । उक्त गीत सुनाएँ । तब सबै यो अवसर गुमाउन हुन्न भन्नेमा सहमत भए । शुक्रवार अदालत बन्द भएपछि सबै न्यायाधीश, रजिष्ट्रार र आवश्यक मात्रामा सहयोगी लिएर यात्रा शुरू गर्‍यौं । फिकलबाट अघि बढेपछि स्थानीय किसानले लगाएका चियाबारी हेर्दै अघि बढियो ।

सबै किसानले आ-आफ्ना जग्गामा चिया, अलैंची, अम्लिसो बारीभरि लगाएका छन् । जग्गा कतै खाली देखिँदैन । अधिकाङ्शले इलामकै जर्सी गाई पालेका छन् । दूध र दुग्धपदार्थ सहकारी पसलतिर घोडामा बोकाएर पुर्‍याइरहेका छन् । सबैलाई आ-आफ्नै काम बित्दो छ । किसानहरूले आफ्नो व्यवसायको साथै कृषि उत्पादन बढाएर मुलुककै उन्नति गरिरहेका छन् । यसरी ग्रामीण कृषि अर्थतन्त्रलाई उकास्न आफ्नोतर्फबाट हर सहयोग गरेका छन् । यस्ता सामाजिक परिवेश, ग्रामीण अर्थतन्त्र, आफ्ना पेशा वा व्यवसायप्रति समर्पित ग्रामीण कृषकहरूको अथक मेहनत र सामाजिक स्थितिका परिदृश्य हेर्दै ग्रामीण जनजीवनको अनुभूति लिइयो । श्रीअन्तुको फेदमा रहेको घरमा नै पाहुना राख्ने (होमस्टे)घरमा बास बसियो । स्थानीयवासीको न्यानो स्वागत सत्कार प्राप्त भयो ।

पाहुना राख्ने घरधनी र परिवार साह्रै सहयोगी हँसिला र रसिला प्रकृतिका रहेछन् । आफ्नै बारीको चियापत्तीको चियासँगै स्वागत गरे । यस्तो चिया स्थानीय रूपमा घरमा नै बनाउँदा रहेछन् । चिया असाध्य बास्नादार र स्वादिलो हुँदोरहेछ ।

यस्तो प्रविधि अलि श्रम प्रधान हुने भएकाले आफूले खान मात्र बनाउने गरेको बताए । अर्को दिन बिहान चार बजे नै उनै घरपट्टिले दिएको चिया खाएर बिहान श्रीअन्तु डाँडा चढियो । पदयात्राको रमाइलो अनुभूति लिँदै डाँडाको अन्तिम विन्दुसम्म पुगेर सूर्योदयको प्रतीक्षा गर्रै । पछि पछि सबै सहयात्री पनि आइपुगे । बिहान आकाश सफा थियो तर हामी माथि पुगेपछि बिस्तारै बादल लागेर आयो । सूर्योदय त भयो तर सूर्योदय हुँदा समयअनुसार देखिने सूर्यका विभिन्न अवस्थाका स्वरूपहरूलाई राम्ररी अवलोकन गर्न पाइएन । जुन स्वरूप र रमणीयका दृश्य नियाल्न गइएको थियो त्यो पूरा अवलोकन गर्न पाइएन । तथापि जतिसम्मको स्वरूप र अवस्था देख्न सकिन्थ्यो त्यति हेरियो । श्रीअन्तु डाँडाबाट हेर्न पाइने रमणीय दृश्यहरू एवम् मनोरम हरियालीले सबै पर्यटकको मन आकर्षित गरेको थियो ।

यो अद्भुत दृश्यावलीले पर्यटकको मन खिचिरहन्छ । चारैतिर चियाको हरियाली बगान र भूबनोटको सुन्दर परिदृश्यबीचमा अग्लो अन्तुडाँडा काठमाडौँको धरहराजस्तो । फरक के भने काठमाडौँमा चारैतिर सिमेन्टका जङ्गल-घरहरू मात्र आकाशिएका देखिन्छन् तर यहाँबाट सबैतिर प्राकृतिक दृश्य हरियाली मात्र । हुन पनि चियाबारीको बीचमा उठेको अन्तु अनगिन्ती आगन्तुक पर्यटकहरूलाई लोभ्याएर प्रकृतिका रमाइला चमत्कारिक दृश्यहरू र सूर्योदयको प्राकृतिक रोमान्चक स्वरूप पस्कन कम्मर कसेर उभिएको छ । मानौँ यो सदैव आफ्नो जिम्मेवारी पूरा गर्न कटिबद्ध प्राकृतिक सौन्दर्यको रक्षक हो । यस्ता रमाइला दृश्यहरूलाई आँखाभरि, मनभरि लिएर डाँडाबाट तल झर्च्यौं । त्यहाँबाट फर्किएर बास बसेको स्थानमा आई आराम गरियो । स्थानीय चियाको पुनः स्वाद लिँदै आतिथेय घरपट्टिलाई आश्रय दिएबापत लाग्ने शुल्क बुझाएर बिदा भई जङ्गलको छेउमा वनभोजको रूपमा खाना खाइयो ।

इलामकै जर्सी गाईहरूले गोठ भरिएका छन् । घोडामा ड्रमका ड्रम दुधका जारहरू बोकाएर सहकारी पसलमा पुऱ्याउनेहरूको ताँती लागेको छ । सबै आ-आफ्ना काम व्यवसायमा व्यस्त छन् । यसरी किसानहरूले आफ्नो कृषि-व्यवसाय गरेर उत्पादन बढाएर मुलुककै उन्नति गरेका छन् । इलामदेखि काठमाडौँसम्म, भारत पश्चिम बङ्गालको सिलगुडीसम्म दूध र विविध दुग्धपदार्थ पुऱ्याएका छन् । चिया, अलैँचीका साथ इस्कुस, आलु, अकबरे खुर्सानी, अन्य तरकारी र स्थानविशेषका उत्पादन हुने अन्य बालीनाली लगाएर उत्पादनमा बृद्धि गरेका छन् । श्रीअन्तुको फेदीमा धेरैले बास बस्ने अतिथिगृह (होम स्टे) बनाएका छन् । पर्यटकहरूलाई स्वागत सत्कार गरेर आतिथेयको कर्तव्य पूरा गरेर आफ्ना व्यवसाय चलाएका छन् ।

हामी पनि यस्तै अतिथिगृहमा बास बसेर उनीहरूको सेवा लिएका छौं । अतिथिगृहका धनीहरू र परिवार सबै हँसिला र शिष्ट छन् । आफ्नै बारीको बास्नादार चियाबाट स्वागत गरेर, आफ्नै बारीको फलफूल र तरकारी पस्किएर अतिथिहरूको मन जित्न सफल छन् । प्रकृतिमा नै आफूलाई भुलेर रमाई स्थानीय अर्गानिक खाना खायौं । दुई दिनको रमाइलो यात्रा सकेर बेलुकी इलाम फर्कियौं ।

एवंरीतले दिन, महिना र वर्ष बित्न थाले । चार वर्ष पूरा हुन लाग्दा पनि इलाममा बसेको धेरै भयो भन्ने मलाई अनुभूति नै भएन । कारण, इलाममा बस्न राम्रो लाग्दथ्यो । रमाउने कारण थियो त केवल त्यहाँको प्राकृतिक वातावरण, सहकर्मी न्यायाधीश, अदालतका सबै अधिकृत एवम् कानून-व्यवसायीहरू र स्थानीय नागरिक समाजको पूर्ण सहयोग । यी सबै मेरा लागि अजस्र ऊर्जा थिए । ती ऊर्जाले मलाई सबैतिरको टन्टा बिसाउन बल प्रदान गरेको थियो । म आफ्नो जिम्मेवारी पूरा गर्न तल्लीन थिएँ । यसरी इलाममा पहिलो पटक वि.सं. २०४९ असार देखि २०५१ भाद्रसम्म र दोस्रो पटक वि.सं. २०५६ वैसाखदेखि २०५९ फागुन ५ गतेसम्म पदस्थापन भएर जम्मा ६ वर्षभन्दा बढी नै सेवा गर्ने अवसर जुट्यो । छोराछोरीको पढ्ने वातावरण मिलाउन जीवनसँगिनी कल्पना काठमाडौंमा थिइन् । म आफ्नो जिम्मेवारी पूरा गर्न इलाममा सेवारत । यसरी नै हाम्रो जीवनरथ आरोह-अवरोहको गतिमा निरन्तर चलेको थियो ।

## पुनरावेदन अदालत राजविराजअन्तर्गत प्रकृतिमा रमाउँदा

यस्तो रमणीय क्षेत्रमा पहिलो पटक रमाउँदा रमाउँदै पहिलो पटक वि.सं.२०५१ साल भाद्रमा इलामबाट सबै न्यायाधीशको सरुवा भएको थियो । घुम्दै फिर्दै रुम्जाटार भनेजस्तो दोहोरिएर मेरो सप्तरी राजविराजमा सरुवा भयो पुनरावेदन अदालतमा । पहिले जिल्ला न्यायाधीशको रूपमा जिम्मेवारी सम्हालेको थिएँ । हेटौडामा सरुवा भएका सहकर्मी न्यायाधीश श्री दामोदर प्रजापति र म एउटै गाडीमा राजविराज आयौं । एक रात न्यायाधीश निवासमा बसेर काठमाडौं आउने काम भएकाले दिउँसो प्रस्थान गर्‍यौं । पुनरावेदन अदालत हेटौडामा मुख्य न्यायाधीश श्री गोपालप्रसाद खत्रीसँग भेटघाट गरी काठमाडौं प्रस्थान गरियो । नारायणघाटमा जलपान गरेर प्रस्थान गरेकोमा जोगीमारामा पहिरो गएका कारणले

अघि बढ्न सकिएन । पुनः फर्किई नारणघाटमा राति खाना खाई सरकारी वकील गणेश पञ्जियारकोमा विश्राम गरेर हेटौडा हुँदै त्रिभुवन राजमार्गको बाटोबाट भोलिपल्ट साँझ काठमाडौँ पुग्यौँ । यो यात्रा पनि पट्यारलाग्दो यात्रामा परिणत भयो । बाटो बन्द भएको सूचना अहिलेजस्तो एफ्. एम् रेडियोले बराबर दिन सकेको भए सर्वसाधारण यात्रीहरूले दुःख-पीडा भोग्नुपर्ने थिएन ।

प्रसङ्ग यस्तै पहिरोको नै छ । हामी परिवारका केही सदस्यहरू वि. सं.२०६४ साल श्रावण महिनामा भारतको उत्तराञ्चल प्रदेशका गढवाल जिल्लाअन्तर्गत प्रसिद्ध तीर्थस्थल यमुनोत्तरी, गङ्गोत्तरी,बद्रीनाथ र केदारनाथ चारधामको तीर्थयात्रामा थियौँ । त्यहाँको पहाडी भाग जतिसुकै विकट भए पनि खाने, बस्ने, पिउने पानी र शौचालयको प्रबन्ध उत्तम थियो । त्यहाँका बासिन्दाको पर्यटकप्रतिको व्यवहार यात्रीमैत्री थियो । राजमार्गमा पहिरो गएको एक घण्टाभित्र यातायात खुलाउने प्रबन्धका साथ डोजरलगायत सडकका कर्मचारी मजदूर तम्तयार राखेका हुन्थे । एक घण्टा बढी कतै रोकिनुपर्दैनथ्यो । त्यस्तो प्रबन्ध नेपालमा पनि भए यात्रीले दुःख पाउने थिएनन् ।

राजविराजमा नै कार्यरत रहेको अवस्थामा सगरमाथा अञ्चलका केही पहाडी जिल्ला अदालतहरूको न्यायिक र अर्द्धन्यायिक निकायहरूको काम-कार्यवाही जाँच गर्न मुख्य न्यायाधीश श्री ज्ञाइन्द्रबहादुर श्रेष्ठले मलाई जिम्मेवारी दिनुभयो । प्रकृतिको सुरम्य उपहार पहाडी क्षेत्रको मैले भ्रमण नगरेकाले मलाई पनि त्यो क्षेत्र हेर्ने विशेष अभिरुचि थियो । मैले वि.सं.२०५१ साल चैत्र महिनामा भ्रमण गर्ने कार्यक्रम बनाएँ । पहिले ओखलढुङ्गा र त्यसपछि  सोलु जिल्लाको भ्रमण गर्नु यातायातको दृष्टिले उपयुक्त हुने भयो । राजविराजबाट सोझै तत्कालिक शाही नेपाल वायुसेवा निगम हाल नेपाल वायु सेवा निगमका ट्विनअट्टर विमानको उडान रुम्जाटारको लागि थिएन । विराटनगरबाट मात्र रुम्जाटारका लागि जहाजको उडान हुने हुनाले म र शाखा-अधिकृत टेकराज नेपाल विराटनगर गएर त्यहाँबाट रुम्जाटार गयौँ ।

## युगकविको जन्मभूमि ओखलढुङ्गामा

ओखलढुङ्गा जिल्ला अदालतका जिल्ला न्यायाधीश श्री बुद्धिप्रसाद रेग्मी थिए । उनले मेरो साथमा रही जिल्ला न्यायाधीश भएर सप्तरीमा पनि काम गरिसकेका थिए । उनी हवाई फिल्डमा हामीलाई लिन घोडा र सहयोगी परिचरसहित

आएका रहेछन् । उनीहरूको साथमा घोडामा सवार भएर हामी ओखलढुङ्गा पुग्यौं ।

ओखलढुङ्गा सानो झुरुप्प बजार रहेछ । बजारबीचमा नै जिल्ला अदालत र साबिक अञ्चल अदालतको भवन रहेछ । जिल्ला अदालतमा एक जना न्यायाधीशका लागि काम पुग्ने सङ्ख्यामा मुद्दा रहेको पाइयो । त्यहाँ खासै समस्या रहेनछ । कर्मचारी पनि मुद्दाको सङ्ख्याका आधारमा पर्याप्त रहेछन् । अदालतप्रति स्थानीय निकाय, प्रशासन, जनप्रतिनिधहरू कसैको कुनै प्रकारको सिकायत पाइएन । स्थानीय एक-दुई जना अभिवक्ता र अभिकर्ता कानून-व्यवसायी मात्र रहेछन् ।

साबिकको अञ्चल अदालत भवनमा डेढ वर्षपहिले राजविराज पुनरावेदन अदालतको बेञ्च कायम भएर दिक्तेल, सोलुखुम्बु र ओखलढुङ्गा जिल्लाअन्तर्गतका क्षेत्रको धेरै मुद्दा फछ्यौंट भएकोमा हाल सरकार र अदालतले त्यो क्षेत्रका सर्वसाधारणको सुविधाप्रति बेवास्ता गरेर मुद्दा दर्तासम्म पनि हुन छाडेको रहेछ । एउटा शाखा-अधिकृत, नायब सुब्बा, डिठ्ठा र सहयोगी परिचर कर्मचारीहरू, आवश्यक कानूनका पुस्तक एवम् फर्निचर र भौतिक प्रबन्धको रूपमा भवन हुँदाहुँदै पनि यहाँ इजलास (बेञ्च )कायम भएर मुद्दा निरूपण नहुनु यस क्षेत्रका जनताप्रति सत्तासीन वर्गले उपेक्षा गरेको महसूस भयो ।

सरकारले पायक पर्ने स्थानमा नै जनताका समस्या समाधान गर्ने र उनीहरूका आवश्यकता परिपूर्ति गर्ने कार्य गर्नु असल शासनको चरित्र हो तर यहाँ भएको बेञ्च पनि नचलाई जनशक्ति र भौतिक साधन त्यसै अलपत्र छाडेर त्यस क्षेत्रका सर्वसाधारणको समस्याप्रति उदासीन हुनु त्यस क्षेत्रका जनताको उपेक्षा गर्नु हो । नेपालका प्रायःसबै सरकारले सर्व साधारणका समस्याप्रति उदासीन व्यवहार गर्दै आएका छन् । यो प्रवृत्ति राणाशासनदेखिकै निरन्तरता हो । त्यसक्षेत्रका मानिसको दुःखकष्ट हेर्ने र असल शासन दिने जनउत्तरदायी सरकार कहिले आउला ?

अर्को दुःखद् घटना के रहेछ भने यहाँ वि.सं.२०४३-२०४४ सालमा नै दुई तले अञ्चल अदालत भवन निर्माण भएकोमा वि.सं.२०४५ साल भाद्र ५ गते आएको भूकम्पले तेस्रो तलाको केही भाग क्षति हुन गएकोमा पहिलो तलादेखि माथि सबै (भूईतला माथिको तला ) भत्काउन लगाएको रहेछ । साबिकको भवनको चित्र फोटो हेर्दा मलाई साह्रै पीडाबोध भयो । राजस्वको रकमबाट निर्मित भवन नयाँ प्रविधिअनुसार (रेक्टोफिटिङ्ग प्रविधिबाट)मर्मत गरेर जोगाउनुपर्नेमा आशङ्काकै भरमा पूरा तला नै भत्काउनु गैरजिम्मेवारीको पराकाष्ठा थियो त्यो । हामीले त्यही भवनमा नै आफ्नो मुकाम कायम गर्यौं । शयनकक्षसँगै शौचालय र अन्य प्रकोष्ठहरू

समेतबाट सुसज्जित दुर्गम स्थानमा त्यस्तो उपयुक्त भवन निर्माणको उद्देश्य प्रतिकूल प्रयोग भएको देखेर अत्यन्त पीडा महसूस भयो। मैले पुनरावेदन अदालतमा दिएको आफ्नो प्रतिवेदनमा यसबारेमा समेत ध्यानाकर्षण गराएको थिएँ। हाल भने उच्च अदालतको इजलास कायम भएकाले त्यस क्षेत्रका सोलुखुम्बु, दिक्तेल र ओखलढुङ्गा तीन जिल्ला अदालतको आदेश वा फैसलाउपर पुनरावेदन सुनवाइ हुने व्यवस्था छ। अब यी जिल्लाका न्यायकायाचकलाई न्यायको लागि अन्यत्र जानुपर्ने झन्झटबाट मुक्ति मिलेको छ।

त्यहाँ तीन दिन बसियो। अन्य अर्द्धन्यायिक निकाय जिल्ला प्रशासन, मालपोत, वन कार्यालय र कारागारसमेत निरीक्षण गरी सम्बन्धित कार्यालयहरूले कार्यवाही र किनारा गर्ने मुद्दाका बारेमा समुचित निर्देशन दिएर त्यहाँको काम पूरा गरियो।

ओखलढुङ्गाको नाउँ लिनासाथ देशप्रेम र गर्वले मन र मस्तिष्क तरङ्गित हुन्छ। युगकवि सिद्धिचरणको जन्मभूमि सम्झेर श्रद्धाले शिर निहुरिन्छ। ओखलढुङ्गाको नाउँ लिनासाथै कविको नाउँ अगाडि आइहाल्छ। नभन्दै आज उनकै जन्मभूमिमा अदालतको कामको सन्दर्भमा भए पनि आइपुगिएको छ। कविको कविताको नाउँसँग जोडिएको यो बजार हेर्न उत्सुकता जाग्नु स्वाभाविक थियो। सदरमुकाम भएकाले यसैमा सबै सरकारी र संस्थानका कार्यालय अवस्थित छन्। यसको प्रारूप हेर्न मन लागेर बजार घुमियो। बजार लामो डोरोजस्तो फैलिएको तर बाटाको दुबैतिर ठुलठुला पसलहरू सजाइएका। यहाँबाटै ग्रामीण भेगमा उपभोग्य वस्तु आपूर्ति हुँदोरहेछ। स्कूलमा पढेको कविता "मेरो प्यारो ओखलढुङ्गा" को रचनाकार युगकवि सिद्धिचरण श्रेष्ठको जन्मभूमिसँग पनि साक्षात्कार गर्ने अवसर प्राप्त भयो। ओखलढुङ्गा कविताका साथ त्यो ओखलढुङ्गा रहेको स्थान विशेषमा नगए यात्रा नै अपूरो हुने ठानेर त्यो ढुङ्गा हेर्न गयौं। प्रतिकात्मक ओखलढुङ्गा सुरक्षित राखेको पाइयो। यसले पनि कविप्रति सान्निध्यता बढाएको अनुभूति मात्र भएन अपितु कविप्रति अरू श्रद्धाभाव जागृत गरायो। बजारको तल्लो भागमा जिल्लालाई नै आफ्नो नाउँ दिन सफल प्रसिद्ध ओखलढुङ्गा ओखलकै आकृतिमा अवस्थित रहेछ। यसलाई कलात्मक स्वरूप कहिले र कसले प्रदान गरेको हो, जानकारी प्राप्त नभए पनि कलात्मक रूपमा संरक्षण गरेर जिल्लालाई सार्थक बनाउने यसले श्रेय प्राप्त गरेछ। काजीदाइले त्यो क्षेत्रको भूगोल वा धरातललाई काव्यिक रचनामा उजागर गरे। उनका साहित्यिक कृतिले भूगोल विशेष या भनौं भूचेतना बोकेको छ। भौगोलिक र मानवीय सचेतना पस्केका कविका कविता सबै मर्मस्पर्शी छन्।

केही कविताका शीर्षक जो स्थानबोधक रूपमा जस्तै "मेरो प्यारो ओखलढुङ्गा", "त्यो गिरी फोरी वहने रोशी", "तिम्रो बासित पैसा छैन", आर्थिकस्थितिबोधक, "नेपाली हौं कठिन गिरिमा चढ्नलाई सिपालु, वैरी नै होस् तर छु बहुतै दीनमाथि दयालु" परिचय शीर्षक केही कविता उदाहरणमा लिन सकिन्छ। त्यसैले यहाँ भ्रमण गर्दा या उनका कृति पढ्दा यही सेरोफेरोमा घुमेको र आर्थिक स्थितिको अनुभूति हुँदोरहेछ।

त्यो ऐतिहासिक ओखलढुङ्गाको छेउमा सिद्धिचरण उद्यान निर्माण गरिएको रहेछ। यहाँ उनै युगकविको प्रतिमा स्थापना गरेर उद्यानलाई कवित्वमय बनाएका रहेछन्। त्यो प्रतिमा दर्शन गर्दा कालजयी कविकै पङ्क्ति, "जब म तरेर भावको डुङ्गा, गिरि फोरी बहने रोशी" कविताको झलझली स्मरण भयो। त्यस्तै "क्रान्तिविना थनवै मखु स्वच्छ शान्ति" (क्रान्तिविना यहाँ हुँदैन स्वच्छ शान्ति) नारा घन्काउने कविका भावना कालजयी बनेछन्। नेपाली माटो र नेपाली रहेसम्म जनमानसमा ती कालजयी कविताका पङ्क्ति गुञ्जिरहने छन् भन्ने लाग्यो। क्रान्तिविना शान्ति आउँदैन भन्ने क्रान्तिबोध वि.सं.२००७ र वि.सं.२०४६ को जनआन्दोलनले अघि बढाएकै हो भन्ने मनमा आउँदा भविष्यद्रष्टा कविको स्मृति अझ ताजै हुँदोरहेछ। *"जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी"* आफ्नो जन्मभूमि र आमा स्वर्गभन्दा पनि महान् हुन्छन् भनी रामको वाणीमा वाल्मीकिले त्यसै अभिव्यक्त गराइएको होइन रहेछ। जन्मस्थानप्रतिको अपार गौरवको अनुभूति कविले त्यहाँ परिभ्रमण गर्नेलाई मात्र होइन कविता पढनेलाईसमेत गराउन सफल भएको मलाई लाग्यो।

आफ्नो भावना सफल रूपमा सम्प्रेषण गर्ने क्षमता सबै कविमा कहाँ हुन्छ र ?

अर्को राम्रो पक्ष मैले त्यहाँ के पाएँ भने त्यहाँ एउटा मिशिनरी अस्पताल सञ्चालन भएको रहेछ। जम्माजम्मी पाँच रूपियाँ तिरेपछि एक्सरेलगायत प्याथलोजी परीक्षण र औषधि उपलब्ध हुने त्यो अस्पतालबाट धेरैले स्वास्थ्य-सेवा प्राप्त गरेका रहेछन्। विदेशी दातृसंस्थाले खोलेको त्यो अस्पतालले धेरै सेवा पुऱ्याएको छ भन्थे। सेवाको मात्र उद्देश्य हुँदा सबैले मुक्तकण्ठले प्रशंसा गर्ने नै भए तर यहाँ सेवा मात्र उद्देश्य नरही सोको आडमा क्रिश्चियन धर्म प्रचारमा रहेको भन्ने केही जनधारणा रहेको पनि पाइयो। स्वास्थ्यसेवाको आडमा क्रिश्चियन धर्म प्रचार गर्नेतर्फ उन्मुख छ भन्ने स्थानीयको भनाइ सुनियो। सोझासिधा कमजोर आर्थिक अवस्थाका मानिसलाई प्रलोभनमा पारेर आफ्नो धर्मप्रति आकर्षण गराई

धर्म परिवर्तन गराउने समूहप्रति त्यतिवेरको सत्तापक्ष कठोर हुँदाहुँदै पनि स्वास्थ्यको आडमा आफ्नो कुटिल कार्य गरिरहेकै छन् भन्ने सर्वसाधारणको अभिमत पाइन्थ्यो । सर्वसाधारणको स्वास्थ्यको नाउँमा सिधासादा अनपढ व्यक्तिलाई धर्म परिवर्तन गराउनु स्वास्थ्यसेवाको आचरणप्रतिकूल हुने कुरा चिकित्सकले पनि बिर्सँदा रहेछन् ।

## सोलुको फेदीमा रमाउँदा

सोलुको फेदीमा रमाउन पाउने हाम्रो अर्को गन्तव्य थियो– सोलुखुम्बु । सोलुको सदरमुकाम सल्लेरी जानका लागि जिल्ला न्यायाधीशले स्थानीय प्रशासनसँग दुई घोडा बन्दोबस्त गरेकाले हामीले बिहानै प्रस्थान गर्ने कार्यक्रम बनायौँ । अघिल्लो दिनमा नै जिल्ला न्यायाधीशले स्थानीय एक जना सहयोगी कर्मचारीलाई "पत्ताले" भन्ने स्थानमा बिहानको खाना तयार गर्न पठाएको थियो । बिहान हामी घोडा लिएर दुई सइस र एक सहयोगी लिएर प्रस्थान गर्‍यौं । ओखलढुङ्गाबाट सिधै उकालो लागेर अघि बढ्यौं । उकालो बाटो भए पनि मूलबाटो भएकाले राम्रै थियो ।

माथि पत्ताले शिरबाट ओखलढुङ्गा बजारका लागि खानेपानीको पाइप ल्याएको रहेछ । पाइप प्लाष्टिकका रहेछन् । ओखलढुङ्गा बजारमा पानी नपुगेर पानीको अभाव र हाहाकारको स्थिति सबैलाई जानकारी थियो । पानी थाप्न बजारमा रातिदेखि नै महिलाहरू पङ्क्तिबद्ध भएर आफ्नो पालो कुरिरहेका हुन्थे तर हामीले बाटोमा के देख्यौं भने भारी बोक्ने भरियाहरूले जहाँ मन लाग्छ त्यहाँ प्लाष्टिकका पानीको पाइप काटेर पानी थाप्ता रहेछन् । यहाँ पाइप काटिएर पानी खेर गएको छ, तल बजारमा पानी नपुगेर हाहाकार छ । जसलाई जहाँ मन लाग्यो, पाइप काट्यो पानी थाप्यो, छाड्यो हिँड्यो कस्तो स्वतन्त्रता ? पाइप काटेपछि कतै त्यस्तै छाडेको र कतै अर्को सानो पाइप छिराएर जोड्ने कामले पानी नोक्सान भएको देखियो । ठाउँ-ठाउँमा हामीले सइसलाई भनेर पाइप जोड्न लगायौं । उकालो बाटोमा दुई तीन ठाउँमा खानेपानीका धारा राख्ने व्यवस्था गरेको भए भरिया वा यात्री सबैले पानी खान पाउँथे । नेपालको पहाडमा धर्मात्मा व्यक्तिले यस्तो उकालोमा धैलामा पानी भरेर भए पनि बटुवाहरूलाई पानीको व्यवस्था गरेका हुन्छन् । यहाँ ठाउँ-ठाउँमा जिल्ला विकास समितिले या खानेपानी संस्थानले धारा राख्ने व्यवस्था गर्न सकेनछ । मूलबाटोको रूपमा रहेको पुरानो बाटोमा पानीका दुई-चार धारा नराख्नु समिति वा संस्थापनको गम्भीर लापरवाही देखियो । त्यतिसम्म

पनि विवेक त योजनाको तर्जुमा गर्ने विज्ञ र कार्यान्वयन गर्ने व्यवस्थापकहरूले प्रयोग गर्नुपर्ने हो । समयमा त्यस्तो दृष्टि पुऱ्याएको भए यसरी पानीका पाइप काटिने थिएनन् । तल ओखलढुङ्गावासीले पानीका लागि काकाकुल हुनुपर्ने थिएन । त्यस्तै पानीका पाइपहरू जमिनमुनि अलिक गहिरो पारी गाडेर त्यसको निगरानी गर्ने प्रबन्ध गरिएको भए पनि यतिविधि नोक्सान हुने थिएन । ठेकेदारलाई लगाएको कामको राम्रो सुपरिवेक्षण नगर्नु अख्तियारीको दुरूपयोग गर्नु हो । सबै पक्षले मौकामा नै ध्यान दिएमा अवश्यमेव सरकारी खर्चको सदुपयोग हुने, विकास र निर्माणको कार्य स्थायी हुनेरहेछ भन्ने अनुभूति सँगाल्दै पत्ताले लेकतिर बढ्यौं । ठाउँको नाउँ कसैले "पाताले" त कसैले "पत्ताले" उच्चारण गरेको बुझियो । उच्चारणमा आउने फरकपनाले अपभ्रंश हुनु स्वाभाविक हो । स्थानीय भाषामा पत्ताले भनिएको हो कि ! हुन त सामान्य शब्दार्थअनुसार पाताल होचो स्थानलाई भन्ने गरिन्छ, अग्लो पहाडलाई "पाताले" शब्द प्रयोग हुनै सक्तैन तर यहाँ पत्ताले सबैभन्दा माथिको डाँडा रहेछ । हुन सक्छ यसले धेरै समय अघिदेखि कुनै अर्थ बोकेको थियो होला !

पत्ताले पुग्नुपूर्व त्यहाँको प्राकृतिक अवस्था रमणीय रहेछ । हराभरा जैविक विविधताले समुन्नत रहेछ । कौतूहल बढाउने प्राकृतिक दृश्य र हरियालीले ढपक्कै ढाकेको रहेछ । मनमा अनेक उत्साह र नयाँ नयाँ वस्तु हेर्ने, देख्ने जिज्ञासाको अनुभूति समाल्दै अघि बढ्दै गएँ । डाँडामा लेकमा पाइने स्थानीय विविध वनस्पतिले ढाकेर सबैतिर मनोरम हरियाली छाएको रहेछ । हरियालीले भरिपूर्ण रहेछ । तल परतिर खोला बगिरहेको छ । यी सबैले यस क्षेत्रलाई अझ सुन्दर र मनमोहक बनाएको छ । यस्तो प्रकृतिको वैभवले मेरो मन तानेको छ । परतिरको चौरमा धेरै घोडा-घोडी तथा भेडा-बाख्राहरू चरिरहेका छन् । माथि आकाश खुला छ । रूखमा चराहरू फत्र्याक-फुत्रुक गर्दै रूखका हाँगामा चहारिरहेका छन् । पारिका गाउँहरूमा सेता घर टल्किएका छन् । हाम्रो अगाडि बाटो लमतन्न परेर सुतेको छ । हामी जति बढे पनि त्योभन्दा अघि-अघि बाटो लमतन्न बढेको छ । ठाउँ-ठाउँमा शेर्पिनी महिलाहरू आलु खन्दै छन् । डाला थुन्सेभरि आलु निकालेर छान्दै छन् । यहाँको वन विविध वनस्पतिले झपक्कै ढाकेको छ । उच्च पहाडी भागमा पाइने जैविक विविधताले यो क्षेत्रलाई समृद्ध तुल्याएको छ । सुन्दर देशको रमणीय स्थल, रमणीयताले ढकमक्क ढाकेको वैभवशाली दृश्य ! यस्तो रमाइलो स्थानमा गोठालाहरू आ-आफ्ना भेडा-बाख्रा र घोडा-घोडीहरू चराउँदै, खेल्दै रमाइरहेका छन् । सबै आफ्नै आनन्दमा रमाइरहेका छन् । यहाँ चौरी गाई भने देख्न पाइएन । त्यस्ता रमाइला चित्ताकर्षक अद्भुत दृश्यावली हेर्दै हेर्दै हामी अघि बढ्दैछौं । यी दृश्यले मलाई नयाँ-नयाँ रङ्ग र

उमङ्ग दिइरहेका छन् । मलाई उपलब्ध गराएको प्र.जि.अ.को खसी नपारेका घोडाले ठाउँ-ठाउँमा घोडी देखेपछि घोडीतिर मैमत्ता भएर दौडन खोज्छ । साह्रै उन्मत्त छ त्यो तर सइसलाई प्र.जि.अ.ले यसबारेमा पहिले नै सतर्क गराएको कारणले सदैव आफ्नो नियन्त्रणमा राखेको छ ।

पत्तालेपट्टिका ठूला-ठूला हरिया चौरीहरू र विविध वनस्पतिका रूखहरूको हरियालीले ढपक्कै ढाकेका प्राकृतिक छटाको रमणीयताले बनायो रोमाञ्चित र मन्त्रमुग्ध । यो सुन्दरता र रमणीयतालाई त्यहाँबाट दर्शन गर्न सकिने सगरमाथाको भव्य हिमशृङ्खलाले अझ अद्भुत रूपमा शृङ्गार गरेर मनोहर बनाएको रहेछ । यस्ता सुन्दर प्राकृतिक छटा र रमणीयतालाई आँखा, मन र मुटुभरि रसास्वादन गर्दै घुमाउरा बाटालाई छिचोल्दै डाँडाको टुप्पोमा अवस्थित पत्ताले पुगियो । त्यो डाँडालाई त स्याउको बर्गैचाले ढकमक्कै ढाकेको पो रहेछ । सबैले केही न केही स्याउका बोट लगाएका रहेछन् । त्यहीं एउटा होटलमा हाम्रा लागि खाना बनाएर बसेका रहेछन् अघिल्लो दिन गएका अदालतका सहयोगी । त्यहाँ होटल मालिकले थपे– "यहाँ मेरो होटलमा नै राजपरिवारका सदस्यहरू सवारी हुन्छ र खाना यही तयार गर्ने गरिन्छ ।" उनले आफ्नो होटलको साथै स्याउ बर्गैचाको विषयमा वर्णन गरे । उनले त्यस्तो स्थानमा गरेको होटल व्यवसाय निकै फस्टाएको रहेछ । पर्यटकहरू मौसममा धेरै आउँदा रहेछन् । फेरि त्यहाँ लगाएका स्याउ बगानले अरू शोभा बढाएको रहेछ ।

मानवका परिश्रमी हातले प्रकृतिलाई सुम्सुम्याएमा प्रकृतिले धेरै उपहार दिन्छिन् । मानिसको मिहिनेत परेमा यो भूमिले बालीनाली मात्र होइन सुन पनि फलाउँछ । मानिसको मिहिनेत र पुरुषार्थले नै भूमिमा अन्न मात्र उम्रदैन सुन पनि फल्छ भन्ने मेरी आमाले मलाई सानामा भनेको मेरो स्मृतिकोषमा थपक्कै बसेका कुरा अहिले झल्याँस्स आए । पुनः झलझल्ती सम्झैं । कति सारगर्भित र व्यावहारिक कुरा रहेछन् ती ! अनुभवले नै मानिसलाई बुज्रुग र बुद्धिमान् बनाउँदो रहेछ । त्यसको अर्थ त बल्ल पो खुल्यो । कति सार्थक र गहकिला कुरा !

पूर्वनिर्धारित कार्यक्रमबमोजिम हाम्रो लागि खाना तयार थियो । हामीले केहीबेर आराम गरेपछि सबैले खाना खायौं । त्यहाँको आलु सबैभन्दा मीठो रहेछ । आलु थपी थपी खायौं । मासुको परिकारभन्दा आलुको परिकार स्वादिलो । होटल मालिकले आलु खेती गर्ने यहाँको तरिका बारेमा व्याख्या गरे । भने, "यहाँ आलु रोप्ने तरिका अन्यत्रभन्दा भिन्न छ । यहाँ आलुका लागि ठूलो चौडा खाल्डो

खनिन्छ। त्यहाँ घाँस झारपात डढाएर दुबै हातको अञ्जुलिले आँट्नेसम्मको मात्रामा आलु खाल्टोमा हालेर रोपिन्छ। आलु पूरा तयार हुन एक वर्ष लाग्छ। एक वर्षपछि आलु खाल्टाबाट निकाल्दा जत्रो खाल्डो छ सो भरि नै आलु फलेको हुन्छ। अर्को वर्ष त्यो खाल्डोमा नरोपी बगलमा खाल्डो खनेर आलु रोपिन्छ।" ठाउँ विशेषमा आ-आफ्ना खेतीपातीका तौर-तरिका हुन्छन्। मानिसले प्रकृतिका देनहरू बारेमा गहिरो अध्ययन गरेर, आफ्ना आवश्यकतालाई ध्यान दिई विचार पुऱ्याएर कसरी बढी उत्पादन वृद्धि गर्न सकिन्छ, तदनुसार बालीनाली लगाउँछन्। अनुभव र अनुभूतिले नै मानिसलाई परिपक्व बनाउँछ। प्रकृतिका विविध पक्ष पत्ता लगाएर वैज्ञानिकले आविष्कार गरेर प्रविधि विकास गरेका हुन्छन्। यसमा आवश्यकताले विचारलाई अग्रगतितिर बढाएको हुन्छ भन्ने मलाई लाग्छ। उनका कुरा सुन्दै हामीले बिहानको भोजन गरेर सइससहित घोडा अब ओरालोमा नचाहिने हुँदा फर्कायौँ। एउटा सहयोगीलाई साथी बनाएर हामी तेर्सो र ओरालो बाटो लाग्यौँ। बाटो पनि ठूलै थियो।

मलाई पहाड या तराईमा जहाँ पनि हिँड्न रमाइलो लाग्छ र जाँगर पनि। यो पनि एउटा जीवनयात्राको आवश्यक र रमाइलो प्रक्रिया हो। केही मधुर सम्झना बसिराख्छन् मस्तिष्ककोषमा। मानव पुर्खाले हिँडेर नै आफ्ना सम्पूर्ण काम गरे, आफ्ना व्यवहार चलाए अनि जीवन भोग गरे। आवश्यकता नै आविष्कारको जननी हो भन्ने कुरा मानव पुर्खाले अनुसन्धान गरे अनि मात्र उनीहरूले घोडा, खच्चड या गधा, उँटलाई सवारीसाधन बनाउन शुरू गरे। त्यो पनि हुनेखाने वर्गले। यान्त्रिक सवारी साधन त पछि मात्र लामो अध्ययन एवम् अनुसन्धानबाट जुट्न सकेको हो। अब हाम्रो पैदलयात्रा शुरू भयो। हामी अघि बढ्यौँ। त्यहाँबाट देखिने सोलु जिल्ला र ओखलढुङ्गाका परिदृश्यहरू साह्रै रमाइला थिए। घरी सगरमाथा हिमशृङ्खलाका चित्ताकर्षक मनोरम दृश्यहरू, कतै हरियाली घनाजङ्गलका परिदृश्यहरू अनि तल बेँसीतिर तरेली परेका खेतबारीका पहेँलपुर पाकेका गहुँबाली। त्यो गहुँबारीमा केही महिला र पुरुषहरू गहुँ काट्न लागेका, कोही खाल्डाहरूबाट आलु खन्दै निकाल्दै भिऱ्याउन लागेका दृश्यहरूले अतीतसँग वार्तालाप गर्न पुग्छु। मैले पनि यसरी नै धान, मकै र कोदो बाली लगाएर पाकेपछि काटेर खलामा थुपार्ने, दाइँ गर्ने वा मकैका झुत्ता बनाउने, कोदो कुट्नेजस्ता कृषि कर्म गरेको हुँ। यस्ता कुराको डोरी बाट्तै वर्तमानमा ती कृषि कर्मका परिदृश्यले नेपालको कृषि व्यवसायको बिम्ब प्रष्ट देखिन्थ्यो। वस्तुतः कृषि व्यवसाय नै नेपालीहरूको हात-मुख जोड्ने मुख्य मेलो हो। यस्तो उर्वर भूमिमा सरकारले प्राविधिक र अन्य सहयोग थप जुटाइदिएमा

आलु, अन्न र डाँडा र पाखोबारीमा लाग्ने विविध प्रकृतिका फलफूलको उत्पादन अझ बढ्दो हो। सरकारले यस्ता कुरामा अनुदान वा सहयोग दिएमा अझ बढी उत्पादन भएर अन्य जिल्लामा निर्यात हुन सक्दो हो ।

यी र यस्ता रमणीय दृश्यहरू आँखाले हेर्दै मनभरि लिँदै रमाइलो मान्दै ओरालो झरियो। जति तल झरिन्छ त्यति नै हिमशृङ्खला माथिमाथि सरेको र उच्च पहाडी डिलका हरियाली दृश्यहरू पनि अरू माथि पुगेको आभास हुँदोछ। अनि तल बैँसीको भाग नजिक नजिक हुँदै गरेको प्रतीत हुँदोछ। यसरी क्रमशः तल ओर्लिँदै गयौँ, जति ओर्लियौँ त्यति गुरुत्वाकर्षणले तलतरि तान्दै पुऱ्यायो। अन्ततः सोलुखोलामा पुगियो। त्यही सोलुखोलाको केही माथिबाट बिजुली निकालेर सोलु जिल्लाको सदरमुकाम र अन्य केही क्षेत्रलाई झलमल्ल बनाएको रहेछ। यसले त्यो क्षेत्रलाई विद्युतीय ऊर्जाले उज्यालो पारेको र उद्योग धन्दालाई पनि ऊर्जा प्रदान गरेको रहेछ। यस्ता असङ्ख्य नदीहरू नेपालमा छन्। सम्भावना भएकाबाट बिजुली निकाल्न सकेमा नेपाल पनि अमेरिका र यूरोपजस्तै समृद्ध हुने थियो। अन्न मात्र होइन, विद्युत् पनि बाहिर निकासी गर्न सकिदोँ हो। यस्ता अर्थपूर्ण लाग्ने कुरातर्फ साक्षात्कार गर्दै अघि बढ्दै जाँदा सोलुखोला नजिक पुगिसके छौँ। त्यही खोलाको पुल नजिक सोलुबाट हामीलाई लिन आएका सहयोगी घोडासहित प्रतीक्षामा बसेका रहेछन्। हामी पनि त्यहाँ पुगेपछि केहीबेर आराम गरी खोलाको चिसो पानीमा हात-मुख धोएर अघि बढ्यौँ।

अब हामीले सगरमाथालाई शिरमा राख्ने सोलुखुम्बु जिल्लामा पाइला राख्यौँ। त्यहाँ पुग्दा स्मृतिलोकमा थपक्क बसेको सङ्गीतमय पङ्क्ति सम्झनामा आयो, *"हाम्रो तेन्जिङ शेर्पाले चढ्यो हिमाल चुचुरा, खन्केर बज्यो बाँसुरी, चम्केर बजे मुजुरा",* जन-कविकेशरी धर्मराज थापाका यी सङ्गीतमय शब्दहरू। ई. सन् १९५३ मे २ का दिन तेन्जिङ नोर्गे शेर्पा र न्यूजिल्याण्डका नागरिक एडमण्ड हिलारीले बिहान ११ बजेर १५ मिनेटमा विश्वको सर्वोच्च शिखर सगरमाथाको शिरमा मानव पाइला टेकेर विश्व कीर्तिमान कायम गरेको दिनको सम्झना। त्यो कीर्तिमानी कामको प्रशस्तिमा धर्मराज थापाका कालजयी सङ्गीतमय शब्द नेपालका गाँउघर, लेकबेँसी सर्वत्र तरङ्गित र झङ्कृत भएका थिए। लोकलयमा आबद्ध गीतका यी शब्दहरू प्रायः अधिकाङ्श नेपालीको मुखमा गुञ्जिएका थिए। राष्ट्रियताको त्यो लहरले नेपाली मन-मस्तिष्क झङ्कृत भएको थियो।

त्यतिबेरका नेपाली कवि र सर्वसाधारणका मन-मन्दिरका प्रिय तेन्जिङ नोर्गे भने सधैँभरि नेपाली भएर रहन सकेनन्। सर्वप्रथम सगरमाथा आरोहीको परिचय पाएका यी तेन्जिङ नोर्गे शेर्पा पनि जीवन धान्न नेपालबाट भारत बसाई लगिए र त्यतैका बनाइएछन्। अहिलेको जस्तो बुझिएको थिएन, न त यस्तो चेत नै खुलेको थियो। हाम्रो शैक्षिक र आर्थिक दुरावस्थाबाट लाभ लिने छरछिमेकीहरू नै हुन्छन् चाहे सीमाक्षेत्रको प्रश्नमा होस् या बहादुरीको प्रश्नमा। तेन्जिङको के कुरा ! विश्वले नेपाली धरतीका उज्ज्वल तारा भनेर चिरपरिचित नेपालका बुद्धलाई त भारतमा जन्मेको हो भनेर भारतीय पाठ्यपुस्तकमा लाज नमानी अद्यापि भारतीयहरूले उल्लेख गर्न छाडेका छैनन्। जानकी सीतालाई पनि भारत जन्मेकी भनेर पाठ्यपुस्तक र फिल्ममा समेत लेख्न र प्रदर्शन गर्न थालेका छन्। हाम्रो नियति नै यस्तो छ।

तेन्जिङका साथमा सर-एडमण्ड हिलारीको पनि सँगै नाम आउँछ। हुन त उनी नेपाली होइनन् तर उनी बढी नेपाललाई माया गर्ने मन र मस्तिष्क भएका व्यक्तिको रूपमा परिचित छन्। उनले सोलुको शिक्षा, विकास र स्वास्थ्यसेवाको क्षेत्रमा अतुलनीय योगदान गरेका छन्। उनले नेपाल र नेपालीको हितमा गरेका कामको सूची तयार गरेमा निकै लामो हुन्छ भन्दारहेछन् सोलुवासी एवम् स्थानीय पदाधिकारीहरू। सोलुखुम्बुको सर्वाङ्गीण विकासका लागि उनले गरेका योगदान सुनौला अक्षरले कुँदिने प्रकृतिको छ भन्ने कुरा समाचार माध्यमबाट पढिएकोमा अब सोलुखुम्बुको सीमित क्षेत्रमा भए पनि हेर्न र अनुभूति गर्न पाइने भयो। सोलु पुगेर अवश्यमेव उनको देनको विषयमा थोरै भए पनि साक्षात्कार गर्ने नै छौँ भन्ने मनमा धोको राखेर अघि बढ्दै त्यहाँको परिदृश्यमा अलमलियौँ।

सोलुखोलाबाट घोडामा चढेर अघि बढ्यौँ। बाटो तरपाई-तरपाई हुँदै उकालो लाग्दोरहेछ। भोटे घोडा बेगले अघि बढ्थे। उसको चालमा आफूलाई ढाल्दै अघि बढियो। पश्चिम फर्किएर अवस्थित भूबनौटले बेलुकीपखका सूर्यका मधुर रापलाई ताप्दै अघि बढ्दै अन्ततः सोलुबजार क्षेत्र प्रवेश गर्‍यौँ। बाटोमा ठाउँ-ठाउँ सार्वजनिक स्नानघरहरू र शौचालय बनाइएका रहेछन्। स्नान गर्नेहरू स्वदेशी र विदेशी सबै झुम्मिएका देखिन्थे। बजार सानो तर लामो सोतोको रूपमा फैलिएको रहेछ सल्लेरी बजार। तल सोलुखोलो बगेको देखिन्छ। खोलापारि डाँडाभरि सेता-सेता घरहरू देखिन्छन् । ती सबै घर शेर्पा समुदायका हुन् भन्थे हामीलाई लिन आउने सहयोगी सइसहरू। उनीहरूसँगको सम्वादले त्यहाँका धेरै कुराको जानकारी प्राप्त भयो।

उनीहरूसँग वार्तालाप गर्दै बढियो । उनीहरू सोलु बजारको तस्वीर वर्णन गर्न थाले । बजारका घरलाई न्यानो पार्न घरको भित्रपट्टिबाट भित्तामा काठका फलेक ठोकिएको हुन्छ । यसले गर्दा घर-कोठामा न्यानो भइरहन्छ । सोलुखोलाबाट ल्याइएको बिजुली बजार क्षेत्रमा पुऱ्याएपछि भुइँमुनिबाट ल्याइएको छ । बजारमा बिजुलीको तार खम्बामा देखिँदैन । जति युनिटको क्षमताको मिटर घरमा जडान हुन्छ त्योभन्दा अलिकति बढाएमा स्वतः बिजुली काटिन्छ । त्यसले गर्दा बिजुली चोरी हुँदैन । बत्ती बाह्रै महिना आउँछ । समयमा मर्मतसम्भार भइरहन्छ । यसरी वर्णन गर्दै थाहै नपाई हामीलाई सहयोगीहरूले जिल्ला न्यायाधीशको आवासमा पुऱ्याए ।

जिल्ला न्यायाधीश श्री जनार्दन खड्का बिदामा बसेकाले नायव सुब्बा बृखबहादुर राईले न्यायाधीशको अनुपस्थितिमा काम गर्दारहेछन् । उनीसँग भेट भयो । अदालत भवन बजार माथितिरको डाँडामा रहेछ । अन्य केही कार्यालय मालपोत र वन कार्यालय पनि डाँडामा नै रहेछन् । जिल्ला कार्यालय भने बजार क्षेत्रमा रहेछ । अदालतका काम-कार्यवाही सबै जाँच गरियो । कार्यबोझ एक जना न्यायाधीशका लागि ठीकठीकै रहेछ । वन, मालपोत र जिल्ला कार्यालयका अर्द्धन्यायिक प्रकृतिका मुद्दाहरू पनि जाँच गरियो । प्र. जि. अ. उषा नेपाल राम्रो प्रशासनविद् र बहुमुखी प्रतिभा भएको प्रशासक हुनुहुँदोरहेछ । मुद्दा-मामिलाका विषयमा नबुझेको कुरा सोध्ने, बुझ्ने र कानूनका प्रावधान बुझेर प्रयोग गर्न प्रयास गर्ने अत्यन्त जागरुक प्रथम महिला प्रशासक । उहाँको प्रतिभा र प्रशासनको लामो अनुभवका कारणले नै पछि उहाँ निर्वाचन आयुक्त पनि हुनुभयो । अलिपर पाखामा कारागार रहेछ । त्यहाँ थुनामा रहेका थुनुवा र कैदीहरूसँग थुनाको पूर्जी, खाद्यवस्तु, औषधि-उपचार, घरेलु इलमजस्ता विषयमा सोधपुछ गरियो र अभिलेख जाँचियो ।

उपचारकै प्रसङ्गमा फाप्लु हवाई फिल्ड छेउमा अवस्थित अस्पताल पनि अनौपचारिक रूपमा हेर्ने अवसर पाइयो, प्रसङ्ग कारागारकै थुनुवा र कैदीको उपचारको विषयलाई लिएर । त्यहाँ स्थानीय डा. पासाङ शेर्पा रहेछन् । उनी पनि अस्पतालमा सेवा गर्न पाउँदा खुशी नै हुने प्रकृतिका । त्यहाँ अस्पतालका विभिन्न कक्षहरू ल्याव, एक्सरे, स्वास्थ्य परीक्षण, औषधि भण्डार र आवास-गृहलगायत हेर्दा र त्यहाँ रू. पाँच मात्र तिरेपछि सबै परीक्षण र औषधिबापत शुल्क नलाग्ने व्यवस्था गरेको देखेँ । ओखलढुङ्गामा पनि यस्तो सुविधा भएको सुनेको थिएँ । यस्ता दुर्गम जिल्लामा रू. पाँचमा ल्याव, एक्सरे, डाक्टरबाट जाँचलगायत परीक्षण र उपचारमा लाग्ने औषधिसमेत सम्पूर्ण सुविधा पुऱ्याउन सक्ने व्यवस्था सम्भव बनाइएछ तर सरकारी अस्पताल वा शिक्षण अस्पतालहरूबाट आर्थिक अभावमा त्यस्तो सम्भव

देखिँदैन । डा. पासाङले "यहाँको यो सबै व्यवस्था सर हिलारीको योगदान हो । उहाँले आफ्नो देशबाट रकम सङ्कलन गरेर यहाँ प्राप्त हुने व्यवस्था गरेको छ । नेपाल सरकारले पठाएको औषधि पूरै खर्च हुँदैन । औषधिको व्यवस्था, ल्यावका सरसामान, एक्सरे सामानहरू मात्र होइन परीक्षक प्राविधिकहरू पनि उतैबाट आउने व्यवस्था मिलाइएको छ । ल्याव र एक्सरे परीक्षकहरू पनि उतैबाट स्वयंसेवकका रूपमा आएका छन्" भन्ने सुनाए । स्वयंसेवकको रूपमा अस्पतालमा कार्यरत जापानी युवा-युवतीहरूसँग पनि परिचय गराए । ओखलढुङ्गाको मिसन अस्पताल र सोलु सल्लेरीको अस्पतालमा गरेको व्यवस्था आर्थिक स्रोतको अभावका कारण नेपालका सरकारी अस्पतालमा सम्भव देखिँदैन । केही दुर्गम स्थानका अस्पताललाई नमूना बनाउन सके त्यस क्षेत्रका निवासी लाभान्वित हुने थिए ।

अर्को दिन प्रमुख जिल्ला अधिकारी उषा नेपालसँग साक्षात्कार भयो । उहाँले त्यो दिनमा भएको कामको विस्तृत चर्चामा सर एडमन्ड हिलारी त्यहाँ बजारमा आएको कारणले धेरै संस्थाको बैठकमा व्यस्त रहनुपऱ्यो । त्यहाँका स्कूलहरू र शेर्पा समुदायको सर्वाङ्गीण विकासका लागि शुरू भएका योजनाहरूको प्रगति मूल्याङ्कनका साथै आगामी योजनाका लागि उनी आफैँ आएको वर्णन गर्नुभयो । सर हिलारीले गरेको कार्यबाट त्यो भेगका शेर्पा समुदाय र अन्य समुदायमा परिवर्तन र जागरणको शङ्खनाद भएको पनि भन्नुभयो । अज्ञानता र पछौटेपनका विरुद्ध गुञ्जिने त्यस्ता शङ्खनादले त्यस क्षेत्रका सबैको चेतनाका स्फुलिङ्गहरू झङ्कृत भएछन् । यसरी त्यस क्षेत्रमा शिक्षाको ज्योति फैलाउन र विकासको गतिलाई तीव्र बनाउन सबैलाई प्रेरणा दिन उनी सफल भए भन्ने मलाई लाग्यो । त्यसैको प्रतिफलस्वरूप आज शेर्पा समुदाय मात्र होइन त्यो भेगका सबैमा आफ्नो मुलुकप्रति गर्व र गौरवको अनुभूति बढेको छ भन्ने मेरो दृढ विश्वास रह्यो । त्यहाँको विकासको गति देखेर हिलारीप्रति मेरो श्रद्धाभाव जाग्यो ।

सगरमाथा नेपालको कैलास हो । सगरमाथाको नाम स्मरण गर्दा नेपालका कैलासपति शिवको बास सम्झेर शिर नतमस्तक हुन्छ । अनि विश्वको सर्वोच्च शिखर नेपालमा अवस्थित छ भन्ने भावनाले गौरवको अनुभूति पनि हुन्छ । नेपाल हिमालका उच्च शिखरहरूको पनि धनी मुलुक हो । आठ हजारभन्दा बढीका चौध शिखरमध्ये आठवटा हिमशिखरहरू नेपालमा नै छन् । उत्तुङ्ग हिमशृङ्खलाले नेपालको शिर उँचा पारेको छ । नेपाललाई प्राकृतिक सुन्दर बनाउन, वनस्पति, जडीबुटी, जलसञ्चय र आपूर्ति सहज पार्ने यस्ता अनगिन्ती प्राकृतिक देन दिने कार्य पनि यिनै हिमशृङ्खलाले गरेका छन् । यी हिमशिखर नभएका भए नेपालमा न

नदी हुन्थे न हिमताल । नेपाली भूमि पनि मरुभूमितुल्य हुन्थ्यो अरब मुलुकजस्तै ।

यस पटक सोलु जिल्लाको सदरमुकामसम्म मैले आफ्ना पाइला राख्न भ्याएँ । सगरमाथा हेर्ने वा आधारशिविरसम्म जाने भौतिक साधन र स्रोत मजस्ता न्यायकर्मीमा हुने अवस्था थिएन । सोलु सल्लेरीबाटै सर्वोच्च शिखरलाई नमन गर्रैं । पर्वतारोही सबैमा शब्द सम्मान प्रकट गर्रैं । नाम्चे, लुक्ला, स्याङबोचेलगायत क्षेत्रमा जाने इच्छालाई सल्लेरीबाटै पूरा गर्रैं । सगरमाथाका प्रथम पर्वतारोही हिलारी, तेन्जिङ नोर्गे शेर्पा र उनीहरूपछि सगरमाथा आरोही सबैमा उनीहरूको उत्साह, उमङ्ग, साहस, धैर्य र सफल आरोहणप्रति शब्द सम्मान अर्पण गर्रैं ।

सर्वोच्च शिखर सगरमाथा शिखरमा सर्वप्रथम तेन्जिङ नोर्गे शेर्पा र सर एडमण्ड हिलारीले प्रथम पाइला टेकेका थिए । उनीहरूपछि धेरै आरोहीले सगरमाथाको शिखर चुमेका छन् । यो कृति तयार हुँदासम्म (वि.सं. २०८१ ज्येष्ठ ९ सम्मम) ८८४८.८६ मिटर ( नयाँ कायम) उचाइको विश्वको सर्वोच्च शिखर सगरमाथामा जम्मा आठ हजार दुई सय बहत्तरभन्दा बढी आरोहीहरूले आरोहण गरेर आफ्नो सुकीर्ति विश्वभर फैलाएका छन् । तीमध्ये पाँच सयभन्दा बढी महिला छन् । महिला आरोहीमा जापानकी जुन्को ताबेईले १६ मे १९७५ मा सगरमाथाको चुचुरोमा पाइला टेकी प्रथम महिला आरोही बनिन् । सोलुखुम्बु थामेका कामीरिता शेर्पाले वि.सं.२०८२ ज्येष्ठ १२ मा ३१ सौँ पटक सगरमाथा आरोहण गरेर यसअघि आफैँले वि.सं.२०८१ ज्येष्ठ ९ मा ३० सौँ पटक आरोहण गरेको अभिलेखलाई तोडेका छन् । सोलुखुम्बु पाङबोचेका पासाङ दाबाले सत्ताइसौँ पटक सगरमाथा आरोहण गरेका थिए । यसअघि आप्पा शेर्पाले एक्काइस पटक र फूर्बा शेर्पाले पनि एक्काइस पटक नै आरोहण गरेका थिए । मकालु सङ्खुवासभाकी लाक्पा शेर्पाले दश पटक सगरमाथा आरोहण गरेर नेपाली प्रथम आरोही महिला पासाङल्हामुपछि दोस्रो भएकी हुन् । पेम्बा दोर्जी शेर्पाले आधारशिविरबाट ८ घण्टा १० मिनेटमा सन्. २००४ मे २१ मा सगरमाथा चढेर कीर्तिमान कायम गरेका थिए । सन् १९२१ जुन ५ देखि सन् २०२३ जुन ३ सम्ममा आरोहणको क्रममा तीन सय बत्तीसभन्दा बढीले ज्यान गुमाएका छन् भने दुईसय भन्दा बढीको शव हिमालमा नै अलपत्र छ । यस्तो आरोहणको सफलता र असफलता एवम् जनधन क्षतिका अभिलेखको आकडा प्रतिवर्ष बढ्दो छ ।

शिखरमा सफल आरोहण मात्र भएन, आरोहणको क्रममा क्रममा मृत्यु भएका आरोहीको शवहरू र आरोहीले प्रयोग गरी बिसर्जन गरेका वस्तुहरूले

सगमाथा क्षेत्रमा प्रदूषण बढ्ने क्रममा छ। ती शवहरूको उचित स्थानमा लगी समाधिस्थ गर्ने र बिसर्जन गरिएका वस्तुहरू सङ्कलन गरी व्यवस्थापन गर्नु पनि उत्तिकै आवश्यक छ। आरोहीहरूको सङ्ख्या दिनानुदिन वृद्धि भइरहेको अवस्थामा आरोहीको सङ्ख्या र बस्न पाउने अवधि तोकिनु पनि उत्तिकै जरुरी देखिएको छ। त्यस्तै आधारशिविरमा बस्न दिने अवधि पनि किटान हुनुपर्छ। हिमाली क्षेत्रमा स्रोत र साधनको अत्यधिक खपतका कारण उत्सर्जन बढनाले जलवायुमा प्रभाव पर्ने, प्रदूषण बढ्ने र फोहोर व्यवस्थापनमा समस्या पर्ने देखिन्छ। सगरमाथासहित नेपालका अन्य शिखरहरूमा प्रदूषण बढिरहेकोले नेपालको वातावरणमा गम्भीर दुष्प्रभाव परिरहेको छ।

पर्यावरण विनाशको परिणाम देखिन थालेको छ। वर्षा कम हुन थालेको छ। हिमपात कम हुन थालेको छ। हिमालहरूमा हिउँ घट्तो छ। हिमालहरू काला पत्थरमा परिणत हुँदै छन्। नदी नालामा पानीको बहाव कम हुँदैछ। पानीका स्रोत सुक्तैछन्। हिमताल फुट्ने, सुख्खा पहिरो जाने र बाढी पहिरो बढ्दो क्रममा फैलिँदो छ। जलवायुको विषय पिउने पानीदेखि प्राणीमात्रले फेर्ने साससम्म जोडिएको छ।

विश्वको सर्वोच्च शिखर सगरमाथा आरोहण गरेर शेर्पा बन्धुहरूले आफ्नो साहस, दृढता र सामर्थ्यले नेपाल र नेपालीको सुयश विश्वभर फैलाएका छन्। पटक-पटक सगरमाथा शिखर आरोहण गर्ने ती शेर्पा बन्धुहरू र अन्य धेरै साहसी पर्वतारोहीको योगदान प्रशंसनीय छ। कैलासपति महादेवले साहसी नेपालीलाई सगरमाथा आरोहण गरी उज्ज्वल कीर्ति कायम गर्न सदैव सत्प्रेरणा र ऊर्जा प्रदान गरून् भन्ने नेपाली मात्रको शुभ भावना रहिरहेको छ। नेपालको शिर र राष्ट्रिय झण्डा उच्च पार्ने ती सफल आरोही शेर्पा नेपालका सच्चा सपूत हुन्। उनीहरूको बहादुरी, उच्च मनोबल, साहस र धैर्यप्रति सबैको शुभेच्छा रहेको छ।

त्रिदिवसीय सल्लेरी प्रवास सकेर विराटनगरको जहाजका लागि टिकट उपलब्ध नहुँदा म काठमाडौँ उत्रिएँ। रुम्जाटारबाट शुरू यात्रा ओखलढुङ्गा, सोलु, सल्लेरी हुँदै कामाडौँबाट पुनः राजविराजमा पुगेर टुङ्गियो। सेलरोटीजस्तै एक फेरो फन्को मारी घुम्दै फिर्दै पुनः राजविराजमा पुगेर यो पटकको यात्रा टुङ्ग्याए। केही दिनको विश्रामपछि पुनः नियमित जिम्मेवारीको काममा लागेँ। अब भने दुनियाँ-दुनियाँका र राज्य र दुनियाँबीचका विवाद समाधान या निरूपणको जिम्मेवारीमा लागेँ। न्यायकर्ताले सदैव न्याययाचकको विवादमा आफ्नो मन-मस्तिष्क लगाएर स्थायी रूपमा विवाद समाधान गरिदिनुपर्ने कर्तव्य हुन्छ। नेपालको प्रचलित

कानूनअनुसार न्यायकर्ताले गरेको सही निर्णय अन्तिम हुन्छ । यसबाट नै विवादको स्थायी समाधान पक्षहरू निश्चिन्त भएर आ-आफ्नो काम वा व्यवसायमा लाग्छन् । यो विधिको शासन हो । नेपालको संविधान र कानूनले निर्धारण गरेको व्यवस्था हो ।

अर्को वर्ष वि. सं.२०५२ साल मार्गमा खोटाङ जिल्लाको सदरमुकाम दिक्तेलस्थित न्यायिक र अर्द्धन्यायिक निकायहरूको निरीक्षण गर्न गएँ । गतवर्ष बाटो फरक हुनाले जान सकेको थिइनँ । मुलुकका सबै भाग भ्रमण गर्ने इच्छा भए पनि आफ्नो वशको कुरा हुँदैन । सबै ठाँउमा पर्यटन गर्न धेरै धनराशिको आवश्यकता पर्छ । एउटा न्यायकर्ताले आफूले प्राप्त गर्ने पारिश्रमिकबाट आफू र आफ्ना आश्रितको निर्वाहमा खर्च चलाउन धौ-धौ पर्छ । सरकारी काममा जाँदा भने सरकारी कामसँगै त्यसक्षेत्रको भ्रमण गर्ने सुविधा प्राप्त हुन्छ । यो सुविधालाई सदुपयोग गर्नु व्यावहारिक पनि हुन्छ । भ्रमणले त्यहाँको वस्तुस्थिति अध्ययन गर्न र आफूलाई अझ बढी परिष्कार गर्न मद्दत गर्छ ।

मेरो दिक्तेल यात्रामा सहयोगी इजलास अधिकृत श्री टेकराज नेपाल थिए । विराटनगरबाट लामिडाँडासम्मको हवाईजहाजको र त्यहाँबाट पैदल यात्रा । विराटनगरबाट हामी दुई र खोटाङमा कार्यरत जिल्ला न्यायाधीश श्री गोपालप्रसाद गुरागाइँ साथैमा जाने कार्यक्रम तय भयो । राजविराजबाट अदालतको गाडीबाट विराटनगर र त्यहाँबाट गोपाल गुरागाइँसमेत नेपाल वायुसेवा निगमको जहाजबाट लामीडाँडा उत्रियौं। पहाडले चारैतिर घेरिएको लामीडाँडाको रातो माटो भएको क्षेत्र । वरिपरि सुन्तलाबारी लटरम्म फलेका, रसिला र स्वादिला सुन्तला । तत्काल टिपेका सुन्तला खाँदा स्वादै बेग्लै । अझ भर्खर दुहेको दुध र मोही पारेर झिकेको नौनी खान पाउने मानिस भाग्यमानी सम्झनुपर्छ । गाउँघरमा बस्ने हो भने यी स्वास्थ्यकर वस्तु उपभोग गर्न पाइन्छ । जे भए पनि लामीडाँडामा जहाजका लागि हवाईफिल्ड बनाउने योजनाकार ई वीरेन्द्रकेशरी पोखरेललाई धेरैले सम्झँदा रहेछन् । सबैले एक-एक यस्ता योजना बनाएर कार्यान्वयन गरे नेपालको विकासले अग्रगति लिने थियो । यसले त्यो भेगको आर्थिक विकासमा ठूलो योगदान गरिहेको रहेछ । त्यहाँ उत्रेर चारैतिर आँखाभरि पहाडका मनोरम दृश्यहरूको अवलोकन गरियो ।

त्यहाँ गएको अवस्थामा नजिक पर्ने हलेसी महादेवको दर्शन गर्ने काम सकिएपछि सदरमुकामतर्फ बढ्यौं । बाटो उकालो थियो तर घोडा भएकाले शारीरिक परिश्रम त्यति गर्नुपरेन । क्रमशः मालाथुम्का, नागीको सुरम्यता र रमणीयतालाई

आँखा र मनभरि लिँदै हरिया डाँडाहरूका प्राकृतिक छटाका चित्रमय सौन्दर्यलाई रसास्वादन गर्दै अघि बढियो । अर्खौलेमा पुगी बिहानको खाना खाएर पुनः उकालो लागियो । बाटो सजिलै रहेछ । सुन्दर रमणीय दृश्य र परिदृश्य नियाल्दै अघि बढियो । बाटोमा पाँच फिट अग्लो "सुत्केरी ढुङ्गा" भन्ने देखाए । यसबारे थप विवरण दिन सकेनन् । इतिहास वा मिथक हुँदो हो । ढुङ्गा पार गरेर कामीडाँडा हुँदै बिजुले भन्ज्याङ पुग्यौँ ।

डाँडाको टुप्पोबाट लामीडाँडा हवाई फिल्ड देखिँदो रहेछ । त्यो डाँडा नाघेर हामी राँकेडाँडा पुग्यौँ । पारिपट्टि खार्पा पोखरेल गाउँ देखियो । खार्पाली पोखरेल धेरै नै नामी थिए । नेपालको एकीकरणमा बडामहाराज पृथ्वीनारायणलाई सहयोग गर्ने यहीँका केही पोखरेलहरू थिए भन्ने इतिहासमा वर्णन पाइन्छ । केही उकालो पार गरेपछि नुनथला आइपुगियो । भोटतिरबाट नुन ल्याएर वितरण गर्ने स्थल भएर होला यसको "नुनथला" नामकरण गरिएको । यसको ऐतिहासिकता जान्न पाइएन । जे भए पनि यसले केही न केही इतिहास ओगटेको अनुभूति भयो । यो नै दिक्तेल जाने बाटोको उच्च स्थान रहेछ । यहाँ वनको घनत्व पनि निकै रहेछ । यसले प्राकृतिक सौन्दर्यलाई आफूभित्र समेटेर राखेर सुन्दर छटा फिँजाइरहेको आभाष दिएको छ । यी हरियालीका मनोरम दृश्यावलीलाई आँखा र मस्तिष्कबाट आस्वादन गर्दै केही तेर्सो तरपाई-तरपाई बाटो बढ्दै मुढेडाँडा आइपुग्यौँ । अब भने दिक्तेल जान ओरालो झर्नुपर्ने रहेछ । ओरालो झर्दै जादाँ पहिले सेनाको ब्यारेक र कारागार आउँदोरहेछ । यसरी बेलुकीपख दिक्तेल बजार आइपुगियो । जिल्ला न्यायाधीशले आफ्नो निवासमा बस्ने व्यवस्था गरेका रहेछन् । थकाइले चूर भएकाले बेलुका खानपीन गरेर सुतियो ।

अर्को दिनदेखि अदालतको जाँच शुरू गरियो । अदालतको कार्यबोझ एक जना न्यायाधीशका लागि ठीकै रहेछ । विचाराधीन मुद्दा, किनारा भई कार्यान्वयनमा गएका मुद्दा, दण्ड-जरिवाना असूली, दुनियाँको विगो भरी-भराऊ, अभिलेख व्यवस्थापनलगायतको विषयमा र अदालतको कामप्रति त्यहाँका जनप्रतिनिधि एवम् सर्वसाधारणको धारणाजस्ता यावत विषयको अध्ययन गरियो । लगातार दुई दिन लगाएर जाँचबुझ गरी देखिएका त्रुटिहरूको निराकरण गर्ने विषयमा निर्देशन दिइयो । जिल्ला न्यायाधीशले गर्नुपर्ने कामका विषयमा ध्यानाकर्षण गरियो ।

अदालत प्रशासकीय भवनमा रहन गएको हुँदा जिल्ला कार्यालय, जिल्ला विकास समिति, मालपोत कार्यालयलगायत अधिकाङ्श जिल्लास्तरीय कार्यालयहरू

एउटै भवनमा रहन गएकाले अदालत पनि जिल्लाका प्र.जि.अ.को मातहतजस्तो सर्वसाधारणमा भ्रम पर्न सक्छ। यस्तो भ्रम पर्न गएमा स्वतन्त्र अदालतको सिद्धान्त प्रतिकूल हुनसक्छ। यसका लागि अदालत भवन अलग स्थानमा बनाउन पहल गर्न न्यायाधीशको ध्यानाकर्षण गरियो। पुनरावेदन अदालतबाट पनि पहल गर्ने जानकारी गराइयो।

अर्द्धन्यायिक प्रकृतिका मुद्दा हेरी कार्यवाही र किनारा गर्ने निकायहरू जिल्ला प्रशासन, मालपोत र वन कार्यालयको निरीक्षण गरी ती निकायमा विचाराधीन र किनारा लागेका मुद्दाहरूको समेत जाँचबुझ गरी देखिएका त्रुटिहरू निराकरण गर्न आवश्यक निर्देशन दिइयो। कार्यान्वयन गर्न देखा परेका समस्या समाधान गर्न यथोचित ध्यानाकर्षण गरियो। कारागार बजारमाथितिर रहेकाले निरीक्षण गरी थुनुवा बन्दी र कैदीहरूको रासनपानी, थुनुवा पूर्जी, कैदको समयावधि, औषधोपचार, मानवीय आवश्यकताका विषयमा समेत जाँचबुझ गरी कारागार प्रमुखलाई निर्देशन दिई सबै विषयको अभिलेख दुरुस्त राख्न ध्यानाकर्षण गरियो।

यसरी लगातार तीन दिन लगाएर सबै जाँचबुझ गरेर फर्कने प्रबन्ध गरियो। लामीडाँडामा नियमित हवाईजहाज थिएन। फेरि लामीडाँडा आउन पनि प्रायः एक दिन लाग्ने हुनाले बुझ्दा बराबर हेलिकोप्टर आउने र यात्रीहरूलाई कुनैले धरान र कुनैले धनकुटा पुऱ्याउने व्यवस्था रहेछ। धरानका लागि सिट उपलब्ध हुन नसकेकाले धनकुटाको लागि दुई सीट आरक्षण गरी धनकुटासम्म गाडी पठाई दिन राजविराजमा पुनरावेदन अदालतमा मुख्य न्यायाधीशलाई आग्रह गरियो। बजारबाटै हेलिकोप्टर चढी एक घण्टामा धनकुटा पुगियो। त्यहाँसम्म गाडी लिएर राजविराजबाट ड्राइभर बिन्दी आएका रहेछन्। साथमा छोरा सञ्जीव पनि आएकाले धनकुटा बजार घुम्न अँध्यारो भइसकेकाले सरासर विराटनगर हुँदै राजबिराज राति करीव दश बजेतिर पुगी एक साताको दिक्तेल भ्रमणको बीट मारियो। यसरी राजविराजमा पुनरावेदन अदालतको न्यायाधीशको रूपमा लगभग दुई वर्ष र त्यहाँबाट पुनः जनकपुर पुनरावेदनमा तीन वर्ष सेवा गरेपश्चात् फेरि दोहोरिएर पुनरावेदन अदालत इलाममा सेवा गर्ने अवसर जुट्यो।

# इलामबाट बुटवल

जब इलाम सम्झन्छु। स्वर्गसमान सुन्दर इलाम आँखामा अविरल नाचिरहन्छ। यहाँ दोम्रोपटक सरुवा भएर आएको लगभग चार वर्ष व्यतीत हुन लागेको थियो तर किन हो न्याय-परिषद्ले मलाई मात्र होइन अरू मुख्य न्यायाधीशलाई सरुवा गर्न ढिलाइ गरेको थियो। परिषद्ले शायद यति वर्ष एउटा अदालतमा काम गरेपछि सरुवा गर्नुपर्छ भन्ने नीति नबनाएकोले या परिषद्का सदस्यका आफन्तलाई रोज्जा ठाउँमा राख्न मत नमिलेर हो, सरुवा गरेको थिएन। प्रधानन्यायाधीशमा कार्यरत श्री केशवप्रसाद उपाध्यायको उमेरमा विवाद बढेपछि लोकप्रियतामा ह्रास भइरहेको थियो। उनले परिषद् राखेर सरुवा गर्ने र अन्य न्यायिक कार्यमा गति दिन सकिरहेका थिएनन्। विवादका बीच उनी वि.सं. २०५९ मार्गमा सेवानिवृत्त भए। प्रधानन्यायाधीश श्री केदारनाथ उपाध्याय नियुक्त हुनुभयो।

उहाँको बहाली भएपछि बसेको न्याय-परिषद्को बैठकको सिफारिसबमोजिम श्री ५ बाट मिति २०५९।११।१ मा मेरो बुटवल पुनरावेदन अदालतको मुख्य न्यायाधीशमा सरुवा भयो। त्यहाँ कार्यरत मुख्य न्यायाधीश श्री ध्रुवनाथ उपाध्यायको नेपालगञ्ज पुनरावेदन अदालतको मुख्य न्यायाधीशमा सरुवा भएछ। निज ध्रुवनाथलाई सरुवा गरेको विषयमा पूर्व प्र.न्या. श्री केशवप्रसाद उपाध्यायलाई साह्रै चिन्ता लागेको रहेछ। विराटनगरमा उनले कान्छा छोराको विवाहताका त्यहाँ कार्यरत न्यायकर्मीलाई "ध्रुबले राजीनामा गर्छ, नेपालगञ्ज जाँदैन। बुटवलबाट उसलाई सार्नै नहुने" भन्दै पछिल्ला प्रधानन्यायाधीशको अध्यक्षतामा बसेको परिषद्को निर्णयको टीकाटिप्पणी गर्नुभएको केही मित्रहरूले सुनाए। यही कारणले चार वर्षसम्म मुख्य न्यायाधीशहरूको सरुवा नभएको रहस्योद्घाटन भयो। यसले नेपालको प्रशासनमा मात्र होइन कि न्यायिक क्षेत्रमा पनि मुख्य पदाधिकारीका लागि *"राम्रो होइन, हाम्रो चाहिन्छ"* भन्ने सिद्धान्तले प्रश्रय पाउँदोरहेछ भन्ने तथ्य पुष्टि भयो। यस्तै बाउन्न थप्पड त्रिपन्न घुस्सा खाएर सेवा गर्नुपर्ने रहेछ। न्याय-सम्पादन गर्ने न्यायकर्मीले नै अन्यायका आघात-प्रतिघातलाई सहेर नै घिस्रिनु पर्दोरहेछ। घिस्रिँदै जानुको विकल्प पनि त थिएन नि मजस्तालाई।

वि.सं.२०५९ साल फागुन ५ गते बुटवलका लागि रमाना लिएँ। त्यहाँ स्थानीय जनप्रतिनिधि, प्राध्यापक, अदालतका कर्मचारी, कानून-व्यवसायी, कर्मचारी परिषद्, प्रशासन, ब्रह्मकुमारी राजयोग सेवा केन्द्र, कर्मचारी मिलन केन्द्रलगायतले अलग-अलग समारोह गरेर अत्यन्त स्नेहभावले बिदा गरे। त्यहाँ पाएको स्नेहले

अत्यन्त द्रबित भएँ । यो बिदाइ लगनशील भएर निष्ठा एवम् इमानदारीपूर्वक निष्पक्ष सम्पादन गरेको न्याय-निरूपण, कर्तव्यपरायण र सबैप्रति सम्मानपूर्वक व्यवहारको प्रतिफल थियो । अनि थियो चोखो स्नेह र प्रेमको । मैले त्यहाँ कसैको मुलाहिजामा सहिछाप लगाइनँ न त कसैलाई रिझाउन कानून र न्यायलाई मिचेर मोलाहिजा गर्रैं । बरू कानून र न्यायको उच्च मर्यादा कायम राख्न सदैव तत्पर रहैं । न्यायको याचना गरेर अदालतको ढोकामा आउनेलाई सामर्थ्यले भ्याएसम्म छिटो-छरितो रूपमा मुद्दा किनारा गरेर कानूनबमोजम इन्साफ गर्रैं । यो स्नेह र बिदाइ यसैको प्रतीक हो भन्ने ठानैं । यसरी पहिले वि.सं. २०४९ साल असारदेखि २०५१ भाद्रसम्म दुई वर्षभन्दा बढी र यो पटक लगभग चार वर्ष बसेको इलामलाई त्यहाँको प्राकृतिक सौन्दर्य, माधुर्य र रमणीयतालाई छाडेर अब बुटवलको भिन्न परिवेश भएको स्थानका लागि यात्रा प्रारम्भ गर्रैं ।

इलामबाट प्रस्थान गर्दा ब्रह्मकुमारी राजयोग सेवा केन्द्रकी बहिनी जमुना पनि विराटनगरसम्म साथै आउनुभयो । उहाँलाई विराटनगरको सेवा केन्द्रमा पुऱ्याएर म आफ्नो घरमा आएँ । अर्को दिन विराटनगरस्थित ब्रह्मकुमारी राजयोग सेवा केन्द्रबाट केन्द्रकी प्रमुख बहिनी गीता बहिनीले राजदिदीले केन्द्रमा हजूरको बिदाइ कार्यक्रम राख्नुभएको छ भन्ने खबर गर्नुभयो । इलामको राजयोग सेवा केन्द्रको भवन मैले र राजदिदीले संयुक्त रूपमा समुद्घाटन गरेका थियौं । त्यहाँ मैले अध्यात्मिकताको विषयमा मन्तव्य पनि दिएको थिएँ । मेरो धारणाबाट उहाँहरू प्रभावित हुनुहुन्थ्यो । त्यसैले त्यो आग्रहलाई स्वीकार गरेर म र मेरी सह-धर्मिणी कल्पना दुवै जना केन्द्रमा गयौं । उहाँहरूसँग ध्यानमा केहीबेर संलग्न भयौं । ब्रह्मकुमारी राजयोग सेवा केन्द्र नेपालकी प्रमुख राजदिदी र विराटनगर केन्द्रकी प्रमुख गीता बहिनीले हामीलाई माला, उपहारसहित बिदा गर्नुभयो । उहाँहरूले दर्शाउनुभएको स्नेह, सद्भाव र आत्मीयताले म आत्मविभोर भएँ । उहाँहरू जीवनभर यस्तै लगन र त्यागमा रमाउनुभएको छ । अध्यात्मिकतामा आफूलाई निष्पृह रूपमा समर्पण गरिरहनुभएको छ । आफ्नै प्रयासले केन्द्रको भव्य भवन निर्माण भएको छ । त्यो सबै उदारमना मनीषी दाताहरूको सहयोगबाट सम्भव भएको हो भन्ने कुरा मलाई सुनाउनुभयो । कुनै चाहना वा लोभ छैन । जीवनलाई यस्तै सत्कर्ममा लगाउनु परम धर्म हो भन्ने मलाई लाग्छ । बिदाइमा अध्यात्मिक प्रेम, सद्भाव र शुभेच्छा थियो । यी अध्यात्मिक उपहारका कोसेली अञ्जुलीभरि थापेर उहाँहरूप्रति कृतज्ञता र आभारका शब्द-सुमन अर्पण गर्दै बुटवलमा भेट्ने बाचाका साथ बिदा भयौं ।

घरमा आएपछि गृहस्थीको पनि भारी बोकेका व्यक्तिको भागमा केही न केही काम त पर्छ नै । अगाडि देखेपछि नगरी पनि नहुने, गर्न पनि सबै नभ्याइने । जरुरी कामजति फत्ते गर्दै घरमा केही दिन आराम पनि गरौं । धेरै दिन भएको थियो, आफ्नो घरमा नबसेको । अहिले बस्दा छुट्टै आनन्दानुभूति प्राप्त भयो । लाग्छ, यो सबै माता-पिताको प्रसाद हो भन्ने पनि लाग्यो । इलामबाट चालक वसन्तले "खबर भएमा इलामबाट आई श्रीमान्लाई बुटवल पुऱ्याउँछु" भनेका थिए । आफ्नो सानो मारुति गाडी छँदै थियो तर बुटवलबाट रजिष्ट्रार अग्नि थपलियाले चालक पठाइदिएकाले वसन्तलाई बोलाउनुपरेन । उनलाई "दुःख नगर्नू" भनी सूचना दिएर म, कल्पना र छोरा डा.सञ्जीव बुटवलको लागि प्रस्थान गर्यौं ।

पूर्व-पश्चिम राजमार्गमा धेरै यात्रा गरियो । सबै स्थान पूर्वपरिचित । रूपन्देही जिल्ला अदालतको न्यायाधीशको रूपमा रही सेवा गरेको हुनाले त्यो क्षेत्र अपरिचित थिएन । मस्तिष्ककोषमा बसेका स्मृतिमा डुब्दै चार बजेको समयमा हामी बुटवल पुग्यौं । अदालतका रजिष्ट्रार अग्नि थपलियासहित सहयोगीहरू मुख्य न्यायाधीशको निवासमा पर्खेर बसेका रहेछन् ।

बुटवलमा साबिक अञ्चलाधीशको निवास रहेको भवनलाई मुख्य न्यायाधीशको निवास कायम गरिएको रहेछ। भवन पुरानो जीर्ण भए पनि भवनले चर्चेको क्षेत्रफल धेरै थियो तर अस्तव्यस्त थियो । सबैतिर घाँसले ढाकेर जङ्गलजस्तै भएको रहेछ । सरसफाइ र तुलफूल लगाउने काम हुँदोरहेनछ । साविक अञ्चलाधीश बस्दा हरभरा र फूलले शोभायमान देखेको थिएँ तर अहिले उजाड र विरक्तलाग्दो देखें । प्रकृतिलाई पनि मानवका हातको स्पर्श चाहिन्छ । मानवले आफ्ना हातले सुम्सुम्याएमा प्रकृति सदैव हाँस्दो-खुल्दोरहेछ । मानव हातहरू नै अघि नसरेपछि प्रकृति स्वयम् ओइलाउँदो रहेछ । पहिले अञ्चलाधीशका अङ्गरक्षक बस्ने घरमा अदालतका सहयोगी परिचर र चालक बस्दारहेछन् तर त्यो निवासलाई पनि खण्डहरमा परिणत गराइएको रहेछ । आफ्नो निवास वरिपरि सुरम्य वातावरण बनाउन त्यहाँ बस्ने व्यक्तिहरू नै लाग्नुपर्ने प्रथम दृष्टिमा नै अनुभूति भयो । त्यहाँ पुग्नासाथ सबै न्यायाधीशहरू भेटघाटका लागि आउनुभयो ।

अर्को दिन पदबहाली गरेर आफ्नो कार्यारम्भ गरौं । त्यहाँ बहाली गरेपछि तत्काल निरीक्षण गर्न बाँकी रहेका अदालत र अर्द्धन्यायिक निकायहरूको सुपरिवेक्षण गरी प्रतिवेदन पठाउन सर्वोच्च अदालतबाट निर्देशन भएकाले रूपन्देही र कपिलवस्तु जाने कार्यक्रम बनाएँ ।

# न्यायिक सुपरिवेक्षण

## कपिलवस्तु

पहिला कपिलवस्तु जिल्ला अदालत सुपरिवेक्षण गर्ने कार्यक्रम बन्यो। त्यहाँ जाने बाटो दुईमध्ये एउटा पूर्व-पश्चिम राजमार्ग हुँदै जाने र अर्को भैरहवा भएर लुम्बिनी हुँदै जाने थियो। भैरहवा हुँदै जाने र आउँदा राजमार्ग हुँदै आउने कार्यक्रम तय गरियो। लुम्बिनी हुँदै कपिलवस्तु गयौं। श्री फणीन्द्रदत्त शर्मा र अरू दुई न्यायाधीश कार्यरत रहेछन्। जिल्ला विकास समितिको अतिथि निवासमा बसेर अदालत जाँच गरियो। तौलिहवा पहिलेदेखि नै कानूनमा अलिक चनाखो स्थान रहेकाले कानून-व्यवसायीको सङ्ख्या पनि धेरै रहेछ। अदालतमा मुद्दाको सङ्ख्या पनि धरै नै पाइयो। मुद्दा फछ्यौंटमा सुस्तता रहेछ। वकीलले पेशीबाट बढी मुद्दा हटाउने प्रवृत्तिले न्याय-सम्पादनमा दुष्प्रभाव बढेको देखियो भने मुद्दामाथि अनावश्यक मुद्दा थप्ने प्रवृत्ति पनि देखियो। यो प्रवृत्तिबाट कानून-व्यवसायीलाई पक्षको भन्दा बढी हित भएको र पक्षलाई अनावश्यक खर्चको भारी बोकाएको मुद्दाको प्रकृतिबाटै देखिन्थ्यो।

अर्कोतर्फ अदालतमा अनावश्यक मुद्दाको सङ्ख्या थपिँदै गएको देखिन्थ्यो। त्यसको निराकरणका लागि कानून-व्यवसायी र जिल्ला न्यायाधीशहरू राखेर अनावश्यक मुद्दा बढाउँदा पक्षको हित नहुने, मूल मुद्दाबाटै समाधान हुने कुरामा त्यसलाई ओझेल पार्ने र मुद्दाको लहरो बढाउने प्रवृत्तिले अदालत र कानून-व्यवसायीको छविमा समेत आँच आउने तथ्यलाई अवगत गराएँ। पछि सबै तहका अदालतको नियमावलीहरूमा नै यसको समुचित व्यवस्था गरियो। फैसला कार्यान्वयनतर्फ प्रगति न्यून भएको हुनाले बराबर कार्यान्वयनका लागि अदालतका कर्मचारीको टोली पठाउने र प्रगतिको मूल्याङ्कन गर्ने परिपाटी बसाउन र अभिलेख व्यवस्थापनमा सुधार गर्नसमेत निर्देशन दिइयो।

यसै सिलसिलामा मालपोत, जिल्ला प्रशासन र वन कार्यालयहरूमा परेका अर्द्धन्यायिक प्रकृतिका मुद्दाहरूको काम कार्यवाही, निर्णय, निर्णय कार्यान्वयन, दण्ड-जरिवानाको असुली, सोको अभिलेखलगायतको जाँच गरेर त्रुटि सुधार गर्न ध्यानाकर्षण गराइयो। कारागारमा निरीक्षण गरेर थुनुवा-कैदीहरूको सम्बन्धमा निरीक्षण गरी उनीहरूलाई कानूनबमोजिम कैदी पुर्जी, तदनुसारको अभिलेख, राशन-पानी, स्वास्थ्य-सुविधा, कानून-व्यवसायीबाट कानूनी परामर्श प्राप्त गर्ने अवसर र

कारागार भवनमा घरेलु शिल्पसम्बन्धी काम गर्ने अवसर, परिवारजनलाई निर्धारित समयमा भेट्न दिनेजस्ता यावत मानवीय सरोकारका विषयमा कारागार प्रमुखको ध्यानकर्षण गराइयो ।

## ऐतिहासिक तिलौराकोट

कपिलवस्तु भ्रमणमा गएको अवसरमा ऐतिहासिक स्थल हेर्ने संयोग जुऱ्यो । कपिलवस्तुको तिलौराकोट बुद्धदर्शनको मूल थलो हो । यसको ऐतिहासिक महत्त्व अत्यधिक रहेको छ । राजा शुद्धोदनको राजप्रासाद यहीँ रहेको थियो । राजा शुद्धोदन र मायादेवीका पुत्रको रूपमा जन्मिएका बुद्धले नेपालको गौरव राखेको ऐतिहासिक स्थल हो भने राजकुमार सिद्धार्थले बुद्धत्व प्राप्त गर्नुअघि उनन्तीस वर्ष युवावस्था व्यतीत गरेको स्थान पनि हो । पुरातत्त्वविद्हरूबाट भएको उत्खनन र अन्वेषणले पुरातात्त्विक सामग्री र भग्नावशेष आठौँ शताब्दीसम्मको रहेको पुष्टि भएको थियो । त्यहाँको माटो र अन्य वस्तु परीक्षणबाट प्राचीनतम भएको विवरण दर्शाइएको थियो । त्यहाँ दुई हजार आठ सय वर्षअघि नै मानव बसोबास भएको पुरातत्त्वविद्हरूले बताएका छन् । उनीहरूले सो स्थान दक्षिण एसियामा सबैभन्दा सुरक्षित, सग्लो र ऐतिहासिक सम्पदास्थल भएको ठहर गरेका छन् । त्यसैले ऐतिहासिक, पुरातात्त्विक एवम् सांस्कृतिक पहिचान बोकेको तिलौराकोटलाई युनेस्कोले उनन्तीस वर्षअघि नै सम्भावित विश्व-सम्पदास्थलको सूचीमा राखेकोमा अब सूचीकृत गर्न प्रयास गरिएको छ ।

उनै राजा शुद्धोदनको दरबारको भग्नावशेषको रूपमा रहेको स्थानको इतिहासबारे जानकारी राख्ने इच्छा लिएर हेर्न गयौँ । त्यहाँ पुरातात्त्विक महत्त्वका इँट, भाँडा-कुँडाका अवशेषहरू, ऐतिहासिक महत्त्वका अन्य घरेलु वस्तुहरू संरक्षण गरेर राखिएका रहेछन् । यसबारे जानकारी गराउने सानो कार्यालय रहेछ तर त्यहाँ कार्यरत अधिकारी पुरातात्त्विक महत्त्वका विषयबारे जानकार रहेनछन् । त्यहाँ कार्यरत अधिकारीले त्यहाँका पुरातात्त्विक महत्त्वका सन्दर्भ-सामग्रीको विवरण देखाउँदै प्रकाश गर्न सकेमा नै अवलोकन गर्नेको ज्ञान क्षुधा तृप्ति हुन्छ भन्ने मनमा लाग्यो । प्राप्त पुरातात्त्विक सामग्रीलाई देखाएर विवरणसहित वैज्ञानिक तरिकाले व्याख्या गर्ने अधिकारी राख्नुपर्ने देखियो । वस्तुतः उत्खननबाट प्राप्त पुरातात्त्विक एवम् ऐतिहासिक वस्तुको संरक्षण र तिनको व्याख्या गर्न सकेमा मात्र पर्यटकले यसको महत्त्व जानकारी लिन सक्छन् । अनि यसको महत्त्व र गरिमामा अभिवृद्धि हुन्छ । यसबाट नै अनुसन्धानकर्ता, इतिहासका अन्वेषणकर्ता र पर्यटकहरूको अध्ययन र अवलोकनको लागि घुइँचो लाग्न सक्छ ।

त्यहाँ उपलब्ध सेवाअनुसार सीमित मात्रामा मात्र अनुसन्धानकर्ताहरू जाँदारहेछन् । तिनीहरूलाई त्यहाँ बस्ने-खाने उपयुक्त स्थानको पनि अभाव रहेछ । अनुसन्धान र पर्यटनको महत्त्वपूर्ण स्थानमा सुविधा बृद्धि आवश्यक देखिएको छ । पुरातात्त्विक विवरण देखाउने र व्याख्या गर्ने अधिकारीको व्यवस्था गर्न सकेमा धेरै अनुसन्धानकर्ता र पर्यटक भित्रिने थिए । तौलिहवा कपिलवस्तुमा यसरी लगातार पाँच दिन लगाएर स्थानीय अदालत र अन्य अर्द्धन्यायिक निकायहरूको सुपरिवेक्षणको काम सकेर राजमार्ग हुँदै बुटवल फर्किएँ ।

म बुटवल जानुपूर्व नै साबिक मुख्य न्यायाधीश र अन्य न्यायाधीशबाट गुल्मी, अर्घाखाँची र नवलपरासी जिल्ला अदालतको जाँच भइसकेकाले ती स्थानमा तत्काल जानु आवश्यक परेन । कपिलवस्तुपछि अब रूपन्देही जिल्ला अदालत निरीक्षण गर्नुपर्ने भएकाले त्यसतर्फ गएँ ।

**रूपन्देही**

रूपन्देही जिल्ला अदालतमा म उन्नाइस वर्ष पहिले जिल्लान्यायाधीश भएर काम गरी सकेको थिएँ । त्यही भवनमा अदालतको कार्य सञ्चालन भइरहेको रहेछ । म त्यहाँबाट सरुवा भएर गएपछि आउने न्यायाधीशले त्यही पुरानो भागमाथि केही थपेर काम चलाएका रहेछन् ।

म त्यहाँ निरीक्षण गर्न गएको अवस्थामा जिल्ला न्यायाधीश श्री जगदीश पौडेल र श्री दिनेशकुमार कार्की थिए । दुबै न्यायाधीशहरू आफ्ना कार्यमा निपुण भएकाले खास समस्या थिएन । त्यहाँ कपिलवस्तुको जस्तो समस्या रहेनछ । मुद्दाको स्थिति, अभिलेख व्यवस्थापन र संरक्षण, फैसला कार्यान्वयन, बार र अदालतको सम्बन्धजस्ता विषयमा अध्ययन गरी तत्सम्बन्धमा निर्देशन दिएँ ।

यसै क्रममा अर्द्धन्यायिक निकाय जिल्ला प्रशासन, मालपोत, वन र भूमिसुधार कार्यालयको काम जाँच्नुपर्ने थियो । ती निकायले कार्यवाही र किनारा गरेका अर्द्धन्यायिक प्रकृतिका मुद्दाको पुनरावेदन सुन्ने निकाय पुनरावेदन अदालतलाई कानूनले तोकेको हुनाले त्यस्ता मुद्दाको सुपरिवेक्षण गरेर शुरू निकायहरूलाई कानूनअनुसार गर्न लगाउने दायित्व पुनरावेदन अदालतको थियो । ती निकायहरूमा भएका मुद्दाको स्थिति, उनीहरूले गरेका निर्णय, निर्णय कार्यान्वयन, दण्ड-जरिवानाको असूली, अभिलेख व्यवस्थापनजस्ता विषयमा निरीक्षण गरी देखिएका त्रुटि सुधार गर्न यथोचित निर्देशन दिइयो । कारागारमा रहेका थुनुवा र कैदीहरू, कैदीहरूको अभिलेख, थुनुवा पूर्जी, राशन-पानी, लत्ता-कपडा,

औषधोपचार, मनोरञ्जनका सामग्री, कारागारभित्रको घरेलु इलम र परिवारसँगको भेटघाटलगायतका विषयमा जाँच गरी यथोचित निर्देशन दिइयो ।

यसरी बुटवलमा बहाली गर्नेबित्तिकै सर्वोच्च अदालतको आदेशबमोजिम निरीक्षण गर्ने काम समाप्त गरी प्रतिवेदन पठाएर पुनः आफ्नो जिम्मेवारीमा जुर्टें । म त्यहाँ पुग्दा धेरै पुराना मुद्दाहरू बाँकी थिए । नयाँ पनि थपिँदै थिए । सहायकहरूको कार्य विभाजन त्यति वैज्ञानिक रूपमा मिलाइएको थिएन । सबै अवस्था अध्ययन गरेर सहायकहरूमा कार्य विभाजन गरेर बढी जिम्मेवार बनाइयो । कानून-व्यवसायीसँग छलफल गरेर पुराना मुद्दा स्थगित नगर्ने र चाँडो टुङ्ग्याउने प्रबन्ध मिलाइयो । यसरी कामको गतिलाई बढाइयो । एक वर्षको अवधिमा सबै न्यायाधीशहरूको सहयोगले राम्रो प्रगति भयो । विवाद निरूपणमा उहाँहरूको मिहिनेत र प्रयास प्रशंसनीय रह्यो । सहकर्मीमा न्यायाधीश श्री गोविन्द पराजुली, श्री ताहिरअलि अन्सारी, श्री प्रेम शर्मा, श्री जागेश्वर सुवेदी, श्री चन्द्रबहादुर कार्की, श्री रामप्रसाद खनाल, श्री धीरेन्द्रबहादुर विष्ट थिए । सबै असाध्य मिलनसार र आफ्नो कार्यमा निपुण थिए । उहाँहरूकै लगनशीलता र मिहिनेतबाट अदालतको छवि राम्रो भएको थियो । अदालतको काम सन्तोषजनक रूपमा चलेको थियो ।

## पाल्पा

पूर्वी नेपालको इलामजस्तै पाल्पा पनि अनुपम सुन्दर छ भन्ने सुनेर भैरहवा बस्दा गएको थिएँ तर श्रीमती कल्पना, छोरीहरू सिर्जना र सान्त्वना जान पाएका थिएनन् । उनीहरू, नाती गालब र रिदम, नातिनी सुदीक्षा पनि आएको अवसर पारेर सपरिवार पाल्पा भ्रमण गर्न गयौं । पाल्पा बजार, श्रीडाँडा भैरवस्थानलगायतका ठाउँ घुमियो । श्रीनगर डाँडामा पानीको अभावलाई दृष्टिगत गरेर स्वयंसेवक वृद्ध भैरवमान लिगलले प्लाष्टिक ओछ्याएर पोखरी निर्माण गरेर वर्षायामको पानी सङ्कलन गरी वितरण गर्ने आफूले योजना बनाएको कुरा सुनाए । योजना राम्रो हो तर कत्तिको व्यावहारिक हुन्छ ! विज्ञलगायत योजना आयोगसँग समन्वय गर्न सकेमा बढी लाभदायक हुने हो कि ! भनेर मैले बताएँ । दानवीरले भैरव मन्दिर, पाल्पा भगवतीस्थान साह्रै कलात्मक रूपमा बनाउन लगाएका रहेछन् । त्यहाँको संरक्षण र संवर्द्धनमा भने व्यवस्थापकको ध्यान पुगेजस्तो लागेन । त्यहाँ जिल्ला न्यायाधीशसँग भेटेर बेलुकी हामी बुटवल फर्कियौं ।

वि.सं २०६१ साल जेष्ठतिर पाल्पा जिल्लास्थित अदालत र अर्द्धन्यायिक निकायहरूको काम-कारवाही जाँच गर्न जानुपऱ्यो । यस पटक केही सहयोगी लिएर

गएँ । बस्नलाई होटलमा व्यवस्था गर्दछौं भनेर जिल्ला न्यायाधीश श्री लेखनाथ रेग्मी र श्रेस्तेदार श्री पुनाराम खनालले खबर गरेका थिए । मैले उहाँहरूलाई "होटलमा होइन, सम्भव भएसम्म अदालतमा कोठा भए त्यहीं बस्नु राम्रो हुन्छ" भनेको थिएँ । त्यसैअनुसार उहाँहरूले अदालतमा अतिथिका लागि छुट्याइएको कोठामा बस्ने व्यवस्था गरेका रहेछन् । कल्पना पनि यस पटक पाल्पा हेर्न गएकीले त्यहीं बसेर अदालत र अर्द्धन्यायिक निकायहरूमा पर्ने मुद्दाको काम-कार्यवाही जाँच गरियो । अदालतमा काम थोरै भए पनि राम्रोसँग गरेको, अभिलेख चुस्तदुरुस्त राखेको र फैसलाको कार्यान्वयन पनि समयमै हुने गरेकोले सबैको धारणा अदालतप्रति राम्रो रहेको पाइयो । अर्द्धन्यायिक निकायहरूको काम पनि राम्रै रहेछ । प्र. जि.अ. श्री एकमणि नेपालले जिल्लामा राम्रो काम गरेर आफ्नो जिम्मेवारी पूरा गरेको पाएँ ।

यसरी लगभग एक वर्ष छ महिना बुटवल पुनरावेदन अदालतको मुख्य न्यायाधीशको रूपमा सेवा गरैं । बुटवलमा निर्वाचित जनप्रतिनिधिहरू नभएको अवस्था थियो । त्यसैले स्थानीय नगरवासी, उद्योगपति, पत्रकार, मानवअधिकारवादी र नागरिकसमाजका अग्रणी व्यक्तिहरूले सार्वजनिक कार्यक्रममा मुख्य न्यायाधीशलाई प्रमुख अतिथिको रूपमा निम्त्याउँथे । समाजमा रहे-बसेपछि अस्वीकार गर्न पनि असम्भव थियो तापनि सबै कार्यक्रममा आफ्नो पदीय जिम्मेवारी चटक्क छाडेर जान पनि नसकिने । मैले अदालतको समय र इजलासको काममा बाधा नपर्ने गरी मात्र सहभागी हुने समय निर्धारण गरैं । यसबाट अदालतको काममा पनि बाधा परेन र स्थानीय नागरिकसमाजका अग्रणी व्यक्तिहरूको पनि सम्मान भयो ।

# नवौं प्रकाश

# नवौँ प्रकाश–सूची


**उपचार प्रकरण** २२७

- पटना २२७
- भेलोरमा उपचार २३०
- दोस्रो भेलोर यात्रा २३१

# उपचार प्रकरण

## पटना

जनकपुरमा कार्यरत अवस्थामा वि.सं २०५४ मार्गदेखि अचानक मेरी जीवनसँगिनी कल्पना कम्मर दुखेर थला परिन्। त्यहाँका अर्थो-विशेषज्ञ डा. रामकेवल शाहलाई देखाइयो। शुरूमा "पन्ध्र दिन लाग्छ" भनेको उनको उपचारले तीनवटा पन्ध्र दिन बिते तथापि केही प्रगति भएन। काठमाडौँमा नशा रोग विशेषज्ञ डा. उपेन्द्र देवकोटालाई पनि देखाइयो। पहिलो पटक हेर्नेबित्तिकै "नशा च्यापिएको छ, तत्काल शल्यक्रिया गर्नुपर्छ" भने। मैले "एक्सरे, एम्.आर.आई.जस्ता प्रविधिको परीक्षणबाट यकीन भएपछि मात्र गर्ने विषय होइन र शल्यक्रिया ? औषधिले केही काम गर्छ कि !" भनेर सोधेपछि उनले फिस्स हाँसेर "त्यसै गर्रौं न त" भन्दै पन्ध्र दिनको औषधि सिफारिस गरे। सिफारिस गरेको पन्ध्र दिनको औषधि खाएर हेर्दा केही कम भयो। पछि उनले व्यायाम गर्न सल्लाह दिए तर त्यसले अरू दुःख बढ्यो। यहाँबाट निरास भई जनकपुरबाट उनलाई लिएर म पटनाका ख्यातिप्राप्त अर्थो-विशेषज्ञ डा बी. मुखोपाध्याय कहाँ पुगेँ। उनले सबै व्यहोरा एक-एक गरी सुने। उनले पपुलर नर्सिङ होममा भर्ना गरेर राखे।

उनको राय सल्लाहअनुसार एम्. आर.आई.लगायत रक्त परीक्षण गरेर सबै परीक्षणको प्रतिवेदन देखाइयो। उनले भने- "कम्मरमा मेरुदण्डको चार-पाँच नम्बरको डिस्कले केही ठाउँ छोडेर नशा थिचेको छ। यसलाई क्रमिक रूपमा ठीक गर्नुपर्छ। यसको शल्यक्रिया गर्नुपर्दैन। उपचारको क्रम लामो हुन्छ। तपाईं

नोकरी गर्ने व्यक्ति यहाँ बस्न आवश्यक छैन। बिरामीलाई एम्बुलेन्समा सुताएर जनकपुर लैजाने, एक महिना पन्ध्र दिन ओछ्यानमा सुताएर नै राख्ने , त्यसपछि पुनः ल्याउने सल्लाह दिए र केही औषधि लेखिदिए। उनको सल्लाहअनुसार एम्बुलेन्स गाडीमा सुताएर जनकपुर ल्याइयो। एक महिनासम्म उनले दिएको निर्देशनमुताविक ओछ्यानमा सुताएर राखियो। शौचालयसम्म जान पनि उनले निषेध गरेका थिए। उनको राय सल्लाहअनुसार नै राखेर उपचार गरियो। पुनः उनीसँग समय लिएर सुताएर नै एम्बुलेन्समा राखी पटनामा लगेर देखाइयो। उनले "केही ठीक भयो, अब कम्मरमा पेटी बनाएर लाउनुपर्छ" भनी विशेष प्रकारको पेटी बनाउन आदेश दिए। चर्मकारले पेटी बनाएर उनलाई देखाएपछि त्यो पेटी एक महिना पन्ध्र दिनसम्म कम्मरमा बाँधिन् कल्पनाले। उनले दिएको राय सल्लाहअनुसार एक महिना पन्ध्र दिनपछि पुनः देखायौँ। "अब उक्त पेटी गाडीमा यात्रा गर्दा मात्र लगाउने तर घरमा दिनको कम्तीमा दुई पटक व्यायाम गर्ने" सल्लाह दिएअनुसार व्यायाम सिकेर आफूले लगेको गाडीबाट नै उनलाई सुताएर फर्कने कार्यक्रम मिलाइयो।

पटनाबाट जनकपुर फर्किने क्रममा मुजफ्फरपुर आई त्यहाँ शिवालयको दर्शन गर्दै सीतामढीतर्फ अघि बढियो। राजमार्गको भोजनालयमा खाना खाई केही अघि बढेपछि वागमती नदीमा बनाइएको विशाल नहर पार गर्नुपर्ने रहेछ। नहरमाथि निर्मित पुल तर्ने क्रममा पुलको आधि भागभन्दा अघि पुगेपछि अचानक विपरीत दिशाबाट आएको यात्री बसले बाटो उछिनेर अघि बढ्यो। हाम्रो जीप आफ्नै साइडमा थियो। ठूलो गाडी एउटा मात्र पार हुने प्रकृतिको पुल थियो। त्यो बस द्रुत गतिमा थियो। हाम्रो चालकले रोक्न इसारा गर्दागर्दै त्यो बसले हाम्रो जीपको लुकिङ ग्लासलाई (चालकले आफूपछाडिको गाडीहरू हेर्ने ऐना) र गाडीलाई केही छुँदै अघि बढ्दा अचानक रोकिन पुग्यो। हाम्रो जीप पहिले नै रोकिएको थियो। संयोग कस्तो परेछ भने त्यो बसको टायर छेउको नटलाई भत्केको पुलको रेलिङ्गको एउटा डण्डीले बलियो आङ्कुसे पारेर रोकेछ। त्यसले गर्दा बस अघि बढ्न सकेको रहेनछ। त्यही रेलिङको डण्डी नै हाम्रो बाँच्ने आधार भएछ। हामी चढेको जीप टक्क रोकिएको हुनाले कल्पनालाई छोरा शशाङ्क र मैले बोकेर अर्को सुरक्षित स्थानमा लगेर राख्यौँ। यात्रीहरूको भीड लाग्यो। प्रहरीले आफ्नो सतर्कता

अपनाउँदै कार्यवाही अगाडि बढायो तर सबैको आँखा छलेर चालक भागेछ । सह-चालकलाई प्रहरीले केरकार गरे । बाटो खुलेपछि त्यहीँ पुलपारि रहेको प्रहरी केन्द्रमा जीपको नोक्सानीबारे सिकायत गर्न जीप-चालक र सहचालक गए । हाम्रो गाडीको पछाडि जाँदै गरेको मोटरसाइकलाईका यात्री दुईलाई सोही दिशाबाट पछिपछि गएको अर्को जीपले पछिल्तिरबाट ठक्कर दिएर ठहरै बनाएछ ।

हेर्दाहेर्दै त्यस घटनाले एक जनाको जीवन गयो भने अर्को गम्भीर घाइते भएकाले हाम्रै जीपमा घाइतेलाई उद्धार गरेर स्वास्थ्य सेवा केन्द्रमा पुऱ्याउनुपर्ने अवस्था उत्पन्न भयो । घाइतेलाई बचाउनु पहिलो कर्तव्य भएकाले स्वास्थ्य केन्द्रमा पुऱ्याई रगताम्मय भएको गाडीको सफाइ गर्नुपऱ्यो । यसरी हामी दुर्घटनाबाट बाँच्न सफल भए पनि एकछिनको असावधानीले मोटरसाइकल यात्रीको अमूल्य जीवन खेर गयो । अर्कोको पनि बाँच्ने सम्भावना धेरै कम थियो । यो घटना आधा घण्टाको बीचमा घटेको थियो । हामी स्तब्ध भयौँ । उपचारबाट फर्किएकी कल्पना यस्तो वीभत्स दुर्घटना घटेर कसैको जीवनलीला समाप्त भएको देख्नुपर्दा साह्रै दुखित भइन् । हामीले दुर्घटनाको धक्कासम्म व्यहोर्नु परे पनि ईश्वरले हात थापेर बचाए । यही नै हाम्रो जीवनको बाँच्ने आधार बन्यो । यही कुरा मनमा सोच्दै मन भारी बनाउँदै गाडीमा पुनः यात्रा जारी राख्यौँ ।

यो यात्रामा म, कल्पना, छोरा शशाङ्क, मित्र न्यायाधीश श्री केशवप्रसाद मैनाली, उहाँकी पत्नी श्रीमती सीमा मैनाली, जीपका चालक, सहचालक र सहयोगी गरी आठ जना थियौँ । हामी संयोगले बाँच्यौँ । हाम्रो चालकले होशियारीपूर्वक चलाएको जीपबाट पनि हामी केही असुरक्षित भयौँ तर सुरक्षित रूपमा यात्रा गरेका मोटरसाइकलका एक यात्रीले घटनास्थलमा नै सदाका लागि यो संसारबाट बिदा हुनुपऱ्यो । दुर्घटना आफ्नो मात्र कारणले हुँदैन राजमार्ग वा सडकमा गुडिरहेका अन्य सवारीका चालकले पनि सतर्कता गुमाउँदा अन्य सवारीका यात्रीको अमूल्य जीवन जाँदोरहेछ ।

हामी भर्खरैजसो दुर्घटनाबाट पीडित थियौँ । दाजु डा. गणेशप्रसादको मोटरसाइकल दुर्घटनाबाट केही दिनअघि मात्र निधन भएको थियो । कथम् एकै

घरका हामी तीन जनालाई पनि केही भएको भए हाम्रो परिवारको अवस्था कस्तो हुँदो हो। यो कुरा सम्झँदा अहिले पनि त्रासले आङ जिरिङ्ग हुन्छ। उता ९२ वर्षीया आमालाई भर्खरै परेको आलो घाउमाथि कस्तो पीडा थपिँदो हो ! तर हाम्रो भाग्य नै भनौं दैवले हात थापे छन्। हामी सकुशल जनकपुर फर्कन पायौं। फर्केर बेलुकी माहिला दाजुलाई कल्पनाको स्वास्थ्योपचारलगायत उक्त घटना सुनाएँ। "आमालाई थप पीडा चिन्ता बढाउँछ, यो घटना नसुनाउनू" भन्नुभयो तर पनि दुर्घटनाबाट सकुशल फर्किएको कुराले केही सान्त्वना दियो।

## भेलोरमा उपचार

श्रीमती कल्पनाको कम्मरको दुखाइ बढ्न थाल्यो। पुनरावेदन अदालत इलाममा कार्यरत अवस्थामा एकपटक सिलगुढीस्थित डा. चाङलाई देखाउने सल्लाह भएकाले उनलाई देखायौं। "शल्यक्रिया मात्र यसको समाधान हो" भनेर चाङले सल्लाह दिए। त्यसपछि तमिलनाडु, भेलोरस्थित क्रिश्चियन मेडिकल शिक्षण कलेज अस्पतालमा परीक्षण गराउने सल्लाह गरी त्यहाँ जाने व्यवस्था मिलाउन लागैं। साथमा न्यायाधीश श्री विश्वनाथ जोशीका स-परिवार, पुनरावेदन अदालतका सरकारी वकील श्री भोलानाथ चौलागाईं र हामी दम्पती सहयात्री हुने भयौं। रेलको टिकट अग्रीम लिन लगाई जाने प्रबन्ध मिलाएर दशैंपूर्व प्रस्थान गर्‍यौं। जुन दिन हाम्रो पश्चिम बङ्गाल जलपाइगुडीबाट रेल यात्रा शुरू गर्नुपर्ने थियो, त्यो दिन र सोभन्दा अघिल्लो दिन पनि त्यहाँ स्थानीय विधानसभाको चुनावका कारण नाकाबन्द हुनेभएकाले बन्द हुनुपूर्व नै हामी सिलगुडी स्टेशनमा गएर होटलमा बास बसी चुनाव अवलोकन गर्ने अवसरको उपयोग गर्‍यौं। नेपालमा भन्दा त्यहाँ चुनावको प्रबन्ध र व्यवस्थापन निकै कडा र अरूको नाउँबाट मत खसाल्न आउनेलाई कडा कार्यवाही हुने व्यवस्था रहेछ। नक्कली मतदाता मतदान केन्द्रमा पुग्न निकै कठिन देखियो। त्यहाँबाट रेलयात्रा कलकत्ता, भुवनेश्वर, मद्रास हुँदै लगभग पचपन्न घण्टामा भेलोर पुगियो। त्यहाँ पुगेर स्वास्थ्य विज्ञान प्रतिष्ठानका नशारोग विशेषज्ञ डा. चण्डीलाई परीक्षण गराउँदा उनले पनि शल्यक्रिया गराउने सल्लाह दिँदै आगामी माघ महिनामा शल्यक्रियाको समय दिए। सबैको स्वास्थ्य परीक्षण गराएर एक दिन

मद्रास क्षेत्रका गोहीपार्कलगायत समुद्री किनार भ्रमण, तिरुपति बालाजी र तिरुमाला क्षेत्रको भ्रमणमा गरियो । यी भ्रमण पूरा गरी लखनौ र गोरखपुर हुँदै हामी काठमाडौँ फर्किर्यौं । जोशी सपरिवार लखनौबाट धनगढीतर्फ प्रस्थान गरे ।

## दोस्रो भेलोर यात्रा

वि.सं २०५६ साल माघ महिनामा श्रीमती कल्पना र छोरी सिर्जनासहित एक जना सहयोगीलाई लिएर म भेलोरको लागि विर्तामोड प्रस्थान गरैं । इलाम र झापा जिल्लाको सिमानामा पहिलाजस्तै बन्द हड्ताल रहेछ। अगाडि नै जिल्ला न्यायाधीशलाई मैले कार्यक्रमबारे जानकारी गराएकाले उहाँले एम्बुलेन्स पठाउनुभएको रहेछ। त्यही एम्बुलेन्स मार्फत् विर्तामोडमा आर्यौं । त्यहाँ हाम्रो साथमा भेलोर यात्राका लागि काठमाडौँबाट भानिज दाइ अधिवक्ता श्री प्रेमप्रसाद अधिकारी र भाउजू सीता प्रतीक्षा गरिरहनुभएको थियो । नातेदार भेषराज दाहालको घरमा एक रात बसी अर्को दिन बिहानको खाना खाएर मैले खोजी राखेको प्राइभेट गाडीबाट सिलगुडी न्यू जलपाइगुडी पुग्यौं । साँझ रेल चढेर कलकत्ता, भुवनेश्वर मद्रास हुँदै काटपाई भेलोर स्टेशनमा पचपन्न घण्टामा पुगियो । भेलोरमा "भिडिओ लज" होटलमा खानापीन र बस्ने व्यवस्था मिलाइयो ।

विषय-विषयका डाक्टरहरूका निर्धारित दिनहरूमा मात्र प्राइभेट बिरामीको परीक्षण हुने भएकाले त्यही कार्यतालिकाअनुसार टिकट लिने र पङ्क्तिमा बस्ने प्रबन्ध गरियो । श्रीमती कल्पनाको नशा रोग विशेषज्ञलाई र मेरो जनरल फिजिसियनलाई परीक्षण गराउने व्यवस्था गरेर सम्बन्धित डाक्टरहरूलाई देखाइयो र उनीहरूको सल्लाहअनुसार रक्तादि प्रयोगशालामा परीक्षण गर्न दिइयो । दाजु-भाउजूले पनि सम्बन्धित चिकित्सकहरूलाई देखाएर परीक्षण गराउनुभयो । प्रयोगशालाको परीक्षण प्रतिवेदन देखाउन एक सप्ताह पर्खनुपर्ने भएकाले त्यो समयलाई सदुपयोग गर्न केही स्थान भ्रमण गर्ने कार्यक्रम बनाइयो ।

सबै प्रकारका परीक्षण प्रतिवेदनहरू स्वतः सङ्कलन हुने भएकाले निर्धारित समय लिइएका चिकित्सकसमक्ष पुगियो । कल्पनाको परीक्षण गर्ने चिकित्सक

चण्डीले सबै प्रतिवेदन, एम् आर् आईका कागजात हेरेर परीक्षण गरेर भने– "यो नशासम्बन्धी रोगको शल्यक्रिया गर्नुहुँदैन। जबसम्म सकिन्छ शारीरिक व्यायाम गर्नुपर्छ" भने। चिकित्सकले जे सल्लाह दिन्छन् त्यो क्षेत्रको ज्ञान नहुने सबैले अनुसरण गर्नुको विकल्प हामीसँग के छ र ? मैले साधारणतर्फका चिकित्सकलाई आफ्नो समस्या अवगत गराएर देखाएँ। दाइ प्रेमप्रसादले साधारण र प्रोस्टेटसम्बन्धी र सिर्जनाले पनि साधारण परीक्षण गराएर भेलोरको बसाइको बिट मार्च्यौं।

# दशौं प्रकाश

# दशौं प्रकाश–सूची


**विदेश यात्रा** २३५

- निजी भ्रमण भारतको दार्जिलिङ र सिक्किम २३५
- बेङ्लोरको यात्रा २३६
- मैसुर र काबेरी सङ्गम २३७
- बेङ्लोर भ्रमण २४१
- सार्क ल सम्मेलन पाकिस्तानमा २४४
- अमेरिकाको न्यायिक अवलोकन २५१
- मासाचुसेट्स कोर्ट सिस्टम २५३
- पारिवारिक अमेरिका यात्रा २६३
- भर्जिनिया, वासिङ्गटन डि.सी. र न्यूयोर्क २६९
- टेनेसी र निकटवर्ती क्षेत्र भ्रमण २७५
- यात्रा लहर र रहर २७५
- पुनः अमेरिका यात्रा २८२

# विदेश यात्रा

## निजी भ्रमण भारतको दार्जिलिङ र सिक्किम

अध्ययनको क्रममा बनारसमा बसेको थिएँ । त्यहाँ रहँदा-बस्दा इलाहावाद वा प्रयागजस्ता स्थानहरू भ्रमण गर्ने अवसर जुटेको थियो । एक पटक गुजरातको बडौदासम्म कार्यवस पुग्नुपरेको थियो । राष्ट्रसेवामा प्रवेश गरेपछि नेपालगञ्ज र कञ्चनपुर जाँदा वा आउँदा भारतको बाटो रेलमा आउनु-जानु बाध्यता नै थियो । इलाममा बसेको अवस्थामा छुट्टीको दिन पारी सर्वोच्च अदालतको पूर्वस्वीकृति लिएर म र न्यायाधीश श्री विश्वनाथ जोशी स-परिवार दार्जिलिङ र सिक्किमसम्म निजी भ्रमणमा गयौं । दार्जिलिङमा नेपाली भाषाप्रतिको अगाध माया देखेर त्यहाँका नेपालीभाषीप्रति श्रद्धा जाग्यो । हुन पनि दार्जिलिङबाटै त सूर्यविक्रम ज्ञवाली, धरणीधर कोइराला, पारसमणि प्रधान, इन्द्रबहादुर राई आदिले नेपाली भाषाको विकासमा गरेको योगदान अविस्मरणीय रहेको तथ्य नेपाली भाषा र साहित्यको इतिहासले जनाएकै छ । त्यस्तै योगदान नेपालका सबै क्षेत्रबाट हुने हो भने नेपाली भाषा र साहित्यको श्रीबृद्धि अझै हुँदो हो भन्ने लाग्छ ।

त्यहाँबाट हामी सिक्किम भ्रमणमा गयौं । बाटो नेपालका राजमार्गभन्दा सानै रहेछ तर सवारी नियममा कडाइ भएकाले चालकहरूले साह्रै सतर्क भएर गाडी चलाएको देखिन्थ्यो । सिक्किमको प्रवेशद्वारमा सोधपुछ अलि कडाइका साथ हुँदोरहेछ । औपचारिकता पूरा गरेर हामी गान्टोक प्रवेश गर्‍यौं । बाटोमा स-साना खोल्साको पानी सङ्कलन गरेर पाइपबाट तल ल्याएर साना-तिना बिजुली उत्पादन गरिएको रहेछ । बाटो सफा, बजारमा सामान खरीद गर्दा प्लाष्टिक झोला निषेध । नगरपालिका क्षेत्रलाई प्लाष्टिक झोला निषेध गरेर गान्तोकलाई सफा-सुग्घर राखिएको रहेछ । उच्च अदालत भवन, विधानसभा भवन, सचिवालय, नगरपालिका लगायत भ्रमण गरियो ।

गान्तोकमा घर बनाउन आफ्नो जग्गाको  विवरण खोलेर यति रकमसम्मको घर बनाउनु छ भनी निवेदन दिएमा नगरपालिकाले आफ्नै इन्जिनियर खटाएर नक्सा बनाई निःशुल्क पास गरिदिने, पानी बिजुली नगरपालिकाले जडान गरिदिने र घरलाई चाहिने सिमेन्ट, काठ र कर्कटपाता अनुदानमा दिने व्यवस्था गरेर सिक्किमवासीलाई धेरै सहयोग गरेको रहेछ। नेपालमा भने घरको नक्सा पास गर्न यस्तो सुविधा छैन, बरू उल्टै वर्षौं वर्ष मुद्दा खेप्नुपर्छ।  महानगरपालिका, उप वा अन्य नगरपालिकाको तर्फबाट सहयोगभन्दा झन्झन्ट व्यहोर्नुपर्छ भन्छन् भुक्तभोगीहरू। यो पङ्क्तिकार पनि सर्वोच्च अदालतमा कार्यरत रहँदा वि. सं.२०४३-२०४४ सालदेखिका नक्सा-पाससम्बन्धी केही विवाद वि.सं.२०६२-२०६३ सालमा हेरी निरूपण गरेको घटना अद्यापि स्मृतिमा ताजै छ। मलाई के लाग्छ भने महानगरपालिका, उप वा अन्य पालिकाहरूले प्रतिवर्ष सिक्किम वा भारतका अन्य नगरपालिकामा गएर त्यहाँका नगरपालिकाले विकास निर्माणमा भएका कार्यको अतिरिक्त नगरवासीहरूलाई प्रदान गर्ने गरेको सेवा सुविधा अध्ययन गरेर आ-आफ्नो क्षेत्रमा कार्यान्वयन गर्न सम्भवजति कार्य पूरा गर्नु उपयुक्त होला कि !

त्यहाँबाट उत्पादित विभिन्न जातका फूलहरू र  विभिन्न परिकारका (ब्राण्ड) मदिराहरू बाहिर निर्यात हुँदारहेछन्। गान्तोक पुग्नुपूर्व मणिपालको नामबाट महाविद्यालय धमाधम निर्माण भइरहेको थियो। यसरी तीन दिनको सिक्किमको भ्रमणबाट थोरै अवधिमा स्थानीय निकायबाट हुने गरेका घतलाग्दा सेवा-भावनाको परिचय र जानकारी लिएर हामी इलाम फर्किर्यौं।

## बेङ्लोरको यात्रा

म इलाममा नै कार्यव्यस्त थिएँ। कान्छो छोरा शशाङ्कले बाह्र कक्षा उत्तीर्ण गरेर थप अध्ययनको लागि प्रयास गर्दै थियो। नेपालमा पढाइने चिकित्सा-शास्त्र अन्तर्गत एम्. बी. बी. एस्. परीक्षाको प्रवेश परीक्षा उसले उत्तीर्ण गरेको पनि थियो। काठमाडौं विश्वविद्यालयको प्रवेशिका परीक्षा उत्तीर्ण हुँदा नेपाल मेडिकल कलेज जोरपाटी र काठमाडौं मेडिकल कलेज सिनामङ्गल र भरतपुर चितवनमा प्रवेश पाउने भएको थियो। कलेज रोज्ने जिम्मा उसैको थियो तर अन्तिम समयमा दाजु सञ्जीवले चिकित्सा विज्ञान पढेको हुनाले “दाजु-भाइ दुवैले एउटै विषय नपढ्ने, म कम्प्यूटर विज्ञान पढ्छु” भन्न थाल्यो। मैले सबै छोरा-छोरीलाई उनीहरूको रुचिको विषय पढ्न प्रेरणा दिएकाले उसको अभिरुचिलाई मैले सहर्ष स्वीकार गरैं।

साथीहरूको प्रयासबाट बेङ्लोरको रमैया इन्स्टिच्युट अफ टेक्नोलोजीमा उसले इच्छा गरेको कम्प्युटर साइन्स विषयमा पढ्न पाउने भएकाले उसलाई लिएर हामी दम्पती बेङ्लोर जाने निधो गर्‍यौं। हामी तीन जना र त्यहीँ अध्ययनरत इलामका राजीव जैन, जनकपुरका दीपक गोयन्कासहितको बेङ्लोर-यात्रा शुरू भयो। बिर्तामोड, काकरभिट्टा हुँदै न्यू जलपाइगुडीबाट रेलयात्रा शुरू गरी छपन्न घण्टामा बेङ्लोर पुगियो। राजीव र दीपकले रेलयात्रा आरामदायी बनाए। साथमा शशाङ्क प्रत्येक काममा अघि बढ्थ्यो। उसको प्रथम रेल यात्रा थियो। बेङ्लोर स्टेशनबाट ईश्वरी होटलमा गएर आराम गरियो। त्यहाँ पहिले पनि पट्टपुर्ति जाने क्रममा हामी बसेका थियौं।

निर्धारित समयमा हामी शशाङ्कको बी.ई. कम्प्युटर इन्जिनियरिङमा प्रवेशका लागि रमैया इन्स्टिच्युट अफ टेक्नोलोजी कलेजको परिसरमा पुग्यौं। राजीव र दीपक पनि पुगे। प्रवेशका लागि हामीलाई प्राप्त कागजात लिएर सम्बन्धित अधिकारीसमक्ष पुग्दा शशाङ्कका प्रमाणपत्रहरू हेरेर भर्नाका लागि सम्बन्धित कक्षमा जान सल्लाह दिए। हामी उक्त कक्षमा गएर औपचारिकता पुर्‍याई प्रवेश लियौं। छात्रावासका लागि कक्षा खाली नहुन्जेल दुई दिनजति होटलमा र पछि शशाङ्क साथीसँग मिलेर बस्ने भयो। दुई दिन बेङ्लोर भ्रमण गर्ने कार्यक्रम मिलाइयो।

## मैसुर र काबेरी सङ्गम

मैसुर र ओटी भ्रमण गर्ने पर्यटकहरूका लागि ट्राभल एजेन्सीले नियमित रूपमा पर्यटकहरूलाई दृश्यावलोकन गराउन लैजाँदारहेछन्। एजेन्सीमा गएर जानकारी लिई टिकटको व्यवस्था गरियो। त्यहाँबाट बिहान सबैरै पर्यटकहरूलाई लिएर मिनी बस बेङ्लोरबाट छुट्दोरहेछ। हामीले मैसूर र त्रिवेणी मात्र गएर फर्कने बस परेकाले त्यसैमा यात्रा तय गर्‍यौं। बिहान ६ बजे बसयात्रा शुरू भयो। बीच बाटोमा बिहानको स्वल्पाहार लिइयो। बाटामा मुसलमान राजाका भग्नावशेष दरबार, दरबारको वरिपरि खनिएका नाला, सुरक्षाका लागि बनाइएका चौकी, बगैंचाहरूका दृश्यावलोकन गरियो। ती दृश्यहरू सबै ऐतिहासिक तथ्य र अन्वेषणका सामग्री थिए। त्यो समयको सुरक्षाको प्रवन्ध दरबारको चारैतिर गहिरा नाला बनाएर दरबारलाई बाह्य आक्रमण र अनधिकृत प्रवेशबाट बचाइँदो रहेछ। दरबारभित्र प्रवेश गर्ने बाटोमा भने नियन्त्रणका लागि सुरक्षाचौकी बनाइएको रहेछ। त्यही चौकीले आफ्ना पक्षका व्यक्तिहरूको पहिचान गरेर दरबारभित्र प्रवेश

दिने व्यवस्था त्यतिवेरको थोरै जनसङ्ख्या भएको अवस्थामा उपयुक्त हुँदोरहेछ। सम्भवतः अहिलेको जस्तो जनसङ्ख्याको घनत्व भएको अवस्थामा त्यति अनुकूल नहुँदो हो। जग्गा जमिन प्रशस्त भएकाले दरबारले चर्चेको जग्गा पनि धेरै हुनु स्वाभाविकै हो। राजशक्ति हुँदा पालो पहरा र बर्गैंचेको अभाव नहुने अवस्थामा बर्गैंचा सम्भार र सुरक्षाका लागि जनशक्ति कम हुने कुरा भएन। त्यसैले बर्गैंचा विशाल हुनु स्वाभाविक नै रह्यो।

यसरी पथप्रदर्शकले बाटो र ऐतिहासिक एवम् पुरातात्त्विक वस्तुहरूको वर्णन गर्दै पर्यटकहरूलाई नयाँ-नयाँ स्थानको बारेमा वर्णन गर्दै दिउँसोको खाना खाने स्थानमा पुऱ्याए। त्यहाँका भोजनालयहरू ठूला रहेछन्। दक्षिणी र उत्तरी भारतका भोजनसामग्री उपलब्ध हुँदोरहेछ। नेपालबाट गएका हामीलाई उत्तरी भारतका भोजन नै उपयुक्त हुने ठहऱ्यायौँ। दिउँसोको खाना खाएर स्थानीय उत्पादित सामग्री बेच्न राखिएका कक्षहरू हेर्न एक घण्टाको समय बस सञ्चालकले उपलब्ध गराए।

त्यहाँका उत्पादित वस्तुहरू हामीले एक-एक गरी हेऱ्यौँ। दक्षिणी सिल्कका कपडाहरू, श्रीखण्डको सुगन्धयुक्त साबुन, धूपवत्ती, श्रीखण्डका अन्य वस्तुहरू, पाउडर, तेल, अत्तरलगायत श्रृङ्गारका वस्तुहरू बिक्रीकक्षमा सजाइएका थिए। स्थानीय उत्पादित वस्तु खरीद गर्न पर्यटकहरू व्यस्त थिए। हामीले पनि केही वस्तु खास गरी श्रीखण्डको पाउडर, साबुन, धूप आदि किन्यौँ। त्यहाँबाट अर्को गन्तव्यको लागि बसले आफ्नो गति अघि बढायो। सिधै मैसुर राजाको मैसुर दरबारमा पुगेर बसले आफ्नो गतिलाई विश्राम दियो।

विशाल क्षेत्रमा अवस्थित दरबार विशाल र रमणीय नै रहेछ। ठूलो पर्खालले घेरिएको भव्य दरबारको सुरक्षाका लागि असङ्ख्य सुरक्षाकर्मी तैनाथ गरिएका रहेछन्। प्रवेश शुल्क बुझाएर टिकट लिएपछि मात्र दरबारको मूलढोकामा तैनाथ सुरक्षाकर्मीले जाँच गरेर आगन्तुकलाई भित्र प्रवेश गर्न अनुमति दिँदा रहेछन्। दरबारभित्र प्रवेश गरेपछि मूलभवन छिर्नुपूर्व जुत्ताकक्षमा जुत्ता राखेर भित्र छिराइँदो रहेछ। भवन यसै विशाल, उसमा पनि सबै विदेशबाट झिकाइएका सिसा लगाइएका झ्यालहरू, काष्ठकलाले सिँगारिएका ठूलाठूला ढोकाहरू, सुनको मुलम्माले चम्काइएका घरका खम्बाहरू, नाटक मञ्चन गर्ने नृत्यकक्ष, दर्शकदीर्घा, राजा-रानीको खोपीबाट नै दरबारको भित्र प्रवेश गर्नेहरूलाई ऐनाको माध्यमबाट देख्न सकिने तकनिकीको प्रयोग जसले सुरक्षाको बन्दोबस्ती दर्शाउँछ। यावत व्यवस्थाले निर्माणकर्ता राजाको शौक र सुरक्षाको चासोलाई प्रतिविम्बित गरेको थियो।

त्यतिबेरको समयमा निर्माण गर्ने प्राविधिकहरू या त बेलायत या फ्रान्सबाट मगाएर निर्माण गरिएको हुन्थ्यो । हुन त भारत पनि बेलायतको उपनिवेश भएका कारणले भारतीय इन्जिनियरहरू पनि तयार भइसकेका थिए । त्यसको पुष्टि कावेरीको बाँधले नै गरेको छ । दरबारको भित्तामा झुण्ड्याइएका कलाकृतिले कलाप्रतिको त्यहाँका राजा र उनको परिवारको शौक र अभिरुचिलाई प्रस्टै दर्शाउँथ्यो । त्यतिबेरको आवश्यकता परिपूर्ति हेतु निर्माण गरिएको आन्तरिक र बाह्य बनावट एवम् सजावटले राजपरिवारको अभिरुचि र जीवनशैलीलाई दर्शाउँथ्यो ।

त्यहाँको कला-कौशल र निर्माणशैली लगायत वस्तुहरूको अध्ययन गर्न एकै दिनमा सबैतिर पुग्ने बसको यात्राले सम्भव रहेनछ । कम्तीमा तीन-चार दिन बसेर प्रत्येक वस्तुको अवलोकन, अध्ययन र जानकारी लिन सकेमा मात्र त्यहाँको भ्रमण सार्थक हुनेरहेछ । तथापि एक दृष्टिमा चञ्चुप्रवेश गरेर चालकको चाँडै आउने वचन पूरा गर्न भवनबाट बाहिर आइयो । सबै पर्यटक आएपछि चालकले राजाले निर्माण गरेको डाँडामा अवस्थित उग्रचण्डी देवीको दर्शनार्थ गाडी उकालोतिर हुइँक्यायो । धरानबाट साँगुरीडाँडा चढेजस्तो डाँडामा गाडी हुइँक्याउँदै उग्रचण्डी माताको विशाल मन्दिरमा लगेर गाडी रोक्यो । मन्दिर परिसर त्यसै विशाल रहेछ । दक्षिणी भारतको शैलीमा निर्मित गगनचुम्वी मन्दिर बाहिरबाटै आकर्षक एवम् मनोरम देखिँदोरहेछ । ।

मन्दिरको दर्शनपछि चालकले गाडीको गतिलाई तीव्र बनायो । उनलाई अझै कावेरी सङ्गम पुऱ्याई बेङ्लोर फर्कनुपर्ने थियो । त्यहाँबाट कावेरी सङ्गम पनि निकै टाडा रहेछ । तीव्रगतिको बसले घाम अस्ताउनुपूर्व नै सङ्गम पुऱ्यायो । चालक दलका सदस्यहरू खाजा खानपट्टि लागे । उनीहरूले बेलुकी आठ बजेभित्र आइपुग्नु भन्ने आदेश फर्माए । हामी बसबाट उत्रिएर कावेरी नदीमा निर्माण गरिएको विशाल बाँध, त्यहाँबाट मद्रास तामिलनाडुतर्फ लगेको विशाल नहर, नदीको बाँधका लागि चारैतिरबाट बनाइएका पर्खाल, पुल, पानी रोक्ने छोड्ने बाँधको गेटलगायत सरसर्ती अवलोकन गऱ्यौं । कावेरी कृष्णालगायत तीन नदीलाई बाँध बनाएर ल्याई विशाल नदीमा रूपान्तरण गरिएको रहेछ । त्यो विशाल बाँध र नहर निर्माण गर्ने मुख्य इन्जिनियर भारतीय नै रहेछन् । उनलाई **भारतरत्न**को विशिष्ट मानपदवीबाट अलङ्कृत गरिएको तथ्य त्यहाँ राखिएको सूचनापाटीबाट जानकारी मिल्थ्यो । बाँधबाट अलिकपर विशाल सरोवर तुल्याएको रहेछ । त्यस्तै विशाल वृन्दावन बगैंचा बनाएको रहेछ । सरोवरमा डुँगाबाट यात्रा गर्ने व्यवस्था रहेछ ।

डुँगा यात्रा गरेर रमाइलो गर्‍यौं । सरोवरमा सप्तरङ्गी रङ निकाल्ने नृत्यमय झरनाहरू (डान्सिङ सावर) ले सबैको मन लोभ्याउँथे ।

वरिपरि खाजा खाने विभिन्न कक्षहरूमा खानेहरू रमाएका थिए । केटाकेटीहरूको लागि मनोरञ्जन गर्ने साधनमा उनीहरूका माता-पिता, साथी सँगातीहरू एकलव्य भएर रमाएका थिए । यात्रीहरू कोही कता कोही कता झुम्मिएका थिए । हामीले पनि खाजा खाने कक्षमा गएर स्वल्पाहार लियौं । त्यहाँबाट पुनः डुँगाको शयर गर्दै बस रोकिएको दिशातिर फर्कियौं । फर्कंदा पथप्रदर्शकले बाँध नजिक विशाल एवम् भव्य होटल देखाए । त्यो होटलको भवन उनै मैसूरका राजाको ग्रीष्मकालीन आवास रहेछ । हाल ती राजाका सन्तति भारतको लोकसभाको सदस्य रहेछन् । त्यो घर राष्ट्रियकरण गरेर होटल चलाउन दिएकोमा लगभग पच्चीस प्रतिशत उनै राव राजाका सन्ततिले र बाँकी सबै राज्यको कोषमा जम्मा हुँदोरहेछ । हामी बसको प्रतीक्षामा बस्यौं । समय भइसकेकाले चालकले बस ल्याए । सबै पर्यटकहरू गाडीमा बसे । "यो विशाल पानीको आधाभन्दा बढी पानी तमिलनाडुमा गएको छ । यहाँ कर्नाटकमा नै पानीको अपुग छ । यस्तो अवस्थामा केन्द्र सरकारले बढी पानी दिएर कर्नाटकलाई अन्याय गरेको छ" भन्दै पथप्रदर्शकले तपानीबारे गुनासो सुनाए । । पत्र-पत्रिकामा छापिएका खबरअनुसार कर्नाटक र तमिलनाडुको बीचमा यो पानीको विषयमा सदैव वादविवाद भइरहँदो रहेछ ।

हुन पनि आजको विश्वमा सबैभन्दा पहिले विवाद चर्कने विषय पानी नै भएको छ । भारतले आफ्ना दुई प्रान्तको बीचमा चलेको यो कावेरी नदीको पानीको विषयमा विवाद मिलाउन सकेको छैन । आजको आवश्यकता सबैको लागि पानी हो । पानीविना न जीवन चल्दछ न कृषि व्यवसाय । पानी नै जीवन हो भन्ने मानव जीवनको आवश्यकताको विषयमा सबैले जानेबुझेकै छन् । त्यसैले कुनै वैज्ञानिकले "अब विश्वयुद्ध भयो भने त्यो पानीका लागि हुनेछ" भन्ने भविष्यवाणी गरेको कुरा मेरो स्मृतिकोषमा अद्यापि ताजै छ तर दुर्भाग्य नै भनौं, नेपाल र भारतबीचमा जति नदीसम्बन्धी सम्झौता भएका छन् ती सबै नेपालको हितप्रतिकूल र भारतको हितअनुकूल छन् । कोशी, नारायणी, महाकाली नदीहरूमा सरकारले नै असमान सम्झौता गरेर नेपालको हितविपरीत काम गरेको छ । नेपालबाट भारततिर बगेका अन्य नदीहरूमा नेपालको हितविपरीत नेपालको दक्षिणी सीमानामा भारतले विशाल बाँध बनाएर नेपालको भूमि डुबाउने र पानीको एकलौटी प्रयोग गर्ने काम गरिरहेको छ । नेपाल सरकारले समान हैसियतको स्वतन्त्र सार्वभौम राष्ट्र हो भन्ने

कुराको अडान भारतसँग लिन नसकेकाले यस्तो हुन गएको हो। यस्तो कुरामा नेपाल तल परेको छ, ठगिएको छ। प्राकृतिक स्रोतमा उद्गम स्थानमा रहने मुलुकको प्रथम अधिकार कायम नरहेसम्म विवाद समाप्त हुँदैन। बगेर पुग्ने स्थानको लागि अधिकार पछिल्लो हुने शाश्वत प्राकृतिक नियम हो। अन्तर्राष्ट्रिय कानूनले पनि यसै भन्छ। यस्ता कुरामा समयमा नै होस नपुऱ्याए ठगिइने रहेछ।

यस्तै कुरा सोच्दै थिएँ। बसचालकले राति करीब बाह्र बजे "भोजन गर्ने स्थान आइपुग्यौं" भनेर आवाज दिए। भोक लागेको छ तर हाम्रो लागि खानाको परिकार मिल्दैन न त स्वाद नै मिल्छ। तथापि केही चारो हाल्ने निधो गरेर खाना मगायौं तर हाम्रो स्वाद र स्वास्थ्यअनुकूल भएन। खाना खाइसकेपछि चालकले तीव्र गतिले बस हुइक्याए। राति दुई बजे होटलमा ल्याएर छाडिदिए। यसरी बिहान शुरू गरेको यात्रा अर्को बिहान दुई बजे पूरा भयो। थकित र गलित भएर होटलको कक्षमा आराम गरियो ।

## बेङ्लोर भ्रमण

अर्को दिन बेङ्लोरको भ्रमण कार्यक्रम बनाइयो। उही ट्राभल एजेन्सीले गरेको प्रवन्धअनुसार बेङ्लोरका केही स्थानविशेष भ्रमणका लागि एउटा सानो गाडीमा हामी दुईजना र अन्य तीन भारतीयसमेत पाँचजना यात्रामा निस्कियौं। चालकले पथप्रदर्शकको काम पनि सम्हाले। बेङ्लोर नगर परिक्रमा गर्दै त्यहाँको प्रसिद्ध वृन्दावन उद्यान घुमाए। विभिन्न जातका वनस्पतिले ढाकेको विशाल उद्यान जीवन्त सङ्ग्रहालयको रूपमा विख्यात रहेछ। त्यहाँ पथप्रदर्शक नरहेकाले वहुमूल्य जडीबुटीबारे जानकारी लिन सकिएन। त्यहाँको इस्कोन संस्थाले सञ्चालन गरेको कृष्ण मन्दिर दर्शन गर्न गयौं। भव्य मन्दिर, विशाल परिसर, कृष्णजीको दर्शन गर्न चढ्नुपर्ने लामो सिँढी पार गर्दै पङ्क्तिबद्ध भएर दर्शन गरियो। दर्शनपछि प्रसादको रूपमा हलुवा, पुरी तरकारीलगायत स्वल्प भोजन उपलब्ध गराए स्वयंसेवीहरूले। त्यहाँ *गीता, उपनिषद्*जस्ता ग्रन्थहरूको अङ्ग्रेजी भाषामा अनुदित पुस्तकका बिक्रीकक्षहरू, कृष्णका विभिन्न प्रकृतिका चित्रहरू, धार्मिक प्रकृतिका अन्य सामग्रीहरू बिक्रीका लागि सजाएर राखिएका थिए। पर्यटकहरू आफ्नो आवश्यकताका वस्तुहरू किन्दै थिए। त्यहाँबाट चालक एवम् प्रदर्शकले बेङ्लोरको नगरबारे बताए।

उनले दिएको जानकारीअनुसार– "बेङ्लोर नगर मात्र होइन कर्नाटक राज्य पनि मद्रासजस्तै रुखा र सुख्खा क्षेत्र थियो । मानिस सधैं अभाव, रोग र अशान्तिले त्रस्त थिए । जब रामकृष्ण हेगडे त्यहाँको मुख्यमन्त्री बने, उनले तत्काल केही सुधारका कदम शुरूवात गरे । ती सुधारमा त्यहाँको सम्भावनाअनुसार ग्रामीण क्षेत्रमा हरियालीको लागि वृक्षारोपण गर्ने, वृक्षहरूमा पनि विशेष गरी अण्डीका कपडालाई आवश्यक पर्ने किम्बू लगाउने र रेशमका कोया उत्पादन गर्ने । महिलालाई रेशमको कोयाबाट धागो कात्न र कपडा बनाउन तालिम दिने र उनीहरूलाई चाहिने आर्थिक सहयोग उपलब्ध गराउने । उनीहरूलाई बस्न र घरेलु उद्योग स्थापनाका लागि आवश्यक जग्गा निःशुल्क उपलब्ध गराउने र रेशमको (सिल्क) कपडा उत्पादन गर्ने । यस्तो उत्पादनमा सबै प्रकारका कर छुट दिने । कृषिका लागि बिउबिजन, सिँचाइको सरल व्यवस्था, कृषि ऋणजस्ता आधारभूत योजना बनाएर लागू गरे । फलस्वरूप केही वर्षमा नै बेङलोर र कर्नाटक राज्य हरियालीले ढाक्यो र पानीका स्रोत फुटे । पानी समयमा पर्न थाल्यो । महिला र पुरुषले काम पाए । कृषि उत्पादन बढ्यो । पहिले खाद्यान्न मगाउनुपर्ने स्थानमा अब आफैं निर्यात गर्न थाले ।

दक्षिणी भारतको सिल्क (रेशम)का कपडाको सबैतिरबाट माग बढ्यो । जति माग बढ्यो त्यति उत्पादन बढाउँदै लगे । झन् झन् उत्पादन र माग बढ्दै गयो । यसले यहाँको आर्थिकस्तरलाई माथि उचाल्यो । स्थानीय तहमा विभिन्न घरेलु उद्योग स्थापित भए । अर्कोतिर वनपैदावार बढ्यो । वनपैदावार सम्बन्धित घरेलु उद्योगबाट धेरै प्रकारका वस्तु उत्पादन हुन थाले । प्रशस्त पाइने श्रीखण्डको काठबाट नुहाउने साबुन, अगरवत्ती धूप, अत्तर, अन्य शृङ्गारका सामग्रीहरू अत्यधिक मात्रामा उत्पादन हुन थाल्यो । यसले बजारमा आपूर्ति बढेर यहाँको आर्थिकस्तर वृद्धि भयो । पानीको सतहमा भएको वृद्धिले कृषिमा विविधिकरण र उत्पादनमा वृद्धि ल्यायो । तरकारी र हरियो साग उत्पादन साह्रै न्यून हुने यो स्थानमा अब मौसमी र बेमौसमी तरकारी बाह्रै महिना प्राप्त हुन थाल्यो । तपाईंहरू आफू बसेको होटलको छतमा गएर हेर्नुहोस् सबैतिर हरियाली मात्र देख्न पाउनुहुनेछ । सुक्खा कतै देख्न पाउनुहुने छैन । यही हो उनको सोच र दूरदृष्टि । उनकै दूरदृष्टिले यहाँको ग्रामीण र शहरको चौतर्फी आर्थिक सुधार भएको छ । उनी त यस क्षेत्रका राष्ट्रपिता हुन् । उनी एक पटक भारतको राष्ट्रपति भएको भए भारतको आर्थिक उन्नति धेरै हुने थियो" यस्तो जानकारी दिँदै उनले बेङ्लोरका सिल्क कपडाका ठूलाठूला पसलहरू र व्यापारिक स्टलहरू घुमाए । पुरुष र महिलाको लागि सिल्कका कपडाहरू यहाँको सर्वाधिक आकर्षक रोजाइमा पर्दोरहेछ । पसलमा गएर केही सामान पनि किनाए ।

यसरी एक जना मुख्यमन्त्रीले गरेको योजनाले त्यस क्षेत्रका जनताको सर्वाङ्गीण विकास भएर जनजीवनलाई सबल र सफल बनाएको सुन्दा समाचारमा सुनिएका उनीप्रति हाम्रो पनि आदरभाव जागृत भयो। यसरी वर्णन गर्दै सारा बेड्लोर घुमाए र हामीलाई त्यस क्षेत्रको अवस्थाबारे जानकारी दिलाए। गाडीको एउटा सामान्य चालकले मूल्याङ्कन गरेको एक राजनीतिक व्यक्तिको योगदानको चर्चा त यतिविघ्न छ भने पत्रकार वा समाजशास्त्रीले अझ विस्तृत वर्णन गरेर किताबका ठेली तयार गर्दा हुन्। उनका योगदानका बारेमा अर्थशास्त्र र समाजशास्त्रका विषयमा पीएच्डीका थेसिस तयार हुँदा हुन्। उनले जति जानेका थिए त्यति हामीलाई जानकारी दिए। यसले पनि हाम्रो बेड्लोरको भ्रमण सार्थक रह्यो भन्ने लाग्यो। एउटा दूरदृष्टि भएको असल नेता भएमा आफ्नो स्थान र देशको चौतर्फी विकास गर्न सक्ने यो एउटा ज्वलन्त दृष्टान्त लाग्यो। यति नै भए पनि हामी पर्यटकलाई आफ्नो क्षेत्र विकासमा आफैँ दिलोज्यानले लागेमा चौतर्फी विकास गर्न सकिने तथ्यलाई उजागर गऱ्यो। बादल लागेको समयमा पनि चन्द्रमाको वरिपरि चाँदीको घेरा देख्न सकिन्छ। के नेपाली नेतृत्व पङ्क्तिले यस्तो गर्न सक्लान् त ? एवंरीतले बेङलोरको परिक्रमा सकियो। बेलुकी दिनभरको यात्रा सकेर होटेलमा फर्किर्यौं।

अर्को दिन शशाङ्कलाई भेट्न कलेज रमैयामा गर्यौं। छात्रावासमा उसलाई भेट्र्यौं। छात्रावास घुम्र्यौं र भोजन कक्ष हेर्र्यौं। अभिभावकलाई पनि छात्रावासको भोजनालयमा सहभागी गराउने चलनअनुसार बिहानको भोजनमा सामेल भएर खाना खार्यौं। खाना रुचिकर लाग्यो। शशाङ्कले पनि त्यहाँको खाना रुचाएको रहेछ। छात्रावासमा शाकाहारी भोजन उपलब्ध हुने र शशाङ्क पनि शाकाहारी भएकाले उसले त्यहाँको खानाको परिकार र स्वाद रुचाएको हो। यसरी शशाङ्कको (बी.ई.) इन्जिनियरिङ कलेजको भ्रमण सकेर हामी इलाम फिर्ता हुने तयारीमा लाग्यौं। शशाङ्क, राजीव र दीपक बिदा गर्न आए। हामीलाई बिदा गर्दा उनीहरू भावविह्वल हुन पुगे र हामी पनि शशाङ्कलाई त्यहाँ ल्याएर छोड्दा मानसिक रूपमा निकै द्रबित भयौं।

कान्छो छोरालाई यति टाढा ल्याएर एक्लै छाड्दा आमालाई अझ बढी चिन्ता लाग्नु र भावविह्वल हुनु स्वाभाविक नै थियो तर अध्ययन गर्न घरमा बसेर सम्भव हुँदैन। उसमा पनि सन्ततिले पौरख गर्न घर छाडेर बाहिर जानै पर्दछ। बाबु-आमाको सधैँ साथमा बसेर छोरा-छोरीको उन्नति प्रगति हुँदैन। भनिन्छ

केराको बोट पनि एकै ठाउँमा रहन दिनुहुँदैन, ठाउँ सारेर रोप्नुपर्दछ, अन्यथा गवारो लाग्दछ, केरा सप्रँदैन। त्यस्तै सन्तानले पनि एकै स्थानमा रुँगेर बस्दा उन्नति हुँदैन। नदी बगेको नै राम्रो मानिन्छ, नबग्ने नदीको पानी पनि अशुद्ध मानिन्छ। पँखेटा लागेपछि उड्नुपर्दछ नत्र पँखेटा विनाकामको हुन्छ । यस्तै कुराहरूले मनशान्ति पार्दै हामी स्टेशनबाट छोरासँग छुट्टिएर रेल चढ्यौं। कलकत्ता र न्यु जल्पाइगुडी हुँदै हामी इलाम फर्कियौं। यसरी नेपालको पूर्वी भागबाट शुरू भएको यात्रा दक्षिण भारतको बेङ्लोर मैसूर भ्रमण पूरा भएर पुनः भारतको उत्तरमा अवस्थित नेपालको कञ्चनजङ्घा हिमालको फेदी इलाममा पूरा भयो। अघिका यात्रा औषधोपचार र पर्यटनका थिए। यो पटकको यात्रा कान्छो छोरा शशाङ्कको शिक्षासँग सम्बन्धित थियो।

## सार्क ल सम्मेलन पाकिस्तानमा

भनिन्छ, जीवनमा देश मात्र होइन विदेश पनि हेर्नुपर्छ। यस्ता भ्रमणबाट नयाँ-नयाँ ज्ञान प्राप्त हुन्छ। नयाँ स्थान र अनुभवबाट धेरै कुरा सिक्न र जान्न सकिन्छ। यसले जीवनमा आहार, विहार, आचार र व्यवहारमा परिवर्तन ल्याउँछ। अनि मानिस संवेदनशील, संप्रेषणीय र संहिष्णु बन्दछ। म राष्ट्रसेवामा लागेको अठ्तीस वर्ष पूरा भइसकेको थियो। यति अवधिमा नेपालको धेरै भाग राष्ट्रसेवाको सन्दर्भमा भ्रमण गरेँ। यहाँको स्थानविशेषका फरकपनलाई नजिकबाट हेरेँ, बुझेँ, अनुभूति गरेँ। भारतका केही स्थान निजी भ्रमण गरेँ तर नेपाल-भारतबाहेक अन्य विदेश जाने सुअवसर प्राप्त भएको थिएन। यतिको अवधिमा विदेश जाने या भनौं जेट चढ्ने सपना सजाए पनि साइत कहिल्यै जुरेको थिएन।

म बुटवलमा कार्यरत अवस्थामा अचानक सर्वोच्च अदालतबाट रजिष्ट्रार श्रीप्रसाद पण्डितले फोन गरेर सार्क क्षेत्रका प्रधानन्यायाधीशहरूको सम्मेलन र सार्क ल कन्फरेन्समा भाग लिने सदस्यहरूमा प्रधानन्यायाधीश श्री गोविन्दबहादुर श्रेष्ठले मेरो पनि नाम मनोनयन गर्नुभएको सूचना सुनाउँदै तत्काल काठमाडौं आउन भने। म भोलिपल्टै अदालतको सवारीसाधन लिएर काठमाडौं आएँ। विदेश जानलाई पहिले राहदानी बनाउनुपर्ने भएकोले फोटो खिचाएर म सर्वोच्च अदालतमा पुगेँ। रजिष्ट्रारले राहदानीका लागि सहायकलाई खटाए। पाकिस्तानी राजदूतावासबाट प्रवेशाज्ञा तयार भयो। हाम्रो भ्रमण अवधि एक हप्ताको थियो।

हामीलाई करॉंचीसम्म आउने-जाने सबै खर्च संयुक्त राष्ट्रसङ्घको विकास आयोजनाले व्यहोर्ने व्यवस्था रहेछ। त्यसका लागि संयुक्त राष्ट्रसङ्घको विकास आयोजनाबाट गरिने खर्चको लागि स्वीकृति आए पनि अर्थ मन्त्रालयको पनि सहमति चाहिँदो रहेछ। सर्वोच्च अदालतबाट त्यसबारेको पत्र अर्थ मन्त्रालयमा पठाइयो। प्रस्थान गर्ने दिन नजिक भएको व्यहोरा अवगत गराइयो तर जवाफ आएन। अन्ततः सहभागी हामीहरू नै अर्थ मन्त्रालयमा गयौं। त्यहाँका परिचित उप-सचिवले हामीलाई स्वागत सत्कार गरे तर सम्बन्धित शाखाका उप-सचिवले सहमतिको पत्र लेख्न आलटाल गरेर साह्रै दुःख दिए। कार्यकक्षमा कम बस्ने, आफ्नो व्यस्तता देखाउने र अत्तो थाप्ने काम गर्थे उनी। सर्वोच्च अदालतका न्यायाधीश, पुनरावेदन अदालतका मुख्य न्यायाधीश र अन्य न्यायाधीशहरूको सम्मेलन र अध्ययन भ्रमणका लागि संयुक्त राष्ट्रसङ्घबाट प्राप्त सहयोग र त्यहाँबाट प्राप्त पत्रप्रति बेवास्ता गर्नु सरकारी अधिकारीका लागि अशोभनीय कार्य छँदै थियो। उनले सो भ्रमणमा आफूलाई समावेश नगरेकोले अत्तो थापेर दुःख दिइएको भन्ने आशय बुझियो। उप-सचिवजस्तोले यस्तो गर्नु देख्ने-सुन्नेलाई भन्दा खै के गर्नेलाई लाजजस्तै कुरा थियो। आफ्नो देशको समग्र न्यायक्षेत्रको हीतकारी सम्मेलनमा सहभागीताका लागि अदालतका न्यायाधीशहरूलाई त यस्तो झमेला लाउँछन् वा दुःख दिन्छन् भने व्यापारी र अन्य सर्वसाधारणप्रति कस्तो व्यवहार गर्दा हुन्! यसरी अनाहकमा हामीलाई झुलाएर दुई दिन कुराए। बल्लतल्ल त्यहाँबाट सहमति पत्र लिएर प्रस्थान गर्ने दिन बिहान मात्र युएन्डीपीको कार्यालय पुलचोकबाट बिहानको सात बजे हामीलाई खर्चको लागि चाहिने पैसा र टिकट उपलब्ध भयो।

त्यहाँबाट सिधैं करॉंची जान त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल प्रस्थान गरियो। विमानस्थलमा आवश्यक औपचारिक प्रकिया पूरा गरेर जहाज चढ्ने प्रतीक्षामा बस्यौं। निर्धारित समयमा प्रधानन्यायाधीश सपत्नीक आउनुभयो। हामी सबै नियमित पाकिस्तान इन्टरनेशनल एयरलाइन्सको उडानबाट करॉंची जान हवाईजहाजमा बस्यौं। त्यहाँ प्रधानन्यायाधीशसमेतको समूह हुँदा हामीलाई विशिष्ट स्थानमा राखियो। जहाज उडेपछि चिसो पेय फलका रस उपलब्ध गराइयो। त्यसपछि रुचिअनुसार शाकाहारी या मांसाहारी खाना उपलब्ध गराइयो। करीब तीन घण्टापछि पाकिस्तान इन्टरनेशनलको वायुयान करॉंची अन्तर्राष्ट्रिय हवाईमैदानमा अवतरण भयो। टोलीमा प्रधानन्यायाधीश श्री गोविन्दबहादुर श्रेष्ठ, श्रीमती सुशीला श्रेष्ठ, सर्वोच्च अदालतका न्यायाधीश श्री दिलीपकुमार पौडेल, श्रीमती प्रेमा पौडेल, म, का.मु. मुख्य न्यायाधीश श्री माधवराज थापा, न्या. श्री प्रेम शर्मा, न्या. श्री

राघवलाल वैद्य, न्या. श्री आनन्दमोहन भट्टराई, रजिष्ट्रार श्रीप्रसाद पण्डित र उनकी छोरी, प्र.न्या.को निजी सचिव श्री बालमुकन्द दवाडी र कानून-व्यवसायीहरू श्री भरतराज उप्रेती र श्री कनकविक्रम थापा थियौं ।

कराँची हवाईमैदानमा स्वागतार्थ त्यहाँका उच्चअदालतका मुख्य न्यायाधीश, अन्य न्यायाधीश र कानून-व्यवसायीहरूो ठूलो समूह उपस्थिति थियो । विमानस्थलको सबै औपचारिकता उनीहरूबाट नै पूरा भयो । हामीले विशेष केही गर्नुपरेन केवल फाराममा सही गर्नुबाहेक । औपचारिक शिष्टमण्डलमा जाँदा कुनै हैरानी व्यहोर्नुपर्ने सम्भावना पनि हुँदैन ।

हामीहरू सबैलाई विमानस्थलको अति विशिष्टकक्षमा लगियो । त्यहाँ विश्राम गर्ने क्रममा फूलका गुच्छाबाट स्वागत गरियो । स्नेह र सौजन्यपूर्वक सुरम्य वातावरणमा हाम्रो परिचय र उपस्थित व्यक्तिहरूको परिचय आदान-प्रदान भयो । त्यहाँ कफी-चियासमेतको व्यवस्था थियो । हाम्रा सामान पहिला नै सवारीसाधनमा राखिसकिएको थियो । दुई-दुई जनाका लागि कारको व्यवस्था गरिएअनुसार हामी सबै आतिथेय मुलुकका पदाधिकारीका साथ कराँचीको क्षेत्र हेर्दै सहभागीताको लागि तयार पारिएको अन्तर्राष्ट्रिय शेराटन होटलमा पुग्यौं ।

शेराटन पाँचतारे होटल थियो । सबै प्रकोष्ठ वातानुकूलित थिए । सबै सहभागीहरूको लागि बस्ने-खाने बन्दोबस्त शेराटन होटलमा गरिएको रहेछ । दुई जनाको लागि एउटा कोठाको व्यवस्थाअनुसार माधवजी र मैले एउटा कोठामा बस्ने व्यवस्था गर्‍यौं । नेपाल, भारत, पाकिस्तान, बङ्गलादेश, श्रीलङ्का, माल्दिभ्स, भुटानलगायत सबै देशका सहभागीहरूलाई एउटै होटलमा राख्ने व्यवस्था थियो । कराँची पुगेको दिन साँझ नेपालको तर्फबाट सार्क ल का पदाधिकारी श्री भरतराज उप्रेतीले समुद्री किनारमा घुम्न र खाना खान लैजानुभयो । केही क्षेत्र घुमियो र रात परेकाले किनारको राम्रो रेष्टुराँमा खाना खाइयो ।

हामीलाई राखिएको होटलमा पौडी खेल्ने, घुम्नेलगायतका शारीरिक व्यायाम गर्ने सबै सुविधा उपलब्ध थियो । त्यस्तो शारीरिक व्यायाम गर्ने हामी नेपालीहरूको बानी या शोख हुँदैन । माधवजी र म बिहान घुम्न भने होटलको चौरमा जाने गर्थ्यौं । सबै प्रतिनिधिहरूलाई राखिएकाले सबैसँग होटलमा बिहानको अल्पाहारमा भेटवार्ता हुन्थ्यो । पाँचतारे होटलमा बिहानको हल्का नास्ता निःशुल्क उपलब्ध गराइन्थ्यो । त्यो होटलको कोठाको रकममा समावेश भएको हुन्थ्यो ।

सबैसँग घुलमिल गर्न पाइने भएकाले त्यहाँ रमाइलो वातावरण थियो। यस्तो प्रकृतिको अन्तर्राष्ट्रिय सम्मेलनमा पहिलो पटक सहभागी भएकाले मेरो लागि यो पहिलो अनुभूति पनि थियो।

होटलमा भुटानका प्रतिनिधि सबैका कक्षमा पुगेर भुटानी प्रधानन्यायाधीशले पठाउनुभएको भन्दै हुलाकका टिकटजस्ता उपहार बाँड्दै थिए। उनीहरू हामीसँग नेपालीमा नै कुरा गर्थे।

कराँची पुगेको भोलिपल्ट खासै कार्यक्रम निर्धारित नभएकाले त्यहाँ कार्यरत कानून-व्यवसायीका पदाधिकारीले नेपालबाट गएका सहभागीहरूलाई कराँचीको आसपासमा घुमाउन लगे। प्रधानन्यायाधीश र स.अ.का न्यायाधीश श्री दिलीपकुमार पौडेलको अलग्गै कार्यक्रम भएकाले उहाँहरू सहभागी हुनुभएन। सर्वप्रथम पाकिस्तानका संस्थापक राष्ट्रपति जिन्ना साहबको निवास जहाँ उहाँको नाउँमा सङ्ग्रहालय बनाइएको रहेछ, त्यहाँका सबै कक्षहरू अवलोकन गराइयो। पहिले त्यो भवनबाट कराँचीको समुद्र देखिन्थ्यो। पछि निर्माण क्षेत्रको विस्तारले देखिन छाडेको भन्थे। त्यहाँबाट उहाँको समाधिस्थल (कब्रिस्तान) घुमाइयो। पर्यटकीय गन्तव्यमा परिणत गरिएको भव्य स्थल रहेछ। त्यहाँबाट समुद्री किनाराका पर्यटकीय क्षेत्र भ्रमण गराइयो। कराँचीको बन्दरगाह, समुद्री किनारका दर्शनीय स्थल, शहर यावत भ्रमण गरियो। समुद्री किनारका पर्यटकीय रेष्टुराँमा दिवा खाना खाइयो जुन साह्रै स्वादिलो थियो। साँझपख मात्र भ्रमण सकेर फर्किइयो।

कार्यक्रम तीन दिनको थियो। सार्क क्षेत्रका सबै प्रधानन्यायाधीशहरूको उपस्थिति थियो। प्रधानन्यायाधीशहरूको सम्मेलन र सार्क ल सम्मेलन पृथक् पृथक् कक्षमा आयोजना गरिएको थियो। हामी सार्क ल सम्मेलनमा सहभागी भयौँ। कार्यक्रम भव्य भएको थियो। त्यो कार्यक्रम समाप्तिमा पाकिस्तानका कलाकारहरूबाट साँस्कृतिक कार्यक्रम प्रस्तुत गरिएको थियो। त्यसमा महिलाका अधिकारबारे नाटक मञ्चन गरिएको थियो। त्यो साह्रै मर्मस्पर्शी थियो। महिला अधिकारप्रति सबैलाई सचेत गर्न नै त्यो नाटक मञ्चन गरिएको थियो। महिला अधिकारप्रति लेखिएका अधिकारकर्मीका पुस्तकहरू बिक्रीमा राखिएका थिए। यसरी तीन दिनको कार्यक्रम बितेको पत्तै पाइएन।

ती कार्यक्रमपछि हामी न्यायाधीशहरूको लागि अन्य कार्यक्रम नेपालबाट नै निर्धारित थिए। त्यो समूहको नेतृत्व सर्वोच्च अदालतका न्यायाधीश श्री दिलीपकुमार पौडेलले गर्नुभएको थियो। साथमा श्रीमती पौडेल पनि सहभागी

हुनुहुन्थ्यो । कार्यक्रमअनुसार हामीले कराँचीस्थित उच्च अदालत, जिल्ला अदालत र न्यायिक प्रतिष्ठानका (जुडिसियल एकेडेमी) बारेमा अध्ययन गर्नु थियो । इस्लामावादबाट त्यहाँको उच्च तहका एक अधिकृतलाई हाम्रो सम्पर्क अधिकारीको रूपमा खटाइएको थियो । उनले पहिले नै हाम्रो कार्यक्रमबारे सम्बन्धित निकायमा सूचना गरेर निर्धारण गरेका थिए । उनी सदैव हाम्रो साथमा रहन्थे । सम्मेलनको अन्तिम दिन साँझ कराँची उच्च अदालतका मुख्य न्यायाधीशले सबै प्रतिनिधिहरूको सम्मानमा रात्रिभोज आयोजना गरेका थिए भने अर्को दिन त्यहाँका एक चर्चित वकीलले (अहिले नाँउ सम्झन सकिएन) आफ्नो निवासमा सबै प्रतिनिधिहरूको स्वागत कार्यक्रम राखेका थिए । उनको इस्लामावाद, कराँची, लाहोर र लण्डनमा समेत ल फर्म रहेछ ।

सार्क ल सम्मेलनपछि स्थानीय अदालतको अध्ययन गर्ने क्रममा सर्वप्रथम हाम्रो कार्यक्रम कराँची उच्च अदालतमा भयो । अदालतको परिसरमा मुख्य न्यायाधीशका प्रतिनिधि न्यायाधीश र रजिष्ट्रारले फूलका गुच्छाले स्वागत गरे । त्यहाँका मुख्य न्यायाधीशसँग परिचय गराए । उनले अदालतका सबै कक्षहरू, मुद्दाको पेशी क्रम र सूची, मुद्दाको सङ्ख्या, इजलासहरू, कानून-व्यवसायीका कक्षहरू, कम्प्यूटरको सञ्जाल, पुस्तकालय, कानून-व्यवसायीको पुस्तकालय, सहयोगी कर्मचारीको भूमिकाबारेमा अवगत गराए । दश वर्षपहिले दर्ता भएका मुद्दाहरू भर्खर खोलिँदै रहेछन् । दश वर्षसम्म मुद्दा दर्ता भएपछि पक्षले प्रतीक्षामा बस्नुपर्ने रहेछ । त्यसपछि मात्र मुद्दाको मिसिल खोलिने र कार्यवाही अगाडि बढ्ने रहेछ ।

हामी त्यहाँ पुगेका बखत सन् १९९०का मुद्दाका मिसिलहरू खोलिएको भन्दथे । मुद्दाको सङ्ख्या अत्यधिक भएर यतिको अवधि पर्खनुपर्ने रहेछ । न्यायाधीशको सङ्ख्या पनि मुद्दाका लागि पर्याप्त नभएको अनुभूति भयो । मुद्दामा उच्च अदालतमा मात्र दश वर्ष पर्खनुपर्ने र त्यसपछि कार्यवाही अगाडि बढ्दा बाह्र-चौध वर्षसम्म उच्च अदालतमा लाग्ने देखियो । यो अवधि मुद्दाका पक्षहरूलाई साह्रै दुःखदायी हुने कुरामा दुई मत हुने कुरा पनि भएन । नेपालका कुनै अदालतमा अपवादबाहेक मुद्दा निरूपण हुन यति लामो अवधि लाग्दैन । सूचना सञ्जालको राम्रो पक्ष के देखियो भने पेशीमा चढेको मुद्दा कुन इजलासमा परेको छ, सोको पालो आयो आएन भन्ने कुरा भने कानून-व्यवसायीले आफ्नो कार्यकक्षबाटै कम्प्युटरबाट थाहा पाउने रहेछन् । अङ्ग्रेजको पालादेखिको त्यो अदालत भवन रहेछ । त्यहाँको पुस्तकालयमा पुरानादेखि अहिलेम्मका कानूनका पुस्तकहरू सङ्गृहीत रहेछन् ।

त्यस्तै कानून-व्यवसायीहरूको पुस्तकालयमा पनि । कानून-व्यवसायीहरूसँग पनि भेटघाट गरियो । अन्त्यमा ती न्यायाधीश र रजिष्ट्रारले हामीलाई स्वादिष्ट जलपान गराएर बिदा गरे ।

अर्को दिन कराँचीस्थित जिल्ला अदालत अवलोकन गर्न गयौँ । त्यहाँका मुख्य जिल्ला न्यायाधीशले अदालतको परिसरमा हाम्रो स्वागत गरेका थिए । उनले इजलासहरू देखाए । कुनै इजलासमा कानून-व्यवसायी वहस चलिरहेको थियो भने कुनैमा फौजदारी मुद्दाका प्रतिवादीको बयान लिइँदै थियो त कुनैमा निर्णय सुनाइँदै थियो । आधाजसो जिल्ला न्यायाधीश महिला रहेछन् । त्यहाँका इजलासकक्ष पनि नेपालकै अदालतजस्तै साना थिए । त्यहाँ पनि मुद्दाको कार्यबोझ धेरै रहेछ । अवलोकनको अन्त्यमा पाकिस्तानी सल र टोपी लगाइदिएर मिष्ठान्न परिकारको जलपान गराएर बिदाइ गरेका थिए । जिल्ला अदालतमा पनि मुद्दा किनारा हुन समय धेरै लाग्दोरहेछ ।

तेम्रो दिन कराँचीस्थित न्यायिक प्रतिष्ठानको अध्ययन कार्यक्रम थियो । त्यहाँ पुग्नासाथ निर्देशकले हामी सबैलाई फूलका गुच्छाले स्वागत गरेका थिए । उनी रहेछन् पाकिस्तानका तत्कालिक सैनिक शासक जियाउल हकले सर्वोच्च अदालतका सबै न्यायाधीशले उनीप्रति बफादारीको पुनः सपथ लिनुपर्ने कानून ल्याएपछि सपथ नलिने अडान लिएर सर्वोच्च अदालतको न्यायाधीशको पद त्याग गरेर आएका व्यक्ति– श्रीडोराव पटेल । उनी कानूनको विषयमा राम्रो ज्ञान भएका र निर्भीक व्यक्ति रहेछन् । उनले त्यहाँ प्रशिक्षार्थी जिल्ला न्यायाधीशहरूलाई दिइने तालिमबारेमा अवगत गराए । हामी पुग्दा तालिम कक्षा चलिरहेको थियो । त्यो दिनमा ध्यान-योग कसरी गरिन्छ भन्ने विषयको प्रवचन भइरहेको थियो । हामी पनि कक्षामा बस्यौँ । कक्षा सकिएपछि निर्देशकले कक्षामा नै हाम्रो स्वागत मन्तव्य दिए । हाम्रो पक्षबाट सर्वोच्च अदालतका न्यायाधीश श्री दिलीपकुमार पौडेलले मन्तव्य दिनुभएको थियो । त्यसपछि त्यहाँका कक्षहरू, छात्रावास, पुस्तकालय, तालिम दिइने विषय, प्रतिष्ठान खडा गर्न बनाइएको ऐनबारे जानकारी दिइएको थियो । त्यहाँ तालिम लिनेहरूमा महिला र पुरुष बराबर रहेछन् ।

त्यहाँको प्रशिक्षणमा लेखपढको अङ्ग्रेजी भाषा, व्याकरण, स्थानीय भाषा, कानूनसम्बन्धी विषय, फैसला लेखनलगायतको विषय समावेश हुँदारहेछन् । प्रशिक्षण अवधि एक वर्षको र परीक्षामा पनि उत्तीर्ण हुनुपर्ने व्यवस्था गरिएको रहेछ । प्रशिक्षकको रूपमा वहालमा रहेका र अवकाश प्राप्त न्यायाधीशहरू, ख्यातिप्राप्त

वकीलहरू, जुरिष्टहरू, मनोवैज्ञानिकहरू र चिकित्सकहरू समेत संलग्न हुँदारहेछन् । उनीहरूलाई निर्देशकले कार्यक्रम मिलाएर प्रशिक्षण दिन आग्रह गर्दारहेछन् । न्याय-निसाफलाई गहन, स्तरीय र व्यावहारिक बनाउन यस्ता तालिम अपरिहार्य हुनै पर्ने कुरामा सबैको मत मिल्छजस्तो लाग्यो । मलाई के लाग्यो भने यस्तो परिपाटीले त्यहाँ तालिमप्राप्त व्यक्तिहरू अदालतसक्षम न्यायमूर्तिको जिम्मेवारी सफलताका साथ पूरा गर्न सक्षम हुन्छन् । नेपालको न्यायिक प्रतिष्ठानमा यस प्रकारको प्रशिक्षण दिइने परिपाटी र पाठ्यक्रम समावेश भएको पाइँदैन । आफू सर्वोच्च अदालतको न्यायाधीशको रूपमा कार्यरत हुँदा र हाल निवृत्त भएपछि यदाकदा प्रशिक्षणमा संलग्न हुँदा पनि त्यहाँको जस्तो अवस्था पाएको छैन । यस प्रकारको प्रशिक्षणले नै न्याय-सम्पादनमा स्तरीयता प्रदान गर्न सक्छ भन्ने मेरो मत रहेको छ ।

कराँचीमा होटल, रेष्टुराँ, ठूलठूला पसल, सार्वजनिक कार्यालय सबैमा हतियारले सु-सज्जित सुरक्षाकर्मी बसेका हुन्थे । सुरक्षाको कडा व्यवस्था थियो । हामी जहाँ जान्थ्यौं, सुरक्षा अधिकारीको गाडी हाम्रो अघि-पछि लाग्थ्यो । यस कार्यले हाम्रो निजी काममा जान पनि अफ्ठ्यारो हुन्थ्यो । एक दिन हाम्रै सहयोगी रूपमा रहेका उच्चतम् अदालतका अधिकृतलाई लिएर दिलीप श्रीमान्, श्रीमती पौडेल र म बजार हेर्न र केही किनमेल गर्न गयौं । हामीले जुत्ता, पेटीजस्ता ससाना सामान लियौं । श्रीमती पौडेलले पनि केही सामान किन्नुभयो तर ती अधिकृतलाई सुरक्षा अधिकृतले कडा खबरदारी गरेका कारण हामी चाँडै फर्कनुपऱ्यो ।

कराँची छाड्ने अघिल्लो दिन उच्च अदालतबाट निवृत्त भएका ख्यातिप्राप्त वकील र उनको परिवारले कराँचीस्थित प्रसिद्ध "बोट" क्लबमा हामीलाई बिदाइ भोज दिएका थिए । त्यो कार्यक्रममा त्यहाँका उच्च अदालतका मुख्य न्यायाधीश, भारतका प्रसिद्ध वकीलहरूसमेत सहभागी थिए । त्यो क्लब साह्रै महँगो क्लबमा मानिँदो रहेछ । त्यो क्लबको वार्षिक शुल्क पनि लाखौंमा बुझाउनुपर्ने रहेछ तर सदस्यहरूलाई त्यहाँ पार्टी गर्न र अन्य कार्यक्रम गर्दा धेरै सस्तोमा सेवा प्राप्त हुँदोरहेछ । भारत र पाकिस्तान स्वतन्त्र हुनुपूर्व त्यो क्लबमा अङ्ग्रेज मात्र प्रवेश गर्न पाउने रहेछन् । त्यहाँ लेखिएको हुन्थ्यो रे "Darks and dogs are not allowed" आफ्नै मुलुकमा पनि त्यहाँका वास्तविक नागरिक प्रवेश नपाउने, अस्पृश्य, अपहेलित र परित्यक्त । मानौं उनीहरू मानव होइनन् । विदेशीहरू यो धरतीबाट होइन, अर्कै मण्डलबाट आएका ।

अन्तिम दिन हाम्रो खासै कार्यक्रम थिएन । हामीले कराँचीको बजार घुम्यौं तर एउटा समस्या थपियो । हामी सबैको फर्कने निश्चित टिकट लिएर नै

गएका थियौं तर पाकिस्तानी एयर लाइन्समा ७२ घन्टा अगाडि पुनः टिकट यकीन (रिकन्फर्मड) गर्नुपर्दो रहेछ। २०-२२ घण्टा अगाडि मात्र जानकारी भयो। हाम्रा साथीहरू श्री आनन्दमोहनलगायत लागे। अन्त्यमा पाकिस्तान कराँची उच्चतम् अदालतका रजिष्ट्रारले बोर्डका पदाधिकारीसँग कुरा गरेर अरूको टिकट रद्ध गरेर हामी आठ जनाको टिकट निश्चित गरे। त्यो दिन कराँचीका धेरै ठाँउ घुम्ने योजना विफल भयो। अर्को दिन बिहानको पाँच बजे नै होटलबाट विमानस्थलको लागि प्रस्थान गर्‍यौं। हाम्रो प्रदर्शकको रूपमा खटिएका अधिकृतले हामीलाई हवाई फिल्डमा आएर बिदा गरे। उनलाई केही उपहार दिएर हामी बिदा भयौं। यसरी एक सप्ताहको व्यस्त कराँचीको भ्रमण पूरा गरेर हामी नेपाल फर्क्यौं।

## अमेरिकाको न्यायिक अवलोकन

म सर्वोच्च अदालतमा कार्यरत रहेको अवस्थामा संयुक्त राष्ट्रसङ्घीय विकास आयोजना UNDP ले नेपालको सर्वोच्च, पुनरावेदन र जिल्ला अदालतका केही न्यायाधीशहरू र केही अधिकृतहरूको लागि अमेरिकाको म्यासाचुसेट् राज्यको न्यायिक अध्ययनको व्यवस्था गरेको थियो। म इजलासमा मुद्दा सुनवाई गरिरहेको अवस्थामा सर्वोच्च अदालतको प्रशासन शाखाबाट मिति २०६२।११।४मा मलाई त्यो अध्ययन टोलीमा समावेश गरेको पत्र प्राप्त भयो। प्रधानन्यायाधीश श्री दिलीपकुमार पौडेलले यस्तो अध्ययन गर्ने मौका नपाएकालाई नै समावेशी रूपमा मनोनयन गर्नुभएको रहेछ। यस अघि प्रधानन्यायाधीश श्री गोविन्दबहादुर श्रेष्ठले पाकिस्तानको कराँचीमा हुने "सार्क ल सम्मेलन"मा भाग लिने अवसर प्रदान गर्नुभएको थियो।

नेपालको न्यायपालिकामा कार्यरत न्यायाधीश एवम् अधिकृतहरूका लागि अमेरिकी अदालत एवम् न्यायिक निकायको काम कार्यवाही Case management, time management in court room, court concern mediation,activities of judges association and judicial ethics का सम्बन्धमा जानकारी गराउने उद्देश्यले आयोजना हुन लागेको अध्ययन भ्रमणमा सहभागी हुने व्यवस्था गरिएको थियो।

सर्वोच्च अदालतले उच्चतहको अध्ययन वा अध्ययन भ्रमण गर्दा अदालतको जनशक्तिलाई दक्ष वा सक्षम बनाउन अध्ययन भ्रमणमा छनौट गर्दा

जनशक्तिको अभिरुचि र क्षमताअनुसार गर्नुपर्ने परिपाटी बसाउनु संस्थाका लागि उपयुक्त हो तर संस्थाले जहिले पनि निकटताका आधारमा मात्र छनौट गरेको तितो अनुभव थियो । यसपालि भने प्रधानन्यायाधीश श्री दिलीपकुमार पौडेलले समावेशी रूपमा पहिले यस्तो अवसर नपाएकालाई छानी छानी छनौट गर्नुभयो जुन संस्थाको लागि र जनशक्तिप्रति उहाँको निष्पक्ष र विवेकपूर्ण कार्य थियो । यो छनौटप्रति सबैले उहाँको प्रशंसा गरे ।

विकसित मुलुकको न्यायिक संस्था र त्यस्ता संस्थाले सम्पादन गर्ने कार्यस्तर र पुऱ्याउने सेवाको अध्ययनबाट अध्ययन गर्ने समूहका व्यक्तिहरूको क्षमता विकासमा र आ-आफ्नो जिम्मेवारी पूरा गर्न सघाउँछ, काममा चुस्तता ल्याएर सेवाग्राहीलाई छिटो, छरितो सेवा प्रदान गर्न सक्तछ । यही उद्देश्यका साथ यस्तो अध्ययन मौका प्रदान गरिन्छ । यस्ता व्यावहारिक अध्ययनबाट धेरै कुराको ज्ञान हासिल हुनसक्छ ।

UNDP ले सबै सहभागीहरूको लागि राहदानी, स्वास्थ्य परीक्षण र अमेरिकी राजदूतावासबाट प्रवेशाज्ञा जस्ता यात्राका आवश्यक कागजात तयार पारेर हामी सबैलाई सहज बनाइदियो । निर्धारित दिनको हवाईयात्राका लागि टिकटको व्यवस्था गरेर टिकट हामीलाई उपलब्ध गरायो । हाम्रो यात्रा म्यासाचुसेट्सको बोस्टनमा ई.सन.२००६ जुलाई ९ देखि ऐ १७ सम्मको थियो । त्यसको लागि हामीलाई दिइने पकेट खर्च र डलर सटहीका यावत कार्य सम्पन्न भएपछि ई.सन् २००६ जुलाई ८ तारिखमा हामी काठमाडौँ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट अमेरिकाको म्यासाचुसेट्स राज्यको राजधानी बोस्टनको लागि थाई एयरलाइन्सको जहाजबाट बैङ्ककको लागि प्रस्थान गर्‍यौँ । बैङ्ककमा केही विश्राम गरेपछि त्यहाँबाट लुफ्थान्सा एयरलाइन्सको ठूलो जहाजबाट जर्मनीको फ्रैङ्कफर्टमा उत्रियौँ । त्यहाँबाट अमेरिकन एअरलाइन्सको जहाजबाट बोस्टनको अन्तर्राष्ट्रिय लोगोन हवाई अड्डामा उत्रियौँ । त्यहाँ हामीलाई कार्यक्रमका संयोजक न्यायाधीश पेट्रिक किङ, एटर्नी जोइ मैक डो र डन् जोन्सले स्वागत गरे । परिचय साटासाट गरियो । त्यहाँको औपचारिकता पूरा भएपछि हाम्रो लागि बस्ने व्यवस्था क्याम्ब्रिज होटल होलिडे इन एक्सप्रेसमा गरिएको रहेछ । हामीलाई त्यही लगियो ।

माथि उल्लेख गरेको छु मैले सार्क ल कन्फरेन्समा पनि भाग लिन मौका पाएको थिएँ । यस पटक यात्रा दोस्रो भए पनि समुद्रपार विदेश अध्ययन भ्रमण भने मेरो पहिलो थियो । यस पटकको नेतृत्व सर्वोच्च अदालतकै न्यायाधीश श्री

बलराम के. सी.ले गर्नुभएको थियो। उहाँ धेरै पटक यस्तो कार्यक्रममा समावेश भइसक्नुभएको थियो।

अमेरिकाको मासाचुसेट्स राज्यमा रहेका अदालतहरूको संरचना र न्यायाधीशको सङ्ख्या यस प्रकार रहेछ।

## मासाचुसेट्स कोर्ट सिस्टम

१, **मासाचुसेट्स सर्वोच्च अदालत** : एक प्रधानन्यायाधीश र अन्य छ न्यायाधीशहरू रहने व्यवस्था रहेछ। बोस्टनमा अवस्थित यो राज्यको सर्वोच्च अदालत हो। यसलाई मातहत सबै अदालतको सुपरिवेक्षण र मुद्दाको अन्तिम निर्णय गर्ने अधिकार छ। यसमा खास-खास मुद्दा मात्र पुग्छन्। सर्वोच्च अदालतका सबै न्यायाधीश बसेर निर्णय गर्ने गर्छन्। यस्ता निर्णयहरू मात्र नजीरको रूपमा ग्रहण योग्य हुन्छन्। यसप्रकारका अदालत प्रत्येक राज्यमा हुन्छन्। नेपालमा सङ्घका सात प्रदेश भए पनि सर्वोच्च अदालत एउटा मात्र रहने संवैधानिक व्यवस्थाले एकात्मक न्यायिक-प्रणालीको व्यवस्था गरेको छ।

२, **मासाचुसेटस उच्च अदालत** ( **अपिलेट अदालत**): एक जना मुख्य न्यायाधीश र चौबीस २४ जना अन्य न्यायाधीश रहन्छन्। यसलाई पुनरावेदकीय अधिकार छ। प्रायः जिल्ला अदालतको फैसलाउपर यसमा पुनरावेदन लाग्छ तर जघन्य हत्याजस्ता मुद्दाको जिल्ला अदालतको फैसलाउपर सिधै सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने व्यवस्था छ। नेपालमा साविकमा १६ पुनरावेदन अदालत रहेकोमा नेपालको संविधान २०७२ जारी भएपछि सात स्थानमा उच्च अदालत र अन्य केही स्थानमा उच्च अदालतको इजलास गठन गरिएको छ। सङ्घीय संरचना संविधानले अङ्गीकार गरेको भए पनि अदालतको संरचना एकात्मक प्रकृतिको छ । सर्वोच्च अदालतबाट सबै नियन्त्रण हुन्छ।

३, **जिल्ला अदालत** : एक मुख्य न्यायाधीश र एकसय ५७ अन्य न्यायाधीश (एसोसिएट न्यायाधीश) रहने व्यवस्था छ। जिल्ला अदालतबाट देवानी र फौजदारी विषयका विवादको निरूपण हुन्छ।

नेपालमा सबै सतहत्तर जिल्लामा जिल्ला अदालत रहने व्यवस्था छ। जिल्लाअन्तर्गतका प्रायः सबै विषयका विवादहरू (कानूनले अन्य व्यवस्था गरेकोमा बाहेक )जिल्ला अदालतबाट निरूपण हुने व्यवस्था छ। जिल्ला अदालतबाट स्थानीय पालिकाका न्यायिक समितिको निर्णय उपर पुनरावेदन सुन्ने र निषेधाज्ञा जारी गर्नेसमेत क्षेत्राधिकार तोकिएको छ। मुद्दाको कार्यबोझका आधारमा न्यायाधीशको सङ्ख्या निर्धारण हुन्छ।

४, **बोस्टन म्युनिसिपल अदालत** : एक मुख्य न्यायाधीश र २९ अन्य न्यायाधीश, जिल्ला अदालतको जस्तै यसको अधिकार छ तर तोकिएको शहरी क्षेत्रको मात्र। नेपालमा ७५३ स्थानीय पालिकाका न्यायिक समितिहरूले पनि कानूनले तोकेका केही मुद्दा सुनवाई गरी निरूपण गर्ने र केहीमा मेलमिलाप गराउन सक्ने कानूनी व्यवस्था रहेको छ। न्यायिक समितिमा पालिकाका उप-प्रमुख पदेन संयोजक र अन्य दुई जना सदस्यहरू निर्वाचित हुन्छन्। निर्वाचित व्यक्तिहरूले कानूनले तोकेका विषयको निरूपण गर्ने र मेलमिलाप गराउने कानूनी व्यवस्था छ।

५, **हाउजिङ्ग अदालतः** एक मुख्य न्यायाधीश र नौ जना अन्य न्यायाधीश रहन्छन्। सो क्षेत्रका निवासीको सम्पत्तिको उपयोग र अन्य मानवीय क्रियाकलाप जस्तैः स्वास्थ्य, सुरक्षा, समाजकल्याण आदि विषय निरूपण गर्ने क्षेत्राधिकार छ।

६ **जग्गासम्बन्धी अदालतः** एक मुख्य न्यायाधीश र पाँच जना अन्य न्यायाधीश, जग्गाको रजिष्ट्रेशन, जग्गाको स्वामित्वको विवाद, भूमिकर, आदि बारेमा क्षेत्राधिकार छ। नेपालमा जग्गासम्बन्धी सबै विवाद निरूपण गर्ने अधिकार जिल्ला अदालतलाई मात्र छ। जग्गाको रजिष्ट्रेशन पारित गर्ने र दर्ता एवम् अभिलेख राख्ने कार्य भने प्रत्येक जिल्लास्थित मालपोत कार्यालयले गर्छ।

७, **सुपेरियर अदालतः** एक मुख्य न्यायाधीश र ८१ जना अन्य न्यायाधीश रहन्छन्। ठूला-ठूला अपराध एवम् देवानी विषयहरू, जसमा न्यायिक सहायताको उपचार आदि पर्छन्।

८, **बालबालिकाको अपराध (जुभेनाइल) सम्बन्धी अदालतः** एक मुख्य न्यायाधीश र चालिस अन्य न्यायाधीश रहने व्यवस्था छ।

यो अदालतले सत्र वर्ष र सोभन्दा मुनिका नाबालकको देवानी र फौजदारी कसुरको विवाद निरूपण गर्छ। नाबालकको कसुर, धर्मपुत्र, संरक्षण, पैत्रिक अधिकारसम्बन्धी विषय यसको क्षेत्राधिकारमा छ। यस्ता कसुरसम्बन्धी विवाद नेपालमा जिल्ला अदालतबाट न्याय-निरूपण हुने व्यवस्था छ।

९, **इच्छापत्र एवम् परिवार सम्बन्ध** ( **प्रोवेट र फेमिली** ) **अदालतः** एक मुख्य र ५० अन्य न्यायाधीश रहन्छन्। परिवारसम्बन्धी विवादमा सम्बन्धविच्छेद, पितृत्व विवाद, बालबालिकाको संरक्षण रक्षा, जिम्मा, हेरविचार, भेटघाट, धर्मपुत्र ग्रहण, पितृत्वको समाप्ति, संरक्षणका विवाद आदि यसको क्षेत्राधिकारमा छ। इच्छापत्र, अविभावकत्व, नामपरिवर्तन आदि विषयका विवाद पनि यो अदालतबाट निरूपण हुन्छ। नेपालमा भने यस्ता विवादहरू पनि जिल्ला अदालतको क्षेत्राधिकारमा छन्।

यसका अतिरिक्त प्रशासकीय कार्यालय रहेको छ जसले अदालतको सुविधा, बजेट, मानव स्रोत, सूचना प्रविधि, शिक्षा, तालिम, योजना विकास र सुरक्षाजस्ता विषयको प्रवन्ध गर्छ। यस्ता कार्यहरू नेपालमा सर्वोच्च अदालत र नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरूबाट हुने गरी आएको छ।

बोस्टन भ्रमणको पहिलो दिन जुलाई १० मा औपचारिक कार्यक्रमको बारेमा जानकारी गराउने कार्यक्रम रहेको थियो। होटलमा बिहानको जलपानपछि संयोजक बिहान हामी बसेको स्थानमा आएर हाम्रा उत्सुकतालाई समेट्ने काम गरे। त्यहाँको सांस्कृतिक र ऐतिहासिक क्षेत्र खास गरी बोस्टनको क्याम्ब्रिज, त्यहाँका अदालतहरू, सरकार र कानूनी शिक्षा आदिका बारेमा गाडीमा बसेर परिक्रमा एवम् अवलोकन गराउँदै जानकारी गराए। दिउँसोको खानापछि मासाचुसेट्स वार एसोसिएसनद्वारा न्यायिक स्वतन्त्रता, न्यायाधीशको छनौट, कानूनी कार्यवाही, भ्रष्टाचार नियन्त्रण, वारको सक्रिय भूमिकाजस्ता विषयमा जानकारी गराए। त्यस्तै अदालत व्यवस्थापन, प्रशासन, मुद्दाको व्यवस्थापन, समयको व्यवस्थापन, अदालत सम्बन्धित मुद्दाको मेलमिलाप प्रक्रिया, शुरू, उच्च एवम् सर्वोच्च अदालतको न्यायिक आचरण र अनुशासन, न्यायिक तालिम र सङ्गठनजस्ता विषयमा परिचित गराउने काम भयो। बेलुकी चाइनाटाउनमा रात्रिको खाना खाइयो।

दोस्रो दिन ११ तारिख बिहानको जलपान गरेर सेसन अदालतमा सुरक्षा जाँच पार गर्दै प्रवेश गरियो। त्यहाँ सानातिना फौजदारी अपराधको कार्यवाही, प्रक्रिया, पक्ष-विपक्षका वकीलको बहस अवलोकन गरियो। हामी त्यहाँ बस्दा बस्दै ३० थान जति टुङ्गिएका थिए। वकील भएको मुद्दामा पनि एउटा पक्षलाई दश मिनेटभन्दा बढी समय उपलब्ध हुँदैन। बिहानको खाना न्यायाधीशहरूसँग छलफल गर्दै खाइयो। त्यसपछि अदालतको क्लर्कको कार्यालयमा अदालतको कार्यवाहीमा आधुनिक प्रविधिको प्रयोग र अरू व्यवस्थापकीय विषयमा छलफल गरियो। बेलुकीपख चार्ल्स नदीमा मोटरबोटबाट यात्रा गर्दै दृश्यावलोकन गरियो र आरामसँग त्यहाँका ठूलाठूला मल हेरियो।

तेस्रो १२ तारिखको दिन होटलमा बिहानको जलपान गरेर दिनको कार्य शुभारम्भ गरियो। गाडीद्वारा मिडिल सेक्स काउन्टी कोर्ट बिल्डिङमा पुगेर सुरक्षा जाँच पार गर्दै सिभिल कोर्ट न्यायाधीशसँग भेट गरियो। त्यहाँ देवानी विषयका मुद्दाहरू, प्रशासकीय एजेन्सीहरूको रुलिङको विषयमा पुनरावलोकन, क्षतिपूर्ति र इक्यूटीजस्ता विषयको सुनवाई, छलफल अवलोकन गरियो। कार्यरत न्यायाधीश, अदालतका सहयोगी, कानून-व्यवसायीसँग उनीहरूको जिम्मेवारीको विषयमा छलफल गरियो। दिवा-भोजनपछि न्यायाधीश पेट्रिक किडसँग शुरू र उच्च अदालतले पठाएका मुद्दाको मेलमिलापसम्बन्धमा छलफल गरियो। त्यही भवनमा रहेको कारागार हेरियो। बेलुका बोस्टनको पुरानो सी फुड रेष्टुराँमा रातको खाना खाइयो।

चौथो १३ तारिखको दिन पनि साविकबमोजिम बिहानको जलपानपछि मिडिलसेक्स काउन्टी कोर्ट भवनमा सुरक्षा जाँच पार गर्दै प्रोवेट र पारिवारिक अदालतको कार्यवाही अवलोकन गरियो। त्यो अदालतमा सम्बन्धविच्छेद, नाबालकहरूको पालन-पोषण र संरक्षण, धर्मपुत्र ग्रहण, इच्छापत्रजस्ता मुद्दाहरूको बारेमा सुनवाई र निर्णय हुने गरेको पाइयो। त्यहाँका न्यायाधीश, अदालतका सहयोगीहरू, पारिवारसँग सम्बन्धित सेवा प्रदान गर्ने अधिकृतसमेतसँग छलफल गरियो। त्यो दिन अविवाहित महिला-पुरुषसँगै बसेर सन्तान जन्माएपछि छुट्टिन खोजेका र महिला र सन्तानलाई पालन-पोषणबारेमा छलफल रहेछ। दुवै पक्षका कानून-व्यवसायीको वहस सुनेर अदालतबाट पुरुष पक्षले शिशु अठार वर्ष नपुगेसम्म पालन-पोषणबापत खर्च व्यहोर्नुपर्ने र महिलाले विवाह नगरुन्जेल जीवन गुजाराबापत पुरुषको आयअनुसार खर्च व्यहोर्नुपर्ने निर्णय तत्काल सुनाइयो। त्यस

दिन त्यो इजलासमा १०० भन्दा बढी मुद्दाको पेशी सूची थियो । इच्छापत्रसम्बन्धी कार्यालयका रजिष्ट्रार, पारिवारिक मुद्दा हेर्ने न्यायाधीश र सम्बन्धित अधिकृतसँग पारिवारिक विवादको मेलमिलापसम्बन्धमा समेत हामीले छलफल गर्‍यौं । सो दिनको कार्यक्रममा समावेश भए पनि जग्गा रजिष्ट्रेसन गर्ने प्रकृया र जग्गाको अभिलेख राख्ने पद्धतिबारे अध्ययन  र जानकारी लिन समयले भ्याइएन ।

अध्ययन भ्रमणको पाँचौं १४ तारिखका दिन पनि बालदुराचारसम्बन्धी मुद्दा हेर्ने अदालतको कार्यवाही अवलोकन गर्न गयौं । बालबालिकाले गरेका अपराधसम्बन्धी विवाद, घरबाट निस्केका बालबालिकाहरू, उनीहरूको अधिकार, बाबु-आमाको अधिकार र दायित्व आदिका बारेमा चलेका वहस हेरियो । त्यहाँका पदाधिकारीहरूसँग सम्बन्धित विषयमा छलफल गरियो । त्यहाँबाट प्रशासकीय अदालत र त्यहाँको सर्वोच्च अदालतका काम-कार्यवाही हेरियो । सर्वोच्च अदालतका प्रधानन्यायाधीश र अन्य न्यायाधीशसँग मुद्दाको बारेमा छलफल गरियो । सर्वोच्च अदालतमा जम्मा  सात जना न्यायाधीश रहने व्यवस्था रहेछ । त्यहाँ पूर्ण इजलासबाट रुलिङ कायम हुन संयुक्त इजलासबाट राय आएपछि सबै न्यायाधीशहरू बसेर छलफल गरी पहिले संयुक्त इजलासमा बस्ने न्यायाधीशहरूले आफ्नो रायको पुष्ट्याइँ गरेर सबैको सहमति भए मात्र त्यस्तो राय रुलिङको रूपमा मान्य हुने प्रचलन रहेछ ।

नेपालको सर्वोच्च अदालतमा यस्तो परिपाटी छैन ।  बेलायत वा  भारतको परिपाटी अनुसरण गरिएको पनि हुन सक्तछ । कहिलेकाँही एउटै विषयमा दुई प्रकृतिको व्याख्या आउने गरेको सर्वोच्च अदालतबाट प्रकाशित *नेपाल कानून* पत्रिकाबाट जानकारी हुने गर्छ । यस्तो स्थितिमा नागरिक समाज वा कानून-व्यवसायीबाट पनि प्रश्न उठ्ने गरेको पाइन्छ । त्यस प्रकारको निर्णयबाट प्रभावित हुनेले आफ्नो स्वर उच्च पार्छन् । यस्तो विरोधाभास आउने स्थितिको अन्त्य गर्न एउटा सकारात्मक पहलकदम गर्नु वान्छनीय नै हुन्छ । हुन त मासाचुसेट्स राज्यको सर्वोच्च अदातलको जस्तो राय कायम हुने परिपाटी बनाएमा विवाद निरूपणमा विलम्ब हुने स्थितिलाई भने अस्वीकार गर्न सकिँदैन । तथापि यस्तो  विविधताको अन्त्य भने अवश्यमेव हुनुपर्छ नै ।

मासाचुसेट्स सर्वोच्च अदालतको कार्यक्रमपछि त्यहाँको विधान भवन र पुस्तकालय हेर्‍यौं । भर्खरै मासाचुसेटस्को सर्वोच्च अदालतले समलिङ्गीहरूले आपसमा विवाह गर्न पाउने फैसला गरेको रहेछ । त्यसको धेरैले विरोध गरेको

पनि देखियो तर त्यहाँको विरोध गर्ने शैली सारै शालीन रहेछ। साना कागज वा कपडामा लेखेर पोस्टरको रूपमा फरफराउँदै सानो वायुयान उडाएर अथवा १२-१५ जना व्यक्तिले यातायातलाई असर नपारी एक ठाउँमा उभिएर एक शब्दसम्म पनि उच्चारण नगरी विरोध जनाउँदा रहेछन्। सभ्य तरिका जानेका मानिसको तरिकै सभ्य!

नेपालमा विरोधका शैली हेर्दा उनीहरूलाई कस्तो लाग्दो हो! नेपालमा विरोध गर्दा यातायात हड्ताल गर्ने, काममा जानेलाई कार्यालयको ढोकाबाट प्रवेश गर्न नदिने, कार्यालयका प्रमुखलाई कालो मोसो दल्ने, कुटपीट गर्ने, वायुयानबाट विदेश जान लागेकालाई बाटैमा घेरामा पारेर टिकट खोस्ने, समातेर घिस्याएर ल्याउने, कार्यालय कोठामा अन्नपानी बन्द गरेर थुन्ने, सुरक्षाकर्मीलाई अभद्र व्यवहार गर्ने, पसल बन्द गराउने, चन्दा आतङ्क मच्चाउने, बिरामी बोकेर आफ्नो गतिमा गइरहेको एम्बुलेन्सलाई रोक्ने, गाडी ध्वस्त बनाउने, अस्पताल गइरहेका चिकित्सक, नर्सलाई कुटपीट गर्ने, निजको गाडी वा मोटरसाइकल ध्वस्त गर्नेजस्ता विरोधका शैली हेरेर बानी परेको मजस्तालाई त्यो विरोधको प्रकृति हेर्दा विस्मयकारी लाग्नु स्वाभाविक थियो। त्यहाँको विरोधको शैली र नेपालको शैली तुलना गर्दा हामी कति सभ्य रहेछौं, हाम्रा नेताको विरोधको शैली कति सुसभ्य रहेछ भनेर दाँज्न सकिन्छ।

कार्यक्रममा हामीलाई सधैं गाडी चालक जो र उनकी छोरीले साथ दिए। गाडी चलाउने व्यक्ति पनि कानूनकै छात्र थिए। उनले पनि साथ सहयोग गरे। अदालतको कार्यक्रम सकिनासाथ ऐतिहासिक, सांस्कृतिक र पर्यटकीय स्थानको भ्रमण गराउन लैजान्थे। बिहान सात बजेदेखि बेलुकी आठ बजेसम्म व्यस्त राखेर हामीलाई त्यहाँको वस्तुस्थिति अवगत गराउन सफल रहे। उनीहरूबाट फुसर्द पाएपछि मात्र हामीहरू त्यहाँका ठूला ठूला स्टोर मल, डिपार्टमेन्टहरू घुम्न जान्थ्यौं।

अध्ययन भ्रमणको अन्तिम जुलाई १५ का दिन बेलुका कार्यक्रमका संयोजक न्यायाधीश पैट्रिक किङले उनको निवासमा दिवाभोजको आयोजना गरेका थिए। उनको निवासमा पुग्दा आफ्नो घर १०० वर्षपहिले बनेको भन्दै घर घुमाएर देखाए। नेपाली खानाले स्वागत गरे। बिदाइ कार्यक्रमको अन्त्यमा सहभागी सबैलाई अध्ययन भ्रमणको प्रमाणपत्र उपलब्ध गराए। यसरी हाम्रो बोस्टनको अध्ययन भ्रमण व्यस्त कार्यक्रमका साथ समाप्त भयो र हामी फर्किने दिन आइपुग्यो। अन्ततः १५ जुलाईका दिन दिनभर त्यहाँको स्थान विशेष घुमियो। बेलुकीपख न्यायाधीश पैट्रिक, एटर्नी जो लगायत लोगन विमानस्थलसम्म बिदा गर्न आए। विमानस्थलको

औपचारिकता पूरा गर्न सबै लागे । सुरक्षाकर्मी छेउ पुगेर हामीलाई देखाउँदै यी सबै अतिथि नेपालका न्यायाधीशहरू हुन् । हाम्रो निमन्त्रणामा आएर अध्ययन भ्रमण गरेर फर्कन लागेका हुन् भन्दै परिचय गराए । सुरक्षाकर्मीहरूले पनि आफ्नो औपचारिता पूरा गर्दै हामीसँग हात मिलाएर बिदा गरे । साथमा जाने न्यायाधीश बलराम के.सी. दम्पती छोरी भेट्न टेक्सास र न्यायाधीश पुरुषोत्तम पराजुली छोरा भेट्न न्यूयोर्क जानका लागि बिहानै त्यहाँबाट प्रस्थान गरेकाले हामी सबैसँग बिदावारी भएर सोही दिन बेलुकी लुफ्थान्साको जहाजमा चढ्यौं । त्यहाँबाट फ्र्याङ्कफोर्ट र दिल्ली हुँदै जुलाई १७को दिन बिहान काठमाडौं फर्कियौं ।

बोस्टनस्थित अदालतहरूको न्यायिक अध्ययन यात्रामा रहेको अवस्थामा त्यहाँ हामी पुगेको दोस्रो दिनमा एउटा दुर्घटनाको समाचार सञ्चारमाध्यमबाट प्रसारण भएको थियो । लोगोन विमानस्थलबाट बोस्टन आउने एउटा भूमिगत सडक रहेछ । त्यो बाटो एटलान्टिक समुद्र मुनीको केही भागमा पर्दोरहेछ । एक दम्पति लोगोन विमानस्थल जाने क्रममा त्यो भूमिगत सडकमा सिलिङ भत्केर श्रीमतीको तत्काल घटनास्थलमा मृत्यु भएको र पति गम्भीर घाइते भएर अस्पतालमा उपचार गर्नुपरेछ । त्यो समाचार प्रसारित हुनेबित्तिकै सरकारीस्तरबाट तत्काल छानवीन आयोग गठन भयो । तीन दिनमा प्रतिवेदन तयार भएर नगरपालिकाको प्रमुख, त्यहाँको इन्जिनियर, ठेकेदारसमेत दोषी ठहरिए । ठेकेदारले कमसल प्रकृतिको डण्डी राखेको ठहर भई पुनः निर्माण गर्नुपर्ने र जरिवानासमेत बुझाउनुपर्ने ठहर भयो । तत्काल मर्मत सुधारको काम पनि भयो । यी सबै काम हामी बस्दाबस्दै पूरा भए । तत्काल आयोग गठन, छानवीनको प्रतिवेदन अनि कार्यान्वयन पनि तत्काल हुनु नै त्यहाँको (अमेरिकाको) विशेषता रहेको अनुभूति भयो । त्यसैले सबैले त्यहाँ विधिको शासन चलेको मान्दछन् ।

नेपालमा भए आयोग गठन गर्न नै महिनौं लाग्ने र काम पूरा हुन त्यतिकै समय लाग्ने गर्छ । आयोगको प्रतिवेदन कार्यान्वयन यदाकदा मात्र हुने गर्छ । प्रतिवेदनहरू पनि सार्वजनिक हुँदैनन् । आजसम्म कुन आयोगको प्रतिवेदन सार्वजनिक र पूर्णतः कार्यान्वयन भएको छ र ? आयोग तत्कालको समस्या टार्न मात्र गठन हुन्छ । यो पङ्क्तिकारले पाँच छानवीन आयोगको अध्यक्ष भएर तोकिएको जिम्मेवारीअनुसार विषयवस्तुको गहिराइमा पुगी छानवीन गरेर दोषी पत्ता लगाई कसुरदारहरूलाई कानूनबमोजिम अदालतमा पेश गर्न प्रतिवेदन सरकारलाई बुझाएको थियो तर न त कुनै प्रतिवेदन सार्वजनिक भए न कार्यान्वयन नै । यसले कसुरदार बरू प्रोत्साहित भए ।

एउटा फरक प्रसङ्ग उल्लेख गर्नु आवश्यक ठानेको छु। हामी त्यहाँ बसेको समयमा नै सञ्चारमाध्यमबाट होटल र रेष्टुराँ या खाद्यवस्तु बिक्री हुने पसलबाट उपलब्ध हुने भोजनमा बढी कार्बोहाइड्रेड र पौष्टिक तत्त्व (क्यालोरी) भएका कारणले अधिकाङ्श अमेरिकी नागरिकमा मधुमेह, मुटुरोग र मोटोपनामा बृद्धि भएको हो भन्ने समाचार प्रसारित भएको थियो। त्यसको लगत्तै त्यहाँको स्वास्थ्य सेवा विभाग र नगरपालिकाले सार्वजनिक सूचना प्रकाशन गरेर होटल वा रेष्टुराँ वा अन्य स्थानमा बनाइने भोजनमा चिनी, कार्बोहाइड, तेल वा घिउ, मसलाजस्ता सामानको परिमाण तोकेर सूचना प्रसारित गर्नुका साथै चक्लेटजस्ता बढी चिनी या पौष्टिक पदार्थ सम्मीश्रण भएका वस्तु कम प्रयोग गर्न सूचना प्रसारित गरियो। अर्को साँझदेखि तदनुसार भोजनालयहरूमा भोजन बनाउन शुरू भएको सूचना पनि पत्रिकामा प्रकाशन भयो। नगरपालिकाबाट बराबर छानवीन र परीक्षण गर्ने टोली पनि आउने सूचना प्रसारित भयो। जनस्वास्थ्यप्रति सरकार, नगरपालिका वा भोजनालयहरूको चिन्ता र चासो देखेर हामी साह्रै प्रभावित भएका थियौं। तत्काल यस प्रकारको आदेश पालन गर्ने प्रवृत्तिले गर्दा नै त्यहाँका सबैको स्वास्थ्य संरक्षण गर्न र सर्वसाधारणमा अनुशासन कायम गर्न सकिएको रहेछ भन्ने मलाई अनुभूति भयो । यस्तो तदारुकता नेपालमा कहिले होला र !

वि. सं. २०६३ साल असारमा बोस्टन गएको समयमा त्यहाँको सर्वोच्च अदालतबाट समलिङ्गी जोडीले विवाह गर्न पाउने गरी फैसला भएको अत्यधिक चर्चामा थियो। अमेरिकाका अन्य राज्यका केही सर्वोच्च अदालतहरूले पनि विवाह गर्न पाउने र केहीले नपाउने फैसला भएपछि अमेरिकाको फेडरल सर्वोच्च अदालतमा यो विवादले प्रवेश पाएको रहेछ। म सेवानिवृत्त भएको केही अवधिपछि प्रकाशित समाचारमा जनाएअनुसार सो अदालतमा रायबाझी भएर बहुमतले समलिङ्गी जोडीले विवाह गर्न पाउने गरी फैसला भएछ। ठहर फैसलामा जनइच्छा नै सर्वोपरि हुने हुनाले जनइच्छामा आधारित भएको जनाएको थियो।

त्यहाँको अदालतको व्यवस्थापन अध्ययन गर्दा के पाइयो भने अदालतको आदेश तत्काल कार्यान्वयन हुँदोरहेछ। आदेश हुनासाथै दण्ड जरिवाना तिर्ने बुझाउने र अन्य तिरोभरो गर्नुपर्नेमा तत्काल तिरोभरो गर्नुपर्ने रहेछ। तत्काल प्राप्त गर्नेको बैङ्कको खाता नम्बर उपलब्ध गराएपछि सो खातामा बुझाउने पक्षले जम्मा गर्नुपर्ने रहेछ। अदालतको आदेश पनि पक्षले तत्कालै पाउने रहेछन्। न्यायाधीशबाट फैसला हुनेबित्तिकै संक्षेपमा फैसलाको प्रतिलिपि उपलब्ध गराइँदो रहेछ। यसबाट दण्ड जरिवाना तत्काल तिर्नुपर्ने वा विगो भर्नु/भराउनुपर्ने काम पनि तत्कालै हुने

रहेछ। समय दिएकोमा पनि निर्धारित समयभित्र सम्बन्धित व्यक्तिले दाखिला गर्दा रहेछन्। नगरे थप तिर्नुपर्ने र अदालतको अवहेलनामा सजायको भागीदार हुनुपर्ने हुनाले समयमा नै काम हुँदोरहेछ।

नेपालमा भने यसको ठीक उल्टो छ। जरिवाना लागेको मानिस अदालतबाट आँखा छलेर निस्कन्छ। कैद लागेको मानिसलाई अदालतबाटै अरूले भगाउँछन् वा आफैँ भाग्छन्। अदालतको दण्ड-जरिवानाको अभिलेख अरबौँ रुपियाको रकममा पुगेको हुन्छ। अदालतबाट जफत भएका घर-जग्गाजस्ता सम्पत्ति कसूरदारले नै उपभोग गरेका हुन्छन्। चलवस्तु त्यसै थन्किएर नोक्सानमा जान्छन्। अदालतकै कर्मचारीको बलमा नगन्य मात्रामा असुली हुन्छ तर कसूरदार छाती फर्काएर घुमिरहेको हुन्छ। अदालतको वारेन्ट पूर्जी जारी भएका व्यक्ति खुलेआम सार्वजनिक कार्यक्रममा सहभागी हुन्छन् तर अदालतमा उपस्थित हुँदैनन्। प्रहरीले पक्रन सक्तैनन्। राजनीतिक दलहरूले अपराधीहरूको खुलेआम संरक्षण गर्ने गरेको भन्ने सञ्चारमाध्यमले सार्वजनिक गर्ने गर्छन् तर सम्बन्धित दलविशेषले खण्डन गर्ने गरेको पाइँदैन। त्यस्तै कसूरदारलाई पनि दण्ड-सजायको माफी दिने संवैधानिक अधिकारको व्यापक दुरुपयोग भइरहेको भन्ने पनि समाचार प्रकाशित हुन्छन् तर राजनीतिक दल विशेष मौन रहन्छन्।

यौन-हिंसामा पीडितलाई पीडकबाट क्षतिपूर्ति वापत् केही रकम भराइदिने फैसला भएकोमा पनि पीडितले सो रकम प्राप्त गर्न सक्तैनन्। त्यस्तै बलात्कारबाट पीडितलाई पीडकको अंशबाट जग्गा उपलब्ध गराउने गरी भएको फैसला कार्यान्वयन हुँदैनन्। आरोपपत्रमा नै पीडकको अंश कति हो भन्ने व्यहोरा खुलाइएको पाइँदैन।

त्यस्तै अदालतबाट वारेन्ट जारी भएका बहालबाला अधिकृतलाई अदालतमा उपस्थित नगराउने अडान विभागीय मन्त्रीकै तर्फबाट जारी भएको पनि यदाकदा देखिन थाल्यो। जिल्लाको प्रमुख पदाधिकारी प्रमुख जिल्ला अधिकारीलाई सरकारकै मन्त्रीले कुटपीट गर्छन् तर सरकार प्रमुख ढाकछोप गरेर बस्छन्। जिल्लामा सरकारको मुख्य प्रतिनिधिको रूपमा कार्यरत जिल्ला प्रमुखलाई कुटपीट गर्नु भनेको सरकार प्रमुखलाई नै प्रताडना गरेको सम्झनुपर्नेमा त्यतिसम्म पनि सोच नपुगेको देख्ता हामी नेपालीको सोचको स्तर कस्तो रहेछ ? सहजै अनुमान गर्न सकिन्छ। सेवामा रहँदा यस्ता घटना प्रत्यक्ष देखेर अचम्मित भएको थिएँ।

विदेशीहरू यस्तो देख्दा अचम्म नै मान्दा हुन्। कानूनको पालना निमुखाले मात्र गर्ने, शक्तिशालीले नगर्ने, "सानालाई ऐन ठूलालाई चैन" भनेको यस्तै रहेछ।

सार्वजनिक सेवामा कार्यरत व्यक्तिले नै कानून पालन नगर्ने भएपछि सर्वसाधारणले कसरी गर्ने ? यी र यस्ता प्रश्न रहेसम्म अदालतको आदेश कसरी कार्यान्वयन हुन्छ ? हामी नव-राणाशासन कायम गर्न त लागेका छैनौं !

अमेरिकामा देवानी दायित्वको विषयमा तत्काल तिर्नु, भर्नुपर्ने व्यवस्था प्रभावकारी रहेछ। पत्नीलाई भरणवृत्ति दिनुपर्दा उसले प्रतिमहिना यो मितिमा बुझाउँछु भनेर कागज गरेर गएपछि त्यो मितिमा बैङ्कको खातामा हालेर बुझाउनै पर्छ। नबुझाएमा अदालत अवहेलनामा जरिवानासमेत हुने व्यवस्था रहेछ। विगो तिर्नुपर्ने कुरामा पनि अदालतबाट फैसला भएपछि तोकिएको मितिमा नबुझाए अदालतको अवहेलनामा सजायको भागी हुने व्यवस्था रहेछ। यसरी तत्काल उपचार पाइने भएकाले त्यहाँको न्यायप्रणाली प्रभावकारी र विश्वसनीय मानिएको छ तर नेपालमा अदालतको अन्तिम फैसलापछि अंश छुट्याउने, माना चामल भराउने, विगो तिर्नुपर्ने, जग्गा चलन चलाउने, साँध सिमाना छुट्याउने, जफत भएको सम्पत्ति सरकारको खाता वा नाउँमा तत्काल ल्याउनुपर्नेमा विलम्ब गर्ने, नल्याउने र कसुरदारले पनि मुद्दा अन्तिम किनारा भइसकेपछि पनि पुनः अरू छिद्र खोजेर अड्काउने र मुद्दा थप्ने प्रवृत्ति मौलाउँदो छ। जिल्ला अदालतको तहसिल फाँट पुनः मुद्दा जगाउने स्थानमा रूपान्तरित हुने प्रकृत्तिको हुन लागेको जस्तो लाग्छ।

हामीले अमेरिकाको बोस्टनस्थित अदालतहरूको स्थिति अध्ययन गरेर आएपछि एउटा प्रतिवेदन तयार पारेर सर्वोच्च अदालतमा प्रस्तुत गर्‍यौं। मौखिक रूपमा प्रधानन्यायाधीश र पछि प्रधानन्यायाधीश हुने क्रमका वरिष्ठ न्यायाधीशलाई पनि सारभूत कानूनमा असर नपर्ने गरी फैसला कार्यान्वयन सम्वन्धमा जिल्ला अदालत नियमावलीमा व्यवस्था गरौं। यसले कार्यान्वयनमा गति लिने र मुद्दा माथि मुद्दा थप्ने र मुद्दामा खेल्ने प्रवृत्ति रोकिन्छ, अर्कोतिर दण्ड-जरिवाना असूली चाँडो हुन्छ। फैसलाबाट पाउने प्रतिफल पीडित पक्षले चाँडै पाउँछ। यसले अदालतप्रति जनआस्थामा अभिवृद्धि हुन्छ भन्ने कुरा सर्वोच्च आदलतमा राखेका थियौं तर हाम्रो भनाइ सार्थक रूपमा कार्यान्वयन भएन। हामीले अध्ययन गरेका कुरालाई आवश्यकतानुसार थप अध्ययन गरी अवस्थानुसार व्यवहारमा उतार्न सकेको भए पनि यसतर्फ केही सुधार हुने हाम्रो बुझाइ थियो। हेर्रौं भविष्यमा के-कस्तो व्यवस्था सुधार गरिन्छ !

हुनत नयाँ कुराको थालनीमा समाजबाट अवश्य केही प्रतिक्रिया आउँछ। यथास्थितिमा बसेमा कुनै प्रतिक्रिया आउँदैन। यो मानसिकता नेपालको अदालतमा

छ। अदालतको नेतृत्वकर्ताले सुधारका लक्ष्य लिएर अगाडि बढेमा सबैले साथ दिन्छन्। मुख्य नेतृत्वले गतिलो आँट गरेर अघि बढ्न सक्नुपर्छ अनि मात्र सुधार हुन्छ।

सर्वोच्च अदालतका प्रधानन्यायाधीश एवम् वरिष्ठ न्यायाधीश न्यायिक अध्ययन भ्रमणमा बर्सेनी विदेश जाने गरेको पाइन्छ। अध्ययन भ्रमणबाट फर्किएपछि त्यहाँ आफूले अध्ययन गरेका विषयहरू, सर्वसाधारणको न्यायमा पहुँच, स्तरीय सेवा, निर्णय कार्यान्वयन, सर्वोच्च अदालतका निर्णयहरूको नजीर व्यवस्थापन, अदालतमा कार्यरत न्यायकर्मी र सहायक सहयोगीहरूले प्राप्त सुविधालगायतका विषयका बारेमा आफूले हासिल गरेका जानकारी सहकर्मीबीचमा बाँड्ने गरेको पाइँदैन। अध्ययनबाट प्राप्त जानकारी नेपालमा उपयुक्त हुने भए विज्ञबाट थप अध्ययन गराउने वा सुझाव लिने गरेको पनि पाइँदैन। यसो भएमा मात्र यस प्रकारका भ्रमण उपयोगी र फलदायी हुने विषयमा विमति पनि रहँदैन। यो पङ्क्तिकारले सेवा अवधिमा प्रधानन्यायाधीश वा वरिष्ठ न्यायाधीशले अध्ययन भ्रमण गरेर आएपछि त्यसको अध्ययन प्रतिवेदन अदालतमा पेश गर्ने गरेको पाइँदैन, नत सबै न्यायाधीशसँग छलफल नै गरेको पाइन्छ । विकसित मुलुकले गरेका राम्रा कुरालाई लिन नसक्दा वा सुधारका राम्रा पक्षलाई आत्मसात् नगर्दा यस्ता भ्रमण आत्मिक सुख र शयरबाहेक अरू के हुन सक्ला र ? राम्रा पक्षलाई ग्रहण गरेर कार्यान्वयन भएमा सबैको न्यायमा पहुँच पुग्छ। अन्यथा सञ्चित रकमबाट या विदेशी मुलुकले दिएको अनुदान खर्च गरेर विदेश भ्रमण गर्नुको औचित्य कसरी सिद्ध गर्न सकिएला र ?

## पारिवारिक अमेरिका यात्रा

वि.सं.२०६४ साल पौषमा नै कान्छो छोरा शशाङ्कले उसको कम्प्युटर सफ्टवेयर विषयको स्नातकोत्तर परीक्षाको प्रमाणपत्र प्राप्त गर्ने सुशोभन समारोहमा हामीलाई अमेरिकाको टेक्सास डलासमा आउन आग्रह गरेको थियो। डलास विश्वविद्यालय टेक्सासबाट निमन्त्रणापत्र पनि प्राप्त भएको थियो। हामी दम्पतीको पाँच वर्ष बराबर अमेरिका जाने आउने यात्रा अनुमति (भिसा) अमेरिकी दूतावासबाट प्राप्त थियो तर सोही साल माघ महिनाको तेस्रो साता सर्वोच्च अदालतको सेवाबाट मेरो उमेरको हदले सेवानिवृत्त हुने सूचना न्याय-परिषद्ले दिएको हुनाले अल्प अवधिको लागि भ्रमण गर्न उपयुक्त भएन। जान सकिएन ।

सेवानिवृत्त भएपछि नेपालमा मेरो खासै सार्वजनिक जिम्मेवारी थिएन। पारिवारिक दायित्व पनि ठूलो छोरा डा. सञ्जीवले धान्ने भएकाले हामी दम्पतीलाई अमेरिका भ्रमणमा जान बाधा थिएन। आउछौं भनेर धेरै पटक शशाङ्कलाई आश्वासन पनि दिएका थियौं। यसैबीचमा उसले विवाह गर्ने मनसाय राख्यो। त्यो बेलामा ऊ पनि टेक्सासमा ए.टी. एण्ड टी. मोवाइल कम्पनीमा एक वर्ष कम्प्युटर सफ्टवेयरको सल्लाहकारको रूपमा सेवा गरेपछि छाडेर टेनेसी राज्यको महम्फिसमा फेडेक्स कम्पनीमा कार्यरत थियो। मैले एक पटक सर्वोच्च अदालतको न्यायाधीशको हैसियतमा अमेरिकाको मासाचुसेट्स राज्यका अदालतको अध्ययन भ्रमण गरिसकेको थिएँ तर पश्चिमी राज्यहरूको भ्रमण गर्ने अवसर पाएको थिएन। कल्पनाले अमेरिका भ्रमण गर्ने अवसर नै पाएकी थिइनन्। शशाङ्कले विवाह गर्ने मनसाय व्यक्त गरेको र क्यालिफोर्नियाको डेभिसमा बसी आफ्नै व्यवसाय गरी आएका साविक सङ्खुवासभा मादीका दुर्गाप्रसाद दाहालकी कान्छी छोरी स्नेहा दाहाललाई उसले मन पराएको थियो। दुर्गा परिवारबाट पनि उसलाई मन पराएर जोड गरेकाले उसको रुचि र इच्छालाई हामीले मञ्जुरी जनायौं। अनि विवाह गर्ने सहमति बन्यो।

छोरा-छोरीको विवाह गरिदिनु आमाबाबुको कर्तव्य हो। त्यो कर्तव्य पूरा गरेपछि नै इहलोक र परलोकको बाटो खुला हुन्छ भन्ने पूर्वीय शास्त्रको मान्यता रहिआएको छ। शास्त्रीय आधारमा व्यवहार गर्नु एउटा पक्ष हो तर व्यावहारिक कार्य गरेर निश्चिन्त हुनु पनि सांसारिक बन्धनबाट मुक्ति प्राप्त गर्नु नै त हो। आफ्ना सन्ततिको अध्ययन, स्वावलम्बन, समृद्धि, समुन्नतिका लागि माता-पिता सदैव चिन्तित हुन्छन्। सन्ततिको उन्नतिको बाटो पनि यही नै हो तर सन्तानको इच्छाविपरीत कुनै कार्य गरिदिएमा जीवनभर उनीहरूको मन या भावनामा नकारात्मक प्रभाव पर्नसक्छ। अभिभावकले यसतर्फ पनि सोच्नुपर्ने हुन्छ। त्यसैले शशाङ्कको इच्छाबमोजिम नै अमेरिकामा गएर विवाह गरिदिने निश्चय गर्‍यौं ।

हामी दम्पतीको अमेरिकाको यात्रा अनुमति (भिसा) आउने जाने भएकाले त्यसको समस्या थिएन तर विवाहमा जान इच्छुक दुवै छोरी सिर्जना र सान्त्वनाले अमेरिकाको यात्रा अनुमति (भिसा) पाउन सकेनन्। सिर्जना अमेरिकी गैरसरकारी संस्थामा १६-१७ वर्ष देखि निरन्तर कार्यरत थिइन्। संस्थाले सिफारिस पनि गरेको हो तर राजदूतावासले अनुमति दिएन। सान्त्वना लण्डनमा कार्यरत थिइन्। ज्वाइँ केशवप्रसाद पोखरेल आफ्नो कार्यव्यस्ततामा जान नपाउने भए पनि नाति रिदम र

सान्त्वनाले यात्रा अनुमतिको लागि प्रयास गर्दा पनि अनुमति प्राप्त भएन। हामी खल्लो मन लिएर अमेरिका लाग्यौं।

नेपाल आउनुभएका दुर्गा र श्रीमती कल्पना दाहाल स्वास्थ्य परीक्षणका लागि बैङ्कक जाने कार्यक्रम बनेको र त्यहाँसम्म मेरो साथमा उहाँहरूको बस्ने स्थान डेभिस जाने चैनपुर, केराबारीका थापा परिवार र नुवाकोटका परिवारहरू पनि जाने भएकाले हाम्रो साथमा लागे। हामी वि.सं. २०६६ साल भाद्रको अन्तिम २२ सेप्टेम्बर दिउँसो १:३० बजे त्रिभुवन अन्तर्राष्टिय विमानस्थलबाट थाई एयरलाइन्सको विमान ३२० बाट प्रस्थान गर्‍यौं। हामीहरू काठमाडौंबाट बैङ्कक सुवर्णभूमि अन्तर्राष्ट्रिय हवाइस्थलमा उत्रियौं। काठमाडौंबाट बैङ्ककसम्म जाने थाई एयरलाइन्सको TG 320 को जहाज भएकाले त्यो जहाजको सीट केही ठूला र आरामदायी थिए। खाना राम्रो र सेवा पनि सन्तोषजनक लाग्यो। जहाजका परिचालिकाहरू अत्यन्त मिजासिला र संस्कारी थिए। त्यहाँ दुर्गाजी र कल्पना दाहाल सामेल भएपछि सबै टर्मिनल "बी" मा गयौं। त्यहाँको समय १९२० मा थाई इन्टरनेशनल TG 794 लसएन्जल्ससम्म जाने जहाज थियो। त्यो न्यारो बडी एयरबस रहेछ। सीट अलि सानो हुँदा त्यति आरामदायी थिएन। तथापि १२-१४ जना नेपाली भएकाले आत्मीयताका कुराकानी गरेर, फिल्म हेरेर रमाइलो साटासाट गर्दै समय व्यतीत भयो। दिनको उज्यालोमा जहाजको झ्यालबाट बाह्य दृश्यावली हेरियो। बराबर जहाजका परिचारिकाले उपलब्ध गराएका फलको सर्वत, जलपान र सुस्वादु खाना खाएर आफूलाई तृप्त गर्दै जहाजको यात्रालाई आनन्ददायी बनाइयो।

कल्पनाको अमेरिकाको पहिलो भ्रमण भएकाले उनमा बढी उत्साह र उमङ्ग थियो नयाँ स्थान र नौलो देश हेर्ने। म पनि चार वर्षअघि अमेरिकाकाको बोस्टनमा त्यहाँको अदालतबारे थप अध्ययन गर्न गएकाले अमेरिकाको पनि केही अनुभूति गरेकै थिएँ। पहिले अध्ययन र भ्रमणमा नै बढी समय केन्द्रित थियो। यसपाली आफ्नो रुचिमा कार्यक्रम बनेको हुनाले त्यसैअनुरूप चल्ने स्थिति थियो। त्यसै पनि छोरा शशाङ्कलाई भेट्ने उत्कट इच्छा हामी दुबैमा थियो। कान्छो छोरा तीनवर्ष अघिदेखि अमेरिका गएको टेलीफोनमा वार्तालाप भए पनि प्रत्यक्ष भेट गर्ने प्रवल आकाङ्क्षा हामीमा हुनु स्वाभाविक थियो। अझ उसको विवाह गरेर जोडी बाँधिदिने कार्य भएकाले उत्साह थपिएको थियो।

"पशुपतिनाथको यात्रा र सिद्राको व्यापार" भनेजस्तै एउटै यात्राबाट नयाँ मुलुकको भ्रमण, कान्छो छोरासँग भेट र उसको विवाह तीनकार्य एकै साथमा हुने भएकाले हामी निकै खुशी थियौं। त्यसैले यो यात्रा हाम्रा लागि उत्साह र उमङ्गको

थियो । मन खुशी भएपछि सबै तिर खुशी हुनै नै भयो । हुन पनि मध्यम परिवारका हाम्रो लागि अमेरिका गएर विवाह गरिदिने कार्य अलिक अफ्ठ्यारो नै हुन्छ । तथापि पहिलेदेखि स्थगित रहेको अमेरिकाको यात्रा, कान्छो छोरालाई भेट्ने हाम्रो तीव्र चाहना, उसको विवाह उसकै रोजी र खुशीमा हुने भएकोले हामी अत्यधिक रोमाञ्चित थियौं । उसको खुशी नै हाम्रो खुशी थियो । सन्ततिको सन्तुष्टिका लागि माता-पिताले सबै कुरा उत्सर्ग गर्छन् । सन्ततिको उन्नति र खुशी मात्र चाहना राख्छन् ।

२२ सेप्टेम्बर २००९ बेलुकी अमेरीकी समय ९:२५मा लसएन्जलसमा उत्रियौं । विमानस्थलको औपचारिकता पूरा गरेर हाम्रा सामान विमानस्थलमा जिम्मा लगाएर विमानस्थल नजिकैको होटलमा गई आराम गऱ्यौ । भोलिपल्ट २३ तारिखको दिन बिहान ८ बजे युनाइटेड एक्सप्रेसको विमानबाट सेक्रामान्टो जान चेकजाँचमा प्रवेश गरियो । अरू स्थानमा हामीलाई जाँच गर्दै बिदा गर्थ्यो तर त्यहाँ कल्पनाको झोला दोहोऱ्याएर सुरक्षाकर्मी महिलाले जाँच्न थालिन् । अन्त्यमा सबै खोलेर हेरेपछि विवाहका लागि लगेको तिलहरी ओल्टाइ-पल्टाई गरेर "यो के हो ?" भन्ने प्रश्न गरिन् । मैले– "हामी छोराको विवाहका लागि जान लागेका हौं । विवाहको कार्ड पनि यो हो । हिन्दू विधिअनुसार यो तिलहरी पोतेसहितको आभूषण विवाहको मुख्य वस्तु हो । विवाहमा बेहुलाले बेहुलीलाई लगाइदिएपछि मात्र विवाह पूरा हुन्छ, तपाईंहरूको विवाहमा औंठी साटासाट गरेजस्तै । यसभित्र अरू कुनै निषेधित वस्तु हुँदैन, छैन" भने पछि जाँचकी महिलाले खुशी भएर शुभेच्छा व्यक्त गर्दै "मैले यस्तो देखेकी थिइनँ । मलाई थाहा छैन तपाईंहरूको विधि । म धेरै दुखी छु अन्यथा नलिनुहोला, शुभेच्छा छ" भनी जिम्मा दिइन् ।

हामी जहाजभित्र प्रवेश गऱ्यौं । आन्तरिक विमानमा चिया, कफीजस्ता पेय पदार्थबाहेक अन्य खाद्यपदार्थ जहाजभित्र उपलब्ध नहुने भएकाले त्यही खाएर व्यतीत गऱ्यौं । दुई घण्टाको यात्रा आरामदायी रह्यो । जहाज सेक्रामेन्टो अवतरण भएपछि आफ्ना समान बुझेर लियौं तर दुर्गाजीको एउटा स्टिलको बाकस आएन । उहाँले सिकायत गरेर आफ्नो ठेगाना दिनुभयो । केही दिनपछि घरैमा पुऱ्याइदियो भन्नुहुन्थ्यो ।

हामी बस्ने व्यवस्था गरिएको कक्षमा दुर्गा दम्पतीले हाम्रो लागि सबै आवश्यक सामान वस्तु तयार गरेर राख्ने व्यवस्था गर्नुभएको रहेछ । हामी त्यहाँ आफ्नो घरजस्तै आराम साथ बस्यौं । शशाङ्क मेम्फिसबाट आउन अझै केही दिन

बाँकी थियो । उसको अनुपस्थितिमा हामीले तयार गर्नुपर्ने सरसामान तयार गर्‍यौं । हाम्री भान्जी विन्दु, ज्वाइँ हरिहर दाहाल सपरिवार उडल्याण्डमा बस्नुहुन्थ्यो । डेभिस र उडल्याण्ड गाडी कारबाट २० मिनटको दूरीमा भएकाले हामीलाई सरल र सहज भयो । विन्दु भान्जीका साथीहरूले आवश्यक सामान जुटाउन र तयार गर्नमा सक्रिय भूमिका निर्वाह गरे । उनीहरूले हामीलाई धेरै मद्दत गरे । नाति अनुपले फोटो खिच्ने काममा अग्रसरता लिएका थिए ।

अमेरिकामा सबै आ-आफ्नो काममा व्यस्त हुन्छन् । समय निकालेर यस्तो काम गर्न सम्भव पनि हुँदैन । तथापि परदेशमा बस्ने आत्मीयले गर्ने सहयोग र सेवा अनुकरणीय हुँदोरहेछ । परदेशमा आत्मीयप्रतिको स्नेहभाव ग्रीष्म ऋतुमा हिमालबाट झरेको शीतल झर्नाजस्तो आह्लादकारी हुँदोरहेछ अनि बन्दोरहेछ अविस्मरणीय । यहाँ पनि त्यस्तै रह्यो । उता दुर्गा दाहाल दम्पती र उहाँका परिवारले पनि उपस्थित भएर हामीलाई आवश्यक साधन आपूर्ति सहज बनाएर स्नेहभाव दर्शाइरहनुभयो । शशाङ्क आउने दिन समयमै दुर्गाजी आएर हामीलाई सेक्रामान्टो विमानस्थलमा लिएर जानुभयो र शशाङ्कलाई लिएर हामी फर्कियौं । शशाङ्क आएपछि स्नेहा पनि शिष्टाचारका लागि हामीलाई भेट्न आइन् । शशाङ्क, स्नेहा, सुनील (दुर्गापुत्र कान्छो) पनि हामीसँग समान खरीद गर्न डिपार्टमेन्टल स्टोर मेसीमा गएर खरिददारी गरेका थियौं । सदैव अध्ययनमा मात्र होइन आफ्नो लक्षप्रति एकलव्य भएर लाग्ने परिश्रमी र दूरदृष्टि राख्ने शशाङ्कको सानै उमेरमा नै अमेरिका गएर आफ्ना माता-पिताको स्नेहमा हुर्किएकी स्नातक स्नेहासँग विवाह रचाउन पाउँदा हामीलाई पनि खुशी र सन्तोष लागेको थियो ।

वि.सं.२०६६ सालको बडादर्शैं टीकाको दिन विवाह गर्ने कार्यक्रम तय भएअनुसार हामी त्यहाँ भएका इष्टमित्र सहित जन्ती लिएर कन्यापक्षको निवासमा पुग्यौं । त्यहाँ हामीसँगै अमेरिका गएका नुवाकोटका पण्डितले हिन्दू विधिअनुसार नै विवाह सम्पन्न गराए । रीतिस्थितिबमोजिम शशाङ्क स्नेहालाई बेहुला-बेहुलीको रूपमा दुर्गा, श्रीमती कल्पना र परिवारले बिदा गरेपछि हाम्रो अस्थायी बासमा स्नेहालाई बेहुलीको रूपमा भित्र्यायौं । घरमा भित्र्याएपछि गर्नुपर्ने विधि पूरा गरेर सोही साँझमा आयोजित रात्रिभोजमा सामेल भइयो । अधिकाङ्श नेपालीहरू सम्मिलित भोज रमाइलो र आल्हादकारी थियो । विवाहको दुई दिनपछि हाम्रो वासिङ्गटन भर्जिनियातर्फ भ्रमण कार्यक्रम थियो । त्यहाँ बसेका दिनमा पनि हामी त्यहाँको दर्शनीयस्थल, प्रशासनिक भवन, गभर्नरको कार्यालयजस्ता स्थानमा घुम्न

गर्यौं भने अर्को दिन दुर्गा, श्रीमती कल्पना दाहाल र हामीहरू शशाङ्क, स्नेहासमेत सान्फ्रान्सिस्को भ्रमण गर्न गइयो ।

सान्फ्रासिस्को एक प्रकार नेपालको पोखराजस्तो हरियाली जलाशययुक्त रमाइलो स्थान रहेछ । प्रशान्त महासागरको भङ्गालोको नीलो पानीले आकर्षक र सुन्दर पर्यटकीय क्षेत्र बनेको त्यस क्षेत्रले सबैलाई आकर्षण गर्दो रहेछ । एक स्थानबाट अर्को भागमा पार गर्ने पूल गोल्डेन गेट पुल हेर्‍यौं । यो पुलमा golden bridge लगाएको फलाम मात्र जोडने हो भने पृथिवीको वरिपरि बेर्न पुग्छ भन्थे हामीसँग गएका सहयात्रीहरू । पुलपारि गएर सानो यन्त्र सञ्चालित सानो पानीजहाजबाट सागरमा शयर गरियो । अनुपम आनन्द प्राप्त भयो । त्यहाँको वातावरण, ठूला चौडा बाटा, हरियाली, फूलबारी, सफा सुग्घर स्थान, बाटो पार गर्ने निश्चित जेब्राक्रसिङ स्थान र बाटो वारपार गर्न अनुमति दिने यन्त्रलगायत विशेषताले पर्यटक, पैदलयात्री सबैलाई सुरक्षित र भ्रमणमा सहज बनाएको अनुभूति भयो । परैबाट वर्कले विश्वविद्यालयको परिसर अवलोकन गरियो । शिक्षाको लागि विशेष स्थान ओगटेको वर्कले विश्वविद्यालयमा अध्ययन गर्न पाउने छात्रछात्रा साच्चिकै भाग्यमानी हुन् । जीवनोपयोगी शिक्षा प्रदान गर्ने त्यो सरस्वती मन्दिर हेर्न जान अनुकूल परेन । यहाँ अध्ययन गरेर उच्च शिक्षा प्राप्त गर्नेले अवश्यमेव भविष्यमा आफ्नो मुलुकको भाग्यरेखा कोर्न सफल हुन्छन् भन्ने मनमा लाग्यो । त्यस्तो गरिमा बोकेको शिक्षालयमा अध्ययन गर्ने चाहना परिपूर्ति गर्न आफूले नसके पनि शशाङ्कले आफ्नो सामर्थ्यअनुसार अमेरिकामा शिक्षा लिन सकेकोमा हामीलाई केही गौरवको अनुभूति भने भयो ।

अक्टोबर १०, २००९ बिहान ०६ .१५ को वासिङ्गटनको लागि हाम्रो टिकट शशाङ्कले पहिले नै आरक्षण गरेको थियो । डेभिस बसेर हेर्ने घुम्ने समय हामीलाई पर्याप्त थिएन । दर्शनीय स्थान हेर्ने प्रवल इच्छा भए पनि भबिष्यलाई थाति राखी फर्किनु आवश्यक थियो । अर्को दिन बिहानै शशाङ्क र स्नेहाले हामीलाई सेक्रामेन्टो विमान स्थलमा पुऱ्याएर बिदा गरे । भर्खरै जोडी बाँधिएका आफ्ना मुटुका स्पन्दन शशाङ्क र स्नेहासँग तीन दिन पनि बस्न नपाई हामी थप यात्राका लागि निस्किर्यौं । मनमा पीडाको भारी गह्रुँगोसँग बोकेर बाहिर भने उनीहरूसँग हाँस्तै प्रस्थान गर्‍यौं ।

# भर्जिनिया, वासिङ्गटन डि.सी. र न्यूयोर्क

सेक्रामान्टोबाट २ अक्टोबर २००९ मा बिहान ०६:१५ बजे अमेरिकन वायुयान चढेर सोही दिन बिहान ०८:०४ बजे फिनिक्समा ओर्लिइ बिहान ०८:५० बजे त्यहाँबाट अर्को अमेरिकन वायुयान चढेर बेलुकी ०४:१५ बजे वासिङ्गटन डलास अन्तर्राष्ट्रिय विमानस्थल डिसीमा उत्रियौं । जहाजमा हल्का पेयपदार्थ मात्र उपलब्ध हुन्थ्यो । अरू खाद्य पदार्थ भने किन्नुपर्थ्यो तर स्नेहा र शशाङ्कले हामीलाई खानेकुरा हालिदिएकाले सजिलो भयो । वासिङ्गटनमा उत्रिएर आफ्ना सामान बुझेपछि एकछिन अलमल्लमा परियो । गेटबाहिर निस्केपछि कुन मार्गबाट जाने यकीन थिएन । भतिज परशुले विमानस्थलमा छोरी सुष्मालाई पठाइदिन्छु भनेको थियो तर उनले पनि हामीलाई नदेखेको धेरै भएको थियो भने हामीले पनि बढ्दै गरेकाहरूलाई चिन्न सजिलो कहाँ थियो र ! फोन गर्ने स्थानमा गएकोमा सबै फोनहरू नचल्ने अवस्थामा रहेछन् । त्यसै वरिपरि घुमेर नियालीरहेका थियौं । त्यतिबेरै नै सुष्मा र खेम सङ्ग्रौला (गायक) नेपालीमा कुरा गर्दै गरेको देखें । मैले उनीहरूलाई सोधें । उनीहरू पनि हामीलाई खोज्दैरहेछन् । दुवैथरी खुब हाँस्यौं । त्यहाँबाट सामान लिएर गाडी पार्क गरिएको स्थानमा गयौं र खेम बाबूले चलाएको कारबाट भतिज परशुको निवास हर्डनमा पुग्यौं । त्यहाँ अन्तरे दाजु चिन्तामणि, भाउजू, परशु, श्रीमती यशोदा, छोरी मुना र छोरा शौरभ सबैसँग भेट्ता अमेरिकामा पनि आफ्नै घरमा पुगेको अनुभूति भयो । पारिवारिक स्नेहसिक्त अनूभूति आफन्तबाहेक अन्यत्र कहाँ प्राप्त हुन्छ र !

दशैंको टीका बाँकी थियो । दाजु-भाउजूबाट आशीर्वाद र टीका थाप्यौं । अमेरिकाको राजधानीमा पुगेर दाजु-भाउजूबाट टीकासहित स्नेहपूर्वक आशिष् वचनले हौसला बढायो । परशु, यशोदा, सुष्मा, मुना र सौरभहरू काका-काकी आउने भनेर प्रफुल्लित थिए भने हामी पनि धेरै अवधिपछि दाजु-भाउजूलगायत परशु परिवारसँग भेट्न पुग्दा पुलकित थियौं । दशैंको टीका लगाएर सबैलाई स्नेह बाँडियो । विवाहका केही नेपाली कोसेली पात सेलरोटी,अनर्सा, तिलछोप र सुक्खा फलफूलद्वारा कल्पनाले रमाइलो बनाइन् । सबै भेला भएर रोमाञ्चित वार्तालाप गरियो । आफ्नो बाबुबाजेको पुख्यौंली स्थान माइदिङमा बसेको अनुभूति व्यक्त गरेर रात काटियो । बाँकी वार्ता र भ्रमणका विषयलाई अर्को दिनलाई थाँती राखियो ।

अमेरिकाको निजी भ्रमण भएकाले आफ्नै खुशीमा कार्यक्रम तय भएको थियो । अमेरिका गएर वासिङ्गटन, न्यूयोर्क जाने इच्छा थियो । बोस्टनमा जाँदा

सर्वोच्च अदालत र युएन्डीपीको कार्यक्रम भएकाले अदालतको सीमित अध्ययन भ्रमण थियो। त्यहाँ यात्रा भिसादेखि होटल, खाने वस्ने हिड्ने सबै कुराको तय आयोजकले गर्थे। अरूको खटनपटन थियो तर अहिले सबै आफ्नै हातमा छ। यसलाई बढी सार्थक र उपलब्धिमूलक बनाउन आवश्यक थियो। यसमा शशाङ्क र भतिज परशुको ठूलो हात थियो। दुवै जनाले सल्लाह गरेर कार्यक्रम तय गरेका थिए।

अर्को दिन बिहान भ्रमण तालिका बनाइयो। पहिलो शनिवारको दिन वासिङ्गटन भ्रमण गर्ने कार्यक्रम रह्यो। सबै जना गाडीमा बसेर स्टेशन गयौँ । गाडी त्यही पार्किङ गरेर रेलको टिकट लिएर भूमिगत रेल चढेर वासिङ्गटन डिसी गयौँ। त्यहाँका ठूलाठूला फराकिला सडक, सडकको दायाँबायाँका हरियाली र लगाइएका फूलहरूले सडकको शोभा बढाएका थिए। यी सडक, हरियाली र फूलको सुन्दरताले एउटा स्वप्नील शहरको भान हुन्थ्यो। पूरै शहर नै फूलबारीजस्तो। शहर हुनु त यस्तो ! जहाँ पैदल यात्रीहरू पनि निसङ्कोच हिँड्न सकुन्, कुनै रेष्टुराँमा पसेर खानु पर्दा पनि आनन्दको अनुभूति होस्। सर्वत्र सफाइ र हरियाली होस्। घुम्न वा टहलिन चोक र पदयात्राका लागि डाँडा वा अग्ला स्थान हुन् अनि थकाइ मार्न परे वा पौडी खेल्न परे नदी वा पोखरी । यहाँ सबै कुरा उपलब्ध रहेछन्। स्वर्ग-नगरीजस्तो, जहाँ प्रदूषणको कुनै चिह्न पनि छैन। हिन्दूहरूको पुराणहरूमा वर्णन गरिएको स्वर्गको बर्गैंचा अमरावतीजस्तो। यहाँका दूरदर्शी नेताले सबै कुरा उपलब्ध गराएर भविष्यका सन्ततिलाई भाग्यमानी बनाएछन्। कति दूरदर्शी राजनेताहरू ! जति हेरे पनि हेर्ने कुराहरू, घुम्ने स्थानहरू र सिक्ने कुराहरू पनि त्यति नै। "अमरावती कान्तिपुरी नगरी", भनिएको नेपालमा यस्तो विधिको संरचना तयार र निर्माण गर्ने दूरदर्शी राजनेताको कहिले जन्म होला !

छुट्टीको दिन भएकाले छात्र-छात्रारू, महिला र पुरुषहरू आ-आफ्ना मनोरञ्जनमा व्यस्त छन्। कसैलाई विश्राम गर्ने फुर्सत छैन। सरकारी कार्यालयहरू पार गर्दै वासिङ्गटन मनुमेन्ट हेर्न गयौँ। परशुले टिकट ल्याए। एक समूहमा छ जनामात्र चढ्न अनुमति दिने हुनाले पहिलो पङ्क्तिमा मसमेत छ जना अघि बढ्यौँ । विद्युत् सिँढी (लिफ्ट )बाट माथि चढियो।

त्यहाँ अमेरिकाका पूर्व राष्ट्रपतिहरू वासिङ्गटन, जेफर्सन आदिले मुलुकको लागि गरेका यशस्वी कार्यको उल्लेख रहेछ। सबैभन्दा माथि शिखरमा पुगेर हेर्दा चारैतिर हरियाली, सरकारी भवनहरू, राष्ट्रपतिको ह्वाइटहाउस, पेन्टागन, यूएस्

क्यपिटल भवनलगायत हेर्न सकिन्थ्यो । त्यहाँको दृश्यावलोकनपछि ओर्लिएर पार्क घुमियो ।

ह्वाइटहाउसको एक भाग घुमेर अघि बढेपछि अमेरिकाका वासिङ्गटनस्थित नेपाली राजदूतावासबाट कार्यवाहक राजदूत श्री कालीप्रसाद पोखरेलले नेपालका महाकवि लक्ष्मीप्रसाद देवकोटाको शताब्दी जयन्ती मनाउने कार्यक्रममा निम्ता गर्नुभएकोले राजदूतावास गयौँ । त्यहाँको समारोहमा सामेल भएर परिक्रमापछि प्रवचन कार्यमा सहभागी भइयो । बेलुकी समारोहको अन्त्यमा आयोजित जलपान कार्यक्रममा सहभागी भएर त्यहाँ बस्ने धेरै नेपालीहरू सञ्चारमाध्यमका व्यक्तिहरूसँग परिचित भयौँ । त्यहाँ सभासद श्री दीपकुमार उपाध्याय पनि सामेल थिए । बेलुकीसम्मको भ्रमण र समारोहमा सहभागी भएर साँझमा भर्जिनिया फर्कियौँ ।

अर्को दिन रविवार परे पनि भतिज परशुको बिदा थिएन । तथापि उनले न्यूयोर्क भ्रमणमा जाने कार्यक्रम बनाए । चिन्तामणि दाजु र भाउजू अघिल्लो दिनको भ्रमणले थाकेकाले जान सक्नुभएन । हामी दुई र परशु बिहान चार बजे नै उठेर गाडी लिएर भतिज लेखनाथको निवाससम्म पुग्यौँ । त्यहाँ गाडी पार्किङ गरेर लेखनाथको गाडी लिएर अमेरिकी राष्ट्रपति निवास ह्वाइटहाउस छेउमा पुगेर बसको तालिका हेर्‍यौँ । पाँच बजे त्यहाँबाट न्यूयोर्क जाने बस तयार रहेछ । तीन जनाको टिकट लिएर प्रस्थान गरिहाल्यौँ । समयले साथ दियो । लेखनाथ आफ्नो गाडीमा फर्किए । वायुयानजस्तो लामो बस आरामदायी थियो । एउटा चालक मात्र रहेको सो बसमा अन्य सञ्चालक कोही थिएनन् । चिनियाँमूलका चालक कम बोल्थे । बीचमा बसमा इन्धन आपूर्तिका लागि बस रोकिएपछि चालकले उर्दी जारी गर्थे, "केवल दश मिनेट" भनेर । त्यो दश मिनेटमा शौचालयबाट निवृत्त भएर चिया कफी वा अन्य खाने कुरा किनेर ल्याई बसमा बसेर खाने कार्य भ्याइयो । फोहोर फाल्ने प्रयोजनका लागि प्लाष्टिकका झोला प्रत्येक सीटमा राखिएको हुनाले बसमा फोहोर हुने सम्भावना थिएन । हामी पुग्नेबित्तिकै बस छुट्‌यो । बसमा बसेरै हामीले खानेकुरा र कफी खायौँ ।

ठूला-ठूला सफा एकैनाशले तनक्क तन्किएका गाडी जाने र आउने अलग अलग सडक भएकाले ठूला-ठूला बसहरू निर्बाध हुइँकिइरहेका थिए । चारैतिर हरियालीले ढाकेको हुनाले बाहिर दृश्यहरू रमाइला र आह्लादकारी थिए । लामा-लामा ठूला-ठूला सडक हामीभन्दा अगाडि लमतन्न सुतेका छन्, हामी त्यही सडकमा हुइँकिइरहेका छौँ । सडक सञ्जालले सर्वत्र सलक्कै ढाकेको छ । देखिन्छन्

सबै मानिस आ-आफ्ना काममा अविश्राम व्यस्त । आफ्ना कामबाट अन्यत्र चासो राख्न कसैलाई फुर्सद छैन । यही व्यस्ततालै नै मानिस खाहारिएको छ, उन्नति गरेका छन् । हामीकहाँ कामको मेलो पनि थाहा छैन । त्यसैले उन्नति पनि छैन । सबै गफगाफमा मै व्यस्त छन् । कति अन्तर छ हामी र उनीहरूमा ! उनीहरूको उन्नति र प्रगतिको रेखा उँभोलाग्दो छ हामीकहाँ उँधोलाग्दो छ, यही रहेछ फरक । यसैले गरिखाने युवा जनशक्ति अमेरिका, क्यानाडा, अष्ट्रेलिया, बेलायत, खाडी वा अन्यत्र पलायन हुन हुरुक्क हुँदारहेछन् । युवा उमेरका व्यक्तिलाई पनि यतै लुकेर बसेर बस्ने मन पनि कता कता आउँछ रे तर यहाँ लुकेर गैरकानूनी रूपमा बस्ने कल्पना गर्नु पनि मूर्खताबाहेक अरू के हुनसक्छ र !

सपनाको फल मीठो भए पनि खान हुँदैन, विपनाले सपना चिन्दैन । यसरी स्मृतिलोकमा बसेका कुरा खेलाउँदै थिएँ, बस हुइँकिइरहेको थियो । बस त न्यूयोर्क शहर प्रवेश गरिसकेछ । घडी हेरेको करीब दिउँसोको ११ बजेको रहेछ । ट्राफिक जाम थियो उस्तै । बल्ल न्यूयोर्क शहरभित्र बस प्रवेश गऱ्यो । शहरी क्षेत्रमा प्रवेश गरेपछि भने बसको गति साह्रै मन्द भयो, सवारी-साधनहरूको चापले । बस स्टेशन पुग्न झन्डै एक घण्टाभन्दा बढी समय लाग्यो ।

बस स्टेशनमा पुगेपछि उत्रेर एउटा टैक्सी लियौँ । त्यसमा सवार भएर सिधै स्ट्याचु अफ लिवर्टी स्वतन्त्रताको मूर्ति हेर्न गयौँ । कारबाट उत्रिएर बर्गेंचा पार गर्दै गएर तीन-तीनजनाको टिकट लिइयो । मलाई र कल्पनालाई जेष्ठनागरिकले पाउने कन्सेसन टिकट र परशुको लागि पूरा टिकट लिएर मोटरबोटतर्फ प्रवेश गऱ्यौँ ।

फ्रान्सेली जनताले उपहारस्वरूप अमेरिकालाई उक्त मूर्ति प्रदान गरेको रहेछ । यसले दुई मुलुकबीच मित्रतालाई प्रगाढ बनाएको मानिँदोरहेछ । सन् १८७६ मा मूर्तिकार फ्रेडरिक अगस्ते बार्थहोल्डिको अगुवाईमा अमेरिकामा स्वतन्त्रता घोषणा भएको खुशीयालीमा बनाइएको हो । सन् १८८६ अक्टोबर २८ मा यो मूर्ति अनावरण गरिएको रहेछ । स्वतन्त्रताको मूर्ति राखिएकाले यस टापुको नाउँ पनि स्वतन्त्रताको टापु कायम भएछ । स्वतन्त्रताको मूर्ति हेर्ने मानव-सागर उर्लेको थियो । रविवार छुट्टीको दिन भएकाले धेरै भीड हुँदोरहेछ । मोटरबोट ठूलै रहेछ । एटलान्टिक ओसनमा मोटरबोट चढेर चारैतिरको दृश्यावलोकन गरियो । एकापट्टि पानी पानी, अर्कापट्टि रूखको हरियाली र विशाल भवनहरू हेर्दै स्वतन्त्रताको मूर्ति चारैतिरबाट प्रत्यक्ष अवलोकन गऱ्यौँ ।

न्यूयोर्कका ध्वस्त जुम्ल्याहा भवनहरूलगायत त्यहाँका ऐतिहासिक वस्तुहरू दिनभर अवलोकन गरियो। अलकायदाका युद्ध-पिपासुहरूले त्यत्रा मानवीय संरचनाहरू अमेरिकासँग विचार नमिलेकै कारणले ध्वस्त पारेको देख्ता मानवले मानव हित होइन, आफ्ना स्वार्थका लागि जेजस्ता हिंस्रक काम पनि गर्न तयार हुनेरहेछन्। हुन पनि आज एशियाका पाकिस्तान, अफगानिस्तान, नेपाल, म्यानमार, खाडीका मुलुकहरू, नाइजेरिया, सुडान, पूर्व युगोस्लोभाकियालगायत मुलुकहरूको स्थिति हेर्दा मानव जाति नै आफ्नै मुलुक, आफ्नै जाति वा गोत्रविरुद्ध हिंसा प्रतिहिंसामा उत्रेको छ। यो कुनै सिद्धान्त वा वादका लागि होइन आफ्नो दलविशेषको आधिपत्य स्थापना गरेर मुलुकको प्राकृतिक स्रोत र ढुकुटी दोहन गर्ने एक मात्र उद्देश्य रहेको अनुभूति हुँदो छ।

राष्ट्र सङ्घको कार्यालय, नेपालका स्थायी प्रतिनिधिको कार्यालय घुम्यौं। दिनभर न्यूयोर्क भ्रमण गरेर बेलुकी पाँच बजे पुनः सोही बसमा चढेर वासिङ्गटन फर्कियौं। बिहानको बाटो बेलुकी फर्कने बेलामा त्यस्तो रमाइलो अनुभूति गर्ने समय रहेन। राति भएकाले सर्वत्र बिजुलीको झिलिमिली मात्र बढी अनुभूति भयो। हुन पनि नेपालमा २४ घण्टामा पन्ध्र घण्टा लोडसेडिङमा बस्ने बानी परेका हामीलाई २४सै घण्टा विजुलीको झिलिमिली देख्न पाउनु पनि एक प्रकारको रमाइलो पक्ष नै बन्दोरहेछ । जलसम्पदाको धनी भनेर डिङ हाँक्ने नेपालीले काम होइन कुराको खेती गर्न जानेको छ। यस्तो झुक्यानमा कति दिन जनताले पत्याउलान् र झुटको खेती गर्ने व्यक्ति सफल होलान्! कतै झूट नै हाम्रो मौलिक संस्कृति पो बन्ला कि!

राति १२ बजेतिर वासिङ्गटन उत्रियौं। त्यहाँबाट टैक्सी लिएर लेखनाथको आवाससम्म आएर परशुको गाडीमा बसी निवास हरण्डनमा आइपुग्यौं । यसरी एक दिने न्यूयोर्कको भ्रमण पूरा भयो।

वासिङ्गटन उत्रेपछि भर्जिनियामा हाम्रा भण्डारी बन्धुहरूले बराबर दाजु चिन्तामणि र मलाई बोलाइरहे। काका र हजुरबुबा नाताका हामीले त्यहाँ सबैसँग भेट गर्यौं। त्यहाँ गएपछि सबै बन्धुबान्धवसँग भेट्ने प्रवल इच्छा हुनु स्वाभाविक पनि थियो। भेटेर उनीहरूको खबर नेपाल ल्याउनु पनि आवश्यक थियो। खासगरी भाउजूसहित दाजु चिन्तामणि र हामी सबैको घरमा गयौं। भतिजी नातिनी सुष्माले पनि एक-दुई स्थानमा पुऱ्याइन् भने केदार, हेमचन्द्र र मन्दिराले आ-आफ्ना सवारी साधनबाट हामीलाई लैजाने र पुऱ्याउने काम गरे। केदारको घरमा गयौं। उनले किनेको घर हेऱ्यौं र हेमचन्द्रको घरमा गएर बस्यौं।

हेमचन्द्र, लक्ष्मी र विवशसँग भेट भयो। दृष्टि छात्रावासमा बसेकीले भेट हुन सकेन। घर राम्रो र आरामदायी रहेछ। लेखनाथले घर किनिसकेको नभए पनि राम्रोसँग बसेका रेहछन्। उनी आफ्नो कामका अतिरिक्त नेपाली साहित्य सिर्जनामा समर्पित देखेर अत्यन्त खुशी लाग्यो। उनले एउटा बालकवि गोष्ठी आयोजना गरेका रहेछन्। त्यसको प्रमुख अतिथि हुनुहुन्थ्यो वासिङ्गटनस्थित नेपाली कार्यवाहक राजदूत श्री कालीप्रसाद पोखरेल। मलाई विशिष्ट अतिथिको रूपमा राखेर कविताको मूल्याङ्कन समितिको संयोजक बनाए। त्यहाँ पनि सेवा गर्ने अवसर प्रदान गरियो। मैले कविता मूल्याङ्कन गरी प्रथम, द्वितीय र तृतीय एवम् सान्त्वनामा छनौट गर्ने र विशेष अतिथिको रूपमा नेपाली भाषा र साहित्यको सम्बन्धमा बोल्ने सुअवसर पाएको थिएँ। बेलुकीको खाना पनि त्यहीँ व्यवस्था गरिएको थियो। त्यस्तै नेपाली कार्यवाहक राजदूत श्री कालीप्रसाद पोखरेलले हाम्रो सम्मानमा रात्रिभोजको व्यवस्था गरेर आफ्नो उदारताको परिचय दिनुभएको थियो। त्यस्तै कृष्णप्रसाद खनाल श्रीमती पवन बाराकोटी खनालले पनि आफ्नो निवासमा रात्रिभोज आयोजना गरेर आतिथ्यताको उच्च सम्मान गर्नुभएर हामीमाथि अपार स्नेह दर्शाउनुभएको थियो। त्यस्तै विष्णु पौडेल, इन्दिरा पौडेलले पनि हामीलाई आफ्नो स्नेहभाव दर्शाएर आतिथ्यता प्रदान गर्नुभएको थियो।

यसरी बस्तै, घुम्दै वासिङ्गटन, भर्जिनियाका डिपार्टमेन्ट स्टोर, मल र बजार सर्वत्र भ्रमण गरियो। भ्रमणको क्रममा National Air Space Museum भ्रमण गरेर प्रथम विश्वयुद्धदेखिका सङ्गृहीत हवाईजहाज, यसको विकासको क्रम अवलोकन गरियो। हवाईजहाजको इतिहासदेखि यसको विकासले मानव ज्ञानको असीम विकासलाई प्रत्यक्ष अनुभव गर्न सकिने रहेछ। आफू विज्ञानको छात्र नभए पनि त्यहाँको गतिविधि हेर्दा विज्ञानले दिन-प्रतिदिन गरेको विकासले मानव जीवनलाई सहज र सुखद् बनाउन गरेको प्रयासको जति प्रशंसा गरे पनि कम नै हुनेरहेछ। आफ्नो मुलुकले सियो बनाउन पनि नसकेको अवस्थामा अरू विकसित मुलुकले गरेको प्रगति अनुभूति गर्न भने सकिँदो रहेछ । यहाँ विज्ञानका विद्यार्थीदेखि यस क्षेत्रमा लागेका अध्येताहरूको चाख र जिज्ञासाले मजस्ता साधारण जिज्ञासुलाई पनि आकर्षण गर्न सफल रह्यो।

भर्जिनिया, वासिङ्गटन, न्यूयोर्क भ्रमण गर्ने क्रममा नौ-दश दिन व्यतीत भएछ। दिन बितेको पत्तै पाइएन । त्यहाँ निश्चित अवधि व्यतीत गरेर शशाङ्क कार्यरत स्थान टेनेसी जाने टिकट पहिले नै लिएकाले कार्यक्रम निर्धारित थियो।

वासिङ्गटन, भर्जिनिया, न्यूहेम्सायर, मेरील्याण्ड, वाल्टीमोरलगायत आसपासमा बस्ने नेपाली बन्धुहरूले वनभोजको कार्यक्रम बनाएका रहेछन् । हामीलाई बस्न सबैले आग्रह गरेका थिए । परशु, लेखनाथ, केदारहरूको धेरै जोड थियो तर कठिनाई अवगत गराएर पूर्वनिर्धारित हवाईजहाजको टिकटअनुसार त्यहाँबाट टेनेसीको लागि प्रस्थान गर्‍यौं ।

## टेनेसी र निकटवर्ती क्षेत्र भ्रमण

११ अक्टोबर २००९ बिहान ०८: ५० हाम्रो अमेरीकी वायुयानबाट प्रस्थान गर्ने कार्यक्रम थियो । यशोदा र परशु बिहान ६ बजे नै हामीलाई एयरपोर्ट पुर्‍याउन आए । बिदा हुने बेलामा साह्रै नरमाइलो लाग्यो । उनीहरूसँग छुट्टिएर हामी हवाईजहाज चढ्यौं । त्यहाँबाट उडेको वायुयानवाट स्थानीय समयअनुसार बिहान १०:१७ बजे Charlotte Douglas int विमानस्थलमा उत्रियौं । सोही दिन बिहान ११:२५मा त्यहाँबाट अर्को वायुयान चढेर सोही दिन दिउँसो १२:२९ बजे मेम्फिस उत्रियौं । सामान सङ्कलन गरेपछि शशाङ्कलाई फोन गर्न काउन्टरमा गएकोमा सबै फोन बिग्रिएकाले सम्पर्क गर्न अफ्ठ्यारो भयो । हामी अलमल्ल परेको अवस्थामा एक जना प्रहरीले आफ्नो मोबाइल दिएर सहयोग गरे । शशाङ्कसँग सम्पर्क भयो । ऊ गाडी लिएर बाहिर गेटमा आइपुग्न लागेको सूचना गर्‍यो । हामी निस्कने समय भयो तर त्यहाँ त ती प्रहरी नै कता हिँडेछन् । प्रतीक्षा गर्‍यौं । बल्ल उनी आएपछि सहयोगका लागि धन्यवाद दिँदै मोबाइल जिम्मा दिएँ । सामान लिएर बाहिर आउनासाथ शशाङ्क पनि गाडी लिएर आइपुग्यो । ऊसँग डेरामा आई आराम गरेर उसले पकाएर राखेको खाना खाइयो । यसरी सेन्क्रेमान्टोबाट शुरू भएको अमेरिकाको हाम्रो यात्रा अहिले टेनेसी मेम्फिसमा आएर अडिएको छ ।

## यात्रा लहर र रहर

हुन पनि मानव-यात्रा अनिश्चित नै हुँदोरहेछ, एकहोरो बगिरहने नदीको पानीजस्तो । जति बढ्यो त्यति बढ्न रुचि हुने । मानव जातिले नयाँ-नयाँ कुरा हेर्न र जान्न, आफ्नो मनलाई सान्त्वना दिन र जीवनमा केही कुरा परिवर्तन ल्याउने चाहनामा यात्रा गर्छन् । यात्रा पनि एक प्रकारको अध्ययन नै हो । यसरी गरिने

यात्राले जीवनमा केही  परिवर्तन ल्याउँछ। यात्राबाट नयाँ स्थान, नयाँ ज्ञान, नयाँ संस्कृति एवम् नयाँ परिवेशसँग साक्षात्कार गर्न सकिन्छ। नयाँ-नयाँ स्थान हेरेर, नयाँ-नयाँ कुरा सिकेर, नयाँ-नयाँ मानिससँग भेटेर, उनीहरूको जीवनशैली र व्यवहार हेरेर नै  मानिसमा पविर्तन आउने हो। नयाँ-नयाँ वातावरणले नयाँ-नयाँ सोच पलाउने र दैनिकी तनावबाट मुक्ति प्राप्त हुने गर्छ। यसरी नयाँ-नयाँ स्थान, नयाँ-नयाँ संस्कृति, जीवनशैली र व्यवहार एवम् नयाँ-नयाँ परिवेशलाई मन र आँखाभरि  हेरेर नयाँ-नयाँ  कुरा सिक्तै आफूलाई भुलाउन सक्ने यात्रा साँच्चिकै रमाइलो हुँदोरहेछ। हामी पनि यसै क्रममा नयाँ-नयाँ स्थान र पर्यावरण, नयाँ-नयाँ संस्कृति र परिवेश हेर्दै सिक्दै आफूलाई भूल्दै यात्रा गर्दैछौं।

समाजका दुई थरी व्यक्ति यात्रा गर्दारहेछन् एक थरी नौला र नयाँ-नयाँ कुरा अध्ययन गर्न र जीवनमा आनन्द प्राप्त गर्न, अर्का थरी बाध्यतावश आफ्नो जीवनरथ चलाउन। हाम्रो मुलुक नेपालमा नयाँ र नौला पर्यटकीय क्षेत्र भ्रमण गरेर नयाँ-नयाँ ज्ञानार्जन गर्न र आनन्द लिन बर्सेनी धेरै पर्यटक नेपाल आउँछन्। पर्यटकीय क्षेत्रको भ्रमण गर्छन्। अध्ययन गरेका विषयमा पुस्तक लेख्छन्। अर्का थरी जीवन धान्न बाध्यतावश ती पर्यटकको भारी बोकेर उनीहरूलाई सहयोग गरेर आफ्ना जीविकोपार्जन गर्छन्। जीवनरथ चलाउँछन्। यात्रा र गन्तव्य एउटै भए पनि दुवैका उद्देश्यहरू भने पृथक् छन्।  विकासोन्मुख नेपालजस्ता मुलुकको अवस्था हो यो।

मैले सरकारी सेवाको क्रममा धेरै क्षेत्रको यात्रा गरेको छु। अधिकाङ्श जिल्लाको भ्रमण गरेको छु। त्यो क्षेत्रमा सरकारी सेवा गर्न जाँदा स्थानीय भाषा, संस्कृति, रहन-सहन, आर्थिक अवस्था, शैक्षिकस्थितिका साथै भौगोलिक अवस्था, त्यहाँको जग्गाको स्थिति, प्रथा, त्यहाँका निवासीको आर्थिक स्थिति, मुद्दामामिलालगायत अध्ययन र अवलोकन गर्ने अवसर पाएको छु। सबैभन्दा बढी तत्तत् स्थानका निवासीबाट व्यक्तिगत स्नेह र सरकारी सेवामा निःस्वार्थ सहयोग पाएको छु। त्यो स्नेह र सहयोगले मेरो काममा ऊर्जा प्रदान भएर मलाई हौसला प्राप्त भएको हो। सरकारी कामको प्रसङ्गमा यात्रा गरे पनि धेरै कुरा सिक्न र जान्न पाएँ। अध्ययनको दायरा बढाउन पाएँ। यो पनि मेरो अध्ययनको एउटा आवश्यक पाटो हो व्यावहारिक एवम् प्रयोगात्मक अध्ययनको। तथापि यी भ्रमण जीविकोपार्जनसँग सम्बन्धित छन्। नेपालका प्राकृतिक सुन्दरताले भरिएका पर्यटकीय क्षेत्रको भ्रमण

गर्न पाएको छैन । यो मेरो जीवनको ठूलो विडम्बनाको पक्ष रहेको छ । अहिले छोरा शशाङ्क अमेरिकामा बसेको कारणले मात्र यहाँको यात्रा सहज भएको हो ।

भ्रमण गर्ने सुअवसर सधैँ कहाँ पाइन्छ र ! भ्रमणमा यसरी जानु पनि उत्साहको अवसर हो । कतै घुम्नु र नयाँ-नयाँ स्थानसँग परिचित हुनु पनि त रमाइलो पक्ष मात्र होइन, अध्ययन पनि गर्नु हो । यसले जीवनलाई आनन्दमय अनि सिर्जनशील बनाउँछ । घरायसी झै-झन्झट र मानसिक तनावबाट केही दिनको लागि भए पनि उन्मुक्ति प्रदान गर्दछ ।

हामी दम्पती अमेरिकामा बसेको छोराको विवाहमा समावेश हुन र अमेरिकाको केही भाग भ्रमण गरेर नयाँ  स्थान, नयाँ संस्कृति हेर्न र आफूलाई केही परिवर्तन गर्न लालायित भएर भ्रमणमा निस्केका हौँ । नेपालमा धेरै रमाइला पर्यटकीय स्थानहरू छन्, ती स्थानमा हामी जान सकेका छैनौँ तर विदेशीहरू झुम्मिएर सबै रोमाञ्चक पर्यटकीय क्षेत्रहरू र हिमाच्छादित उच्च शिखरहरूमा पुगेका छन् । रमाइला पर्यटकीय स्थानहरू भ्रमण गरेर ती स्थानका बारेमा  आफूले देखे भोगेका अनुभवहरू वर्णन गरेर अनगिन्ती पुस्तक लेखेका छन् । उनीहरूले लेखेका पुस्तक पढेर नेपालमा रमणीय  एवम् रोमान्चक पर्यटकीय क्षेत्र रहेछन् भनेर आफू प्रफुल्लित हुने गरेका छौँ । हुन्छौँ पुलकित तर ती रमणीय स्थान विशेष स्वयम् हेर्ने, अनुभव गर्ने र त्यस क्षेत्रका अनुद्धरित पाटाहरू खोतलेर तत्सम्बन्धी पुस्तक एवं संस्मरण लेख्ने काम हामीले गर्न सकेका छैनौँ । भ्रमण गर्ने र आफ्ना अनुभव लेखेर प्रकाशन गर्ने संस्कृतिको हामीमा सर्वथा अभाव छ । यात्राका साहित्य पठनीय एवम् रोमाञ्चक हुन्छन् । यस्ता संस्मरणका साहित्य लेख्ने र प्रकाशन गर्ने सोच र संस्कार हामीले सिक्न सकेका छैनौँ ।

टेनेसीको मेम्फिस उत्रिएको अर्को दिनदेखि त्यस क्षेत्रको भ्रमण गर्न शशाङ्कले प्रबन्ध मिलाएको थियो । उसले आफ्नो कार्यालयको प्रमुखसँग काठमाडौँबाट आमा-बुबा आउनुएकोले दिनको एक-दुई घण्टा ढिलो आई एक-दुई घण्टा पहिले नै कार्यालयबाट जाने गरी अनुमति प्राप्त गरेको थियो  । यसले हामीलाई त्यस क्षेत्रको भ्रमण गर्न सरल र सहज बनाएको थियो । पहिलो दिन बेलुकी शशाङ्कले उसको फेडेक्स कम्पनीको कार्यालय परिसर घुमायो । फेडेक्स कम्पनीको कार्यालय रहेको विशाल क्षेत्र जग्गा, भवनहरू र सवारी साधनहरू रहेछन् । अमेरिकाभरि जहाँ  गए पनि फेडेक्सका ठूला ठूला मालबाहक गाडी कन्टेनरहरू जताततै गुडिरहेका देखिन्थे ।

अमेरिकाका प्रायः सबै डिपार्टमेन्ट स्टोर र मलहरूमा यसकै कन्टेनरहरूले सामान पुऱ्याउँदा रहेछन्। यसका आफ्ना निजी कार्गो जहाजहरू र निजी हवाई फिल्डसमेत रहेछन्। सबैभन्दा धनी संस्थाको रूपमा प्रसिद्धि कमाएको फेडेक्सले २४ घण्टाभन्दा कम समयमा अमेरिकाको एक स्थानबाट अर्को स्थानमा माल-समान पुऱ्याउने सेवा प्रदान गर्दोरहेछ। यस्तो चाँडो सेवा पुऱ्याउने कम्पनीको कार्यालयको चुस्त सेवाले नै यसको ख्याति बढेको रहेछ। कम्पनीको निजी हवाई मैदान पनि हेरियो। मैदानमा केही जहाज उड्ने तरखरमा र केही अवतरणमा थिए भने केही हवाई मैदानमा खडा थिए।

अर्को दिन हामी रक एण्ड रोलका बादशाह अमेरिकाका प्रसिद्ध गायक ऐल्भिस प्रेस्लेको स्मृति सङ्ग्रहालय हेर्न गयौं। उनी स्वरका धनी मात्र रहेनछन्, गायक, कलाकारका साथै नेता पनि रहेछन् अनि धेरै गुणका महाधनी। उनमा त्याग, समर्पण र लगन भएकाले नै उनी *रक एण्ड रोलका सम्राट्*को उपाधिबाट विभूषित रहेछन्। त्यहाँ उनका गीतका क्यासेट, डि.भी.डी.हरू हेऱ्यौं सुन्यौं। उनले प्रयोग गरेका मोटर गाडीहरू, जेट हवाईजहाज, उनले लगाएका लुगा, कपडाहरू हेऱ्यौं। आवास, फर्निचरलगायत हेरेर उनका यशस्वी कृतिबाट मोहित भयौं। एउटै व्यक्तिको निरन्तर प्रयास र मेहनतबाट मुलुकको यश र गरिमा द्रुतगतिले बढ्ने रहेछ। यस्तो योगदान गर्ने यशस्वीलाई बुझ्नेमा समाजमा पनि ठूलो योगदान हुनेरहेछ।

विश्वको सबैभन्दा लामो नदी मिसिसिपी हेर्न गयौं। नदीमा सानो पानीजहाजबाट यात्रा गरेर केही भाग घुमी फर्कियौं। त्यहाँ यात्रा गर्दा शशाङ्कले टेक्सास्बाट आउँदा "त्यही पुल तरेर आएको" भनेर बगलको पुल पनि देखायो। जाने-आउने बेग्लाबेग्लै भएको पुल नजिकबाट हामीले यात्रा गरेका थियौं। "पारिपट्टि लुजियाना पर्छ" भनेर उसले टाढा देखिने शहरतिर देखाएको थियो। त्यहाँ नदीमा रमाइलो भ्रमण सकेर हामी अश्वेत नेता मार्टिन् लुथर किङलाई हत्या गरिएको स्थान, जुन अहिले उनको समाधिस्थल र सङ्ग्रहालयमा परिणत भएको रहेछ, भित्र पसेर हेऱ्यौं र फोटो खिचायौं।

अश्वेतलाई श्वेतहरूले हेर्ने र गर्ने व्यवहार स्मृतिमा आउँदा मलाई अहिले पनि विरक्ति लाग्छ। मानव विभेद पहाडको कहालीलाग्दो भिरजस्तो लाग्छ। त्यहाँ श्वेत चढ्ने बसमा अश्वेतले चढ्न नपाउने, होटलमा खान बस्न नपाउने, विद्यालयमा पढ्न नपाउने, रेलगाडीका डिब्बामा चढेर बस्न नपाइने, सरकारी सेवामा प्रवेश नपाउनेजस्ता दैनिकी व्यवहारका यावत विभेद थिए। देशका सबै नागरिक समान

हुन्छन् भन्ने सिद्धान्त र व्यवहार लागु थिएनन् । यस्ता विभेद समाप्त गर्न आवाज घन्काउने मध्येका अग्रणी थिए- मार्टिन लुथर किङ । उनका भाषण र विचार सुन्दा अश्वेतहरू जुरुक्क जुरुक्क उठ्थे रे तर उनकै हत्या भयो । उनको हत्या स्थलमा स्मारक र सङ्ग्रहालय बनाएर सम्मान गरिएको रहेछ । उनको बलिदान अहिले फलीभूत हुँदैछ । त्यो रङ्गभेद कानूनी रूपमा मात्र होइन व्यवहारमा पनि समाप्त हुँदैछ ।

यता नेपालमा पनि दलितविरुद्धका भेदभाव समाप्त गर्न कानून निर्माण भएका छन् । सार्वजनिक सेवामा उनीहरूको लागि स्थान आरक्षण गरिएको छ । शिक्षा र स्वास्थ्यका लागि विशेष सहयोग गरिएको छ । महिलाको लागि पनि कानून निर्माण भएका छन् । कानून र सुविधाले मात्र भेदभाव समाप्त हुँदोरहेनछ । यसका लागि समाजले व्यवहारमा नै परिवर्तन गर्नुपर्ने रहेछ तर गति मन्द छ । अमेरिकामा भने भेदभाव निर्मूल गर्ने गति चाँडै अघि बढेको फलस्वरूप ओबामाजस्ता अश्वेत शान्तिप्रेमी विद्वान् कानूनवेत्ता राष्ट्रपतिको पदमा शानदार विजयी भएका थिए । शासन राम्ररी सञ्चालन गरेका छन् । यो समस्त मानव जातिको विजय हो । रङ्ग वा वर्ण, जात वा लिङ्गका आधारमा भेदभाव गर्नु भनेको मानवले मानवविरुद्ध अत्याचार र अपराध गर्नु हो । रङ्ग, धर्म, लिङ्ग, जात, जाति, रूप, आकृति, सवलाङ्ग वा दीव्याङ्गजस्ता आधारमा तत्कालिक शासकहरूले आफ्नो शासन टिकाउन गरिएको व्यवस्था अन्यायपूर्ण र मानवविरुद्धको अपराध हो । सबै मानिसमा उही मानव रगत प्रवाहित हुन्छ । सबैका समान आवश्यकता हुन्छन् । सबै मानिस समान छन् तर रङ्ग वा वर्ण, जात वा जाति, लिङ्ग वा आकृतिजस्ता आधारमा भेदभाव गर्नु सामन्ती सोचको पराकाष्ठा हो । मानवले मानवलाई भेदभाव गर्नु भनेको मानवताविरुद्ध अपराध गर्नु हो । यस्तो भेदभाव राष्ट्रिय वा अन्तर्राष्ट्रिय कानूनको दृष्टिमा अक्षम्य अपराध मानिन्छ । यस्तो अभियानका अग्रणी मार्टिन लुथरको समाधिस्थलले मानव चेतना उजागर गर्न अवश्मेव बल पुऱ्याउँछ भन्ने चिन्तनमा म केही समय रुमलिएँ ।

शशाङ्कसँग यहाँको सपिङ्ग मल, डिमार्टमेन्ट स्टोरलगायत स्थानहरू भ्रमण गऱ्यौं दश दिन बितेछ । अब भने छोरासँग छुट्टिने समय भएछ । काठमाडौं फर्कने टिकट सेक्रयामान्टोबाट नै भएको हुँदा हामी फेरि उतै फर्कनुपर्ने भयो । क्यालिफोर्निया डेभिसमा गएर दुई दिनजति स्नेहा, भान्जी विन्दु र परिवारसँग भलाकुसारी गरेर फर्कनुपर्ने भएकाले टेनेसी छोड्ने दिन आयो । शशाङ्कसँग बस्ने चाहना हुँदाहुँदै

अन्ततः २० अक्टोबर २००९ का दिन बिहान ०७:४० मा मेम्फिसबाट अमेरिकी वायुयानबाट हामी सेक्रयामान्टोका लागि प्रस्थान गर्‍यौं । बिहान ९:१० मा Phoenix Sky Harbor Int विमानस्थलमा उत्रिएर त्यहाँबाट स्थानीय समय ०९:५२ बजे अर्को विमान चढी सेक्रयामान्टो विमानस्थलमा बिहान ११:३५ बजे उत्रियौं ।

जहाजबाट उत्रिएर आफ्ना सामान सङ्कलन गर्दाकै अवस्थामा दुर्गाप्रसाद दाहाल परिवार, बुहारी स्नेहा, भान्जी विन्दु र ज्वाइँ हरिहर दाहालसँग भेट भयो । सबैसँगको क्षेमकुशलपछि उहाँहरूको गाडीमा बसी भान्जी एवम् ज्वाइँको निवासमा गयौं । दुर्गाजीहरू जलपानपछि बेलुकी नयाँ ठाँउ हेर्न जाने कार्यक्रम मिलाएर आफ्नो निवासमा जानुभयो । बेलुकीपख हामी ज्वाइँ हरिजी, नाति अनुप र दुर्गाजीको साथमा क्यालिफोर्नियाको अङ्गुर उत्पादन हुने क्षेत्र र वाइन बनाउने वाइनरी हेर्न गयौं । अङ्गुर खेती र वाइन उत्पादन गर्ने वाइनरी क्षेत्र घुमियो । कम जनशक्ति तर बढी यन्त्रको साधन प्रयोग गरेर अधितम उत्पादन गर्ने प्रविधिले त्यहाँको उत्पादनको प्राचुर्यताले आर्थिक वृद्धिमा ठूलो फड्को मारेको प्रस्टै देखिन्थ्यो । यसले त्यहाँको आर्थिक उत्पादनमा ठूलो योगदान गरेको रहेछ । उत्पादनका स्रोतहरूको प्राचुर्यता तर फिल्डस्तरमा काम गर्ने जनशक्ति कम हुनाले हाम्रोजस्तो मुलुकबाट अर्द्धदक्ष जनशक्ति जाने प्रवृत्ति बढेको रहेछ । हामीकहाँ पनि कामको अवसर प्राप्त हुने भएमा यसरी उच्च र अर्द्धदक्ष जनशक्ति बाहिर जाने थिएन । यहाँ नेपालमा दक्ष, अर्द्धदक्ष सबैखाले जनशक्ति कम हुँदैछ । बाहिर जाने जनशक्तिले दुःख पाउने स्थिति उत्पन्न भइरहेको छ । यो सबै सरकारी स्तरबाट राम्रा योजना ल्याई काम दिने अवसर नभएको परिणति नै त हो ।

अर्को दिन स्नेहाले डेभिसको कृषि विश्वविद्यालय देखाउन लगिन् । विश्वविद्यालयको क्षेत्र, विभिन्न विभागहरू, त्यहाँ विश्वका धेरै भागबाट ल्याएर रोपिएका विविध वनस्पतिका प्रजातिका वृक्षहरू हेरियो । धेरै वर्ष अघिदेखि ल्याएर त्यहाँको हावा-पानी र वातावरणमा विभिन्न प्रजातिका ती वनस्पतिहरूले के कस्तो प्रभाव पार्छन् भन्ने कुराको विस्तृत अनुसन्धान गरेर मात्र उनीहरू आफ्नो मुलुकमा भित्र्याउँदा रहेछन् तर नेपालमा भने यस्तो अनुसन्धान र यसका प्रभावबारेमा थप अध्ययन गर्ने प्रवृत्ति छैन । अरूले जे भने त्यहीलाई "गुरुवाक्य" मानेर अन्धानुकरण गर्ने प्रवृत्ति बढेको छ । अझ यो प्रवृत्ति बढ्दैछ । यसका उदाहरणमा मोन्सान्तोलगायतका

मकै, गहुँ र धानका  बिउहरू नै ताजा उदाहरण  छन् । आफ्नो मुलुकमा लगातार प्रयोग भएर सफल भएका बिउबिजनको सट्टा यस्ता बिउ लगाउनाले नेपालको तराईमा किसानले लगाएका मकैको बोटमा घोघा नलाग्ने, गहुँमा दाना नलाग्ने, धान नफल्ने घटनाविरुद्ध आन्दोलन गरेको घटना ताजै छन् ।

नेपालका केही स्थानमा किसानले उखु खेती गरेर तयार भएपछि चिनी मिलमा उखु बुझाउँछन् तर मिलले किसानलाई उखुको रकम भुक्तानी गर्दैनन् । वर्षौं धाउँदा पनि भुक्तानी हुँदैन । बाध्य भएर उखु उत्पादक किसानले हड्ताल, अनसन वा आन्दोलन गर्नुपर्छ । त्यस्तै दुग्ध उत्पादकले उत्पादन गरेको दूधको मूल्य नपाएर सडकमा दूध पोख्नुपर्ने बाध्यता पनि देखिँदै छ । दुग्ध विकास संस्थान होस् या निजी डेरीफर्महरू, कसैले पनि किसानको मूल्य बुझाउँदैनन् । सरकारमा बस्नेहरूले भुक्तानी गराउन पहल गर्ने त कुरै छोडौं उल्टै मिल वा डेरीकै पक्ष लिन्छ भन्छन् उत्पादकहरू । सत्तामा बस्नेलाई यस्तर्फ ध्यान दिने फुर्सद कहाँ हुनु ! विडम्बना नै मान्नुपर्छ सत्ताका खेलाडीहरूको आत्मकेन्द्रित नीति र व्यवहार मुलुकमा जेसुकै होस् उनीहरू सत्तामा टाँसिई रहनुपर्छ । यो नै नेपालीको नियति भएको छ ।

२२ अक्टोबर २००९ को दिन बेलुकी सेक्रयामान्टोबाट फर्कने टिकट थियो । दुर्गा परिवारसँग उहाँको निवासमा गएर हामी बिदा भयौं । उहाँ पनि बिदाइ गर्न हामीसँगै आउनुभयो । विन्दु भान्जीकोमा आएर सामान मिलाई विन्दु, नाति अनुपसमेत भएर सेक्रयामान्टो आयौं । त्यहाँबाट सबैसँग बिदा भएर २२ अक्टोबर अमेरिकी  समय १८:२०मा युनाइटेड एक्सप्रेसको जहाज चढेर लसएन्जलस् आयौं । बसबाट अन्तर्राष्ट्रीय कक्षमा आई सामान चेक र सुरक्षा जाँच गराइयो । अमेरिकी समय २३:१० मा थाई एयरलाइन्सको जहाजमा चढेर अमेरिकालाई बाई बाई गर्दै बैङ्कक सुवर्णभूमिका लागि उड्यौं । यसरी सेक्रयामान्टोबाट शुरू भएको अमेरिकाको भ्रमण अब पूरा भयो ।

२३ अक्टोबर थाई एयरलाइन्सको टी जी ७९५ जहाज चढेका थियौं । रातिको समय तल कहीं कहीं बिजुलीको प्रकाश देखिने, बाहिर अन्यत्र भने सबैतिर अँध्यारो मात्र देखिन्थ्यो । जहाजभित्र प्रवेश भएपछि पेयपदार्थ  र मीठामीठा खाना खाएर समय समयमा टीभी हेर्दै यात्रालाई आनन्ददायी र रोमाञ्चक बनाइयो । एकैचोटि २४ तारिख बिहान ६:४० मा बैङ्कक सुवर्णभूमि विमानस्थलमा उत्रियौं ।

जहाजमा चढेपछि रातभर १२:१३ घण्टा यात्रा गरियो । त्यहाँबाट थाई एयरलाइन्सको टि जी ३१९ बाट त्यहाँको समय बिहान १०:३५ मा मात्र काठमाडौँका लागि हाम्रो जहाज निर्धारित भएकाले प्रतीक्षा गरियो । धेरै नेपालीसँग त्यहाँ भेट भयो । नेपाल र विदेशका कुरा गरेर समय उपयोग गरियो । १०.३५ मा थाई जहाज चढेर दिउँसो १२:४५मा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा उत्रियौँ । यसरी २२ सेप्टेम्बरमा शुरू भएको हाम्रो यात्रा २४ अक्टोबरमा काठमाडौँ उत्रिएर टुङ्गियो । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सञ्जीव हामीलाई लिन गएकाले हामीलाई सजिलो भयो ।

## पुनः अमेरिका यात्रा

सेवामा रहँदा जीवनशैली एक प्रकारले आफ्ने लयमा चलेको हुन्छ तर निवृत्त भएपछि त्यो लय स्वभावतः परिवर्तन हुन्छ। सार्वजनिक जवाफदेही वहन गर्नुपर्ने दायित्व रहँदैन। लामो राष्ट्रसेवाको यात्रामा पूर्णविराम लागेर नयाँ जीवनशैली अपनाएको हुन्छ। मेरो खास व्यवहार नभएको र कान्छा छोरा शशाङ्क र बुहारी स्नेहाले आग्रह गरेबमोजिम २०७० सालको दशैँको टीकाको भोलिपल्ट अमेरिकाको क्यालिफोर्निया सानफ्रान्सिस्को यात्रामा हामी दुबै निस्कियौँ । हङकङ हुँदै क्याथे प्यासिफिक जहाजबाट सानफ्रान्सिस्को उत्रियौँ । यस विषयमा मैले आफ्नो यात्रा संस्मरण कृति *प्रशान्त सागरको किनारबाट*मा सबै उल्लेख गरेको हुनाले यहाँ पुनरावृत्ति आवश्यक परेन ।

एघारौं प्रकाश

# एघारौँ प्रकाश–सूची

**सर्वोच्च अदालतमा** २८५

- सर्वोच्च अदालतको न्यायाधीशमा नियुक्ति २८५
- सार्वजनिक सरोकारका केही फैसला २९१

# सर्वोच्च अदालतमा

## सर्वोच्च अदालतको न्यायाधीशमा नियुक्ति

*नेपाल अधिराज्यको संविधान २०४७* ले सर्वोच्च अदालतमा प्रधानन्यायाधीशका अतिरिक्त बढीमा चौध जनासम्म अन्य न्यायाधीश रहने र मुद्दाको कार्यबोझ बढ्न गई न्यायाधीशको सङ्ख्या अपर्याप्त हुन गएमा कुनै निश्चित अवधिका लागि अस्थायी न्यायाधीश नियुक्ति गर्न सक्ने व्यवस्था गरेको थियो। सर्वोच्च अदालतमा मुद्दा बढेकाले पुनरावेदन अदालत बुटवलको मुख्य न्यायाधीशको रूपमा कार्यरत मलाई सर्वोच्च अदालतको अस्थायी न्यायाधीशमा *नेपाल अधिराज्यको संविधान २०४७* बमोजिम वि.सं. २०६१ साल आश्विन ४ गते श्री ५ बाट बक्स भएबमोजिम प्रधानन्यायाधीशबाट नियुक्ति गरियो (नियुक्तिपत्र परिशिष्ट १० ।)

यसको सूचना स्थानीय एफ.एम.बाट प्रसारित भएपछि तत्काल बुटवलका नागरिक समाजका अग्रणी व्यक्तिहरू, सङ्घ-संस्थाका प्रमुखहरू, चिकित्सक एवम् कार्यालय प्रमुखहरू मुख्य न्यायाधीशको निवासमा उपस्थित भएर बधाईसहित सर्वोच्च अदालतको न्यायाधीशको सफल कार्यकालका लागि शुभकामना व्यक्त गरे। पुनरावेदन अदालतका रजिष्ट्रार श्री डिल्लीराज आचार्यसमेतका अधिकृतहरूबाट अत्यन्त स्नेह र शुभेच्छासहित अदालतबाट बिदा गरियो। भैरहवा र बुटवलका ब्रह्मकुमारी राजयोग सेवा केन्द्रका बहिनीहरूले विभिन्न कार्यक्रम राखेर अध्यात्मिक शुभेच्छाद्वारा सही न्याय र इन्साफ गर्ने शक्ति प्राप्त होस् भन्दै शिवबाबाका आशिष् वचनसहित बिदा गरे। ब्रह्मकुमारी राजयोग सेवा केन्द्रले मलाई सदैव आध्यात्मिक स्नेह, प्रेम र शुभेच्छा प्रदान गर्ने गरेको छ– इलाम, विराटनगर र बुटवलमा पनि। यसरी सबै तप्काका प्रबुद्ध वर्गको शुभेच्छा प्राप्त

हुँदा एकातिर खुशी थपियो भने अर्कोतिर मैले प्राप्त गरेको यो स्नेह र शुभेच्छालाई सर्वोच्च अदालतको न्यायाधीशको रूपमा न्याय-सम्पादन गर्दा पनि निरन्तर कायम राख्नुपर्ने थप जिम्मेवारीको बोध भयो ।

यसरी जिल्ला न्यायाधीशबाट मिति २०३३ सालबाट शुरू भएको न्याय-सम्पादन गर्ने जिम्मेवारीको यात्रा मिति २०६१ साल आश्विन ४ गते सर्वोच्च अदालतमा पुग्यो । मसँग पुनरावेदन अदालत राजविराज र इलाममा काम गर्नुहुने न्यायाधीश श्री विश्वनाथ जोशी र जनकपुर पुनरावेदनमा काम गर्नुहुने न्यायाधीश श्री केशवप्रसाद मैनालीको पनि सोही समयमा पुनरावेदन आदलत बुटवलमा सरुवा भएको थियो । उहाँहरूका लागि एक दिन पर्खेर उपस्थित भएपछि म त्यहाँबाट सबैसँग बिदावारी भई सर्वोच्च अदालतमा हाजिर हुन काठमाडौँ आएँ ।

स्मृति भूगोलमा यात्रा गर्दा सम्झनाहरू नयाँ-नयाँ भएर आइरहन्छन् । तीन दशक पहिले यही सर्वोच्च अदालत भवनबाट जिल्ला न्यायाधीशको नियुक्ति पत्र बुझेर न्यायनिरूपणको जिम्मेवारी लिएको थिएँ । तदनुसार विभिन्न जिल्ला, अञ्चल, विशेष र पुनरावेदन अदालतको न्यायाधीश, मुख्य न्यायाधीशको रूपमा न्याय-सम्पादन गर्दै अब भने सर्वोच्च अदालतको न्यायाधीश भएर न्याय-निरूपण गर्ने जिम्मेवारी वहन गर्ने अवसर पाएँ । यो परिक्रमा गर्न मैले मेरो जीवनको स्वर्णिम उमेर र ऊर्जा खर्चनुपऱ्यो । यो देशाटनले आफ्नो व्यवसायिक कामको अनुभव र ज्ञान भने निकै जोहो गर्न सकेँ भन्ने अनुभूति पनि सँगालेँ । यही अनुभव, व्यवसायिक क्षमता र न्यायिक निष्ठाले नै अन्तिम तहको अदालतको प्रवेशमा सहयोगी भूमिका निर्वाह गऱ्यो ।

आफ्नो जिम्मेवारी सम्हाल्न काठमाडौँका लागि यात्रा शुरू भयो । बुटवलबाट प्रस्थान गरी राजमार्गमा पर्ने अरुण खोला छेउमा पुगेको समयमा एफ. एम.बाट प्रसारित समाचारले नारायणघाटबाट मुग्लिङ जाने बाटोमा पहिरो गएर अबरुद्ध भएको सुनियो । फर्केर पोखरा हुँदै जान पनि कठिनाइ हुने सम्झेर हेटौडा हुँदै त्रिभुवन राजमार्गको उकाला-ओरालो चाहार्दै बेलुकी काठमाडौँमा उत्रिइयो । बाटोमा गाडी बिग्रेर दुःख भने केही बढाएकै थियो । यसरी काठमाडौँ आएर यात्राको बीट मारियो ।

फेरि नयाँ सृष्टि शुरू भयो । नोकरी गर्नेको स्थायी बास कहिल्यै हुँदैन सधैँभरि यायावर । सरसामानको जोहो र बन्दोबस्ती पनि अस्थायी हुने । यसै क्रममा ज्यानले साठीको नेटो काटिसक्यो । पिताले दिएको इटहरी र धरानका पैत्रिक जग्गा

बेचेर काठमाडौँमा बनाएको सानो कुटीमा रही जीवनलाई घिसार्न थालियो । यसरी घिसार्दै अघि बढ्ने जीवन नै वास्तविक जीवन रहेछ भन्ने बुझिँदै गइयो । जुन दिन घिसार्न सकिँदैन त्यो दिनदेखि जीवन पनि शेष रहँदैन भन्ने बोध पनि हुँदै गयो ।

प्रधानन्यायाधीश श्री गोविन्दबहादुर श्रेष्ठले मलाई सर्वोच्च अदालतको अस्थायी न्यायाधीशमा नियुक्ति गर्नुभएको थियो। सर्वप्रथम बालुवाटार प्रधानन्यायाधीशको सरकारी निवासमा गएर उहाँप्रति आभार प्रकट गर्रैं। एउटा संयोग भन्नुपर्छ, उहाँसँग म प्रशासन सेवामा कार्यरत रहँदा राजविराजमा बस्दादेखि नै परिचित थिएँ । पछि म दोलखा जिल्ला अदालतमा कार्यरत रहँदा उहाँ जनकपुर अञ्चल अदालतको न्यायाधीश र म वागमती अञ्चल अदालत र वागमती विशेष अदालत काठमाडौँमा कार्यरत हुँदा उहाँ मध्यमाञ्चल क्षेत्रीय अदालतको न्यायाधीश हुनुहुन्थ्यो । पूर्वपरिचयको साथै उहाँ मातहत अदालतमा रहेर काम गरेको कारणले उहाँ अत्यन्त स्नेहपूर्वक व्यवहार गर्नुहुन्थ्यो । उहाँसँग शपथग्रहण गर्ने समय मिलाइ तोकिएको समयमा शपथ लिएर जिम्मेवारी शुरू गर्रैं । पहिलो दिन माननीय न्यायाधीश अनुपराज शर्मा र मेरो संयुक्त इजलास थियो ।

सबै पुनरावेदन अदालत, विशेष अदालत वा अन्य निकायबाट भएका मुद्दाको पुनरावेदन, पुनरावेदनको अनुमति, दोहोऱ्याइ पाउँ भन्ने निवेदन, मौलिक हक हननसम्बन्धी रिट निवेदन र देवानी र फौजदारीलगायत बहु विषयका मुद्दाको निरूपण सर्वोच्च अदालतबाट नै हुन्छ। जिल्ला, अञ्चल, विशेष, पुनरावेदन अदालतबाट सर्वोच्च अदालतमा काम शुरू गर्दा अदालतको स्तरअनुसारको कामको प्रकृति र जिम्मेवारी केही फरक हुनु स्वाभाविकै हो । तल्लो तहमा काम गर्दा कुनै त्रुटि भएमा माथिल्लो अदालत सर्वोच्च अदालतबाट संशोधन वा सुधार हुने गुन्जायस रहन्छ तर सर्वोच्च अदालतमा रहेर काम गर्दा अपवादबाहेक पुनःसंशोधन हुने अवस्था हुँदैन । सर्वोच्च अदालतको आदेश वा निर्णय अन्तिम हुन्छ । कानूनको व्याख्यासहितका फैसला संविधानतः मातहतका सबै न्यायिक एवम् अर्द्धन्यायिक निकायले नजिरको रूपमा अनुसरण र पालना गर्नुपर्छ ।

न्यायायाधीशले निरन्तर कानून र न्यायसँग सम्बन्धित विधिशास्त्रका सामग्री अध्ययन र अनुसन्धान गरिरहनुपर्छ। निरन्तर चिन्तन-मनन गरेर विवादित विषय राम्ररी बुझ्नुपर्छ । यसका लागि सम्बन्धित विधिशास्त्रको अध्ययन र मनन आवश्यक हुन्छ। यसको साथै आफ्नो बुद्धि र विवेक पनि प्रयोग गर्नुपर्छ। आफूले जानेका कुराले न्यायिक क्षमता विकास गर्ने आधार पनि बन्छ। न्यायिक ज्ञान र क्षमताको विकासमा स्वाध्ययन र चिन्तन नै आवश्यक हुन्छ । सर्वोच्च अदालतबाट

न्याय-सम्पादनमा गहन अध्ययन र प्राज्ञिक क्षमता अपरिहार्य आवश्यक हुन्छ। यही विषयमा केन्द्रित रहेर आफ्नो उमेर र समयको सबैभन्दा सुन्दर र आदर्शोन्मुख दैनिक अध्ययन र चिन्तनमा केन्द्रित हुन थालेँ।

मातहत अदालतको लामो अनुभवले त्यहाँको काम कार्यवाहीमा धेरै मद्दत गऱ्यो। कामले आफ्नो विश्वासमा बृद्धि गऱ्यो। जुन दिन आदेश वा निर्णय गरिन्छ, आफ्ना टिपोट कापी लिएर घरमा आएर निर्णय लेख्न सके काम सकिँदै जाने र निर्णय लेखनमा सरल हुने पुनरावेदन अदालतकै अनुभूतिलाई मैले निरन्तरता दिएँ। प्रत्येक दिनको निर्णयको सिलसिलेवार नम्बर, मुद्दाको नाम-नामेसी, इजलासका सहकर्मी न्यायाधीश, इजलास सहायकलगायतको विवरण पुस्तिका बनाएर इजलास मा बसी न्याय निरूपण र फर्छ्यौटमा अग्रगति दिएँ। फलस्वरूप म बसेको इजलासबाट किनारा भएका मुद्दाको आदेश वा निर्णय लेखनमा विलम्ब कहिल्यै भएन। पक्षहरूले आदेश वा निर्णयको लागि इजलासमा बस्ने न्यायाधीशसमक्ष आग्रह गर्नुपरेन। यो कामको शैली मैले जिल्ला अदालतमा काम गर्दादेखि नै अनुसरण गरेको थिएँ।

प्र. न्या. श्री गोविन्दबहादुर श्रेष्ठ उमेरको हदले उहाँ सेवानिवृत्त भएपछि श्री हरिप्रसाद शर्मा प्रधानन्यायाधीशमा नियुक्त हुनुभयो। उहाँको पनि कार्यकाल ५-६ महिना मात्र रह्यो। उहाँ निवृत्त भएपछि श्री दिलीपकुमार पौडेल प्रधानन्यायाधीशमा नियुक्त हुनुभयो। उहाँको कार्यकालमा न्यायपरिषद्को सिफारिसमा मिति २०६२।९।४ मा श्री ५ महाराजाधिराजबाट सर्वोच्च अदालतको स्थायी न्यायाधीशमा नियुक्त भएँ। (नियुक्तिपत्र परिशिष्ट)।

जन-आन्दोलनमार्फत संसद् पुनर्स्थापना भयो। श्री ५ बाट संस्थापित संसद्ले नै श्री ५ को अधिकार सबै निलम्वन गऱ्यो। अब प्रधानन्त्रीले नै राज्य र सरकारको प्रमुखकसमेतको जिम्मेवारी ग्रहण गरी कार्य सञ्चालन गर्ने गरी सरकार बन्यो। राज्यप्रमुखको नाताले प्रधानमन्त्रीबाट प्रधानन्यायाधीशलगायत संवैधानिक निकायका पदाधिकारीहरूलाई पुनः शपथग्रहण गराउने कार्य गरियो। संविधानसभाको निर्वाचनपछि संविधानसभाका २६४ सदस्यमध्ये २६० सदस्यले नेपाललाई गणतन्त्रको घोषणा गरेपछि राजतन्त्र समाप्त भएर नेपाल गणतन्त्रमा परिणत भयो।

प्रधानन्यायाधीश श्री दिलीपकुमार पौडेल निवृत्त भएपछि श्री केदारप्रसाद गिरी प्रधानन्यायाधीशमा नियुक्त हुनुभयो। मेरो कार्यकालमा श्री गोविन्दबहादुरदेखि

श्री केदारप्रसाद गिरीसम्म चार जना प्रधानन्यायाधीश भए। सबै प्रधानन्यायाधीश मेरो सेवा, क्षमता, निष्ठा, समर्पणभाव, इमान्दारिता र कतर्व्यपरायणता देखी सन्तुष्ट भएको अनुभूति सम्हालैं। त्यसैको कारणले होला उहाँहरू सबैले मसमेत भएको इजलासमा देवानी र फौजदारी प्रकृतिका जटिल र अधिक सङ्ख्याका लगाएका मुद्दा निरूपण गर्न जिम्मेवारी दिने गर्नुहुन्थ्यो।

सर्वोच्च अदालतमा सदैव कामको चाप बढी नै हुन्छ। इजलासमा नबस्दा आफूले गरेका निर्णयहरूको पूर्णपाठ तयार गर्नुपर्ने हुन्छ तर इजलासमा बस्दा भने आफूलाई तोकिएका मुद्दा सुनवाइ गरी न्याय-निरूपण गर्नुपर्ने हुन्छ। म शुरू जिल्ला अदालतबाट प्रवेश गरी नेपालको पूर्व-पश्चिम, तराई र पहाडी सबै क्षेत्रका विवादहरूको न्याय-निरूपणको अनुभव गरेकाले कार्यकालका सबै प्रधानन्यायाधीशबाट देवानी, फौजदारी विषयका जटिल मुद्दाहरू प्रायः म संलग्न इजलासमा तोकिने गर्थैं। मैले सबै तहका अदालतमा कार्यरत रहँदा कहिले पनि मुद्दा सजिलो वा अफ्ठ्यारो हुन्छ भन्ने कुरा मानिनँ। विवाद निरूपण गर्न इजलासमा बसेर पेश भएका मुद्दाको मिसिल विस्तृत अध्ययन गरेपछि अफ्ठ्यारो वा सजिलो भन्ने विषय नै बाँकी रहँदैन।

मुख्य कुरा पेश भएका मुद्दाको विवादित तथ्य, सम्बन्धित प्रमाण, कानून र तत्सन्दर्भमा सर्वोच्च अदालतबाट यसअघि नजिर कायम भए सोसमेत अध्ययनपछि विवाद निरूपण गर्न कुनै अफ्ठ्यारो हुँदैन। इजलासमा बस्दा पनि यसैमा सदैव दत्तचित्त एवम् केन्द्रित हुनुपर्छ नै। संयुक्त वा पूर्ण इजलासमा बसी विवाद निरूपण गर्दा समकक्षी न्यायाधीश, इजलासमा कार्यरत अधिकृत, पक्ष-विपक्ष र उनीहरूका कानून-व्यवसायी सबैको सदैव सहयोग प्राप्त भयो। कुनै पनि निर्णय विवादित बनेनन्। यो सबै सबैको सौहार्दपूर्ण सहयोगले सुसम्पन्न भयो भन्ने विश्वास लिएँ। यसरी इजालासमा एकै प्रकृति वा लगाउका ५-७ थानदेखि ११२ थानसम्मका मुद्दाहरू न्याय-निरूपण गर्ने दायित्व पूरा गरैं।

नेपालका अदालतमा पेश हुने मुद्दाका मिसिलहरू इजलासमा बस्नुपूर्व अध्ययन गरेर बहस सुन्ने परिपाटी छैन। इजलासमा नै पेश भएका मिसिलका कागजात अध्ययन गरेर बहस सुन्ने गर्दा पेश भएका सबै मुद्दाहरू अझ लगाउका धेरै सङ्ख्या भएका मुद्दाको सोही दिन निरूपण गर्न यदाकदा समयले पनि पुग्दैन। मुद्दाका पक्ष-विपक्षहरू टाढा-टाढाबाट आएका हुन्छन्। उनीहरूको काठमाडौंमा बस्न, खान र घर फर्कन धेरै खर्च हुन्छ। कानून-व्यवसायीहरूको शुल्क तिर्न नसक्ने पक्ष पनि हुन्छन्। अदालतबाट नियुक्त वैतनिक वकीलबाट रामै प्रतिनिधित्व हुने भए

पनि शुरू तहदेखि मुद्दा व्यहोर्दै आएका पक्षले वैतनिक वकीलबाट राम्रो प्रतिनिधित्व हुन नसके मुद्दा हारिने हो कि भन्ने भय वा त्रासमा हुन्छन् । त्यसै कारणले नाम चलेका कानून-व्यवसायीलाई राख्ने चाहना हुन्छ । त्यस्तोमा बढी शुल्क बुझाउनुपर्ने अवस्था पनि आउन सक्छ । यी र यस्तै कारणले पनि पक्षहरू बढी पीडित हुन्छन् भन्ने मेरो बुझाइ रह्यो ।

सर्वोच्च अदालतमा बढी मौलिक हक प्रचलन गराई पाउँ भन्ने रिट निवेदनहरू पनि पर्छन् । यस्ता रिट निवेदन दर्ता भएको अर्को दिन पेशीमा आउँछन् र अवस्थाअनुसार अग्राधिकार पनि पाउँछन् । नेपालका टाढा-टाढा सुदूर स्थानहरूबाट तह-तह हुँदै सर्वोच्च अदालतमा पुनरावेदन वा दोहोऱ्याई पाउँ भन्ने प्रकृतिका विवादहरू पनि पर्छन् । सुदूर टाढाबाट आउनेका वर्गका लागि अलग्गै इजलासबाट चाँडै सुनवाइ हुन सकेको छैन । मेरो अनुभव र अनुभूतिले भन्छ- थुनुवा, महिला, बालबालिका, फरक क्षमता भएका र ज्येष्ठ-नागरिकहरूका लागि दिनहुँ पृथक् इजलास गठन वा अग्राधिकार दिई चाँडो सुनवाइ गरेर विवाद समाधान गर्न सकेमा सर्वोच्च अदालतबाट सहज र शीघ्र न्याय प्राप्त हुन्छ भन्ने जनविश्वास बढ्छ । यद्यपि व्यवहारमा यस्तो हुन सकेको पाइँदैन । यसो हुनुमा अधिकाङ्श प्रकृतिका मुद्दाहरू सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने, कानूनी त्रुटिमा निस्सा प्राप्त हुने र मौलिक हक वा सार्वजनिक सरोकारका विषयका बढी रिट उजुरीहरू र न्यायाधीशको सीमित सङ्ख्या नै हो भन्ने मैले सम्झेको छु । सेवाग्राहीहरूले समयमा सेवा प्राप्त गर्न सक्ने उपयुक्त प्रबन्ध र व्यवस्थापनमा ध्यान दिन सकेमा मात्र सबैको न्यायमा पहुँच पुग्न सक्छ भन्नेमा विश्वस्त छु ।

त्यस्तै अन्तिम भएका फैसलाहरूको कार्यान्वयनतर्फ पनि विशेष पहल आवश्यक छ । फैसलाबाट जीत हासिल भए पनि कार्यान्वयन समयमा भएन भने पक्षले न्याय प्राप्त गरेको अनुभूति गर्न सक्तैन । कार्यान्वयन शुरू जिल्ला अदालतबाट नै हुने व्यवस्था छ । फैसला कार्यानवयन निर्देशनालयबाट सुपरिवेक्षण हुने गरेको छ । तथापि कार्यान्वयनलाई समसामयिक एवम् प्रभावकारी बनाउने नीति-निर्माण सर्वोच्च अदालतबाट नै हुने गर्छ । त्यसको लागि समुचित कानूनी, डिजिटल र व्यावहारिक प्रबन्ध पनि गरिनु आवश्यक छ । यसो भएमा अदालतप्रति जनआस्थामा अभिवृद्धि हुनेछ ।

अर्कोतिर आजको युग वा समयको मागअनुसार डिजिटल प्रणालीको माध्यमबाट सङ्क्षिप्त रूपमा लेख्ने- दर्ता, तारिख, पेशी, साक्षी परीक्षण,

बहसलगायत अनलाइनबाट गर्ने र निर्णय सुनाएकै समयमा निर्णयको सारांश पनि तत्काल पक्षहरूलाई निःशुल्क उपलब्ध गराउने व्यवस्था हुन पनि आश्यक छ। अब समयको मागअनुसार क्रमशः कागजविहीन प्रणालीको विकास गर्नुपर्छ कि ! यसका लागि न्यायाधीश, कानून-व्यवसायी, अदालतका अधिकृतहरूलाई यस्तो लेखनशैली यावत विषयमा जिम्मेवारीअनुसार समुचित प्रशिक्षणको व्यवस्था हुन सकेमा प्रभावकारी हुन सक्तछ। यसको लागि अन्य विकसित मुलुकमा हुने गरेका कुराको अध्ययन गरी आश्यकतानुसार प्रशिक्षणको व्यवस्था, डिजिटल सूचना आदान-प्रदान र कार्यसञ्चानलको संयन्त्र विकास हुनसके सवै पक्ष लाभान्वित हुन सक्छन् भन्ने मेरो धारणा छ।

सर्वोच्च अदालतबाट प्रतिपादित महत्त्वपूर्ण निर्णय फैसलाहरू *कानून* पत्रिकामा प्रकाशित भएका हुन्छन् तर सबै फैसलाहरू नजिर हुने होइनन्। यस विषयमा अध्ययन गरेर विषयगत रूपमा छुट्याएर अध्ययन सामग्रीको रूपमा सार सङ्ग्रह निकाल्नुपर्छ। यस्ता सामग्री अनलाइनबाट अध्ययन गर्न पाउने व्यवस्था पनि हुनुपर्छ ।

नेपालले मानवअधिकार संरक्षण र सम्बर्द्धनको सन्दर्भमा संयुक्त राष्ट्रसङ्घअन्तर्गत विभिन्न अन्तर्राष्ट्रिय अभिसन्धिमा सहमति जनाएको छ। त्यस्ता सहमतिअनुसार कानून बनाउन सर्वोच्च अदालतबाट पनि समय-समयमा निर्देशनात्मक आदेश भएका हुन्छन्, तदनुसार कानून निर्माण हुनु आवश्यक छ।

## सार्वजनिक सरोकारका केही फैसला

सर्वोच्च अदालतमा रही न्याय-निरूपण गर्ने क्रममा मसमेत संलग्न इजलासबाट भएका विधिशास्त्रसम्बन्धी जनसरोकारका केही फैसला सङ्क्षिप्त रूपमा उल्लेख गरेको छु ।

(१) क. फौजदारी कसूरमा पक्राउ परेका व्यक्तिलाई पनि शारीरिक वा मानसिक यातना र अपमानजनक व्यवहार नगरिने प्रत्याभूति संविधानले गरेको अवस्थामा कुनै फौजदारी कसूर लागे वा नलागेका कुनै पनि व्यक्तिलाई कुनै पनि किसिमको शारीरिक यातना वा कुटपिट गर्न पाइँदैन। ख. संविधान विपरीत कानून बनाउन पनि हुँदैन। ग. नेपाल पक्ष भएका

सन्धिका व्यवस्थाले सबै प्रकारका यातना, अमानवीय र अपमानजनक व्यवहारलाई पूर्णतः निषेध गरेको स्थितिमा ती सन्धिका व्यवस्था प्रतिकूल कानून बन्न उपयुक्त नहुने । घ. व्यावहारिक जीवनमा बालबालिकामाथि यातनाजन्य कार्य गर्न पनि कानूनसम्मत नहुने । ङ. *बालबालिकासम्बन्धी ऐन, २०४८* को दफा ७ को प्रतिबन्धात्मक वाक्यांशमा उल्लिखित बाबु, आमा, परिवारका सदस्य, संरक्षक वा शिक्षकले बालकको हितको लागि हप्काउने वा सामान्य पिटाइ गरेकोमा यस दफाको उल्लङ्घन मानिने छैन भनी उल्लेखित प्रावधानमध्ये .....सामान्य पिटाइ गरेका.....अंशसम्म *नेपाल अधिराज्यको संविधान, २०४७* को धारा १४(४) र २५(८) प्रतिकूल हुँदा आजका मितिदेखि लागु हुने गरी नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८८(१) बमोजिम अमान्य र बदर घोषित हुने । देवेन्द्र आले वि. श्री ५ को सरकार । उत्प्रेषणयुक्त परमादेश । पूर्ण इजलास । निर्णय नं ७४३४ । ने. का. प. २०६१ पौष ।

(२) क. ऐन (२) १, ऐन निर्माण गर्दा के कस्तो शर्त वा बन्देज लगाउने र कस्तो अवस्थाका व्यक्तिले के-कस्तो पेशा, रोजगार वा सेवा गर्न पाउने निर्धारण गर्ने अधिकार संविधानले नै राज्यलाई सुम्पिएको अवस्थामा बनेको कानूनले व्यक्तिगत रूपमा कसैलाई असर पर्दैमा मौलिक हक कुण्ठित गरिएको अर्थ गर्न नमिल्ने । ख. कानून वा सोमा भएको संशोधनद्वारा थप व्यवस्था संविधान प्रतिकूल नभएको अवस्थामा यस अदालतले आफ्नो असाधारण अधिकार प्रयोग गरी असंवैधानिक भनी हस्तक्षेप गर्न पनि नहुने । ग. मूल ऐनमा ३० वर्ष उमेर पुगेका परम्परागत रूपमा आयुर्वेद चिकित्सा पेशा अपनाई आएका व्यक्तिले आफूले चलाई आएको पेशा चलाउन पाइने भनी विधायिकाले शर्त तोकेकोमा जनस्वास्थ्यको हितका लागि शैक्षिक योग्यता प्राप्त नगरेका तर अनुभवद्वारा सो पेशा गरी आई ५० वर्षको उमेर पुगेको व्यक्तिले मात्र आफूले गरी आएको पेशा गर्न पाउने भनी गरेको व्यवस्थालाई गलत भन्न नमिल्ने । घ. अतः संविधान बमोजिम बनेको कानून बदर नहुने । मधरबज्र बज्राचार्य वि. श्री ५को सरकार मन्त्रीपरिषद् सचिवालय । उत्प्रेषणयुक्त परमादेश । पूर्ण इजलास । निर्णय नं ७४४३ । ने. का. प. २०६१ माघ ।

(३) क. विलम्बको सिद्धान्त कानूनको रूपमा व्यवस्थित नभई अदालतले

मुद्दा-मामिलामा उचित न्याय गर्नका लागि प्रतिपादित सिद्धान्त हुनाले आफ्नो अधिकारको बेवास्ता गर्नेलाई मद्दत गर्न अदालतलाई कर लाग्दैन भन्ने तर्कमा विलम्बको सिद्धान्त आधारित हुने । ख. विलम्बको सिद्धान्त हदम्यादको सिद्धान्त होइन । हदम्यादसम्बन्धी कानूनी व्यवस्था जस्तो विलम्बको सिद्धान्तलाई प्रयोग गर्न पनि मिल्दैन । यसको लागि समय तत्त्व निश्चय नै महत्त्वपूर्ण हुन्छ तर समय तत्त्व नै एक मात्र निर्णायक तत्त्व भने नहुने । ग. अनुचित विलम्ब एक सापेक्षिक अभिव्यक्ति भएकाले त्यसको आधारमा लागू हुने विलम्बको सिद्धान्त लाग्न सक्ने अवस्था छ छैन भन्ने निष्कर्षमा पुग्न अदालतले मुद्दाको प्रकृति, सम्बन्धित पक्षको आचरण, निजले अदालतमा आउन लगाएको समय र निजलाई उपचार प्रदान गरेको खण्डमा त्यसबाट अरूको हक वा हितमा पर्न सक्ने असर जस्ता सबै कुरालाई समष्टीगत विचार गर्नुपर्ने । घ. न्यायको लागि अदालतमा आउने व्यक्तिलाई विलम्बको सिद्धान्तको आधारमा इन्कार गर्दा घोर अन्याय हुने वा कुनै गम्भीर कानूनी त्रुटि कायम रहन जाने र निजलाई मद्दत गरेको खण्डमा अरू कसैलाई कुनै प्रतिकूल असर नपर्ने वा त्यस्तो असर परे पनि त्यसलाई अनुचित वा तुलनात्मक दृष्टिकोणबाट अनुपयुक्त भन्न नमिल्ने देखिएमा मुद्दा किनारा गर्नको लागि विलम्बको सिद्धान्तको सहारा लिनु उचित नहुने । ङ. अदालतको काम र कार्यवाहीबाट निवेदकले उपयुक्त उपचार प्राप्त गर्न सक्तछ भने निवेदकले आफ्नो अधिकारको खोजीमा लापरवाही वा अनुचित विलम्ब गरेको भन्न पनि नहुने । च. पूर्व निर्णयमा समावेश भएको तथ्य, कानूनी प्रश्न, उठेको न्यायको मान्य सिद्धान्त र पछि निर्णय गर्नुपर्ने विचाराधीन मुद्दामा पनि सोही पूर्वनिर्णय भएको मुद्दामा विद्यमान रहेको तथ्यकै प्रकृतिको वा सादृश्य देखाउने प्रकृतिको तथ्य,उही कानूनी प्रश्न र उही न्यायका मान्य सिद्धान्तकै विषयमा केन्द्रित रही निर्णय गर्नुपर्ने अवस्था आएको हुनुपर्ने । द्वारिकामान सिंह प्रधान वि. नेपाल बैङ्क लि. धर्मपथ । संविधानको धारा २३ र ८८(२) बमोजिम आदेश गरिपाउँ । बृहत् पूर्ण इजलास । निर्णय नं. ७५५६ । ने. का. प. २०६१ फाल्गुण ।

(४) क. दुई पक्षको बीचको विवादमा प्रमाणको आधारमा कानूनबमोजिम अदालतले ठहर गर्नुपर्ने । कानूनी अस्पष्टतालाई प्रस्ट गर्ने उद्देश्यले कानूनका अक्षर, शब्द र वाक्यांशको व्याख्या गरेर अदालतले फैसला

गर्नुपर्ने । ख. *भूमिसम्बन्धी ऐन, २०२१* को दफा २५(क)मा मोही लागेको जग्गाको मोहीयानी हक बेचविखन, दानदातव्य वा कुनै किसिमले हक छोडाइ लिन नपाइने भएपछि जिल्ला अदालतबाट अंश हक लाग्ने भनी कि.नं. १२२ को जग्गाको अंश हक ठहराएको फैसला अन्तिम भए पनि कानूनी प्रावधानविपरीत त्यसलाई कानूनसङ्गत भन्न नसकिने । ग. फैसला कार्यान्वयन निर्धारित समयभित्र भएको छैन भने सो फैसलाको आधारमा मात्र हक कायम रहिरहने र अवस्था परिवर्तन भएपश्चात् पनि जहिले सुकै उजुर गर्न नसकिने । घ. मिति २०४८। १ । ८ को पारित बण्डापत्रबमोजिम दर्ता गराएको व्यक्तिको दर्ता नै बदर गराउनेतर्फ कुनै कारवाही गरेको अवस्था नहुँदा दाताकै दर्ता बदर नभएपछि निजले हस्तान्तरण गरिदिएको व्यक्तिको दर्ता बदर नहुने । ङ. अंश हक लाग्नै नसक्ने घर जग्गामा अंश हक ठहर भएको, रजिष्ट्रेशन पारित गरेको र छोडपत्रको कागज पनि बदर नभै क्रियाशील रहेको, घरजग्गा हस्तान्तरण भै प्राप्तकर्ताले नामसारी गराई घर बनाइसकेपछि बकस प्राप्तकर्ताको लिखत र दर्ता बदर गर्ने गरी पुनरावेदन अदालतले गरेको फैसला कानून र न्यायसङ्गत नहुँदा उल्टी हने । शिवराज राई वि. माणिकलाल , भुवनलाल श्रेष्ठसमेत । दर्ता बदर । पूर्ण इजलास । निर्णय नं. ७४५७ । ने.का. प. २०६१ फाल्गुण ।

(५) क. *न्याय-प्रशासन ऐन, २०४८* को दफा ९ को अवस्थाका मुद्दाबाहेक अन्य मुद्दामा एक तह मात्र पुनरावेदन अदालतबाट इन्साफ जाँचे पुग्छ। एउटै मुद्दामा पटक पटक तह तहबाट सुनवाई गरी इन्साफ जाँचिरहनु नपर्ने । ख. दुई तहबाट एउटा राय भएमा इन्साफ पर्छ, मुद्दा लम्बिनु हुँदैन । बरू चाँडो अन्त्य हुनुपर्छ भन्ने अवधारणा र मान्यताले शुरू र पुनरावेदन तहको राय मिलेमा *न्याय-प्रशासन ऐन*को दफा १२ को अवस्था विद्यमान भएमा मात्र यस अदालतबाट दोहोऱ्याई हेर्न सकिने । ग. दोहोऱ्याई हेर्दा वा पुनरावेदन गर्दा ऐनमा तोकिएको सीमित आधारमा मात्र हेर्नुपर्ने । घ. एक पटक यस अदालतले *न्याय-प्रशासन ऐन*को दफा १२ को अवस्था छैन भनी सर्वोच्च अदालतबाट अन्तिम भैसकेको मुद्दालाई ऐनको अर्को दफाअन्तर्गत पुनः मुद्दा जगाउन मिल्दैन । किशोरी महतो सूडी वि. रामसरोवर देवीसमेत । जालसाजी । पूर्ण इजलास । निर्णय नं ७८४३ । ने. का. प. २०६४ ।

(६) क. हदबन्दीभन्दा बढीको सरकारले कानूनबमोजिम प्राप्त गरेको जग्गा रोक्का र दाखिल खारेज, नामसारी हुन बाँकी रहेको कारणले पुनरावेदक निवेदकसमेत आफैँले मुद्दा गरी असफल भएपछि उनाउ व्यक्तिलाई बिक्री गर्ने कार्य असल नियतले गरेको मान्न नमिल्ने। ख. तहतहको फैसलाबाट हदबन्दी बढीको जग्गा समर्पण नगरी निर्णय बदल्ने उद्देश्यले बिक्री गर्दै जाने र त्यसको सोधभर्ना गर्नु नपर्ने ठहराएमा निवेदकले हदबन्दी बढी जग्गा राख्न पाउने दिए सरहको परिणाम निस्कने। ग. आफ्नो कानूनी दायित्व पूरा नगरी आफ्नो बाँकी रहेको जग्गालाई सुरक्षित राखी पाउन र तेस्रो पक्षलाई असर पर्ने गरी आफ्नो दायित्व तेस्रो पक्षमा सार्न नसकिने। घ. हदबन्दी बढी जग्गा निजले समर्पण गर्नुपर्ने। ङ. भूमिसुधार कार्यालयले अनुसूची प्रकाशित गरेपछि विवाद परेमा विवादको अन्तिम निर्णय भएपछि सो जग्गामा सम्बन्धित जग्गावालाको हक तथा अधिकार स्वतः समाप्त हुन्छ। हृदयराजको मु.स. गर्ने राधादेवी आचार्य वि.भूमिसुधार कार्यालय सुनसरी। जग्गा हदबन्दी छानवीन। पूर्ण इजलास। निर्णय नं. ७८५६। ने. का. प. २०६४ असोज।

(७) क. भइरहेको कानूनी व्यवस्थाबाट मुद्दा पुनरावलोकन गर्दा वा दोहोऱ्याई हेर्दा जुन आधारमा पुनरावलोकन वा दोहोऱ्याई हेर्ने आदेश भएको हो सोही आधार र सम्बद्ध विषयमा सीमित रही मुद्दा किनारा गर्नुपर्ने। ख. पुनरावलोकनको निस्सा प्रदान गर्दाको आदेश त्रुटिपूर्ण छ भने त्यस्तो आदेशको आधारमा पुनरावलोकन नहुने। ग. सर्वोच्च अदालतबाट एकपटक आफैँले सम्पूर्ण तथ्य र कानूनको आधारमा निरूपण गरेको अवस्थामा सो फैसला पुनरावलोकन गरी हेर्ने विशिष्ट वा विशेष प्रकार हो। त्यसै भएर पुनरावलोकन गर्ने आधार, अवस्था, प्रक्रिया सोहीअनुरूप निर्दिष्ट गरिएको हुन्छ। अन्य मामिलाजस्तो सामान्य प्रक्रियाबाट पुनरावलोकन गरिएमा मुद्दाको अन्तिमताको सिद्धान्त बर्खिलाप हुन जान्छ। घ. पुनरावलोकनको निस्सा भएकोमा निस्साका आधार नै निराधार, असङ्गत एवम् असम्बद्ध छ छैन सो हेरी निस्कर्षमा पुग्नुपर्ने हुन्छ। पुनरावलोकनको निस्सा दिँदाको आधार नै कानूनविपरीत छ भने मुद्दाका अन्य विषयमा प्रवेश गरी निरूपण हुन सक्तैन। मचा भाइ महर्जन समेत वि. दानबहादुर। अंश चलन। पूर्ण इजलास। निर्णय नं. ७८७७। ने. का. प.२०६४ पौष।

(८) क. अदालती बन्दोबस्तको ३६ नं बमोजिम चित्त नुझ्ने मनासिव कारण अनिवार्य हुनै पर्ने । ख. एकाघर परिवारका छोराको नाउँमा रही भोगचलन गरेको जग्गाको प्रकृति बारेमा पुनरावेदकलाई जानकारी थिएन भन्न नसकिने । ग. फिरादीले उल्लेख गरेका कारण मुनासिव नदेखिने । चन्द्रशेखर वि. नवराज । सट्टापट्टा । पूर्ण इजलास । नि.नं. ७४७९ । ने.का.प. २०६२ वैशाख ।

( ९) क. कानूनमा हुँदै नभएको शब्द छ भनी अर्थ गरिएमा कानूनको व्याख्या नभै संशोधन हुने । ख. अदालत व्यवस्थापन तथा न्याय-प्रशासनसम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐनको दफा २ (४) मा थाहा पाएको मिति भन्ने वाक्यांश वा शब्द उल्लेख नभएको अवस्थामा संशोधनपूर्वको कीर्ते कागजको, १८ नं. ले थाहा पाएको मितिले मुद्दा दायर भएकोलाई हदम्यादभित्रै दायर भएको मानिने भन्ने वाक्यांश रहेको नदेखिने । ग. संशोधनपूर्व नै कीर्ते कागजको साबिक १८ नं.को हदम्याद भए गरेको मिति नै कायम गरी अन्तिम रहेको अवस्थामा कानूनी व्यवस्थाको अभावमा काम भए गरेको मितिबाट शुरू हुने गरी कायम भई आएको हदम्यादलाई थाहा पाएको मितिबाट हदम्याद शुरू हुने मिति कायम भएको मान्न नमिल्ने । घ. अदालत व्यवस्थापन तथा न्याय-प्रशासनसम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०५८ ले कीर्ते कागजको महलको, नं १८ मा गरेको संशोधित व्यवस्थाले सो संशोधनपूर्व परिरहेका काम भए गरेको कुरा थाहा पाएको मितिबाट परेका जालसाजी मुद्दाहरूलाई पनि हदम्यादभित्र परेको भन्ने कथनसँग सहमत हुन नसकिने । ङ. *मुलुकी ऐन,* कीर्ते कागजको महलमा भएको २०५८ सालको संशोधन, सो ऐन जारी भएको मितिबाटै प्रारम्भ हुने भएबाट त्यसपछि पर्ने कीर्ते कागजको महलअन्तर्गतका विवादमा मात्र आकर्षित हुने । हरिप्रसाद खरेल वि. भद्रप्रसाद खरेल । पूर्ण इजलास । निर्णय नं. ७४८० । ने.का. प. २०६२ वैशाख ।

(१०) क. सामान्य अवस्थामा राज्यका जुनसुकै कामकारवाही संविधानको अक्षर र भावना अनुकूल सम्पादन गरिनुपर्छ र त्यसअनुरूप नपाइएमा त्यस्ता काम कार्यलाई संवैधानिक तथा कानूनी मान्यता दिन मिल्दैन । ख. असामान्य अवस्थामा जहाँ कुनै विकल्प छैन भने त्यस्तो अवस्थामा संविधानको कुनै स्पष्ट प्रावधान उल्लङ्घन गरेको अवस्थामा बाहेक संविधानको

आधारभूत संरचना वा अवधारणा प्रतिकूल नहुने गरी न्यूनतम रूपमा राज्य व्यवस्थाको सञ्चालनको सिलसिलामा राज्यबाट सम्पादन गरिने कार्यलाई अपरिहार्य आवश्यकताको आधारमा सम्पन्न गरिएको मान्नु न्यायिक उपयुक्तताको दृष्टिबाट समेत मनासिव हुने। ग. संवैधानिक प्रावधानविपरीत नभएमा आवश्यकताको सिद्धान्तअनुसार त्यस्ता कामकारवाहीले न्यायिक औचित्यता प्राप्त गर्ने। घ. प्रतिनिधिसभाको निर्वाचन हुन नसकेको कारण वजेट पेश गर्न नसकिएको अवस्थामा संविधानअनुसार अध्यादेश जारी गरी कर लगाउने तथा करको दर परिवर्तन गरिएको कार्य संविधानसँग बाझिएको नदेखिने। परमादेश। पूर्ण इजलास। निर्णय नं. ७४९२। ने. का. प. २०६२ ज्येष्ठ।

(११) क. अचल सम्पत्तिसम्बन्धमा सामान्य ऐनबमोजिम अंशबण्डा र रजिष्ट्रेशनका व्यवस्थाबारे विशेष ऐन *भूमिसम्बन्धी ऐन* जारी हुँदाका अवस्थामा सामान्य ऐनका व्यवस्थासँग विधिकर्ता अनभिज्ञ रहेको सम्झन नमिल्ने। ख. सामान्य ऐनमा भएको अचल सम्पत्तिसम्बन्धी व्यवस्थाविपरीत जग्गाको हदबन्दीका सम्बन्धमा पति, पत्नी र नाबालक छोराको अधिकारका विषयमा ऐनले बेग्लै किसिमको व्यवस्था गरी विधिकर्ताले नै व्यक्ति र परिवारलाई जग्गा राख्न पाउने सीमा राखेकाले सोहीबमोजिम हेर्नुपर्ने। ग. *भूमिसम्बन्धी ऐन*बमोजिम पर्न आएको विवाद सोही ऐनबमोजिम निरूपण गर्नुपर्ने भएअनुसार गरिएको निर्णयबाट अंश हक पाइसकेकाको आफ्नो हकबाट वञ्चित भएको मान्न नमिल्ने। सरस्वतीकुमारी राणा समेत वि. भूमिसुधार कार्यालय काठमाडौँ। हदबन्दी। पूर्ण इजलास। निर्णय नं. ७५४८। ने.का.प. २०६२ असोज।

(१२ ) क. कुनै कानून कसैलाई लागु हुने र कसैलाई लागु नहुने वर्गीकरण गर्दा त्यसको औचित्यपूर्ण र विवेक परक हुनपर्ने अन्यथा स्वेच्छाचारी भई अन्यायपूर्ण हुने। ख. संशोधित नियम लागू हुँदाका दिनमा ३ वर्ष सेवा अवधि पूरा गरेका र नपुगेका हकमा विभेद गर्दा समानताको सिद्धान्तविपरीत हुने। ग. शाही सैनिक नियुक्ति र प्रमोशन नियमहरू, २०२०को नियम १८ (२) को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (क) को व्यवस्था संशोधित नियम लागू हुँदा ३ वर्ष सेवा अवधि पुगेकालाई लागू हुने तर तत्काल उपरथी पदमा बहाल रहेका र पछि ३ तीन वर्षको सेवा अवधि पुग्नेलाई लागु नहुने भनी व्यख्या गर्न नमिल्ने । प्रदीपप्रताप

बम मल्ल वि. मन्त्रीपरिषद्को कार्यालयसमेत। उत्प्रेषण परमादेश। पूर्णइजलास। नि. नं. ७७४४। ने.का. प. २०६३ मार्ग।

(१३) क. मौकामा योनी परीक्षण हुँदाका अवस्थामा उल्लेख नभएको तथ्य बकपत्रमा उल्लेख गरेका हेल्थ असिस्टेन्टको भनाइ प्रमाण योग्य नहुने। ख. पीडितको योनी परीक्षण, प्रत्यर्थीको वारदातस्थलको उपस्थिति र पहिचान, मौकाको जाहेरी एवम् बकपत्रलगायतको समष्टीगत प्रमाणबाट कसुर सिद्ध भएकोले शुरू र पुनरावेदनको फैसला त्रुटिपूर्ण ठहर। ग. अभियोग दाबी लिँदा नै प्रत्यर्थीको अंश भागको सम्पत्ति यकीन गरी दावी लिनुपर्नेमा सो नगरी हचुवा दावी गरी फैसला कार्यान्वयनको अवस्थालाई आकलन गरेको नपाइने। घ. अब फैसलाको कार्यान्वयन गर्न फैसलाको प्रतिलिपि प्राप्त हुना साथै प्रत्यर्थी झिकाई निजको पारिवारिक स्थिति, चल अचल सम्पत्ति यकीन गर्न अ.बं १३९,१३३ कमोजिम अंशियारसमेत बुझी प्रत्यर्थीको अंश यकीन गरी निजको आधा अंश भाग पीडितालाई दिलाई दिन शुरू जिल्ला अदालतलाई सूचना दिने। ङ. मौकामा स्वास्थ्य परीक्षण गर्दाको तथ्यविपरीत अदालतमा झूटो बकपत्र गर्ने हेल्थ असिस्टेन्टलाई विभागीय कार्यवाही गरी यस अदालतलाई जानकारी दिनु भनी स्वास्थ्य सेवा विभागलाई लेखि पठाउने। श्री ५ को सरकार वि. स्वाती वराल। जरजस्ती करणी। संयुक्त इजलास। नि. नं. ७६२६। ने.का. प. २०६२ फागुन।

(१४) क. *नेपाल कानून व्याख्यासम्बन्धी ऐन*को व्यवस्थाले ऐनबमोजिम भोगेको कुनै हक, सुविधा, कर्तव्य र संवैधानिक र कानूनी हक कुण्ठित नहुने। ख. नेपाल वायु सेवा निगमको सेवामा अयोग्य मानिँदैमा अनुमतिपत्र नवीकरण गर्न बन्देज लाग्ने कानूनी व्यवस्थाको अभावमा हवाई उडान सेवाको संवेदनशीलतासँग नैतिक पतन हुने कसुरको सजायलाई जोडेर आफ्नो दायित्वबाट पन्छिन नमिल्ने। ग. प्राइभेट क्षेत्रका हवाई कम्पनीहरूमा समेत सेवा गर्न बन्देज लाग्ने वा अयोग्य मानिने निष्कर्षमा पुग्नु कानून र विवेकलाई अस्वीकार गर्नु हो। घ. विपक्षीहरूबाट निवेदकहरूको लाइसेन्स नवीकरण गर्न नमिल्नेलगायत निर्णय र पत्राचारसमेत बदर भई परमादेश जारी हुने। रविन गौचनसमेत वि. श्री ५ को सरकार। उत्प्रेषणयुक्त परमादेश। संयुक्त इजलास। नि. नं. ७७८९। ने.का.प. २०६३ फागुन।

(१५) क. मुलुकी अ.ब. ९३ को व्यवस्थाअनुसार सामान्यतया नालेस गर्नेले नै पुनरावदेन गर्न पाउने भए पनि खास ऐनमा पृथक् व्यवस्था छ भने सोही व्यवस्था नै प्रभावकारी हुने *मुलुकी ऐन* प्रारम्भिक कथनमा उल्लेख भएको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुद्दा चलाएको भए पनि *सरकारी मुद्दासम्बन्धी ऐन, २०४९* को दफा २४ (१) मा नेपाल सरकार वादी हुने भन्ने मुद्दामा पुनरावेदन गर्ने अधिकार सरकारी वकीललाई हुनेछ भन्ने उल्लेख भएको र भ्रष्टाचार मुद्दा नेपाल सरकार वादी हुने भएबाट प्रस्तुत मुद्दामा सरकारी वकीलमार्फत पुनरावेदन आउनुपर्ने। ख. सम्बन्धित अधिकृत मातहत काम गर्ने कर्मचारीको प्रत्यक्ष नियन्त्रण गर्ने, संस्थाको हितमा निजहरूलाई परिचालन गर्ने र निर्देशित गरी सकारात्मक परिणाम आउने गरी कार्य सम्पादन गर्ने गराउने जिम्मेवारी भएको अधिकृत व्यक्तिले मातहतका कर्मचारीका कामको जिम्मेवारी वहन गर्नुपर्ने होइन भन्न नमिल्ने। ग. मातहतका कर्मचारीले काम बिगारेको भए नियमानुसार कार्यवाही चलाएर दण्डित वा सुधार गर्ने जिम्मेवारी कार्यालय प्रमुखको हुनेमा सो केही नगरी अरूमाथि जिम्मेवारी थोपरेर आफू दायित्वबाट पन्छिन नमिल्ने। घ. कार्यालय प्रमुखले कर्जा प्रवाह गर्दा पर्याप्त र उपयुक्त धितो एवम् सुरक्षण छ वा छैन भनी हेरी जाँची कर्जा प्रवाह गर्ने अन्तिम दायित्व रहेकोमा अरूलाई पन्छाएर उन्मुक्ति नपाउने। कर्जा प्रवाह गर्ने अन्तिम दायित्व कार्यालय प्रमुखको नै हुने। नेपाल सरकार समेत वि. लक्ष्मण, शरदबहादुरसमेत भ्रष्टाचार। संयुक्त इजलास। निर्णय नं. ७८५१। ने.का. प. २०६४ भदौ।

(१६) क. कानून-व्यवसायीले कानून, न्याय र न्यायका मान्य सिद्धान्तको आधारमा बहस गर्नुपर्छ। सीमाबाहिर गएर बहस गर्नु उचित नहुने।ख. तथ्यले स्थापितै नगरेको र हुँदै नभएका कुरा गरेर अदालतलाई भ्रमित गर्नु गम्भीर विषय हो। कानून-व्यवसायीले आफ्ना क्रियाकलाप अनि आचरण निर्धारित संहिता अनुकूल नै राख्नुपर्ने। ग. अदालतको प्रमुख कर्तव्य नै न्याय-सम्पादन गर्नु हो। अदालत सदैब खुला रही वास्तवमा अन्याय पर्नेले न्याय पाइरहेको । घ. निवेदकको संवैधानिक तथा मौलिक अधिकारमाथि आघात परेको नदेखिँदा निवेदन खारेज हुने। चक्रलाल श्रेष्ठ वि. पुनरावेदन अदालत पाटन। उत्प्रेषण युक्त परमादेश। संयुक्त इजलास। निर्णय नं. ७८४१। ने. का. प. २०६४ श्रावण।

(१७) क. कुनै व्यक्ति विशेषको नाउँमा दर्ता नरही धार्मिक प्रयोजनका लागि तयार गरेको पोखरीमा अन्य रैकर जग्गासरह प्रतिवादीका छोरा नातिमा हक सर्दै जान नसक्ने । ख. कसैको नाउँमा दर्ता नरहेको पोखरी सार्वजनिक नै मान्नुपर्ने । ग. पिता-पुर्खाले खनाएको भए पनि एक पटक धार्मिक सद्भावले समाजमा समर्पण गरेको पोखरीपछि त्यसमा छोरा-नातिको हक अन्य रैकर जग्गासरह स्थापित भइरहन्छ भन्न नमिल्ने । घ. सार्वजनिक पोखरीको संरक्षण गर्नुपर्ने दायित्वबाट विमुख भई सार्वजनिक पोखरीका सम्बन्धमा चलेको खिचोला मुद्दामा गाँउ विकास समितिका अध्यक्षले व्यक्ति विशेषको मान्यता दिई वादी दावी कायम हुने गरी गरेको मिलापत्रले कानूनी मान्यता नपाउने । सुरेन्द्रप्रसाद यादव वि. अनिरुद्रपासाद चौधरी । मिलापत्र बदर । संयुक्त इजलास । निर्णय नं. ७८६३ । ने.का. प. २०६४ असोज ।

(१८) क. अंशियारको नातामा विवाद नभएपछि अंश पाउने कुरालाई जन्मसिद्ध अधिकारको रूपमा लिनुपर्ने । ख. कुनै पनि व्यक्तिले कानून प्रतिकूल अंशविहीन हुनपर्ने वा पटक-पटक अंश पाइरहने भन्ने स्थिति स्वीकार्य नहुने । ग. अंशमा दावी गर्नेले आफू अंशियार भएको र अंश नपाएको तथ्य स्थापित गर्नुपर्ने र अंश पाइसकेको भन्ने प्रतिवाद गर्नेले सगोलको सम्पत्तिबाट अमूक-अमूक मितिमा अमूक-अमूक सम्पत्ति यो रूपबाट प्राप्त गरेको हो र सो सम्पत्ति वादीको भोग स्वामित्वमा छ वा बिक्री व्यवहार, दान दातव्य वा अन्य कारणबाट निजको स्वामित्वमा छैन भन्ने पुष्ट्याइँ गर्नुपर्ने । घ. लिखत प्रमाण, भोग-व्यवहारको अभावमा अंशबण्डा भइसकेको ठहराउन नमिल्ने । बुद्धरत्न खडगीसमेत वि. धर्म खडगी । अंश । संयुक्त इजलास । निर्णय नं. ७९२० । ने.का. प. २०६५ वैशाख ।

(१९) क. अप्राकृतिक मैथुन वा करणी दुबै समानार्थी शब्द भएकाले एकै लिङ्गका बीच र विपरीत लिङ्गबीचका नाबालकसँग हुने करणीलाई कानूनन् अप्राकृतिक करणी मानिने । ख. चार वर्षीय नाबालकलाई पुनरावेदक प्रतिवादीले गरेको कसूर *मुलुकी ऐन,* जबरजस्ती करणी महलको १,३, (१) र ९ (क) को विरुद्ध ठहर हुने । समीर शाक्य वि. श्री ५ को सरकार । अप्राकृतिक मैथुन । संयुक्त इजलास । संवत् २०६२ सालको फौ. पु नं. ३६८८ । अप्रकाशित ।

बाहौं प्रकाश

# बाह्रौं प्रकाश–सूची


**न्यायिक जाँचबुझ आयोगको जिम्मेवारी** ३०३

- सम्झनाको डायरी पल्टाउँदा ३०३
- कोटेश्वर निवासी रामहरि श्रेष्ठको अपहरण र हत्यासम्बन्धी न्यायिक जाँचबुझ आयोग ३०३
- प्रदीपकुमार खड्काको मृत्युसम्बन्धी न्यायिक जाँचबुझ आयोग ३०६
- निर्मल पन्त र पुष्कर डङ्गोलको हत्यासम्बन्धी न्यायिक जाँचबुझ आयोग ३०७
- केन्द्रीय कारागारमा गोलीकाण्ड घटनाको जाँचबुझ आयोग ३०८
- फैजान अहमदको हत्यासम्बन्धी आयोग ३०९

# न्यायिक जाँचबुझ आयोगको जिम्मेवारी

## सम्झनाको डायरी पल्टाउँदा

जीवनको लामो अवधि न्याय-सम्पादन गर्ने गहन सार्वजनिक सेवामा संलग्न भएँ । सेवामा रहँदा कुनै आरोप व्यहोर्नुपरेन । सदैव कानूनको परिधिमा रही निष्पक्ष न्याय-निसाफ गर्ने गहनतम जिम्मेवारी पूरा गरी मुलुक र मुलुकवासीको सेवामा आफूलाई समर्पण गरेँ । सेवानिवृत्त भएपछि आफ्नै परिवेशमा जीवन व्यतीत गर्ने र परिवारसँग रमाएर हाँसी खुशी बस्ने समय प्राप्त भएको थियो । यस्तैमा न्याय-परिषद्बाट प्रधानन्यायाधीश श्री केदारप्रसाद गिरीले जाँचबुझ आयोगमा रहेर न्यायिक अनुसन्धान कार्यमा सहयोग गर्न आग्रह गर्नुभयो । नेपाल सरकारको तर्फबाट मुख्य सचिव र गृहसचिवले पनि आग्रह गरे । यसरी सरकारले मेरो थप सेवा लिने निर्णय गरेर समय समयमा विभिन्न न्यायिक जाँचबुझ आयोगको थप जिम्मेवारी सुम्पेको थियो ।

## कोटेश्वर निवासी रामहरि श्रेष्ठको अपहरण र हत्यासम्बन्धी न्यायिक जाँचबुझ आयोग

कोटेश्वर निवासी रामहरि श्रेष्ठलाई माओवादी कार्यकर्ताले अपहरण गरी हत्या गरेको सम्बन्धमा न्यायिक जाँचबुझ गरी सत्यतथ्य पत्ता लगाई दोषीउपर कारबाही र पीडित पक्षलाई उचित राहत उपलब्ध गराउनेसम्बन्धी प्रतिवेदन पेश गर्न जाँचबुझ आयोग ऐन, २०२६को दफा ३(२) बमोजिम नेपाल सरकारको

मिति २०६५।२।९को निर्णयानुसार मेरो अध्यक्षतामा नेपाल प्रहरीका अतिरिक्त प्रहरी महानिरीक्षक श्रीअम्बरसिंह शाह सदस्य र महान्यायाधिवक्ताको कार्यालयका सहन्यायाधिवक्ता श्री सरोजप्रसाद गौतम सदस्य रहेको न्यायिक जाँचबुझ आयोग गठन भएको थियो ।

कार्यादेशमा रामहरि श्रेष्ठलाई माओवादी कार्यकर्ताले अपहरण गरी चितवनको शक्तिखोरमा लगी हत्या गरेको सम्बन्धमा घटनाको कारण पत्ता लगाउने, घटनामा संलग्न व्यक्तिहरूका सम्बन्धमा न्यायिक जाँचबुझ गरी सत्य तथ्य पत्ता लगाउने, दोषीउपर कारवाही र पीडित पक्षलाई उचित राहत उपलब्ध गराउने सम्बन्धमा सिफारिससहितको प्रतिवेदन पेश गर्ने थियो ।

आयोगले जाँचबुझ गर्दा मिति २०६४।१२।१४ को राति १२ बजे रामहरि श्रेष्ठलाई निजको घर कोटेश्वरबाट अपहरण गरी बालाजुमा केही दिन राखी त्यहाँबाट चितवनको शक्तिखोरमा पुऱ्याई मरणासन्न हुने गरी कुटपिट गरेर अन्त्यमा चितवनको पुरानो मेडिकल कलेज अस्पतालमा भर्ना गरेकोमा उपचारको क्रममा नै निजको मृत्यु भएपछि लास शक्तिखोर नजिक जङ्गलमा गाडी दबाएको रहेछ। हत्याको विरोधमा काठमाडौँमा आन्दोलन चर्किएपछि गाडेको लास निकाली त्रिशुली नदीमा फालेको तथ्य पत्ता लाग्यो ।

रामहरि श्रेष्ठकै कोटेश्वरस्थित घरमा जनमुक्ति सेना तेस्रो डिभिजन मुख्यालयको सम्पर्क कार्यालय राखेको रहेछ। सो कार्यालयमा मिति २०६४। १२। १४ राति नगद रू १७ लाख र हतियार चोरीको घटना घटेर तीन दिनपछि फेला परेकोमा त्यसलाई सामान्यीकरण गर्न सकिने सम्भावना हुँदाहुँदै त्यसलाई जटिल बनाई रामहरिलाई दोषारोपण गरी अपहरण गरेर चरम यातना दिई मृत्युको अवस्थामा पुऱ्याउने र लास दबाउनेसम्मको कार्य भएको रहेछ। जनमुक्ति सेना तेस्रो मुख्यालयले चोरीजस्तो सरकारवादी फौजदारी मुद्दाको अनुसन्धान र तहकिकातको जिम्मा आफैँले लिई सङ्गठित रूपमा कानून हातमा लिइएको छ । आफ्नो परिवारको सदस्यलाई छानवीनका नाममा मध्यरातमा अपहरणको शैलीमा लैजाँदा र धेरै अवधिसम्म सम्पर्कविहीन अवस्थामा राख्ता पनि त्यसको जानकारी प्रहरी प्रशासनलाई निजको परिवारको सदस्यले गराएको पनि रहेनछ। कुटपिटबाट अशक्त उपचारका लागि भर्ना गरिएका बिरामीको उपचार गर्ने सिलसिलामा मेडिकल कलेजको गम्भीर असावधानीले संलग्न व्यक्तिको पहिचानमा जटिलता आएर मृत्यु भइसकेपछि पनि लास लुकाउने-छिपाउनेसम्मका क्रियाकलाप सम्भव

भएको रहेछ। मेडिकल कलेजमा खटिएको प्रहरीले पनि आफूसमक्ष आएका कानूनका विषयसम्बन्धी अभिलेख नराखेको र अनमिनले आफैं प्रमाणित हतियार चोरी भएर त्यसमा आफूसम्बद्ध जनमुक्ति सेनाका व्यक्तिहरू संलग्न रहेको जानकारी हुँदाहुँदै कानूनी दायरामा ल्याउन अनिच्छुक रहेको जस्ता कारणहरूले नै घटना घटेको रहेछ।

घटनाको गहन अनुसन्धान गरेर घटनाको उल्लेखित कारणसहित रामहरिको अपहरण गर्ने, कुटपिट गरी ज्यान मार्ने र लास दबाउने दोषी व्यक्तिहरू, उपचारमा लापर्वाह गर्ने चितवन मेडिकल कलेज, कलेज अस्पतालमा भर्ना गरेको घटना विवरण समयमा सूचना नगर्ने प्रहरीहरू, अनमिनको गैरजिम्मेवारीपनजस्ता गम्भीर त्रुटिहरू यकीन गरी घटनाको विस्तृत विवरण खुलाई उल्लेखित कार्यमा संलग्न व्यक्तिहरूलाई व्यक्ति अपहरण, शरीर बन्धक, हत्या, लास दबाउनेजस्ता गम्भीर कसुर हरूमा कानूनअनुसार हदैसम्म सजाय गर्न र पीडित परिवारलाई आर्थिक सहायता उपलब्ध गराउन नेपाल सरकार समक्ष सिफारिससहितको प्रतिवेदन प्रधानमन्त्री श्री गिरिजाप्रसाद कोइरालासमक्ष पेश गरेको थियो।

नेपाल सरकारले दीर्घसेवाबाट निवृत्त भएपछि मेरो संयोजकत्वमा दिएको जिम्मेवारी पूरा भएको थियो। यसमा आयोगका सदस्यहरूको पूर्ण साथ र सहयोग रहेको थियो भने सर्वोच्च अदालत, महान्यायाधिवक्तको कार्यालय र प्रहरीबाट खटेर आएका अधिकृतहरूको रचनात्मक सहयोग प्राप्त थियो। सदैव अदालतको इजलासमा बसेर न्याय-निसाफ गरेको व्यक्तिले रहस्यमय रहेको अपहरण र हत्या, लास दबाउनेजस्ता गम्भीर फौजदारी अपराधको घटनाको स्थलगत अध्ययन र सूक्ष्म अनुसन्धान गरियो। अपराधको जरोसम्म पुगेर हत्याको कारण र हत्याराहरूका बारेमा गम्भीर अनुसन्धान गरी सत्यतथ्य रूपमा निष्कर्षमा पुगिएको थियो। यो कार्यले अनुसन्धानमा लाग्ने पदाधिकारीले मेहनतका साथ समय दिएर अनुसन्धान गरेमा जस्तासुकै दोषीहरू पनि उम्कन नसक्ने र कानूनको दायरामा आउन सक्ने विश्वास उत्पन्न भएको थियो। यो कार्यबाट जीवन यात्रामा अर्को नयाँ अनुभूति प्राप्त भयो ।

आयोगलाई सुम्पेको काम सकेर प्रतिवेदन बुझाई पुनः आफ्नो दैनन्दिनी काममा संलग्न रहैं। नयाँ नयाँ पुस्तक खोज्नु र प्राप्त भएसम्मका दैनिक, साप्ताहिक र पाक्षिक पत्रपत्रिका अध्ययनमा नै आफूलाई केन्द्रित राख्न थालैं। यस्तैमा न्याय-परिषद्बाट प्रधानन्यायाधीश श्री केदारप्रसाद गिरीले पुनः अर्को आयोगमा

रहेर न्यायिक अनुसन्धान कार्यमा सहयोग गर्न आग्रह गर्नुभयो । नेपाल सरकारको तर्फबाट मुख्यसचिव र गृहसचिवले पनि आग्रह गरे । आयोगमा रहने सदस्यहरूमा पूर्ववत् उच्च तहका प्रहरी अधिकृत र सरकारी अधिवक्ता रहने संरचना थियो । उहाँहरूको आग्रहलाई स्वीकार गरेपछि मिति २०६५ ।५।९ मा मेरो अध्यक्षतामा अर्को आयोग गठन भयो ।

# प्रदीपकुमार खड्काको मृत्युसम्बन्धी न्यायिक जाँचबुझ आयोग

उदयपुर जिल्ला, कटारी गा.वि.स. वडा नं ४ स्थायी घर भई ललितपुर जिल्ला, इमाडोल गा.वि. स. वडा नं ३ कोड्कु नयाँबस्ती बस्ने प्रदीपकुमार खड्काको मिति २०६५ ।५ ।२५ का दिन ललितपुर बालकुमारी चोकमा सुरक्षा जाँचको क्रममा मृत्यु भएको थियो । सो घटनाको सत्यतथ्य छानवीन गरी सिफारिससहितको प्रतिवेदन पेश गर्न जाँचबुझ आयोग ऐन, २०२६ को दफा ३(२) बमोजिम नेपाल सरकारको मिति २०६५।५। २९को निर्णयानुसार मेरो अध्यक्षतामा अतिरिक्त प्रहरी महानिरीक्षक श्री श्यामसिंह थापा सदस्य, महान्यायाधिवक्ताको कार्यालयका सहन्यायधिवक्ता श्री महेशकुमार थापा  सदस्य रहेको न्यायिक जाँचबुझ आयोग गठन गरिएको थियो ।

## आयोगको कार्यादेश

प्रदीपकुमार खड्काको मिति २०६५।५ ।२५मा ललितपुरको बालकुमारी चोकमा सुरक्षा जाँचको क्रममा घटनामा परी मृत्यु भएको सम्बन्धमा घटनाको सत्यतथ्य छानवीन गरी घटनाको कारण पत्ता लगाउने, घटनामा संलग्न व्यक्तिहरूका सम्बन्धमा अध्ययन गरी घटनाका दोषी पत्ता लगाउने, दोषीउपर कारवाहीको सिफारिस र मृतकका आश्रित परिवारलाई क्षतिपूर्तिस्वरूप आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धमा सिफारिस सहितको प्रतिवेदन पेश गर्ने थियो ।

आयोगलाई दिएको निश्चित कार्यादेशबमोजिम मिति २०६५।५।२५ मा बालकुमारीमा सुरक्षा जाँच गर्ने प्रहरीहरूको कुटपीटबाट नै प्रदीकुमार खड्काको मृत्यु भएको घटनाको सत्यतथ्य पत्ता लगाई दोषी प्रहरीहरू यकीन गरी निजहरू विरुद्ध  कानूनबमोजिम अदालतमा मुद्दा दर्ता गर्न र मृतक अविवाहित हुँदा निजका माता-पितालाई आर्थिक सहयोग उपलब्ध गराउन सुझावसमेतको प्रतिवेदन नेपाल

सरकारसमक्ष प्रस्तुत गरिएको थियो । यसरी दोस्रो जाँचबुझ आयोगको जिम्मेवारी पूरा गर्न आयोगका सदस्यहरू र संलग्न अधिकृतहरूको अथक मेहनतबाट अनुसन्धान कार्य सुसम्पन्न भएको थियो ।

## निर्मल पन्त र पुष्कर डङ्गोलको हत्यासम्बन्धी न्यायिक जाँचबुझ आयोग

दोस्रो आयोगको प्रतिवेदन नेपाल सरकारमा बुझाई पूर्ववत् आफ्नो काममा व्यस्तरहेको अवस्थामा प्रतिवेदन बुझाएको लगभग एक महिना नबित्दै प्रधानन्यायाधीशले पुनः अर्को सार्वजनिक महत्त्वको आयोगमा रहेर सहयोग गर्न आग्रह गर्नुभयो । उता नेपालसरकारका मुख्यसचिव एवम् गृहमन्त्रालयका सचिवले पनि बराबर सहयोग गर्न आग्रह गरे । पहिले दुई आयोगमा रहेर अनुसन्धानको कार्य गरिसकेको र त्यो कार्यबाट नेपाल सरकार प्रभावित भएर नै आग्रह आएको थियो । मैले न्याय-निसाफ गर्ने कामबाट निवृत्त भए पनि सरकारले फौजदारी घटनाको अन्वेषण र अनुसन्धान कार्यमा मेरो सेवाको आवश्यकता देखेर आग्रह गरेकोले अस्वीकार गर्न उपयुक्त लागेन । काठमाडौँको स्यूचाटार निवासी खेलाडीहरू निर्मल पन्त र पुष्कर डङ्गोलको हत्यासम्बन्धमा *जाँचबुझ आयोग ऐन, २०२६* को दफा ३ (२) बमोजिम नेपाल सरकारको मिति २०६५ । ८ ।१८ को निर्णयले मेरो अध्यक्षतामा अतिरिक्त प्रहरी महानिरीक्षक श्री रविन्द्रप्रताप शाह सदस्य र महान्यायाधिवक्तको कार्यालयका सहन्यायाधिवक्ता श्री ऋषिराम दवाडी सदस्य रहेको जाँचबुझ आयोग गठन गरेको थियो ।

आयोगको कार्यादेशमा निर्मल पन्त र पुष्कर डङ्गोलको मिति २०६५ । ७ ।४ का दिन धादिङ मलेखुबाट अपहरण गरी हत्या गरेको सम्बन्धमा घटनाको सत्यतथ्य छानवीन गरी घटनाको कारण, घटनामा संलग्न व्यक्तिहरूका सम्बन्धमा अध्ययन गरी घटनाका दोषीहरू पत्ता लगाउने र दोषीउपर कारवाहीको सिफारिस र मृतकका आश्रित परिवारलाई क्षतिपूर्तिस्वरूप आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धमा सिफारिससहितको प्रतिवेदन पेश गर्ने थियो ।

आयोगले आफूलाई सुम्पेको कार्यादेशबमोजिम व्यापक अध्ययन र अनुसन्धान गर्दा स्यूचाटार निवासी निर्मल पन्त सितोरियो कराते खेलका ब्याकबेल्ट खेलाडी र पुष्कर डङ्गोल फूटबल र करातेका राम्रा खेलाडी थिए । निजहरूलाई मिति

२०६५।५।४ का दिन मलेखुबाट साङ्घातिक आक्रमण गर्दै अपहरण गरी क्रूर यातना दिई हत्या गरी ढोडेनीको जङ्गलमा लास गाडी त्यहाँबाट लासलाई पुनः निकालेर पिंडास्थित दर्याल खोलाको बगरमा लगेर गाडिको अवस्थामा भेटिएको थियो ।

घटनाको विस्तृत अध्ययन र अनुसन्धान गरी दोषीहरू पत्ता लगाई यकीन गरी निर्मल पन्त र पुष्कर डङ्गोलको अपहरण, शरीर बन्धक, हत्या र लास दबाएको चार कसुरमा दोषीहरूविरुद्ध कानूनबमोजिम अदालतमा मुद्दा दायर गर्न र आश्रितलाई आर्थिक सहायता प्रदान गर्नेसमेत सुझावको प्रतिवेदन नेपाल सरकारसमक्ष प्रस्तुत गरिएको थियो । आयोगलाई सहयोग गर्ने अधिकृतहरूलाई पुरस्कार प्रदान गर्नसमेत सिफारिस गरिएको थियो । आयोगका सदस्य तथा अधिकृतहरूको अत्यन्त मिहिनेतले आयोगको कार्य सुसम्पन्न भएको थियो ।

## केन्द्रीय कारागारमा गोलीकाण्ड घटनाको जाँचबुझ आयोग

काठमाडौँस्थित केन्द्रीय कारागार, जगन्नाथ देवलमा मिति २०६७ । ११। २६ का दिन खोटा सिक्का चलनसम्बन्धी मुद्दामा पुर्पक्षका लागि थुनामा राखिएका बन्दी युनुस अन्सारीलाई बाहिरबाट भेट्न भनी आएका व्यक्तिले गोली प्रहार गरेको घटनाका सम्बन्धमा घटना घट्नुको कारण, घटनामा संलग्न व्यक्तिहरूको सम्बन्धमा सत्य-तथ्य पत्ता लगाई राय-सुझाव र घटनाका दोषीहरूउपर कारवाहीको सिफारिससहितको प्रतिवेदन पेश गर्न र कारागार प्रणालीमा सुधार र सुदृढ गर्ने विषयमा सुझाव दिन *जाँचबुझ आयोग ऐन, २०२६* बमोजिम नेपाल सरकारबाट मिति २०६७। ११।३० को निर्णयानुसार मेरो अध्यक्षतामा नायव महान्यायाधिवक्ता श्री प्रेमराज कार्की र प्रहरी नायब महानिरीक्षक श्री कुवेरसिंह राना सदस्य भएको आयोग गठन भएको थियो ।

आयोगलाई कार्यादेशमा केन्द्रीय कारागारमा घटेको घटनाका सम्बन्धमा त्यहाँको समग्र सुरक्षाप्रणालीका बारेमा सत्य-तथ्य छानवीन गर्ने, केन्द्रीय कारागारमा घटेको घटनाको कारण र घटनामा संलग्न व्यक्तिहरूबारे सत्य-तथ्य पत्ता लगाई राय सुझाव र दोषीउपर कारवाहीको सिफारिस गर्ने, कारागार प्रणालीमा सुधार र सुदृढ गर्ने विषयमा सुझाव दिनेसमेत थियो ।

आयोगले व्यापक अनुसन्धान गरी तयार गरेको अन्तिम प्रतिवेदनपूर्व नै नेपाल सरकारले कारागार सुधारका लागि तत्काल गर्नुपर्ने विषयको सम्बन्धमा अन्तरिम संक्षिप्त प्रतिवेदनसमेत पेश गरेको थियो । आयोगले सुम्पिएको जिम्मेवारी सुसम्पन्न गरी कसुरदार पत्ता लगाई अदालतमा गोली प्रहार गर्ने भारतीय नागरिक मनमित सिंहलाई ज्यान र खरखजानासम्बन्धी कानूनअनुसार, संयोग र सहयोग पुऱ्याउने कारागारका अन्य कैदीहरू चार्ल्स शोभराजलगायतलाई पनि ज्यान सम्बन्धमा मुद्दा दायर गर्ने, आफ्नो जिम्मेवारी पूरा नगर्ने सम्बन्धित पदाधिकारीहरूलाई विभागीय कार्यवाही गर्ने र विदेशीका हकमा देश निकाला गर्नसमेत सिफारिस गरिएको थियो । कारागार प्रणाली सुधार र सुदृढ गर्ने र सुरक्षाका उपायका बारेमा पनि विस्तृत सुझावसहितको यथार्थ व्यहोराको प्रतिवेदन प्रधानमन्त्री श्री झलनाथ खनालसमक्ष पेश गरेको थियो ।

## फैजान अहमदको हत्यासम्बन्धी आयोग

सदाझैं दिन महिनाहरू व्यतीत भैरहे । दैनिक पत्रपत्रिका पढ्ने, प्राप्त भएम्मका पुस्तक अध्ययन गर्ने दिनचर्यामा नै दिन व्यतीत हुन लागे । यसैबीचमा नेपाल सरकारले अर्को अनुसन्धान कार्यमा सहयोग गर्न निम्त्यायो । मैले सम्बन्धित पदाधिकारीलाई भरसक अन्य व्यक्तिलाई राख्नुहोस् । मलाई अभिरुचि छैन भनेर पन्छाए पनि उनीहरूले बराबर आग्रह गरेकाले पुनः अर्को न्यायिक अनुसन्धान आयोगमा काम गर्न सहमति जनाएँ । इस्लामी सङ्घ नेपालका महासचिव फैजान अहमद घण्टाघरस्थित जामे मस्जिदमा दिउँसोको प्रार्थना गरेर फर्कँदै गर्दा मिति २०६८।०६।०९ का दिन करीब १।३०को समयमा अज्ञात व्यक्तिले गोली प्रहार गर्दा निजको मृत्यु भएको घटनाको सम्बन्धमा सत्यतथ्य बुझी छानवीन गरी सुझावसहित प्रतिवेदन पेश गर्न *जाँचबुझ आयोग ऐन, २०२६* बमोजिम नेपाल सरकारले मिति २०६८।६।२६ को निर्णयानुसार मेरो अध्यक्षतामा नायव महान्यायाधिवक्ता श्री प्रेमराज कार्की सदस्य र प्रहरी अतिरिक्त महानिरीक्षक श्री नरेश गुरुङ रहेको तीन सदस्यीय न्यायिक जाँचबुझ आयोग गरेको थियो । आयोगको कार्यादेशमा इस्लामी सङ्घका महासचिव फैजान अहमदको हत्या घटनाको कारण, घटनामा संलग्न व्यक्तिको सम्बन्धमा सत्य-तथ्य पत्ता लगाई दोषी यकीन गरी राय-सुझावसहित प्रतिवेदन पेश गर्ने थियो ।

आयोगले विस्तृत अनुसन्धान गरेर प्राप्त सूचनाहरूको विश्लेषण गरी विस्तृत प्रतिवेदन बुझाएको थियो ।

माथि उल्लिखित आयोगहरूमा अनुसन्धान गर्न आयोगका सदस्यहरू, आयोगमा खटिएर आएका अधिकृत र सहायकहरूले अथक मिहिनेत गरेका थिए । आयोगमा खटिएका सबैको दृढतापूर्वकको लगन, ज्ञान र क्षमताले नै आयोगको प्रतिवेदन यथार्थपरक र सुधारात्मक भएको थियो । न्यायिक अनुसन्धान गर्दा विधिशास्त्रको मूल्य, मान्यता, मुलुकको सुरक्षा, नागरिकको स्वतन्त्रताको संरक्षण र सम्बर्द्धनमा जोड दिइएको थियो । त्यस्तै समसामयिक रूपमा सरकारले गर्नुपर्ने कामको बारेमा ध्यानाकर्षण गरी सिफारिस गरिएको थियो । ती प्रतिवेदनमा गरिएका सुझावहरू अध्ययन गरी सुरक्षाका दृष्टिले उपयुक्त आधारमा सरकारले क्रमशः कार्यान्वयन गर्दै गएमा अपराध नियन्त्रण र सुशासनमा गतिलो जग बस्ने आधार सुझाइएको थियो ।

यसरी सेवानिवृत्त भएपछि विभिन्न पाँच न्यायिक जाँचबुझ आयोगहरूको अध्यक्षता गरी भिन्न-भिन्न विषयमा अनुसन्धान गरेर नेपाल सरकारलाई प्रतिवेदन बुझाएँ । पछि पनि अन्य आयोगहरूमा रही अनुसन्धानमा सहयोग गर्न मुख्यसचिव र गृहसचिवबाट बराबर आग्रह आइरह्यो । आयोगहरू गठन भई प्रतिवेदनहरू प्रस्तुत भए पनि किटान गरिएका दोषीहरूउपर कानूनबमोजिम अदालतमा अभियोजन गर्ने कार्य भएन भन्ने जनगुनासाहरू पनि आउन थालेकाले यस्तो अवस्थामा पुनः आयोगमा रहेर कार्य गर्नु उपयुक्त लागेन । मैले उहाँहरूको आग्रहमा मलाई होइन, अन्य विशिष्ट व्यक्तिलाई राख्न आग्रह गरेँ । यसरी सेवानिवृत्त भएपछि पनि करीब १ वर्षजति राष्ट्रसेवामा आफूलाई समर्पित राख्ने अवसर पाएँ ।

# तेहौं प्रकाश

# तेह्रौं प्रकाश–सूची

**धार्मिक यात्रा** ३१३

- स्वदेशको तीर्थाटन ३१३
- भारतको तीर्थाटन ३१८

# धार्मिक यात्रा

## स्वदेशको तीर्थाटन

### हलेसी महादेव

खोटाङ जिल्ला अदालत र अन्य अर्द्धन्यायिक निरीक्षण भ्रमणको क्रममा लामीडाँडाबाट हलेसी महादेवको दर्शन गर्दै जाने यात्रा तय गरियो । लामीडाँडाबाट तीन जना घोडामा सवार भएर हलेसीतिर तेर्सो र अलि अलि उकालो तरपाई तरपाई बाटो लागियो । अदालतका सहयोगीहरू पनि आएकाले हाम्रा झोला उनीहरूले बोके । बाटोमा पहाडी क्षेत्रको हरियाली, तरेली परेका खेतबारीमा लहलह पाकेका धानबाली हेर्दै अर्खोले बजार क्षेत्र छिचोल्दै अघि बढियो । पहाडको परिदृश्य हेरेर आँखा नअघाउने, हेरिरहूँ लाग्ने । अझ गुराँसेडाँडाका लालीगुराँसका रूखहरू हेर्दै रम्दै हलेसीतिर बढियो । यहाँको सुन्दरताले नेपालीपनलाई भित्रैदेखि छायो । झमक्क साँझमा हलेसी पुगियो ।

यहाँ मङ्सिर महिनामा ठूलो मेला लाग्दोरहेछ । हलेसी महादेवलाई पूर्वको पशुपति मानिन्छ । "हलेसीका महादेउ, दिनभरि खोर्जे कता थेऊ", भन्ने लोकोक्ति पनि सुनेको थिएँ, आज स्वयम् दर्शन गर्न उपस्थित भएँ । हलेसी मन्दिरका महन्तमध्येका गिरीको घरमा बेलुकी बास बसियो । सहयोगीहरूले खाना बनाए । कालो दाल र रायोको सागसँग भात खाइयो । ओढ्ने ओछ्याउने मैला भएकाले रात कटाउन निकै मुस्किल परे पनि आफ्नो अण्डीको खास्टोको भरमा रात कटाइयो । भोलिपल्ट हलेसी महादेवको दर्शन गर्न गयौं । मन्दिरको प्रवेश मार्ग सिँढीको मुखमा नै दाहिनेतिर विशाल बौद्ध गुम्बा रहेछ । गुम्बाको पनि दर्शन गर्दै प्रवेशद्वारमा जडित मङ्गलसूचक घण्ट बजाएर द्वारबाट भित्र प्रवेश गर्‍यौं । घुमाउने सिंढी र

बलियो रेलिङ सुरक्षाको लागि बनाइएको रहेछ। बिहानै गएकाले गुफाभित्र भीड थिएन। पुजारी मात्र रहेछन्। शिवलिङ्ग रहेको मण्डपअगाडि छेउमा जुत्ता खोल्यौं र हात धोएर पहाडको थुम्कीमुनि रहेको महादेवको पूजा गरियो। बत्ती बाली दर्शन गरियो। त्यहाँबाट पापद्वारतिर लागियो। त्यो अँध्यारोमा मेरो दाहिने गोडामा ठेस लाग्यो र रगत बग्यो। पाकेट रुमाल च्यातेर बेण्डेजको रूपमा बाधैं। पापद्वार भन्ने ठाउँमा दुईवटा ठाडो परेका ढुङ्गा रहेछन्। ढुङ्गाको बीचमा एउटा च्याप रहेछ। त्यही च्यापबाट छिर्ने धर्मात्मा र छिर्न नसक्ने पापात्मा मानिँदो रहेछ। मेरो गोडामा अघिनै ठेस लागेकाले मैले छिर्ने प्रयासै गरिनँ तर जि. न्या. गोपालजी र अधिकृत टेकनाथले छिर्ने काम गरे। सोचैं– मैले कुनै कुकर्म गरेको छैन, न्यायलाई अन्याय र अन्यायलाई न्याय हो भन्दै न्याय विचलन गरेको छैन। कसैको हानी-नोक्सानी गरेको छैन। कसैलाई दुःख-पीडा दिएको छैन। जिम्मेवारीअनुसार इजलासमा पेश भएको मुद्दा समयले भ्याएसम्म कानून र विवेकसम्मत फैसला गरेको छु। समय बाँकी हुँदै इजलासबाट उठेर कार्यकक्षमा पसी गफ गरेर अदालतको समय बर्बाद गरेको छैन। मातृभूमिप्रति मेरो भक्तिभावमा कत्ति पनि कमी छैन। यसबाट छिरेर धर्मात्माको प्रमाणपत्र मलाई  आवश्यक छैन। यही मनमा सम्झँदै आराध्यदेव महादेवलाई मैले सततः नमन गरैं।

पापद्वारबाट अगाडि बढी धर्मद्वारपट्टि लाग्यौं। अलिकति उचाइमा अवस्थित अफ्ठेरो चिप्लो ढुङ्गाको बीचमा रहेको प्वाललाई धर्मद्वार भनिँदोरहेछ। अलिक अफ्ठ्यारो भएकाले गोपाल र टेकनाथले पनि छिर्ने प्रयास गरेनन्। त्यहाँबाट गुफाको भुइँमा अर्को प्वाल रहेछ, जसलाई जन्मद्वार भनिँदोरहेछ। एक प्वालबाट पसेर अर्कोपट्टि निस्कने। हामी सबैले दर्शन गर्न जुत्ता परै फुकालेर मण्डपभित्र प्रवेश गरेका थियौं तर बुद्धमार्गीहरू भने दर्शन गर्न पनि जुत्ता लगाएर नै जाँदारहेछन्। त्यो बेथिति देख्ता र पूजारीले रोक्न नसक्ने देखेर आत्मग्लानि भयो। मन्दिर माथितिर गुफाभित्र समेत शिव-पार्वती सुतेको आकृति, पाइतालाका छाप, शङ्खचक्र देखिए। ती मनुष्यनिर्मितजस्ता देखिँदैन थिए। हुनसक्छ  हाम्रो त्यस्तो पर्गेल्ने क्षमतामा कमी होला। गुफाभित्र माथितिर सेता-सेता चुनका डल्लाजस्ता देखिन्थे। त्यो वस्तु के हो भनेर प्रश्न गर्दा पुजारीले बर्खा लागेपछि त्यहाँबाट दूधजस्ता सेता थोपा तप-तप झर्छन् भन्दथे। मेरो प्रथम दृष्टिमा त्यो सेतो पदार्थ चुन हुनुपर्छ भन्ने लाग्यो। हुन त त्यो परीक्षण गरेर निर्क्यौल गर्ने विषय हो तर धार्मिक मान्यतालाई कायम राख्न सम्भवतः दूध भनिएको हुँदो हो। फर्कने क्रममा बीचमा एउटा सिँढी देखियो। पहराको बीचमा गएर टुङ्गिने यो सिँढीबाट गौरापार्वती शिलासम्म पुऱ्याउँदोरहेछ। सिँढी उक्लिएर शिलाको दर्शन गर्यौं।

गुफाभित्रबाट निस्केर सिँढीको प्रवेशमार्ग मुखमा रहेको गुम्बाभित्र प्रवेश गर्‍यौं । लामाहरू बाजा बजाउँदै पाठ गर्दै थिए । यहाँ यो गुम्बा बनेकाले एक प्रकारले बौद्ध र शैवधर्मको समन्वय भएको मैले अनुभूति गरेँ । नेपालीले शिव र बुद्धलाई भगवान्कै रूपमा मानि आएकाले समन्वयात्मक रूपमा यो स्थानको वैभवता झल्कने स्थान बनाउन सकिने लाग्यो । यसको लागि विज्ञको समूहले योजना बनाउन सके राम्रो हुने सोच्दै आफ्नो दर्शन क्रमलाई अघि बढाएँ ।

त्यहाँ अर्को बसाहा थान गुफा रहेछ । यो गुफा पनि विशाल रहेछ । टाउको ननिहुर्‍याई हिँड्न सकिने । गुफाभित्र धेरै मानिस अटाउन सक्ने । पानी पर्दा मेला भर्नेहरू यही गुफाभित्र ओत लाग्दारहेछन् । गुफाको अन्तिम भागमा एउटा गोलो प्वाल रहेछ, यहाँबाट प्रकाश आउदोरहेछ । सम्भवतः यो प्वाल सूर्यको प्रकाश आउने दृष्टिले निर्माण गरिएको हो । यो गुफासँग पौराणिक कथा जोडिएको छ भनेर पुजारीले भनेका थिए । उनको भनाइअनुसार पार्वतीको सौन्दर्यबाट मुग्ध भष्मासुरले महादेवबाट प्राप्त वरदानको आडमा महादेवकै शिरमा हात राखेर महादेवलाई सिध्याई पार्वतीलाई लैजाने उद्देश्यले लखेटेपछि शिव-पार्वती यहीँ आएर लुकेका र पछि विष्णुले भष्मासुरलाई झुक्याई "आफ्नो हात आफ्नै शिरमा राख" भनेपछि आफ्नो हात राख्ता भस्मासुर स्वयम् भष्म भएको कथा र शिव-पार्वती यहाँको पहरो फुटाई कैलासतिर प्रस्थान गरेको भन्ने पौराणिक कथालाई यहाँ जोडिएको रहेछ ।

यो गुफा विशाल रहेछ । पोखराको महेन्द्र गुफा चर्चित भए पनि यति विशाल लागेन । मन्दिरको दक्षिणी भागमा केही पर्यटकहरू पाल टाँगेर बसेका रहेछन् । ती पनि बुद्धमार्गी नै थिए । स्थान तीर्थयात्राका लागि आकर्षक र उपयुक्त थियो । यहाँ नेपालको सबै क्षेत्रबाट दर्शनार्थी आउँदारहेछन् । धनकुटाको चानुवाबाट दर्शन गर्न आएका मैले जान-बुझेका दर्शनार्थीहरूलाई पनि त्यहाँ भेटेँ । दर्शन गर्ने तीर्थयात्रीहरूको लागि धर्मशाला, पाटी-पौवा बनाएको देखिएन । तीर्थयात्रीका लागि खाने बस्ने व्यवस्था, पिउने पानी , शौचालय आदिको प्रबन्ध रहेनछ ।

दर्शनपछि थुम्कीजस्तो भाग परिक्रमा गरियो । महन्त गिरीसँग, "गुम्बा किन हलेसी भगवान्को दर्शन गर्न जाने सिँढीको मुखमा बनाएको हो ? बुद्धमार्गीहरू किन जुत्ता लगाएरै मन्दिर दर्शन गर्न जान्छन् ? दर्शनार्थीहरूको लागि बस्ने पाटी-पौवा, धर्मशाला, खानेपानी, शौचालय आदिको व्यवस्थापन गर्न किन सम्भव नभएको होला ? मन्दिरको आयस्रोत के छ ? जस्ता प्रश्न गरेँ" तर उनले "बुद्धको गुम्बा बनाउन दिक्तेलका तत्कालिक प्र जि.ले अनुमति दिएको हो । हामीले

प्रतिरोध गर्न सकेनौं। मन्दिरको गुठी सम्पत्ति  तराईमा पनि छ तर नियमित आय आउँदैन। पाटी, धर्मशाला बनाउन सकिएको छैन" आदि टालटुले जबाफ दिए। परन्तु बुझ्दा त्यो गुम्बा बनाउन प्र जि.अ.र गिरीबन्धु मिली बुद्धमार्गीहरूसँग धेरै रकम अनुचित रूपमा प्राप्त गरी वि.सं. २०३६। २०३७ सालतिर बनाउन दिएको भन्थे। दर्शनार्थीले चढाएको भेटीमात्र होइन गुठीको आयस्रोत पनि सबै दुरूपयोग हुँदोरहेछ। व्यवस्थापनमा रेखदेख गर्ने प्रशासन नै महन्तसँग मिलेपछि गुठीयारले आयस्रोत दुरूपयोग गर्ने नै  भए। यसको समुचित प्रबन्ध गर्न स्थानीय प्रशासनले गर्नुपर्नेमा गरेको पाइएन। सबै मठ-मन्दिरका आयस्रोत यसरी नै दुरूपयोग हुँदो छ। गुठी संस्थानले एउटा निश्चित व्यवस्था कायम गर्न पहल गर्नु आवश्यक देखियो।

पर्यटकीय क्षेत्रको समुचित विकासका लागि दीर्घकालीन योजना बनाउने, सोको पूर्वाधारको रूपमा होटल, धर्मशाला, शौचालय, स्वास्थ्यचौकी, पानीको समुचित व्यवस्था, बाटोघाटोको प्रबन्ध र आवश्यक वस्तुहरू समुचित रूपमा आपूर्ति र घरमा बास बसाउने व्यवस्था (होमस्टे) गर्न सकेमा यस क्षेत्रको विकास द्रुत गतिले हुनेरहेछ। आजकाल सुन्दैछु, त्यहाँ सुविधासम्पन्न होटलहरू बनेका छन्। दर्शनार्थीलाई सुविधा प्राप्त छ तर पानीको अभाव भने उस्तै छ रे। नेपालका विभिन्न भागमा अवस्थित यस्ता प्राकृतिक दर्शनीयस्थलको सम्भार गरेर पर्यटकीय क्षेत्र विस्तार गर्न सकिन्छ। यसबाट यस क्षेत्रको समुचित विकास र स्थानीयको आय-आर्जनको स्थायी स्रोत बृद्धि हुने निश्चित छ। स्थानीय पालिकाबाट समुचित पहल भएमा समस्या समाधान हुन सक्छ।

## रिडी

पाल्पा जिल्ला अदालत र अन्य अर्द्धन्यायिक निकायको निरीक्षणको क्रममा म र श्रीमती कल्पनालाई धार्मिक रिडी क्षेत्रको भ्रमण, कालीगण्डकी स्नान र ऋषिकेश भगवान्को दर्शन गर्ने अवसर जुट्यो। साथमा जिल्ला न्यायाधीश श्री लेखनाथ रेग्मी र श्रेस्तेदार श्रीपुनाराम समेत सहभागी  भए। राणा प्रधानमन्त्री श्री ३ जुद्धशमशेरको अर्गली दरबार क्षेत्र हुँदै रिडीसम्म जानुपर्ने रहेछ। अर्गली दरबारमा बसेर उनी कालीगण्डकी स्नान गर्न प्रतिदिन घोडामा जानु-आउनु गर्थे भन्ने कुरा सहयोगीहरूले सुनाए तर हाल मोटर चल्ने डरलाग्दो ठाडो बाटो रहेछ। दरबार बनाएर राजसी ठाँटबाटमा बसे पनि उनलाई राजर्षिको नामबाट पनि इतिहाकारले सम्बोधन गरेका छन्। दरबार कस्तो थियो, हाल के कस्तो अवस्थामा रहेको छ

भन्ने कुरा समयाभावले मैले त्यसर्फ अध्ययन गर्न सकिनँ । पछि जुद्धशमशेर स्वयम् देहरादुनमा गएर बसेको इतिहासबाट जानकारी मिल्छ ।

रिडीलाई रुरुको नामले पनि सम्बोधन गरिएको पाइन्छ । पौराणिक कथाका आधारमा गण्डकी किनारमा आश्रम बनाएर तपस्यारत देवदत्तले कठोर तपस्या गरेका थिए । तपस्याबाट भयभीत इन्द्रले प्रलोम्चा नामकी सुन्दरी अप्सराद्वारा तपभङ्ग गर्न पठाएछन् । उनै तपस्वी देवदत्त प्रलोम्चासँग मोहित भएछन् । उनीहरूको सहबासबाट जन्मिएकी बालिकालाई छाडेर प्रलोम्चा स्वर्ग गइछन् । बालिकालाई मृगहरूले दूध ख्वाएर हुर्काए बढाए । ती बालिकाको नाउँ रुरु भन्ने रह्यो । यिनै रुरुले कठोर तपस्या गरेर विष्णु भगवान्लाई खुशी बनाएकाले बरदानस्वरूप चतुर्वाहु विष्णु उनै रुरुको बरदान मागअनुसार ऋषिकेशको नामबाट त्यहाँ विराजमान हुनु भएको हो भन्ने रहेछ । कठोर तपस्याबाट रुरुका सुकेका इन्द्रिय जागृत गराएकाले इन्द्रियलाई ऋषिक भनिने हुँदा श्रीविष्णुको नामबाट ऋषिकेश रहन गएको हो ।

ऋषिकेशको मन्दिर गुम्बज आकारमा बनेको छ । मन्दिरमा सुनौलो जलप लगाइएका तीनवटा गजुर लगाइएका छन् । यहाँ चतुर्वाहु ऋष्किेश (विष्णु) को मूर्ति गरुडलाई टेकी उभिएको अवस्थितिमा छ । विष्णुको वाहन गरुडको नमस्कार मुद्रामा मूर्ति स्थापित छ । तीन फिट नौ इन्च अग्लो चतुर्बाहु विष्णुको मूर्ति एउटै शालिग्रामबाट निर्मित छ ।

ऋषिकेशको मूर्ति र मन्दिरको बारेमा तत्कालिक पाल्पाली राजा मणिमुकुन्द सेनसँग जोडिएको एउटा किंवदन्ती छ । भनिन्छ, उनी स्नान गर्न लाग्दा ढुङ्गामा टाउको ठोकिन पुगेछ । त्यहाँ के रहेछ भनी उत्खनन गर्दा मूर्ति फेला परेकाले सोही मूर्तिलाई मन्दिर बनाई स्थापना गरिएको भन्ने पनि छ । मूर्ति असाध्य राम्रो छ । मन्दिर परिसरभित्र शिव, गणेश, राधाकृष्ण, गायत्री माताको मन्दिर छन् । सबै मन्दिर प्यागोडा शैलीमा निर्मित छन् ।

ऋषिकेश मन्दिरभित्र पुजारीबाहेक अरूले प्रवेश गर्न पाउँदैनन् । किंवदन्ती छ, "एकपटक राजाका पुर्खा राजारानीको भ्रमण हुँदा रानीले मन्दिर प्रवेशमा जोड गरिछन् । पुजारीले मन्दिर प्रवेश गर्नुहुँदैन भनी निषेध गर्दा पनि केही लागेन । हठ गरी रानी प्रवेश गर्नासाथ ऋषिकेशको मूर्तिको गजूर छाता खसेछ । केही समयपछि पुजारीको पनि अकस्मात मृत्यु भएछ" ।

उत्तरबाट दक्षिण बाहिनी पवित्र कालीगण्डकी र उत्तर-पश्चिमबाट पूर्व-दक्षिण बगेकी नदी गण्डकीमा मिसिई त्रिवेणी बन्न गएको छ । स्वच्छ वातावरण,

हरियालीले ढकमक्क ढाकेको पहाडी बनावट र पवित्र कञ्चन नदीको बीच त्रिकोणात्मक फाँटले यो स्थान पवित्र, कञ्चन र सुरम्य बनेको छ। रिडीमा कालीगण्डकी नदी बगेर पाल्पा हुँदै नारायणीको सङ्गममा मिसिन पुग्छ। यो स्थान धार्मिक क्षेत्र मात्र नभएर पर्यटकीय क्षेत्रसमेत मानिन्छ। यहाँ माघे सङ्क्रान्तिका दिन त्रिवेणीमा स्नान गर्न भक्तहरू आउछन् भने व्यापारीहरू व्यापार व्यवसायको लागि। यहाँ हरिबोधिनी एकादशी स्नान गर्ने, शतबीज छर्ने, शिवरात्रि मेला गर्ने, ग्रहण लाग्दा स्नान गर्ने, पितृ श्राद्ध गर्ने र अस्थि विसर्जन गर्ने जस्ता कार्य गरिन्छ। धार्मिक एवम् विविध कार्यक्रम हुने भएकाले यो सङ्गम महत्त्वपूर्ण स्थलमा परिणत भएको छ।

पाल्पाको श्रीनगर भएर पुगिने यो स्थानको वरिपरि अन्य विभिन्न पर्यटकीय क्षेत्र छन्। गुल्मीको रेसुङ्गा, रुद्रवेणी आदि। यी सबै क्षेत्रमा धार्मिक र पर्यटकीय क्षेत्रको रूपमा विकास गर्न सकेमा यस क्षेत्रको आर्थिक विकासमा महत्त्वपूर्ण योगदान पुग्ने प्रशस्त सम्भावना रहेको छ तर कालीगण्डकीमा विद्युत्गृह निर्माण भएपछि पानीको प्रवाहमा साह्रै कमी आएको रहेछ। नदीको पानी सबै विद्युत्गृहतिर फर्काइएकाले रिडीमा पानी साह्रै थोरै आउन थालेछ। प्राकृतिक सन्तुलन कायम गरी नदीकिनाराका निवासी एवम् जलचरहरूलाई असर नपर्ने व्यवस्था मिलाउनु आवश्यक छ भन्ने जनताको आवाज रहेछ। सन्तुलनको अभावमा जलचर एवम् नदी किनाराका निवासीलाई गम्भीर दुष्प्रभाव पर्ने गरेको जनगुनासो पनि रहेछ। यसतर्फ जिम्मेवार निकायको ध्यान जानुपर्छ। वातावरणविद्हरू र मानवअधिकारवादी संस्थाहरूले पनि यसतर्फ आवाज उठाउनुपर्छ। आइएनजिओ वा एनओले यसतर्फ पनि ध्यान दिनुपर्छ। यस्ता कुरा सोच्तै त्यहाँ जाने उद्देश्यअनुरूप नदीमा स्नान गरी माताको तिथि परेकाले पितृ तर्पण कार्य पूरा गरियो। प्रसिद्ध ऋषिकेशव भगवान्को दर्शन गरेर पुनः पाल्पा फिर्ता आइयो। यसरी पाल्पा गएको बखत रिडी जाने धोको पूरा गरियो।

## भारतको तीर्थाटन

धार्मिक तीर्थस्थलको पर्यटनको रूपमा पुर्खाहरूले तीर्थयात्रा गर्ने गरेको गङ्गोत्तरी, यमुनोत्तरी, वद्री र केदार जाने तय भयो। भतिज गेहनाथ, भाउजु पुष्पकुमारी (गेहनाथकी माता) भाइ शिव, भाइ-बुहारी जीवनप्रभा, दिदी खड्गकुमारी र भिनाजु केदारनाथ घिमिरे भान्जा नवराजसमेत भ्रमणमा जाने सल्लाह भयो र धार्मिक पर्यटनमा जाने हाम्रो एउटा समूह बन्यो। धार्मिक पर्यटनमा जान साइत नै जुर्नुपर्ने

रहेछ। यसअघि पनि प्रयास गरेको हो तर समय वा साइत जुरेन। यस पटकको सल्लाह र साइत मिलेर यात्रा तय भयो। उत्तराञ्चलका केदारनाथ एवम् बद्रीनाथ जानुपूर्व गया जानुपर्ने शास्त्रीय मान्यताअनुसार गयातर्फ लाग्यौं।

## गयाधाम

काठमाडौंबाट वि.सं. २०६४ साल श्रावण ४ गते यात्राको क्रममा म र कल्पना, भाउजू पुष्पकुमारी र गेहनाथ, उनको मामली भाइ वंशी रेग्मी र उनकी पत्नी एउटा गाडी लिएर वीरगञ्ज पुग्यौं । त्यहाँको मकालु होटलमा बास बस्यौं। होटल बस्न आरामदायी र खाना पनि सुरुचिपूर्ण नै लाग्यो। वीरगञ्जमा नै भाइ दिदीहरू आउने तय भएको थियो तर त्यो दिन सवारी यातायात हड्ताल भएर उनीहरू आउन सकेनन्। फोनमा सम्पर्क गरेर जोगबनीबाट रेल चढेर पटना आउन सूचना गर्‍यौं । हामी वीरगञ्जबाट भारतीय नम्बरको टाटासुमो गाडी बन्दोबस्त गरेर पटनाको लागि प्रस्थान गर्‍यौं। साँझ पटना पुगेर मारवाडी होटलमा बास बसियो। त्यहाँको खाना शाकाहारीलाई ठिकै थियो। ठाउँ खुला र आरामदायी नै लाग्यो। अर्को दिनको लागि पुनपुन जाने कार्यक्रम तय भएअनुसार काउन्टरमा भाइहरूलाई खबर छोड्न गएको बेला भाइ, दिदी-भिनाजु सबै टुप्लुक्क आइपुगे। सबैसँग त्यहीं भेटघाट भएर अरू कोठा थपी सामान राखियो र पुनपुनको लागि यात्रा शुरू गरियो। त्यहाँ पुगेर पहिले गर्नुपर्ने श्राद्ध गरियो। फर्किएर पटना आएर मारवाडी भोजनालयमा भोजन गरी गयाको लागि अर्को गाडी बन्दोबस्त गरेर प्रस्थान गरियो।

नेपालीहरू धर्मभिरु छन्। धर्म-कर्मका लागि र आफ्ना परम्परा पालन गर्न लालायित हुन्छन्। आउने पिँडीले पनि कुल परम्परालाई सदैव अनुसरण गर्छन्। यही नै नेपालीहरूको संस्कार र संस्कृति रही आएको छ। यसलाई पालन गर्नु नै आफ्नो सनातन धर्म मानिआएको पनि छ। त्यस्तै संस्कार बोकेर परम्परामा हुर्किएर आएको हुनाले यो यात्रामा लागेका हौं। यसै क्रममा गयातीर्थ श्राद्ध सुसम्पन्न र त्यहाँको संस्कारजन्य कार्य अध्ययन गर्न गएका हौं ।

पहिलेदेखि सुनिएको स्थान विशेष भएकाले त्यो क्षेत्र निकै विकसित होला भन्ने मनमा लागेको थियो। सडक राम्रो थियो। दुबैतिर किसानहरू धमाधम धान रोपाइँ गर्दै थिए। सबै किसान भ्याइनभ्याई खेतबारीमा लागेका देखिन्थे। स-साना बालबालिका र किशोरहरू पनि आ-आफ्ना बाबुआमालाई खेतीपातीको काममा सघाइरहेका देखिन्थे। सबै व्यस्त। हुन पनि यही थियो नै, मानो खाएर

मुरी उब्जाउने समय । त्यसैले सबै व्यस्त हुनु स्वाभाविक पनि थियो । यस्ता ग्रमीण समुदायको व्यस्ततालाई नियाल्दै अपराह्न चार बजेतिर गया पुगियो । त्यहाँ बस्ने-खाने लज होटल राम्रा रहेनछन् । नेपाली लालमोहरिया पण्डाकोमा बस्ने सल्लाह भयो तर पण्डा रहेछन् पूरा श्री ३ जुद्धशमशेरकै प्रतिमूर्ति । हुन पनि जुद्धशमशेरबाट "लालमोहरिया पण्डा"को नियुक्ति उनका पुर्खाले पाएदेखि नै सबैमा उनकै रोव रवाफ अवतरित भएको अनुभूति भयो । मालिकअनुसारका सेवक । मालिकको अनुकरण सेवकले गर्ने नै भए । जुद्धशमशेरले नेपाली तीर्थयात्रीलाई शोषण नहोस्, एउटै ब्राह्मण नियुक्त गर्नाले सबै नेपाली तीर्थयात्रीलाई पितृकार्यमा सहज र सरल होस् भन्ने ध्येयले उनका पुर्खालाई लालमोहरबाट पण्डा नियुक्त गरेपछि उनका सन्तानहरू पनि लालमोहरिया पण्डामा दरिए । सोबापत गुठी संस्थानमार्फत प्रतिवर्ष तोकिएको भत्ता पनि उपलब्ध हुने व्यवस्था गरे तर मानिस आफूले राज्यकोषबाट पाउने भत्ताबाट र तीर्थयात्रीबाट पाएको स्वेच्छिक दानबाट मात्र पनि सन्तुष्ट हुँदोरहेन छ । अझै तिनै नेपालीलाई चरम शोषण गर्न लालायित हुँदोरहेछ । त्यसैले लालमोहरिया पण्डामा नेपालीसँग बोल्दा पनि पैसा खर्च हुन्छजस्तो ठान्ने अभिमान र स्वभावको बनेको रहेछ ।

हामी गएर बसोबास गर्ने स्थानबारे सोध्यौँ । उनको कारिन्दाले आएर बल्लतल्ल गाई बाँध्ने गोठजस्तो स्थान देखाउने काम गरे । त्योभन्दा राम्रो स्थानको लागि पण्डालाई गुहार्नुपर्ने तर उनी आफ्नो शयनकक्षबाट तल नझर्ने । बाध्य भएर भाइ, भतिज र भान्जाले त्यही बस्ने व्यवस्था र खाने पकाउने भाँडा बन्दोबस्त गरे । खानाको प्रवन्ध गर्न थाले । जब हामी केही व्यवस्थित हुन लाग्यौँ तब कारिन्दा मार्फत् हामीलाई बोलाउन पठाए । गयामा पितृ श्राद्ध गर्न अँएका थियौँ । त्यो कार्य नै सबैभन्दा महत्त्वपूर्ण कार्य थियो । बाँकी कुरा महत्त्वका थिएनन् । यस्तै कुरा विचार गरेर हामी पण्डासँग भेट्न गयौँ । उनी ठाँटबाँटको बैठककक्षमा बसेर हामीजस्ता जजमानको प्रतीक्षामा रहेछन् । हामी पुगेपछि कति श्राद्ध गर्ने ? कहाँ कहाँ गर्ने ? जस्ता प्रश्न गरे ।

हामीले गया श्राद्ध विधिअनुसार गर्नुपर्ने स्थानमा गर्ने भनेपछि फल्गु नदीमा, बौद्ध गयामा र बटवृक्षलगायतमा श्राद्ध गर्नुपर्ने विधि बताएकाले त्यहीअनुसार गर्ने व्यवस्थाका लागि उनले आफ्ना सहायकलाई तोकिदिए । आफ्नो दक्षिणास्वरूप जनही श्राद्ध गर्ने व्यक्तिबाट रु १५० का दरले रकम लिएर अर्को दिनको बिहानको समय मिलाएर बिदा गरे । उनको चलन के रहेछ भने आफूले केही नगर्ने, खेताला पण्डा प्रकृतिका व्यक्तिलाई खटाएर सबै नेपालीसँग दस्तुरी उठाएर खाने शैली

रहेछ। सम्भवतः जुद्धशमशेरले दिएको नेपाली लालमोहरिया बिर्ताको सलामी खाने गर्दारहेछन् तर आफू भने काम गर्दा रहेनछन्। उनको काम भनेको दिनभर आफूलाई शृङ्गारपटार गरेर बस्ने रहेछ। राणा शासन गए पनि राणाहरूको अवशेष प्रेतात्मा त्यहाँका पण्डामा अवतरित भएकोजस्तो देख्न पाइयो। उनको शान, मान र व्यवहारमा मालिकको दम्भ, उन्माद र अहङ्कार झल्किन्थ्यो तर दाताले दिएको जिम्मेवारी र लालमोहरियाको उद्देश्यअनुरूप नेपाली तीर्थयात्रीको सेवा थिएन।

अर्को दिन निर्धारित समयमा हामी दैनिकी कार्यबाट निवृत्त भएर श्राद्ध गर्ने तोकिएको फल्गु नदीको किनारामा समयमा पुग्यौं। मूल पण्डाले पठाएका पण्डा आएर हाम्रो कार्यमा साथ दिए। त्यहाँको श्राद्धादि कार्य सकेर अन्य स्थानमा गएर श्राद्धादि कार्य क्रमशः गर्दै गयौं। विष्णुपादुका हुँदै अन्ततः बटवृक्षको स्थानमा गएर श्राद्धादि गरियो। त्यहाँ भने सहायक पण्डाले दक्षिणा कम भयो भनेर निहुँ खोज्न थाले। अघिल्लो दिनमा मूल पण्डाले तोकेभन्दा बढीनै हाम्रो समूहले जनही दान दक्षिणा दिएको थियो तर उनले अझ बढी माग गरेपछि हाम्रो समूहमा गएका एक व्यक्तिले प्रतिवाद गर्दा यो सबै प्राप्त दान-दक्षिणाबाट पनि मूल पण्डालाई बढी भाग दिनुपर्छ भन्न थालेपछि खेताला ब्राह्मणसँग वादविवाद गर्न उचित लागेन र थप रकम दिएर विवाद समाधान गरियो। पण्डाको यस्तो प्रवृत्तिले नेपाली तीर्थयात्रीमा लालमोहरिया पण्डाप्रति नकारात्मक भावना फैलिएको सबैले महसूस गर्ने नै भए।

गयामा बस्न-खान उपयुक्त होटल वा लज रहेनछन्। बजार फोहोर र दुर्गन्धले अत्यन्त दूषित रहेको पाइयो। एक रात व्यतीत गर्न पनि असाध्य कष्टकर रहेछ। श्राद्ध सकेर हामी पानीसम्म पनि मुखमा नहाली गाडीमा सामान राखेर हिँड्न तरखर गर्‍यौं। सिँढीकै छेउमा लालमोहरिया पण्डा बसेका रहेछन्। "अब हामी प्रस्थान गर्छौं" भन्न मेरो भाइ शिव र भतिज गेहनाथ नजिक गए र भने। उनले "अझै काम बाँकी छ" भनेर हामी सबैलाई बोलाए। हामी सबै गएर बेन्चमा बस्यौं तर उनी हामीलाई भुइँमा बसाएर मयूरको पङ्ख भएको छडीजस्तो वस्तुले हिर्काएर आशीर्वाद दिने वहाना गर्दारहेछन्। त्यसपछि पुनः भोजन-पानीका लागि पैसा माग्दा रहेछन्। त्यो प्रवृत्तिदेखि उनीसँग सबै क्षुब्ध भए। तथापि उनको त्यो मगन्ते चरित्र र निम्नस्तरको व्यवहार देखेर भोजनका लागि रू १५०।– एकसय पचास रू. दिएर हामी त्यहाँबाट प्रस्थान गर्‍यौं।

गयामा श्राद्ध नगरी पितृहरू तर्दैनन् भन्ने शास्त्रीय मान्यता हाम्रो धर्मशास्त्रमा छ। त्यो मान्यताअनुसार प्रतिवर्ष अनगिन्ती धर्मभीरु नेपाली तीर्थयात्रीहरू गया

श्राद्ध गर्न जाने गर्छन् तर त्यहाँ गएपछि नेपाली लालमोहरिया पण्डाबाट नै शोषित हुँदारहेछन् । गुठी संस्थानबाट पनि नेपाली लालमोहरिया पण्डालाई केही भत्ता जाने गरेकै रहेछ । तीर्थयात्रीहरूले आफ्नो गच्छेअनुसार दान-दक्षिणा पनि दिने गरेकै छन् । यति गर्दा पनि पण्डाहरू सधैँ असन्तुष्ट हुनेरहेछन् । उनीहरू अनेक बहाना गरेर धर्मभीरु नेपालीहरूलाई शोषण गर्न लालायित रहेछन् ।

यो प्रवृत्ति देखेपछि नेपालका गयाको रूपमा मानिएका प्रसिद्ध तीर्थस्थलमा गएर शुद्ध भावनाले पितृश्राद्ध गर्नु उचित सम्झैं । नेपालमा गयाक्षेत्र मानिएका स्थानहरूः वराहक्षेत्रको कोशी कोकाहा सङ्गम, विष्णुपादुका, गोकर्ण, देवघाट, रुरुक्षेत्र र मुक्तिनाथ । यी पवित्र तीर्थस्थलहरूलाई "नेपालको गया" हुन् भनेर धर्मशास्त्रले पनि मान्यता प्रदान गरेपछि भारतको गयामा दुःखकष्ट सहेर अपमानित हुन किन जानु ? नजिकको तीर्थ हेला किन गर्नु ? यसतर्फ धर्मशास्त्रका विद्वान्हरूले एउटा मत कायम गरेर स्थिति बसाल्न आवश्यक सम्झैं । धर्मशास्त्रअनुसार तीर्थ भने को तीर्थ नै हुन्छ । नजिकको हेला र टाढाको राम्रो भन्ने हुँदैन । धर्मशास्त्रले सत्कार्यको फल समान हुन्छ भनेर मान्यता प्रदान गरेपछि अन्यत्र भौँतारिनु उचित हुँदैन । नेपालकै गयाक्षेत्रलाई गया मान्ने धर्मशास्त्रको वचन पालना गर्नुपर्छ । यसले धर्मशास्त्रीय मान्यता पनि पूरा हुने, नेपालकै आन्तरिक पर्यटन व्यवसाय पनि बढ्ने र यहाँको पूँजी नेपालभित्रै रहने हुँदा नेपालका धर्मशास्त्रीहरूले यस्तो कुरामा बढी ध्यान दिनुपर्ने लाग्यो मलाई ।

त्यहाँबाट पटनातिर प्रस्थान गर्‍यौं । अघिल्लो दिन आएको सडक दायाँ-बायाँ आज पनि सबै किसान रोपाइँ गर्दै थिए । सबै मानो खाएर मुरी उब्जाउने आफ्नो मेलोमा लागेका थिए । सबै बालबृद्ध, वनिता, शारीरिक काममा व्यस्त थिए । कोही खेतमा दाँदे लगाउने, कोही बाउसे गर्ने, कोही धान बिउ उखेलेर मुठा बनाउने र महिलाहरू रोप्ने काममा व्यस्त देखिन्थे । ग्रामीण किसानहरूको जीवनयात्रा अनवरत रूपमा यसरी नै चल्छ । किसानको जीवनयात्रामा नेपाल र भारतको खासै अन्तर छैन । हामी पनि आफ्नो यात्रामा यी दृश्यावलोकन गर्दै अघि बढ्यौं । हामी सबै भोकले थकित र गलित भइसकेका थियौं । हिजो बेलुकीको खानाले छोडेको धेरै समय नाघिसकेको थियो । अझ मधुमेहबाट पीडित र वृद्धहरूको लागि झन् कष्टकर थियो । भिनाजु केदार घिमिरे हामीमध्ये वृद्ध भएकाले उहाँ बढी थकित हुनु स्वाभाविकै थियो । मधुमेहका रोगी माहिली दिदी खड्गकुमारीलाई पनि गाह्रो भइरहेको आभास हुन्थ्यो । म, भाउजू पुष्पकुमारी र भाइ-बुहारी, जीवनप्रभाको हालत अलिक हेर्नलायक थियो । बाटोमा पर्ने एउटा साधारण पसल चिया चमेना

पाइने होटलमा ओर्लिएर चना, बिस्कुट र चिया टिपियो र त्यहाँबाट सिधै पटना पुगेर भोजनालयमा गएर भोजन गरियो । यसरी प्रथम यात्रा पूरा गरेर बेलुकी मारवाडी विश्रामालयमा विश्राम गरियो ।

पटनाबाट सिधै हरिद्वारको कार्यक्रम तय गरिएको थियो । त्यसको लागि रेलको शयनकक्षमा स्थान आरक्षित गरेका थियौं काठमाडौंबाटै । श्रावण महिनामा यसरी स्थान आरक्षण गरिएन भने रेल यात्रा दुष्कर हुने कुरा काठमाडौंमा नै हामीलाई आरक्षकले पूर्वसूचना दिएका थिए । अर्को दिनको टिकट भएकाले त्यो दिन आराम गरी व्यतीत गर्ने र आवश्यकतानुसार पटना घुमघाम गर्ने मेसो मिलाएको थियौं । त्यसैले अर्को दिनको यात्राका लागि प्रतीक्षा गरियो ।

## ईश्वरसमक्ष जाने द्वार– हरिद्वार

हाम्रो यात्रा समूहमा एघार जना भयौं । सबैमा तीर्थयात्राको उत्साह र उमङ्ग थियो । पटनाबाट बेलुकी करीब ५ पाँच बजे हरिद्वारका लागि रेल यात्रा शुरू भयो । श्रावण महिनामा भारतीय रेलमा यात्रा गर्नेको सङ्ख्या धेरै नै हुँदोरहेछ । खास गरी पीतवस्त्रधारी "बोलबम" उच्चारण गर्दै जल भरेका घडाका भार बोकेर यात्रा गर्नेको सङ्ख्या धेरै भएकाले आरक्षित शयनकक्षमा पनि विनाआरक्षण उनीहरूको प्रवेश हुँदोरहेछ । केहीबेर साह्रै असुविधा भोग्नुपरे पनि पछि टिटीको सहायताबाट आरक्षित स्थान प्राप्त भयो । श्रावण महिनामा बोलबम यात्रीहरूका हुलका कारण रेलवे कर्मचारी पनि लाचार हुँदारहेछन् । जेनतेन हाम्रा आरक्षित स्थानमा बसेर यात्रा गर्न पाइयो । त्यहाँबाट गोरखपुर, लखनौं, हुँदै तेस्रो दिन बिहान हरिद्वार पुग्यौं ।

शास्त्रीय मान्यता छ -हरिद्वार ईश्वरसमक्ष जाने ढोका हो । यसलाई स्वर्गद्वार पनि भन्ने गरिन्छ । उत्तराखण्डका चारधाम बद्रीनाथ, केदारनाथ, यमुनोत्री र गङ्गोत्री जाने मूलढोका नै हरिद्वार हो । पतितपावनी गङ्गा तीन हजार एक सय उनन्चालीस ३१३९ मिटरको उच्च स्थान गोमुख गङ्गोत्रीबाट दुई सय त्रिपन्न (२५३) किलोमिटरको यात्रा पार गर्दै समतल भूभाग हरिद्वारमा प्रवेश गर्ने हुनाले "गङ्गाद्वार" पनि भन्ने गरिन्छ । हिन्दूहरूका प्रसिद्ध सात तीर्थस्थलमध्ये हरिद्वार एक हो । शिवालिक पर्वतले वेष्टित हरिद्वार हिन्दूधर्मावलम्बीहरूको प्रसिद्ध तीर्थस्थल हो । यहाँको कुशावर्तघाटमा (ब्रह्मकुण्ड) गङ्गा स्नान गरी आफ्ना पितृको पिण्डदान गरिन्छ । यहाँ पिण्डदान गर्नाले पित्रृमोक्ष हुन्छन् भन्ने धार्मिक मान्यता र विश्वास छ । त्यसैले हरिद्वारमा बाह्रै महिना तीर्थयात्रीहरूको भीड रहन्छ ।

हरिद्वारमा रेलवे स्टेशनमा उत्रिएपछि होटल लजका दूतहरूले आ-आफ्ना होटल लजमा बस्न आकर्षित गर्नु स्वाभाविक नै हो तर भैरहवाका मेरा एक हितैषीले गङ्गाजीको किनारामा नारायण शर्मा प्रबन्धक भएको धर्मशाला सुविधाजनक छ भनेर टिपाएको हुनाले हामी सबै रिक्सामा बसेर त्यहाँ पुग्यौं तर त्यहाँका प्रबन्धक शर्मा नेपाल गएका रहेछन् र स्थान पनि पूरा भरिभराउ रहेछ। त्यहाँ स्थान उपलब्ध भएन तर शर्माको नाउँ खोजिनीतिका कारण बगलमै स्थित राम्रो धर्मशालामा स्थान उपलब्ध भयो। प्रायः सबै कोठा शौचालय स्नानकक्षयुक्त रहेछन्। त्यहाँ विश्राम गरी स्नान कर्मबाट निवृत्त भएर भोजनको व्यवस्था गरियो। दिनभर हरिद्वार भ्रमण गरियो र आवश्यक वस्तु किनमेल गरेर अर्को दिनको कार्यक्रम तय गरियो।

अर्को दिन बिहान हरिद्वारको हरिकी पौडीमा (ब्रह्मकुण्ड) गएर गङ्गास्नान एवम् तीर्थश्राद्ध गरियो। हरिद्वारमा पनि तीर्थश्राद्धको महिमा छ। यहाँ पिण्डदान गर्नाले पितृमोक्ष हुन्छन् भन्ने शास्त्रीय मान्यता रहेकाले त्यहाँ पैत्रिक कार्य गर्नु आवश्यक मानिएको हो। विधिवत् तीर्थश्राद्धपछि भोजन गरेर ऋषिकेशको लागि गाडी व्यवस्था गरेर प्रस्थान गरियो। त्यहाँ पुगेर कालीकवली धर्मशालामा बस्ने व्यवस्था गर्‍यौं। कलकत्ता निवासीले बनाएको कालीकवली धर्मशाला प्रायः उत्तर भारतको सबै क्षेत्रमा रहेछन्। सबैतिर कोठाको दर पनि एउटै रहेछ। धर्मशालामा शयनकक्षहरू, शैचालयहरू व्यवस्थित र सफासुग्घर पाइयो। त्यहाँका धर्मशालाहरूमा धेरै राम्रो बन्दोबस्त रहेको पाइयो। दिनभर ऋषिकेश घुमियो। त्यहाँको एफ्डी बैङ्कको शाखाबाट एटीएम्बाट केही खर्च निकालियो। कान्छो छोरा शशाङ्कले बेङ्गलोरमा अध्ययन र पछि नोकरी गर्दा केही रकम जम्मा गरेकोमा निकाल्न नभ्याएपछि बैङ्कमा त्यसै रहेको थियो। अहिले सदुपयोग भयो।

## यमुनोत्तरी

त्यहाँ एक रात बसेर अर्को दिन गङ्गा किनारामा तीर्थश्राद्ध गरियो। ऋषिकेशमा तीर्थश्राद्धको महिमा रहेकाले त्यहाँ श्राद्ध गर्नु आवश्यक मानिएको हो। श्राद्धपछि भोजन गरेर उत्तराञ्चलका चारधाम तीर्थको लागि जान गाडी व्यवस्था गरियो। जम्मा नौ दिनका लागि भा.रू. बाह्र हजारमा टाटासुमो गाडीको बन्दोबस्त भयो। चालक नै हाम्रो पथप्रदर्शक भएर जाने भए। ट्राभेल एण्ड टुर्सबाट व्यवस्था गर्दा यात्रामा दुःख नपाइने मान्यता राखेकाले त्यहींबाट लिनु यात्राका लागि उपयोगी मानियो। एउटा सीमकार्ड त्यही ट्राभेल व्यवसायीमार्फत बन्दोबस्त भयो। सीमकार्ड भएपछि अपर्झट पर्दा फोन सम्पर्क गर्न सुविधा हुन्छ। यसले यात्रालाई सुखद र

आरामदायी बनाउन सहयोग गर्छ । दिउँसो बाह्र बजे हामी छ जना भाउजू पुष्पकुमारी र भतिज गेहनाथ, म र कल्पना, वंशी र उनकी श्रीमती मात्र चारधामका लागि जाने भयौँ । दिदी खड्गकुमारी, भिनाजु केदारनाथ, भान्जा नवराज, भाइ शिव र बुहारी जीवन त्यसतर्फ नगई हरिद्वारबाट वाराणसी हुँदै फर्किने भए । स्वास्थ्यको कारणले उनीहरूको यात्रा र हाम्रो यात्रा छुट्टियो ।

दिउँसोको करिब बाह्र बजे ऋषिकेशबाट हामीले यात्रा शुरू गरेका थियौँ । त्यहाँबाट अघि बढेपछि देहरादुनको शहर घुमाउँदै अघि बढ्न चालकलाई हामीले भन्यौँ । उनले पनि हाम्रो भनाइअनुसार देहरादुनको शहर परिक्रमा गर्दै अघि बढाए । उत्तराञ्चलको राजधानी भएको देहरादुनमा विकास र निर्माण द्रुत गतिले बढेको पाइयो । बाटाहरू ठूला र सबै पीच भएका सफासुग्घर रहेछन् । पानीको पहुँच रहेछ । स्वास्थ्य-सुविधाका लागि अस्पतालको व्यवस्था राम्ररी सञ्चालन भएको रहेछ । राजधानी भएकाले बजारको विस्तार भइरहेको पाइयो । देहरादुन परिक्रमा गर्दै त्यहाँका विकास र निर्माणका गति नियाल्दै हाम्रो गाडी बढ्दै अन्तः देहरादुनलाई पछि पारेर पहाडतिर उकालो लाग्यो । जतिजति माथि चढ्दै गयौँ उतिउति तल देहरादुनको फैलावट र विस्तृतीकरण हेर्दै बढियो ।

उकालो चढेपछि बाटोको बायाँतिर विशाल शिव मन्दिर देखियो । त्यहाँ उत्रिएर भगवान् शिवको दर्शन गरियो । त्यहाँ भव्य पूजाको कार्यक्रम रहेछ । सबैलाई प्रसाद वितरण गर्ने कार्यक्रमअनुसार हामीलाई पनि प्रसाद दिए । प्रसाद ग्रहण गरेर केही समय सुस्ताएपछि त्यहाँबाट पुनः उकालो चढ्ने क्रम बढयो । जतिजति उकालो चढियो त्यति त्यति बादलले ढाक्ने र सिमसिम पानी पर्ने क्रम चलिरह्यो । अगाडि पुगेपछि मसुरी देखियो । अङ्ग्रेज शासनकालमा नै प्रसिद्धि कमाएको मसुरी पहाडकी रानीको नामले चिनिएको स्थान हो । यहाँ सदरमुकामको साथै राम्रा-राम्रा स्कूल कलेज र पहाडी स्थलका राम्रा होटलहरू अवस्थित रहेछन् । बजार परिक्रमा गाडीबाटै गरेर हामी अघि बढ्यौँ । हाम्रो यात्रा मसुरी अवलोकन मात्र भएको भए त्यहीँ रात बसेर घुमफिर गर्नु राम्रो हुँदो हो तर हाम्रो यात्रा त्योभन्दा टाढा यमुनोत्री, गङ्गोत्री, केदार र बद्रीनाथको थियो । मसुरीको हरियाली, सफा र सुग्घर सडक, बादलले घुम्टो ओढीरहने सौन्दर्यले लोभ्याउनु स्वाभाविक थियो तर यात्रा कार्यक्रमले त्यहाँ अल्मलिन साथ दिएन । त्यो स्थानको सौन्दर्य, मनोरम वातावरण र हरियालीले लोभ्याउँदा लोभ्याउँदै पहाडकी रानीलाई पछाडि छाड्दै हामी आफ्नो यात्रामा अघि बढ्यौँ ।

उत्तराखण्डको गढवाल जिल्ला नेपालको पूर्वाञ्चल भन्दा विशाल होला जस्तो लाग्छ। चारधाम तीर्थले गर्दा यहाँ बाह्रै महिना चल्ने ठूलाठूला सफा बाटाहरू, ठाउँ ठाउँमा होटल, लज र धर्मशालाहरू, पिउने पानीको प्राचुर्य, शौचालयहरूको समुचित प्रबन्ध, चिया चमेनाका लागि समुचित रेष्टुराँहरू मनग्गे रहेछन्। उपभोग्य पदार्थका पसलहरूको सुव्यवस्थाले गर्दा तीर्थयात्रीलाई कुनै असुविधा महसूस हुँदो रहेन छ। सुरक्षाको प्रबन्ध पनि उस्तै चुस्त रहेको पाइयो। यस्ता समुचित व्यवस्थालाई नियाल्दै हामी आफ्नो गन्तव्यतिर बढ्दै गयौं। बीचबीचमा पानी, चिया चमेना र स्वल्पाहारका लागि रोकिदै अघि बढियो। निरन्तर गाडी चलाउँदा चालकलाई पर्न सक्ने असुविधालाई दृष्टिगत गर्दै ठाउँ ठाउँमा रोकेर विश्राम गरेर बेलुकी जानकी चट्टी नजिक बास बस्ने व्यवस्था भयो। बेलुकी खाना खाई आराम गरेर बिहान सबेरै जाने कार्यक्रम मिलाएको हुनाले र अलिअलि जाडो लाग्ने स्थान हुनाले चाँडै सुत्यौं।

प्रथम चरणको धाम हो यमुनोत्री। दश हजार फिट उचाइमा अवस्थित यो धाम पावन नदी यमुनाको किनारमा छ। सूर्यपुत्री पनि भनिन्छ यमुनालाई। यमुनादेवीको मन्दिर यहीं छ। यहाँ यमुना नदीमा स्नान, पितृतर्पण, मन्दिर, सूर्यकुण्ड, दीव्यशिला र विष्णुकुण्ड स्पर्श र दर्शन गर्नाले समस्त पापबाट मुक्त भई परमपद प्राप्त हुन्छ भन्ने धार्मिक विश्वास छ। सूर्यकुण्डको पानी सदा तातो हुन्छ। स्नान गरेर सूर्यकुण्ड नजिक दीव्यशिलाको पूजा गर्छन्। त्यसपछि युमनादेवीको दर्शन गर्छन्। यहाँ स्नान र दर्शन गर्नाले ब्रह्महत्या एवम् गोत्रहत्याजस्ता पापबाट पनि मुक्ति हुन्छ र मोक्ष प्राप्त हुन्छ भन्ने धार्मिक विश्वास छ। भक्तहरू कपडामा चामल, आलु राखेर कुण्डमा डुबाएर पकाउँछन् र प्रसादको रूपमा चढाएर खान्छन्। प्रसादको रूपमा पनि वितरण गर्छन्।

जानकी चट्टीसम्म मात्र ठूला बसहरू जाने रहेछन्। बसका यात्रीले त्यहींबाट पैदल यात्रा गरेर यमुनोत्तरी जानुपर्ने रहेछ तर हामीले टाटासुमो जीप व्यवस्था गरेकाले जानकी चट्टीको अलिक माथिसम्म जाने सुविधा उपलब्ध भयो। बिहानै गएकाले जीपगाडी जाने स्थानसम्म गएर सामान गाडीमा नै राखेर स्नान र पूजाका लागि आवश्यक सामान मात्र लिएर यमुनोत्तरीको स्नान गर्ने स्थानको लागि यात्रा शुरू गर्‍यौं। सामान्य उकालो छ, किलो मिटर पैदल यात्रा गरेपछि यमुनोत्तरी पुँगिदो रहेछ। सबैले एउटा एउटा लौरो किनेर पैदल यात्रामा अघि बढ्यौं। पैदलयात्रीहरू धेरै थिए। हामी नेपालबाट गएका थियौं। भारतका विभिन्न स्थानबाट आएका अनगिन्ती यात्रीहरू पैदल यात्रा गरिरहेका थिए। केही साह्रै वृद्धवृद्धा थिए भने

कसैसँग नाबालक-नाबालिका पनि साथमा थिए। केही वृद्धवृद्धा पैदल यात्रा गर्न पनि नसक्ने अवस्थाका हुँदा पालकीमा बोकिएर यात्रारत थिए भने केही घोडामा। सबै यात्रीहरू यात्राका आ-आफ्ना धुनमा रमाइरहेका थिए। हामी पनि छ जना लहरै पैदल अघि बढेका थियौँ।

मैले इलाहबादमा पचास वर्षपहिले बनारसमा रही अध्ययन भ्रमणमा जाँदा यमुना नदीको विशाल रूप देखेको थिएँ। कुम्भमेलामा त्यहाँ गएका बखत नदीको विशाल रूप र कुम्भमेलाका यात्रीहरूको भीड हेर्न लायकको थियो तर यमुनोत्तरीमा आइपुग्दा त्यो विशाल रूप थिएन तर पहाडबाट बगेकी यमुना नदीको जलप्रवाह अति तीव्र थियो। श्रावण महिना भएकाले नदीमा पानीको स्तर इलाहाबादको जस्तो नभए पनि ठूलै थियो। यमुनोत्रीमा पुगेर सबैले आलोपालो गरी स्नान गरेर विधिपूर्वक पूजा गरियो। त्यहाँको कार्यक्रम सकी स्थानको अवलोकन गरेर केहीबेर आराम गरी स्वल्पाहार लिइयो।

त्यहाँको कार्यक्रम समाप्त गरेर फर्किई छ किलोमिटर पैदल यात्रा तय गर्नुपर्ने हुनाले धेरै विलम्ब गर्ने समय पनि थिएन। जुन बाटो बिहान आइएको थियो, त्यही बाटो पुनः पार गरी गाडी राखेको स्थानमा पुगेर गाडीमा बसियो। अब भने पैदल हिँड्नुपर्ने बाटो काटिसकिएकाले जीप गाडीबाट यात्रा अघि बढाइयो। बिहान आएको बाटो पार गर्दै अघिल्लो दिन बेलुकी बास बसेको होटल हुँदै यात्राको क्रमलाई तेज गर्दै चालकले हाम्रो यात्रालाई गति दिइरहे। हिजो आएको बाटो छुट्टिएर अब गाडी उत्तरतिर लाग्यो। सल्लाका रूखहरूका घना बाक्लो जङ्गलको नागवेली परेको बाटोमा गाडी बढ्यो। चालक त्यो क्षेत्रमा धेरै गाडी चलाइसकेको अनुभवी हुँदा उनले हामीलाई पथप्रदर्शन पनि गर्थे। अलि उकालो तरपाइ-तरपाई परेको जङ्गल हुँदै गाडी बढ्दै गयो। केही वेरपछि पानी पनि मुसलधारे पर्न थालेको थियो। बस्ती ठाउँ ठाउँमा मात्र देखिन्थ्यो तर बस्ती भएको स्थानमा यात्रीहरूको सुख सुविधाका लागि पसल, रेष्टुराँ, लज, होटलहरूको यहाँ पनि सुव्यवस्था थियो। एवम्रीतले बढ्दै गएर बेलुकी झमक्क साँझ परेपछि सानो बजार क्षेत्रमा एउटा होटलमा चालकले पुऱ्याए। त्यहाँ आवश्यक औपचारिकता पूरा गरी तीनवटा कोठा र खाने बस्ने प्रवन्ध गरी बेलुकीको खाना खाएर विश्राम गरियो। ऋषिकेश छाडेको दोस्रो रात यसरी बिताइयो।

## गङ्गोत्री

अर्को दिन बिहान  दैनिक कार्यबाट निवृत्त भएर गङ्गोत्रीको लागि प्रस्थान गर्‍यौं । त्यहाँबाट गङ्गाको किनार हुँदै उत्तर जानुपर्ने रहेछ । पहाडका सुन्दर दृश्यावली, मनोरम प्राकृतिक हरियाली र लटरम्म स्याउका फलहरूले  सुशोभित  दृश्य नियाल्दै हाम्रो यात्रा निर्वाध अगाडि बढिरह्यो । तीर्थयात्रीहरूले खचाखच भरिएका बस, कार र जीपहरू तँछाड-मछाड गरेर अघि बढिरहेका थिए । बाटो लमतन्न सुतेर हामीभन्दा अघि-अघि तेर्सिएको थियो । यात्रीहरूको लहरो अघि बढिरहेको थियो । यसरी बढ्नेमा  हामी पनि सहभागी थियौं । सबैको उद्देश्य चाँडो गङ्गोत्तरी पुगेर पवित्र गङ्गास्नान गर्नु थियो । हुन पनि त्यही उद्देश्य लिएर टाढाटाढाबाट अनगिन्ती तीर्थयात्री पर्यटकहरूको यात्रामा तँछाड-मछाड चलेको हो । अध्यात्मिक भावनाअनुसार गङ्गास्नान गर्नाले सयौं जुनीमा गरिएको कल्मष पखालिन्छ र शुद्ध होइन्छ । पूर्वीय दर्शनले यही सिकाएको हो । यसैको अनुसरण गर्न लागेका हौं ।

उत्तराखण्डको उत्तरकाशी जिल्लामा अवस्थित गङ्गोत्री चारमध्ये एक धाम हो । गङ्गानदीको यो उद्गम  स्थान हो । यहाँबाट लगभग अठार किलोमिटर टाढा गौमुख गङ्गोत्री नदीको एक प्रमुख स्रोतधारा हो । यो स्थल तेह्र हजार दुई सय फीटमा अवस्थित छ । गङ्गानदी किनारमा गङ्गाजीको मन्दिर छ । यो क्षेत्र समुद्र सतहबाट तीन हजार बयालीस मिटर उचाइमा अवस्थित छ ।

गङ्गानदीलाई भागीरथी पनि भनिन्छ । पौराणिक कथाअनुसार, “राजा भगीरथले अथक तपस्याबाट गङ्गालाई खुशी तुल्याई स्वर्गबाट मनुष्यलोकमा ल्याएर आफ्ना पुर्खा सगर राजाका साठी हजार सन्तानलाई मुक्त गराएको” भन्ने छ । त्यो कथाको सारले गङ्गालाई पवित्र नदीको रूपमा मानिएको छ । यहाँ स्नान ध्यान गर्नाले इहलोकको कल्मष पखालिन्छ र मनुष्य योनीबाट मुक्ति पाइन्छ भन्ने अगाध विश्वास छ । त्यसैले तीर्थयात्रीहरू गङ्गोत्रीमा स्नानको लागि जान्छन् ।

हामी पनि त्यही आस्था र  विश्वास लिएर गएका थियौं । गङ्गाको किनारै किनार हुँदै हाम्रो सवारीसाधन अघि  बढ्दै-बढ्दै  हाम्रो मन्दगति उत्तरतिर बढिरहेको थियो भने गङ्गाको तीव्र गति दक्षिणतिर । मैले वि.सं.२०१४ सालमा वाराणसीमा अध्ययन गर्दा देखेको गङ्गा नदी र गङ्गोत्रीमा देखेको गङ्गाको तुलना हुन सक्तो रहेनछ । वाराणसीमा फैलिएर मन्दगतिमा बगेकी गङ्गा दुर्गाघाट, दशाश्वमेधघाट र पञ्चगङ्गा

घाटबाट वारि-पारि धेरै फैलिएको विशाल रूप थियो तर यहाँ भने आकार सानो भए पनि गति भने अति नै तीव्र । यहाँ गङ्गा नदीको पानीभित्र पसेर स्नान गर्न असम्भव रहेछ । लोटा वा कमण्डलुले पानी झिक्न पनि तीव्र प्रवाहले कठिन । वाराणसीमा मानिस गङ्गामा पौडी खेल्न, नदीभित्र पसेर स्नान गर्न र पोडी खेल्न सिपालु व्यक्ति नदीको वारपार गर्न पनि सजिलै सक्छन् तर यहाँ गङ्गा नदीमा प्रवेश गर्न असम्भव, पानी झिक्न पनि छेउको फलामको खम्बा सहाराको लागि समात्नुपर्ने रहेछ । यस्ता कुरा सुन्दासुन्दै हाम्रो गाडी गङ्गोत्तरीको बस स्टेसनमा पुग्यो । हामी स्नान र पूजा गर्ने सामान लिएर घाटतिर बढ्यौं । आलोपालो स्नान गर्‍यौं । नदीको वेग असाध्य तीव्र भएकाले पानी झिक्ने लोटा वा कमण्डलु हातबाट छुटेर बगाउने रहेछ । येनकेन पानी लिएर स्नान गर्‍यौं । तर्पण पूजा आदि गरेर त्यहाँको औपचारिक विधि पूरा गरियो । सो कार्यबाट निवृत्त भएर अमरसिंह थापाद्वारा स्थापना गरेको नेपाली शैलीको गङ्गामन्दिर र शिव मन्दिर दर्शन गर्‍यौं । त्यहाँ गर्नुपर्ने पूजाविधि समाप्तिपछि त्यहीं भोजनालयमा गएर भोजन गरी गङ्गोत्री यात्राको उद्देश्य पूरा गरियो ।

गढवाल नेपालको भूमि इतिहाससँग जोडिएको छ । काजी अमरसिंह थापाले कुमाउ गढवाल बाह्र ठकुराई विजय गर्दै किल्ला काँगडासम्म पुगेका थिए । सो क्रममा नेपालभित्र पर्न आएका प्रसिद्ध देवस्थल बद्रीनारायण, केदारनाथ, त्रियुगीनारायण र उत्तरकाशी, गुप्तकाशी, विष्णुप्रयाग, उत्तरप्रयाग आदि तीर्थस्थानमा दान धर्म गर्दै मन्दिर, मूर्ति, धर्मशाला स्थापना गर्दै नेपाली यात्रीका लागि पण्डाको व्यवस्था मिलाउँदै गएका थिए । यसै क्रममा अमरसिंह थापाले गङ्गोत्तरीको सूर्यकुण्ड, ब्रह्मकुण्डका पण्डालाई नेपालीको रेखदेख गर्ने काम दिएका थिए । त्यहाँ मन्दिर र धर्मशाला बनाई गुठी समेत राखेका थिए भन्ने कुरा *नेपाल निरूपण* नामक पुस्तकमा ज्ञानमणि नेपालले उल्लेख गरेका छन् ।

त्यहाँको यात्राको उद्देश्य गङ्गास्नान, तर्पण श्राद्धादि कार्य र मन्दिर दर्शन थियो । त्यो पूरा भयो । अब त्यहाँ बस्नुपर्ने काम नभएपछि हामी पुनः गाडी बिसाएको स्थानमा गएर प्रत्यावर्तन यात्रा शुरू गर्‍यौं । बाटो सम्झेर हो वा फर्कदाँ चाँडो हुने हो बाटो छोटो जस्तो भान पर्दोरहेछ । बिहान आएको बाटो छिचोल्दै हामी अघि बढ्यौं । चालकले त्यहाँको वस्तुस्थिति बारे अवगत गराए । उनलाई पनि पहाडको साँगुरो बाटो दोहोरो आउने जाने बस, जीप र कारलाई पास दिनुपर्ने हुन्छ । यस्ता कुरा हेर्दै त्यहाँका दृश्यावलीलाई मन र आँखाभरि जगेर्ना गरी रसास्वादन गर्दै अघि

बढ्यौं । बाटोमा स्याउ बगानमा स्याउ टिपेर बिक्री गर्दारहेछन् । हामीले पनि स्याउ किन्यौं, खायौं । बोटबाट टिप्नेबित्तिकै खान पाउनु पनि रमाइलो पक्ष हो । बगान नहुने व्यक्तिले यस्तै अवसरमा नै खान पाउने हो । साँझ पर्न लागेकाले चालकले देखाएको स्थानमा गएर राती बास बस्न होटल व्यवस्था गरी खानपान गरेर तेस्रो दिनको रात व्यतीत गर्‍यौं ।

चौथो दिनको पनि बिहानी यात्रा थियो । जति जति यात्राको गति बढ्दै जान्थ्यो हामीमा उत्सुकता र कौतूहल भरिँदै जान्थ्यो । नयाँ स्थान नयाँ परिवेशले नवीनता र जिज्ञासा बढाइरहेको थियो । यात्रा गर्नुको उद्देश्य नयाँ स्थानको अवलोकन मात्र होइन, नयाँ नयाँ ज्ञान, नयाँ स्थानको पहिचान र प्राप्ति पनि हो । यात्राबाट धेरै विद्वान्हरूले नयाँ नयाँ खोजी गरेका छन् । चाहे ती कोलम्बस् वा चिनियाँयात्री ह्वेनसाँग नै किन नहुन् । उनीहरूले पत्ता लगाएका नयाँ मुलुक र संसारको इतिहासबाट नवीनतम ज्ञान प्राप्त भएको छ । त्यसबाट आज विश्व नै लाभान्वित छ । यस्तै कुरा स्मृतिलोकमा थपक्कै बसेका छन् । यस्तै सोच्तै हाम्रो टोली अघि बढ्दै गयो । यो भ्रमणले नेपालको इतिहासले नयाँ घुम्ती लिएको दुःखद स्मृति गराएको इतिहासविद् ज्ञानमणि नेपालको *नेपाल निरूपण* नामक पुस्तकमा उल्लेख छ ।

नेपालले आफ्नो आधिपत्य कायम गरेर विशाल क्षेत्र बनाएको गढवालमा नै यमुनोत्तरी, गङ्गोत्तरी, केदारनाथ र बद्रीनाथ जस्ता धार्मिक स्थलहरू पर्दारहेछन् । यहाँबाट नै भारतका प्रसिद्ध तीर्थस्थललाई पवित्र बनाउने नदीहरू यमुना, गङ्गा, अलकनन्दा, मन्दाकिनी दक्षिणतर्फ बग्दारहेछन् । गढवाल जिल्ला नेपालको क्षेत्रबाट भारतको क्षेत्रमा परेको अनुभूति हुनासाथ नेपाली मन र नेपाली हृदय चसक्क दुख्तोरहेछ । यस्तै भावनासँग बग्दै अघि बढ्यौं । भारतको त्यो दुर्गम स्थानमा यमुनोत्तरी, गङ्गोत्तरी, केदारनाथ र बद्रीनाथका कारणले नै पर्यटनको विकास सम्भव भएको रहेछ । तीर्थयात्री पर्यटकहरू बैशाखदेखि आश्विनसम्म अटुट रूपमा आउँदारहेछन् । चीसो बढेको समयमा पनि हिमपात नहुने क्षेत्रसम्म पर्यटकहरूको ताँती लाग्दोरहेछ । यहाँका निवासीहरू पर्यटकको सेवालाई आफ्नो व्यवसायको रूपमा लिएर दिनरात सेवा उपलब्ध गराउँदा रहेछन् । पर्यटनले आर्थिक मेरुदण्डको काम गरेको रहेछ । यसबाट यो क्षेत्रको आर्थिक एवम् सामाजिक विकास द्रुतगतिले अघि बढेको प्रस्ट अनुभूति हुन्थ्यो । यस्तै कुरा मनमा लिएर बढ्दै रहेको अवस्थामा चालकले हामीलाई टेहरी बाँध क्षेत्रमा पुऱ्याए ।

## टेहरी बाँध

माथि डाँडाबाट टेहरी बाँधका दृश्य देखिन थाल्यो । डाँडामा अवस्थित सानो बजार क्षेत्रमा चिया-नास्ताका लागि खुलेका स्थानमा पर्यटकहरू भरिभराउ थिए । हामीले पनि एउटा रेष्टुराँमा पसेर बिहानको अल्पाहार गर्‍यौं । खाना चाहे त्यो दिउँसोको होस् वा अल्पाहार अलिकति फरक हुनु स्वाभाविक नै हो तर भारतीय खाने कुरामा बढी खुर्सानी र मसाला हाल्ने प्रवृत्तिले हाम्रो स्वास्थ्य र स्वादअनुकूल थिएन । तथापि बाध्यताका अगाडि सबै कुरा स्वीकार गर्नुपर्दो रहेछ । यहाँमात्र होइन, वीरगञ्जबाट भारत प्रवेश गरेका दिनदेखि नै हाम्रो टोलीका सबै सदस्यलाई यसले पिरोलेको थियो । कहिले रेष्टुराँको खाने कुरा, कहिले आफूले बोकेका सुक्खा फलफूल खाँदै अघि बढ्ने गरेका थियौं । यहाँ पनि त्यही उपाय अपनाइयो । अल्पाहारपछि अघि बढियो । डाँडाबाट नै तल नीलो लाम्चो विशाल पोखरी देखिन शुरू भएको थियो । भव्य त्यो पोखरीका वल्लो र पल्लो छेऊ आँखाले भ्याउन सम्भव थिएन । वल्लो कुना देखे पनि पल्लो कुना देखिने सम्भावना हुँदैनथ्यो पहाडले ढाकेको थियो ।

इलाममा बस्दा माईपोखरी बराबर गर्यौं । नौ कुनाको माइपोखरीको पनि सबै कुना एकै स्थानबाट हेर्न सकिँदैन थियो तर त्यसको आयतन सानो । यहाँ भागीरथी नदीमा निर्मित टेहरी बाँधसँग त्यसको तुलना नै हुन नसक्ने रहेछ । टेहरीबाँधको क्षेत्र लम्बाइ चौडाइको आयतन र गहिराइ व्यापक रहेछ । यसको कृषि, सिँचाइ, मत्स्यपालन, विद्युत्लगायत बहुउद्देश्यीय आयोजनाको रूपमा विकास गर्ने योजना रहेछ । यसले ढाक्ने क्षेत्र पनि विशाल । त्यहाँ प्राप्त पत्र पत्रिकाहरूमा पहिले यसको उचाइ पन्ध्र सय मिटर अग्लो बनाउने योजना सार्वजनिक भएकोमा चिप्को आन्दोलनका अग्रणी सुन्दर बहुगुणाको नेतृत्वमा भएको आन्दोलनका कारण सात सय पचास मिटर उचाइसम्म बनाउने गरी योजना लागू भएको भन्ने उल्लेख रहेछ । हामी त्यहाँ पुग्दा करीब दुई हजार फिट जति पानी जम्मा भइसकेको भन्ने उल्लेख थियो । त्यो बाँध भागीरथी नदीको पानीले छ महिनामा पनि नभरिने भन्ने उल्लेख भएकाले यसको विशालताको सहज अनुमान गर्न सकिन्थ्यो । हामी आरूढ गाडी निरन्तर ओरालो झर्ने क्रममा थियो । धेरै पक्की र कच्ची घर, गोठ, बाटो, वन-जङ्गललगायत पानीले चुर्लुम्म डुबेका थिए, अरू पनि डुब्ने क्रममा । त्यहाँ पहिलेदेखि बसोबास गरेकाहरूलाई सरकारले उचित क्षतिपूर्ति र अर्को

स्थान खासगरी देहरादुन क्षेत्रतिर बसोबासको व्यवस्था मिलाइएको रहेछ। तदनुसार विस्थापितहरू पाउने क्षतिपूर्ति रकम बुझेर आफ्ना चल सम्पत्ति लिई नयाँ नयाँ स्थानमा गएर नयाँ जीवन शुरूवात गरे भन्ने समाचार थिए।

नेपालमा सार्वजनिक महत्त्वका ठूला-ठूला आयोजनामा पनि राजनीतिक दाउपेच लगाएर दलगत लाभका लागि जे पनि गर्न पछि नपर्ने प्रवृत्ति विभिन्न दलहरूमा पाइन्छ तर भारतमा त्यसको अपवाद देखियो। हुन पनि भारतमा विकास र निर्माणका आयोजनाको सवालमा होस् वा परराष्ट्रको विषयमा, प्रायः सबै दलको एकमत रहने गरेको पाइन्छ। त्यसै कारणले त्यहाँ विकासको गतिले तीव्रता पाउँदो रहेछ। फलस्वरूप अर्थिक बृद्धिदर दुई अङ्कमा पुग्न लागेको छ तर नेपालमा त्यस प्रकारको प्रवृत्ति पाइँदैन। सबै दलका शीर्ष नेता मात्र होइनन्, साना-ठूला सबै आफू-आफूमा सार्वभौम सम्झन्छन्। उनीहरूले जे बोले पनि सबैले त्यही मान्नुपर्ने घोर पश्चगामी सोच र शैली राख्तछन् । जसको कारण नेपालको विकास क्रम अग्रगतिमा बढ्न सकेको छैन। आर्थिक बृद्धिदर पनि न्यून प्रतिशतमा छ। विकासका आयोजना निर्धारित समयमा पूरा हुँदैनन्। भएका पनि गुणस्तरीय हुँदैनन्। राजनीतिक दलहरू एवम् प्राविधिकहरू समेत राजनीतिक भागबण्डामा रुमलिएका छन्। ठेकेदार पनि निर्धारित समयमा आयोजना पूरा गर्दैनन्। यी र यस्तै कुराहरूबाट मन आक्रान्त हुन्छ। हुन पनि नेपाली भएर नेपालको माटोको उन्नतिको लागि जीवन अर्पण गरियो, यहींको जल, जङ्गल, वायु र अन्नपातमा बाँचियो,जहाँ रहे पुगे पनि जन्मभूमि नेपाल नै मन-मष्तिष्कमा अविचलित रहेको कारणले भुलेर पनि भुल्न सकिँदो रहेनछ।

टेहरी बाँधमाथिको पुलमा गाडी पुग्यो। चालकले भने– "अब यो पुल पनि डुब्ने क्रममा छ। पानी पुलको सतहमा पुगेपछि भत्काउने योजना छ। बाटो पनि अर्को निर्माण भइरहेको छ।" यसरी कुरा गर्दा गर्दै गाडी पुल पार गर्न लाग्यो। पारि पुगेपछि पुनः उकालो यात्रा शुरू भयो। जति-जति गाडी बढ्दै गयो उति-उति बाँधको क्षेत्रका भाग बढ्दो देखियो। यस्तो विशाल बाँधको योजना बनाउने इन्जिनियरले यो क्षेत्रलाई कति पटक परिक्रमा गरे होलान्, यसको बहुउद्देश्यको प्रारूप सोच्न र यसका बहुलाभ आकलन गर्न कति समय, सीप र मस्तिष्क लगाए होलान् ! उनको ज्ञानको सीमा बहुजन हिताय, बहुजन सुखायमा नै अर्पण भयो होला। यसको विपरीत अरू उद्देश्य अवश्य थिएन होला। यस्तो आयोजनाको

प्रारूप तयार गर्ने विज्ञहरू साँच्चिकै सक्षम एवम् निपुण रहेछन्। यस्ता सक्षम व्यक्तिले आफ्नो मुलुकको आर्थिक, सामाजिक विकासमा गुरुत्तर योगदान गरेको अनुभूति हुँदोरहेछ।

टेहरी बाँधका प्रारूप संरचनालाई हेर्दे ती संरचनाले त्यहाँको सामाजिक एवम् आर्थिक समृद्धिलाई पार्ने दीर्घकालीन प्रभावको मोटामोटी सर्सर्ती अवलोकन गर्दै अघि बढ्यौं। गाडीको गतिले प्राकृतिक दृश्यावलीलाई परिवर्तित पार्दै हाम्रा आँखालाई नयाँ-नयाँ दृश्यका प्रारूपलाई पस्कँदै अघि बढिरहेको थियो। विस्तारै नयाँ-नयाँ क्षीतिज देखा पर्न थाले। प्रकृतिका सुन्दर पक्षहरू उद्घाटित हुँदै पुराना प्रत्यावर्तन हुँदै गैरहेका थिए। यी मनोरम पक्षहरूसँगै हाम्रो मन पनि परिवर्तन हुँदै गएको थियो। अब भगवान् श्रीसूर्यनारायण पनि थाकेर अस्ताञ्चलतिर हतार गर्दै ओरालो झर्दै थिए। हाम्रा चालक पनि गाडीको गति बढाउन एक्सीलेटरलाई थिच्दै बढ्दै थिए। बाटाका श्रीनगर, रुद्रप्रयाग, देवप्रयाग आदि स्थानहरू पार गर्दै त्यहाँका विविध दृश्यलाई मन र आँखाभरि लिँदै हामी बेलुकी गौरीकुण्डमा बास बस्न पुग्यौं। चालक बराबर त्यहाँ यात्रीहरू लिएर आउने जाने हुनाले उनको त्यहाँ सम्पर्क र परिचय हुनै नै भयो। हामीले उनलाई पथप्रदर्शकको रूपमा पनि लिएकाले उनको सल्लाहअनुसार बास बस्ने कार्यक्रम बनाइएको थियो। उनले एउटा होटलमा पुऱ्याए। त्यहाँ बस्ने खानेको व्यवस्था गरेर राति त्यही आराम गऱ्यौं। यसरी हाम्रो चौथो दिनको तीर्थयात्रामा विश्राम लाग्यो।

अघिल्लो दिनको सल्लाहअनुसार बिहान सबेरै स्नानादि कार्यबाट निवृत्त भएर यात्रा तय गऱ्यौं। त्यहाँबाट अलिकति गाडीमा गएर गौरीकुण्डबाट घोडा लिएर बढ्ने सल्लाह थियो। गौरीकुण्डसम्म गाडीमा गएर त्यहाँबाट आवश्यक लुगा कपडा र औषधि साथमा लिएर अघि बढ्यौं।

गौरीकुण्ड सानो बजार रहेछ। जाडोको समयमा केदारनाथमा हिमपात हुने भएकाले जाडोयामभरि केदारनाथका मानिसहरू यहीं बस्दारहेछन्। केदारनाथको पूजाआजा पनि यहींबाट हुँदोरहेछ। अरू बेला माथि शिखरमा नै हुँदोरहेछ। त्यसैले यहाँ पनि बजार गुल्जार रहेछ। गौरीकुण्ड बजार सानो तर साह्रै अस्तव्यस्त। बाटो साँगुरो, पर्यटक भरी-भराऊ। यहीबाट पैदल जान नसक्नेहरू घोडा, खच्चड या तामदानमा बसेर केदारनाथसम्म यात्रा गर्दारहेछन्। पैदल जान सक्नेहरू पैदल जान रुचाउँदा रहेछन्। घोडावालहरू आ-आफ्ना ग्राहक तान्न सचेत। सरकारी

नियमअनुसार घोडा, खच्चड प्रत्येकले सवारी बोकेबापत निश्चित स्थानबाट सवारी चढेर गएपछि कर तिर्नुपर्ने प्रावधान रहेछ। हामीले लाग्ने कर तिर्ने सल्लाह गरेर चारवटा घोडा बन्दोबस्त गर्‍यौं। यसबाट सवारी र घोडावालको अभिलेख रहने र बीचमा पर्यटकलाई दुःख झन्झज हुँदैन भन्ने मान्यता राखेका थियौं। म कानून र न्यायमा संलग्न भएकाले कानून बर्खिलाप गर्ने कार्यमा अघि बढ्ने कुरा पनि भएन। गेहनाथ र वंशी पैदलै जाने भए। भाउजू, कल्पना, म र वंशीकी श्रीमती घोडामा गर्यौं। दैनिक यात्रामा लागेका हामीलाई जम्मा चौध किलो मिटर बाटो तय गर्न पैदल जान सम्भव पनि थिएन। घोडामा अगाडि बढ्यौं। उकालोभरि पर्यटकहरू कोही पैदल, कोही तामदानमा, कोही घोडामा आफ्ना यात्रा अघि बढाइरहेका थिए। अति वृद्ध-वृद्धाहरू र नाबालक-नाबालिकाहरू पनि यात्रामा थिए।

सबैको उद्देश्य भगवान् केदारनाथको दर्शन गर्नु थियो। भाइ शिव, भाइबुहारी जीवनप्रभा, माहिली दिदी खड्गकुमारी, भिनाजु केदारनाथ र भान्जा नवराज सम्भवतः यात्रा गर्न सकिँदैन भन्ने आशयले फर्किए। हाम्रा भिनाजुभन्दा अतिवृद्धहरू पनि तामदानमा यात्रा गर्दै थिए। उनीहरू प्रसन्न देखिन्थे तर हाम्रा दिदी, भिनाजु, भाइहरू फर्किए। यसैमा मलाई दुःख लाग्यो। हामी देख्तैछौं, पहाडमाथिबाट पानीका रुद्र छहराजस्ता विभिन्न छहराहरू झरिरहेका छन्। घना जङ्गलको बीचमा यस्ता झरनाले मन पुलकित पारिरहेको छ। दोलखाको कालिञ्चोक भगवती दर्शन गर्न जाँदा देखिने लेकमा पाइने वनस्पतिजस्तै यहाँ पनि प्रशस्तै देखिन्थ्यो तर गुराँस भने देखिएन। बाटामा पिउने पानीको बन्दोबस्त, फलफूल, चिया नास्ता आदि व्यवस्थाले यात्रीको सेवा पुगेको देखिन्थ्यो। लगातार उकालो पार गर्दै सात किलो मिटरसम्म पुगियो। त्यहाँ केहीबेर विश्राम गरेपछि पुनः अघि बढ्यौं। अन्ततः केदारनाथ पुगियो। घोडाबाट उत्रेर सामान ओरालियो। गेहनाथ वंशी पुगेपछि लालमोहरबाला पण्डा तीर्थप्रसाद बाजपेयीकहाँ पुगियो। उनैले बस्ने व्यवस्था आफ्ना यजमानलाई गर्दारहेछन्। उनले देखाएको स्थानमा बास बसियो। बस्ने स्थान राम्रै थियो। त्यहाँ हात-मुख धोएर केदारनाथ दर्शन गर्न गयौं ।

## केदारनाथ ज्योतिर्लिङ्ग

शिव भगवान्का द्वादश ज्योतिर्लिङ्गमध्ये केदारनाथलाई एक ज्योतिर्लिङ्ग मानिन्छ। शिवका अनेक नाममध्ये एक नाम केदारनाथ पनि हो। भनिन्छ, भगवान् शिवका ज्योतिर्लिङ्ग स्वयम् प्रकट भएका हुन्। भगवान् महादेव कैलासमा

विराजमान छन्। केदारनाथ पनि हिमालय पर्वतमा पर्छ। त्यसैले यस क्षेत्रलाई प्रमुख तीर्थस्थल मानिएको छ। केदारनाथ यस्तो स्थान हो यहाँ महादेवको स्वरूप लिङ्ग नरही भैँसीको पीठको रूपमा अवस्थित छ। यहाँको स्वरूप धड र नेपालको पशुपतिनाथको स्वरूप शिरको रूपमा अवस्थित रहेको मानिन्छ। त्यसैले केदारनाथ र पशुपतिनाथको स्वरूप संयुक्त ज्योतिर्लिङ्ग रहेको मान्यता छ।

*शिवपुराण*अनुसार, "महाभारतको युद्धमा पाण्डवहरू विजयी भए पनि ब्रह्महत्या, गुरुहत्या, बन्धुहत्या, गोत्रहत्या भएकोमा अत्यधिक चिन्तित थिए। आफैँले आफूलाई नै अपराधको दोष दिइरहेका थिए। गुरु, बन्धु बान्धवलगायत युद्धमा मारिएको हत्याको प्रायश्चित्त गर्न देवादिदेव महादेवबाट आशिष् वचन लिन चाहन्थे तर भोलेनाथ पाण्डवसँग असन्तुष्ट भएकाले हिमालयतिर लाग्नुभएको थियो। पाण्डवहरू पहिले महादेव भोलेबाबाको दर्शन गर्न काशी गए। काशीमा दर्शन नपाएर भगवान् भोलेबाबालाई खोज्ने क्रममा हिमालय पर्वततिर लागे। भोलेबाबा पाण्डवसँग रिसाएका कारण केदारनाथ पुगेर अन्तर्ध्यान हुनुभएको थियो। पाण्डवहरू पनि पछिपछि लाग्दै केदार पुगे। त्यो देखेर भोलेनाथले भैँसीको रूप धारण गर्नुभयो र भैँसीको समूहमा मिसिनुभयो। अरू भैँसीभन्दा भिन्न रूप देखी पाण्डवले शङ्का गरे। भीमले आफ्नो विशाल रूप धारण गरी दुई पहाडको बीचमा आफ्ना विशाल गोडा फैलाइदिए। अन्य पशुहरू गोडामुनिबाट निस्किए पनि भैँसीरूप धारण गरेका भोलेबाबा शिवले भीमको गोडा मुनिबाट छिर्नुभएन। भीमले तुरुन्तै चिने। भगवान् अन्तर्ध्यान हुन खोज्दा भीमले भैँसीको पृष्ठ भाग बलियो गरी समाते। भैँसीको विभिन्न भाग उछिट्टियो। पछाडिको भाग मात्र भीमको हातमा पर्न गयो। भोलेनाथ त भोलेबाबा नै हुन्। बाबा प्रसन्न भएर दर्शन दिई युद्धको पापबाट मुक्त गराउनुभयो। पछाडि भाग ढाढ केदारनाथ, शिरभाग पशुपतिनाथ हुन पुग्यो"। भैँसीरूपी शिवको हात तुङ्गनाथमा, मुख रुद्रनाथमा, कपाल कल्पेश्वरमा पर्न गएको मानिन्छ। चारै स्थान पञ्च केदारेश्वर रूपमा मानिएको छ।

भारत उत्तराखण्डको रुद्रप्रयाग जिल्लाअन्तर्गत सबैभन्दा उचाइमा अवस्थित केदारनाथ द्वादश ज्योतिर्लिङ्गमध्ये एक ज्योतिर्लिङ्ग एवम् हिन्दूहरूको प्रसिद्ध तीर्थस्थल हो। उत्तराखण्डको चारधाममध्ये एक धाम हो। गङ्गाको सहायक नदी मन्दाकिनीको किनारमा अवस्थित केदारनाथमा सो नदीको जल अभिषेक गर्नु पवित्र कार्य मानिन्छ। तीर्थयात्रीहरू त्यही जल केदारनाथमा अर्पण गर्छन्।

केदारनाथमा अर्को दिन मुख्यतः दर्शन, तीर्थश्राद्ध, हंसकुण्डमा तर्पण आदि थिए। बेलुकी नेपाली पण्डित तीर्थप्रसादले खाने व्यवस्था गर्न मानिस खटाए। धेरै दिनपछि मिठो मानेर दालभात खाएर आराम गरियो। अर्को दिन बिहान केदारनाथ भगवान्को दर्शन गर्‍यौं। त्यहाँ चढाउन नेपालबाट रुद्राक्षका माला र रुद्राक्षहरू लगेका थियौं। "रुद्राक्षको त्यहाँ ठूलो महिमा हुन्छ लिएर जानू" भनेर मेरा माहिला दाजु विष्णुप्रसादले भन्नुभएको थियो। पुजारीहरू माला लिन र रुद्राक्षका दाना लिन होडबाजी गर्दै थिए। बिहान त्यति भीड थिएन। सहज तरिकाले दर्शन गर्‍यौं। त्यहाँको दर्शनपछि नेपाली धर्मशालामा आएर तीर्थ श्राद्ध गर्ने कार्यक्रमअनुसार विधिपूर्वक तीर्थश्राद्ध गर्‍यौं। हंसकुण्डमा गर्नुपर्ने विधि पूरा गरेर पण्डित तीर्थप्रसादलाई दिनुपर्ने दान-दक्षिणा दिइयो। नेपाली धर्मशाला निर्माण भइरहेको रहेको थियो। सबै तीर्थालुहरूले निर्माण कार्यमा केही सहयोग गर्ने परम्पराअनुसार हामीले पनि सहयोगस्वरूप केही रकम अर्पण गर्‍यौं ।

वि.सं. २०१८ सालमा तीर्थाटनमा पुग्नुभएका मेरा माता-पिता पं. पुष्पलाल भण्डारी, रत्नकुमारी र दाजु गणेशप्रसादले पनि अर्पण गरेको खातावही पण्डित तीर्थप्रसादले देखाए। उहाँहरू २०१८ साल श्रावण १ गते केदार पुगेको र पिताले त्यहाँ धर्मशाला बनाउन त्यतिवेर १००।– भा.रू. र एउटा गाई समर्पण गर्नुभएको रहेछ। छयालीस वर्षपछि हामी पुगेका थियौं। हामी दम्पतीबाट भा.रू.एक हजार १०००।– समर्पण भयो। यसअघि माहिला दाजु विष्णुप्रसाद पनि केदार वि.सं. २०५६ सालमा पुग्नुभएको थियो तर त्यसको अभिलेख फेला परेन। बद्रीनाथ भने उहाँ तीनपटक पुगेर तीनै पटक ब्रह्मकपाली गर्नुभयो। त्यो उहाँको ठूलो तपस्या थियो। हामी भने पहिलो पटक आउँदै थियौं। यी सबै काम सकेर अल्पहार गरी अघिल्लो दिनजस्तै घोडामा सवार भएर फर्कियौं। हिजोको बाटो तय गर्न आज त्यति अवधि लागेन। बेलुकी गौरीकुण्डमा आएर गाडी चढेर पुनः बद्रीनाथको यात्रा शुरू गर्‍यौं। बेलुकी मन्दाकिनी नदीको किनारामा आइपुगियो। त्यहाँ पुग्दा धरान-धनकुटाबीचको तमोर नदीको किनारमा बास बसेजस्तो अनुभूति भयो। त्यहाँ एउटा होटलमा बास बस्यौं।

अर्को दिन बिहान साबिकबमोजिम स्नानादि कार्यबाट निवृत्त भएर यात्रा शुरू भयो। बद्रीनाथ पुग्ने योजना रहेकोले चालकले गाडीको एक्सीलेटर दबाउँदै

बढ्दै गए । बीच बाटोमा अल्पाहार लिएपछि रोकिने काम भएन । उकालो चढ्ने क्रम बढिरहेको थियो । तल अलकनन्दा नदी आफ्नो सानो तर गहीरो कलेवर लिएर सुन्दरी आफ्नो प्रेमीलाई भेट्न हत्तारिएर दौडिएझैं गङ्गा नदीमा मिसिन हतारहतार दौडिइरहेको भान हुन्थ्यो । यता हामी पनि भगवान् बद्रीनाथको दर्शन गर्न आतुर भएर अघि बढ्दै थियौं । नदीको बेग मैदानतिर थियो भने हाम्रो यात्रा शिखरतिर तर दुवै आ-आफ्ना यात्रामा लीन । प्रकृति र मानवको यात्रा फरक हुन्छ । यसै क्रममा जोशीमठमा पुगियो । पहिले हाम्रा माता-पिता वि.सं. २०१८ साल श्रावण महिनामा आउदा यहाँबाट सँतीस किलोमिटर पैदल यात्रा गरेर बद्रीनाथ पुग्नुपर्थ्यो । केदारनाथ जान पनि रुद्रप्रयागबाट करीव सँतीस किलोमिटर पैदल जानुपर्ने अवस्था थियो भनेर माता-पिता र दाजु डा गणेशप्रसाद भण्डारीले भन्नुभएको सम्झनाहरू स्मृतिपत्रपत्रमा आइरहे । हामी टाटासुमो गाडीमा आरामपूर्वक यात्रा गरिरहेका थियौं । पानी पिउन, भोकलाग्दा खाना खान वा शौचादि कार्य गर्न शौचालयलगायतको सुप्रबन्ध थियो तर छ्यालीस वर्षअघि त्यस्तो सुविधा कहाँ प्राप्त हुनु ! त्यतिबेर हालजस्तो सुविधाको कल्पना गर्न पनि सकिँदैनथ्यो । उहाँहरूले आफ्ना आवश्यक सामान भरियालाई बोकाएर यात्रा गर्नुभयो तर हामी गाडीमा सबै सामान राखेर आरामपूर्वक यात्रामा थियौं । समयले ल्याएको परिवर्तन र सुविधा भोगेका थियौं । समय बलवान् हुन्छ भनेको यही नै रहेछ ।

जोशीमठमा गाडीको भीड भएकाले आलो पालो गरेर नियन्त्रित रूपमा ट्राफिक प्रहरीले गाडी पठाउने व्यवस्था गरेको थियो । केहीबेरपछि हाम्रो पालो आयो । हामी अघि बढ्यौं । त्यहाँबाट ओरालो झरेर नदीको छेउ हुँदै जानुपर्ने थियो । मन्दगतिमा गाडी अघि बढ्दै बिस्तारै अफ्ठ्यारो बाटो काटेर सहज रूपमा हामी बढ्दै थियौं । पन्जाबीहरू पनि तीर्थयात्रीको रूपमा अगाडि बढिरहेका थिए तर उनीहरू बद्रीनाथमा नगएर गुरुद्वारामा जाँदारहेछन् । बद्रीनाथ भगवान्को मन्दिर केही पर उनीहरूको ठूलो गुरुद्वारा रहेछ । केही पर नदी किनारबाट गाडी उकालो लाग्यो । उकालो चढ्दै हामी बद्रीनाथमा पुग्ने क्रममा छौं । जोशीमठ नजिक पहाडिक खोला अलकनन्दामा उच्च स्थानमा जल विद्युत् योजना सञ्चालनमा आएको र यहाँ प्रशिक्षण केन्द्रको रूपमा विकास हुँदै रहेछ ।

## बद्रीनाथ

भारतको उत्तराखण्डको चमोली जिल्लामा पर्ने बद्रीनाथ (बदरीनाथ) मन्दिर हिमालय पर्वतमालाको उच्च शिखर एवम् अलकानन्दा नदीको किनारमा अवस्थित छ। यो स्थान समुद्री सतहदेखि तीनहजार एकसय तेत्तीस मिटरको उचाइमा पर्छ। यो स्थानमा हिउँ पर्ने हुनाले वर्षको छ महिना मात्र (प्रायः अप्रिलको अन्त्यदेखि नोभेम्बरसम्म) खुला रहन्छ। यो प्रसिद्ध हिन्दू मन्दिर र चार धाममध्ये एक धाम हो। "स्वर्ग र धरतीमा असङ्ख्य तीर्थहरू छन् तर बद्रीनाथजस्तो तीर्थ न कुनै थियो, न कुनै छ र न भविष्यमा होला", धर्मग्रन्थमा भनिएको छ।

यहाँ भगवान् विष्णुको रूप बद्रीनारायणको पूजा हुन्छ। प्रातः छ बजेदेखि नित्य पूजा शुरू भएर बेलुकी आठ बजेसम्म साँझको पूजा-आरती पूरा भएपछि मन्दिर बन्द हुन्छ। शालिग्रामबाट निर्मित एक मिटर लामो विष्णुको मूर्ति अवस्थित छ। भनिन्छ, "सत्ययुगसम्म दर्शनार्थी यहाँ हरेक व्यक्तिको भगवान् विष्णुसँग साक्षात् दर्शन हुने गर्थ्यो। त्रेतायुगमा देवता र साधुले भगवान्को साक्षात् दर्शन मिल्दथ्यो। द्वापरयुगमा श्रीकृष्णले अवतार लिने बेलामा अबदेखि मनुष्यले भगवान्को दर्शन मूर्ति (विग्रह)मा मात्र हुन्छ" भन्ने नियम बनाउनुभएको हो। पौराणिक कथाअनुसार आठौँ शताब्दी पहिले बद्रीनाथ धाम बौद्ध मन्दिर थियो। वास्तुकलाअनुसार अहिले पनि बौद्ध मठजस्तो देखिन्छ। आदि शङ्कराचार्यले हिन्दू धार्मिकस्थलको रूपमा स्थापना गरेका हुन्। हिन्दूहरूले भगवान् बदीनारायण, बौद्धमार्गीले बुद्ध, जैनमार्गीले पारसनाथ वा ऋषभदेवको रूपमा मान्दछन्। बद्रीनारायणको मूर्तिको स्पर्श गर्न पाइँदैन।

धेरै दिनको अपेक्षानुरूप हामी भगवान् बद्रीनाथ अथवा बद्रीनारायणको दर्शन गर्न बद्रीनाथ मन्दिर आइपुग्यौँ। कालीकवली धर्मशालामा गएर कोठा बन्दोबस्त गरेर बस्ने प्रबन्ध मिलायौँ। त्यहाँबाट नेपाली लालमोहरिया पण्डालाई भेटेर बद्रीनाथ धाममा ब्रह्मकपाली गर्ने कार्यक्रम बनायौँ। लालमोहरिया पण्डाले बद्रीनाथ भगवान् दर्शन गर्ने व्यवस्था मिलाए। बद्रीनाथ या बदरीनारायण भगवान्को दर्शन गऱ्यौँ। त्यहाँको स्थान विशेष वरिपरि घुमेर दर्शनीय स्थानको अवलोकन गऱ्यौँ। यहाँ बह्मकपाली गर्ने स्थान ( धार्मिक अनुष्ठान गर्ने स्थल चौतारा ), शेषनेत्र (शेषनागको शिलाखण्ड), चरणपादुका (विष्णुको चरण निशान), वेदव्यास गुफा

या गणेश गुफा (वेद, उपनिषद् लेखन गरिएको) र बद्रीनाथबाट नौ किलोमिटर पर वसुधारा झरना अष्टवसुले तपस्या गरेको स्थल रहेको छ। बद्रीनाथ क्षेत्रलाई मुक्तिप्रदा वा मोक्षदायक पनि मानिएको छ।

पहाडको उच्च स्थान उत्तरतिर अग्ला-अग्ला पर्वत, भगवान् बद्रीनाथको मन्दिर दक्षिणतर्फ फर्किएको, दक्षिणतर्फ नै अलकनन्दा नदी तीव्र गतिमा बगिरहने दृश्य आकर्षित थियो । बजार सानो तर सेवाग्राहीलाई सेवा पर्याप्त। गाडीको यातायात, टेलिफोनको सुविधा, पिउने पानी, शौचालय, स्वास्थ्य सुविधाजस्ता आवश्यक सेवा पर्याप्त। यहाँको दृश्यावलीलाई मन-मस्तिष्कमा थपक्क राख्तै अर्को दिनको कार्यक्रम तय गरेर धर्मशालामा आई खानपिन गरेर आराम गर्‍यौं ।

अर्को दिन बिहान तप्तकुण्डमा गएर स्नान गर्‍यौं। यहाँको परम्पराअनुसार तप्तकुण्डमा स्नान गर्ने र अलकनन्दामा पञ्चस्नान गर्ने परम्परा रहेछ। अघिल्लो दिनमा नै कतिजनाले ब्रह्मकपाली श्राद्धादि कार्य गर्ने भन्ने तय गरेर पिण्डदानका लागि बद्रीनाथ भगवान्को महाप्रसाद सुरक्षण गर्नुपर्ने प्रचलन रहेछ। भगवान्को महाप्रसाद (भगवान्लाई अर्पण गरिएको प्रसाद भात)को पिण्डदान र तर्पण गर्नाले समस्त पितृको अक्षय मुक्ति मिल्छ भन्ने धार्मिक विश्वास र प्रचलनअनुसार ब्रह्मकपाली गरिन्छ। त्यसको व्यवस्था मिलाइएको हुनाले त्यहाँ जानेबित्तिकै पिण्डदानको लागि प्रसाद प्राप्त भयो। पण्डाको निर्देशनबमोजिम ब्रह्मकपाली श्राद्ध गर्ने स्थानमा गएर विधिपूर्वक ब्रह्मकपाली श्राद्ध गरियो। अलकनन्दाको किनारामा बसेर पितृहरूको तर्पण र हवनादि गरेर त्यहाँ गर्नुपर्ने विधि पूरा गरियो। नेपाली पण्डासमक्ष आएर भोजन र दक्षिणाद्वारा श्राद्धको विधि विधान पूरा गर्‍यौं। पुनः बद्रीनाथ भगवान्को दर्शन गरेर बिदावादी भई धर्मशालामा भोजन गरेर बद्रीनाथबाट फर्कने कार्यक्रम बनायौं। वसुधारामा गएर स्नान गर्ने र त्यो प्राकृतिक झरना दर्शन गर्ने तीव्र इच्छा थियो। त्यो प्राकृतिक छाँगो झरनाको सौन्दर्यको विषयमा दाजु डा. गणेशप्रसादले मलाई वि. सं.२०१८ सालमा नै धेरै कुरा बताउनुभएको थियो। उहाँले त्यो झरनाको विषयमा कविता रचना गर्नुभएको पनि थियो। कविता अहिले प्राप्त गर्न सकिनँ तर संयोगले भतिज गेहनाथ केही अस्वस्थ्य भएकाले त्यहाँबाट त्यो प्राकृतिक सौन्दर्य हेर्ने चाहना अधूरै छाडेर फर्कन बाध्य भयौं। स्वास्थ्य पहिलो प्राथमिकताको विषय थियो। त्यहाँबाट अघिल्लो दिन आएकै बाटो फर्किनुपर्ने थियो। साँझ एउटा होटलमा बास बसेर अर्को दिन बिहान ऋषिकेश आइपुग्यौं।

त्यहाँ ट्राभेल एजेन्सीको हिसाब बुझाएर हरिद्वार पुगेर पहिले बसेकै लजमा आएर बसियो ।

हरिद्वार त्यति घुम्न पाइएको थिएन । त्यसैले दिनभर घुम्ने कार्यक्रम बनाएर खानापछि कल्पना र म हरिद्वार क्षेत्र हेर्न निस्कियौँ । रामदेवको पतञ्जली योगपीठ, त्यहाँको औषधि निर्माण र त्यहाँका चिकित्सक कविराजहरूबाट बिरामीको परीक्षण विषयहरू सूक्ष्म रूपमा नै हेर्‍यौँ । बिरामीहरूको भीड पनि निकै थियो । आचार्य बालकृष्णले आफ्नो आयुर्वेदको ज्ञानलाई अझ फराकिलो पार्दै औषधि निर्माण र वनस्पतिको पहिचान गरेर मानव जीवनको रक्षाका लागि गरेका कार्यहरू साह्रै प्रशंसनीय रहेको प्रत्यक्षतः हेर्न पाइयो । नेपालको स्याङ्जामा जन्मी भारतको हरिद्वारमा बसेर मानवको दीर्घजीवनका लागि गरेको कार्य स्तुत्य लाग्यो । रामदेवले योगासनबाट पाएको जनसहभागिता र लोकप्रियता पनि त्यस्तै प्रशंसनीय रहेछ । पतन्जली योगपीठसम्म आउने-जाने बसबाट आवत-जावतमा निःशुल्क सेवा गर्ने व्यवस्था रहेछ, जुन सेवाको अर्को महत्त्वपूर्ण योगदान हो भन्ने लाग्यो । एक जना योगगुरुले योग, औषधि निर्माण, वितरण र बिरामीको उपचारमा गरेको कार्य हेरेर नेपालमा सरकारीस्तरमा खुलेका ठूलाठूला अस्पतालहरूले तदनुरूप उदाहरणीय सेवा गर्न नसकेको देख्ता व्यवस्थापन नै महत्त्वपूर्ण पक्ष रहेछ भन्ने लाग्यो । एउटा व्यक्ति विशेषले गरेको भन्दा सरकारी स्तरबाट भएको सेवामा कमी हुनु व्यवस्थापनको नै त्रुटि मान्नुपर्ने हुन्छ । त्यहाँको व्यवस्थापन हेर्दै पुनः गङ्गातट हरिकी पौडीमा आएर उडनखटौला ट्रलीमा बसेर भगवतीको दर्शन गर्न गर्‍यौँ । साँझमा हरिकीपौडीमा गएर गङ्गा किनारमा भएको आरती दर्शन र आरती प्रज्ज्वलनमा सहभागी भयौँ । त्यहाँको आरतीप्रति जनसागर उर्लेको देख्ता भारतमा जुनसुकै तीर्थमा गए पनि आस्थावान्को भीड त्यस्तै बढ्दोरहेछ भन्ने लाग्यो । साँझ बत्ती आरतीको उज्यालोले गङ्गा नदीका तट दीपमय भएको दृश्य साँच्चिकै दर्शनीय थियो ।

बजारबाट प्रसाद वितरणका केही सामग्री लिएर बेलुकीपख लजमा आएर खानापछि विश्राम गरियो । त्यहाँबाट पुनरावेदन अदालत महेन्द्रनगरका मुख्य न्यायाधीश श्री गोपाल पराजुलीलाई फोन सम्पर्क गरेर महेन्द्रनगरको बाटो हुँदै काठमाडौँ जाने कार्यक्रम भएकाले वनबासासम्म गाडीको व्यवस्थाका लागि आग्रह

गरियो। बेलुकी ट्राभेल एजेन्सीमा गएर महेन्द्रनगरसम्मको लागि गाडी बन्दोबस्त गरियो।

भोलिपल्ट बिहानै स्नानादि कार्यबाट निवृत्त भएर क्वालिस गाडीबाट महेन्द्रनगरको लागि प्रस्थान गरियो। महेन्द्रनगरतर्फ गाडीहरू त्यति चल्दारहेनछन्। गाडी सङ्ख्या पातलै थिए। बीच बाटोमा पुगेपछि दिवा खाना खाएर अघि बढ्यौं। बरेली, खटेमा हुँदै वनबासामा पुगियो। खटेमातर्फ भारत सरकाले महाकालीको पानी लगेर विशाल कृत्रिम सागर निर्माण गरेको रहेछ। म वि.सं. २०२९ सालमा जाँदा त्यहाँ त्यस्तो सागर बनेको थिएन। त्यहाँबाट हिँउदमा सिँचाइ गरेर कृषि उब्जनी बढाइँदो रहेछ। वनबासामा पुग्नासथ मुख्य न्यायाधीश श्री गोपाल पराजुली र रजिष्ट्रार श्री लोहितचन्द्र शाहसमेत दुईवटा गाडी लिएर आउनुभएको रहेछ। भेट भयो। हामीले ल्याएको गाडीलाई बिदा दिएर उहाँहरूले ल्याएको गाडीमा सवार भएर भारत सरकाले बनाएको टनकपुर बाँध हेर्न गयौं।

नेपालतिरका जग्गासमेत च्यापेर मिचेर विशाल पुल बाँध बनाइएको, पानी सबै भारततिर फर्काएर विद्युत्गृह निर्माण गरेको, पानी र बिजुलीबाट एकलौटी लाभ लिएको तर बाढीको पीडा र यसबाट हुने नोक्सानीजति सबै नेपालको भागमा परेको दृश्य हेर्दा नेपाली मुटु छिया-छिया हुँदोरहेछ। साझा नदीका लाभ बराबर हुनुपर्ने, नहुने प्राविधिक परिस्थिति भए प्राकृतिक लाभ समान पार्ने गरी तय गर्नुपर्ने, निर्माण पनि दुबै देशको लिखित सहमतिका आधारमा गर्नुपर्नेमा ठूलो देशको हैसियत देखाई भारतले थिचोमिचो गरी एकलौटी लाभ लिएर अर्गेल्याइँ गरेको जोसुकैले पनि बुझ्ने, देख्ने रहेछ। मुटु कुटुकुटु खाने दृश्य हेरेर फर्किर्यौं। नवनिर्मित पुलबाट उनीहरूका अधिकृतबाहेक नेपालका सरकारी अधिकृत कर्मचारी एवम् न्यायाधीशहरूले पनि हिँड्न निषेध रहेछ। भारतको अन्याय र अत्याचारका शृङ्खला हेर्दै पुरानो पुलबाट नेपाल प्रवेश गरेर मुख्य न्यायाधीश श्री गोपाल पराजुलीको पाहुना भएर बसियो। उहाँले अत्यन्त आदरसाथ हामीलाई बस्ने खाने व्यवस्था गर्नुभएको थियो।

हामी त्यहाँ आएको दिनमा नै थारुवान् सङ्घर्ष समितिले विभिन्न माग राखेर यातायात हड्ताल गरेको थियो। हामीले त्यहाँबाट धनगढी हुँदै काठमाडौं फर्कने कार्यक्रम बनाएका थियौं। मुख्य न्यायाधीश श्री गोपालजीको प्रयासबाट नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनाका अधिकारीलाई भनेर दुईवटा गाडी र सुरक्षाकर्मीको व्यवस्था भयो। उनीहरूको स्कर्टिङबाट धनगढीको अत्तरियामा

पुग्यौं । त्यहाँ चन्दनपुरका टङ्कबहादुर थापाका कान्छा छोरा अमर थापाको पाहुना भएर बस्यौं । बिहानको खाना खाएर केहीबेर आराम गरेपछि जिल्ला न्यायाधीश दुर्गादत्त भट्टलाई म आएको सूचना गर्रैं । उहाँले तत्काल गाडी र सुरक्षाका अधिकारीसहित हामीलाई लिन पठाउनुभयो । गाडी नचल्ने भएमा जहाजबाट जाने, गाडी चलेमा गाडीबाट जाने सल्लाह गरेर जहाजको लागि छ जनाको टिकट व्यवस्था गर्‍यौं । मेरो साथमा रहेर काम गर्नुभएका पुनरावेदन अदालतका न्यायाधीश श्री विश्वनाथ जोशी पनि मलाई भेट्न त्यहाँ आउनु भएको थियो । उहाँसँग पनि त्यहाँको न्यायिक गतिविधि बारेमा छलफल भयो । त्यहाँ कार्यरत डीआईजीपी थपलियासँग पनि हड्तालका बारेमा कुरा भयो । बेलुकी सबै कुरा खबर गर्छु, वार्तालाप हुँदैछ भनेर भरे सूचना गर्ने भनेपछि हामी पुनः अत्तरिया फर्कियौं । राति आठ बजे हड्ताल फिर्ता लिएको सूचना थपलियाले गरेपछि बेलुकीको खाना खाएर हामी अमरकै रोजिन र टर्पेन्टाइन्को गाडी लिएर काठमाडौंको लागि प्रस्थान गर्‍यौं । अमरको गाडी नारायणघाटसम्मका लागि लिएको थियौं । गाडीचालक सिपालु भएकाले राम्ररी ल्याए । बिहान उज्यालो हुँदा नारायणघाट पुगेर जिल्ला अदालतको अतिथि कक्षमा गएर दैनिक कार्यबाट निवृत्त भएर देवघाटमा पुग्यौं । यहाँ गएर स्नान तर्पण गर्ने र तीर्थस्नानका कार्यको दान-दक्षिणा गरी तीर्थयात्राका विधि पूरा गर्‍यौं । पुनः नारायणघाट बजार गएर खाना खाएर अमरको गाडी त्यहीबाट फिर्ता गरेर अर्को गाडी व्यवस्था गरी काठमाडौं आइपुगियो । यसरी काठमाडौंबाट हिँडेको बाइस दिनमा पुनः काडमाडौं फर्किएर उत्तराञ्चलका चारधाम तीर्थयात्रा पूरा भए ।

केदारनाथको दर्शनपछि पशुपतिनाथको दर्शन अनिवार्य गर्नुपर्छ भन्ने धार्मिक मान्यता छ । धार्मिक आस्थाकै कारणले चारधाम तीर्थयात्रामा गएका थियौं । अब गङ्गोत्तरीको जल पशुपतिनाथमा अर्पण गर्ने र पूजा गर्ने कार्य काठमाडौं फर्केको भोलिपल्ट नै गर्ने कार्यक्रम बनायौं । तदनुसार हामी र काठमाडौंमा रहेकी काहिँली बहिनी तुलसासमेत भएर पशुपतिनाथमा जल चढाउने र पूजा गर्ने काम सु-सम्पन्न गरेर तीर्थयात्रा पूरा गरियो । हाम्रा माता-पिताले छयालीस वर्षअघि गरेको तपस्याको अनुसरणले आफूलाई आत्मशान्तिको अनुभूति भयो । हुन पनि तीर्थयात्रा र धार्मिक कार्य स्वस्थ्य उमेरमा नै गर्न उत्तम मानिन्छ । अस्वस्थ्य र उमेर धेरै भएपछि यात्रा र धार्मिक कार्य गर्न असम्भव हुन्छ ।

## कन्याकुमारी

वि.सं.२०५६ माघ महिनामा उपचार गर्न भेलोर गएको अवस्थामा कन्याकुमारी, रामेश्वरम् र पुट्टपर्ती भ्रमणको कार्यक्रम मिलाइएको थियो । कन्याकुमारी र रामेश्वरम् विपरीत दिशामा भएकाले मदुराई पुगेर छुट्टिनुपर्ने रहेछ । कन्याकुमारी मदुराईबाट दक्षिणतर्फ र रामेश्वरम् पूर्वतर्फ पर्ने रहेछ । दुवै स्थान जानुपूर्व पहिले मदुराई पुग्नुपर्ने हुनाले हामीले सिधै मदुराईको लागि बिहान खाना खाएर यात्रा शुरू गर्‍यौं ।

भेलोरबाट प्रारम्भ भएको यात्रा दिनभर लगाएर राति करीब १२ बजे मदुराई पुगियो । त्यहाँ राति लज व्यवस्था गरेर आराम गरियो । अर्को दिन बिहान मदुराईको प्रसिद्ध मीनाक्षी देवीको मन्दिर दर्शन गर्न गयौं । त्यहाँ हात्तीले मानिसलाई आशीर्वाद दिएका घटना हेर्दै त्यसमा सहभागी हुँदै मन्दिर परिक्रमा गरियो । त्यहाँबाट कन्याकुमारीको लागि प्रस्थान गरियो । बाटामा एक प्रकारको ढावा जस्तोमा बिहानको अल्पखाना खाएर एक क्षण आराम गरी पुनः अघि बढ्यौं । लगभग तीन बजे कन्याकुमारी पुगेर त्यहाँ समुद्री किनारको होटल समुद्रमा बस्ने प्रबन्ध मिलाइयो ।

नेपाली पर्यटक आएको भनेपछि कोठाको दररेट पनि बढाउने त्यहाँका होटलवालाहरूले गर्दारहेछन् । जति भने पनि आगन्तुकले व्यहोर्नु बुझाउनु नै पर्छ । आफ्ना झोला सामान राखेर खाना खाने होटल खोज्न थालियो । बिहानको अल्प खानाले छाडेको थियो । होटलका बेराहरूले देखाएका स्थानतिर खोज्दै एउटामा पसेर खाना खाएर केहीबेर विश्राम गरियो । एक घण्टा विश्रामपछि समुद्रको भागको चट्टानमाथि निर्मित विवेकानन्दको मूर्ति हेर्न निस्कियौं । डुँगामा बसेर त्यहाँ पुगियो । विवेकानन्दको भव्य मूर्तिको परिक्रमा गर्दै विवेकानन्दसम्बन्धी पुस्तक पसल अवलोकन गरियो । माघ महिना भए पनि जाडो थिएन । त्यहाँबाट फर्किएर बेलुकी कन्याकुमारी मन्दिर दर्शन गर्न गयौं । श्रीनारायण मार्गी वैष्णवहरूमा विष्णुको पूजा, प्रसाद एवम् तीर्थजल (चरणोदक) वितरण र ग्रहणलगायत कार्यमा उत्तरीय वस्त्र लगाउन निषेध रहेछ । त्यहाँ पनि त्यस्तै प्रचलन । सम्भवतः त्यो प्रक्रियामा दुबै सम्प्रदायीको समानता रहेको हुँदो हो । बेलुकी आरती दर्शन गरियो ।

## कन्याकुमारीबाट सूर्योदय र सूर्यास्तको रोमाञ्चक परिदृश्य

सूर्योदय र सूर्यास्तको रोमाञ्चक दृश्य हेर्ने इच्छा इलाम श्रीअन्तुबाट शुरू भएको थियो । त्यस्तो दृश्यावलोकन गर्न उच्च पहाडको शिखरमा या समुद्रको किनारामा जानुपर्छ । इलामस्थित उच्च शिखर श्रीअन्तु डाँडाबाट सूर्योदयको दृश्य हेरेको थिएँ । अहिले कन्याकुमारी समुद्रको किनारमा आएको अवसरलाई सदुपयोग गर्दै आफू बसेको समुद्र होटलको छतमा गएर दृश्यावलोकन गर्न पुगैं । सूर्योदय र सूर्यास्त हुँदाको अवस्थामा सूर्य भगवान्को स्थिति अवलोकन गर्दा प्रकृतिका रोमान्चक दृश्य नियाल्न सकिने रहेछ ।

सूर्योदय हुँदा पहिले केही भाग सेतो, पहैंलो बैजनी र बढी रक्तिम रङ्गको ऊर्ध्वगामी लालिमाले पूर्वीय आकाश ढाक्ने र सूर्यको गति बढ्दै जाँदा लालिमा क्रमशः रक्तश्वेत मिश्रित भई सूर्यको रङ्गअनुसार सुनौला किरणहरूका छाया प्रतिच्छायाले पहिले आकाश र पछि क्रमशः पृथिवीतिर छरिई आभा परिवर्तित हुँदै जाने रहेछ । तदनुसार समुद्रमा पनि रङ्ग अनुसारको आभा फैलिँदो रहेछ । ती सुनौला आभाले क्रमशः आकाश र समुद्र नै रङ्गाउने रहेछ । सूर्यको गति बढेपछि सबै किरण श्वेत रूपमा परिवर्तित हुँदै जाने रहेछन् ।

अस्ताउँदा भने सूर्य मलिन हुँदै कहिले हल्का गुलाबी, कहिले पहैंलो, कहिले बैजनी, पछि सुन्तला र रक्तिम रङ्गले आकाश ढाकिने रहेछ । सूर्यका किरणहरू पनि तदनुसार नै केही पहैंला अनि पछि राता र बैजनी भएर माथि नीलो आकाशमा छरिँदै गई समुद्रको पल्लो छेउबाट सूर्यास्तको अद्भूत परिदृश्यले दर्शकको मन प्रफुल्लित हुनेरहेछ । यी विविध रङ्गले पोतिएको र चित्रित भएको उज्ज्वल आकाश महान् चित्रकारले कोरेको चित्रमय रूपमा परिणत हुँदोरहेछ । त्यो विष्मयकारी अद्भूत बिम्ब देख्ता मभित्र खुशीको सीमा नै रहेन । सो दृश्यबाट म सम्मोहित नै हुन पुगैं ।

यी रङ्गीन परिदृश्यहरू हेरि रहैं । सूर्य पानीमा तल डुबिरहेको देखिन्थ्यो । यो अद्भूत दृश्य म उपहारको रूपमा हेर्दैछु । अति विस्मयकारी यो क्षण पनि व्यतीत भइरहेको पत्तै पाइरहेको छैन । अस्त हुँदा सूर्य एक प्रकारले तरलजस्तो अवस्थामा परिवर्तन हुँदै क्रमशः विस्तारै विस्तारै रङ्ग परिवर्तन भएर पहिले सुन्तला, बैजनी र पछि रातो रङ्ग मिश्रित सुनैला आभा समुद्रमा फैलिने, समुद्रको पानी पनि क्रमशः तदनुसारकै रङ्गमा परिवर्तित हुँदै जाने र सूर्य भने समुद्रको गर्भमा डुब्ने क्रममा पुग्ने रहेछन् । त्यसबेला सूर्यका किरण वा आभाहरू आकाशतिर सोझिँदा रहेछन् । समुद्रको गर्भमा जब सूर्य डुब्छन् विशाल सूर्यको आकृति बिम्ब पनि सानो देखिँदोरहेछ । अन्ततः सूर्य समुद्रको गर्भमा विलीन हुँदै अस्त हुँदारहेछन् । त्यो क्षण

अत्यधिक रोमाञ्चक हुँदोरहेछ । एकप्रकारको तरङ्गजस्तो जल, जमीन र माथि ऊर्ध्व आकाशमा विचित्रको आभा फैलिएको त्यो परिदृश्य अति रोमाञ्चकारी हुँदोरहेछ । यस्तो अवस्थामा आकाशको नीलो रङ्ग पनि क्रमशः सूर्यका आभाअनुसार रङ्ग परिवर्तित हुँदै केही पहेँला, सुन्तला, बैजनी र रक्तिम हुँदै अन्त्यमा पूर्ण नीलो हुनेरहेछ । सूर्यास्तका आभा हेर्दा स्वर्णिम अनुभूति भयो । यस्तो स्वर्णिम दृश्यको वर्णन गर्ने शब्द पनि बाँकी न रहेको अनुभूति भयो ।

समुद्रको विशाल राशिमा देख्न पाइने यो भव्य स्वरूप या बिम्ब, अनि रमणीय र रोमाञ्चकारी दृश्य हेरेर भावविभोर भएँ । आँखाले देखिने स्थानसम्म फैलिएको विशाल समुद्र, कञ्चन पानी, नीलो आकाश र सूर्यास्तका मनोरम रङ्गीन परिदृश्यहरू हेरेर मन्त्रमुग्ध भएँ । सूर्योदय र सूर्यास्तको यो चामत्कारिक रूप देखेर दङ्ग परेँ । यस्ता मनोरम परिदृश्यले दर्शकको मन र मस्तिष्क पनि विस्मित भएर त्यसैमा चुर्लुम्म डुब्दोरहेछ । यसले मेरो जीवनको अनमोल समय र अस्तित्व पनि प्राकृतिक दृश्यमा चुर्लुम्मै डुबेर सम्मोहनमा परेको अनुभूति भयो ।

हुन त सूर्योदय र सूर्यास्तका परिदृश्यहरू प्रकृतिका शाश्वत नियम हुन् । उदाएपछि अस्ताउनु पर्छ । अनि अस्ताएपछि उदाउनु । आजका सूर्यास्तका बिम्ब भोलिको बिहानी र अस्तमा त्यसरी नै फैलिन्छन् । यो क्रम निरन्तर चल्ने प्रकृतिको शाश्वत नियम हो तर मानवको जुनी भिन्न छ । मानिसको जन्म भएपछि क्रमिक रूपमा बाल्य, युवा, वृद्धावस्थाजस्ता चरण पारगरेर सदाका लागि यो संसारबाट बिदा हुनुपर्छ तर फरक के छ भने सूर्य अर्को दिन यसै गरी पूर्वी आकाशमा यस्तै लालिमा लिएर आमाको गर्भबाट बालशिशुले जन्म लिएझैँ अलि अलि गरेर आफ्ना सहस्र किरणहरू फैलाउँदै लालिमा छाड्दै उदाउँछन्, छिप्पिन्छन् अनि आखिर तेज कम हुँदै अस्ताउँछन् । एवंरीतले परिक्रमा चलिरहन्छ । सूर्यको नियमित प्रक्रिया हो यो तर मानिसको यो जुनीमा पुनरागमन हुँदैन । अध्यात्मसम्बन्धी शास्त्रीय मान्यताअनुसार अर्को जन्मको प्रतीक्षा गर्नुपर्छ ।

मैले यो विश्वमा प्रकृतिका रमणीय र सुन्दर रचनालाई हेर्न र बुझ्न धेरै बाँकी छ । यस्ता मनोहारी दृश्यहरू हेरेर कविले कल्पना गरेर आफ्ना कल्पना र भावनालाई लालित्यपूर्ण काव्यको रूपमा पस्कँदा हुन् । ती काव्य पढ्नेहरू पनि मन्त्रमुग्ध हुँदा हुन् र आफूलाई बिसँदा हुन् । कविमा त्यो काल्पनिक बिम्ब, भाव र त्यो भाव सम्प्रेषणीयताको शक्ति र सामर्थ्य हुन्छ । ममा त्यस्तो कहाँ हुनु ! आफू भने कानूनको रौँ-चिरा व्याख्या गरेर समाजमा न्याय अन्याय छुट्याउने दायित्व बोकेको व्यक्ति भएकाले त्यस्ता कल्पनाका भावहरू कहाँ प्रस्फुटित हुनु ! भित्री रहस्य बुझ्न भित्री

आँखा खुल्नुपर्छ। मनका आँखा खुले मात्र बाह्य आँखाले देख्न सकिन्छ। मनका आँखा जबसम्म खुल्दैनन् तबसम्म बाह्य आँखा पनि खुल्दैनन् तर प्रकृतिका यस्ता सुरम्य बिम्बहरू मनमा आइरहन्छन्।

त्यहाँबाट समुद्रको भाग हेरियो। विशाल जलराशीको समुद्र। आँखाले नभ्याउने। जता हेऱ्यो उतै पानी पानी। आहा ! कति पानीको धनी तर के गर्नु त्यो पानी पिउनयोग्य छैन, न त जमीन सिँचाइयोग्य। नेपालमा समुद्र छैन। भएका ठूला नदीहरू भनेका कोशी, नारायणी र कर्णाली हुन्। ती पनि उत्ताल लहरहरू निकाल्दै कहिले उग्र र कहिले शान्त हुँदै पहाडका विभिन्न खोँचहरूबाट हान्निएर दक्षिणतिर अविश्राम बगिरहन्छन्। ती नदीको किनारमा उभिँदा सम्मोहित होइन्छ कति पानी आइरहने होला ! पानी कहिल्यै सकिँदैन। अजस्र स्रोतका खानी उत्तुङ्ग धवल हिमशृङ्खला पग्लेर त्यहाँबाट अनवरत पानी बगिरहेछ, बगिरहेछ। वस्तुतः ती हिमशिखरहरू नै समुद्रका मुहान् हुन्। ती नदीका रूपमा भारतका गङ्गानदी हुँदै बङ्गालको खाडीलाई भेट्न हतार हतार गरेर बगिरहेका छन् र समुद्रमा परिणत भएका हुन्। यदि हिमशिखर नभए न नदी हुन्छन्, न समुद्र। इलाममा माई छन्, महमाई र बेनी माई छन्। तिनीहरूलाई स-साना खोलाकै रूपमा सम्बोधन गरे पनि जब तल झापातिर झरेर कन्काईमा मिसिन पुग्छन् तब आकार ठूलो हुन्छ। तथापि कन्काईले जति ठूलो अकार लिए पनि समुद्रको जस्तो विशाल आकार कहाँ हुनु ! कमण्डलु र राराताललको आकार एउटै कहाँ हुन्छ र ! कञ्चनजङ्घाका सेता-सेता अद्भूत हिमशृङ्खला आह्लादकारी हिमाली दृश्य चाहारेको व्यक्तिलाई यो समुद्री परिदृश्यले बेग्लै आनन्दको अनुभूति दिलायो तर पहाडका नदीहरू र समुद्रको गति एकनाशको हुँदोरहेन छ। नेपालका नदीहरू आकारमा साना भए पनि अत्यधिक ऊर्जा लिएर तलतिर बगेका हुन्छन् तर यहाँ समुद्रको रूप विशाल भए पनि गति शून्यजस्तो आभास हुँदोरहेछ। पानी बगेको पत्तै लाग्दैन। आँखाले देखिएजति भाग समुद्र, पानी नै पानी। आन्ध्र सागर, बङ्गालको खाडी र अरब सागरहरूको सङ्गम यति विशाल कि आँखाले पनि नभ्याउने। सूर्यास्त भएपछि अँध्यारोले ढाक्यो।

## रामेश्वरम्

रामेश्वर जान मदुराई हुँदै जानुपर्ने हुँदा बिहान अघिल्लो दिनकै बाटो फर्किनुपर्ने थियो। अर्को दिन बिहान सूर्योदयपछि मदुराईतिर लाग्यौँ। बाटामा बिजुली उत्पादन गर्न जडान गरिएका वायुऊर्जा प्रदान गर्ने विशाल पङ्खाहरू हेर्दै अघि बढ्यौँ। त्यहाँ बहने वायुको गतिले ती पङ्खा टर्वाइनको रूपमा घुमेर विद्युत् उत्पादन गर्दारहेछन्। नेपालमा पनि यस्तो हावा वहने स्थानमा यस प्रकारको

प्रविधि जडान गरे विद्युत् उत्पादन हुँदो हो तर नेपालमा यस्तो रचनात्मक कामले स्थान पाउन बाँकी नै छ। सिँचाइ हुने स्थानमा कृषकहरू धान गहुँको उत्पादन लिन व्यस्त रहेको देखिन्थ्यो। बाटामा बिहानको जलपान गरेर अघि बढ्यौं। मदुराई हुँदै अपराह्न रामेश्वरम् पुग्यौं। त्यहाँ गुजराती होटलमा बस्ने प्रबन्ध गरी झोलाहरू राखेर स्नान गर्न बङ्गालको खाडी एक प्रकारका समुद्र भने पनि हुने (कन्याकुमारीको जस्तो विशाल होइन) स्थानमा गएर स्नान गरी तीर्थ श्राद्ध गरियो। तीर्थ श्राद्ध सकेर रामेश्वरम्का बाइस कुण्डमा सचैल स्नान गरेर लुगा फेरियो।

अब भने रामेश्वरम् शिवको दर्शन गर्ने क्रम शुरू भयो। फूल, प्रसाद र नेपालबाट लगेका रुद्राक्ष एवम् भेटी जम्मा गर्न थाल्यौं। पहिले त्यहाँ मन्दिरका आसेपासेहरूले दर्शन गर्न रू. नौ सय प्रतिव्यक्ति लाग्छ भन्दै हामीसमक्ष आए। उनीहरूको रवैया पैसा तान्ने हो भन्ने कुरा बुझ्न हामीलाई समय लागेन। हामी पङ्क्तिबद्ध भएर समयको पर्वाह नगरी दर्शन गर्छौं, शुल्क बुझाउन हामी मन्जुर छैनौं भनेपछि निराश भएर फर्किएका थिए।

जब हाम्रो पूजासामग्री र रुद्राक्षका मालाहरू देखे तब उनीहरू "नेपालबाट आएका दर्शनार्थीहरू अगाडि आउनुहोस्, अरू पछाडि जानुहोस्" भन्दै पुजारीहरू हामीलाई लिन र अगाडि बढाउन आए। हामी पनि उनीहरूको आशय बुझेकाले दर्शन गर्न अघि बढ्यौं। रामेश्वरम् भगवान् शिवको राम्ररी दर्शन गर्ने अवसरको सदुपयोग गर्‍यौं। दर्शन सकिएपछि उनीहरूले "यो प्रसाद" भन्दै अरू थप प्रसाद वितरण गरे। हामीले पनि स्वीकार्दै दर्शनका क्रम पूरा गर्‍यौं। उनीहरूले अर्को दिन बिहान चार बजेदेखि नै स्फटिक शिवलिङ्गको पूजा-आराधना र रुद्राभिषेक हुने पूर्वसूचनासहित दर्शन, पूजन र रुद्राभिषेक ग्रहण गर्न आउन निमन्त्रणा गरे। त्यो दिनको दर्शन सकेर बेलुकी गुजरातीकै भोजनालयमा भोजन गरी राति आराम गरी अर्को दिन सबैरै पुनः दर्शन गर्न गयौं। स्फटिकको रामेश्वरम् शिवलिङ्गको आराधना पूजा, दर्शन र रुद्राभिषेक ग्रहण गर्ने अवसर प्राप्त भयो। यसरी रामेश्वरम्, कन्याकुमारी र मदुराई देवीको दर्शन सकेर भेलोरका लागि प्रस्थान गर्‍यौं ।

भेलोर प्रत्यावर्तनको क्रममा दिउँसो मदुराईको बाइपास बाटो पार गरेर अघि बढेपछि एउटा भोजनालयमा भोजन गर्ने प्रबन्ध गरेर बस्यौं। होटलबालालाई मेरो लवाइका कारण गुजरातीजस्तो लागेछ। "गुजराती हुनुहुन्छ ?" भनेर सोधे। भैले सगर्व "नेपाली हुँ" भर्नें। होटलवालाले त केही प्रतिक्रिया जनाएनन् तर टेवलमा भोजन गरिरहेका एक-दुईले नेपाली त "प्लेन अपहरणकर्ता पो हुन्" भने। त्यतिबेर नेपालबाट भारतका लागि उडेको एयर इण्डयाको जहाजलाई अपहरण

गरेर अफगानिस्तानको कन्धहारमा अवतरण गराइएको थियो । अपहरणकारी सबै काश्मिरी लस्करे तोइवासँग सम्बन्धित थिए । मैले प्रतिवाद गर्दै– "कसले अपहरण गऱ्यो त्यो त पछि दुई सरकारले छानवीन गरेर यकीन पत्ता लाग्ने कुरा हो । एक-दुई जनाले काठमाडौँबाट उडेको जहाज अपहरण गरे भन्दैमा सबै नेपाली अपहरणकर्ता हुँदैनन्" । मैले यस्तो प्रतिवाद गरेपछि उनीहरू मौन रहे ।

हामीसमक्ष हाम्रो आदेशबमोजिमको खाना आयो तर त्यहाँ के प्रचलन रहेछ भने थालमाथि केराको पात राखी त्यसमा खाना पस्कँदा रहेछन् र त्यही पातमा नै खानुपर्ने रहेछ । सबैले यस्तै गरिरहेका रहेछन् । हामीले पनि त्यहाँको प्रचलनलाई स्वीकार्दै भोजन गऱ्यौँ । भोजनको शुल्क बुझ्काई आफ्नो गन्तव्यतिर अघि बढ्यौँ । बेलुकी मात्र भेलोर पुगी कार्य सम्पन्न गऱ्यौँ ।

त्यहाँबाट हामी बेङ्लोरतर्फ प्रस्थान गऱ्यौँ । काटपाडीबाट रेलमा चार-पाँच घन्टा लाग्दोरहेछ बेङ्लोर पुग्न । स्टेशनबाट ओलिँदा साँझ परिसकेको थियो । त्यहाँबाट होटल पत्ता लाउँदै ईश्वरी होटलमा गयौँ । होटल ठीकै लागेर त्यहीँ बास बसियो । बिहान त्यहाँबाट स्टेशन छेउमा गएर कार बन्दोबस्त गरेर साईबाबाको दर्शन गर्न पुट्टपर्ती प्रस्थान गऱ्यौँ ।

बेङ्लोरको क्षेत्रमा बाटो वरिपरि हरियाली नै रहेछ । सडकको दाँया-बाँया वृक्षरोपण गरेर हरियाली बढाइरहेको देखिन्थ्यो तर बाँकी क्षेत्र भने सुक्खा, जमीनमा कुनै बाली-नाली थिएन । जमीन धाँजा परेर फुटेको थियो । जति पुट्टपर्तीतिर बढ्दै गयौँ त्यति नै सुक्खा क्षेत्र रहेछ । आन्ध्र प्रदेश क्षेत्र लाग्दा झनै सुक्खा, हरियाली देख्न नपाइने । ग्रामीण बस्ती नेपालका गाउँजस्तै । मानिस पनि त्यस्तै गरीब । पिउने पानीको सर्वत्र अभाव । पुट्टपर्ती अपराह्न पुगियो । पुग्नुपूर्व साईबाबाका दर्शनार्थी विशिष्ट व्यक्तिहरूको लागि निर्मित हवाईमैदान गाडीबाटै देखियो । अलिक अघि बढेपछि साई बाबाको प्रेरणाले निर्माण भएको भव्य अस्पताल । यी दृश्य बाबाको आश्रम प्रशान्त निलयम् पुग्नुपूर्वकै हुन् । प्रशान्त निलयम्को द्वारमा कार टैक्सी भित्र प्रवेश निषेध रहेछ तर सामानको अवस्था देखाएपछि भित्र प्रवेश दिइँदोरहेछ ।

## पुट्टपर्तीमा साईबाबासँग

आश्रमभित्र गएर त्यहाँको "एकोमेडेशन" लेखिएको कोठामा गएर बस्ने व्यवस्थाको लागि जानकारी लिइयो । धरानमा मलाई पढाउने विद्यालयका प्रधानाध्यापक श्री चन्द्रशेखर श्रेष्ठले मेरो परिचयको एउटा पत्र दिनुभएको थियो । उहाँ साई सेन्टर नेपालको अध्यक्ष रहनुभएकाले उहाँको पत्रको धेरै मान्यता रहेछ ।

उसमा पनि पुनरावेदन अदालतको मुख्य न्यायाधीशको परिचय उल्लेख भएकाले उनीहरूले सम्मानपूर्वक व्यवहार गरे। विदेशी विशिष्ट व्यक्तिहरूलाई दिइने गरेको भवनको एउटा "फ्ल्याट" हामीलाई उपलब्ध गराए। बसेको दैनिक शुल्क रू. एक सय मात्र रहेछ।

कार्यालयका सहयोगी आएर हामीलाई उनीहरूले तोकेको कक्षमा लगे। दुई शयनकक्ष, एउटा बैठककक्ष र तातो-चिसो पानीको बन्दोबस्त भएका दुई-दुई शौचालय भएको आरामदायी व्यवस्था रहेछ। हामीलाई बाबाको दर्शन गर्न जाने समय र त्यहाँको रीतिस्थितिका बारेमा सहयोग गर्न एउटा सहयोगी पनि खटाईदिए। भोजन र स्वल्पभोजन गर्ने स्थानहरू सबै देखाईदिएर प्रथम दृष्टिमा नै हाम्रो मन त्यहाँको व्यवस्थापनले जित्यो। प्र.अ. चन्द्रशेखर श्रेष्ठले मप्रति देखाएको सदाशयताले त्यहाँ पनि राम्रो सेवा पाइयो। प्रेमप्रसाद दाजु अधिवक्ता हुनुभएकोले अधिवक्ताको रूपमा, सीता भाउजू कल्पना श्रीमती र सिर्जना छोरीको मेरा परिवार सदस्यबाटै र सहयोगी परिचरलाई सहयोगीकै रूपमा प्रार्थनास्थलमा विशिष्ट व्यक्तिको पङ्क्तिमा हामीहरूलाई आसन दिइयो। बाबा आउने स्थानको प्रथम पङ्क्तिको पहिलो आसनमा मलाई राखेर व्यवस्थापनले उच्च सम्मान दियो। न्यायको आसनमा बस्नेलाई जहाँ पनि सम्मान प्राप्त हुँदोरहेछ भन्ने अनुभूति भयो।

त्यहाँ लगातार एक सप्ताह बस्दा दिनहुँ बाबाको दर्शन गर्न जाने, प्रवचन सुन्ने र भजन आरतीमा समावेश भइयो। त्यहाँ गायत्री मन्दिरमा गएर पूजा-आजा गरियो। भोजन गर्ने स्थानमा सबैसरह पङ्क्तिबद्ध भएर भोजन गरियो। भोजनका कुपनबाट सबैलाई समान रूपमा भोजन पानीका व्यवस्था राम्रो लाग्यो। त्यहाँ कुनै जाति-पातिको भेदभाव थिएन। बिहान बाबाको आश्रम नजिक मन्दिरमा सदैव जलाभिषेक सहित रुद्री पाठ गरेको सुनिन्थ्यो। बाबाको आश्रममा बस्दा प्रतिदिन सामेल भएर बाबाको दर्शन गरियो। बाबाको अशिष्वचन प्राप्त गरियो। प्रसाद बाबाकै करकमलबाट प्राप्त गरियो। बाबाको दर्शन गर्न जानेहरूको समूह ठूलो थियो। करिब पाँच हजार व्यक्ति बस्न सक्ने भवनमा सदैव दर्शनार्थीहरूले भरिएको हुन्थ्यो। सबै धर्मप्रति समान भाव राख्नुहुने बाबाप्रति सबै धर्मावलम्वीहरूले श्रद्धा र भक्तिभावले दर्शन गर्थे। बाबासँग अलौकिक क्षमता र शक्ति भएको कारणले नै मानव सागर त्यहाँ उर्लेको प्रतीत हुन्थ्यो।

छोटो समयका लागि हामी गएका थियौं। नेपालबाट जाने पनि महिनौंसम्म पनि बस्दारहेछन् तर नेाकरी गरी जीविका धान्ने मजस्ताको लागि त्यो सम्भव हुने कुरा भएन। त्यहाँबाट कार आरक्षण गरेर बेङ्लोर बेलुकी आइपुगियो। त्यही राति

दश बजेको रेलको टिकट भएकाले प्रतीक्षा गरी रेल चढेर प्रत्यावर्तन यात्रा प्रारम्भ गर्‍यौं। पुट्टपर्ती भ्रमणबाट हाम्रो दक्षिणी भारतको भ्रमण पूरा भयो। पुट्टपर्तीबाट बेङ्लोर स्टेशन हुँदै न्यू जल्पाइगुडीको रेलमा यात्रा शुरू भयो। दोस्रो दिन बिहान कलकत्ता उत्रिएर न्यू जलपाइगुडी जाने अर्को रेलको प्रतीक्षा गरी बेलुकीको रेल पक्री अर्को दिन बिहान न्यू जल्पाइगुडी उत्रेर एउटा कार बन्दोबस्त गरी काँकडभिट्टामा आइयो।

हड्ताल भएको जानकारी भएकाले काँकडभिट्टाको प्रहरी कार्यालयमा पुगी झापा जिल्ला अदालतमा जिल्ला न्यायाधीश श्री जनार्दनबहादुर खड्कालाई फर्किएको सूचना गर्‍ैं। उहाँले सुरक्षासहितको गाडी बन्दोबस्त गरेर पठाईदिनुभयो। सपरिवार प्रेमप्रसाद दाइ उहाँको सम्धी भेषप्रसाद दाहालको निवास बिर्तामोडमा र हामी मिठु दिदी श्रीहरिप्रसाद न्यौपानेको घर बुधबारेमा सुरक्षाकासाथ गएर दिनभर आराम गरियो। दाइ हुनुहुँदो रहेनछ। हड्ताल भएकाले इलामबाट गाडी आउन सकेन। अर्को दिन बिहान इलामबाट गाडी आइपुग्यो। बेलुकी इलाममा आइपुगियो।

यसरी उत्तर कञ्चनजङ्घा छेउबाट शुरू भएको यात्रा सुदूर दक्षिण कन्याकुमारी, रामेश्वरम्, भेलोर,बेङ्लोर र पुट्टपर्तीको परिक्रमा गर्दै कलकत्ताको फन्को मारेर पुनः कञ्चनजङ्घाको काख इलाममा फर्किर्यौं। मलाई सधैं नयाँ-नयाँ कुरा सिक्ने चाहना हुन्छ। त्यो चाहना यात्रा गर्नाले पनि पूरा हुन्छ भन्ने मलाई लागेको छ। यात्राले धेरै नवीनतम शिक्षा, अनुभव र अनुभूति प्रदान गरेर जीवनलाई अझ ऊर्जाशील जीवन्त तुल्याउँछ भन्ने लाग्छ। जीवन एउटा यात्रा नै हो। पश्चिमी मुलुकका मानिस नयाँ-नयाँ कुरा हेर्न र बुझ्न नियमित भ्रमण गर्छन्। देखेका विषयमा पुस्तक लेख्छन्। उनीहरू ज्ञान बाँड्छन्। उनीहरूसँग साधन र स्रोत छ। नेपालमा साधन र स्रोत हुनेहरू पनि कमै मात्रामा अध्ययन भ्रमणमा जान्छन्। भ्रमण पनि एक प्रकारको स्वाध्ययन हो। यसले ज्ञानको क्षेत्रलाई अझ परिष्कृत गरेर बढाउँछ भन्ने मलाई लाग्छ। यात्रा साहित्य र संस्कृति फैलिन सकेमा नै मुलुकको पहिचान बढ्छ।

❋❋

चौधाँ प्रकाश

# चौधौं प्रकाश–सूची


**साहित्यिक र सामाजिक संलग्नता** ३५३

- कृति प्रकाशन ३५३
- वशिष्ठ भण्डारी समाजको भवन शिलान्यास ३५५
- अन्य सामाजिक कार्यमा सहभागिता ३५६
- पुरस्कार एवम् सम्मान ३६१

# साहित्यिक र सामाजिक संलग्नता

## कृति प्रकाशन

बनारसमा अध्ययन गर्दादेखि नै कथा र कविता लेख्ने र वादविवाद प्रतियोगितामा भाग लिएर पुरस्कृत हुँदै आएको थिएँ । बनारसमा अध्ययन अवस्थामा झर्रो नेपालीको रूपमा *नौलो पाइलो* प्रकाशन हुन्थ्यो । त्यसमा बालकृष्ण पोखरेल, डा. तारानाथ शर्मा, कोषराज रेग्मी, गणेशप्रसाद भण्डारी, माधव भण्डारी, चूडामणि रेग्मी, पोषराज निरौला प्रभृति स्रष्टाहरू थिए । नेपाली छात्रसङ्घबाट साहित्यिक पत्रिका *छात्रदूत* पनि प्रकाशन हुन्थ्यो । त्यसमा पदमराज सुवेदी, पोषराज निरौला, विश्वराज रेग्मी, शिवप्रसाद भट्टराई आदि थिए । त्यो समयमा दाजु प्रेमचन्द्र भण्डारी, अन्य साथीहरूमा विश्वनाथ भट्टराई, पुरुषोत्तम सिग्देल, टीकादत्त भट्टराई, लक्ष्मीप्रसाद अधिकारी, डी.बी भट्टराई , प्रेमचन्द्र पौडेल समेत साहित्यिक क्रियाकलापमा संलग्न हुने गरिएको थियो । साहित्यप्रतिको अनुराग त्यहींबाट शुरू भयो भने पनि हुन्छ ।

धरानमा कलेजमा अध्ययन गर्दा सम्पादन समितिमा रही विद्यार्थी युनियनबाट साहित्यिक पत्रिका प्रकाशनमा सक्रिय रहें । वि.सं २०१९ सालको घटना हो धरान महेन्द्र कलेजमा विद्यार्थी भएको अवस्थामा छात्रसङ्घबाट प्रकाशित *छाया* पत्रिकाको सम्पादन समूहमा रहेको अवस्थामा सम्पादकीयमा प्रधान सम्पादक श्री शम्भुप्रसाद आचार्यले पञ्चायतइतर विचार लेखेका कारण सम्पादन समितिका मसमेत सबैलाई कोशी अञ्चलाधीशले दुई दिन नजरबन्दमा राखी प्रधान सम्पादकलाई सुरक्षा कानूनअन्तर्गत नजरबन्दमा राखेर अरू हामीलाई छाडेका थिए । अध्ययन गर्दा साहित्यिक कार्यक्रम बराबर सञ्चालन हुने गर्थ्यो । प्राध्यापक आनन्ददेव भट्ट, प्रा.

टीकाप्रसाद वस्ती, कृष्णप्रसाद श्रेष्ठ, यज्ञप्रसाद आचार्य, दाजु डा. गणेशप्रसाद भण्डारी, भाउजू डा. शुशीला भण्डारीजस्ता साहित्यिक व्यक्तिहरू बराबर लेखनकार्यमा प्रोत्साहन गर्नुहुन्थ्यो । कलेजका सहपाठीहरू पनि लेख कवितामा संलग्न हुन्थे । सो समयदेखि नै कविता, कथा लेखनमा सक्रिय रहे पनि राष्ट्रसेवामा संलग्न भएपछि भने साहित्यिकभन्दा कानूनसम्बन्धी लेख-रचनाहरू बराबर प्रकाशनमा सक्रिय रहँै ।

सेवानिवृत्त भएपछि भने कानूनका अतिरिक्त साहित्यतर्फ पनि सक्रिय हुन थालेँ । यसमा धेरै मित्रहरूसँग संलग्न भएँ । जसमा *रचना*का प्रधान सम्पादक रोचक घिमिरे, तुलसी भट्टराई, विश्वनाथ भट्टराई, प्रा.डा. खेम कोइराला "बन्धु", प्रा.डा. कृष्णप्रसाद दाहाल, प्रा.डा. गोपालप्रसाद भण्डारी,विष्णुविभू घिमिरे, परशु प्रधान, हिरण्य भोजपुरे, श्रीओम श्रेष्ठ, नरेन्द्रबहादुर श्रेष्ठ, प्रतीक घिमिरे, शेषराज सिवाकोटी, रमेश दाहाल, खेमनाथ दाहाल प्रभृति हुनुहुन्छ ।

पटक-पटक हामी दम्पती अमेरिकाको भ्रमणमा गयौँ । छोरा-बुहारी शशाङ्क र स्नेहासँग तीन महिना सानफ्रान्सिस्को र अन्य भागमा आनन्ददायी भ्रमणमा बिताइयो । सो भ्रमणसम्बन्धी यात्रा विवरण पत्र साहित्यको रूपमा *प्रशान्त सागरको किनारबाट* नामक कृति प्रकाशन गरेँ । यात्रा विवरण सबै सो कृतिमा उल्लेख हुनाले यहाँ पुनरावृत्ति गर्नु आवश्यक भएन । भाग १० शीर्षक १० मा विभाजित १८४ पृष्ठको पत्रात्मक शैलीमा अमेरिकाका विविध विषयहरू नेपालका सम्बन्धित विषयसँग तुलनात्मक विश्लेषण गरी लेखिएको सो कृति अध्ययन गर्दा पाठक स्वयम् अमेरिकासँगै नेपालका विभिन्न स्थानको पनि परिभ्रमण गरेको अनुभूति हुने पाठक वर्गको प्रतिक्रिया भएकाले सो कृति अध्ययन गर्दा प्रस्तुत आलेखकै भागसरह हुने धारणा राखेको छु । अमेरिका भ्रमणको उपलब्धि त्यही कृतिमा प्रतिविम्बित छ । अन्तिम भाग कृति प्रकाशनको अन्त्य समयमा नेपालमा आएको वि.सं. २०७२ सालको भूकम्पले प्रकाशनमा विलम्ब हुँदा सो समयको पनि सदुपयोग गरी नेपालमा विगतका भूकम्पसमेत समेटेर एक भाग समावेश गरेको छु । यसले ऐतिहासिक तथ्य उजागर गरेको छ ।

यसअघि आत्मकथनको रूपमा *जीवनका पाइलाहरू* नामक कृति लोकार्पण गरेको थिएँ । तीस शीर्षकमा विभक्त एक सय पैँतीस १३५ पृष्ठको कृतिले मूलतः

आफू र परिवारबारेमा सङ्क्षेपमा प्रकाश पार्ने जमर्को गरेको थिएँ। पाठकहरूले त्यसलाई बेग्लै स्वादमा रुचाएर मलाई साहित्यिक यात्रामा डोऱ्याएका थिए। न्यायसेवामा  कार्यरत हुँदा विभिन्न पत्रिकामा कानून र न्यायसम्बन्धी लेखहरू प्रकाशन भए।

## वशिष्ठ भण्डारी समाजको भवन शिलान्यास

वशिष्ठ भण्डारी बन्धुहरूको इतिहास अन्वेषण गर्ने, पैत्रिक सम्बन्ध अभिबृद्धि गर्ने, बन्धु-बान्धवमा सेवाभाव विस्तार गर्ने, नेपालभित्र र बाहिर रहेका वशिष्ठ गोत्रीय भण्डारी बन्धुहरूलाई एकसूत्रमा आबद्ध गर्ने ध्येयले "वशिष्ठ गोत्रीय भण्डारी समाज" २०५१ सालमा स्थापित भई  सोही सालमा विधिवत् दर्ता भएको संस्था हो। संस्थाको आजीवन सदस्य एवम् संरक्षकको रूपमा रहेको छु। यो संस्था वशिष्ठ भण्डारीहरूको साझा चौतारीको रूपमा रहेको छ। वशिष्ठ भण्डारी समाजले मेची अञ्चलको कन्काई नदीको किनारामा आश्रम बनाउने सोचले समाजका अध्यक्ष श्री दुर्गाप्रसाद भण्डारी, उपाध्यक्ष श्री गेहनाथ भण्डारी, महासचिव श्री प्रेमचन्द्र भण्डारी र कोषाध्यक्ष श्री महेन्द्रप्रसाद भण्डारी र अन्य सदस्यहरू सक्रिय रही आर्थिक सङ्कलन गरेर जग्गा खरीद गरी भवन निर्माण गर्ने तयारी गर्नुभएको रहेछ। जग्गा खरिदमा यथाशक्य मैले पनि सहयोग गरेको थिएँ।

मलाई महासचिव दाजु श्री प्रेमचन्द्र भण्डारीले टेलिफोन गरी शिलान्यास गरिदिन आग्रह गर्नुभयो। मेरो सर्वोच्च अदालतको व्यस्त कार्यभार हुँदाहुँदै पनि उहाँको आग्रहलाई टाल्न सकिनँ। म र श्रीमती कल्पना यति एयरलाईन्सको जहाजको टिकट लिएर विराटनगर गयौँ तर विराटनगरलगायत पूर्वाञ्चल क्षेत्रमा यातायात पूर्णतः हड्ताल रहेछ। विराटनगरबाट झापाको कन्काई जान समस्या पऱ्यो। असमञ्जसमा थियौँ तर संयोगबस प्रहरीको गाडीको सहयोग लिएर उपाध्यक्ष एवम् नेपाल सरकारका सह-सचिव भतिज गेहनाथ विराटनगर आए। उनले स्थानीय प्रमुख जिल्ला अधिकारी र प्रहरी प्रमुखको सहयोगमा गाडी र सुरक्षाकर्मीसमेत व्यवस्था गरेकाले सुरक्षित आश्रमस्थल कन्काई पुगियो। वि.सं २०६४।३।  १४ का शुभमुहूर्तमा  ३५ फिट चौडा ७५ फिट लामो आश्रमको सभा

भवनको शिलान्यास भयो। वंशका परम गुरु ब्रह्मर्षि वशिष्ठको आशिष्ले नै यो शुभकार्य सु-सम्पन्न भएको अनुभूति भयो। अध्यक्ष एवम् महासचिवलगायत सबै बन्धुबान्धवको सक्रियताबाट कठिन हड्तालको अवस्थामा पनि शिलान्यास सम्भव भयो। यसरी एउटा सामाजिक कार्य सफल भयो।

शिलान्यास भएको सो भवन अध्यक्ष, महासचिव ,कोषाध्यक्ष एवम् अन्य बन्धुबान्धवसमेतले अहोरात्र खटेर २०६४। १०। १५ अगावै निर्माण सम्पन्न गरी ब्रह्मर्षि वशिष्ठको मूर्ति संस्थापना गर्ने कार्यसमेत सुसम्पन्न भएको वशिष्ठ गोत्रीय भण्डारीको *वंशावली* उल्लेख छ। वशिष्ठ भण्डारी समाजको उद्देश्यमध्ये माड्दिङका मूलपुर्खा कृष्णानन्दका नाति पं. लक्ष्मीकान्त भण्डारीले शुरू गर्नुभएको *वंशावली* लेखनकार्यलाई पूरा गर्नु पनि एक थियो। उहाँले शुरू गर्नुभएको पाण्डुलिपिलाई श्री टङ्कनाथ भण्डारीले थप नामावली सङ्कलन गरी निजी रूपमा *वशिष्ठ भण्डारी वंशावली* २०५२ सालमा प्रकाशन गर्नुभएको थियो। वशिष्ठ भण्डारी समाज विधिवत् दर्ता भएपछि संस्थागत रूपमा बन्धुहरूको नाम थप सङ्कलन गरी २०६६ सालमा प्रकाशन गर्ने सहमति भएपछि सो वंशावलीको भूमिका लेख्ने जिम्मेवारी पूरा गर्ने अवसर मलाई प्राप्त भएको थियो। समाज र समाजका अध्यक्ष एवम् महासचिवले मलाई *वंशावली*जस्तो महत्त्वपूर्ण अभिलेखको भूमिका लेखन कार्यमा दिनुभएको जिम्मेवारी सहर्ष स्वीकार गरी पूरा गर्न र *वंशावली* लोकार्पण कार्यक्रममा सहभागी हुने अवसर पाएकोमा गौरवान्वित भएको अनुभूति सह्मालेको छु।

## अन्य सामाजिक कार्यमा सहभागिता

सेवानिवृत्त हुनुपूर्व नै वशिष्ठ भण्डारी समाजमा आबद्ध भएको थिएँ। आश्रमको भवन शिलान्यासको कार्यदेखि नै बराबर कार्यक्रममा सहभागी हुने गरेको छु। महासचिवको विशेष मेहनत र लगनबाट वंशावलीको *पूरक वंशावली* २०७३ मा तयार भयो। सोको भूमिका लेखनमा पनि सक्रिय रहैं। *वंशावली* प्रकाशन भएपछि थप भएका बन्धुहरूको नामावली समावेश गरेर पूरक खण्ड तयार भएको थियो।

सेवानिवृत्त भएपछि अन्य सामाजिक सङ्घ-संस्थाहरू मार्फत तिनका गतिविधिमा सहभागी हुन थालेँ। विश्व हिन्दू महासङ्घ, नेपाल राष्ट्रिय समितिको उपसभापति रही सेवा गर्दैको अवस्थामा सभापति श्री नीलप्रसाद भण्डारीको अकस्मात् देहावसान भएकाले कार्यवाहक सभापतिको जिम्मेवारी निर्वाह गर्दैछु। यसको उद्देश्य व्यापक छ। संक्षेपमा उद्देश्य निम्नः छन् - "विश्वको विभिन्न भागमा छरिएर रहेका ॐकारप्रति श्रद्धाभाव र आस्था राख्ने, गोवंशप्रति अवध्यभाव राख्ने, पुनर्जन्ममा विश्वास राख्ने, सत्य, धर्म, शान्ति, प्रेम, अहिंसा, अस्तेय, अपरिग्रह, धार्मिक, अध्यात्मिक, नैतिक सदाचार प्रति विश्वास राख्ने, सेवा, समर्पण र त्यागको भावनाले हिन्दू परिवारबीच आपसी एकता, सद्भावना, आत्मीयता र सहयोगको अभिवृद्धिका लागि प्रयत्नशील रहने, हिन्दू धर्म, संस्कृतिका अनुयायीहरूलाई एक सूत्रमा आबद्ध गरी सङ्गठित तुल्याउन र बसुधैव कुटुम्बकम्को आदर्शको प्रतिपादनबाट विश्वभ्रातृत्व कायम गरी विश्व शान्ति, कल्याण तथा आपसी सहयोग जुटाउने" आदि। यी उद्देश्य कार्यान्वयनमा सक्रिय रहेको छु।

विश्व हिन्दू महासङ्घ नेपाल राष्ट्रिय समिति वि. सं. २०६० सालमा परिस्थितिवस विभाजित भएको थियो। समिति भित्रको द्वन्द्व र विभाजनको मौका छोपेर विश्वकै एकमात्र हिन्दू अधिराज्यको संवैधानिक पहिचान हटाएर नेपाललाई धर्मनिरपेक्ष घोषित गरियो। धार्मिक विभाजनमा नेपाली समाज छिन्नभिन्न भयो। नेपाली मौलिक संस्कृति र धर्ममा अतिक्रमणको शृङ्खला बढ्यो। यस्तो परिस्थितिमा नेपालको गौरवपूर्ण हिन्दूधर्म, संस्कृति बचाउन र राष्ट्रको गुमिसकेको पहिचान संविधानतः स्थापित गर्न हिन्दू समाज एकजुट हुनुको विकल्प रहेन। विश्व हिन्दू महासङ्घका स्व. अध्यक्ष जनरल श्री भरतकेशर सिंह र राष्ट्रिय समितिका सभापति स्व. श्री नीलप्रसाद भण्डारीले आफ्नो जीवनकालमा विश्व हिन्दू महासङ्घ राष्ट्रिय समितिबाट विभाजित भई जिल्ला प्रशासन कार्यालय काठमाडौँमा दर्ता भएको नं ३३८ को विश्व हिन्दू महासङ्घ नेपाल र सबैभन्दा पुरानो द.नं. २५ मा वि.सं. २०३७ सालमा नै दर्ता भएको विश्व हिन्दू महासङ्घ बाँसबारीको राष्ट्रिय समितिबीच एकता कायम गर्न विभिन्न समिति गठन गरी प्रयास गर्नुभएको थियो। सो प्रयासमा थप प्रयास गरी राष्ट्रिय समिति र उक्त दर्ता नं ३३८ विश्व हिन्दू महासङ्घको बीचमा एकता गर्ने सहमति पारित गरी अन्तर्राष्ट्रिय विश्व हिन्दू महासङ्घको अनुमोदनपश्चात् वि.सं.

२०७८ वैशाख ०८ गते रामनवमीको दिन विधिवत् एकताको सहमतिको घोषणा गरियो । सो को दुई सभापतिमध्ये पदेन म एक सभापति रहेको थिएँ । केही दिनसम्म एकताको रूपमा कार्य भए पनि उक्त नं ३३८ का पदाधिकारीहरू राजनैतिक दलमा आबद्ध एवम् दलगत कार्यमा संलग्न रही विश्व हिन्दू महासङ्घ राष्ट्रिय समितिलाई राजनीतिक दलको शाखाजस्तो व्यवहार गर्न सक्रिय रहे । राष्ट्रिय समितिअन्तर्गत पोखरालगायत अन्य स्थानमा स्थानीय समितिका पदाधिकारीहरूले आयोजना गरेका पौराणिक अनुष्ठान एवम् यज्ञ-याज्ञादिमा बाधा पुऱ्याउने, स्थानीय प्रशासन लगाएर दुःख दिने, स्थानीय र क्षेत्रीय समितिका पदाधिकारीलाई हतोत्साहित र अपमानित गर्न र विश्व हिन्दू महासङ्घविरूद्ध क्रियाकलाप हुन थाले । विश्व हिन्दू महासङ्घ बाँसबारीको स्वामित्वको भवन र जग्गा हडप गर्नेसम्मका दुश्चेष्टा हुन थाले ।

संस्थाको तर्फबाट पत्राचार वा अन्य सबै कार्य गर्न राष्ट्रिय समितिका दुई सभापतिले संयुक्त निर्णय गरेर दुबैको हस्ताक्षरबाट मात्र कार्य गर्नुपर्ने सहमति विपरीत द.नं. ३३८ का सभापतिको एकल निर्णयबाट संस्थाको हित, उद्देश्य एवम् विधान विपरीत कार्य हुन थाले । बराबर त्यसो नगर्न गरेका आग्रह र प्रयास विफल रहे । बाध्य भएर विश्व हिन्दू महासङ्घ बाँसघारी र राष्ट्रिय समिति नेपालको निर्णयबाट एकता कायम हुन नसक्ने निर्णय भई उक्त द. नं.३३८ विश्व हिन्दू सङ्घसँगको एकता भङ्ग गरी द.नं ३३८ का सबै पदाधिकारीलाई हटाई पूर्ववत् द. नं २५ को विश्व हिन्दू महासङ्घअन्तर्गत विश्व हिन्दू महासङ्घ राष्ट्रिय समितिले विधानबमोजिम कार्य गरी आएको छ ।

अन्य सामाजिक कार्यमध्ये महत्त्वपूर्ण कार्य एक हो– पूर्व न्यायाधीश फोरमको गठन । सेवानिवृत्त न्यायाधीशहरूको प्राप्त ज्ञान, अनुभव, क्षमतालाई राष्ट्र र समाजको विविध पक्षमा सदुपयोग गर्ने उद्देश्यले संस्थागत संरचनाको आवश्यकता महसूस गरी पूर्व प्रधानन्यायाधीश एवम् अन्य पूर्व न्यायाधीशहरू बीचबाट पूर्वन्यायाधीश फोरम नाउँबाट संस्था स्थापना गरियो । वि.सं.२०७२ मार्गदेखि एडहक कमिटी गठन भएर कार्य शुरू भएकोमा वि.सं. २०७३ श्रावण ९ मा पूर्व न्यायाधीश फोरमको नाउँमा विधिवत् दर्ता भएर कार्य सञ्चालन भइरहेको छ । सोको संस्थापक सदस्य रहेको छु ।

सो संस्थामा पूर्व प्र.न्या.हरू. केदारनाथ उपाध्याय, गोविन्दबहादुर श्रेष्ठ, केदारप्रसाद गिरी, रामकुमारप्रसाद साह, गोपाल पराजुली, न्यायाधीशहरू कृष्णजङ्ग रायमाझी, प्रा.टोपबहादुर सिंह, गोपालप्रसाद खत्री, प्रा. पवनकुमार ओझा, ताहिरअलि अन्सारी, मीरा खड्का, शम्भुबहादर खड्का, एकराज आचार्य, अलि अकबर मिकरानी, यज्ञप्रसाद बस्याल, गोविन्दकुमार श्रेष्ठ, युवराज सुवेदी, जनार्दन खडका, हरिराम कोइराला, नारायण दाहाल, नारायण पोखरेल आदि हुनुहुन्छ। हाल अन्य पूर्व प्रधानन्यायाधीशहरू र पूर्व न्यायाधीशहरूसमेत एक सय बीस जनाभन्दा बढी संलग्न छन्।

संस्थाको उद्देश्यहरू– "कानूनी राज्य, स्वतन्त्र न्यायपालिका तथा संविधानवादको अवधारणालाई आत्मसात गरी विधिशास्त्रको विकासमा क्रियाशील हुने, न्यायपालिकाको स्वतन्त्रता, सक्षमता र निष्पक्षताको संरक्षण र सम्बर्द्धनका लागि समर्पित रहने, न्यायिक प्रक्रियालाई प्रभावकारी, आदर्शमय र विश्वसनीय तुल्याउन आवश्यक खोजमूलक सामग्रीको अध्ययन र अनुसन्धानमा सहयोग पुऱ्याउने, कानूनको अभावमा न्याय सर्वसुलभ हुन नसकेका क्षेत्रको पहिचान गरेर आवश्यक कानून निर्माणको लागि सुझाव दिने, न्यायको पहुँचबाहिर रहेकाको न्यायिक जागरण र न्यायिक सचेतना ल्याउन समय सापेक्ष अन्तर्क्रिया तालीम, गोष्ठी सेमिनारजस्ता कार्यक्रम सञ्चालन गर्ने, कानूनी सहायता उपलब्ध गराउन सक्रिय रहने र विवाद समाधानका वैकल्पिक उपचारमा संलग्न हुने र सम्बर्द्धन गर्ने" छन्। सो उद्देश्य पूर्तिका लागि विभिन्न क्रियाकलापमा एकल र सामूहिक रूपमा संलग्न रहँदै आएको छु।

यस्ता संस्था किन आवश्यक छ ? वस्तुतः यस्ता अनुसन्धानमुखी गैरसरकारी संस्था र यस्ता संस्थाको दिगोपनको आवश्यकता सबै क्षेत्रमा रहेको छ। यसमा आबद्ध हुने विज्ञहरूको विज्ञता, अनुभव र अनुसन्धानात्मक कार्यले सम्बन्धित मुलुकको सर्वाङ्गीण विकासमा ठूलो योगदान पुग्ने कुरामा मतभेद हुँदैन। उदाहरणको रूपमा सन् १९६६ सेप्टेम्बर २९का दिन अनुसन्धानमूलक गैरसरकारी संस्था वासिङ्गटन डि.सि.स्थित "ब्रुकिङ्गस् इन्स्टच्यूसन"को ५०औँ वार्षिकोत्सवलाई सम्बोधन गर्दै अमेरिकाका राष्ट्रपति लिण्डन वी. जोन्सनले भनेका थिए, "यस

संस्थाले प्रकाशन गर्ने अनुसन्धान प्रतिवेदनले विश्वभर हलचल मच्चाउँछन् । सञ्चारमाध्यमले पहिलो पृष्ठमा छाप्छन् । अर्थशास्त्री, राजनीतिज्ञ, सम्पादकले त्यसलाई उपदेशको रूपमा लिन्छन् । त्यस्ता समग्रीहरू कठोर अनुसन्धान, विहङ्गम विश्लेषण, वस्तुनिष्ठ लेखाइका परिणाम हुन्, जसले देशको कानून र व्यवहारमा ठोस परिवर्तन ल्याउन मद्दत गरेका छन् । यो संस्थाको उपस्थिति राष्ट्रको लागि महत्त्वपूर्ण छ ....आदि."..। सो संस्थाको अनुसन्धानको मद्दतले अमेरिकासहित अन्य धेरै देशको सार्वजनिक नीतिमा उल्लेख्य परिवर्तन ल्याउन सफल उक्त संस्था विश्वकै प्रतिष्ठित अनुसन्धानमूलक गैरसरकारी संस्था मानिन्छ । पेन्सिलभेनिया विश्वविद्यालयले वार्षिक रूपमा विश्वका "टप थिङ्क ट्याङ्क"हरूको सूची निकाल्छ । सन् २०२०मा उक्त ब्रुकिङ्गस् इन्स्टिच्यूसन पहिलो नम्बरमा थियो ।

अमेरिकाजस्ता उत्कृष्ट विश्वविद्यालय, थुप्रै सरकारी र गैरसरकारी संस्थाहरू भएको देशमा पनि राज्यले त्यहाँका अनुसन्धानमूलक गैरसरकारी संस्थाहरूलाई महत्त्वपूर्ण अङ्ग मानेर राज्यको सामाजिक, राजनीतिक, आर्थिक, सामरिक, वैज्ञानिक आदि नीति निर्माणका महत्त्वपूर्ण स्रोतको रूपमा उपयोग गर्ने गर्छ । सरकारी सहयोग उपलब्ध हुन्छ । नेपालमा भने अनुसन्धानमूलक संस्थालाई राज्यले चिन्दैन । कानूनी झैझमेला उत्तिकै छ । सरकारी सहयोग छैन । संस्था दर्ता वा नवीकरणमा झन्झट हुन्छ । कानूनी रूपमा स्थानीय पालिकाको वार्डमा, जिल्ला प्रशासनमा, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता गर्ने र समाज कल्याण परिषद्मा आबद्धता लिने आदि समस्या छन् । एकद्वारमा दर्ता गर्ने कार्य गरेर आवश्यकतानुसार अन्य निकायलाई जानकारी दिए पुग्नेमा कार्यको दोहोरोपन गरेर गणेश परिक्रमा किन गराउनुपऱ्यो ? राज्यलाई आवश्यक पर्ने अनुसन्धानमूलक प्रतिवेदनलाई सरकारले उपयोग गर्ने कुरा परको भयो । चिन्दैन पनि । तथापि पूर्व न्यायाधीश फोरममा आबद्ध पूर्वन्यायाधीशहरूले संस्थाको उद्देश्य प्राप्तिका लागि अनुसन्धानमूलक कार्य गरिरहेका छन् । आफ्नो अनुसन्धान कार्य सञ्चारमाध्यमबाट सार्वजनिक गर्ने गर्छन् ।

सो संस्थाको संस्थापक आजीवन सदस्य एवम् कार्यकारिणी समितिको सदस्यको रूपमा रही सार्वजनिक सेवामा आबद्ध छु । त्यसमा संलग्न भएर म र पूर्व न्यायाधीश प्रा. पवनकुमार ओझा सहलेखक भएर *मेलमिलापको सिद्धान्त र व्यवहार*

कृति तयार गरी पूर्वन्यायाधीश फोरमलाई नै सुम्पेका थियौं । परिच्छेद १०, पृष्ठ २३४ मा प्रकाशित सो पुस्तकबाट स्थानीय पालिकाहरूले आ-आफ्नो क्षेत्रभित्रका नागरिकबीचका विवाद मेलमिलापको माध्यमबाट आपसी वार्ताद्वारा समाधान गर्न सफल भएको प्रतिकृया व्यक्त गरेका छन् । अन्य क्षेत्रमा पनि यस कृतिको माग बढेको छ । त्यस्तै स्थानीय पालिकाका न्यायिक समितिहरूलाई आफ्नो क्षेत्रमा पर्ने मुद्दा-मामिला कार्यवाही र किनारा गर्ने विषयमा नेपालको धेरै भागमा प्रशिक्षण गर्न पुगें । टोलीको नेतृत्व गरें । समितिलाई यस विषयमा कुनै दिग्दर्शन गर्ने पुस्तक नभएको भन्ने स्थानीय पदाधिकारीको आग्रहमा *गाँउ, नगर पालिकाका न्यायिक समितिले सम्पादन गर्ने कार्य, कार्यविधि, एवम् निर्णयसम्बन्धी दिग्दर्शन"* परिच्छेद १०, अनुसूची ५१, पृष्ट १३२ को पुस्तक सरल भाषामा तयार गरी पूर्व न्यायाधीश फोरमलाई सुम्पेकोमा फोरमले प्रकाशन गरेर प्रायः सबै पालिकालाई उपलब्ध गराएको छ । यी दुबै पुस्तक संसदीय व्यवस्था मन्त्रालयले फोरमबाट एकमुष्ठ लिएर अधिकाङ्श न्यायिक समितिलाई निःशुल्क उपलब्ध गराएबाट समितिलाई मेलमिलाप, न्याय-सम्पादन र निर्णय कार्यान्वयनमा धेरै सहयोग मिलेको छ । यी दुवै पुस्तक साह्रै उपयोगी सिद्ध भएको सम्बन्धित पदाधिकारीहरूबाट प्राप्त प्रतिक्रियाले हामीलाई सन्तोष लागेको छ । म समेत सामेल भएर फोरमका सदस्यहरूले नेपालको धेरै स्थानमा स्थानीय पालिका र न्यायिक समितिका पदाधिकारीलाई उनीहरूको काम, कर्तव्य र जिम्मेवारीका विषयमा प्रशिक्षण कार्यक्रम निरन्तर सन्चालन गर्दैछौं । यो प्रशिक्षणबाट पालिकाका पदाधिकारी आ-आफ्ना पदीय जिम्मेवारी पूरा गर्न सफल भएर लाभान्वित भएका छन् ।

## पुरस्कार एवम् सम्मान

बनारस र धरानमा अध्ययन गर्दा साहित्यिक एवम् वादविवाद प्रतियोगितामा बराबर भाग लिएर पुरस्कार प्राप्त हुने गर्थ्यो । महेन्द्र कलेज धरानमा अध्ययन गर्दा यस्ता पुरस्कारहरू बढी प्राप्त भएका थिए । राष्ट्रसेवामा प्रवेश गरेपछि कन्चनपुर महेन्द्रनगरमा कार्यरत अवस्थामा तत्कालिक अन्चलाधीश श्री टेकबहादुर रायमाझीको कामसम्बन्धी जाँचबुझ आयोगको कार्यमा उल्लेखनीय कार्य गरेबापत

श्री ५ बाट तीन ग्रेड पुरस्कार प्रदान भएको थियो । त्यस्तै उत्कृष्ट कार्य गरेबापत प्रबल गोरखा दक्षिण बाहु मानपदवी, शुभराज्याभिषेक, गद्दीआरोहण रजत महोत्सव पदक २०२८।२०५३, जनमत, जानपद सेवा, दीर्घ सेवा पदकजस्ता मान पदवी र पदकहरूबाट विभूषित भएँ ।

सर्वोच्च अदालतको न्यायाधीशको पदमा रही न्याय र कानूनको क्षेत्रमा पुऱ्याएको विशिष्ट योगदानको स्मरण गर्दै २०७९ साल वैशाख २६ कानून दिवसको अवसरमा सर्वोच्च अदालतले सम्मानपत्र प्रदान गऱ्यो । त्यस्तै विभिन्न सामाजिक एवम् साहित्यिक सङ्घ-संस्थाहरूबाट प्रदान भएका सम्मानमा नौलो नेपाली स्वर्ण वर्ष सम्मान, नौलो नेपाली साहित्यिक द्वैमासिक, सिर्जना समाज नेपाल काठमाडौँ, विश्व हिन्दू महासङ्घ (अन्तर्राष्ट्रिय) बाँसबारी, विश्वहिन्दू महासङ्घ नेपाल राष्ट्रिय समिति बाँसबारी, काठमाडौँ ,नेपाली साहित्यको विश्व संसद, वशिष्ठ भण्डारी समाज, विराटनगर (माईधाम ),पूर्व न्यायाधीश फोरम काठमाडौँ, जनता माध्यमिक विद्यालय खाँदबारी चन्दनपुर, सङ्खुवासभा आदि रहेका छन् ।

पन्धौं प्रकाश

## पन्ध्रौं प्रकाश–सूची


**सर्वोच्च अदालतमा काम गर्दाका तीता–मीठा अनुभूति** ३६५

- स्मृतिको संझ्यालबाट चियाउँदा ३७२
- शून्यमा शून्यसरि विलाउने जीवन ३८४

# सर्वोच्च अदालतमा काम गर्दाका तीता-मीठा अनुभूति

वि.सं. २०६१ साल आश्विन ४ गतेदेखि सर्वोच्च अदालतको अस्थायी न्यायाधीशको रूपमा नियुक्त भएँ। म सर्वोच्च अदालतमा नियुक्त हुँदा बिहान ९ बजेदेखि बेलुकी ५ बजेसम्म कार्यालय समय तोकिएकोमा पछि १० बजे कायम भएको थियो। बिहान ९ वा १० बजे कार्यालयको समय हुँदा पनि सदैव निर्धारित ठीक समयमा पुग्ने र तोकिएको समयसम्म इजलास बस्ने आफ्नो समय क्रमलाई शुरू अदालतदेखि नै मैले अनुसरण गर्ने गरेको थिएँ। समयले भ्याएसम्म इजलासमा बसेर मुद्दाको सुनवाइ गर्ने काममा निरन्तरता दिएँ। पेशीका मुद्दामा सुनवाइको क्रमभङ्ग गरिएन न ता समयले भ्याउने परिस्थितिमा आज नभ्याइने भयो भन्दै पन्छाउने काम गरेँ। लगाउका धेरै सङ्ख्याका मुद्दा हुन् वा जेलिएका प्रकृतिका, अफ्ठ्यारा वा झन्झटिला भनेर कहिल्यै हटाउने वा पन्छाउने काम गरिएन। मुद्दाको विसद अध्ययनपछि अप्ठ्यारा भन्ने विषय नै हुँदैनन् भन्ने मेरो सोच रह्यो।

आफ्नो कामको प्रगति अभिलेख व्यक्तिगत डायरीमा विस्तृत विवरण खुलाई आदेशको सारांश टिपोट लेख्ने गरेकाले निर्णय लेखनमा पनि मलाई सहयोग नै हुन्थ्यो।

यसै क्रममा २०६२ साल पौष २ गते मलाई न्याय-परिषद्बाट स्थायी न्यायाधीशमा नियुक्तिमा सिफारिश भयो। श्री ५ महाराजाधिराजबाट *नेपाल अधिराज्यको संविधान २०४७* बमोजिम सर्वोच्च अदालतको न्यायाधीश नियुक्त भएर काम गरेँ। न्यायाधीशको रूपमा सर्वोच्च अदालतका विभिन्न समितिमा रहेर न्याय-सम्पादनको अतिरिक्त अन्य कार्यमा पनि सम्लग्न भएँ।

फूलकोर्टको निणयअनुसार अभिलेख अध्ययनको लागि मेरो संयोजकत्वमा गठित समितिले अध्ययनको क्रममा काठमाडौँ, पाटन र भक्तपुरमा वि. सं. १९४०

सालदेखिका अभिलेखमा रहेका महत्त्वपूर्ण दस्तावेजहरू उचित संरक्षणको अभावमा नोक्सान हुने स्थितिमा रहेका पाइएकोले संरक्षणका लागि आवश्यक कार्य गर्न लगभग तीन सय पृष्ठको प्रतिवेदन प्रधानन्यायाधीशसमक्ष पेश गरियो ।

सर्वोच्च अदालत र मातहत अदालतहरूमा ऐतिहासिक रूपमा रहेका यस्ता दस्ताबेजको संरक्षण, सो को माइक्रो फिल्म गरी प्रतिलिपि राख्ने र अनावश्यक कागजातहरू आगो लगाएर डढाउनुभन्दा मसी हटाई (डी इन्क गरी) कागज बनाउने कारखानालाई लिलाम गरेमा धुवाँ फैलिएर वातावरण प्रदूषित हुँदैन भन्नेलगायत धेरै विषयको सिफारिसको प्रतिवेदन पेश गरिएको थियो । पुराना मिसिलहरूका कागज हेर्दा एक सय वर्ष पहिलेका मिसिल पूरा पढ्न सकिने र पूर्ण सुरक्षित रहेका पाइए तर पछिका मिसिलहरू भने रासायनिक मसीले गर्दा सबै फैसलाहरू प्वालै प्वाल परेका पाइए । पहिले खयरको मसीको प्रयोगबाट सुरक्षित हुँदारहेछन् । तिनमा रासायनिक पदार्थ मिश्रित नभएका कारण सुरक्षित थिए भने पछिका आयातित मसीको प्रयोग र त्यसमा रासायनिक पदार्थ मिश्रित भएको कारण नोक्सान भएको पाइयो । त्यस्तै अदालतमा दसीको रूपमा पेश भई जफत भएका सवारीसाधन र अन्य सरसामानहरू समयमा नै लिलाम गरी प्राप्त रकम राजस्वमा आम्दानी बाँध्नुपर्नेमा सो भएको पाइएन । यसतर्फ पनि तत्काल कायम भएको कानूनबमोजिम लिलाम गर्नेतर्फ सिफारिस गरिएको थियो । त्यस्तै पुरातात्त्विक महत्त्वका मिसिल र फैसला सुरक्षित राख्ने र अभिलेख सुरक्षित राख्ने फर्निचरको समुचित व्यवस्थापन गर्न पनि सिफारिस गरिएको थियो ।

सर्वोच्च अदालतका प्रत्येक न्यायाधीशलाई एक-एक पुनरावेदन अदालतको काम कारवाहीको अध्ययन भ्रमण गरी कानूनबमोजिम भए नभएको अध्ययन प्रतिवेदन गर्ने जिम्मेवारी दिइएको थियो । मलाई मेची पुनरावेदन अदालत र मातहत सबै जिल्ला अदालतको जिम्मा सुम्पिएको थियो । जिम्मेवारी तोकिएअनुसार चन्द्रगढी, झापा जिल्ला अदालतको भवनको वस्तुस्थिति अध्ययन गरेर प्रतिवेदन प्रधानन्यायाधीशसमक्ष प्रस्तुत गर्ने । त्यस्तै पुनरावेदन अदालत इलामको भ्रमण गरेर त्यहाँको मुद्दाको स्थिति, फर्स्यौटको अवस्था, मुख्य न्यायाधीश र अन्य न्यायाधीशहरूको नेकीवदी, कामको स्तर, जन-प्रतिक्रिया, जन-आस्था, मातहत जिल्ला अदालतहरूको काम कारवाहीलगायत विषयमा अध्ययन गरेर प्रतिवेदन पेश गरेको थिएँ । यसरी इजलासमा रहेर गर्नुपर्ने न्याय-सम्पादनको अतिरिक्त मातहत अदालतको न्याय-सम्पादनको स्तर, मूल्याङ्कन र प्रशासनिक एवम् व्यवस्थापकीय

विषयको अध्ययनको साथै सुधारात्मक कार्यको जिम्मेवारीसमेत पूरा गर्ने सुअवसर प्राप्त भएको थियो ।

न्याय-सम्पादनमा संलग्न राष्ट्रसेवकले विविध क्षेत्रको ज्ञान र अनुभव हासिल गर्नु आवश्यक हुन्छ । कुनै क्षेत्र यस्तो हुँदैन जुन अदालतको न्याय-सम्पादन क्षेत्रमा नपरेको होस् । यदि कुनै क्षेत्रमा आफ्नो दखल पुगेको रहेन छ भने न्याय-सम्पादन सम्भव हुँदैन न त न्याय नै ठीक ठाउँमा पर्छ । वास्तवमा संसार न्यायमा नै अडिएको हुन्छ । न्याय नभए संसार पनि अडिदैन । यो यथार्थ सत्य हो । निष्पक्षताको द्योतक न्याय हो । त्यसैले न्यायकर्ताले हरक्षेत्रको अध्ययन मनन गरी न्याय पार्न प्रयास गर्नुपर्छ । भनिन्छ, न्यायकर्ता सबै विषयको ज्ञाता हुनुपर्छ ,अनि मात्र वास्तविक न्याय-निसाफ गर्न सम्भव हुन्छ ।

सर्वोच्च अदालतमा धेरै प्रकृतिका विवाद न्याय-निरूपणका लागि आएका हुन्छन् । साधारण र असाधारण क्षेत्रका विवादहरू, साधारण अधिकार क्षेत्रअन्तर्गत शुरू मुद्दा हेर्ने र पुनरावेदन सुन्ने अधिकार हुन् । शुरू मुद्दा सर्वोच्च अदालतमा नै दर्ता हुने प्रकृतिका पर्छन् भने पुनरावेदन सुन्ने मुद्दाहरू उच्च अदालत वा विशेष अदालतको फैसलाउपर परेका हुन्छन् । असाधारण क्षेत्रमा संविधानद्वारा प्रदत्त नागरिकको मौलिक हक प्रचलनका लागि पर्ने बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छा लगायतका रिट निवेदनहरू । यसको अतिरिक्त सर्वोच्च अदालतले आफ्नो फैसला वा आदेश पुनरावलोकन गर्न पाउने संवैधानिक व्यवस्था छ । यी सबै विषयका विवादहरूको पनि सुनवाइ गरेर कानूनबमोजिम निरूपण गरियो ।

नागरिकका अधिकारको संरक्षण गर्न वा प्रभावकारी बनाउन कानून-व्यवसायीको भूमिका पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ । कानून-व्यवसायी नागरिकका अधिकार संरक्षणका अभियन्ता हुन् । यसको साथै नागरिकका अधिकार संरक्षण गर्न पर्याप्त संवैधानिक व्यवस्थाको प्रत्याभूति, आफ्नो हकप्रति सचेत नागरिक, प्रभावकारी न्यायप्रशासन, सक्षम एवम् निष्ठावान् न्यायाधीश र सक्षम कानून-व्यवसायीको सन्तुलनले मात्र नागरिकका हक अधिकारहरू सुरक्षित एवम् संरक्षित हुन्छन् । न्याय-सम्पादन गर्दा सबै कानून-व्यवसायीको पूर्ण सहयोग रह्यो । सर्वोच्च अदालतमा विभिन्न इजलासबाट मुद्दाहरू हेरिने कानूनी व्यवस्थाअनुसार पूर्ण, विशेष, संयुक्त र एकल इजलासबाट निरूपण गर्ने अभिभारा पूरा गरियो ।

म सर्वोच्च अदालतमा रहेर न्याय-सम्पादन गर्दाका अवस्थामा संविधान वा कानून बाझिएका विवाद विशेष इजलासबाट न्याय-निरूपण हुने गर्थ्यो। ती इजलासमा कम्तीमा तीन जना र मुद्दाको प्रकृतिअनुसार पाँच, सात, नौ, वा एघार जना न्यायाधीशहरूबाट पनि न्याय-निरूपण हुन्थ्यो। त्यस्ता मुद्दाहरू अनगिन्ती छन्। उदाहरणको रूपमा यसअघि प्र.म. गिरिजाप्रसाद कोइराला र प्र.मं. मनमोहन अधिकारीले संसद् विघटन गरेविरुद्ध परेको सार्वजनिक सरोकारका रीट निवेदनहरूमा दुबै पटक एघार जना न्यायाधीशको बृहत् इजलासबाट निरूपण भएका थिए। प्रधानन्यायाधीशले विषय विशेषज्ञका आधारमा इजलास तोक्ने व्यवस्था थियो।

*नेपालको संविधान २०७२* पछि संवैधानिक इजलास थपियो। सो इजलासमा प्रधानन्यायाधीश र न्याय-परिषद्को सिफारिसमा प्रधानन्यायाधीशले तोकेका अन्य चार जनासमेत पाँच न्यायाधीश रहने संवैधानिक प्रावधान रहेको छ। म सर्वोच्च अदालतमा कार्यरत हुँदा यस्तो संवैधानिक इजलास कायम गर्ने व्यवस्था थिएन। *नेपालको संविधान २०७२* लागू हुनुपूर्व विधायिकाले बनाएको कानून संविधानका प्रावधान विपरीत छ भन्ने विषयमा निवेदन पर्न आएमा विशेष इजलासबाटै न्यायिक परीक्षण हुने व्यस्था रहेको थियो। हालको संवैधानिक इजलासले हेर्ने भन्ने केही विवाद साविक पुनरावेदन हाल उच्च अदालतबाट र केही सर्वोच्च अदालतको संयुक्त वा पूर्ण या आवश्यकताको आधारमा बृहत् पूर्ण इजलाबाट निरूपण गरिआएको थियो। अब संवैधानिक इजलासबाट नै निरूपण गर्नुपर्ने र संवैधानिक इजलासमा प्रधानन्यायाधीश अनिवार्य संलग्न हुनै पर्ने संवैधानिक व्यवस्थाले व्यावहारिक रूपमा केही कठिनाइ वा समस्या उत्पन्न भएको देखिएको छ। संवैधानिक इजलासको मुद्दाको सङ्ख्यामा अत्यधिक वृद्धि भएकाले मुद्दामा पालो नपाई पेशीमा नै आउन नसक्ने अवस्था सिर्जना हुने गरेको छ। सप्ताहको दुई दिन इजलास बस्ने र एउटै विवादमा धेरै दिन लाग्ने प्रकृतिका विवादले गर्दा विलम्ब हुने र अरू मुद्दाको पालो नै नआउने अवस्था पनि परेको छ।

संवैधानिक इजलासमा प्र. न्या लाई किन अनिवार्य गरिएको हो ? संवैधानिक इजलासमा न्यायाधीश तोक्ने प्रधानन्यायाधीशको अधिकार कटौती गरेर सो इजलासमा न्याय-परिषद्बाट न्यायाधीशहरू तोक्ने प्रावधान किन राखिएको हो ? उपयुक्त कारण देखिँदैन। सामान्यतया स.अ.मा नियुक्त हुने सबै न्यायाधीशहरू संविधानबमोजिम समान योग्यताका नै हुन्छन्। प्र. न्या. निवृत्त भएपछि ऊ पछिका न्यायाधीश नै प्र. न्या.मा नियुक्त हुने संवैधानिक प्रावधान पनि छ।

न्याय-परिषद्बाट छानी छानी संवैधानिक इजलासमा न्यायाधीश तोक्ने परिपाटीले अन्य न्यायाधीशबीचमा मनोमालिन्य हुने वा हीनताबोध उत्पन्न हुने भय पनि रहन्छ। न्यायाधीश हुँदा आफूले प्रतिपादन गरेको सिद्धान्त विपरीत हुने वा आफैंले निरूपण गरेको सोही मुद्दा पनि पछि प्रधानन्यायाधीश भएर उल्ट्याउनुपर्ने अवस्था उत्पन्न भएमा न्यायिक अनुशासन वा न्यायिक आचरण विपरीत हुने स्थिति पनि पैदा हुनसक्छ। यसप्रति संविधान लेखनमा ध्यान दिएको पाइएन। संविधानमा नै संवैधानिक इजलास राख्नु, यसमा न्याय-परिषद्बाट न्यायाधीश तोकिने परिपाटी राखिनु र सो इजलासमा प्र.न्या.लाई अनिवार्य राख्नु अव्यावहारिक हुने धेरैको बुझाइ छ।

संवैधानिक इजलास तोकिएपछि पनि सो इजलासबाहेकका अन्य विषयमा पाँच जनाभन्दा बढी न्यायाधीश भएको इजलासबाट न्याय-निरूपण भएको पाइन्छ। वि.सं ०७६ माघ २३ मा सात सदस्यीय बृहत् पूर्ण इजलासले अवहेलना मुद्दामा फैसला गरेको थियो। कोभिडकालमा बन्दाबन्दीको समयमा हदम्याद के हुने भन्ने विषयमा सबै उन्नाइस जना न्यायाधीशहरूको इजलासबाट २०७७।२।१५ मा बन्दाबन्दी समयलाई शून्य समय मान्दै अदालत खुलेको तीस दिनसम्म हदम्याद नलाग्ने फैसला गरेको थियो। यी सबै अपवाद थिए ।

यो पङ्क्तिकार सर्वोच्च अदालतमा ३ वर्ष ५ पाँच महिना १५ दिन सेवारत रह्यो। यो अवधिमा सबै प्रकृतिका इजलासमा बसेर न्याय-निरूपणमा सक्रिय रह्यो। पङ्क्तिकार र न्या. श्री पवनकुमार ओझाको इजलासबाट भएका फैसलामध्ये विद्यालयको शिक्षकले अबोध बालकप्रति गरेको यौनहिंसासम्बन्धी फैसला उल्लेखनीय छ, जुन सार्वजनिक सरोकारका केही फैसला प्रकरणमा उल्लेख छ। त्यस्तै जबर्जस्ती करणीमा पीडितलाई पीडकको अंशबाट क्षतिपूर्ति भराउने कानूनी व्यवस्था कार्यान्वयनको विषय पनि।

त्यस्तै निजामती कर्मचारीले विदेश गई अध्ययन गरेर प्राप्त शैक्षिक उपाधिलाई थप योग्यता कायम गर्ने विषयमा परेका रीट निवेदनमा भएका आदेशबाट एउटा निश्चित मापदण्ड तय गरिएको थियो। तिनमा वन, सिँचाइ, सडक, स्वास्थ्यजस्ता क्षेत्रका प्राविधिक उपाधिलाई मान्यता दिने विषयहरू सम्बन्धित थिए।

मुद्दा फैसला गर्ने अवधि कानूनले निर्धारण गरेको हुन्छ तर हाम्रो काम गर्ने तौर-तरिकाले निर्धारित समयभित्र पूरा हुँदैन। *नेपाल अधिराज्यको संविधान २०४७* लागू हुनुपूर्व दुई वर्षभित्र मुद्दा किनारा (फैसला) गर्न राजदरबार वा सर्वोच्च

अदालतबाट निर्देशन हुनेगर्थ्यो । सो अवधिभित्र फछ्र्यौंट नभए कारणसमेतको प्रतिवेदन पेश गर्नुपर्थ्यो । यसमा पक्षहरू, कानून-व्यवसायी,कर्मचारी, न्यायाधीश सबैको सहयोग रहन्थ्यो । पुराना मुद्दालाई प्राथमिकता दिएर निरूपण हुन्थ्यो । वि.सं.२०४६ सालको जनआन्दोलनपश्चात् *नेपाल अधिराज्यको संविधान, २०४७* लागू भएपछि श्री ५ को हैसियत संवैधानिक राजाको रूपमा स्थापित भयो । त्यसपछि राजदरबारबाट निगरानी हुन छाड्यो । सर्वोच्च अदालतबाट पनि यो अवधिभित्रै फैसला गर्न तर ताकेता वा नियन्त्रणमा ध्यान दिइएन । हाल जिल्लामा मात्र होइन, उच्च वा सर्वोच्च अदालतमा पनि वर्षौंसम्म मुद्दा छिनिँदैन भन्ने जनगुनासा छन् । सर्वोच्च अदालतमा नै दश वर्षभन्दा बढी अवधिसम्म नटुङ्गिएका केही मुद्दाहरू अझै बाँकी छन् भन्ने गुनासो सुनिन्छ ।

थुनुवाका, दुर्गम क्षेत्रबाट तारिखमा नबस्ने गरी परेका पुनरावेदनहरू अन्य विवादसरह नै पेशीमा चढ्ने र छिटोछरितो रूपमा किनारा नहुनाले त्यस्ता विवादमा विलम्ब हुनु स्वाभाविकै हो । पाकिस्तान भ्रमणको सन्दर्भमा त्यहाँको कराँचीस्थित हाईकोर्टमा मुद्दाको स्थिति अध्ययनको क्रममा त्यहाँका अधिकारीले दश वर्ष पुराना मुद्दाको मात्र पेशीमा चढ्ने पालो आउँछ । दश वर्ष अधिकाको पालो आउँदैन भनेर सुनाउँदा हामी अचम्मित थियौं । विलम्बले मुद्दाका पक्षहरू कति पीडित भए होलान् ! सबैले महसूस गर्न सक्छन् । यसको समाधान कानूनी प्रक्रियाबाट नै गर्नुपर्छ । सबै प्रकृतिका विवाद सर्वोच्च अदालतमा पुग्ने प्रावधानलाई छोट्याउनु आवश्यक छ । साथै खास प्रकृतिका विवादमा संक्षिप्त कार्यविधि र निरन्तर सुनवाइ गर्ने कानूनी व्यवस्था हुनु पनि वाञ्छनीय हुन्छ । तिनमा महिला पक्ष हुने अंश, माना चामल,नाता, यौन उत्पीडन, घरेलु हिंसा, वैवाहिक बलात्कार,फरक क्षमताका व्यक्ति (अपाङ्ग), थुनामा परेका व्यक्ति र ज्येष्ठ नागरिक आदिका विवादहरू आदि ।

सामान्यतया न्यायमूर्तिहरू सबै नै संवेदनशील, विज्ञ, स्वच्छ एवम् सक्षम हुन्छन् । तथापि विशिष्टीकृत मुद्दाको बारेमा र संवेदनशील हुने प्रकृतिको विषयमा थप अन्तरक्रिया वा अध्ययन पनि आवश्यक हुन सक्छ । सर्वोच्च तहमा पुगेका विवादहरू समयमा निरूपण नभएमा यसको प्रभाव पीडितलाई नै पर्छ । हजुरबुबाले चलाएको मुद्दा नातिले सकार गर्नुपर्ने अवस्था आएमा कस्तो स्थिति होला ? दश वर्षसम्म लम्बिँदा न्यायका उपभोक्ताले कति पीडा वहन गर्नुपर्दो हो ? न्यायमूर्तिहरूलाई पनि असहज हुनुपर्ने स्थिति उत्पन्न हुन्छ । संविधानअनुसार सम्पूर्ण न्याय-प्रशासन र न्याय-सम्पादनको जिम्मेवारी प्रधानन्यायाधीशको भए पनि

सामूहिक प्रयासको अभावमा एकल प्रधानन्यायाधीशबाट मात्र सबै समाधान हुन सक्ला र ?  यसमा सरकारबाट पनि उपयुक्त सहयोग आवश्यक छ ।

विकसित मुलकले महिला, अशक्त, फरक क्षमताका व्यक्ति, ज्येष्ठनागरिकका विवादहरू विशिष्टीकृत अदालतबाट  कार्यवाही र किनारा गर्ने गरेका छन् । यस्ता व्यक्तिलाई शीघ्र न्याय परोस् भन्ने ध्येय रहेको हुन्छ । लैङ्गिक समानता र न्यायका बारेमा विशेष तालिम प्राप्त वा विशेषज्ञ भएमा यसको उपादेयता रहन्छ नै । अमेरिकाको म्यासाचुसेट्स् राज्यको पारिवारिक अदालतको अध्ययन भ्रमणमा बिहानको सत्रमा नै न्यायाधीशले एक सय थानभन्दा बढी विवाद निरूपण गरेको देखेको थिएँ । निरूपण मात्र होइन, संक्षिप्त निर्णयको प्रति उपलब्ध गराउने र कार्यान्वयन पनि । तिर्नु, भर्नुपर्ने विगो रकम तत्काल पाउनेको खातामा जम्मा गर्नुपर्ने प्रकृतिका आदेश हुनाले तत्काल कार्यान्वयन हुने गरेको देखिन्थ्यो । त्यहाँ उच्च प्रविधि र सहयोगी जनशक्तिको सहयोग उपलब्ध थियो । अदालतमा त्यस्ता प्रकृतिको प्रविधि भित्र्याउन सकेमा न्याय सर्वसुलभ हुने थियो ।

जिल्ला, अञ्चल, विशेष र पुनरावेदन अदालतको न्यायाधीशको हैसियतले मुद्दा निरूपण, जनमत-सङ्ग्रहदेखि पटक पटक विधायिकाका सदस्यको निर्वाचन गराउने जिम्मेवारी पनि सफलताकासाथ सुसम्पन्न गरियो । जिल्लान्यायाधीशको रूपमा पहाडी जिल्लामा ४-५ सय र तराईका जिल्लामा प्रतिवर्ष ११०० /१२०० एघार बाह्र सय मुद्दा, अञ्चल, विशेष र पुनरावेदन अदालतमा पनि त्यति नै सङ्ख्यामा विवाद निरूपण गरियो । सर्वोच्च अदालतमा भने स.अ.को अभिलेखअनुसार आ.व. २०६१।२०६२ मा २७० मुद्दा, रिट  १७१, दोहोऱ्याई पाउँ भन्ने २८१ गरी जम्मा ७२२ थान, आ.व. २०६२।२०६३ मा मुद्दा ६२५, रिट १५७, दो.पा. २५९ जम्मा १०४१ थान, आ.व. २०६३।२०६४ मा मुद्दा ७२२, रिट २९६, दो.पा. १९१ जम्मा १२५९ थान , आ.व. २०६४।२०६५ मा मुद्दा २०६, रिट ६९, दो.पा.१९४ जम्मा ४६९ ( मिति २०६४ माघ १९ मा निवृत्त ) समेत जम्मा ३४९१ थान किनारा भए छन् । यसमा सबै तहबाट भएका बयान, बकपत्र, आदेश वा अन्तरकालीन आदेशहरू समावेश हुँदैनन् । ठीक समयमा इजलासमा बस्ने, भ्याएसम्म मुद्दा सुनवाइ र निरूपण गर्ने र म्यादभित्रै फैसला उपलब्ध गराउने कार्य सुसम्पन्न भए । कहिल्यै पनि मसमेतको इजलासबाट मुद्दा हेरिएन वा  भएका फैसला प्राप्त भएनन् भन्ने पक्षबाट गुनासा आउने अवसर दिइएन । इजलासमा रहँदा मुद्दा पन्छाउने कार्य गरिएन । जिल्ला अदालतमा दश वर्ष, अञ्चल अदालतमा छ वर्ष, पुनरावेदन अदालतमा करीव चौध वर्ष, सर्वोच्च अदालतमा तीन वर्ष चार महिना पन्ध्र दिन

संलग्न हुँदा शुरू जिल्ला अदालतदेखि तह-तह हुँदै सर्वोच्च अदालतको न्यायाधीश भएर करीब ३५ हजारभन्दा मुद्दा किनारा र सोभन्दा बढी नै अन्तर्कालीन आदेश भए होलान् । न्यायको सेवकको रूपमा गरेका काम हुन् यी । म सेवक हुँ । निमित्त मात्र हुँ । न्याय-सम्पादन गर्ने कार्य राज्यको हो ।

# स्मृतिको संझ्यालबाट चियाउँदा

*"लौ सुन म भन्छु मेरो राम कहानी*
*त्यो एकदिनको घाम सयौँ दिनको पानी"*

*– शब्दः गोपाल योञ्जन । गायनः स्वर सम्राट् नरायणगोपाल*

सबैका आ-आफ्ना कथा र व्यथा हुन्छन् । कथा र व्यथा नभएको को होला र ? समयको गतिजस्तै जीवनले पनि नेटो काट्तैछ । यहाँसम्म आइपुग्दा आफूले फन्को मारेको बाटोको लम्बाइ कति होला ? पछाडि फर्केर हेर्दा कति चुनौती र सङ्घर्षका अजङ्गका अक्कर पार गरियो होला ? राष्ट्रसेवक भएर एउटा नागरिकले मुलुकको सेवामा अर्पण गरेको सेवाको मूल्य कति होला र ? सेवकको हैसियतले आफूले देखे, भोगे र व्यहोरेका अनगिन्ती कथा र व्यथा मन र मुटुभरि छचल्किएका छन् । तिनकै विरेचनको प्रतिरूप हो यो । यायावर भएर स्वदेश वा विदेशमा भ्रमण गर्दाको अनुभूति । देखे भोगेका सङ्घर्षको कथा र व्यथाको संयोजन । जीवनयात्राको अनुभूति र अनुभवको सँगालो ।

वि. सं. २०२२ साल असौज ४ गते श्री ५ को सरकारको प्रशासन सेवाको शाखा अधिकृतबाट शुरू भएको सेवा न्यायसेवामा परिवर्तन भई अदालतको तहतहको सोपान पार गर्दै सर्वोच्च अदालतको न्यायाधीशको जिम्मेवारी निर्वाह गरेर वि.सं.२०६४ साल माघ १९ गते ६५ वर्षको उमेरको हदको कारणले मैले अवकाश लिएँ । अवकाश हुने अघिल्लो दिनसम्म प्रधानन्यायाधीशले इजलासमा रहेर मुद्दा निरूपण गर्न जिम्मा दिइरहनुभएको थियो । मभन्दा ज्येष्ठ केही न्यायाधीशले "उमेरको हदबाट निवृत्त भए पनि पुनः अस्थायी न्यायाधीशको रूपमा तपाईंले सेवा गर्नुपर्छ । सर्वोच्च अदालतलाई तपाईंको सेवाको अझै आवश्यकता छ । तपाईं भएपछि नियमित प्रक्रियामा सर्वोच्च अदालतमा पर्न आउने देवानी, फौजदारीजस्ता विवादहरू चाँडो किनारा लगाउन सकिन्छ । यस्ता प्रकृतिका विवादमा तपाईंको अनुभव, ज्ञान र शीपलाई पूर्ववत् अदालतले भरपूर उपयोग गर्नुपर्छ । म पहल गरेर

निकास ल्याँउछु" भन्नुभएको थियो तर मैले "यस्तो प्रावधान *नेपालको संविधान, २०४७* मा रहे पनि *नेपालको अन्तरिम संविधान, २०६३* मा यो प्रावधान हटाएकोले संविधानमा नै नभएको व्यवस्था प्रयोगमा आउन सम्भव छैन" भनैं। उहाँहरूले "अन्तरिम संविधान बनाउँदा यो व्यवस्था हटाउनु न्यायपालिकाको लागि हानिकारक हो" भन्नुभएको थियो।

सहकर्मी एक न्यायाधीशले व्यङ्ग्यात्मक शैलीमा, "निवृत्त हुने दिनसम्म पनि काममा खट्नुहुन्छ कि !" पनि भन्नुभएको थियो। मैले "बयालीस वर्ष चार महिना पन्ध्र दिन आफ्नो जीवनको उर्वर समय राष्ट्रसेवामा अर्पण गरैं। सोमध्ये न्यायाधीशको रूपमा तेत्तीस वर्ष न्याय-सम्पादन गरेको नाताले प्रधानन्यायाधीशले इजलास तोकेपछि निवृत्त हुनुपूर्व नै इजलासमा बस्दिनँ कसरी भनूँ ? यो कुरा मलाई निवृत्त हुने दिनको सूचना दिने न्याय-परिषद्को अध्यक्ष स्वयम् प्रधानन्यायाधीशले जान्ने विषय हो। यति लामो सेवा गरेर पदीय जिम्मेवारी पूरा गर्दा एउटा पनि स्पष्टीकरण दिनुपरेको छैन। मैले आफ्नो न्यायिक निष्ठा ,इमान र नैतिकताको आधारमा सेवा गर्ने हो" भन्ने उत्तर दिएको थिएँ। व्यक्तित्वको प्रभावले यस्ता रमाइला कुरा पनि सेवामा आउँछन् नै तर यस्ता झिना-मसिना कुराले आफ्नो सेवा भावना, निष्ठा ,स्वच्छता र इमानदारीमा फरक पार्ने रहेनछ।

निवृत्त हुने मिति वि.सं २०६४ साल माघ १९ को दिनमा पनि एउटा हेर्दा हेर्दैको मुद्दा पेशीमा तोकिएको रहेछ। कानून-व्यवसायीले हेरेर निर्णय गरिदिनुपऱ्यो भन्न आउनुभएको थियो तर "मेरो आज सेवाको अन्तिम दिन भएकाले बाँकी फैसलाको लेखनमा छु , आज म इजलासमा बसेर कुनै पनि निर्णय गर्दिनँ" भन्ने जबाफ दिएँ। यसरी सेवाको अन्तिम दिनसम्म पनि न्याय-सम्पादनमा समर्पित नै रहैं। यस कुरामा आफू गौरवान्वित भएको अनुभूति भइरहेको छ। हालको व्यवस्थामा भने निवृत्त हुने एक महिना पूर्वदेखि नै इजलासमा रहेर मुद्दा नहेर्ने व्यवस्था गरिएको छ। यसले बाँकी फैसलाको पूर्णपाठ लेखन कार्य पूरा गर्न समय प्राप्त हुन्छ। यो राम्रो पक्ष हो।

लामो अवधिसम्म सार्वजनिक सेवा गरेको व्यक्ति एकाएक निवृत्त भएपछि जीवनशैलीमा आएको परिवर्तनले रिक्तता पैदा हुनु मानवीय अनुभूति हो। सर्वोच्च अदालतको न्यायाधीशबाट निवृत्त भएपछि अरू कामतिर चाख राख्नु पनि पदको गरिमाअनुकूल हुँदैन। *नेपाल अधिराज्यको संविधान, २०४७* एवम् *नेपालको अन्तरिम संविधान, २०६३* ले सर्वोच्च अदालतको न्यायाधीशबाट निवृत्त भएपछि नेपालका कुनै पनि अदालतमा बहसपैरवी गर्न र सरकारी सेवा गर्न प्रतिबन्ध

लगाएको छ तर सरकारले न्यायिक जाँचबुझको काम, मेलमिलाप, मध्यस्थता, केही अवधिको लागि कानून वा न्यायसम्बन्धी अनुसन्धान, अन्वेषण वा राष्ट्रिय सरोकारको काम र मानव अधिकार आयोगको जिम्मेवारी दिन सक्ने व्यवस्था गरेको छ तर नेपालको संविधान २०७२ ले मेलमिलाप र मध्यस्थताको कार्यमा पनि निषेध गरेको छ।

सेवानिवृत्त भएपछि साहित्यिक पुस्तक ल्याएर अध्ययन गर्न थालेँ। यसले समय व्यतीत गर्न सजिलो भयो। अर्कोतिर नेपाली साहित्यको विद्यार्थी रहेको नाताले धेरै अवधि छाडेको साहित्यिक संसारमा विचरण गर्दा रमाइलो अनुभूति पनि बढ्न थाल्यो। साहित्यकार मित्रहरूसँग नियमित सम्पर्क बढ्न थाल्यो। कानून र न्यायशास्त्रका सामग्रीमा धेरै अवधि खर्चेको व्यक्तिले जीवनको उत्तरार्द्धमा साहित्यिक संसारमा प्रवेश गर्दा रमाइलो हुनु स्वाभाविक पनि थियो। यसरी मेरा निवृत्त जीवनका दैनिकी चल्न थाले।

एक पटक यो पङ्क्तिकार र अन्य दुई न्यायाधीशसहितको सर्वोच्च अदालतको विशेष इजलासमा नेपाल सरकारको स्वास्थ्य सेवाअन्तर्गत मातृशिशु कार्यकर्ता र यस्तै प्रकृतिको सेवामा कार्यरत महिला कर्मचारीहरूले तलव मान र पद क्रम नमिलेकोले सो बदर गरी पदअनुसार तलव मान र तह मिलान गरिमाग्न परेको रिट निवेदनको व्यहोराको सम्झनामा अझै ताजै छ। ती निवेदिकाहरूका अनुहार, पीडा र आर्थिक अवस्थाका प्रस्तुति अद्यापि मेरो मनमस्तिष्कमा थपक्कै बसेको छ। दुर्गम जिल्लाअन्तर्गत गाउँ गाउँका घर-घरमा पुगेर मातृशिशुको सेवा गर्ने महिला कर्मचारीहरूलाई न दैनिक भ्रमण भत्ताको सुविधा छ, न खानलाउन पुग्ने तलव। उनीहरूको सेवा गाउँ-गाउँका प्रसूति पीडामा छटपटाइरहेका महिला र नवजात शिशुको जीवन रक्षासँग सम्बन्धित छ। यस्तो गहनतम जिम्मेवारी वहन गर्ने महिला कर्मचारीलाई कामको महत्त्व र जिम्मेवारीअनुकूल तलवमान कायम नगरी पद र तलव मानमा विभेद गर्नु एक प्रकार अन्याय गर्नु हो। सेवामा लिएपछि कम्तीमा पति-पत्नी र दुई नाबालक सन्ततिको निर्वाह हुने तलवमान त कायम गरिनुपर्नेमा एक जनालाई पनि खान लाउन नपुग्ने तलवले कसरी त्यस्तो संवेदनशील प्रसूति पीडाका महिला र नवजात शिशुको सेवा प्रभावकारी हुन सक्छ ? तीन न्यायाधीशको विशेष इजलासबाट यस्तो विभेद तुरुन्त हटाई कामको जिम्मेवारी र सेवाको प्रकृतिअनुसार पद र तलव मान कायम गर्न निर्देशात्मक आदेश भएको थियो।

अरुण नदीको भेलमा बगेको पातजस्तो जीवनलाई यहाँसम्म ल्याउन चेतना भर्ने र मार्गदर्शन गर्ने माता-पिता र गुरुहरू नै हुन् । उहाँहरूकै पदचिह्न पछ्याउँदै शुरूमा संस्कृत पढेर पछि अङ्ग्रेजीतर्फ मोडियो । पाठशालाको शिक्षक हुने योजनामा अघि बढेको जिन्दगीको ग्राफ समयले अर्कै बाटोतिर फर्काएपछि राष्ट्रसेवाअन्तर्गत पहिले प्रशासन र न्याय-निसाफमा आफ्नो जीवनको अधिकाङ्श अवधि व्यतीत गरियो । छात्रावस्थामा नेपाली साहित्यको पाठक रहेको नाताले पठन र लेखनको अभिरुचि बसायो । अरुण नदीजस्तै निरन्तर बगिरहनुपर्छ भन्ने अठोटले बाँसको कलमबाट शुरू गरेको लेखनयात्रा अब डेस्कटप हुँदै ल्यापटप, आइप्याड र मोबाइलमा पुऱ्याएको छ। अब यी साधन खानाजस्तै दैनिक आवश्यकताका अङ्ग भएका छन् । नाङ्गा गोडाबाट शुरू भएको यात्रा क्रमशःविद्यालय वा विश्वविद्यालय हुँदै राष्ट्रसेवामा पुऱ्याएको हो । यात्राका पाइलाहरू पनि राष्ट्रसेवाको पद सोपानजस्तै अघि बढेका हुन् ।

मान्य अग्रजहरूका मानवीय आदर्शलाई अनुसरण गर्दै नेपाल र नेपालीको सेवा यात्रामा आफूलाई समर्पण गरेको हूँ। सेवाका अनेक रूप वा प्रकृति थिए । ती थिए शिक्षक, अधिकृत, भूमि-प्रशासक, तह-तहको न्यायाधीश, मध्यस्थ, मेलमिलापकर्ता, प्रशिक्षक, विभिन्न विषयको अनुसन्धानकर्ता, लेखक, साहित्य र समाज सेवाका विविध क्षेत्र । व्यक्ति एक मेरो जीवन यात्राका रूप र प्रकृति अनेक । यो क्रममा पछिल्ला विषयमा भने अहिले पनि संलग्न छु । आठ दशक टेकेर पाइला अघि सार्दै यात्रामा अविराम संलग्न छु। जीवन बाँच्नुपर्ने र रङ्गहीन यात्रामा अघि बढिरहनुपर्ने चेत कायमै छ। जबसम्म देहले धान्छ, सेवाको क्रममा हिँडिरहने कर्म अटुट नै रहने छ। यद्यपि कर्कलाको पातमा छचल्किएको पानीको थोपाजस्तो जीवनको के भर र ? यी सबै माता-पिता एवम् गुरुहरूकै शिक्षा र प्रेरणाका रूप हुन् । प्रकृति सबै सेवा नै हो । तथापि नेपाल र नेपालीको लागि खासै योगदान हुने काम गरेको छैन । यायावरको रूपमा आफ्नो जीवन यात्राको स्वर्णिम समयलाई मातृभूमिको सेवामा समर्पण गरेको मात्र हो ।

नेपालका तीन राजाहरू श्री ५ महेन्द्र, श्री ५ वीरेन्द्र र श्री ५ ज्ञानेन्द्रको शासनकालमा मैले सेवा गरैं । न्यायसेवामा संलग्न भएर प्र.न्या. रत्नबहादुर विष्टको पालामा न्यायसेवामा प्रवेश गरैं । प्र.न्या. नयनबहादुर खत्रीको पालामा जिल्लान्यायाधीशमा नियुक्ति भएर अन्य न्यायमूर्तिहरूका कार्यकालमा सेवा गर्ने अवसर पाएँ । राष्ट्रसेवकको रूपमा बयालीस वर्ष पाँच महिनाभन्दा बढी अवधि निरन्तर सेवामा आफूलाई समर्पण गरैं खासगरी न्याय-निसाफ गर्ने कार्यमा । अध्ययनको

क्रममा नै करीब पाँच वर्ष शिक्षादानमा समर्पण गरेको थिएँ । सर्वोच्च अदालतको न्यायाधीशबाट निवृत्त भएपछि नेपाल सरकारले मेरो अध्यक्षतामा गठन गरेका सार्वजनिक सरोकारका विभिन्न पाँच न्यायिक जाँचबुझ आयोगहरूमा रही करीब एक वर्ष न्यायिक जाँचबुझ (फौजदारी कसूरको अनुसन्धान र अन्वेषण) कार्यमा संलग्न रहेँ । सेवा निवृत्तिपश्चात् सर्वोच्च अदालतमा मेलमिलापकर्ता भएर आठ वर्षसम्म जटिल विवादहरू सौहार्द्रपूर्वक मेलमिलापको माध्यमबाट मेलमिलाप गराई समाधान गरेँ । त्यस्ता विवादहरूमा तीन दशकसम्म पतिपत्नीबीचका अंशसम्बन्धी विवाद, तीन पुस्तादेखिका जग्गासम्बन्धी विवाद, वर्षौंदेखिका जग्गा दर्ताका विवाद, अन्य सम्पत्तिसम्बन्धी विवादहरू थिए । मध्यस्थ भएर केही जेलिएका विवादहरू पनि समाधान गर्न सक्रिय रहेँ । राष्ट्रिय न्यायिक प्रतिष्ठानको आग्रहमा उच्च एवम् जिल्ला अदालतमा नवनियुक्त न्यायाधीशहरूको प्रशिक्षणमा समावेश हुने गरेको छु । बाँकी समयमा स्थानीय पालिकाका न्यायिक समितिका पदाधिकारीहरूलाई न्याय-सम्पादनसम्बन्धी प्रशिक्षण गर्ने, मेलमिलाप र न्यायसँगसम्बन्धित पुस्तक लेखन, समसामयिक लेख-रचनाको माध्यमबाट नेपाली मात्रको सेवामा आफ्नो ज्ञान, अनुभव र समय अर्पण गरिरहेको छु । यस प्रकार मेरो सेवा अवधि छ दशक नाघेको छ । जीवनको यो अवधिमा सदैव आफ्नो काम र कर्तव्यमा रमाएँ । यसैमा खुशी भएँ अनि सुखी पनि भन्ने अनुभूति सँगालेको छु । अहिले म फुर्सदको समय सदुपयोग गरेर जीवनयात्रामा स्वप्न, दुःस्वप्नको धरातलमा छरिएका बिस्कुनहरू पल्टाउँदै स्मृति-तन्द्रामा तैरिरहेको छु ।

जीवन सप्तरङ्गी यात्रा रहेछ । सुखदुःखको इन्द्रेणी रहेछ । आमाको गर्भबाट शुरू भएको जीवन पाइला-पाइला हुँदै अब उत्तरार्द्धमा पुगेको छ । जीवनको स्वर्णिम उमेर हुँदा मनमा अनेक रहर र सपना सजाएर हिँडिएको थियो । आरोह र अवरोहका ग्राफ पार गर्दै जति पूरा गर्न सम्भव थियो, सकिन्थ्यो, पाइला पाइलाको अनुभव समेटेर पूरा गरियो । प्रत्येक पाइलाको अनुभवले नै व्यक्तिलाई तिखारेर परिपक्व पार्दै लक्षमा सफल आरोहण गर्न सहयोग गर्दोरहेछ । जीवनको उत्तरार्द्धमा आएपछि ती सबै स्मृति-उद्यानका फूलहरूलाई सुसार्ने प्रयास गर्दैछु । कति दिनसम्म सक्छु; जीवनको धिपधिपे बत्ती ननिभेसम्म प्रयास गर्नेछु । जीवनका सपना अब बादलमा हराएको वायुयानजस्ता भएका छन् । सहज अवतरण हुने आशा-आशामा नै जीवन हवाईमैदान न पुग्दै हराउने अवस्थामा छ । यो नै जीवनको शाश्वत गति रहेछ भन्ने पनि अनुभूति भएको छ ।

सबै मानिससँग सपना हुन्छन् अनि सपनामा पुग्ने सङ्घर्ष पनि। जीवनका सपना पूरा गर्ने क्रममा नेपालको पूर्वी भाग मेचीदेखि सुदूर पश्चिम महाकालीको कञ्चनपुर, हिमालदेखि तराई फाँटसम्मका हिमाल, पहाड, उपत्यका र मधेशको भूगोल प्रत्यक्ष हेर्ने र पढ्ने अवसर पाएँ। जहाँ-जहाँ गएँ स्थानीय जनजीवन, विभिन्न समुदाय, जात र जातिको रहन सहन, भाषा, धर्म, साहित्य, पहिरन, संस्कार, कला र संस्कृति, विशिष्ट गीत सङ्गीत,खानपीन, परम्पराजस्ता विविधताका विषय मात्र होइन, समाजका गरीब, दलित, भूमिहीन, महिला, विधवा, वादी, कमलरीजस्ता उपेक्षित सबैको स्थिति सामान्य रूपमा जान्ने अवसर पाएँ। ग्रामीण क्षेत्रमा महिला, पुरुष प्रायः बेरोजगार रहेछन्। गरीबी, अभाव, अपमान, छुवाछूत, मिटरब्याजी ऋणको भारी, नाबालक अवस्थामा नै विवाह गर्ने परम्परा, किशोरी उमेरमा नै शिशु जन्माउने र हुर्काउने दायित्वजस्ता समस्याले समाज ग्रस्त रहेछ। शिक्षाको उज्यालो र सुशासनको पहुँच पुगेको रहेनछ।

समाज बुझ्न र जान्न गाउँमा नै जानुपर्ने रहेछ। त्यहाँ गएपछि मात्र समाजको भित्री पत्र र तहमा पुगेर सामाजिक यथार्थता जान्न सकिने रहेछ। मिश्रित समुदायको बसोबासको इतिहास, संहिष्णु अध्यात्मिक जीवनपद्धति, कला र संस्कृति, बहुधार्मिक, बहुजातीय, बहुभाषिक परम्परा, स्थानीय मिथक, मुन्धुमजस्ता समाजका कथा र व्यथाका इन्द्रेणी गौरवका गाथाहरू जान्ने बुझ्ने अवसर जुट्यो। विभिन्न जातिका इतिहास र संस्कृति, व्यवहार र प्रचलन विद्यालय वा विश्वविद्यालयमा अध्ययनमा नपरेका विषयहरू पनि थिए। तिनको  सामान्य अध्ययन गरियो। तिनमा दैनिक कार्य सम्पादनमा प्रयोग हुन सक्ने कतिपय विषय पनि थिए। वस्तुतः ती स्थानीय प्रचलन र व्यवहारहरू ठूला ठूला विश्वविद्यलायका कक्षा रहेछन्।

स्थानीयताको परिचय गराउने ऐतिहासिक पृष्ठभूमि, सभ्यता र संस्कृति, धर्म, विविध कला, गीत र सङ्गीत, जनताको मनोविज्ञान, प्रचलन, उखान, परम्परा, सीप, खानपान एवम् खाद्यपदार्थ, जात्रा पर्व, लोकोक्ति,कथा आदि व्यवहारका अथाह सामग्रीहरू मानव जीवनसम्बन्धी विशेष अध्ययनका विषय रहेछन्। ती सामग्री हेर्ने र बुझ्ने आधार ऐतिहासिक दस्तावेज, कागजात, इतिहासका सूक्ष्म घटनाहरू हुन सक्छन्। ती सामग्रीहरू नै स्थानीय साहित्यका मूल विषय पनि हुन सक्छन्। ती विषय बुझेर कलम चलाउने र प्रकाशन गर्ने जाँगर चलाउन सकिनँ। सकेको भए नेपालको ग्रामीण भूगोल,नेपाली जनजीवनको सत्य-तथ्य जनसमक्ष पस्कने र साहित्यको श्रीवृद्धिमा पनि केही योगदान हुनेरहेछ। अहिले झल्याँस्स हुँदैछु।

नेपालको भूगोलजस्तै भाषिक र जातीय, संस्कृति,परम्परा र व्यवहारहरू पनि विविधताले परिपूर्ण र सुरम्य रहेको छ । यिनमा आफ्नै मौलिकता र भिन्नता पनि लवालव रहेछन् । यहाँ बोलिने भाषाहरूमा पनि धनी । सङ्ख्या नै एक सय पच्चीसभन्दा बढी । अनि जाति पनि एक सय बयालीस । पहिरन र भेष, संस्कार र संस्कृति, किंवदन्ती, परम्परा अनि व्यवहार, खाद्यपदार्थ बनाउने सीप र खानपिनजस्ता विविधताले लवालव भरिएर नेपाल सुन्दर र समृद्ध रहेछ । यस्तो रमणीय एवम् समृद्ध सभ्यता जान्न यसको इतिवृत्त जान्नुपर्ने र इतिहास बुझ्नुपर्ने रहेछ । यसको पिँधमा नै पुगेमा मात्र जान्न सकिने रहेछ । पुरुषप्रधान समाजमा महिला अझ विधवा, गरीब, दलितप्रतिको भेदभाव र छुवाछूत, भूमिहीनजस्ता भुइँमान्छेका कथा र व्यथाको गहिराइमा पुग्नपर्ने रहेछ । यिनका समस्या र व्यथाको सत्यताका अनेक कोणहरू खोज्नुपर्ने रहेछ । यी सबैको इतिहास जान्न बुझ्न सबै नेपालीको संस्कार र संस्कृति बुझ्नैपर्ने रहेछ । थोरै बसाई र न्यायिक जिम्मेवारीको क्रममा कमै जान्न सकियो । सबै जान्न बुझ्न र ती विषयमा कलम चलाउन सकिनँ । अहिले पश्चात्ताप लागेको छ ।

यतिविधि विविधताको मौलिक संस्कृति र पहिचान नेपाल र नेपालीबाहेक अन्यत्र कहाँ पाइएला र ? यस्तो अनुपम सांस्कृतिक पहिचान र धरोहरलाई नेपालीले मात्र बचाएका रहेछन् । नेपालको हिमाल,पहाड,उपत्यका वा मधेश जहाँ बसे पनि सबैको मन र मुटुमा नेपाली भएर बस्न र बाँच्न सिकाएको रहेछ । यो नै नेपाली मात्रको ताकत र सम्पत्ति रहेछ । विविधताबीच आपसी संहिष्णुता, सद्भाव र प्रेमको पवित्र गङ्गा निरन्तर प्रवाहित रहेछ । नेपालको भौगोलिक, सांस्कृतिक विशेषता र बाहुल्यता विश्वमा नै समृद्ध र अद्वितीय भएकाले नेपाल र नेपालीका बारेमा धेरै पुस्तक लेखेका जर्मन नागरिक भूगोल तथा कृषि विशेषज्ञ विद्वान् डा. उल्फ डनर भन्छन्- “भू वनोट, सरल चित्तका मानिस,तिनको उदात्त भावनाले मोहनी नै लगाउँछ ।” यो नै नेपालको पहिचान रहेछ ।

सेवाको क्रममा भेटिएका नेपालीहरूबाट विश्वविद्यालयमा पढ्न नपाएका मौलिक व्यवहार, स्थानीयता परिचय गराउने प्रचलन र व्यवहारजस्ता विषयहरू थोरै भए पनि पढ्न पाएँ । न्याय-सम्पादन गर्ने क्रममा विवेकको प्रयोगशालामा परीक्षण गर्ने सुअवसर पनि पाएँ । यसले मेरो दैनिकी कार्यमा अरू ऊर्जा थप्ने र बढाउने काम पनि गऱ्यो । स्थानीय व्यवहार र यथार्थता नबुझेसम्म सही निसाफ कहाँ सम्भव हुन्छ र ? स्मरणीय छ स्थानविशेषका सामाजिक व्यवहारलाई कानूनले पूर्णतःसमेट्न सकेको हुँदैन । उत्तरी भेगका केही जातिमा प्रचलित बहुपति प्रथा, सोलुको

खादायाङ्जी प्रणाली, पूर्वी भेगको लिम्बूवानको व्यवहार र संस्कृति, मुन्धुमबाट सञ्चालित व्यवहार, कर्णाली भेगका जग्गाका प्रथा र व्यवहार, लिम्बूवानको किपट प्रथा, बर्दिया र कैलाली जिल्लामा प्रचलित बडघर प्रणाली, तराईका केही थारू समाजमा गोनिया वा भूर्पेलुवा सम्बन्धका व्यवहार, विभिन्न जात र जातिको रीतिस्थिति, वैवाहिक परम्परा र व्यवहारमा विविधता रहेको छ। यस्ता स्थानीय ज्ञानले न्याय-सम्पादनमा सहज बनाउने रहेछ। अनुभव गर्न पाएँ।

शिक्षा अझ कानूनी शिक्षा कम भएको क्षेत्रमा सही न्याय प्रदान गर्नु कठिनतम कार्य रहेछ। दुर्गम क्षेत्रमा कानून-व्यवसायी वा कानूनको ज्ञान भएका व्यक्तिहरू कम हुँदा पीडितको सही प्रतिनिधित्व हुन कठिन हुँदोरहेछ। त्यस्ता व्यक्तिका तर्फबाट प्रस्तुत लिखत प्रमाणकै आधारमा नै न्याय-निरूपण गर्नुपर्ने हुन्छ। भनिन्छ, न्यायको नेत्र हुँदैन। न्यायकी देवीको आँखामा पट्टी बाँधेको हुन्छ। त्यसको अर्थ हो, "न्याय-निसाफ गर्ने न्यायाधीशले आँखाले होइन, प्रमाणले हेर्छ र न्याय पूर्ण एवम् विवेकसम्मत छ भन्ने कुरा देखाउँछ" तर सही तथ्य प्रस्तुत गर्न र प्रमाण पुऱ्याउन नसकेको अवस्थामा अन्याय हुन गएमा न्यायकर्मी पनि स्वयम् पीडित हुने अवस्था सिर्जना हुन सक्ने रहेछ।

भनिन्छ, "मानिसलाई पेट भर्न खाना, तन ढाक्ने नाना, शयनको लागि ओछ्यान र अन्त्यमा मृत्युपछि घाट, यी कुराहरू नभइ नहुने आवश्यक वस्तु हुन्"। मान, सम्मान, धन वा वैभव र प्रतिष्ठा दुई दिनका घामछाया मात्र हुन्। साधारणभन्दा पनि साधारण भएर जीवन गुजार्नु नै एक मात्र अभीष्टता सम्झेको छु। यी सबै आफ्नो स्मृतिकोषमा जगेर्ना गरिएका सप्तरङ्गी यात्राका विचरण हुन्। मस्तिष्कको क्यामेराले खिचेका शब्द चित्र हुन्, मेरा निजी अनुभव र अनुभूति हुन्। मेरो अनुस्मृतिको डायरीका पानामा समेटिएको यो सानो **आत्मप्रकाश** हो। यो धरतीमा आफूलाई जन्मदातृ आमा र जन्मभूमि जत्ति प्रिय अरू केही हुँदैन। आमा र मातृभूमिको सेवा नै सर्वश्रेष्ठ सेवा हो। मेरो सेवा अँधेरी रातमा जुनकिरीको उज्यालोजस्तो मात्र हो।

ग्रामीण क्षेत्रमा विविध विषयका धेरै अध्ययन र लेखनसामग्री रहेछन्। ती सामग्रीलाई अध्ययन गरेर लेखन र प्रकाशन गर्ने सिर्जनशील कार्य गर्न सकेमा नेपालको ग्रामीण भेगका लुकेका अनगिन्ती पाटा प्रकाशन भएर नेपाल र नेपाली साहित्यको श्रीवृद्धि हुने रहेछ। यस्तो रचनात्मक कार्यमा लेखक वा साहित्यकार, चित्रकारजस्ता प्राज्ञहरूको भूमिका अत्यन्त महत्त्वपूर्ण हुनेरहेछ भन्ने मेरो निचोड रह्यो। यसमा म पछि पर्दैं।

वस्तुतः अरू कसैले कसैलाई लेखक वा साहित्यकार बनाउन पनि सक्तैन । जिज्ञासुले स्वाध्ययन र लगनबाट स्वयम् साहित्य सिर्जना गर्न सक्तछ । ग्रामीण आवासीय लेखन कार्यक्रम सञ्चालन गर्न सकिएमा साहित्य र लेखनमा अभिरुचि भएका स्थानीय निकायहरूमा कार्यरत राष्ट्रसेवक अधिकारी, शिक्षकहरूले पनि स्थानीय एवम् ऐतिहासिक वस्तुस्थितिको अध्ययन र मनन गरी भुइँमान्छेका कथा र व्यथा, दुःख र पीडा, गाउँ-गाउँका सामाजिक, पारम्परिक रीतिरिवाज, संस्कृति, भूगोलका विविध पक्ष उजागर गर्न सक्ने रहे छन् । त्यस्ता इच्छुक विद्वान्, राष्ट्रसेवक, शिक्षक एवम् छात्रछात्रालाई लेखनमा प्रोत्साहन गर्न सकिन्छ । स्थानीय विद्यालयहरूमा पनि लेखन शिक्षा र प्रतियोगिता गराउन सकिन्छ । यसको लागि सबै तहका सरकारले विद्यालयहरूमा र ग्रामीण आवासीय लेखन कार्यक्रम सञ्चालन गरेर लेखक, साहित्यकार र विद्वत्वर्गलाई सहयोगस्वरूप लेखनवृत्तिको सुविधा दिएमा साहित्य सिर्जनाले फस्टाउने मौका पनि पाउने रहेछ । अनेकान्तवादले खोलाको उपयोगितालाई विविध दृष्टिले हेरेजस्तै स्थानीयतालाई बहुदृष्टिबाट समेटिने साहित्य नै विविधताले ओतप्रोत हुनेमा शङ्का रहँदैन । यसले स्थानीयता साहित्यमा प्रतिविम्बित हुन पाउनेछ भन्ने मेरो अठोट रह्यो ।

यसैगरी इच्छुक विद्वत् वर्गलाई पनि ग्रामीण वा पर्यटकीय क्षेत्र भ्रमण र आफ्ना अनुभव लेख्न र प्रकाशनको लागि सबै तहका सरकारहरूले केही प्रतिशत वार्षिक बजेट छुट्याइ विद्वत्वृत्ति दिएर प्रोत्साहन गर्न सकेमा पनि साहित्य श्रीवृद्धिमा सहयोग पुग्न सक्ने रहेछ । यसबाट नेपालका असङ्ख्य हिमाली भाग, त्यहाँका रमणीय स्थलहरू, विभिन्न भेगमा बसोबास गर्ने नेपालीहरूको संस्कार र संस्कृति, परम्परा, रीतिरिवाज, त्यहाँका वैभव, प्रकृति, जीवन र जगत्का विविध विषय र स्थानीय भाषा, समाज, संस्कृति, ऐतिहासिक परम्परा र मानिसका कथा र व्यथालाई नेपाली भाषा र साहित्यमा प्रतिविम्बित गर्न सकिने रहेछ । स्थानीय भाषामा नै लेख्ने प्रोत्साहन भएमा लोपोन्मूख भाषाको संरक्षण र संवर्द्धन पनि हुनेछ भन्ने मलाई लागेको छ ।

यसरी स्थानीयतालाई समेटेर तयार भएका कृतिहरू माटोका सुवास हुनेछन् । यसले नेपालका लोपोन्मूख भाषाको संरक्षणमा सहयोग पनि पुग्न सक्नेछ । नेपालका बारेमा विदेशी पर्यटकहरूले पनि अध्ययन गर्न पनि पाउने छन् । यस प्रकार तयार भएका कृतिहरू सबै तहका सरकारले प्रकाशन गर्न निश्चित कोषको व्यवस्था गरेर प्रकाशन गर्न पनि सकिन्छ । स्मरणीय छ, अक्षरले युग-युगसम्म भाषा र संस्कृति, व्यवहार र परम्पराजस्ता यावत् विषयलाई बचाउँछ र नवपुस्तालाई आफ्नो इतिहास सिकाउँछजस्तो मलाई लाग्छ ।

अक्षरमा ठूलो शक्ति हुन्छ र सदा-सदाका लागि अमर बनाउँछ। नेपाली गाउँघरका विविध स्थितिलाई नेपाली र विदेशी साहित्यकार एवम् लेखकहरूले साहित्यमा चित्रण गरेर कालजयी बनाएका उदाहरण धेरै छन्। महिलाका वेदना र व्यथाहरूलाई पनि सटिक चित्रण गरेका छन्। कवि, लेखकहरू सिद्धिचरण श्रेष्ठ, माधवप्रसाद घिमिरे, लक्ष्मीप्रसाद देवकोटा, धर्मराज थापा, सत्यमोहन जोशी, इमानसिँह चेमजोङ, वैरागी काइँला, इन्द्रबहादुर राई, ईश्वरवल्लभ, हर्क गुरुङ, अमर न्यौपानेजस्ता धेरै नेपाली साहित्यकारहरू एवम् विदेशी विद्वान् बी.एच्. हज्सन, टोनी हेगन,डा.आर्ने ड्रिउज (श्वास-प्रश्वास विशेषज्ञ, जसका यार्सागुम्बा टिप्नेको मृत्युबारे *हिमालय गोल्ड*, गरिबीका कारण मृगौला बेच्नेका बारेमा *मनसुन*, मूर्ति तस्करको बारेमा *डिमन*जस्ता उपन्यासका स्रष्टा), स्वीट्जरल्याण्डका प्रा. फिसर जर्ज मानड्रिमले विभिन्न भाषाको (तेह्रथुम फेदाप क्षेत्रमा बोलिने लिम्बू भाषाको *व्याकरण ग्रामर अफ लिम्बू* (वेष्ट अन् दि फेदाप डाइलेक्ट अफ दि ओल्ड लिम्बू हर्टल्याण्ड), खोटाङको "दुमी" भाषाको, भुटानको जोङ्खा भाषाको , सङ्खुवासभाको "लोटोरुङ्" भाषाको) व्याकरण लेखेका छन्। यसरी स्वदेशी तथा विदेशी धेरै लेखकहरूले नेपालको ग्रामीण वस्तुस्थितिको साहित्य र भाषामा कलम चलाएर चित्रण गरेको पाइन्छ। वाल्मीकिले *रामायण* र व्यासले *महाभारत* लेखेर अन्तरब्रह्मको महत्त्वलाई अझ व्यापक गराए यी सबै अविनाशी अक्षरका करामत हुन्। अक्षरको ठूलो ताकतको परिणाम हो भन्ने मेरो अठोट रह्यो।

त्यसैले नेपालका सबै तहका सरकारले निश्चित प्रतिशत बजेट छुट्याएर स्थानीय परिवेशलाई चित्रण गर्न कवि लेखकलाई विद्वत्वृत्ति दिएर ग्रामीण क्षेत्रमा पठाऔँ। उनीहरूका कृतिहरू प्रकाशन गरौँ। विद्यालयको पाठ्यसामग्रीमा समावेश गरौँ। स्थानीय भाषामा लेख्न र विद्यालयहरूमा लेखन कार्यमा प्रोत्साहन गरौँ। लोपोन्मुख भाषाको संरक्षण गरौँ। यसो गर्न सकेमा विद्यालयमा जाने छात्र-छात्राले पनि नेपालको बारेमा बृहत् अध्ययन गर्नेछन्। विदेशीले पनि आफ्नो घरैमा बसेर पढ्न पाउने छन्। यस्ता साहित्यले नेपालको छवि विश्वभर फैलने छ। पर्यटनको विकास हुनेछ। नेपाल र नेपालीको भाषा, संस्कृति र परम्पराको श्रीवृद्धि हुनेछ, मेरो निष्कर्ष रहेको छ ।

अमेरिकी समाजशास्त्री सिराइट मिल्सको विश्व चर्चित पुस्तक *सोसियोलजिकल इम्याजिनेशन*को सारमध्ये एउटा छ- "व्यक्तिको जीवन हेरे कुनै पनि समाजको बारेमा बुझ्न सकिन्छ। व्यक्तिको जीवनबाट नै तत्कालिक समाजको विविध अवस्थावारे पढन, जान्न बुझ्न सकिन्छ। त्यसैले व्यक्तिलाई एउटा पुस्तकालय पनि भन्ने गरिन्छ।"

आफ्नो कुटीमा फुक्काफाल आफ्ना हातलाई प्रयोग गर्दै काखे लेखनी यन्त्र (ल्यापटप) खोलेर आफ्नो अनुस्मृति प्रस्तुत *आत्मप्रकाश* बीट मार्ने सुरमा बसेकै अवस्थामा आएको इमेलले मलाई झस्काउँछ। इमेलको शीर्षक छ- "प्रधानन्यायाधीशविरुद्ध महाभियोग दर्ता" भित्र व्यहोरामा वि.सं.२०७८।११।१ का दिन प्रधानन्यायाधीश चोलेन्द्रशमशेर राणालाई अक्षमता, आर्थिक अपचलन, भ्रष्टाचार, न्यायिक विचलनजस्ता एक्काइस बुँदाको आरोप लगाएर प्रतिनिधिसभाका अन्ठान्नब्बे जना सांसद्ले प्रतिनिधिसभामा महाभियोग दर्ता भयो भन्ने समाचार। नेपालको न्यायिक इतिहासमा मेरो कार्यकालसम्ममा प्रधानन्यायाधीशलाई यस्तो महाभियोग लागेको थिएन। नेपालका समय-समयका संविधानले नेपालको समग्र न्याय-सम्पादन र न्याय-प्रशासनको अन्तिम बागडोरको जिम्मेवारी प्रधानन्यायाधीशलाई सुम्पेको छ। संविधान र कानूनको अक्षरशः पालन गर्ने, "अधिकार र न्याय हामी कसैलाई बेच्ने छैनौं, कसैलाई इन्कार गर्ने छैनौं, कसैलाई ढिलाई गर्ने छैनौं "भन्ने शपथ खाएर न्यायालयको नेतृत्व लिएका प्रधानन्यायाधीशले नै न्यायको मर्ममा प्रहार गरी रसातलमा पुऱ्याउने काम गरे भने मुलुकको न्याय-प्रशासन कस्तो हुन जाला ? सबै तहका न्यायाधीशले निष्पक्ष, स्वतन्त्र र निर्भीक भएर संविधान र कानूनअनुसार न्याय-निसाफ गरेका हुन्छन् भन्ने मान्यताका आधारमा सबैले अदालतका फैसला मानेका हुन्छन्। संविधानले पनि सरकार र संसद्को समेत प्रभाव नपर्ने गरी स्वतन्त्र अदालतको प्रत्याभूति गरेको छ तर समग्र न्यायको बागडोर लिएका स्वयम् प्रधानन्यायाधीशलाई नै आर्थिक अपचलन, भ्रष्टाचार वा न्यायिक विचलनजस्ता गम्भीर आरोप लागेमा न्यायालयको जनविश्वासमा प्रश्नवाचक चिह्न लाग्ने त होइन ? यस्ता परिदृश्यले आफ्नो जीवनको उर्वर अवधि न्यायक्षेत्रमा नै व्यतीत गरेका म जस्तालाई चिन्ता लाग्नु स्वाभाविकै हो।

अभियोग दर्ता भएपछि संविधानबमोजिम प्रतिनिधिसभाबाट सांसद् रणबहादुर विष्टको अध्यक्षतामा एघार सदस्यीय छानवीन तथा सिफारिस समिति गठन भयो। समितिका बहुमत सांसद सदस्यहरूले नौ बुँदामा "संवैधानिक दायित्व पूरा नगरेको र केही बुँदामा थप अनुसन्धान गर्न सम्बन्धित निकायमा लेखी पठाउनुपर्ने" भन्दै सभामुखसमक्ष प्रतिवेदन पेश गरेछन् भने अल्पमतका पाँच सांसद् सदस्यहरूले बहुमतका सदस्यलाई नै आरोप लगाउँदै समयमा कागजात नपाएको भन्नेजस्ता व्यहोरा लेखी सचिवालयमा बुझाउनुपर्ने राय पेश गरे छन् तर छ महिनाभन्दा बढीको कार्यावधिमा पनि छानवीन तथा सिफारिस समितिका सांसदहरूले प्रधानन्यायाधीशउपरको महाभियोगको प्रस्तावबारे गहनतम् अध्ययन र

प्रमाण सङ्कलन गरी यथाशीघ्र सत्य-तथ्य व्यहोरा प्रतिनिधसभामा पेश गर्ने र सभाले पनि संविधानले निर्देश गरेबमोजिम विवादको निरूपण गरी जनसमक्ष सार्वजनिक गर्नुपर्नेमा आफ्नो संवैधानिक दायित्व पूरा गरेको देखिएन। प्रतिनिधिसभाको कार्यकाल छ महिना बाँकी छँदै कुनै सदस्यको स्थान रिक्त भएमा पनि पुनःपूर्ति गरिने संवैधानिक व्यवस्था छ तर वि.सं २०७८ ।११ ।१ मा पेश भएको महाभियोग वि.सं २०७९ भाद्र मसान्तको समयावधिमा पनि प्रधानन्यायाधीशउपरको महाभियोगजस्तो विषयमा प्रतिनिधसभाले छानवीन गरी निरूपण गर्नुपर्ने आफ्नो दायित्व पूरा गर्न उदासीन रहेको देखियो।

संविधान र कानूनको गम्भीर उल्लङ्घन, कार्यक्षमताको अभाव, खराब आचरण, इमानदारीपूर्वक आफ्नो कर्तव्यको पालन नगरेको, आचारसंहिता गम्भीर उल्लङ्घन गरेकोले पदीय जिम्मेवारी पूरा गर्न नसकेको भन्ने आधारमा संवैधानिक पदाधिकारीलाई प्रतिनिधिसभामा महाभियोग लाग्ने र प्रतिनिधिसभाबाट तत्काल कायम रहेका सम्पूर्ण सदस्यको दुई तिहाई बहुमतबाट पारित भएमा सम्बन्धित व्यक्ति पदबाट मुक्त हुने संवैधानिक व्यवस्था छ। तदनुसार प्रमाण उल्लेख गरेर प्रधानन्यायाधीशलाई लगाएको महाभियोग संविधानअनुसार छिनोफानो नगरी आफ्नो कार्यकाल समाप्त गऱ्यो। संसदका महासचिवले सर्वोच्च अदालत, राष्ट्रपतिको कार्यालय, न्यायपरिषद्मा "महाभियोग स्वतः निस्तेज भई निलम्बन फुकुवा भयो" भन्ने व्यहोराको पत्र पठाए। सभामुखबाट आगामी प्रतिनिधिसभामा पेश गर्न लगाएको तोक-आदेशसमेत निष्क्रिय भयो भनी संसदका महासचिवले कुन र कस्तो अधिकारबाट त्यस्तो पत्र लेखे ? यसरी संविधानबमोजिम महाभियोग निरूपण गर्ने दायित्वबाट प्रतिनिधिसभा पूर्णतः बिमुख रह्यो। संवैधानिक पद्धतिको उल्लङ्घन भयो। महाभियोगसम्बन्धी संविधानका प्रावधान काला अक्षरमा नै सीमित भए। यस्तो कार्यबाट मुलुकमा सुशासन होइन, भ्रष्टाचार मौलाउने वातावरण सिर्जना भयो।

न्यायाधीश हरिकृष्ण कार्की नेतृत्वको समितिले प्रस्तुत गरेको प्रतिवेदनले पनि केही (सीमित) न्यायाधीश, वकील, उनीहरूका आफन्त र अदालतका कर्मचारीलाई सक्रिय बिचौलियाको वर्गमा औंल्याएको रहेछ। अदालतको शीर्षस्थ पदाधिकारी प्रधानन्यायाधीशविरुद्ध महाभियोग दर्ता भएपछि सो को पुष्टि भएको छ। अब आगामी दिनमा महाभियोगजस्ता गम्भीर आरोपका विषयमा प्रतिनिधिसभाले कस्तो इतिहास रच्ने हो ? यो संवैधानिक दायित्व संविधानका अक्षरमा नै सीमित हुने वा कार्यान्वयन हुँदै जाने हो भविष्यले नै बताउने छ।

# शून्यमा शून्यसरि विलाउने जीवन

शून्यबाट शुरू भएको जीवनयात्रा शून्यमा परिणत नभएसम्म चलिरहने रहेछ। मेरा मान्यजन, परिवार, सहकर्मी, सबैबाट प्राप्त माया, स्नेह, सद्भाव र सहयोगको अनुभूति हो यो। कथा हो यो। जीवन र अनुभूतिको शब्दचित्र हो। यहींको पञ्चतत्त्वले हुर्केको जीवन धरतीमा विलय नभएसम्म सेवारत रहने प्रण हो। आठ दशक पुगेपछि जीवनको उत्तरार्द्धको शिखरबाट जमीनको स्मृतिमा पुनः विचरण गर्दा अनगिन्ती आउँछन् मस्तिष्कको पत्रपत्रमा सङ्गृहीत विगतका घटनाहरू तँछाड-मछाड गरेर। कति छोडूँ ? टिपूँ कति ?

जीवन भनेको जन्मनु, हुर्कनु, पढ्नु। अभाव झेल्दै सङ्घर्ष गर्दै जीविका चलाउनु यही नै रहेछ क्रम । अन्त्य मृत्यु नै। न बुद्धको शिक्षा न शिवको कल्याणकारिता न जनकको ज्ञान। ती कुरामा मन मस्तिष्क गइराख्यो। सम्झैं, यी जीवनचर्चाहरू समेत माता-पिता र गुरुहरूकै चेतको योगदान। मेरो कुरा गरौं, म समुद्रको एक थोपा न हुँ, आजसम्मको अरबौं खरबौंमा एक।

भन्छु, जीवनमा मैले पाएँ के ? गुमाएँ के ? मेरो के थियो ? म को थिएँ र ? अहिले सम्झन्छु, पञ्चतत्त्व। यही माटोबाट आएको भुइँमान्छे हुँ, माटोमा नै विलीन हुने। पानीको थोपा माटोमा विलाएजस्तै। शून्यमा विलीन हुन आएको त्यही बाटो त हो। त्यही माटो त हो।

**ॐ पूर्णमदः पूर्णमिदं पूर्णात्पूर्णमुदच्यते।**
**पूर्णस्य पूर्णमादाय पूर्णमेवावशिष्यते॥**

**"संसाररूपी सुख स्वर्गभित्र**
**रमैं रमाएँ लिई भित्र चित्र"।**

*– महाकवि लक्ष्मीप्रसाद देवकोटा*



*पिताजीलाई वि. सं. १९९३ साल जेठ १९ गते चैनपुर पाठशालाको पण्डितमा दिइएको नियुक्तिपत्र ।*



*पिताजीको थमौतीपत्र । प्रत्येक वर्ष शिक्षकलाई पनि थमौती र बर्खास्ती गरिन्थ्यो ।*



*तत्कालिक श्री ५ को सरकारबाट लेखकलाई दिइएको नियुक्तिपत्र ।*



श्री ५ को सरकार भूमिसुधार विभागको नियमबमोजिम लेखकलाई दिइएको स्थायी नियुक्तिपत्र ।



लेखकलाई प्रशासन सेवाबाट न्याया सेवामा परिवर्त गरी दिइएको पत्र ।



श्री ५ को सरकार
कानून तथा न्याय मन्त्रालय

पत्रसंख्या:- आ.प्र.२०७३ मन्त्रा. ६२२ मिति:- २०७३।९०।६

विषय:- सरुवा बढुवा ।

महाशय,

श्री ५ को सरकारको मिति २०७३।९०।३ को निर्णयानुसार तपाईंलाई न्याय सेवाको राजपत्रांकित द्वितीय श्रेणीमा सोही निर्णय मिति देखि बढुवा कायम हुने गरी दोलखा जिल्ला अदालतको जिल्ला न्यायाधीश पदमा पदस्थापन गरिएको छ ।

तपाईंलाई हार्दिक बधाई छ ।

( हरि प्रसाद शर्मा )
सहसचिव

श्री राजेन्द्र कुमार भण्डारी
शाखा अधिकृत
महान्यायाधिवक्ताको कार्यालय ।

बोधार्थ तथा कार्यार्थ

श्री सर्वोच्च अदालत ।
श्री न्याय सेवा आयोग ।
श्री महान्यायाधिवक्ताको कार्यालय ।
श्री मध्यमाञ्चल क्षेत्रीय अदालत ।
श्री जनकपुर अंचल अदालत ।
श्री दोलखा जिल्ला अदालत ।
श्री निशामती किताबखाना ।
श्री कार्यालय संचय कोष ।

*लेखकलाई द्वितीय श्रेणीमा बढुवा गरी दोलखा जिल्ला न्यायाधीशमा दिइएको नियुक्तिपत्र ।*



पत्रसंख्या:- ९६२३ मिति:-

विषय:- सरुवा बढुवा ।

श्री राजेन्द्र कुमार भण्डारी
जिल्ला न्यायाधीश
दैलेख जिल्ला अदालत ।

श्री ५ को सरकारको मिति ०४२-१२-५ को निर्णयले तपाईलाई नेपाल न्याय सेवाको राजपत्रांकित द्वितीय श्रेणी ( उप-सचिव स्तर) बाट मिति ०४२-६-३० देखि लागु हुने गरी राजपत्रांकित प्रथमश्रेणीमा बढुवा गरी जाजरकोट जिल्ला अदालत [illegible] को अतिरिक्त चार्ज न्यायाधीश पदमा पदस्थापना गरिएको कानून तथा न्याय मन्त्रालय को पत्र नं.९१६० को तपाईका नाउको पत्र यसै साथ संलग्न छ । आफु सरुवा बढुवा हुन भएको पदको कार्यभार सम्हालु भनु हुन निर्णयानुसार अनुरोध गर्दछु ।

बोधार्थ:-

न्याय सेवा आयोग ।
सर्वोच्च अदालत
मध्यमाञ्चल क्षेत्रीय अदालत
जाजरकोट क्षेत्रीय अदालत
[illegible] क्षेत्रीय अदालत (का.मु.)
दैलेख जिल्ला अदालत

*लेखकलाई प्रथम श्रेणीमा बढुवा गरी अञ्चल न्यायाधीशमा दिइएको नियुक्तिपत्र ।*

श्री न्याय परिषद्
(सर्वोच्च अदालत भवन)

पत्र संख्या:- 9658
प्राप्त पत्र संख्या र मिति... ... ... ... ...  मिति... ... ... ... ...

विषय:- नियुक्ति

श्री राजेन्द्र कुमार मण्डारी
अंचल न्यायाधीश,
जनकपुर अन्चल अदालत ।

श्री ५ महाराजाधिराज बाट तपाईलाई न्याय परिषदको सिफारिशमा नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम पुनरावेदन अदालत हेटौडा, मकवानपुरको न्यायाधीश पदमा नियुक्त गरी पठाएको श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय राजदरबारको मिति २०४८-७-१८ को पत्र प्राप्त हुन आएको हुंदा नियुक्त हुनु भएको पदको कार्यभार सम्हाल्न जान हुन आदेशानुसार अनुरोध गरिन्छ ।

जा.नि.इ.मिति
जारी गर्ने
2014
रजिष्ट्रार
सर्वोच्च अदालत

पुनरावेदन अदालत, हेटौडा मकवानपुर
निजामति किताबखाना
कर्मचारी संचयकोष ।

*लेखकलाई पुनरावेदन अदालतको न्यायाधीशमा दिइएको नियुक्तिपत्र ।*



सर्वोच्च अदालत

(प्रशासन शाखा)

सर्वोच्च अदालत काठमाडौं

कृपया पत्रोत्तरमा प्राप्त पत्र संख्या मिति र बारमा विभाग उल्लेख गर्नुहोला ।

रामशाहपथ, काठमाडौं ।

मिति: २०५७।२।२४

पत्र संख्या:- ०५६।५७ च.नं. ४२६

प्राप्त पत्र संख्या र मिति:-

विषय:- नियुक्ति ।

माननीय न्यायाधीश,
श्री राजेन्द्र कुमार भण्डारीज्यू,
पुनरावेदन अदालत, ईलाम ।

श्री ५ महाराजाधिराजबाट नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम न्याय परिषदको सिफारिशमा पुनरावेदन अदालत ईलामको मुख्य न्यायाधीश पदमा नियुक्ति गरि बक्सेको श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय, राजदरबारको २०५७।२।२० को पत्र प्राप्त हुन आएको व्यहोरा निर्णयानुसार अनुरोध गर्दछु ।

( श्रीप्रसाद पण्डित )
रजिष्ट्रार ।

बोधार्थ:-

श्री न्याय परिषद सचिवालय ।
श्री पुनरावेदन अदालत, ईलाम ।
श्री निजामती किताब खाना ।
श्री कर्मचारी संचय कोष ।

*लेखकलाई मुख्य न्यायाधीशमा दिइएको नियुक्तिपत्र ।*



सर्वोच्च अदालत

(प्रशासन शाखा)

सर्वोच्च अदालत काठमाडौं

रामशाहपथ, काठमाडौं
फोन नं. ४२५०९३८
४२६२८९५
४२६२३९७ } Ex.२७१ प.
४२६२३९८
फ्याक्स नं. ४२६२८७८
पो.ब.नं. २०४३८
Email: supcourt@cnet.com.np
Website: supremecourt.gov.np

पत्र संख्या:
प्राप्त पत्र संख्या र मिति:
च.नं. ४१८

मिति : २०६१।६।४।२

विषय : नियुक्ति ।

श्री राजेन्द्रकुमार भण्डारी
माननीय मुख्य न्यायाधीश
पुनरावेदन अदालत, बुटवल ।

न्याय परिषद्को सिफारिशमा श्री ५ महाराजाधिराजबाट स्विकृती बक्स भए बमोजिम नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८७ को उपधारा (१३) बमोजिम श्रीमान्लाई सम्माननीय प्रधान न्यायाधीशज्यूबाट मिति २०६१।६।४।२ मा भएका निर्णयानुसार २ वर्षको लागि सर्वोच्च अदालतको अस्थायी न्यायाधीश पदमा नियुक्ति गरिएको व्यहोरा सहर्ष अनुरोध गर्दछु ।

(श्रीप्रसाद पण्डित)
रजिष्ट्रार

बोधार्थ :

श्री महाराजाधिराजका प्रमुख सचिवालय, राजदरबार ।
श्री न्याय परिषद् सचिवालय ।
श्री पुनरावेदन अदालत, बुटवल ।
श्री सर्वोच्च अदालत, लेखा शाखा
श्री निजामति किताब खाना ।
श्री कर्मचारी संचय कोष ।

*लेखकलाई सर्वोच्च अदालतको अस्थायी न्यायाधीशमा दिइएको नियुक्तिपत्र ।*



सर्वोच्च अदालत

सर्वोच्च अदालत काठमाडौं

☎ ४२५०९३७, ४२५०९३८
४२६२८९५
फ्याक्स: ४२६२८७८
पो.ब.नं. २०४३८
Email: supcourt@enet.com.np
Web: www.supremecourt.gov.np
रामशाहपथ, काठमाडौं

पत्र संख्या:
प्राप्त पत्र संख्या र मिति:
च.नं. १०६९१

मिति: २०६२।९।५

विषय: नियुक्ति ।

माननीय न्यायाधीश श्री राजेन्द्र कुमार भण्डारीज्यू,
सर्वोच्च अदालत ।

श्री ५ महाराजाधिराजबाट न्याय परिषद्को सिफारिसमा नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम महोदयलाई सर्वोच्च अदालतको रिक्त रहेको स्थायी न्यायाधीश पदमा नियुक्त गरिबक्सेको जानकारी श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय राजदरवारको प.सं.६९६।०६२ मिति २०६२ पुष ४ गतेको पत्रबाट प्राप्त हुन आएको व्यहोरा सहर्ष अनुरोध गर्दछु ।

(डा.रामकृष्ण तिमल्सेना)
निमित्त रजिष्ट्रार

बोधार्थ

श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय, राजदरवार ।
श्री न्याय परिषद् सचिवालय ।
श्री कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय ।
श्री निजामति किताब खाना ।
श्री कर्मचारी संचय कोष ।

*लेखकलाई सर्वोच्च अदालतको स्थायी न्यायाधीशमा दिइएको नियुक्तिपत्र ।*



सर्वोच्च अदालत
काठमाडौं

कृपया पत्रोत्तरमा प्राप्त पत्र संख्या, मिति र खाममा विभाग तथा फर्म उल्लेख गर्नुहोला ।

रामशाहपथ, काठमाडौं
☎ ४२५०९३७, ४२५०९३८
४२६२८९५
फ्याक्स: ४२६२८७८
पी.ब.नं. २०४३८
Email: info@supremecourt.gov.np
Web: www.supremecourt.gov.np

पत्र संख्या:
प्राप्त पत्र संख्या र मिति:
च.नं. १८९८

मिति: २०६४।१०।१७

विषय: अनिवार्य अवकाश ।

माननीय श्री राजेन्द्रकुमार भण्डारीज्यू,
न्यायाधीश
सर्वोच्च अदालत ।

न्याय परिषद्को पत्र संख्या ०६४/६५ च.नं.२०१ मिति २०६४।१०।७ को बोधार्थ पत्र वमोजिम माननीयज्यूको उमेर मिति २०६४।१०।१८ मा ६५ वर्ष पूरा भई मिति २०६४।१०।१९ देखि उमेरको हदबाट माननीयज्यूले अनिवार्य अवकाश प्राप्त गर्नु हुने व्यहोरा सूचना गर्दछु ।

श्रीमान्ले न्यायपालिकामा दिनु भएको योगदानको लागि हार्दिक धन्यवाद ज्ञापन गर्नुका साथै माननीय महोदयको सेवा निवृत्त जीवन सुखमय रहोस् भन्ने शुभ-कामना व्यक्त गर्दछु ।

(डा.रामकृष्ण तिमल्सेना)
रजिष्ट्रार

बोधार्थ:
श्री कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय ।
श्री न्याय परिषद् सचिवालय ।
श्री निजामती किताबखाना, हरिहरभवन ।
श्री कर्मचारी संचयकोष ।
श्री नागरिक लगानी कोष ।

E:\Administration\letters\Retired.doc

*लेखकको उमेर हदको कारण सेवावाट अवकाश दिइएको पत्र ।*

# वंश विवरण


हरिनन्द+महेश्वरा (सती गएकी )
श्रीकृष्ण
रामकृष्ण
कृष्णानन्द+जयन्ता
धनपति+कृष्णमाया
यज्ञनिधि
कुबेर
महिपति
धर्मानन्द
नैनानन्द
निधिलाल
अनिरुद्ध
पशुपति
राधाकृष्ण+हरिमाया
महेश्वर+मनमाया
पं.त्रैलोक्यनाथ+ मनोमाया
पं.पुष्पलाल+ रत्नकुमारी
पं. वेदनाथ+ वृन्दादेवी
ध्रुवलाल+ चन्द्रकला
डा गणेशप्रसाद +मित्रकुमारी + डा सुशीला
विष्णुमाया+ नन्दीकेश्वर
सु. विष्णुप्रसाद+ पूर्णकुमारी
शिवप्रसाद नभएको
खड्गकुमारी +केदारनाथ
न्या.राजेन्दकुमार +कल्पना
विमला+ कृष्ण
तुलसा + छत्रमणि
दुर्गा+ गुरुप्रसाद
व.अ. शिवकुमार+ जीवनप्रभा
गोकुल, किशोर, निर्मला
डा आलोक, अन्नश्री
इन्दिरा आनन्द सन्तोष अशोक
सृजना+ ई. नवराज
सान्त्वना+ ई. केशव
डा सन्जीव+ डा. चेरिना
ई शशाङ्क+ स्नेहा
ई. गालब + आरधना डा. सुदीक्षा
रिदम रेया
सचेत श्रेयश
सविता सरिता सागर शैलेश संगीता

# दृश्य–बिम्ब

विवाहपश्चात् लेखक दम्पती ।

लेखक दम्पती वि.सं. २०२४ सालमा ।



लेखक पहिलो पटक जिल्लान्यायाधीश भएर जाँदा ।

लण्डनमा छोराछोरीका साथमा लेखक दम्पती ।

छोरी सृजना, ज्वाइँ नबराज बराल, नाति गालव, नातिनीबुहारी आराधना र नातिनी सुदीक्षा ।

छोरी सान्त्वना, ज्वाइँ केशवप्रसाद पोखरेल, नाति रिदम र नातिनी रेया ।

प्रधानन्यायाधीश श्री गोविन्दबहादुर श्रेष्ठबाट सर्वोच्च अदालतको अस्थायी न्यायाधीशको शपथग्रहण गर्दै लेखक ।

प्रधानन्यायाधीश श्र दिलीपकुमार पौडेलबाट सर्वोच्च अदालको स्थायी न्यायाधीश पदको शपथ ग्रहण गर्दै लेखक ।

प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालासमक्ष जाँचबुझ आयोगको प्रतिवेदन प्रस्तुत गर्दै लेखक ।

आफ्नो कृति 'प्रशान्त सागरको किनारबाट' लोकार्पण कार्यक्रममा लेखकीय मन्तव्य व्यक्त गर्दै ।

डा. सञ्जीव सिड्नी विश्वविद्यालय अष्ट्रेलियाबाट पि. एच्डी उपाधिको दीक्षान्त समारोहमा विभूषित ।

एम् .ई. डिग्रीको दीक्षान्त समारोहमा शशाङ्क ।

पी. एच्डीको  दीक्षान्त समारोहमा छोरा डा सञ्जीको साथमा लेखक दम्पती ।

Edinburgh university UK बाट डा. सञ्जीवले एम् सी एच् (MCH Clinical Ophthalmology) डिग्री प्राप्त गरेपछि परिवारका साथमा ।

अन्तर्राष्ट्रिय अदालत हेगमा भ्रमणको सन्दर्भमा लेखक ।

२०७२ सालमा लेखक दम्पती ।

छोरा-बुहारी डा. सञ्जिव र डा चेरिना ।

छोरा-बुहारी शशाङ्क र स्नेहा ।

नाति सचेत ।

नाति सचेत र श्रेयस ।

दोलखाका राजा इन्द्रसिंहदेवले नेपाल सम्वत् ६३६ मा प्रचलनमा ल्याएको मोहर ।

राज इन्द्रसिंहदेवले प्रचलनमा ल्याएको मोहरको अर्कोपट्टिको भाग ।

# लेखकको सङ्क्षिप्त परिचय

| | |
|---|---|
| **नामः** | राजेन्द्रकुमार भण्डारी |
| **पिताः** | पं. पुष्पलाल भण्डारी |
| **माताः** | रत्नकुमारी भण्डारी |
| **श्रीमतीः** | कल्पना भण्डारी |
| **जन्मः** | ई.सं. १९४३-२-३ |
| **जन्मस्थानः** | चैनपुर सङ्खुवासभा |
| **हालको बसोबासः** | वशिष्ठ गल्ली, बत्तीसपुतली- ९, काठमाडौँ |
| **सम्पर्क नम्बरः** | ०१ ४५७१०२८ |
| **शिक्षाः** | एम.ए., बि.एल. त्रिभुवन विश्वविद्यालय, काठमाडौँ |
| **राष्ट्रसेवाः** | शाखा अधिकृतबाट प्रवेश गरी जिल्ला, अञ्चल, विशेष, पुनरावेदन अदालतको न्यायाधीश, मुख्य न्यायाधीश र सर्वोच्च अदालतको न्यायाधीशबाट सेवानिवृत्त । नेपाल सरकारबाट समयसमयमा गठित पाँच न्यायिक जाँचबुझ आयोगको अध्यक्ष |
| **अन्य सेवाः** | मध्यस्थ, मेलमिलापकर्ता, विभिन्न सामाजिक सङ्घ-संस्थामा आबद्ध । |
| **भ्रमणः** | संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य बेलायत, फ्रान्स, जर्मनी, बेल्जियम, नेदरल्याण्ड, लकजम्बर्ग, अष्ट्रेलिया, जापान, थाईल्याण्ड, भारत, पाकिस्तान आदि । |
| **प्रकाशित कृतिः** | **जीवनका पाइलाहरू, प्रशान्त सागरको किनारबाट, मेलमिलाप सिद्धान्त र व्यवहार** (सहलेखन), **गाउँ नगरपालिकाका न्यायिक समितिले सम्पादन गर्ने कार्य, कार्यविधि एवं निर्णयसम्बन्धी दिग्दर्शन, आत्मप्रकाश** (प्रस्तुत कृति) तथा विभिन्न साहित्यिक र कानून पत्र-पत्रिकाहरूमा लेख-रचना प्रकाशित । |

## कृतिभित्रबाट

**सतीका मापदण्डहरू :**

- मृत पतिसँगै चितामा चढ्ने, पतिसँगै मृत्युवरण गर्ने, मृत पतिसँगै गएर मृत्यु अँगाल्ने र पतिको मृत्युको सूचना प्राप्त भएपछि प्राण त्याग गर्ने ।
- सतीप्रथामा पत्नीको जीवन र स्वामित्व पनि पतिले लिन्थ्यो ।
- गुरु अनुहार वा चेहरा होइन, ज्ञानको स्वरूप हो ।
- गुरु ज्ञान र चेतनाको अनन्त प्रकाशपुञ्ज हो ।
- आमाको मनभित्रको असीम गहिराई, ममता, स्नेह र वात्सल्य विज्ञानले पनि नाप्न सक्तैन ।
- स्वतन्त्र निष्पक्ष र निर्भीक भएर न्याय-सम्पादन गर्ने दीक्षा पाएको न्यायाधीश कसैको प्रभावमा पर्दैन ।

## सम्पादकको कलमबाट:

- **आत्मप्रकाश**ले राष्ट्रियताको अनुष्ठानमा ऋत्विक र होताको कार्य गरेको छ ।
- प्रस्तुत कृतिले नेपाली समाज र संस्कृतिको दिग्दर्शन गरेको छ ।
- सती र दासप्रथाबारेको खोजले प्रत्येक पाठकको आँखामा आँसु टिलपिल गराइदिन्छ ।

**प्रकाशक : कल्पना भण्डारी**

9789937190114